नेपालको माध्यमिक कालको इतिहास



ज्ञानमणि नेपाल

मकालुबुक्स एण्ड स्टेशनर्स

नेपालको माध्यमिक कालको इतिहास

(१)

ज्ञानमणि नेपाल

प्रकाशक
मकालु बुक्स एण्ड स्टेशनर्स
पुतलीसडक, काठमाडौं

ग्रन्थनाम : नेपालको माध्यमिक कालको इतिहास
ग्रन्थकार : ज्ञानमणि नेपाल
प्रकाशक : मकालु बुक्स एण्ड स्टेशनर्स
सर्वाधिकार : ग्रन्थकारमा
प्रति : १००० थान
मूल्य : पातलो गाता रू. ३७५।-
मोटो गाता रू. ५००।-
संस्करण : प्रथम, २०६२
टङ्कन : ठमनाथ घिमिरे, राजकुमार 'रञ्जन'
मुद्रक : पारु अफसेट प्रिन्टिङ्ग प्रेस, डिल्लीबजार, काठमाडौं
आवरण सज्जा : आकार द डिजाइन, पुतलीसडक, काठमाडौं ।

समर्पण



राष्ट्रिय दृष्टिकोणबाट प्रमाणको आधारमा
इतिहासनिर्माणमा अग्रसर विलक्षण
पुराविद्प्रति यो सानो इतिहास
सुमन सादर समर्पित

यस कृतिको महत्त्व

यस विषयमा अहिलेसम्म जति कृति उपलब्ध छन् वा प्रकाशित भएका छन्, तिनमध्ये नेपाली भाषामा मात्र होइन, अन्य भाषामा पनि यस प्रकारको मध्यकालको इतिहासकै छुट्टै विषय लिएर समग्र रूपमा कुनै पुस्तक देखापरेको छैन । यस विषयका अन्य कृतिमा मध्यकालको इतिहासमा छिटफुट सामग्री पाइन्छन्, तर यस प्रकार समग्ररूपमा होइन । अत: यस कृतिको आफ्नो ठाउँमा अलग्गै महत्त्व छ, जसबाट इतिहासको क्षेत्रमा नयाँ देन हुनेछ ।

कृतिको प्रस्तुतीकरणमा प्राविधिक दृष्टिले अनुसन्धानमा अपनाउनुपर्ने मानकप्रणाली व्यवहारमा ल्याइएको हुँदा खोट लाउने ठाउँ छैन । आफूले भन्नुपर्ने कुरा प्रमाणको आधारमा मौलिकरूपले प्रस्तुत भएको छ । कृतिको प्रस्तुति हरेक दृष्टिकोणबाट शुद्ध र परिमार्जित छ ।

नेपालको मध्यकालको इतिहासका क्षेत्रमा समग्ररूपले विचार गरिएको र यसरी प्रस्तुत गरिएको सम्भवत: यो पहिलो कृति हुनेछ र साधारण पाठकदेखि उच्चस्तरीय इतिहासका पाठकलाई समेत यसबाट लाभ हुनेछ । यही यस कृतिको उपादेयता, योगदान र महत्त्व पनि हो ।

—जनकलाल शर्मा

प्रकाशकीय

इतिहास भनेको समयको लामो अतीत हो, जसका गर्भगृहमा अनेकौं घटना परिघटनाहरू घटेका हुन्छन् । इतिहासका विभिन्न कालखण्डमा घटेका यस्ता घटनाहरूलाई क्रमबद्ध र सिलसिलेवार ढङ्गले समेटेर लेख्ने कामलाई इतिहासलेखन भनिन्छ । इतिहास भविष्य निर्माणको पनि आधार हो ।

बितेका समयका यावत् कुरा इतिहासभित्रै पर्दछन् । समयको बिताइ जति लामो र पुरानो हुन्छ, त्यस कालको इतिहास पनि त्यति नै रोचक, पढ्न लायक र ज्ञानवर्द्धक हुन्छ । इतिहासको अध्ययनले विगतका विविध परिवेशको जानकारी त गराउँछ नै, ती परिवेश, घटना र यथार्थताले मानवजीवन, समाज र राष्ट्रलाई भविष्यप्रति पनि सजग र जिम्मेवार हुन निर्देशित गर्दछ ।

विगतका कुरा वर्तमान र भविष्यका पुस्ता र सन्ततिले अध्ययन गर्न र बुझ्न सकुन्, इतिहासको क्रमबद्ध सिलसिला नटुटोस् भनेर नै इतिहास लेख्ने गरिन्छ । जति पुरानो समयको इतिहास लेखिन्छ त्यो काम त्यति नै कठिन हुन्छ । यस्तो महत्त्वपूर्ण विषयवस्तुलाई अत्यन्तै मिहिनेत र कठिन प्रयत्न गरी इतिहासविद् ज्ञानमणि नेपालज्यूले तयार गर्नुभएको **'नेपालको माध्यमिककालको इतिहास'** नामको यो पुस्तक विज्ञ पाठकहरूको हातमा आइपुगेको छ । जोसुकै व्यक्तिले पाउनै नसकिने, पाइहाले पनि हेर्न, बुझ्न नसकिने- शिलालेख, ऐतिहासिक पाण्डुलिपि, ग्रन्थ, वंशावली, विभिन्न भाषाका ताम्रपत्र, ताडपत्र, चित्रकला, मूर्तिकला आदिको खोज, अनुसन्धान र अध्ययनबाट वर्षौंवर्ष लगाएर यति ठूलो मेहनतले तयार गरेको यस पुस्तकले नेपालको माध्यमिक कालको इतिहासको अभावलाई धेरै हदसम्म पूरा गर्नेछ । धेरै वर्ष लगाएर यति मेहनत साथ तयार गरेको यो कृति प्रकाशित गर्ने अवसर प्रदान गर्नुभएकोमा इतिहासविद् प्राज्ञ ज्ञानमणि नेपालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि हाम्रा विज्ञ पाठकहरूमा यस्तै महत्त्वपूर्ण पाठ्यसामग्रीहरू उपलब्ध गराउँदै जाने प्रण गर्दछु ।

प्रकाशक

प्रस्तावना

इति ह हास यी तीन पद मिलेर इतिहास भन्ने शब्द बन्छ, **"अघि यस्तो यस्तो भएको थियो"** भन्ने अर्थ यसबाट बुझिन आउँछ । प्राचीनकालमा इतिहासको ठूलो महत्त्व थियो । इतिहास वैदिक वाङ्मयभित्रै पर्दथ्यो । आरम्भमा ऋग् यजुष् र साम तीन वेद मुख्य थिए । त्रयी कहलाउँथे, अथर्ववेद थपिएपछि चार वेद प्रसिद्धिमा आए । यीबाहेक अरू जति पनि शास्त्र छन्, ती तिनै वेदका अङ्ग, उपाङ्ग उपवेद कहिन्छन् । वेदका छ अङ्ग प्रसिद्ध भएजस्तै, उपवेदमा **आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, इतिहासवेद** आदि प्रसिद्धिमा आएका थिए । यिनमा पनि इतिहावेद मुख्य थियो । पठनपाठनमा यो अनिवार्य पाठ्यविषय मानिन्थ्यो । प्राचीनकालमा इतिहासले आजभोलिको जस्तो एकाङ्गी अर्थ मात्र बुझाउँदैनथ्यो, यसले व्यापक विषयलाई समेटेको हुन्थ्यो । जस्तो आजकाल विश्वविद्यालयमा विज्ञानबाहेक अरू शास्त्र मानविकी भन्ने नामले पुकारिन्छन्, त्यस्तै प्राचीनकालमा इतिहासले धेरै शास्त्र समेटेको थियो । इतिवृत्त पूराण आख्यायिका उदाहरण धर्मशास्त्र (ऐनकानून) अर्थशास्त्र (राजनीतिशास्त्र) आदि इतिहासभित्रै पर्दथे । आचार्य कौटल्यले त **ऋग् यजुष् साम** तीन, त्रयी चौथो **अथर्ववेद** र पाँचौं **इतिहासवेद** भनेर बताएका छन् । राजनीतिका वक्ता प्रयोक्ताले पाँचौ वेद इतिहास अनिवार्य पढ्नुपर्छ भनेर यसको महत्त्वलाई स्पष्ट्याएका छन् ।

"अज्ञानरूपी अन्धकार हटाइदिने इतिहासरूपी बत्तीले जनताको घरभित्रसम्मको अँध्यारो पनि हटाएर राम्ररी उज्यालो पारिदिन्छ" भनी महाभारतमा लेखिएको छ । साहित्यशास्त्रका समीक्षक राजशेखरले पनि **"गाजलले सफा पारिएका आँखाले मिहिन वस्तु पनि सफा देखेजस्तै असल विद्वान्ले इतिहास पुराणद्वारा सूक्ष्म कुरा पनि देख्न बुझ्न सक्तछन"** भनेका छन् ।

यति महत्त्वपूर्ण इतिहासविद्या पछिल्लो कालमा आएर पठनपाठनबाट हटेर विलुप्त जस्तै भएर गयो । वेद वेदाङ्गहरूको पठनपाठन चल्दै आए तापनि अर्थ बुझेर न त्रयी न वेद न उपवेदको नै पाठ्यपरम्परा कायम रह्यो । मुखाग्र कण्ठ पारेर वेद पढ्ने व्यापक प्रचार भए पनि धार्मिकरूपमै सो सीमित रह्यो, अर्थ व्याख्या बुझेर पढ्ने परम्परा चाहिँ विलुप्त जस्तै बन्यो । त्यस्तै अरू इतिहासवेदको पनि पढ्ने लेख्ने परम्परा पनि हाम्रा देशमा रहेन । इतिहासभित्र पर्ने पुराण धर्मशास्त्र आख्यायिका आदिको केही मात्रामा लेखपढ चल्दै रहे पनि इतिवृत्त त विलुप्तै भयो ।

आफ्नो देशको इतिवृत्त, आत्मवृत्तान्त र यात्रावर्णन आदि विषयलाई लिएर ग्रन्थ, निवन्ध तयार पार्ने कामतिर हाम्रा पुर्खाहरू प्राय: उदासीन नै रहे । भारतीयहरू पनि भारत तथा महाभारत ऐतिहासिक महाग्रन्थको निर्माणपश्चात् यस दिशातर्फ बिलकुल निश्चेष्ट नै रहेभन्दा हुन्छ । यसमा काश्मीर राज्यलाई चाहिँ अपवादमा लिन सकिन्छ । त्यहाँ इतिहासका ग्रन्थ केही मात्रामा लेखिएका थिए । उता उत्तरी छिमेकी राज्य भोटमा विशेषत: चीनमा भने इतिहास जीवनचरित्र यात्रावर्णनमा सचेष्टता जागरुकता पाइन्छ ।

धेरै पहिलेदेखि नै चिनियाँ विद्वान्हरूको ध्यान त्यता गएको देखिन्छ । भोटवृत्तान्तमा र चिनियाँ वर्णनमा पनि यदाकदा नेपालको बारेमा उल्लेख गरिएको पाइन्छ । विक्रमको सातौं शताब्दीमा भारतवर्षको यात्रामा आएका प्रसिद्ध चिनियाँ यात्री ह्युयेन च्वाङ्ले आफ्नो यात्रावर्णनमा नेपालको बारेका पनि अलिकति उल्लेख गरेका छन् । विदेशीले गरेको नेपालको वर्णन यो पहिलो भन्दा हुन्छ । भोटवृत्तान्तमा वंशावलीरूपकै भए पनि छिमेकी देश नेपालको बारेमा केही न केही रूपमा वारंवार चर्चा आइरहेको पाइन्छ ।

नेपालमा भने चौधौं शाताब्दीमा जयस्थिति मल्लका पालामा आएर टिपिएको एउटा सानो गोपालराजवंशावलीको नामले प्रचलनमा आएमो नेपालवृतान्त पाइन्छ । जसमा राजवंश, राज्य भोगवर्ष, पछिल्लो भागमा आएर चाहिँ केही जन्ममृत्युका तिथिमिति र केही उल्लेखनीय घटनाहरू पनि टिपिएका छन् । यसपछि यो क्रम पनि रहेन । यसकै अनेक संस्करण चाहिँ पाइएका छन् । धार्मिक कुरा टिपिएका केही ठ्यासफु त नपाइँने होइनन्, थिनमा राज्नैतिक घटना अत्यल्पमात्रामा मात्र छन् । पछि शाहकालमा आएर भाषावंशावली बनाउने एउटा सिलसिला चल्यो । यिनमा बौद्धपरम्परा शैवपरम्परा गरी दुई प्रकारका भाषा वंशावली पाइन्छन् तापनि यिनको मूलआधार चाहिँ सोही नेपाल वृत्तान्त (गोपालराजवंशावली) नै देखिन्छ ।

यसपछि नेपालको वर्णन लेख्ने अठाह्रौं, उन्नाईसौं शताब्दीमा भोट, भारत, नेपाल पसेका युरोपीय क्रिश्चियन पादरी नै हुन् । उनको यात्रावर्णन आफ्नै भाषामा गरिएको हुँदा नेपालसम्बन्धी तिनको वर्णन कस्तो प्रकारको थियो भनेर विवेचना गर्न ऊहापोह गर्न हामीलाई अप्ठचारो परिरहेको हुँदा मैले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान संस्कृति विभागद्वारा यसलाई नेपाली भाषामा अनुवाद गराउने कार्यको प्रारम्भ गरेको थिएँ । यसको पहिलो भाग तयार भइसकेको छ ।

यसपछि वि.सं.१८४९ देखि आफ्नो राजनैतिक स्वार्थ परिपूर्ति गर्ने उद्देश्य लिएर नेपाल पसेका र नेपाल रेजिडेन्सीमा आएर बसेका अंग्रेजहरू विलियम कर्कपेट्रिक, हेमिल्टन, ओल्डफिल्ड, हड्सनहरूले पनि नेपालको इतिहास-संस्कृतिमा कलम चलाए । उनका अरू तात्कालिक यात्रा-वर्णनहरूबाहेक इतिहास चाहिँ उपर्युक्त वंशावलीकै स्रोतमा आधारित थियो । तात्कालिक इतिहासको पक्षलाई केलाउने यी वर्णन केही मात्रामा लाभप्रद भए पनि प्राचीनकालको र मध्यकालको इतिहास हेर्न यी ग्रन्थ कुनै उपयोगी छैनन् । विक्रमको बीसौं शताब्दीको चौथो दशकसम्म पनि नेपालको प्राचीन र मध्यकालको इतिहास भन्नु वंशावली नै थियो । त्यसमा जे थियो, सोही नै सही साँचो सम्झेर पढिन्थ्यो ।

उन्नाइसौं शतकको चार दशकसम्म पनि यहीरूपले व्यतीत भयो । वि.सं. १९३७ मा गुजरातका पं. भगवान्लाल इन्द्रजी आएर यहाँबाट तेईसवटा शिलालेख लगेर प्रकाश गरिदिए । यसपछि भने तात्कालिक प्रमाणका आधारमा वैज्ञानिकरूपले इतिहासको चिन्तनमनन प्रारम्भ भयो । यसको केही वर्षपछि हरप्रसाद शास्त्रीहरू आएर नेपालका पुराना ग्रन्थका

वर्णनात्मक सूचीपत्र बनाए । ती पुराना ग्रन्थका पुष्पिकावाक्य (कोलोफन) हरूमा दिएका तिथि मिति र लेखनसमयमा शासन गर्ने राजाहरूको नामको आधारमा बेलायतका प्रा. सेसिल बेण्डालले माध्यमिक कालको पूर्वार्द्धको इतिहासको एउटा सामान्य खाका तयार पारेर सोही सूचीपत्रको प्रस्तावनाको रूपमा प्रकाशमा ल्याए ।

त्यसपछि फ्रान्सका प्रा. सिल्भाँ लेबीले नेपालको इतिहासमा निकै मिहिनेतसाथ काम गरे र मध्यकालको इतिहासमा पनि उनले निकै खोजीखबर गरे तापनि मध्यकालको पूर्वार्द्धको इतिहास एकसरो पनि तयार हुन सकेको थिएन । त्यहाँ अनेकौं शङ्का उपशङ्का उठिरहेका थिए । तिथिमितिमा राजाहरूका नाममा पनि थुप्रै वादविवाद चलिरहेका थिए । यसपछि भारतीय इतिहासविद्हरूमा यतातिर ध्यान दिनेमा काशीप्रसाद जायस्वाल, राहुल साँकृत्यायनहरूको र नेपालीमा डिल्लीरमण रेग्मीको नाम देखिन आउँछ ।

नेपालको इतिहास निर्माणमा नेपालकै तात्कालिक स्रोत-साधन नै उपयोगी औ प्रामाणिक हुने हुँदा तिनै प्रकाशनमा प्राथमिकता दिनुपर्छ, तिनैको आधारमा इतिहासको सही संशोधन विश्लेषण हुनुपर्दछ भनेर २००९ देखि काम गर्दै आएको पहिलो नेपाली संस्था संशोधनमण्डल नै हो, यसले यथासक्य संशोधनकार्य गर्दै, अभिलेख, ताम्रपत्र, ताडपत्र, पुष्पिकावाक्य पनि प्रकाश गर्दै आएको छ ।

नेपालको इतिहासमा मध्यकालको पूर्वार्द्धको इतिहासलाई मात्र प्रकाश पार्ने ध्येयले रोमका लुसियानो पेटेकले पाएसम्म देशविदेशमा प्रकाशित तात्कालिक अभिलेख प्रमाणलाई वर्गीकरण गरी राजावली तयार पार्ने काम गरे र मेडिवल् हिस्ट्री अफ् नेपाल प्रकाशमा ल्याए । त्यसको दोस्रो संस्करण पनि छापियो । परन्तु परम्परागत रूपमा नै उनीहरूले नेपालको इतिहासलाई हेर्ने दृष्टिकोणमै व्यापक अन्तर हुने हुनाले उनको विवरण उनको विश्लेषण पनि साङ्गोपाङ्ग मिल्न सकेको छैन । ब्रिटिश र तिनको अनुसरण गर्ने भारतीय इतिहासकारहरू पनि नेपाललाई दक्षिणी दृष्टिकोणले हेर्न खोज्छन् भने अन्य युरोपीयहरू चाहिँ उत्तरी दृष्टिकोणले विचार गर्दछन् । नेपालको इतिहासमा यही नै मूलभूत कुरामा डोठ्याङ परिरहेछ ।

यसै अवधिलाई लक्ष्य गरेर सूर्यविक्रम ज्ञवालीले 'नेपालउपत्यकाको मध्यकालीन इतिहास' त लेखे, तर पढ्दा भाषावंशावलीको वर्णन र यसको वर्णनमा त्यति तात्त्विक अन्तर छैन भन्दा हुन्छ । यसैले होला त्यस समयमा पाएसम्म सम्पूर्ण सामग्रीहरू कृतिको पनि उपयोग गर्ने पेटेकले कतै पनि ज्ञवालीको नामसम्म उच्चारण गर्ने खायस राखेनन् अथवा आवश्यक पनि ठानेनन् ।

मध्यकालको पूर्वार्द्धको इतिहासमा विशेष महत्त्वपूर्ण प्रकाश पार्ने **नेपालवृत्तान्त** (गोपालराजवंशावली) को अनुवाद गरिदिएर स्व. धनवज्र वज्राचार्यले पनि यस क्षेत्रमा निकै ठूलो गुन लगाएका छन् । त्यस्तै इतिहासप्रधान त्रैमासिक '**पूर्णिमा**' पत्रिकाका सम्पादहरूले पनि सो पत्रिकामार्फत् केही न केही नयाँ सामग्री परिश्रमपूर्वक खोजी प्रकाश गरिदिएर यस

मध्यकालको इतिहास लेख्न मलाई बल थपिदिएकोमा कृतार्थताको अनुभव गरेको छु । अरू यस्तै यस कालका अभिलेखलाई विशेष स्थान दिई पुनर्मुद्रण गरिरहने **रोलम्बका** सम्पादकको तथा राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थका विभिन्न सूचीपत्र तयार पारी विभिन्न पुष्पिकावाक्य पुन: प्रकाश दिएबापत ती सूचीपत्रका सम्पादकहरूको कार्य पनि यहाँनेर स्मरणीय हुन आएको छ । यस्तै कसैले हेर्न नपाइरहेका चाँगुनारायणका ऐतिहासिक सामग्रीका सम्पादकको तथा मध्यकालका केही अभिलेख प्रकाशमा ल्याइदिने **'सिनास जर्नल'** (कन्ट्रिब्युसन् टु नेपलिज् स्टडिज्) का सम्पादकहरूका कार्यले यस अवधिको इतिहासमा केही थप कुरा बुझ्नलाई मद्दत मिलेको छ ।

यस अतिरिक्त मैले यो ग्रन्थ तयार पार्दा जुन जुन कृति, कृतिकार र लेख अभिलेखको उपयोग गरेँ, तिनको सङ्केत टिप्पणीमा गरेको छु, जति चित्रप्रतिकृति यस कृतिमा समावेश गरेको छु, तिनको विवरण पनि सन्दर्भग्रन्थसूचीमा दिएको छु । ती सबै कृतिकार, अभिलेख चित्रप्रतिकृति उपलब्ध गरिदिने र प्रकाशकहरूप्रति पनि म आफ्नो तर्फबाट आभार प्रकट गर्दछु ।

मध्यकालको पूर्वार्द्धको इतिहास अस्पष्ट हुँदा यसलाई अन्धकारयुग भन्ने गरिन्थ्यो । अभिलेखद्वारा उज्यालोमा आएको लिच्छवि कालपछि अर्थात् नवौं शताब्दीदेखि तेह्रौं शताब्दीसम्मको घटनाविवरण खोज्न सिलसिलेवार राजवंश, राज्य भोगवर्ष पनि खुलस्त पारिदिन ठोस प्रमाण जुटाउँन बहुतै कठिन कुरा हो । यस कालको इतिहास तयार पार्नु भनेको एकदम परिश्रमसाध्य कार्य मानिन्छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गतको नेपाल र एसियाली अनुसन्धानको केन्द्रमा रही अनुसन्धानकार्य गर्दा मैले इतिहासतर्फ यस्तै बढी प्रकाश पार्न नसकिएका कष्टसाध्य कार्य नै अङभर गर्ने गरेको थिएँ । यसभन्दा पहिले पनि नेपाल, तिब्बत, चीन सम्बन्धका अभिलेख दस्तावेजहरू संग्रह गरी विशेष गरेर यस्तै आफ्नै मूल प्रमाण स्रोतहरूकै आधारमा सो सम्बन्धलाई स्पष्टयाउने प्रयास गरेको थिएँ र अभिलेखसंग्रहका भाग र तिब्बत, चीन सम्बन्धका इतिहासका भाग पनि छुट्टाछुट्टै तयार पारेको थिएँ । ती ग्रन्थका पाण्डुलिपि धेरै वर्षदेखि त्यसै थन्किइरहेका छन्, त्यसपछि त्यस्तै माध्यमिक कालको इतिहासलाई स्पष्ट पार्ने यो कष्टकर कार्य नै अङ्गभर गरेँ, यस अवधिका छरिएर रहेका विविध शिलालेख, ताम्रपत्र, ताडपत्र तथा हस्तलिखित ग्रन्थका पुष्पिकावाक्य आदि सामग्री एकत्रित गरी समीक्षा सम्पादन प्रकाशन पनि गरेपश्चात् मात्र यस कालको इतिहास तयार पार्नुपर्थ्यो । यसो गर्न पाएको भए साँच्चै सुनमा सुगन्ध हुने थियो । सो कार्य अधिक समय लाग्ने श्रमसाध्य पनि थियो । परन्तु पहिले त्यसो गर्न नसकी धेरैतिर देशविदेशमा छरिएर रहेका जे जस्तो रूपमा भए पनि प्रकाशित भएका सामग्रीसाधनकै आधारमा चाँडै ग्रन्थ तयार गराउने हेतुले यस ग्रन्थमा काम गर्न लागेँ र एकसरो प्रारूप पनि तयार पारेको थिएँ, तर यसमा मिहिनसँग पुनर्विचार सम्पादन परिमार्जन गर्ने काम चाहिँ बाँकी नै थियो । ग्रन्थ प्रकाशन गर्ने समयमै जेजे गर्नु बाँकी छ, गर्नुपर्छ भन्ने सहमति पनि भएको थियो, तर त्यसपछि न सम्पादन

परिमार्जन गर्ने समय आयो, न प्रकाशन गर्ने नै । यस्तैमा धेरै समय बित्यो ।

वि.सं. २०५१ भदौ १० गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा कुलपतिको हैसियतले प्रज्ञाप्रतिष्ठानको संस्कृति सामाजिक शास्त्र विभागको प्राज्ञ सदस्यमा म मनोनीत भएँ । अब प्रज्ञाप्रतिष्ठानमा रहेर विभागीय योजनाहरूको सञ्चालन कार्यका अतिरिक्त केन्द्रमा बुझाएका परियोजनाका प्रतिवेदनहरूको सम्पादन परिमार्जनकार्य पनि गर्नुपर्ने भयो । यसरी ममा दोहोरो भार थपिएको थियो । यो सबै कार्य मैले साँझ बिहान खटेर पनि गर्नुपर्ने भयो, यो मेरो कर्तव्य पनि थियो । तात्कालिक कार्यकारी निर्देशक प्रा. कृष्ण खनालसँग पनि यही सल्लाह सहमति भयो र म उत्साहसाथ उपर्युक्त कार्यमा मनोयोगले लागेँ ।

यसै वेला मध्यावधि आमचुनाव भयो, चुनावपछि सरकार परिवर्तन भयो । त्रिभुवन विश्वविद्यालयका अधिकारीहरू पनि नयाँ नियुक्त भए । यसैअनुरूप यस अनुसन्धान केन्द्रमा पनि हाकिम प्रेमकुमार खत्री भर्ना भए । आश्चर्य उनी आउनेबित्तिकै मेरो केन्द्रमा अनुसन्धान सम्पादन कार्यको सहमति त तोडिहाले । उल्टै कुन दुराग्रहले हो उनले ८–९ वर्षदेखि थन्किएको मेरो मध्यकालको इतिहासको प्रतिवेदन सम्पादन परिमार्जन गर्न दिनु त कता हो कता प्राय: संशोधन पनि नगरिएको आधिसरो प्रकाशित गराइदिए । मेरो छवि उजिल्याइदिनुको सट्टा धमिल्याइदिने दुराशयप्रेरित यस कार्यले मलाई त चिन्तित तुल्यायो, तुल्यायो, जिज्ञासु पाठकलाई पनि अलमल्यायो, विद्यार्थीवर्गलाई पनि अन्योलमा पाऱ्यो, जुन कुरा नहोस् भनेर मैले जीवनभर प्रयास गरेँ, आखिर त्यही कुरा भयो ।

संशोधनमण्डलमा रही धेरै पहिले सं. २००९ देखि संशोधनकार्य गर्दै आएँ, अशुद्धि नरहोस् भनेर रातोदिन प्रयासरत रहेकै छु, परन्तु आफ्नै पुस्तक यस्तो भयो । के गर्नु ? पुस्तक प्रकाशित हुँदा खुशी हुनुपर्ने हो, गनीमत नै मान्नुपर्ने हो । पुराना आचार्यहरूले ग्रन्थलाई आफ्नो सन्तानको संज्ञा दिएका छन्, ग्रन्थ तयार हुँदा झन् प्रकाशितै हुँदा त पुत्रजन्मोत्सवको खुशियाली मनाउनुपर्ने हो । परन्तु छोरो त जन्मियो, विकलाङ्ग भयो भने जन्म दिने बाबु आमालाई कस्तो मानसिक पीडाको अनुभूति हुन्छ, त्यस्तै मानसिक पीडाको अनुभूति मलाई भइरह्यो । धेरै परिश्रमले तयार पारेको आफ्नै पुस्तक पल्टाएर हेर्दा । अब के गर्नु ? तन मन लगाएर उपचारगर्नु सिवाय अरू उपाय के हुन्छ र ?

मैले यस ग्रन्थको प्रारूप तयार पारेको अहिले पन्ध्र वर्ष बित्यो । लेखेर एकसरो तयार पारेपछि पनि मेरो तन मन यसमा लागिरहन्थ्यो, केही नयाँ कुरा सुझ्यो टिप्तै जाने, नयाँ प्रमाण प्रकाश भए तिनलाई पनि जोड्दै लाने काम वेलावेलामा गरिरहेकै थिएँ । अहिल्यै पनि केही ठाउँमा सच्याइरहेकै छु, पुन: छापिइसकेपछि पनि यो क्रम चलिरहनेछ र अन्य संस्करणमा नयाँ कुरा पाइए भने उपयोग पनि गरिरहिनेछ, इतिहास निर्माणको क्रम यसरी नै चलिरहनेछ ।

यही क्रमअनुसार संशोधन गर्दै परिशिष्ट, विशेष चित्र, नामसूची, ग्रन्थसूचीसमेतले सुसज्जित गरी धेरै मेहनतले अहिले यो पुस्तक यस रूपमा तयार पारेँ । अब यसलाई प्रकाश गरेर पाठकसमक्ष प्रस्तुत गरिसकेपछि भने कृतार्थता अनुभूति हुनेछ ।

धेरै पहिलेदेखि मेरा मनमा एउटा योजनाको खाका उब्जिरहेको थियो कि हालसम्म प्राप्त भएका ऐतिहासिक सम्पूर्ण सामग्रीस्रोतका आधारमा नेपालको एक सर्वाङ्गीण इतिहास तयार पार्ने । यसै उद्देश्यअनुरूप सर्वाङ्गपूर्ण नभए पनि यस ग्रन्थले माध्यमिक कालको इतिहासको एउटा पाटोलाई चाहिँ ओगट्नेछ नै, यसपछि लेखिएको पृथ्वीनारायण शाहपछिको शाहकालको इतिहास **नेपालको महाभारत**ले आधुनिककालको अर्को अलिकति पाटो ओगटेको छ ।

अहिले **नेपालको माध्यमिक कालको इतिहास** ग्रन्थ लेखी सकेसम्म सुध्याई परिपर्द्धितरूपमा प्रकाशित गरी जिज्ञासु पाठकका सामु पुऱ्याउन पाएकोमा मलाई प्रसन्नताको अनुभूति भएको छ । मेरो यस अभिलासालाई यो कृति प्रकाशित गरी सफलीभूत पारिदिन अघि सर्ने **मकालु बुक्स एन्ड स्टेशनर्स**का **प्रो. वासुदेव ढकाल**लाई प्रथमत: हार्दिक धन्यवाद दिन चाहन्छु । यो कृति संशोधित हुने क्रममै पढी मनन गरी यस कृतिको महत्त्वलाई दर्साइदिएर आफ्नो हार्दिक मन्तव्य दिने सहृदयी साथी स्वर्गीय जनकलाल शर्मालाई पनि यहाँनेर स्मरण गर्नु आफ्नो कर्तव्य ठान्दछु । शुरूदेखि यस ग्रन्थलाई कम्प्युटर टाइप गरिदिएर प्रकाश योग्य बनाइदिने ठमनाथ घिमिरे र राजकुमार 'रञ्जन' लाई पनि धन्यवाद दिन्छु । यस्तै ग्रन्थ संशोधन गरी तयार पार्नेक्रममा कुनै न कुनैरूपले लागिपर्ने सन्तोषमणि नेपाल, गोविन्द आचार्य, माधव र बलराम लामिछानेहरूको नाम पनि स्मरण गर्न उचित ठान्दछु । पुस्तकमा परेका चित्रहरूको प्राप्ति स्रोत अन्त्यमा उल्लेख गरेको छु, गाताको आवरण सजावट तयार पारिदिने र मुद्रण कार्य गरिदिने छापाखानाको गुण पनि बिर्सन सक्तिनँ ।

अन्त्यमा सबै सहृदय सहयोगीप्रति पनि आभार प्रकट गर्दै आफ्नो यो कृति जिज्ञासु विज्ञ पाठकवर्गका हातमा सुम्पेको छु । कृतिको गुणदोष भागी कृतिकार भए पनि फलभागी त पाठकहरू नै हुन् । पाठकहरूले पढेर केही न केही विशेष ज्ञान आर्जन गरे भने मात्र म आफ्नो परिश्रम सफल भएको सम्झनेछु ।

कलङ्कीस्थान **ज्ञानमणि नेपाल**

४-२७८००१

विषयसूची

प्रथम प्रकरण

१ अध्याय

साधनस्रोत १–८

२ अध्याय

संवत्सम्बन्धी विवेचना ९–१७

टिप्पणी १८-२१

३ अध्याय

अस्पष्ट युग २२

च. मानदेव २३

राघवदेव........ २४

तृ. शङ्करदेव २५

शङ्करदेवका उत्तराधिकारी........ २५

गुणकामदेव........ २६

कान्तिपुर र ललितपुर २७

नरेन्द्रदेव र उदयदेव २९

नेपालमण्डल........ २९

गण्डीगुल्म........ ३०

सुवर्णकार राणक ३१

जिग्लोद्गम र लूपन........ ३२

निर्भयदेव र रुद्रदेव........ ३३

रुद्रदेव र भोजदेव........ ३४

उभयराज्य वा द्वैराज्य ३५

द्वैराज्य र अर्धराज्य ३८

लक्ष्मीकामदेव ४०

जयदेव ४२

दीपङ्कर श्रीज्ञान (अतिशा) ४३

टिप्पणी ४७

४ अध्याय

भास्करदेव ५९
बलदेव (वि.सं. ११०५–१११७) यशोदेव (वि.सं. ११०५-६) ६१
प्रद्युम्नकामदेव ६२
उदयपुरका महासामन्त ६३
नागार्जुनदेव ६३
च. शङ्करदेव ६३
वामदेव ६४
हर्षदेव ६५
टिप्पणी ६६

द्वितीय प्रकरण

१ अध्याय

प्रसिद्ध राजा शिवदेव वा सिंहदेव (वि.सं. ११५६–८४) ७२
महासामन्त रामदेव ७३
मर्ग्वरविषय र धवलस्रोतपुर ७४
सिंहदेव वा सीहदेव ७६
द्रम्भमुद्राको व्यवहार र विकासकार्य ७७
मदनसरोवर र भूमिकरमा वृद्धि ७८
टिप्पणी ७९

२ अध्याय

सिम्रौनगढमा नान्यदेवको राज्यस्थापना (वि.सं. ११५४) ८५
नेपालमा बाह्य हमला ८६
सिम्रौनगढसँग पोह मल्लको संघर्ष ८८
डोयको परिचय ९०
बङ्गाली रामपालको विजयबारे भ्रम ९१
टिप्पणी ९४

३ अध्याय

इन्द्रदेव (सं. ११८३ - ११९३) ९९
पञ्चम मानदेव १०१

नरेन्द्रदेव १०१
आनन्ददेव (वि.सं. १२०३ -२४) १०३
बाह्रौं शतकका आमर्दकमठका शङ्कराचार्यको नेपाल आगमन १०५
रुद्रदेव (वि.सं. १२२४–३२) १०८
अमृतदेव (वि.सं. १२३२–३५) १०९
सोमेश्वरदेव १११
टिप्पणी ११२

४ अध्याय

महासामन्त रत्नदेव १२१
द्वि. गुणकामदेव १२२
लक्ष्मीकामदेव र विजयकामदेव १२२
सिम्रौनगढका गाङ्गेयदेव १२३
टिप्पणी १२६

तृतीय प्रकरण

१ अध्याय

प्राचीन मल्ल १२९
मल्लबारे लेवीमतको परीक्षा १३१
बनेपा–पलाञ्चोकका पोहमल्ल १३२
कर्णाटकका चालुक्यमल्ल १३४
तेह्रौत र बनेपाली मल्ल १३४
अरि मल्ल १३५
पञ्चाबतदेशीय १३७
अभय मल्ल (वि.सं. १२७३–१३१२) १३८
दुई श्रीको र जयको प्रचलन १३९
रणशूरदेव १४०
रामसिंहको नेपाल चढाई १४१
आन्तरिक संघर्ष १४२
प्राकृतिक प्रकोप १४४
टिप्पणी १४७

२ अध्याय

जयदेव (वि.सं. १३११–१४) १५५
मुकुन्दसेनको चढाइको कथा १५९

जयभीमदेव (वि.सं. १३१५–२७).. १६०
दुई राजकुल १६१
जयसिंह मल्ल (वि.सं. १३२८–३०) १६१
टिप्पणी १६४

३ अध्याय

आनिक १६७
राजा अनन्त मल्ल (वि.सं. १३३१–१३६५) र युवराज जयादित्यदेव १६८
सिजाराज्य र जितारि मल्लको आक्रमण.................................. १६९
हारका कारण १७२
युवराज्ञी वीरम्मादेवी र जयशक्तिदेव..................................... १७५
टिप्पणी १७५

४ अध्याय

महामन्त्री चण्डेश्वरको नेपालदूनविजय १८३
रिपु मल्लको यात्रा १८५
रुद्र मल्लको उदय... १८५
चण्डेश्वरको धार्मिक कार्य र हरसिंहदेवको प्रतिष्ठा........................ १८६
टिप्पणी १८८

चतुर्थ प्रकरण

१ अध्याय

जयानन्द र जयरुद्र मल्ल.. १८९
जयारि मल्ल... १९१
सिम्रौनगढको विध्वंस र हरसिंहदेवको देहावसान........................ १९२
रुद्र मल्लको निधन र आदित्य मल्लको आक्रमण १९४

नायकदेवी

हरिश्चन्द्रसँग विवाह

डोलाजीप्रथा... १९५
हरिश्चन्द्रसँग विवाह र आपसको संघर्ष १९६
सिँजाको आक्रमण १९७
सामन्त शासकको विद्रोह १९७
हरिश्चन्द्रको विषद्वारा वध १९८
गोपालचन्द्रको हकदावी.. १९९

जगत्सिंहसँग नायकदेवीको पुनर्विवाह र गोपलन्द्रको वध २००
सतभैया महापात्र र सामन्त शासक २०१
राजसिंहासन खाली र बनेपाली कस्त भाको विद्रोह २०२
राजल्लदेवीको जन्म र जगत्सिंहको बन्धन २०३
देवलदेवीको वैवाहिक सम्बन्ध र राजकाज २०३

जयराजदेव

तीन राज्यको मिल्ती र बाहिरी स्थिति २०५
बङ्गाली मुसलमानको आक्रमण २०७
देवलदेवी, राजदेव र जयसिंहराम २१०
टिप्पणी २१२

२ अध्याय

मिथिला र सिँजाको अवस्था २२२
जयस्थिति मल्लको उदय २२३
राजल्लदेवीसँग विवाह २२३
जयस्थिति मल्लको वंश २२४
परम्परागत मत २२५
आधुनिक मतको परीक्षा २२७
सम्भावित तर्क २२८
जयार्जुनदेव २३०
पशुपति र स्वयम्भूको पुनः स्थापना २३१
जयस्थिति मल्लपूर्वस्थिति २३१
देवलदेवीको अवसान २३३
राजा उपराजको मेल २३४
पाटनमा जयस्थिति मल्लको स्वागत २३५
ठिमीयुद्धको विजय र जयसिंहरामसँगको सम्झौता २३५
फर्पिङ आदि विषयको विजय २३६
जयार्जुनदेवको निष्काशन र अवसान २३८
जयस्थिति मल्लसँग राजल्लदेवीको राजकाज २३८
नाटक र अरू ग्रन्थको रचना २३९
धार्मिक कृत्य २४०
लोकरञ्जन कार्य २४१
राजल्लदेवीको मृत्यु र स्थिति मल्ल राजाधिराज २४२

स्थिति मल्लको स्थितिबन्देज २४२
स्थिति मल्लका धार्मिक र अरू कार्य २४४
जयस्थिति मल्लको मृत्यु २४६
जयस्थिति मल्लका उत्तराधिकारी २४७
जयज्योतिर्मल्ल र उनका कार्य २४९
टिप्पणी २५२

३ अध्याय

केन्द्र र स्थानीय शासक २६७
पाटनका महापात्र २६८
फर्पिङका शासक २७०
बनेपाराज्य र वर्द्धनवंश २७२
जयसिंहरामका बाबुबाजे २७३
जयसिंहरामवर्द्धन र मदनसिंहरामवर्द्धन २७३
शक्तिसिंहरामवर्द्धन र मदनसिंहरामवर्द्धन २७७
वर्द्धनवंशबारे विवादको विवेचना २७८
टिप्पणी २८३

४ अध्याय

यक्ष मल्ल (वि.सं. १४८५–१५३८)
बाल्यकाल २८६
यक्ष मल्ल र जीव मल्ल, धार्मिक कार्य २८७
यक्ष मल्लको विजययात्रा २९०
भक्तपुरदुर्गको मजबूती २९१
वाहिरी विजयका लागि सङ्घटन २९३
यक्ष मल्लका वंशज २९६
टिप्पणी २९९
परिशिष्ट - १
राष्ट्रिय संग्रहालयमा रहेको अग्निमठका शङ्कराचार्यको शिलालेख ३०७
अनुवाद ३१२
परिशिष्ट - २
चण्डेश्वरको वर्णन ३१५
अनुवाद ३१९

परिशिष्ट - ३

दुल्लुको पृथ्वीमल्लको स्तम्भलेख ३२३

अनुवाद... ३२५

परिशिष्ट - ४

जयार्जुनदेवको ताडपत्र.. ३२८

अनुवाद... ३२९

परिशिष्ट - ५

जयस्थिति मल्लको शिलालेख.. ३३०

अनुवाद... ३३२

परिशिष्ट - ६

जयसिंहरामवर्द्धनको सम्झनामा राखिएको पनौती इन्द्रेश्वर मन्दिरको ताम्रपत्र ... ३३४

अनुवाद ३३५

परिशिष्ट - ७

जयज्योतिर्मल्लको शिलालेख ३३७

अनुवाद... ३३९

परिशिष्ट - ८

जययक्ष मल्लको अभिलेख.. ३४१

अनुवाद... ३४२

चित्रहरू ३४५

चित्रपरिचय ३५३

सन्दर्भग्रन्थसूची... ३५४

नामसूची... ३६१

माध्यमिक कालको इतिहास

प्रथम प्रकरण

१ अध्याय

साधन स्रोत

यस प्रथम अध्यायको विषय नेपालको इतिहास तयार पार्न आधार सामग्रीका रूपमा प्रयोग गरिने ऐतिहासिक स्रोत साधनको संक्षिप्त परिचय नै हो। यहाँ पहिलो माध्यमिक काल भनेर नेपालसंवत्को आरम्भदेखि यक्ष मल्लको समय (वि.सं. १५३७) सम्मलाई लिइएको छ, यद्यपि यो कालविभाजन त्यति वैज्ञानिक छैन। स्थिति मल्लदेखि अन्तिम मल्ल राजासम्म एउटै वंशको शासन चलेको र स्थिति मल्लदेखि पहिलो माध्यमिक काल त्यसपछिको पछिल्लो माध्यमिक काल भनेर कालविभाजन गरिएको भए ऐतिहासिक दृष्टिले हेर्दा बढी उपयुक्त ठहर्ने थियो, सो नभएर नेपालदूनको राज्यविभाजनउप्रान्त मात्र पछिल्लो माध्यमिक काल भनेर विदेशी इतिहासकारहरूले कालविभाजन गरिदिएका र त्यसैलाई पछ्याएर नेपालीहरूले पनि लेख्ने गरेकाले मैले अहिले यक्ष मल्लअघिको समयावधिको इतिहास केलाएर हेर्ने प्रयास गरेको छु। यस अवधिको इतिहास जान्न लेख्न पनि काम लाग्ने जे जस्ता साधन सामग्रीहरूको प्रयोग गरिएको छ, अब तिनैको संक्षिप्त परिचय यसमा पहिले उल्लेख गर्न लागिरहेको छु।

यहाँनेर पहिले नै म एउटा कुराको संकेत गर्न चाहन्छु, यो समयावधि इतिहास लेख्ने साधनस्रोतको दृष्टिले अत्यन्त कंगाल छ भने हुन्छ। यस वेला लिच्छविकालमा जस्तो स्वयं राजाद्वारा प्रसारित शिलालेख वा शनदपत्र त छँदैछैनन् भने पनि हुन्छ। विक्रमको चौधौं शताब्दीमा आएर अर्थात् विशेष गरेर स्थिति मल्लको पालादेखि यस्ता अभिलेख अलिअलि पाइएका छन्। यस अवधिमा राजाको समय पत्ता लाउन र वंशावलीले भनेको समय निक्र्योल गर्न पनि हस्तलिखित ग्रन्थका पुष्पिकावाक्य नै मुख्य साधन हुन्। वंशावलीले देखाएका राजाको नाम, क्रम र समयलाई पुष्पिकावाक्यले नै प्रमाणित गर्नुपर्दछ। यस कालको इतिहास लेख्न मुख्य आधार वंशावली, पुष्पिकावाक्य, अभिलेख, मुद्रा र विदेशी लेखहरू नै हुन्।

१. यिनमा पहिले वंशावलीकै चर्चा गरिन्छ। वंशावली धेरैथरीका पाइन्छन्। तिनलाई पुराना र नयाँ गरी दुई भागमा विभाजित गर्न सकिन्छ। पुराना वंशावली भ्रष्ट संस्कृत भाषा र नेवारी भाषामा लेखिएका छन्। तिनका नेपाली अंग्रेजी अनुवादलाई पनि पुरानैमा गणना गरिएको छ। गोरखाको विजयउप्रान्त लेखिएका नेपाली भाषाका वंशावली नयाँमा गणना गरिएका छन्। तिनका विभिन्न संस्करण पाइन्छन्, तिनै कुनैबाट उल्था गरेर कर्कपेट्रिक, राइट, भगवान्लाल, लेवीहरूले छपाएका छन्। पुराना पाठ तयार पार्ने व्यक्ति सनातन धर्मावलम्बी भएबाट पहिले पशुपतिनाथको प्रादुर्भाव, गोपालवंशको चर्तीकलाको बयान तिनमा गरिएको हुन्छ। भाषापाठ तयार पार्ने व्यक्ति शैव, बौद्ध दुईथरी हुँदा वंशावली पनि दुवैथरीका भएका छन्। बौद्धवंशावलीमा पहिले क्रकुच्छन्द आदि विभिन्न बुद्धको उत्पत्ति, मञ्जुश्रीको माहात्म्य वर्णन गरिएको छ।

वंशावलीमा राजाका नाम, राज्यभोगवर्ष, जन्म, मृत्यु उनका विशिष्ट देन, देवदेवीका स्थापना, विहारहरूको स्थापना औं मुख्यमुख्य घटना आदिको वर्णन पाइन्छ। विशेष गरेर वंशावलीहरू धार्मिक कथा विभिन्न उपाख्यान देवमानुषका किंवदन्तीहरूको बयानमा जोड दिन्छन्। पुराना पाठ संक्षिप्त छन्, तिनैका आधारमा तयार पारिएका नयाँ पाठ विस्तृत पाइन्छन्। विशेष चलनचल्तीमा आएका केही वंशावलीका पाठहरूको परिचय पनि यहाँ दिनु आवश्यक भएको छ।

सवैभन्दा पहिले नेपाल आएर आफ्नो छोटो बसाइमा नेपालको वर्णन लेख्ने, यहाँ पाएको छोटकरी वंशावलीको आधारमा नेपालको इतिहास लेख्ने कर्नेल विलियम कर्कपेट्रिक हुन्। उनी वि.सं. १८४९ मा नेपालचीनयुद्धताका नेपाललाई साह्रै सकस परेको वेला नेपाल पस्ने अनुमति पाएर आएका थिए। यसपछि जङ्गबहादुरका पालामा अंग्रेज रेजिडेन्सीमा काम गर्ने डा. डेनियल राइटले नेपालमा पाएको भाषावंशावलीलाई अंग्रेजीमा उल्था गरेर छपाइदिए। यसपछि नेपालको इतिहासमा काम गर्ने पं. भगवान्लाल इन्द्रजी, सिल्भाँ लेवीहरूले पनि नेपाली भाषावंशावलीको उपयोग गरेर प्रामाणिक स्रोतको आधारमा वैज्ञानिक ढङ्गले इतिहास लेख्ने प्रयास गरेका भए तापनि प्राय: गरेर नेपालको इतिहासमा कर्कपेट्रिक र राइटको वंशावलीको ठूलो चल्ती हुन आयो। हामीले नेपालको इतिहासमा संशोधनको परम्परा नचलाउन्जेल स्वदेशी विदेशी सबै इतिहासका आकरग्रन्थ यिनै अंग्रेजी वंशावली थिए भने हुन्छ।

(क) प्रकाशनको दृष्टिले कर्कपेट्रिक, राइट, भगवान्लालहरूले पाएका वंशावली पहिला हुन् तापनि रचनाको दृष्टिले सेसिल बेण्डालले पाएको वंशावली पहिलो ठहर्दछ। वि.सं. १९५५ मा बेलायतका प्रा. सेसिल बेण्डाल र बङ्गालका विद्वान् हरप्रसाद शास्त्री हस्तलिखित ग्रन्थ र ऐतिहासिक सामग्री अध्ययन गर्न नेपाल आएका थिए।

वीरपुस्तकालयमा रहेका पुराना हस्तलिखित ग्रन्थको वर्णनात्मक सूचीपत्र तयार पारी हरप्रसाद शास्त्रीले दुई भागमा प्रकाशमा ल्याए। हस्तलिखित ग्रन्थका पुष्पिकावाक्यका आधारमा सूचीपत्रको प्रस्तावना बेण्डालले लेखे, वीरपुस्तकालयका हस्तलिखित ग्रन्थका अन्वेषणको सिलसिलामा बेण्डालले पशुपतिनाथको प्रादुर्भाव, गोपालहरूको आगमनदेखि उठान गरेर नेपाल संवत् ५०९ (वि.सं. १४४५) सम्मको घटना टिपिएको संस्कृत र नेवारी भाषामा लेखिएको भुजिमोललिपिको ताडपत्रको पुस्तक फेला पारे।

बेण्डालले यस वंशावलीको फोटो प्रकाश गरी भाषा र शैलीका दृष्टिले तीन भागमा विभाजित गरी पहिलो, दोस्रो र तेस्रो वंशावली भन्ने नाम राखे। यसपछिका इतिहासकारहरूले यसलाई 'बेण्डालवंशावली' भन्ने नामकरण गरी उपयोगमा ल्याए। वीरपुस्तकालयको सूचीपत्रमा चाहिँ यस ग्रन्थको विषय सुहाउँदो 'गोपालवंशादिप्राचीनराजवंशावली' भन्ने नाम दिइएको छ। बाबुराम आचार्य, नरहरिनाथ र हामीहरूले चाहिँ यसलाई 'गोपालवंशावली' भन्ने नामबाट उपयोग गर्दै आएका थियौं तापनि यो नाम पछि कल्पित भएबाट भित्री अध्ययन गर्दा मैले भूतवृत्त (पुरानो वृत्तान्त) भन्ने नाम पाएकोले नेपालवृत्तान्त भन्नु उपयुक्त हुने ठानेको छु।

बेण्डालले यसको केही अंश आफूले लेखेको इतिहासमा उपयोग गरेका थिए तापनि समग्र पढेर देवनागरीमा उतारेर यसको प्रकाशन हुन सकेको थिएन। योगी नरहरिनाथले हिमवत्संस्कृति १/१ मा संस्कृत भागको अर्थ सहित र नेवारी भाग मूलमात्रै प्रकाशमा ल्याए। सन्धिपत्रसंग्रहमा यसलाई पुन: प्रकाश गरियो। डिल्लीरमण रेग्मीले पनि मूलपाठसम्म जेनतेन पुन: प्रकाश गरे तापनि शुद्ध पाठ र सही अर्थ हुन सकेको थिएन।

यो पुस्तक १७ पृष्ठ देखि शुरु भएर ६३ पृष्ठमा समाप्त गरिएको छ। १७ पृष्ठ अघि के थियो र ६३ पृष्ठ पछि किन लेखिएन, यो कुरा अनुसन्धेय छ। ने.सं. ५०२ मा जयार्जुनदेव राजा परलोक भएका र यसको बाह्र वर्षपछि पनि स्थिति मल्ल राजा भक्तपुरमा शासन गर्दैछन् भन्नेसम्म कुरा यसमा लेखिएको छ तापनि स्थिति मल्लको जीवनवृत्तान्त सबै लेखिएको छैन। ने.सं. ५०८ सम्मका घटना मात्र टिपिएको छ। ३० क पत्रसम्म भ्रष्टसंस्कृत भाषामा र ३० ख पत्रदेखि नेवारीमा घटना टिपिएका छन्। पछिल्ला कालका अर्थात् चौधौं पन्ध्रौं शताब्दीका ऐतिहासिक घटना धेरैजसो संस्कृत भागमा र नेवारी भागमा मिल्दाजुल्दा नै छन्। संस्कृत भाग सकेपछि विष्णुगुप्त राजाले इचंगुनारायण स्थापना गरेको र अरू नारायणको उल्लेख गरी स्वस्ति 'भूतवृत्तान्तर' 'लिखितञ्च श्रृणु' (अर्को पुरानो वृत्तान्त वा भूतवृत्त लेखेको सुन) भनेर नेवारीमा राजा र भारदारहरूका जन्म, मृत्यु, भोगवर्ष टिपिएका छन्।

यसपछि नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा सञ्चालित परियोजना अन्तर्गत धनवज्र वज्राचार्यले यस पुस्तकको संस्कृत-नेवारी भागको नेपाली भाषामा अनुवाद गरी उक्त केन्द्रमा बुझाएका थिए। हाल कमलप्रकाश मल्लसमेत मिली अंग्रेजीमा पनि उल्था गरी शब्दार्थसूची परिशिष्ट सहित गरी "द गोपालराजवंशावली"का नामले नेपाल रिसर्च सेन्टरद्वारा सो प्रकाशमा आएको छ। भाषा शैली विषयको दृष्टिले तीन भाग वा दुई भागमा विभाजित गर्न सकिए तापनि एकै ठाउँमा क्रमबद्ध लेखिएको एउटै ग्रन्थाकारमा प्रकाशमा आएको यस वंशावलीलाई मैले सजिलाका लागि 'पुरानो वृत्तान्त क पाठ'को नामले प्रयोगमा ल्याएको छु।

(ख) वीरपुस्तकालयमा बेण्डालले भेटेको जस्तै संस्कृतभाषामा छोटकरीमा घटना टिपिएको अर्को वृत्तान्त केशरशमशेर ज.ब.रा.को पुस्तकालयमा पनि संगृहीत भएको पाइयो। यो पनि अपूरो छ। यसमा नेवारी लिपिमा लेखिएका १५ पृष्ठ पाइएका छन् र रुद्रदेवदेखि राज्यभोगवर्ष र विशेष घटना टिप्तै ल्याएर "तदनन्तरे पूर्व श्रुतानागत' भनी टुङ्ग्याएर 'अथ वंशावली लिख्यते' भनी नान्यदेवदेखि हरसिंहदेवसम्मको वंश संस्कृत श्लोकमा दिइएको छ। 'केशरवंशावली'को नामले इतिहासकारहरूले यसलाई उपयोग गरेका छन्। वि.सं. २०१५ मा लुशियानो पेटेक्ले आफ्नो "मेडिवल हिष्ट्री अफ् नेपाल"को परिशिष्टमा रोमनलिपिमा यसको मूल प्रकाशमा ल्याएका थिए। अहिले धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लले "द गोपालराजवंशावली"को परिशिष्टमा पनि यसलाई प्रकाशमा ल्याएका छन्। अपूरो भए पनि 'क' पाठ भन्दा यो पाठ अलिक स्पष्ट शुद्ध पार्न खोजिएको जस्तो बुझिन्छ। यसलाई मैले यहाँ 'पुरानो वृत्तान्त ख' पाठका रूपमा प्रयोगमा ल्याएको छु।

(ग) केशरपुस्तकालयमा रहेको संक्षिप्त वृत्तान्तकै प्रतिरूप गोरखामा प्राप्त भएको छ। यहाँ यो अपूर्ण थियो, उहाँ पूर्णरूपमा प्राप्त भयो। यो प्रति धनवज्र वज्राचार्यले नेपाली अनुवाद सहित नेपाल र एशियाली अनुसन्धान केन्द्रको जर्नल ५ भा. १ सं. 'संक्षिप्तगोपालवंशावली' का नामले ११६-१२४ पृष्ठमा छापेका छन्। आरम्भ क पाठ सरह छ, क पाठको भूललाई ठाउँठाउँमा सच्याइएको छ र समाप्ति पनि समसुद्दीनकै आगमनमा ल्याएर गरिएको छ। संस्कृतश्लोकमा दिएको वंशावली ५ श्लोकमा जगज्ज्योतिर्मल्लमा आएर टुङ्गिन्छ। हुन त यसपछि पनि राजाहरूको नाम दिंदै ल्याएर पृथ्वीनारायण शाहले नेपालदून जितेको कौशिकीपर्यन्त राज्य गरेको भन्दै लगेर वि.सं. १८४८ मा रणबहादुर शाहले पश्चिमका सबै राजारजौटा जितेर बद्री केदार हुँदै गङ्गोत्तरीसम्म जितेको बयान गरी टुङ्ग्याएको हुँदा यो पछि टिप्तै ल्याएको र जगज्ज्योतिर्मल्लकै पालामा संस्कृतश्लोक तयार पारिएको प्रतीत हुन्छ। यसलाई मैले यहाँ पुरानो वृत्तान्तको ग पाठ भनेर उल्लेख गरेको छु।

(घ) जगज्ज्योतिर्मल्लकै पालामा तयार भएको "मुदितकुवलयाश्व" नामक नाटकको प्रस्तावनामा नेपालका राजाको वर्णनको प्रसङ्गमा प्राचीनकालदेखिका राजाको नामावली दिइएको छ। कालक्रम राज्यवर्ष वा वंश केही नखुलाई केवल राजनामको फेहरिस्त मात्र दिइएको छ। यसैको अनुकरण गर्दै जितामित्र मल्लद्वारा तयार पारिएको रामायणनाटकको प्रस्तावनामा पनि यो राजनामावली भूपतीन्द्र मल्लसम्म तानिएको छ। यस वंशक्रमलाई मैले पुरानो वृत्तान्तको 'घ' पाठ भनेको छु।

(ङ) केशरपुस्तकालयमा रहेको र गोरखामा पाइएको संक्षिप्त गोपालवंशावली जस्तै अलिअलि पाठ भेद भएको अर्को प्रति 'नेपालवंशावली' नाम लिई नेपाली राजाहरूको वंशावली भनी द्वि.९६ वि. ३११ संख्यामा लगत गरिएको १३ पत्रको एक पुस्तक राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ। यसको फोटोकपी कमलप्रकाश मल्लले नेपाल र एशियाली अनुसन्धान केन्द्रको जर्नल १२ भा. २ सं. ७६-१०१ पृष्ठमा छपाएका छन्। यसलाई मैले यहाँ ङ पाठको रूपमा लिएको छु।

(च) माथि उल्लिखित कर्णेल कर्कपेट्रिकले "अन् एकाउन्ट अफ् द किङ्डम अफ् नेपाल" नामक आफ्नो पुस्तकको 'हिष्टोरिकल स्केच् फ्रम् नेपाल' भन्ने आठौं अध्यायमा एउटा संक्षिप्तवृत्तान्तको अनुवाद गरेर वि.सं. १८६८ मा छपाएका थिए। मानिसले त्यसलाई कर्कपेट्रिकवंशावली भन्दै आएका छन् तापनि उपर्युक्त पुराना पाठको केही थपघट भएको यो प्रति ठानी यसलाई पनि मैले पुराना वृत्तान्तको 'च' पाठ मानेको छु।

(छ) यसपछि देखिएका वंशावलीका संस्करणहरू गोरखाको उदयपछि तयार पारिएका हुनाले नेपाली भाषामा विस्तारसँग वर्णन गरिएका छन्। यिनमा घटना उल्टापाल्टी परेका छन्, अशुद्धि पनि धेरै छन्। यी वंशाली तयार पार्दा मुख्य आधार पुराना वृत्तान्तका पाठलाई नै मानिएको छ। यी वंशावली तयार पार्ने बौद्ध शैव दुई थरी पण्डित भएबाट वंशावली पनि दुवैथरी बन्न आए। अर्वाचीन भाषावंशावली कथ्ने वज्राचार्यहरू केही पुराना लिपि पनि जान्ने अल्पमात्रामा भए पनि संस्कृतभाषा पनि पढेका हुनाले तिनले पुराना अभिलेख हेरेर ठाउँठाउँमा नमिलाएरै भए पनि तिनको उपयोग गरेका छन्। यिनमा परम्परागत अनुश्रुति, किंवदन्ती, पौराणिक कथा पनि थपेका हुनाले यी वंशावली विस्तृत भएका हुन्। यस्तै वज्राचार्यले तयार पारेको भाषावंशावली पाएर अंग्रेजीमा अनुवाद गरी डेनियल राइटले वि.सं. १९२८ मा "हिष्ट्री अफ् नेपाल ट्रान्स्लेटेड् फ्रम् द पर्वतीया" भन्ने नामले क्याम्ब्रिजबाट प्रकाशन गराएका थिए। त्यसपछि नेपालको इतिहासमा हात हाल्नेहरूले यस वंशावलीको उपयोग गर्दै आएका छन् र यो वंशावली नै अत्यन्त प्रचलित भएर आएको देखिन्छ।

(ज) हाम्रो यहाँ प्राप्त भाषावंशावलीका विभिन्न संस्करण पनि प्रकाशित हुँदै आएका छन्। भाषावंशावली नामले पहिलो भाग नयनाथ पौडेलको सम्पादनमा वि.सं. २०२० मा र दोस्रो भाग देवीप्रसाद लम्सालको सम्पादनमा वि.सं. २०२३ मा प्रकाशित भएको हो। दोस्रो भाग नै हाम्रो अध्ययनको विषयभित्र परेको छ।

(झ) पुरातत्त्वविभागको मुखपत्र "प्राचीन नेपाल"द्वारा पनि हाम्रा पुस्तकालयमा प्राप्त वंशावलीका विभिन्न संस्करण क्रमश: प्रकाशित भएका छन्। तिनमा 'काठमाण्डू उपत्यकाको एक राजवंशावली'का नामले बालचन्द्र शर्माको सम्पादनमा प्राचीन नेपाल ४/५/६ संख्यामा क्रमश: प्रकाशित भएको छ।

(ञ) त्यसपछि 'वंशावली राजभोगमाला'का नामले "प्राचीन नेपाल" ७ सं.मा प्रारम्भिक भाग र त्यसपछिको भाग नेपालदेशको इतिहास राजभोगमालाका नामले ८ देखि ११ सम्म क्रमश: गरी प्रकाश गरिएको छ। यी वंशावली पशुपतिनाथको उत्पत्तिबाटै प्रारम्भ गरिएका र पहिलो संक्षेपमा वि.सं. १९४५ सम्म ल्याएर सकिएको र दोस्रो रणजित मल्लको काशीवासपछि समाप्त गरिएको छ।

(ट) केशरपुस्तकालयमा एक अर्को अति विस्तृतसँग लेखिएको भाषावंशावली रहेको छ। यसको प्रारम्भिक कथा शैव बौद्ध दुवै मतको अनुसरण गरी लेखिएको छ। यो वंशावली शुरुमा 'नेपालदेशको इतिहास संग्रह' भन्ने नाम दिएर पछि 'नेपालदेशको इतिहास' मात्रै भनेर "प्राचीन नेपाल" का १५ संख्या बाहेक १२ देखि २७ संख्यासम्म क्रमश: गरी छापिएको छ। चौवीशी राज्यविजय र देवाधर्माका लामालाई बिर्ता दिएको उनले सो बिर्ता स्वयम्भूनाथमा अर्पण गरेको कथासम्म २३ सं. मा वर्णित छ। त्यसपछि सं. १९४७ सम्मको वर्णन गरी २७ सं. मा यो वंशावली टुङ्गिन्छ।

(ठ) हड्सनले संग्रह गरेको पद्मगिरि वंशावली इण्डिया अफिस लाइब्रेरी लण्डनमा रहेको छ। यो वंशावली राइट वंशावली जस्तै बौद्धमतअनुसरण गरेर लेखिएको र अपूरो पनि छ। वि.सं. २०२७ मा पन्जाबबाट छापिएको विक्रमजित् हसरतको 'हिष्ट्री अफ् नेपाल' भन्ने पुस्तकमा यो वंशावली पनि प्रकाशित भएको छ।

(ड) देवशमशेरमार्फत् प्राप्त गरेको एक भाषावंशावली सिल्भाँ लेवीले उपयोग गरेका थिए। त्यसमा राजेन्द्रविक्रमको राज्यारोहणसम्मका घटना वर्णन गरिएका थिए। यो वंशावली वि.सं. १८९१ मा देउपाटन बस्ने सिद्धिनारायण उपाध्यायले लेखी मुन्शी लक्ष्मीदासलाई चढाएका थिए। लेवीले उपयोग गरेको यो वंशावली प्राय: राइटको जस्तै थियो।

(ढ) अर्को एक विस्तृत भाषावंशावली काठमाडौं मञ्जेश्वरीटोल बस्ने बुद्धिमानसिंहले धेरै वर्षको मिहिनेतले संग्रह गरी वि.सं. १९३५ मा तयार पारेका थिए। यसको उपयोग बाबुराम आचार्यले गरेको देखिन्छ।

(ण) भाषावंशावलीका अप्रकाशित रहेका अरू पनि धेरै संस्करण पाइन्छन्, तिनमा मसँग पनि एउटा वंशावली छ। पशुपतिको प्रादुर्भावदेखि अड्तीस सालपर्वसम्मको कथा यसमा लेखिएको छ।

(त) यस्तै वंशावली पुष्कर‌राज राजभण्डारीसँग पनि रहेको छ, तर त्यो चाहिँ राजेन्द्रविक्रम शाहको पालामा घटेको वि.सं. १८९० को भूकम्पको वर्णन गरी १८९५ सम्मका १/२ घटनाको उल्लेख गरी समाप्त गरिएको छ।

(थ) संशोधनमण्डलको संग्रहमा पनि दुई भाषावंशावली रहेका छन्। तिनमा एक विस्तृत भए पनि त्यसमा मध्यकालको इतिहासका धेरैजसो भाग टुटेको हुनाले हामीलाई त्यसले कुनै काम दिँदैन, दोस्रो संक्षिप्त भए पनि अरू भाषावंशावली सरह छ, केही पाठ-भेद यसमा पनि पाइन्छ।

१. स्थिति मल्लको पालामा संस्कृत-नेवारीमा लेखिएको पुरानो वृत्तान्तको अनुसरण गर्ने केही घटीबढी पाठभेद भएका छ थरी संस्करण पाइएका र यिनलाई पुराना वृत्तान्तका नामले मैले प्रयोग गरेको छु, नेपालीभाषामा लेखिएका घटीबढी विवरण भएका वंशावलीलाई नयाँ वृत्तान्तको रूपमा मैले लिएको छु। वंशावलीका उक्तिलाई तात्कालिक प्रमाणले धोइपखाली गरी यथार्थ पत्ता लगाउने कोशिश पनि गरेको छु।

२. मध्यकालको इतिहास लेख्न वंशावलीबाहेक अभिलेख पनि मुख्य प्रामाणिक स्रोत हुन्। तर त्यस वेलाका अभिलेख अत्यन्त अल्प छन्। तिनमा पनि राजाबाट प्रसारित लिच्छविकालका जस्ता प्रशस्ति शनदपत्रहरू स्थिति मल्लअघि त निमिट्यान्नै छैनन् भने पनि हुन्छ। संशोधनमण्डलद्वारा प्रकाशित अभिलेखसंग्रह २ भाग र ९ भाग हेर्दा यो कुरा स्पष्ट हुन्छ।

यस कालको सर्वोत्तम अभिलेख ने.सं. २६४ को काशी प्रयागबाट आएका आमर्द मठपरम्पराका शङ्कराचार्यकै हो। स्थिति मल्लका पालादेखि भने स्वयं राजाबाट प्रसारित अभिलेखहरू पनि प्राप्त हुन आएका छन्। यस सम्बन्धमा तल यथास्थानमा मैले विचार गरेको छु।

३. यस कालमा तात्कालिक प्रामाणिक ऐतिहासिक स्रोतमा हस्तलिखित ग्रन्थका पुष्पिकावाक्य नै हुन्। ग्रन्थ लेखेर समाप्ति गर्दा राजाको नाम, मिति, लेख्नेको नाम र कतै कतै त्यस वेला घटेको विशेष घटना पनि टिपेर राख्ने चलन थियो। त्यस कारण यस्ता हस्तलिखित ग्रन्थका पुष्पिकावाक्यबाट राजाको नाम र समय पनि हामीलाई थाहा हुन आउँछ। वंशावलीको वर्णनलाई यसले धोइपखाली गर्न हामीलाई सजिलो पारेको छ। त्यस्ता हस्तलिखित ग्रन्थ व्यक्तिगत पुस्तकालय र राष्ट्रिय अभिलेखालयमा रहेका त छँदैछन्, कालक्रमले कति भोट

चीन जापान रुसहुँदो पुगेका छन् भने कति युरोप अमेरिकासम्म पनि पुगेका छन्। हस्तलिखित ग्रन्थ मात्रै होइन, मूर्ति पनि कति विदेशमा पुगेकाले तिनका अभिलेख पनि विदेशी विद्वान्ले प्रकाश गरेका छन्। त्यही भरमा हामीले काम गर्नुपरेको छ।

हाम्रो राष्ट्रिय अभिलेखालयका पुस्तकका पुष्पिकावाक्यको प्रकाशन अध्ययन पहिले हरप्रसाद शास्त्री, सेसिल बेण्डालले गरेका थिए भने यहाँबाट भोट पुगेर विभिन्न गुम्बामा रहेका हस्तलिखित ग्रन्थ राहुल सांस्कृत्यायनले प्रकाशमा ल्याए। पछि हाम्रै पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयबाट विभिन्न भागमा वृहत्सूची-पत्र प्रकाश गर्दा ती पुष्पिकावाक्य धेरै प्रकाशमा आएका छन्। सिल्भाँ लेवी, लुशियानो पेटेक आदि विदेशी इतिहासकारहरूले विदेशमा रहेका नेपाली ग्रन्थका पुष्पिकावाक्य प्रकाशमा ल्याइदिएर हामीलाई विचार गर्न धेरै सजिलो बनाइदिएका छन्। यहाँ रहेका ग्रन्थका कतिपय पुष्पिकावाक्यलाई मूलैसँग रुजु गरेर यथार्थ कुरा पत्ता लाउने कोशिश गरिएको छ। परन्तु विदेशमा रहेका ग्रन्थका पुष्पिकावाक्य हेर्न नपाएकोमा खल्लो लागेको कुरा चाहिँ यहाँ उल्लेखनीय छ। मैले यहाँ शिलालेख, ताम्रपत्र, ताडपत्र तथा हस्तलिखित ग्रन्थका पुष्पिकावाक्यलाई पनि अभिलेखकै नामले प्रयोगमा ल्याएको छु।

४. इतिहास लेख्न तात्कालिक प्रामाणिक स्रोतमा मुद्रा पनि हुन्। परन्तु लिच्छविकालपछिको मध्यकालमा त्यस्ता नयाँ मुद्रा ढालिएको कमै मात्र उल्लेख पाइन्छ। लिच्छविकालका पुराण, पण, कार्षापण र भारतीयमुद्राकै प्रचलन यहाँ भएको बुझिन्छ। शिवदेवका पालाका केही द्रम्भ शिक्काले पनि केही प्रकाश पारेका छन्।

५. यसबाहेक यस कालको इतिहास जान्न विदेशी प्रमाण पनि कम महत्त्वपूर्ण छैनन्। भारतका अभिलेख भने प्रशस्ति गायकले लेखेका हुँदा हाम्रा वंशावलीका उक्तिभन्दा बढी प्रामाणिक भन्न सकिँदैन, तर चीनियाँ वृत्तान्त भने अत्यन्त उपयोगी मान्न सकिन्छ। भोट र चीनमा पाइएका आर्निक, अतिशा, धर्मस्वामीका वर्णनबाट यस बेलाको नेपालको इतिहासका बारेमा हामीलाई निकै ज्ञान हुन आउँछ भने नेपालबाट चीन, चीनबाट नेपाल जाने आउने प्रतिनिधिमण्डलका बारेमा पनि हामीलाई केही जानकारी प्राप्त हुन आउँछ। यस अतिरिक्त भारतका अभिलेखमा पनि कतै कतै नेपाल सम्बन्धी चर्चा गरिएको छ। तिनको पनि यथास्थानमा उल्लेख गरेको छु।

यी उपर्युक्त प्रामाणिक स्रोत ग्रन्थ अभिलेखको अध्ययन अनुसन्धानको सारसंक्षेपको फल नै यो विश्लेषणात्मक विवेचनात्मक इतिवृत्त हो।

प्रथम प्रकरण

२ अध्याय

संवत्-सम्बन्धी विवेचना

अब नेपालसंवत्‌को नामले अहिलेसम्म प्रचलनमा आएको संवत्‌को बारेमा विवेचना गर्न लागिएको छ । यस ग्रन्थको प्रारम्भ पनि यसै संवत्‌को प्रारम्भ भएदेखि नै भएकोले पनि यसबारेमा पाएसम्मका प्रमाणका आधारमा विशद छलफल गर्नुपरेको छ ।

शकसंवत् ८०२ कार्तिकशुल्क प्रतिपदादेखि यो संवत्‌को प्रारम्भ भएको हो। विक्रमसंवत्सँगको यसको अन्तर ९३६-३७ को छ। आज वि.सं. २०५५ मा नेपालसंवत् १११८/१११९ पुगेको छ ।

नेपालसंवत्‌को प्रारम्भ किन भयो ? यसको प्रचलन कसले गऱ्यो ? भन्ने सम्बन्धमा धेरै विवाद छ । यसबारेमा धेरै विद्वान्‌ले छलफल गरेका छन् । यस विषयमा स्पष्टसँग यकीन गरेर भन्न अझै अनुसन्धान गर्नु आवश्यक छँदैछ तापनि अहिलेसम्मका प्राप्त प्रमाणका आधारमा यहाँ म केही विवेचना गर्न लागेको छु ।

कर्कपेट्रिक्ले पाएको वंशावलीअनुसार यो संवत् राजा राघवदेवले प्रचलनमा ल्याएका हुन् र यसको नाम 'ताम्बूलसंवत्' हो भन्ने कुरा सर्वप्रथम प्रकाशमा आएको थियो।[१] त्यसपछि प्रिन्सेप कनिङ्गम आदि विद्वान्‌ले नेपालसंवत्‌का प्रवर्त्तक राघवदेव हुन् भन्ने कुरा स्वीकार्दै आए ।[२] बेण्डालले पाएको पुरानो वृत्तान्तमा राघवदेवको उल्लेख पाइएकोले पनि यो कुरामा विश्वास परेको थियो।[३] परन्तु सिल्भाँ लेवीले यस मतलाई अस्वीकार गरी राघवदेवले कुनै त्यस्तो महत्त्वपूर्ण कार्य गरेको नदेखिएको भनी नेपालसंवत्‌को उत्पत्तिको अर्कै कारण औंल्याएका छन् । उनले नेपालीहरू ८ को अङ्कलाई अशुभ मान्दछन्, यस कारण शकसंवत् ८०० पुगेपछि आठको अङ्क छाडेर १ देखि संवत्‌को गणना गर्न शुरू गरे, त्यसपछि यस संवत्‌को आरम्भको कारण बिर्सिंदै गयो र नयाँ संवत् ठानियो, वास्तवमा यो संक्षिप्त शकसंवत् हो भन्ने निष्कर्ष निकाले ।[४] परन्तु विद्वान् लेवीको यो मत केवल अनुमानका भरमा आधारित भएकोले ग्राह्य हुन सक्तैन । किन भने प्रथम त यो मत सिद्ध गर्न ८०० वर्षसम्म लगातार शकसंवत् चलेर आएको थियो भनी सिद्ध गर्नुपर्छ, दोस्रो त्यसको संक्षेपीकरण गरेको संकेत कतै पाउनुपर्दछ । तर दुवै कुरा स्पष्ट छैनन् । स्वयं लेवी नै लिच्छविकालमा शकसंवत् चलेको

कुरा मान्दैनन् र पहिलो संवत्लाई लिच्छविसंवत् र दोस्रोलाई भोटेसंवत् भन्दछन्। फेरि नेपालसंवत् ८०० शकसंवत्देखि शुरू भएको छैन, यो त ८०२ देखि शुरू भएको छ। यस कारण उनको मत सही भनेर स्वीकार्न सकिदैन।

नेपालसंवत् शुरू हुनु अघिसम्म नेपालमा मानदेवसंवत् चलेर आएको थियो। मानदेवसंवत् ३०४ मा नेपालसंवत् चलेको देखिनाले लेवीको उपर्युक्त मत प्रमाणकोटिमा चढ्दैन।

यसपछि नेपालसंवत् किन चल्यो भन्ने प्रसङ्गमा डिल्लीरमण रेग्मीले लामो छलफल गरेका छन्, उनले नेपालसंवत् शुरू हुनाका कारण चाहिँ राजवंशपरिवर्तनलाई औंल्याएका छन्, अर्थात् वि.सं. ९३६ सम्म नेपालमा पुरानो राजवंश चलेर आएको थियो र नयाँ राजवंशका राजाले राजगद्दी प्राप्त गरेपछि यस नयाँ संवत्को प्रारम्भ भयो भन्ने उनको तर्क छ।[५] परन्तु राजा राघवदेव अर्का वंशका हुन् भन्ने कुनै प्रमाण पाइएको छैन, उनले पुराना राजालाई जितेर आफ्नो वंश चलाए भन्ने मत केवल कोरा कल्पनाका भरमा आश्रित भएकोले रेग्मीको मतमा पनि कुनै सार भएजस्तो लाग्दैन।

नयाँ संवत् चलेको कारण त अहिलेसम्मका प्रमाणले पत्ता लगाउन सकिएको छैन तापनि हाम्रो यहाँ चलेको परम्परागत अनुश्रुतिको कथा चाहिँ पौराणिक पाराको छ। यद्यपि यो आख्यान प्रमाणको कसीमा घोटेर जाँच्न त सकिदैन, तर पनि परम्परागत लोकधारणा चाहिँ यसबाट बुझ्न सकिन्छ र संवत् चलेको कारणप्रति समीक्षा गर्न भने यसले केही अप्रत्यक्ष सहायता गर्छ भनेर सो आख्यान यहाँ उल्लेख गर्न लागेको छु।

राजा आनन्द मल्ल र जयदेवका पालामा भक्तपुर शहरका एकजना ठूला ज्योतिषीले भचाखुसी र विष्णुमतीको दोभानको लखुतीर्थबाट अमुक शुभमुहूर्तमा बालुवा झिकेर ल्याएको खण्डमा सो सबै बालुवा सुनमा परिणत हुन्छ भनी राजालाई बिन्ती चढाए। राजाले पनि सोही शुभमुहूर्तमा ज्योतिषीले भनेको ठाउँबाट बालुवा झिकेर ल्याउनू भनी मानिस खटाइपठाए। ज्योतिषीले भनेको ठाउँबाट भनेकै शुभसाइतमा बालुवा झिकेर ल्याउन लागेका भारीवाल ज्यामीहरूलाई कान्तिपुरका एकजना ठूला धनी साखवाल नामका व्यापारीले देखेपछि यो बालुवा बिनाकारण यति टाढाबाट झिकेर लान लागेको होइन भन्ने सोची भारीवाल ज्यामीलाई पैसा दिने प्रलोभनमा पारी सो सबै बालुवा आफ्ना घरमा खन्याउन लाए। भारीवालले पनि साखवालसँग कबोलबमोजिमको मुखबदी पैसा हात पारी पुन: उक्त स्थानमै गई बालुवा सोहोरी भक्तपुर राजदरबारमा लगी बुझाए।

ज्यामीहरूले दोस्रोपल्ट बालुवा झिक्ता ज्योतिषीले ठहराएको शुभसाइत गुज्रिसकेको हुनाले राजदरबार पुऱ्याएको बालुवा सुन भएन। यो देखी राजा आनन्द मल्ल आश्चर्यान्वित भए र ज्योतिषीले ठग कुरा गरेको ठानी ज्योतिषीको निन्दा पनि गरे। ज्योतिषी पनि आफ्नो

विद्या असफल भएको देखी अत्यन्त दुःखी बने र उनले आफ्ना ज्योतिषका सबै पुस्तक पात्रा पोल्ने विचार गरे। यता दरबारमा ल्याएको बालुवाको जाँचपडताल चलिरहेको थियो। जाँच्दै लाँदा खन्याएको बालुवा बालुवै रहेको र खर्पनका पींध र बीटमा चाहिँ सुनका कण टाँसिएका देखिए। यो देख्नेबित्तिकै ज्योतिषीको भविष्यवाणी साँचो रहेछ भन्ने ठानी राजा झटपट ज्योतिषीको घरमा पुगे। उहाँ ती ज्योतिषी आफ्नी पत्नीका साथ ज्योतिषका पुस्तक-पात्रा पोल्न तयार भएका रहेछन्। यो देखेपछि राजालाई अत्यन्त पीर पर्‍यो र ज्योतिषविद्या झूटो होइन साँचो रहेछ भनी हत्तपत्त गएर ज्योतिषीलाई संझाएर पुस्तकपात्रा डढाउनबाट रोकेर ज्योतिषीलाई दरबारमा ल्याएर खर्पनका पींधका र बीटका सुवर्ण-कण देखाए। त्यसपछि ज्यामीहरूले बालुवा कसरी ल्याए, बीचमा के कैफियत पर्‍यो भन्ने सम्बन्धमा राजदरबारमा भारी छलफल भयो। भारीवाल ज्यामीलाई ल्याई पुर्पक्षमा जोडी बुझ्दा त शुभमुहूर्तमा झिकेको जति बालुवा काठमाडौंका व्यापारी साखवालका घरमै खन्याएको र दोस्रोपल्ट झिकेको बालुवा चाहिँ भक्तपुर राजदरबार पुर्‍याएको कुरा पत्ता लाग्यो। भक्तपुरका राजा, राजज्योतिषी पनि किंकर्तव्यविमूढ भए।

यता काठमाडौंका व्यापारी साखवालाका घरमा थुपार्‍याएको सबै बालुवा यथोक्त समयमा सुनमा परिणत भयो। यसरी एक्कासि असंख्य सुवर्णराशि फेला पारेका साखवालले राजा जयदेवको आज्ञा लिएर काठमाडौंवासी सबै प्रजाको ऋण तिरिदिएर सबैलाई अऋणी तुल्याए र त्यसै उपलक्ष्यमा आफ्ना नाउँको संवत् पनि चलाए। पशुपतिनाथ मन्दिरको दक्षिणढोकाको सामन्नेमा साखवालको शंख हातमा लिएको मूर्ति पनि स्थापित भयो।

साखवालकै संस्कृत नाम शंखधर (शंखहातमा लिएको) हो। शंखधरले चलाएको संवत् 'शंखधरसंवत्' कहलायो।[६]

भाषावंशावलीको यो कथा ऐतिहासिक दृष्टिले हेर्दा एकदम अपत्यारिलो छ, किन भने आनन्ददेव र जयदेवको संयुक्तशासनकाल नै मध्यकालको इतिहासमा छैन। पहिला आनन्ददेव नेपालसंवत्को तेस्रो शताब्दीको उत्तरार्द्धमा अर्थात् वि.सं. १२०३ देखि १२२४ सम्म राजा भएका थिए।[७]

रुद्र मल्लसँग शासन गर्ने दोस्रा आनन्ददेव ने. सं. ४३७ (वि. सं. १३७४) तिर राजा भएका थिए। जयदेव चाँहि ने. सं. ३७५ (वि. सं. १३११) तिर राजा भएका थिए।[८] यस कारण यी राजाका पालामा नेपालसंवत्को प्रचलन भयो भन्ने वंशावलीको कथन एकदम नमिल्दो छ।

संवत्प्रवर्त्तकका रूपमा मानिएका साखवाल वा शंखधरको सालिक पशुपतिमा अद्यावधि विद्यमान भएबाट यो विषय चाहिँ अनुसन्धेय छ। अर्को कुरा वंशावलीले परिलक्षित गरेको संवत्प्रवर्त्तनसम्बन्धी कुरा ज्योतिषविद्यासँग सम्बद्ध देखिन्छ। यस्तै लिच्छविकालमा

प्रचलित अंशुवर्माद्वारा व्यवहृत मानदेवसंवत् पनि ज्योतिषसँगै सम्बद्ध देखिएकाले यो पनि गौंड गर्नुपर्ने कुरो छ ।[९]

नेपालसंवत्को चर्चा गर्दा यसभन्दा पहिले नेपालमा प्रचलनमा आएका संवत्बारेमा पनि हामीले ध्यान दिनुपर्ने हुन्छ । लिच्छविकालका अभिलेख प्रकाश हुनुभन्दा पहिले हाम्रा यहाँ प्रचलित धारणा अनुसार वीर विक्रमादित्य नेपाल आएर संवत् चलाएका थिए, संवत् चलाउने राजा चक्रवर्ती हुनुपर्छ, सबै रैतीको ऋण तिरिदिएर प्रजालाई सुखसुविधा दिने त्यस्ता चक्रवर्तीले मात्र संवत् चलाउँथे भन्ने मान्यता व्याप्त थियो। नेपालका वंशावलीका भाषापाठमा वीर विक्रमादित्य आएर संवत् चलाएको कथा उल्लिखित भएको र भारतमा प्राप्त गुप्त अभिलेख र नेपालका राजा मानदेवको अभिलेखको लिपि तुलना गरी हेर्दा समानता देखिएकोले र त्यस वेला प्रचलित गुप्तसंवत् अनुसार स्कन्दगुप्त र मानदेव समानकालिक देखिएकाले पनि सर्वप्रथम नेपालका लिच्छवि अभिलेख छाप्ने भगवान्लाल इन्द्राजीले मानदेवदेखि व्यवहृत हुँदै आएको पहिलो संवत्लाई 'विक्रमसंवत्' र अंशुवर्माले व्यवहार गरेको दोस्रो संवत्लाई तात्कालिक कान्यकुब्जका राजा हर्षले चलाएको 'हर्षसंवत्' भन्ने निर्णय गरेका थिए ।[१०]

यसपछि बेलायतका प्रा. सेसिल बेण्डालले लिच्छिविकालका केही अभिलेख प्रकाशमा ल्याए । उनले पढेको पाठका आधारमा र शङ्कर बालकृष्ण दीक्षितको गणना अनुसार जोन फेदफुल ल्फीटले पहिलो संवत्लाई गुप्तसंवत् र दोस्रोलाई हर्षसंवत् नै हो भन्ने ठहर गरे ।[११] यसपछि आएका फ्रान्सका विद्वान् प्रा. सिल्भाँ लेवीले नेपालका लिच्छविकालका अरू अभिलेख प्रकाश गरी संवत्को बारेमा पनि उहापोह गरे। वि.सं. ६९४ ताका आएका चीनियाँ यात्री ह्युयेन च्वाङ्गले नेपालका प्रसिद्ध राजा अंशुवर्मालाई भूतपूर्व भनेका थिए। दोस्रो संवत्लाई हर्षसंवत् मान्दा यात्रुको वर्णन नमिल्दो भइरहेकै थियो। यता लेवीले पढेको पाठअनुसार पहिलो संवत् पनि गुप्तसंवत् हुन असम्भव थियो। यसैले लेवीले इतिहास र गणनाको प्रमाणाभासको भरमा पहिलो संवत्लाई वि.सं. १६७ देखि उठेको लिच्छविसंवत् र दोस्रोलाई वि.सं. ६५२ देखि उठेको भोटेसंवत् भन्ने निर्णय निकाले ।[१२]

यसपछि नेपालको इतिहासमा काम गर्ने स्वदेशी विदेशी धेरै विद्वान्ले विभिन्न तर्क निकालेर विभिन्न मत उब्जाउँदै आएका थिए ।[१३]

यस्तैमा हाम्रो अभिलेखालयमा नेपालमा बनेको "सुमतितन्त्र" नामक ज्योतिषको पुस्तक पाइयो। यस ग्रन्थमा नेपालमा चलेका भनेर एउटा संवत्को सूची दिइएको छ। त्यसमा युधिष्ठिरसंवत्देखि मानदेवसंवत्सम्मका संवत्को सूची दिइएको छ र शकसंवत् ४९८ सम्म चलेपछि मानदेवसंवत्[१४] ३०४ सम्म चल्दछ भन्ने कुरा पनि टिपिएको छ ।[१५] यसबाट नेपालमा पहिलेदेखि शकसंवत् चलेको, त्यसपछि मानदेवसंवत् वि.सं. ६३३ देखि चलेको र

३०४ सम्म त्यो संवत् चलेपछि नेपालसंवत् शुरू भएको भन्ने भाव स्पष्ट बुझिन आउँछ। यसै प्रमाणका आधारमा यी संवत् र यिनको उठानलाई ठम्याउँदा नेपाल भारत चीनका वर्णनसँग पनि डोठ्याङ्ग नपर्ने भई ऐतिहासिकघटना मिल्न आएकाले हामीहरूले यसै पद्धतिअनुसार लेखपढ गर्दै आएका छौं। हाल गुरु नयराज पन्तद्वारा संवत्सम्बन्धी सबैथरी मतलाई अघि सारी गणितद्वारा धोइपखाली गर्दा अरू मत अशुद्ध भएका र यही मत शुद्ध देखिएकोले अब यो मत निर्विवाद हुन आएको छ।

मानदेवदेखि व्यवहृत भएको शकसंवत्मा वारको प्रयोग देखिंदैन। अंशुवर्मदिखि व्यवहृत मानदेवसंवत्मा वारको प्रयोग भएको देखिनाले यस संवत्मा ज्योतिषको नयाँ गणना पद्धति चालू भएको प्रत्यक्ष देखिन आयो।[१६]

लिच्छविकालमा व्यवहृत यी दुबै संवत् कार्तिकादि थिए। अर्थात् कार्तिक शुदि १ देखि वर्षारम्भ हुन्थ्यो र मास पनि अमान्तमानबाटै चल्दथे। आजभोलि शकसंवत् चैत्रादि छ र मास पूर्णान्तमानका छन्।[१७]

अहिले चर्चा गर्न लागेको नेपालसंवत् पनि कार्तिकादि नै छ अर्थात् कार्तिक शुक्ल प्रतिपदादेखि यो संवत् शुरू हुन्छ र यसका मास पनि अमान्तमानबाटै व्यवहृत हुन्छन्।

अब यहाँनिर एउटा ज्यादै गौड गर्नुपर्ने कुरा के छ भने लिच्छविकालमा जति पनि अधिमास देखिए ती सबै कि त आषाढमा कि त पौषमा मात्र परेका थिए। नेपालसंवत्को व्यवहार चलेपछि पनि यो पुरानो पद्धति ज्युँकात्युँ थियो। ने.सं. ५७४ सम्म अर्थात् यक्ष मल्लको पालासम्म नै पनि पौष र आषाढमा अधिमास मान्ने प्रथा चलिआएको थियो।[१८]

आश्चर्यको कुरा छ, आजभोलिको गणनापद्धति अनुसार पौषमा अधिमास कदापि पर्दैन। यो गणनापद्धति वेदाङ्गज्योतिष अनुसारको थियो। वेदाङ्गज्योतिषको गणनापद्धति अनुसार आषाढ र पौषमा मात्र अधिमास पर्ने र यो पद्धति धेरै वर्ष अर्थात् सहस्राब्दियौंसम्म चलेर आएको थियो। महाभारत, कौटलीय अर्थशास्त्र आदि प्रचीनग्रन्थमा पनि पौष र आषाढमा अधिमास पर्ने र यो पद्धति धेरै वर्ष अर्थात् वैदिककालदेखि मध्यकालसम्म पनि चलेर आएको पाइन्छ। महाभारत, कौटलीय अर्थशास्त्र आदि प्राचीनग्रन्थमा पौष र आषाढमा अधिमास परेका उदाहरण देखिन्छन्।[१९] लिच्छविकालका अभिलेखमा उल्लिखित अधिमास तिनका संवत्सूचक अक्षराङ्कको हामीले गरेको अध्ययनद्वारा आज वेदाङ्गज्योतिषको प्रामाणिकता पनि सिद्ध हुन आएको छ।[२०]

आजभोलि प्रचलनमा आएको सूर्यसिद्धान्तबाट वा कुनै पनि स्पष्ट गणनाबाट गणित गर्दा पौष र आषाढमा मात्र अधिमास पर्ने कुरा मिल्दोजुल्दो छैन र यो पद्धति वेदाङ्गज्योतिष अनुसारकै थियो, नेपालमा धेरै पछिसम्म यही परम्परा कायम भएर आएको थियो। हाम्रो अभिलेखालयमा 'धर्मनिर्णयतिथिसारसंग्रह' नामक हस्तलिखित ग्रन्थ रहेको छ। त्यस ग्रन्थमा

कसरी पौष र आषाढमा मात्र अधिमास पारिन्थ्यो भन्ने कुराको व्याख्यान गरिएको छ, सो कुरा चाखलाग्दो भएबाट पाठकको जानकारीको लागि सो यहाँ उद्धृत गर्न चाहन्छु -

नारदको मतअनुसार- चैत, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिने, आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने देखिन्छ।

भारद्वाजको मतअनुसार भने - श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे आषाढमा मानिने, माघ फागुन, चैत्र, वैशाख, ज्येष्ठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने देखिन्छ।[२१]

नेपालमा प्राप्त 'सुमतिसिद्धान्त' भन्ने ज्योतिषको पुस्तकमा पनि यस्तै अधिमासको व्यवस्था गर्ने विधि बताइएको छ।[२२]

वैशाखदेखि असौजसम्म अधिमास परे आषाढमा र कार्तिकदेखि चैत्रसम्म अधिमास परे पौषमा मान्ने अर्को पद्धति पनि छ।[२३]

वेदाङ्गज्योतिषको यस गणनापद्धतिलाई र संवत्‌को आरम्भलाई नबुझेर नेपालको इतिहासमा काम गर्ने धेरै विदेशी इतिहासकारहरूले गरेका संवत्‌का तिथिमितिका गणनापद्धतिले डोठ्याङ खाएका थिए। अहिले प्रकाशमा आएको 'लिच्छविसंवत्‌को निर्णय'ले यसमा उठेका शङ्का उपशङ्काको समाधान गरिदिएको छ।

मानदेवसंवत् ३०४ सम्म चलेर आउँदा -आउँदै एक्कासि यस संवत्‌को प्रचलन बन्द भएर यो जस्तै कार्तिकादि नेपालसंवत्‌को प्रचलन हुन आयो। पुराना वृत्तान्तका ख ङ पाठमा राजा राघवदेवका पालामा 'पशुपति भगवान्‌मा संवत्सरको प्रचलन गरियो' भनिएको छ।[२४] यस वाक्यले राजा राघवदेवले संवत् चलाएको भन्ने स्पष्ट हुदैन, प्रत्युत उनका पालामा पशुपतिनाथमा संवत् चलेको कुरा मात्र लेखिएको छ। पछिल्ला भाषावंशावलीमा वर्णित धनाढ्य व्यापारी शंखधरले आफ्नो धन खर्च गरेर प्रजाको ऋण चुक्ता गरिदिएर संवत् चलाएर पशुपतिमा आफ्नो सालिक राखेको कथासँग कताकता यस कुराले सामञ्जस्य खाए जस्तो लाग्छ।

यहाँनिर अब अर्को कुरा पनि मननीय हुन आउँछ। सो के भने संवत् प्रचलन ज्योतिषी र व्यापारीको कारणबाट भएको देखिन्छ अर्थात् सुन फल्ने साइत हेर्ने ज्योतिषी र पाएको वा आइपरेको धन खर्च गर्ने व्यापारी नै संवत्प्रवर्तनका कारण भएको कथा भाषापाठमा र राघवदेवको पालामा पशुपतिनाथमा संवत् चलेको कुरा पुराना पाठमा पाइएकोले र संवत् चलाउनेमा दरिएका शंखधरको सालिक पशुपतिकै दक्षिण ढोकासामन्नेमा प्रतिष्ठापित देखिएबाट पनि हामीलाई विचार गर्न सजिलो पार्ने केही प्रकाशका किरण देखिएका छन्।

यतिखेरैको भारतको एक घटना पनि यहाँ स्मरण हुन आउँछ। वि.स. ९६१ मा भारतको आनन्दपुरमा बस्ने महदत्तका छोरा वटेश्वरले 'वटेश्वरसिद्धान्त' नामक ज्योतिषग्रन्थ बनाए।[२५] यस ग्रन्थमा वटेश्वरले अयनांशको चर्चा गरेका छन्।[२६] यसभन्दा पहिलेका कुनै आचार्यले अयनांशको चर्चा गरेका थिएनन्।

नेपालमै बनेको सुमतितन्त्रमा पनि अयनांशको चर्चा छैन। यसले गर्दा भारतीय ज्योतिषसिद्धान्तमा वटेश्वरसिद्धान्तको अत्यन्त ऊचो स्थान रहेको छ। वटेश्वरको जन्म वि.सं. ९३७ (शक संवत् ८०२) मा भएको थियो। चौबीसवर्षको उमेरमा वटेश्वरले सो ग्रन्थ लेखेका थिए।[२७] वटेश्वरको जन्मसाल र नेपाल संवत्को प्रचलनसाल एकै देखिन्छ। यो एउटा संयोगमात्र नभएर वास्तविक घटना भइदिएका खण्डमा हाम्रो अल्झेको समस्या सुल्झे सरी हुन आउने थियो। अयनांशको गणना भारतीय ज्योतिषशास्त्रमा नौलो आविष्कार थियो। यो आविष्कार गर्ने ज्योतिषाचार्य वटेश्वरको संझनामा नै यो संवत् चलेको त होइन ? भन्ने भाव हाम्रो मनमा कता कता उदाउन लागेको छ।[२८]

यस सन्दर्भमा हामीले त्यस वेलाको नेपालको सामाजिक गतिविधितिर पनि अलिकति ध्यान दिनुपरेको छ। नेपालमा प्राचीन कालदेखि वैदेशिक व्यापारको प्रचलन हुँदै आएको थियो। भोट भारत गर्ने घाँटीमै नेपाल परेकोले नेपालदेश व्यापारीकेन्द्र बनेको थियो। भारतबाट दलका दल व्यापारीहरू यहाँ आएर कारोवार चलाउँथे। व्यापारीका नाइके सार्थवाह भनिन्थे। वि.सं. ५३७ मा गुहमित्र नामका व्यापारीनाइके (सार्थवाह) ले टेबहालमा इन्द्रनामक सूर्यमूर्तिको स्थापना गरेका थिए।[२९] सूर्य चन्द्रका उपासक व्यापारीहरू पछि गएर भीमसेनका उपासक बनेका थिए। भोटमा, भारतमा व्यापारको प्रशस्त प्रचलन भएकै कुरा सिंहसार्थवाहको कथाले व्यक्त गर्दछ। इटुम्बहाल, भगवान्‌बहाल पनि भोटसँग व्यापार गर्ने व्यापारीसँग सम्बद्ध छन्।

भोट नेपालमा व्यापार गर्न आउने व्यापारी उताको माल यता, यताको माल उता गर्दथे। यी मालसामान भारतको पश्चिमी समुद्री किनाराबाट अरब, इरानतर्फ पनि निकासी हुन्थे। भोटबाट विशेष गरेर बुकीसुन, चाँदी, ऊन, नून आउँथ्यो। नेपालबाट निकासी हुने वस्तुमा कस्तूरी, मृगचर्म, ऊन, ताँवाका भाँडा, फलामका हतियार आदि पर्दथे।[३०] विदेशमा नेपाली कस्तूरीको र नेपाली तरबारको बयान पाइन्छ।[३१]

आज हाम्रो देशमा आएर व्यापार गर्ने मारवाडदेशका मारवाडीहरू नामोद्दार भएर जमेर बसेका छन्। यो परम्परा पुरानै हो। समुद्री मार्गबाट व्यापार गर्न सिद्धहस्त भएका पञ्जाब, गुजरात, महाराष्ट्रतर्फका र यहाँका स्वदेशी पनि धेरैं वेपारीहरू देश विदेशका असल मालसामान लत्ता कपडा मरमसला विशेष चीज मानिने वस्तु- पान ताम्बूल सामुद्रिक रत्न मुगा मोती सिपी शङ्ख, गहना पैसाका रूपमा प्रयोग हुने कौडा आदि ओइरो लाउँथे, त्यस्ता धेरै व्यापारीहरू यहाँ अर्थ उपार्जन गरेर शक्तिशाली भएको कुरा हाम्रो माध्यमिक कालको इतिहासले व्यक्त गर्दछ। दलवलसाथ आउने व्यापारीका साथमा अन्यान्य पेशाका व्यक्ति धार्मिकजन जोगी संन्यासी विद्वान् पनि पर्दथे। काश्मीरदेखि

कन्नडसम्म पञ्जाबदेखि आसाम बङ्गालसम्मका विविध क्षेत्रमा काम गर्ने मानिस विद्वान्, योगी भिक्षु व्यापारीहरूको यहाँका अभिलेखमा नामोल्लेख भएको हामी देख्तछौं।[३२]

यस्तै भारतबाट आएका व्यापारीबन्धुले यहाँ राजनैतिक शक्ति पनि हत्याएको देखेर वहकिएका भाषावंशावलीकारले मध्यकालमा गद्दीनसीन राजा नै नुवाकोटे वैश्यठकुरी भए भनी लेखिदिए। नभन्दै स्थानीय सामन्त शासक चाहिँ यस्तो व्यापारी वैश्यवर्गकै व्यक्ति हुन पुगेका थिए। गुजरातबाट आएका सोलङ्कीकुलका राउतहरूले फर्पिङ्मा सामन्तराज्य खडा गरेका थिए। त्यस्तै उत्तरभारतका वर्द्धनवंशी वैश्य आएर पनौती पलाञ्चोकतर्फ शक्तिशाली भएर जमेर बसेका थिए। पाटनका शतभैया खलकका पात्रहरू काठमाडौंका भल्लोकहरू पनि त्यस्तै शक्तिशाली व्यापारीवर्गकै व्यक्ति थिए।[३३]

यसरी भोट नेपाल भारत र पश्चिमी समुद्रीमार्गबाट अरबतर्फ व्यापार गर्ने व्यापारी दलको लामो परम्परा रहेको थियो। विदेशव्यापार गर्नेले चोरडाँकाको भयबाट बच्न सुरक्षाको लागि राजाश्रय लिनु वा आफैंले पनि सैनिक साथ राख्नु पनि अत्यन्त आवश्यक कुरा थियो। यस्तै अवस्थामा यस्तो व्यापारीदलले बेलामौकामा राजनैतिक अधिकार पनि आत्मसात् गरेर बस्नु पनि कुनै आश्चर्य थिएन।

नेपालसंवत्को शुरूताकै नान्यदेवको विजय अभियानको सिलसिलामा कन्नडीसैनिक साथ नायर जाति नेपाल पसेको र सोही नायर जाति नेवार भएको कथा पनि भाषापाठमा विस्तारसँग वर्णित छ।[३४] परन्तु नान्यदेवका साथमा आएका नायर नै नेवार भए भन्ने कथा चाहिँ इतिहासको अज्ञान हो र नायर नेवार भए भन्ने त नामसादृश्य देख्ता वंशावलीकार वहकिएका मात्र हुन्, यसमा कुनै तुक छैन।[३५] परन्तु नायर जाति चाहिँ कुनै विजयी राजाको उत्तरी अभियानमा सैनिककै रूपमा आएका थिए भन्ने कुरा चाहिँ यहाँको परम्पराले साबित गर्दछ। नेपालको अनुश्रुतिमा वीर विक्रमादित्य राजाले नेपालविजय गरेका थिए भन्ने कुरा छ। ती राजा कर्णाटकका चालुक्यकुलका षष्ठ विक्रमादित्य हुन् भन्ने कसैकसैको धारणा पनि छ। जसरी आएका वा ल्याएका भए पनि नायर जाति चाहिँ सैनिकको रूपमै आएर यहाँ मौजूद थिए। नेपालको माध्यमिक कालको इतिहासमा दरबारिया सिपाहीमा पहिले नायर पछि डोयहरूको खूब नाम चलेको थियो। अद्यावधि नायर जातिलाई सैनिक रूपको संझना दिलाउने नायखिम् नाय्चुपि नाय्वाजं आदि शब्द नेवारी भाषामा प्रचलित छन्। नायर र डुयियाँ अद्यावधि काटमार गर्ने काममा सिद्धहस्त मानिन्छन् र उनीहरूको पेशा पनि त्यस्तै खालको छ। यसबाट यिनीहरूको पुरानो सैनिक पेशा थियो भन्ने कुरा नै प्रकट हुन्छ।

माथिको संक्षिप्त सिंहावलोकनको अर्थ यसरी व्यापारीको रूपमा दरबारिया सिपाहीको रूपमा, जोगी भिक्षुको रूपमा र विद्वान्को रूपमा भारतका विभिन्न प्रान्तबाट विभिन्न समयमा धेरै मानिसहरूको यहाँ आप्रवास हुँदै आएको थियो भन्ने कुरा देखिन्छ। यस्तै

सन्दर्भमा प्रकाण्ड ज्योतिषीले हेरेको साइतमा हिँडेको व्यापारीले असंख्य धनसम्पत्ति कमाएर सो कमाएको धन पशुपतिनाथमा बसेर धार्मिककृत्यमा खर्च गरेर ज्योतिषी विद्वान्कै संझनामा आफ्ना नाउँबाट नयाँ संवत् चलाउनु र सो संवत् उनकै अनुयायी व्यापारीवर्गमा प्रचलित हुँदै आउनु धेरै संभव छ ।[३६]

लिच्छविकालमा चलेको शकसंवत् र मानदेवसंवत् कार्तिकादि थिए भनेर माथि उल्लेख गरियो । त्यस्तै विक्रमसंवत् कार्तिकादिका रूपमा व्यवहार गर्ने चलन गुजराततिर अद्यावधि चलेकै छ। मानदेवसंवत् र पछि चल्न आएको नेपालसंवत् पनि कार्तिकादि भएर अमान्तमानले अहिलेसम्म नेवारवर्गमा व्यवहृत हुँदै आएको छ ।

भारतीय व्यापारीवर्गमा विशेष गरेर मारवाडीहरूमा आर्थिक वर्षको समाप्ति गाईतिहारे औंसीमै हुन्छ । उनीहरू आर्थिक वर्षको अन्त्यमा हिसाबकिताब बन्द गरेर लक्ष्मीपूजा गर्छन् र कार्तिकशुदि १ देखि नयाँ कारोबार शुरू गर्छन्, हाम्रा व्यापारीवर्ग विशेषत: नेवारवर्गमा वर्षारम्भमा म्हपूजा (आत्मपूजा) को उत्सव गरेर खुशीयाली मनाउने चलन छ ।

अहिलेसम्म प्राप्त अभिलेखप्रमाणबाट यस संवत्मा ४० को अभिलेख प्रथम पाइएको छ । त्यस्तै १४८ देखि यसलाई नेपालसंवत् भनेको देखिन्छ । नेवारसंवत् भने पनि आजसम्म लेखाइमा प्राय: नेपालसंवत् लेखिँदै आएको छ। केवल शक्तिसिंहरामवर्द्धनलाई मिङ्गवंशी चीनबादशाह युङ्लोले लेखेको संस्कृत परवानामा चाहिँ यसलाई महाचीनाब्द भनेर सम्बोधित गरिएको छ अर्थात् महाचीनको संवत् भनेर नेपालसंवत्को प्रयोग गरिएको छ ।[३७]

पुरानो आख्यान अनुसार यो संवत् राजा राघवदेवका पालामा पशुपतिनाथमा दानधर्म गरी चलाइएको थियो र यसलाई 'ताम्बूलसंवत्' भन्ने नाम दिइएको थियो ।[३८]

१.२ टिप्पणी

१. अन् एकाउन्ट अफ् द किङ्डम् अफ् नेपाल २६२ पृ.

२. इण्डियन् एराज् ४७ पृ.

३. कपाठ २३ कपत्र (गोपालराजवंशावली ३१ पृ.)

४. लि नेपाल २ भा. १७९-८४ पृ.

५. मेडिवल् नेपाल १ भा. ५१ पृ.

६. भाषवंशावलीका धेरैजसो पाठमा यो कथा वर्णित छ ।

७. आनन्देव ने. सं. २६७ देखि २८७ सम्म राजा भएको कुरा तल वर्णन गरिएको छ ।

८. ज़यदेवको बारेमा तल यथास्थानमा वर्णन गरिएको छ ।

९. द्रष्टव्य-लिच्छवि संवत्‌को निर्णय,

१०. उही १९२-२३७ पृ.

११. उही २५१-२६४

१२. उही ३०५-१७ पृ.

१३. उही २२२-४५, ३५१-६४, ३६९-७९, ३९८-४१०-४७०-८१, ४८८-९६, ५२४-४० पृष्ठहरू हेर्नू

१४. यातास्त्रयो युगानाञ्च कृत तेत्त्राथ द्वापरं ।
भविष्यं संप्रवक्षामि कालिकञ्च यथाक्रमं ।
जातो दुर्योधनो राजा कलि (स्ततः) प्रवर्तते ।
युधिष्ठिरो महाराजो दुर्योधिनस्तयोः पि वा ।
उभौ राजौ सहस्त्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे ।
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्षसप्ताब्धि चाश्विनौ ।
शकराजा ततो पश्चाद्वसुरन्धकृतन्तथा ।
इत्येते (ले) षितम्मह्त्यं ज्ञेया राजा क्रमेण तु ।

(सुमतितन्त्र ५७ सं. २ खपत्र)

...... कृत अम्बराग्नि ....

...... श्रीमानदेवाब्द प्रयुज्यमान एतानि पिण्ड ....

(सुमतितन्त्रको उक्त पत्रको छेउमा टिपिएको वाक्य)

सत्य त्रेता द्वापर तीन युग बिते, अब क्रमैले भविष्य कलियुग बताउँछु ।

दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ । राजा युधिष्ठिर र दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ । त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ । त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको संवत् चल्नेछ । त्यसपछि ४९८ वर्षसम्म शकराजाको संवत् चल्नेछ । राजाहरूका यी संवत् क्रमैसँग बताइए ।

त्यसपछि ३०४ वर्षसम्म मानदेवको संवत् चल्नेछ ।

१५.	युधिष्ठिरदुर्ज्जोधन उभो राज्याब्द	२०००
	नन्दराज्याब्द	८००
	चन्द्रगुप्त राज्याब्द	१३२
	सुद्रकदेव राज्याब्द	२४७
	शकराज्यब्द	४९८
	मानदेवस्य राज्याब्द	३०४

(सुमतितन्त्रको अन्तिम भागमा टिपिएको)

मेरो “नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश” पनि द्रष्टव्य

१६. लिच्छविकालका अभिलेख ३१७-३१९ पृ .

१७. लिच्छविसंवत्को निर्णय ९ पृ.

१८. ने.सं. १३२ देखि ने.सं. ५७४ सम्मका अभिलेखमा पाइएका आषाढ र पौषमा परेका अधिमासको सूची मेडिवल् हिष्ट्री अफ् नेपाल १७-१८ पृष्ठमा दिइएको छ ।

१९. लिच्छविसंवत्को निर्णय ४६-६३ पृ. /८३-८७ पृ.

२०. उही । ५७३-७७ पृ.

२१. चैत्रादि भाद्रपदान्तानि यदा संक्र(म) ट्यु (त्रु) ट्यते ।
आषाढमासवृद्धि : स्यान्नारदस्य वचो यथा ।
आश्विन्यादिफाल्गुणान्तानि यदा सङक्रम त्रुट्यते ।
पौषामासा विवर्द्धन्ते मासवृद्धिविधीयते ॥
ननु इति कथमयनमेव मासवृद्धि : ॥
कर्क्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे ।
भानो सङक्रमणे नष्टे द्विराषाढो विधीयते ॥
मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।

अर्क्कसङ्क्रमणे नष्टे द्विपौषं कुरुते बुध : ॥

अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।

द्विराषाढो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ॥

(१६३४ सं. हस्तलिखित धर्मनिर्णयतिथिसारसंग्रह २१ ख २२ क पत्र)

२२. अधिमासको यो प्रक्रिया सुमतिसिद्धान्तमा पनि उल्लिखित भएको छ ।

चैत्रादि श्लोक २ परिशिष्ट ४६ पृष्ठमा र कर्कटे आदि श्लोक उही ४० पृ.मा छन् । त्यहीं अर्को पाठ श्लोकमा यसरी लेखिएको छ -

२३. अजगोपतियुग्माश्च कर्किसिंहस्य कन्ययो ।

भानो संक्रमने नष्टे द्विराषाढ विधीयते ॥

तुलालिधनुमकरे घटमीनश्च नष्टके ।

नारदेन प्रकीत्तन्ते द्विपौषं कुरुतेमिति ॥

सुमतितन्त्र २ परिशिष्ट, सुमतिसिद्धान्त ४६ पृ .

२४. राजा श्रीराघवदेव वर्ष ६३ मास ६ ॥

श्रीपशुपतिभट्टारके संवत्सरप्रवृत्ति : कृता ॥

खपाठ १ पृष्ठ (२१५ पृ.) ङपाठ ७ पृष्ठ (८८ पृ .)

२५. ब्रह्मावनीन्दुबुधशुक्रदिवाकरार-

जीवार्कसूनुभगुरून् पितरौ च नत्वा ।

ब्राह्मं ग्रहर्क्षगणितं महदत्तसूनु-

र्वक्ष्येऽखिलं स्फुटमतीव वटेश्वरोऽ हम् ॥

महदत्तको छोरो म वटेश्वर ब्रह्मा, पृथ्वी, चन्द्र, बुध, शुक्र, सूर्य, मंगल, बृहस्पति शनैश्चर, भचक्र गुरु र आमाबाबुलाई ढोगेर ब्रह्माबाट आएको ग्रह नक्षत्रको अत्यन्त स्पष्ट गणित भन्दछु ।

इतिश्रीमदानन्दपुरीयमहदत्तसुतवटेश्वरविरचिते

स्वनामसंज्ञिते स्फुटसिद्धान्ते मध्यगति : प्रथमोऽधिकार :

आनन्दपुरमा बस्ने, महदत्तका छोरा वटेश्वरले बनाएको आफ्नै (वटेश्वरसिद्धान्त) नामको ग्रन्थको स्फुटसिद्धान्तमा मध्यगति भन्ने प्रथम अधिकार सकियो ।

आनन्दपुर भन्ने ठाउँ पन्जावमा पर्दछ भनी कोही भन्छन्, कोही गुजरातमा पर्दछ भन्दछन् ।

पूर्णिमा २९ पू. १४५ पृ.

२६. साध्यम् । अयनचलनम् स्वबुद्ध्या गणकेन हि चापचतुरेण (वटेश्वरसिद्धान्त त्रिप्रश्नाधिकार) ।

चापगणित जान्ने ज्योतिषीले आफ्नै बुद्धिले अयनचलन (अयनांश) ल्याउनुपर्छ ।

उही ।

२७. शकेन्द्रकालाद् भुजशून्यकुञ्जरै -

रभूदतीतैर्मम जन्म हायनै : ।

अकारि राद्धान्तहतै : स्वजन्मनो

मया जिनाब्दैर्द्युसदामनुग्रहात् ॥

शकराजाको समयबाट ८०२ वर्ष वित्ता मेरो जन्म भयो । आफ्नो जन्म भएदेखि २४ वर्ष जाँदा ग्रहहरूको कृपाले मैले यो सिद्धान्त बनाएँ ।

२८. द्रष्टव्य - वटेश्वरसिद्धान्त र नेपालसंवत्, पूर्णिमा ५९ पू. २७-२९ पृ.

२९. लिच्छविकालका अभिलेख ५९-६० पृ.

३०. उही ३०९-११ पृ.

३१. नेपालनिरुक्त २१ पृ.

३२. यसको चर्चा तल यथास्थानमा भएको छ ।

३३. यसको वर्णन पनि तल यथास्थानमा गरिएको छ ।

३४. राजभोगमाला, प्राचीन नेपाल ९ सं. ६ पृ.

नेपालनिरुक्त ३० पृ. ५७ टि.

३५. उही ९-१० पृ .

३६. ज्योतिषीले हेरेको साइतमा भचाखुसीबाट झिकेको बालुवा सुन भयो भन्ने कथा त एकदम कपोलकल्पित हो । परन्तु प्रकाण्ड विद्वान् ज्योतिषीले हेरेको साइतमा विदेशिएर विशेषत: भोटमा गएर व्यापार गरेर ल्हासाकोशीको किनारातर्फबाट व्यापारीले बालुवाजस्तो बुकीसुनको भारीका भारी ल्याएर गरीबगुरुवाको ऋण तिरिदिएर वा पशुपतिमा यस्तै परोपकारी धार्मिककृत्य गरेर संवत् चलाएको कथा कहेको भए यो साँच्चै सत्यको कोटिमा चढ्ने चाहिँ यस प्रसंगमा स्मरण हुन आउँछ ।

३७. 'भ्वाइस् अफ् हिष्ट्री १. । १.

३८. अन् एकाउन्ट अफ् द किङडम् अफ् नेपाल २६२ पृ.

प्रथम प्रकरण

३ अध्याय

अस्पष्ट युग

सामान्यत: इतिहास लेख्ता प्राचीनकाल, मध्यकाल र आधुनिककाल गरेर तीन भागमा विभाजित गरिन्छ । विशेषत: प्राचीनकाललाई प्रागैतिहासिक र प्राचीन गरेर दुई विभाग गरिन्छ भने त्यस्तै मध्यकाललाई पनि पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमै विभाजित गरिन्छ । नेपालको इतिहासमा अभिलेखद्वारा स्पष्ट हुन आएको प्राचीन काललाई लिच्छविकाल भनेर पनि सम्वोधन गरिन्छ । लिच्छवि राजा प्रथम मानदेवदेखि द्वितीय जयदेवसम्म अर्थात् छैठौं शताब्दीको शुरूदेखि आठौं शताब्दीको अन्त्यसम्म पौने तीन शय वर्षको बीचमा लगातार प्रौढ संस्कृतमा लेखिएका अभिलेख प्रमाण पाइएका हुँदा यस युगको इतिहास हाम्रो सामु केही स्पष्ट हुन आएको छ । यिनै अभिलेखलाई निक्यौंल गर्दै अलिकति पूर्ववृत्तान्तकारको र विदेशीका लेखाइको आधार लिंदै हामी यस युगको इतिहासको उज्यालोतर्फ लम्कंन समर्थ भइरहेका छौं । यसपछि अभिलेखको क्रम टुट्न गएकोले हामीलाई इतिहासको बारेमा अघि बढ्न अवरोध आइरहेको छ ।

द्वितीय जयदेवको वि.सं.७९० को पशुपतिमा रहेको अभिलेखको प्रशस्तिले विच्छविकालको इतिहासलाई प्रशस्त प्रकाश पारेको छ । प्र. मानदेवको चाँगुनारायणको स्तम्भलेखको प्रशस्ति र द्वि. जयदेवको पशुपतिको शिलालेखको प्रशस्ति नै यस युगका महत्त्वपूर्ण ऐतिहासिक सामग्री मानिन्छन्[1] । द्वि.जयदेवको यो प्रशस्तिलेखपश्चात् फाटफुट दुई चार उनका शिलालेख पाइए तापनि उनीपछि के भो कोनि यो शिलालेख राख्ने क्रम ठचाप्पै टुटेर गयो । समय-समयमा जनतातर्फबाट स्थापित सानातिना एकाध टुटेफुटेका अभिलेख त देखिन्छन्, तर स्वयं राजाबाट प्रसारित प्रशस्तियुक्त अभिलेख शासनस्वरूप बुझाउने सनदपत्र भने निमिटचान्नै भए । हामीले यस्ता अभिलेख पाउन कैयौं शताब्दीसम्म कुर्नुपर्ने भयो । यो युगको इतिहास एकदम अस्पष्ट छ ।

जयदेवपछि नेपालसंवत् प्रारम्भ हुँदासम्मको करीव सवा शय वर्षको इतिवृत्त जोड्न हामीलाई धेरै धौधौ परिरहेको छ । राजाको नामसम्म फेला पार्न पनि वंशावलीबाहेक अरू

आधार भेट्टाउन सकिएको छैन । तिनमा पनि एकरूपता छैन, अरू घटनाको त के कुरा । यस समयावधिमा वंशावलीका पुराना पाठमा भोटभोटान्तसँगको सम्वन्धलाई संकेत गर्ने एक दुई वाक्य पाइन्छन्[२] । तिनको सम्बन्धमा ऊहापोह गर्न यहाँ प्रासंगिक नभएबाट त्यस सम्बन्धमा मैले अन्तै विवेचना गरेको छु ।

सही रूपले पुराना वृत्तान्तका पाठका आधारमा नयाँ राजाहरूको नामसम्म जोड्न पनि सकिँदैन, किनकि ती पूरा विश्वास गर्न लायक छैनन् । त्यसमा त्यस्ता प्रसिद्ध राजा जयदेवकै नाम छैन । पशुपतिमा कमल चढाउनेमा जयदेवको सट्टा शिवदेवको नाम चढाइएको छ[३] । जयदेवको अभिलेखमा उनका छोरा युवराज विजयदेवको नाम पाइन्छ । तर त्यसपछिको वंशावलीको राजाको सूचीमा विजयदेवको नाम पनि छैन । जयदेवका ठाउँमा नरेन्द्रदेव र विजयदेवको ठाउँमा बलदेव नाम पाइन्छ । यसपछिका राजाको आठ-दश पुस्ता व्यतीत भएको र नेपालसंवत्को आरम्भसम्म २०० वर्षभन्दा बढी समय तिनको राज्यभोग वर्ष देखाइएको छ,[४] त्यो बिलकुल असंभव हुन्छ । नामावली र भोगसमय दुवै अट्तैन । चाँगुमा शंकरदेवका सं ८०५-६ का दुई अभिलेख प्राप्त छन्[५] । वंशावलीमा पनि बलदेवपछि यिनको नाम पाइन्छ, त्यो ठीकै छ । पाटनमा पाइएको मा. सं. १८० (वि.सं. ८१३) को एक अभिलेखमा राजा तृतीय मानदेवको नाम पाइन्छ[६] । तर वंशावलीमा त्यसबीचका राजाहरूको सूचीमा सो नाम चाहिँ छैन र द्वितीय शंकरदेवपछि तिनै तृतीय मानदेव हुनुपर्नेमा वर्धमानदेव भन्ने नाम छ । यस्तो हुँदा यो राजावली एकदम अविश्वसनीय छ । नेपालसंवत् चलाउने राघवदेवको लगत्तै अघि देखिएका चतुर्थ मानदेव वंशावलीबाट पनि, अभिलेखबाट पनि प्रमाणित छन्[७] । उनीमाथिका तीन-चार पुस्तासम्मका राजाको नाममा भोगवर्षमा पनि चार-पाँचवटा पुराना पाठमा एकरूपता पाइन्छ । चतुर्थ मानदेवअघि बालार्जुनदेव र त्यसमाथिका राजा बलदेवको नाम त्यहीँ दिइएको छ । यी बलदेव पनि संवत् २७१ (वि.सं. ९०४) को चाँगुको अभिलेखबाट पनि प्रमाणित हुन आएका छन्[८] । वंशावलीमा उल्लिखित अरू राजाहरूको नाम घटीबढी र तलमाथि परेका कतै दोहोरिएका पनि देखिन्छन् । भोगवर्ष पनि मिल्दाजुल्दा छैनन् ।

च. मानदेव

नेपालको लिच्छविकालको इतिहासमा अभिलेख राखेर प्रामाणिक रूपमा देखापरेका राजा मानदेवका आवास मानगृह, मुद्रा मानाङ्क, इष्टदेवता मानेश्वरी, स्थापित देवता मानेश्वर, धारामानेश्वर, मानविहार आदि अनेकौं कृतिले उनको कीर्ति कहिरहेकाछन् । उनको मृत्युको

शय वर्ष जतिपछि प्रचलित संवत् मानदेव नामले नै प्रख्यात हुनु, यसको दुई शय वर्षपछिको लिच्छविकालको अभिलेखअनुसार मानदेव नामकै अर्का राजा देखिनु र फेरि यो संवत् टुङ्गिने वेलामा पनि मानदेव नै राजा हुनु एक संयोगकै कुरा थियो। मानदेवसंवत् ३०१ अर्थात् वि.सं. ९३४ मा नेपालमा मानदेव राजा राज्य गरिरहेका थिए भन्ने प्रमाण पुराना ताडपत्रमा लिखित पुस्तककी पुष्पिकावाक्यबाट प्रमाणित हुन्छ।[९] अभिलेख राख्ने पहिला, संवत् चलाउने दोस्रा, वि.सं. ८१३ का तेस्रा र यिनलाई चौथा मानदेव भन्नुपर्दछ। राजभोगमालाबाहेक भाषावंशावलीमा यिनको नाम छैन, पुराना वृत्तान्त (गोपालवंशावली)मा बालार्जुनदेवपछि राघवदेवअघि बीचमा शासन गर्ने यिनको शासनकाल ङपाठमा ३१ वर्ष दिइएको छ। अरूमा ३६ वर्ष दिइएको छ। मानदेवका यी दुवै राज्यवर्ष मिल्दा होइनन्। सं. ९०४ मा राजा बलदेव अभिलेखप्रमाणबाटै देखिए, त्यसपछि हुंने बालार्जुनको २१ वर्ष र मानदेवको ३१ वर्षै पनि कहाँ अट्छ र ? ३०४ सम्म मात्र मानदेवसंवत्को व्यवहार नेपालमा चल्छ भन्ने संकेत सुमतितन्त्रको टिप्पणीबाट हामीले चाल पाएको कुरा माथि नै उल्लेख गरिसकियो।[१०] सौश्रुती संहिता लेखिएको ३ वर्ष पछि मा. सं. ३०४ देखि नयाँ संवत् चलेको देखिनाले यसै वेला मानदेवको शासन टुङ्गिएर राघवदेवको शासन शुरू भएको अन्दाज गर्न सकिन्छ। पुराना वंशावलीमा मानदेवले 'वहल्वनादं तवनिमं' वनाएको वर्णन पाइनाले यिनले नयाँ दरबार र विहार बनाएको देखिन्छ।[११] राजभोगमालामा मानदेवले ललितपुर र विक्रमदेवले पूर्णवती (कान्तिपुर) को शासन गरेको कुरा लेखिएको छ।

राघवदेव

राघवदेवको ऐतिहासिक अभिलेख प्रमाण केही पाइएको छैन। विलियम कर्कपेट्रिकको वंशावलीले, कवि उदयानन्द अर्जेलले र राजभोगमाला वंशावलीले पनि संवत् चलाउने राजाको रूपमा यिनको नाम उल्लेख गरेका छन्। जितामित्र मल्लले राघवदेवको नामसम्म लिएका छन्, कर्कपेट्रिकको वंशावलीले ताम्बूलसंवत् यिनले चलाएको कुरा लेखेको छ।[१२] तर लेवीले यी राजाको अस्तित्वमै धरमराएर यिनले संवत् चलाएको स्वीकार नगरेको कुरा माथि नै उल्लेख गरियो। पुरानो वृत्तान्तको क पाठमा यिनको शासनकाल ४३ वर्ष ६ महीना दिइएको छ।[१३] तर अरू पाठमा यिनको शासन समय ६३ वर्ष दिइएको छ। परन्तु संवत् चलाउनेमा यिनको नाम नभनी यिनका पालामा पशुपति भट्टारकमा संवत् प्रचलन गरियो मात्र भनियो। सं. ४० मा शंकरदेवको पालामा लेखिएको 'अष्टसाहस्रिका प्रज्ञापारमिता' पाइएकोले[१४] वंशावलीको उक्त राघवदेवको कुनै पनि राजभोगवर्ष शुद्ध देखिँदैन। किन भने मानदेवसंवत् ३०४ (वि.सं. ९३७) मा राघवदेव राजा भएका र नयाँ संवत् ४० मा शंकरदेव देखिएकाले त्यसै साल (वि.सं. ९७७ मा) उनी बितेका भए पनि ३६ वर्षभन्दा बढी उनको

शासन हुन सक्तैन। यिनले एउटा ठूलो विहारको स्थापना गरेका थिए। जुन राघवदेवविहारका नामले पछिसम्म प्रसिद्ध थियो। यिनका पालामा एक महत्त्वपूर्ण कुरा नयाँ संवत्‌को प्रादुर्भाव भयो। यसको चर्चा हामीले माथि नै गरिसक्यौं। यसमा महत्त्वपूर्ण कुराको सूचना वंशावलीका पुराना पाठबाट हामीले पाएका छौं र यसपछिका अरू भाषावंशावलीकारले यसको चर्चा गरेका छैनन्। भाषावंशावलीका पाठमा त आनन्ददेव जयदेवलाई संवत् चलाउने राजाका रूपमा कल्पित वर्णन गरिएको कुरा माथि नै चर्चा गरिएको छ।

तृ. शङ्करदेव

शङ्करदेवका पालाको पक्का प्रमाण प्रज्ञापारमिताको पुष्पिकावाक्यै हो। उनको अर्को प्रमाण काठमाडौं यंगालको मञ्जुश्रीको मूर्तिको अभिलेख हो भनेर मेरी श्लसरले उद्धृत गरेकी छन्।[१५] परन्तु त्यसमा 'ज्येष्ठपूर्णमास्यां' देवस्य' यतिमात्रै बुझिन्छ। यसमा धरमर भएपनि पेटेक्ले शङ्करदेवका दुईवटा अभिलेख भनेर त दिएका छन्। तर संवत् र राजाको नाम पनि नभएको यो मञ्जुश्रीको अभिलेख शङ्करदेवकै हो भनेर ठोकेर भन्न सकिँदैन। प्राप्त प्रज्ञापारमिताको प्रमाणवाट ने.सं. ४० (वि.सं. ९७७) मा यिनी परमभट्टारक महाराजाधिराजको रूपमा नेपालमा विराजमान थिए। ललितपुर महावाटीगलकी भिक्षुकी अक्षयमतिले वार्त्त दिवाकरसिंहलाई यो पुस्तक लेख्न लाएकी थिइन्। पुराना वृत्तान्तका 'ख' र 'ग' पाठमा यिनको राजभोग १८ वर्ष ६ महीना दिएको छ,[१६] अरू धेरै पाठमा यिनको नामै छुटेको छ। भाषापाठमा यिनको राज्यकाल १३ वर्ष उल्लेख गरिएको छ।

शङ्करदेवका उत्तराधिकारी

शङ्करदेवपछि करीब ६०/७० वर्षका बीचमा कुनै अभिलेखप्रमाण पाउन सकिएको छैन। यसैले वंशावलीकै भरमा पर्नुपरेको छ। परन्तु वंशावलीका पाठमा पनि एकरूपता नभएकोले राजाको नाममा सही बिसही छुट्याउन पनि गाह्रो छ। 'क' पाठमा शङ्करदेवका ठाउँमा जयदेव र उनको १० वर्षको शासनकाल दिइएको छ, अरू पाठमा जयदेवको नाम छैन, भाषापाठमा शङ्करदेवपछि तेस्रो राजाको रूपमा राखेर यिनको १५ वर्षको शासनकाल दिइएको छ।

शङ्करदेवपछि 'क' बाहेक सबै पुराना पाठमा सहदेवको नाम आउँछ र सबैले यिनको ३३ वर्ष ९ महीनाको शासनकाल दिएका छन्। यिनीपछि 'ग'पाठ छाडेर अरूमा नरेन्द्रदेवको नाम आउँछ, १ वर्ष ६ महीना यिनको शासनकाल देखिन्छ। 'ग' पाठमा भने १ वर्ष विक्रमदेवको शासन दिएर पछिमात्र नरेन्द्रदेवको नाम दिइएको छ।

राजभोगमालामा यहाँनेर ललितपुर र पूर्णवतीमा दुई राजा रहेका र तिनले मिलेर शासन गरेको कुरा लेखी द्वैराज्यको रूपबाट राज्यभोगवर्ष दिएको छ। सो पनि हेर्नु चाखलाग्दो हुने ठान्दछु। बालार्जुनका दुई पुत्रमा एक मानदेव ललितपुरका अधिपति भएका र अर्का विक्रमदेव पूर्णवतीका शासक भएको कुरा माथि पनि चर्चा गरियो। विक्रमदेवको राज्यकाल ८ वर्ष ९ महीना रहेको र यिनीपछि नरेन्द्रदेवको १ वर्ष शासन चलेको कुरा पनि त्यहाँ गरिएको छ, तर नरेन्द्रदेव कसका छोरा हुन् त्यहाँ खुलाइएको छैन। नरेन्द्रदेव १ वर्षमात्र शासन गरेर परलोक भएकाले उनका भाइ गुणकामदेव गद्दीमा बसेको कुरा चाहिँ नौलो छ।

गुणकामदेव

'ग' पाठवाहेक अरू सबैमा नरेन्द्रदेवपछि गुणकामदेव र उनको ८५ वर्ष ६ महीनाको समय उल्लिखित छ। भाषावंशावलीमा यिनको समय ५१ वर्षको छ। तर यी दुवै समय मिल्दाजुल्दा छैनन्। यसैले पेटेक्ले यिनको शासन काल १८ वर्ष अनुमान गरेका छन्।[१७]

यिनको ने.सं. १०७ देखि ११० (वि.सं. १०४३-१०४७) सम्मका दुईवटा अभिलेखप्रमाण पाइन्छन्। यिनका पालामा पाटन कुम्भेश्वरनेरको अभिलेख, उमामहेश्वर (शिवपार्वती)को मूर्ति स्थापना गरी राखिएको थियो। यसबाट पाटनशहरको बारेमा केही कुरा खुल्दछ। दोस्रो सुमतिपञ्जिका पुस्तकको पुष्पिकावाक्य हो।[१८] यसमा एउटा अत्यन्तै महत्त्वपूर्ण ऐतिहासिक तथ्य खुल्ने वाक्य उल्लिखित भएको छ- त्यो के भने गुणकामदेवले आफैंले एक्लौटी राज्य चलाए भनेको छ, अर्थात् गुणकामदेव कौटल्यको परिभाषा अनुसार एकराज भए। यसभन्दा पहिले द्वैराज्यप्रथा थियो, उनले द्वैराज्यतन्त्रलाई समाप्त पारेर एक्लौटी शासन गरे भन्ने पनि प्रकारान्तरबाट बुझिन आउँछ। भाषावंशावलीमा पनि उनले दुवै शहर (काठमाडौं पाटन) मा शासन चलाए भन्ने लेखिएको पाइनाले गुणकामदेवदेखि अघिका शङ्करदेवपछिका राजाहरूको क्रम पनि नमिलेको, भोगवर्ष पनि नमिलेको देखिएको हुँदा र राजभोगमालाले त स्पष्ट उल्लेख गरेबाट पनि यसभन्दा पहिले यहाँ द्वैराज्यको अस्तित्व भएकै बुझिन्छ।

वंशावलीका सबै संस्करणमा गुणकामदेवलाई ठूलो महत्त्व दिएर वर्णन गरिएको छ, यिनको योगदान त्यताबाट पनि आँक्न सकिन्छ। वंशावलीका क ख पाठमा यिनले पशुपतिनाथलाई एघाह्रवटा कवच चढाए, पशुपतिनेरै रहेको ईशानेश्वरको मन्दिरमा तावाँको छाना हाले, त्यहीँ लामो सत्तल बनाए, सुनधारा बनाए र कोटिहोम पनि पूर्ण गरे[१९] भनी लेखिएको छ। यसै कुरालाई अरू व्याख्या गर्दै भाषावंशावलीमा यिनले धेरै सैन्य जमाएर विजयायात्रामा गएर देश जितेर कमाएर ल्याएको धेरै धन पशुपतिमा चढाएको र अरू धार्मिक कृत्य गरेको वर्णन गरिएको छ।

सवभन्दा मुख्य गुणकामदेवले कान्तिपुर शहर बसालेको कुरा मननीय छ। भाषावंशावलीमा यिनले कान्तिपुर शहर वसाई वीचमा चण्डेश्वरी, पूर्वमा लुमडी, पश्चिममा नवदुर्गा कङ्केश्वरी र शहरको दक्षिणपट्टि देशको रक्षार्थ मुख्य क्षेत्रपाल, पचली (पञ्चलिङ्ग) भैरव उत्तरतिर इन्द्रायणी मनमैजूपीठ र विजयेश्वरीको पनि स्थापना गरे भनिएको छ। नेपाल राज्य स्थिर गर्न र प्रजाहरूमा परचक्रको भय हटाउन कङ्केश्वरीको परिसरमा शहरिया युवकहरूलाई लगी ढुंगाको छेलो हान्ने खेल प्रतिवर्ष चलाएको कुरा पनि त्यहाँ कहिएको छ।[२०] यसभन्दा अर्को कुरा यस वेला यस शहरमा प्रतिदिन १ लाखको व्यापार कारोवार चल्छ भन्ने पनि लेखिएको छ। यस शहरमा अठाहहजार मूलीसंख्या भएको पनि वर्णन गरिएको छ। यसैले त्यस वेलादेखि यस शहरको प्रसिद्धि कान्तिपुर वा अठाहहजारका नामले भएको देखिन्छ।

भाषावंशावलीको पाठमा यिनले श्मशानघाट बनाएर खड्गाकार यस शहरको रूप दिएको, यस पूर्णवतीशहरलाई कान्तीश्वरमहादेवको नामले कान्तिपुर नामकरण गरेको, त्यसमा लोकेश्वरको जात्रा चलाएको, शहरको उत्तरी भागमा थमबही वा ठवहिलग्राम वसाली त्यसमा व्यापारीहरूको चल्तीफिर्ती गराएको वर्णन पनि छ। ७०० व्यापारी विदेशव्यापारमा गएको चर्चा छ, तिनमा बाँचेर आएका केशवचन्द्रले इटुम्बहाल बनाएको कुरा पनि उल्लिखित छ।[२१] यो कुरा तात्कालिक अन्य प्रमाणबाट पनि प्रमाणित हुन्छ।[२२]

यिनले दुवै शहरको भोग गरिरहे भन्ने वंशावलीको कुरालाई तात्कालिक अभिलेखले पनि पुष्टि गरेको हामीले माथि लेख्यौं, यो शहर वसाए भन्ने कुरालाई पुष्टि गर्ने तात्कालिक प्रमाण त छैन, तर पुराना वंशावलीका 'क' पाठले यिनले धार्मिक कार्य गरेको पशुपतिको वासुकिको जीर्णोद्धार गरेको कुरा ता देखायो, त्यहाँ (तत्रैव) सुनधारा सत्तल बनाएको पनि भनियो। 'ख' पाठमा तत्रैव (त्यहीं) भन्ने वाक्य छैन, त्यसो हुँदा यिनले काठमाडौं शहर वसाउँदा मरूसत्तलमा मरूहिटी बनाएको कुराको संकेत पनि हुन आउँछ। चारै दिशामा देवीदेवता र भैरवस्थापना गरी शहरको सुरक्षार्थ एउटा मजबूत किल्लाको रूप दिएको भन्न सकिन्छ। यिनले स्थापना गरेको एक ठूलो विहार पछिसम्म गुणकामदेवविहारका नामले प्रसिद्ध थियो।

लिच्छविकालमा काठमाडौं पाटन भादगाउँ कान्तिपुर, ललितपुर, भक्तपुर नाम देखिएका थिएनन्। काठमाडौं कोलिग्राम, पाटन यूपग्राम र भक्तपुर खोपृङ नामले चिनिन्थे। पछि मध्यकालमा कान्तिपुर काष्ठमण्डप गाङकुटालङ्ग, गाङ्गुलपत्तन, यँ, यम्बु यम्बुमा

ललितपुर ललितब्रुमा यँल, माणिग्वल, भक्तपुर भक्तग्राम ख्वप्वब्रुमा, ख्वप्व खृपृङ्क्रमा आदि नामबाट पुकारिन आए।

प्राचीन कालमा उत्तरभारतको काशी, कनौज श्रावस्ती र तराईको कपिलवस्तु धार्मिक आर्थिक दृष्टिले प्रसिद्ध प्रचलित थिए। काठमाडौंबाट टिष्टुङ्ग पालुङ्ग हुँदै त्यतातिर झर्ने बाटो चल्तीको थियो। पछि मध्यकालको शुरूदेखि पूर्वविहारमा नालन्दा र विक्रमशिलाविहारको प्रसिद्धि चल्ती पनि भएबाट तिरहुत, गौड - वङ्गालबाट सिन्धुली र वाग्मती हुँदै आउने बाटा चल्तीमा आए। यताबाट भोट भारत ओहोरदोहोर गर्ने विद्वान् धार्मिकजन भिक्षु व्यापारीहरू प्रशस्त भए। यसबाट पाटन शहरको विकास संवृद्धि चाँडै भयो। यसभन्दा पहिले चौवीस टोल बसी चौवीसै हजारको शहर बनेको र त्यसमा करोडपति व्यापारी आएको कथा पनि रोचक छ। पाटनको ललितपुर भन्ने नाम नेपालसंवत् शुरू हुनु अघि नै चल्तीमा आएको थियो। ललितमहेश्वर वा ललितेश (महादेव)को नामबाट यस शहरको नाम रहन गएको देखिन्छ।[२३] त्यसबाहेक यसको अर्को माणिग्वल वा मानिगल भन्ने नाम लोकप्रिय भएको थियो।[२४] पहिले यो नाम मानगृहबाट बनेको भन्ने तर्क गरिएको थियो, तर ग्वलशब्द प्राचीन भाषामा यहाँका प्रत्येक टोलमा लागेको देखिनाले र सप्त फणावाल नागको मणि भएको मन्दिर वा मण्डप बनेको हुँदा त्यसैबाट मणिग्वल भएको देखिनाले पहिलेको तर्क अशुद्ध भएको छ।

काठमाडौंको कान्तिपुर भन्ने नाम पनि टेकुस्थित कान्तीश्वर महादेवकै नामबाट रहन गएको हो भन्ने वंशावलीको उक्ति निकै भरपर्दो छ। यस शहरलाई सबै सुविधापूर्ण सुरक्षित गढरूपको अवस्थामा ल्याउनलाई धारा, पाटी, पौवा, धर्मशाला, क्षेत्रपाल, देवदेवता स्थापना गर्नु आवश्यक थियो, यसै सन्दर्भमा काष्ठमण्डपको निर्माण यसै वेला गुणकामदेवले गरे भन्ने कुरा विश्वास गर्न सकिन्छ।[२५]

त्यस वेला शङ्कराचार्यको प्रभावले गर्दा भारतभर दशनामी संन्यासीको ठूलो बोलवाला चलेको थियो। उत्तर भारत र उत्तराखण्डमा गोरखपन्थको चल्तीफिर्ती थियो। गोरखपन्थको हठयोगको महिमाले साधारण जनतामा यसप्रति निकै ठूलो आस्था थियो। काठमाडौं र पश्चिम नेपालमा गोरखपन्थीका अखडा निकै जमेका थिए। योगी संन्यासीहरू कुटी पाटी पौवामा बस्ने हुँदा त्यहाँ धार्मिकजनको भीड लाग्ने, तिनलाई शिक्षादीक्षा दिनुपर्ने, व्याख्यान उपदेश दिनुपर्ने हुँदा पनि यिनका लागि पुराना मण्डपशैलीमा सत्तल धर्मशाला बनाइन्थे। आजभोलि पनि सप्ताह नवाह आदि पुराण लाउँदा व्याख्यान दिँदा यस्तै मण्डप बनाइँदैछन्। यसैका लागि खुला मण्डपयुक्त यो सत्तल बनाइएको देखिन्छ। यसका चारैतर्फ छेउछाउमा गुप्ती मञ्च छन्, बीचमा गोरखनाथको मूर्ति छ। उच्चासनमा बसेर व्याख्यान दिँदा जताबाट

पनि देख्न सुन्न सकिन्छ। यसै उद्देश्यले गोरखपन्थी र अरू संन्यासीहरूको अखडाको रूपमा यो काठको मण्डप सत्तल धारासहित गरेर बनाइयो। यसको प्रसिद्धिले नै यसपछि यस शहरको नाम काष्ठमण्डपपुरीका रूपमा रहन आयो।

नरेन्द्रदेव र उदयदेव

गुणकामदेवपछि पुराना सबै पाठमा उदयदेवको नाम आउँछ। क पाठमा ५ वर्ष ५ महीना र अरूमा ६ वर्षको यिनको शासनकाल दिइएको छ। नरेन्द्रदेवलाई वंशावलीका पाठमा १ वर्ष शासन गर्ने दाजुका रूपमा उल्लेख गरिएको पाइयो। यहाँ तात्कालिक प्रामाणिक स्रोत-अनुसार उदयदेवका साथमा शासन गर्ने नरेन्द्रदेव देखिन्छन्। नरेन्द्रदेव र उदयदेव दुईजनाको संयुक्त शासनकाल चलेको वेला पश्चिम गण्डीगुल्ममा लेखिएको प्रज्ञापारमिताको पुस्तक तिब्बतको शाक्यगुम्बामा प्राप्त भएको छ।[२६] यसबाट लिच्छविकालको जस्तो द्वैधशासन त्यस वेला पुन: प्रामाणिक रूपले देखामा आएको छ। तथा अर्को नरेन्द्रदेव गुणकामदेवका दाजु नभएर गुणकामदेवका छोरा उदयदेवका चाहिँ दाजु थिए भन्ने कुराको जानकारी पनि मिल्दछ। यसको ५ वर्षपछि पश्चिमकै जिग्लोद्गमविषयमा स्थापना गरिएको गरुडध्वज विष्णुको मूर्तिको अभिलेखमा[२७] उदयदेवको मात्र नाम उल्लिखित भएकोले नरेन्द्रदेवको एक डेढ वर्षको छोटो शासनकाल थियो भन्ने वंशावलीको उक्ति चाहिँ प्रमाणित हुन्छ। त्यसपछि उदयदेवको एक्लौटी शासन चलेको थियो। नरेन्द्रदेव र उदयदेवको शासनकालका दुईवटा प्रमाणमा एक गण्डीगुल्मविषयमा सुवर्णकार श्रीराणकले लेखेको साक्यमठमा पाइएको प्रज्ञापारमिता र अर्को जिग्लोद्गमविषयमा लूपनले स्थापना गरेको विष्णुप्रतिमाको अभिलेख हुन्। यी दुई अभिलेख नेपालदूनबाट टाढा पश्चिममा लेखिएका र मूर्तिको अभिलेखमा नेपालमण्डल भन्ने पनि उट्टङ्कित भएकोले त्यस वेला नेपालदेश संकुचित भएको थिएन र यसको विशालता नै स्पष्ट प्रकट हुन्छ। यी अभिलेखमा आएका केही विषयको पनि यहाँ विवेचना गर्नु ऐतिहासिक दृष्टिले आवश्यक हुन आएकोले अब त्यतातिर दृष्टि दिऊँ -

नेपालमण्डल

नेपालमण्डल शब्द मध्यकालका धेरै अभिलेखमा प्रयुक्त भएको छ। नेपाल-अधिराज्य भन्दा यस शब्दको प्रयोग त्यसताका लोकप्रिय र चल्तीको थियो। यद्यपि यो शब्द लिच्छवि अभिलेखमा पनि प्रयोग हुन थालिसकेको थियो।[२८] अरू नेपालभुक्ति भन्ने प्रयोग पनि त्यस वेलाको एक अभिलेखमा उल्लिखित भएको छ।[२९] तीरभुक्ति (तेह्रौत) भने जस्तै नेपालराज्य भन्दा नेपालभुक्ति प्रयोगमा आयो, तर यो लोकप्रिय भएन, नेपालमण्डल नै चल्तीमा आयो। नेपालमण्डलभित्र पूर्व पश्चिमका धेरै विषय (सामन्तशासित प्रदेश) हरू सम्मिलित थिए। तिनमा विषयपति,[३०] राणक[३१] आदि उपाधियुक्त सामन्तराजाहरू शासन गर्दथे। केन्द्रको

मूलगद्दीलाई मानेर यिनीहरू स्वायत्त शासन चलाउँथे। लिच्छविकालमा धेरै सामन्त शासकको नाम हामीले देखेका छौं, अब ती सामन्त शासकहरू नेपालमण्डलभित्र पर्ने पूर्वपश्चिम दक्षिणका विषयहरूमा पुस्तौनी शासक भएर रहेका थिए। काठमाडौंदून सोझै केन्द्रबाट शासित थियो। फर्पिङमा चाहिँ छुट्टै विषय भएकोले यहाँ सामन्त शासकको आधिपत्य थियो। अरू चार भञ्ज्याङपरका प्रदेशहरू पनि त्यस्तै पुस्तौनी शासक सामन्त विषयपतिहरूका अधीनमा थिए।

यहाँनेर एउटा कुरा विचारणीय छ, सो के भने कतिपय विदेशी इतिहासकारहरू र तिनका अनुयायी नेपालीहरू पनि नेपालमण्डल भनेको नेपालदून मात्रै हो भन्ने सिद्धान्तका भएकोले यी विषयलाई बाहिरका भन्दा नेपालको विशालता सिद्ध हुने र उनको सिद्धान्तहानि पनि हुने हुँदा भरिसक्य ती विषयहरूलाई नेपालदूनभित्रै सिद्ध गर्ने कोशिश गरिरहेका छन्। जस्तो गण्डीगुल्म भनेको पाटनको गणिगुल्मक, धवलस्रोतपुर भनेको धुलिखेल, पन्नगविषय भनेको नक्देश हुन् भन्ने यिनका तर्क छन्। यी विषयमा यथास्थानमा चर्चा गर्दै जानेछु। पहिले अहिले प्रासङ्गिक गण्डीगुल्मकै विवेचना गरौं -

गण्डीगुल्म

सर्वप्रथम नरेन्द्रदेव र उदयदेवका पालामा लेखिएको पुस्तकका पुष्पिकावाक्यमा श्रीगण्डीगुल्मका सुवर्णकार श्रीराणकस्य (गण्डीगुल्ममा बस्ने सुवर्णकार राणकको) भन्ने वाक्य पाइयो।[३२] यसको केही समयपछि हर्षदेवका पालाको ने.सं. २१३ (वि.सं. ११५०) को अष्टसाहस्रिका प्रज्ञापारमिताको पुस्तकमा पनि श्रीगण्डीगुल्मविषये (गण्डीगुल्मविषयमा) भन्ने पाइयो।[३३] यसपछि आनन्ददेवका पालामा ने.सं. २८५ (वि.सं. १२२१) मा लेखिएको पुस्तकको पुष्पिकावाक्यमा पनि गण्डीगुल्मालय (गण्डीगुल्मको घरमा) भन्ने वाक्य परेको देखिन्छ।[३४]

मध्यकालको इतिहासमा काम गर्ने पेटेक्ले गण्डीगुल्मलाई मानदेवसंवत् ९५ (वि.सं. ७२८) को नरेन्द्रदेवको पाटनको शिलालेखमा आएको गणिगुल्मसँग सामञ्जस्य स्थापित गर्दै गण्डीगुल्म पाटनभेकमा भएको कुरा लेखेका थिए।[३५] यसपछि धनवज्र वज्राचार्यले यसको खण्डन गर्दै गण्डीगुल्म पाटनमा भएको भए त्यहाँ गण्डीगुल्मविषय भन्नु नपर्ने, विषय नेपालदूनबाहिरका जिल्लामा मात्र लाग्दछ, यस कारण गण्डीगुल्मविषय केन्द्रले सोझै शासन गरिने चार भञ्ज्याङभित्र पर्दैनथ्यो, गण्डकीकिनारमा रहेको गुल्मीजिल्लाले नै गण्डीगुल्मविषयको स्मृतिचिन्ह लिएर रहेको छ भन्ने आफ्नो मत व्यक्त गरेका छन्[३६] र यसै मतको पुष्टि महेशराज पन्तसमेतले पनि गरेका छन्।[३७] परन्तु यसरी आफ्नो मतको खण्डन भएपछि पेटेक्ले घुमाउरो किसिमले अहिले पुनः सोही मतलाई अघि सार्ने प्रयास गर्दै विषय

नलेखिएको गण्डीगुल्मक चाहिँ पाटनतिरकै हो र विषय जोडिएको चाहिँ बाहिरको हुनुपर्छ र सो कहाँ थियो जानिएको छैन भन्ने मत व्यक्त गरेका छन्।[३८]

परन्तु पेटेक्ले देखाएको पाटनको अभिलेखको सो पदको पाठ नै के हो शुद्ध भन्न सकिँदैन। गण्डीगुल्म भन्ने त्यहाँ छैन, 'थैषाङ्गणिगुल्मको मालिहि' भन्ने पाठ पढिएको छ, अर्थ बुझिएको छैन। त्यसलाई जताबाट जसरी पदविच्छेद गर्दा पनि हुन सक्छ। यस्तो अधमौरो प्रमाण अधिसारी आफ्नो मत पुष्ट गर्ने उनको अभिलाषा सही जँच्तैन। वास्तवमा गण्डीगुल्मविषय गण्डकीकै किनारको प्रदेश हो। गण्डी, गण्डक वा गण्डिका त्यस वेला प्रचलित नदीका नाम थिए, अहिलेसम्म छँदैछन्। त्यहीँ कालीगण्डकीको किनारमा ठूलो अत्यन्तै मजबूत ढुङ्गे किल्ला थियो। त्यसै किल्लाको ठूलो घर (गण्डीगुल्मालय) मा (सामन्त) राजा अरमुडिले काश्मीरका राजा जयापीडलाई कैद गरेका थिए।[३९] यसै मजबूत प्रसिद्ध ठूलो गुल्मको नामले यस जिल्लाको नाम रहन गएको हो र सो आजतक गुल्मीका रूपमा जीवित रहेको देखिँदैछ।

सुवर्णकार राणक

यहाँ सुवर्णकार राणक भन्ने पद पाइयो। तल ने.सं. १८९ (वि.सं. ११२६) को शङ्करदेवको पालामा लमजुङका गङ्ग राणकले लेखेको र अर्को ने.सं. ३२१ (वि.सं. १२५७) मा अरि मल्लका पालामा लेखिएको पुस्तकमा पनि राणक पाइन्छन्। पहिलोमा 'लजुंगुङ्के वास्तव्य गङ्गराणकेन लिखित' र अर्कोमा 'पञ्चावतदेशीय - विषयाधिपति - राणक श्रीश्रीधरसिंहस्य वर्तमाने' भन्ने लेखिएको छ।[४०] यसरी अब सुवर्णकार राणक, लमजुङका अधिकारी लेखक राणक र विषयाधिपति राणकको सम्बन्धमा विचार गर्नुपरेको छ। विषयाधिपतिको त त्यस विषयको अर्थात् त्यस प्रदेशको अधिपति भन्ने अर्थ हुन्छ। सुवर्णकार राणकको परिभाषा चाहिँ के हो ? यस विषयमा चाहिँ राम्रो निक्र्यौल गर्नुपरेको छ। सुवर्णकारको अर्थ साधारणतः कोश अनुसार सुन कमाउने सुनार भन्ने हुन्छ र त्यही अर्थ गरिँदै आएको पाइन्छ।[४१] राणकको अर्थ पनि सबैले सोझो हिसाबले रानामगर भन्ने नै गरेका छन्।[४२] तर यी दुवै पक्षको अर्थ इतिहाससम्मत भएको देखिँदैन।

'सुवर्णकार'को शाब्दिक अर्थ सुन कमाउने वा सुन बनाउने भन्ने हुन्छ। सुवर्णकारको तद्भव रूप नेपाली भाषामा 'सुनार' भएको छ र एक थरबोधको रूपमा प्रयोग हुँदैछ। भारतको गुजरात मारबाडतर्फ र हाल यता पनि 'सोनार' थर भएका मानिस पाइन्छन्। सुनको व्यापार गर्ने वा सुन कमाउने भन्दा नै त्यहाँ पनि यो थर रहन गएको बुझिन्छ।

पश्चिम नेपालका थकाली जातिमा 'शेरचन' भन्ने एक थर पाइन्छ। हुन त सामान जोख्न ढक तराजु तुलो लिई हिंड्ने भन्दा शेरचन तुलाचन आदि थर रहन गएका हुन् भन्ने भनाइ छ। 'भएको वा 'वाला' भन्दा तिब्बतीमा चन जोडिन्छ, तिब्बतीमा 'शेर'ले सुनलाई बुझाउँछ। सुनवाला वा सुन भएको वा सुनव्यापार गर्ने भन्दा 'शेरचन' हुनु धेरै सम्भव छ।[४३] पछि थकालीका थर विभाजन हुँदा नेपाली भाषाका शब्दसँग 'चन' जोडिदिएर नेपालीकरण गरेको पनि हुनसक्छ।[४४] जे होस्, उता भारतमा पनि सुवर्णकार भन्ने शब्द त्यस वेलाका ठूला व्यापारी, सुनखानि भएका महाजन भारदारको उपपद भएर चलेकोमा चाहिँ सन्देह छैन। त्यसको अवशेष अहिले पनि रहेकै छ। मारवाडीहरूको एउटा थर 'सोनार' भन्ने चलेकै छ।

यहाँ राणकको विशेषणमा आएको सुवर्णकार समान्य सुनार होइन। यस्तै पछिका राजदेवको पालामा ललितपुरको उत्तर बिहारमा बस्ने कारण्डव्यूहका लेखक यंपुनि भारो पनि सुवर्णकार भनिएका छन्। यिनैको नाम संस्कृतेतर भाषाको देखिएको हुनाले यी पनि सुवर्णकार जाति विशेषकै व्यक्ति देखिन्छन्। भारो हुने व्यक्तिमा यो उपपद लागेकोले यो पदले पनि सामान्य सुनारलाई बुझाएको भन्न सकिँदैन।

त्यस्तै राणकको अर्थ पनि रानामगर भन्ने गर्न मिल्दैन, किनभने यस समयमा भारत नेपालमा यो ज्यादै लोकप्रिय प्रसिद्ध चल्तीको पनि उच्च पद थियो। मर्यादाक्रममा महाराजाधिराज मनिका बडामहारानी र राजापछि राणक आउँथे। महासामन्तभन्दा धेरै माथि यस पदको मर्यादा थियो। यो 'राणक' भन्ने पदवी जसतसले पाउनै नसकिने राज्यको ज्यादै ऊँचो पदवी थियो।[४५]

मध्यकालमा उच्च सामन्तलाई बुझाउने पद राणक थियो भन्ने कुरा जान्दाजान्दै पनि महेशराज पन्तले समेत आखिर यो उपनाम नै हो भन्ने निष्कर्षमा पुगी रानामगरमा ल्याएर यसको सामञ्जस्य स्थापित गरेको छ। आफैंले छापेको अभिलेखमा 'सोहब राने' भन्ने उल्लेख आएको र त्यसको मतलब सोहब नामका रानामगर भन्ने गरेपछि त्यसै वेला प्रयोगमा आएको राणक पदले रानेसँग कसरी सामञ्जस्य खान्छ, विचारणीय कुरा थियो। राना रानेमगरका रूपमा देखिएका र राणक उच्च सामन्त वर्गमा भारतभर प्रचलित देखिएकाले पनि राणकको परिभाषा 'जसतसले पाउनै नसकिने राज्यको उच्च पद'[४६] भन्ने पनि गरिएकोले यो पदवी लरतरो थिएन र मगरको उपपद होइन भन्ने पनि निश्चित हुन्छ। आले राने आदि उपनाम पहिलेदेखि प्रचलित हुँदै आएकोले संस्कृतमूलबाट मगरका उपनाम बनेको भन्ने तर्क युक्तिसंगत ठहर्छ ठहर्दैन गौड गर्नुपर्ने भएको छ।

नरेन्द्रदेव र उदयदेवको संयुक्त शासनको समयमा पश्चिम गण्डीगुल्म (गुल्मीभेक) मा राणक सुवर्णकार शासक (विषयाधिपति) थिए भन्ने कुरा बुझिन्छ। यिनको नाम के थियो सो पुष्पिकामा पढिएको छैन।

जिग्लोद्‌गम र लूपन

यसको पाँच वर्षपछिको अभिलेखमा उदयदेव एक्लै शासन गरिरहेका देखिन्छन्। यो अभिलेख जिग्लोद्‌गमविषयका विष्णुभक्त लूपनले गरुडासन विष्णुको प्रतिमामा कवच चढाउँदा राखेको हो।[४७] जिग्लोद्‌गमविषयको परिचय नपाइएकोले यो विष्णुमूर्ति कहाँ थियो भन्न सकिँदैन, फेरि मूर्ति यथास्थानमै रहिरहेको भए पनि हामीलाई अड्कल काट्न सजिलो हुने थियो। कालचक्रको फेरमा परेर मूर्ति अमेरिका पुगेकोले सो अड्कल काट्ने सम्भावना पनि शेष रहेन। यहाँ विष्णुलाई कवच चढाउने भक्तको नाम पनि संस्कृतेतर भाषामा भएकोले थिनी पनि पश्चिम नेपालका कुनै स्थानीय मानिस थिए भन्ने देखिन्छ। उनले आफ्नो जिल्ला जिग्लोद्‌गमलाई सज्जन विद्वान् पुरुषहरूको बसोवास भएको भनी वर्णन गरेबाट यो जिल्ला निकै विकसित बस्तीयुक्त थियो र यहाँ विद्वान्‌हरू पनि रहेका थिए भन्ने पनि बुझिन्छ। यस विषयमा विष्णुको मूर्ति रहेको, वैष्णवधर्म प्रचार भएको देख्ता यो जिल्ला गण्डकीकै आसपासमा भएको अनुमान निकै सत्यको सन्निकट भएजस्तो लाग्छ। विष्णुका शिलामूर्ति मानिएका शालिग्राम शिला पाइने चक्रनदी (कालीगण्डकी) प्रदेश प्राचीन कालदेखि नै वैष्णवक्षेत्र तीर्थको रूपमा प्रसिद्ध हुँदै आएको छ। गुप्तकालमा जस्तो पूर्वमा सप्तकौशिकी र कोकासङ्गममा कोकास्वामी वराहभगवान्‌को प्रसिद्धि थियो।[४८] त्यस्तै पश्चिममा गण्डकीक्षेत्रमा रुरुतीर्थ (रिडी) मोदीबेनीका नरसिंह भगवान्‌को मूर्ति पुराना र प्रसिद्ध थिए। दामोदरकुण्ड मुक्तिक्षेत्रदेखि नारायणघाट हरिहरक्षेत्रसम्मकै गण्डकीको किनार वैष्णवक्षेत्रको रूपमा प्रसिद्ध थियो। यसैले समतल लागेपछि नारायणीको नामले परिचित हुँदै यो नदी हरिहरक्षेत्रमा गङ्गामा मिलेको छ। यस कारण यो जिग्लोद्‌गमविषय गण्डकीकै आसपासमा थियो भन्ने कुरामा विश्वास हुन आउँछ। जिग्ला र उद्‌गमको संयुक्त रूप हो यो। जिग्ला स्थानीय भाषामा कुनै नदीको नाम जस्तो लाग्छ, जिग्लानदीको उद्‌गमस्थल भन्दा जिग्लोद्‌गम नामकरण भएको देखिन्छ।

निर्भयदेव र रुद्रदेव

गुणकामदेवपछि नरेन्द्रदेव र उदयदेवको संयुक्त शासन चलेकोमा १ वर्ष जति नरेन्द्रदेव र ६ वर्ष उदयदेवको शासन चलेको कुरा पुरातत्त्वविभागबाट प्रकाशित वंशावलीबाट देखिएको

र त्यो कुरा अभिलेखबाट पनि सिद्ध भएको भनी माथि लेखिसकियो । निर्भयदेवको नाम पुराना क पाठमा र नयाँ भाषापाठमा दिइएको छैन, अरू चारैवटा पुराना पाठमा यिनको नाम छ। ख ग पाठमा ५ वर्ष र च पाठमा ७ वर्ष शासनकाल तोकिएको छ । वि.सं. १०६२ वैशाखको ख्वपु (भादगाउँ) को शिवग्वल उत्तरटोलको एक अभिलेखमा यिनी एक्लै शासन गरिरहेका देखिन्छन् ।[४९] यसको दुई/तीन वर्षपछि लेखिएका प्रज्ञापारमिताका दुई पुष्पिकाअनुसार यिनी रुद्रदेवसँग मिलेर संयुक्तशासन गरिरहेका देखिन्छन् ।[५०] यसको तीन वर्षपछि यम्बुक्रमा (काठमाडौंको उत्तरीभाग[५१]) मा कुलपुत्र माधवजीवले वि.सं. १०६८मा लेखेको अर्को प्रज्ञापारमिताभा भोजदेव राजाको नाम देखिएकोले[५२] वंशावलीले दिएको यिनको शासनकाल मिलेकै भन्नुपर्छ ।

रुद्रदेव र भोजदेव

पुराना वृत्तान्तका खदेखि चसम्मका पाँचैवटा पाठमा यिनको संयुक्त रूपको ९ वर्ष ७ महीनाको शासनकाल तोकिएको देखिन्छ । अरू पाठमा यिनको नाम छैन । वि.सं. १०६४ मा रुद्रदेव निर्भयदेवसँग शासन गरिरहेको कुरा अभिलेखबाट देखिएको र त्यसपछि यम्बुक्रमा (काठमाडौंको उत्तरीभाग) मा कुलपुत्र माधवजीवले लेखेको र वाग्मतीनेर बस्ने कुलपत्र उपासक नैरसिंहले लेखेको वि.सं. १०६८ को प्रज्ञापारमितामा भोजदेवको मात्र नामोल्लेख भएको छ तापनि तत्कालपश्चात् अर्थात् अर्को साल वेङ्खासिंहले स्थापना गरेको पाटन त्यागलटोल गचाननीको उमामहेश्वरको अभिलेखमा चन्द्रसूर्यजस्तो काका भतिजा रुद्रदेव र भोजदेवको शासनको बयान गरेको हुनाले पुस्तकको पुष्पिकावाक्य लेख्नेले भोजदेवको मात्र उल्लेख गरेको भए तापनि उभय राजा र उपराजको संयुक्तशासन चल्दै आएको कुरामा सन्देह रहन्न । निर्भयदेव रुद्रदेव दाजुभाइको संयुक्तशासन भएको र निर्भयदेवको मृत्युपछि उनका छोरा भोजदेव बाबुका सिंहासनमा बसेको कुरा गचाननीको वेङ्खासिंहको अभिलेखबाट बुझिन आउँछ । यसमा रुद्रदेव राजा भएका, उनका भ्रातृजपुत्र धर्मात्मा सज्जन अर्का राजा भएका र यी दुवै चन्द्रसूर्य जस्तै मिलेर लोकको रेखदेख गर्ने भएका छन् भन्ने भाव[५३] पनि उक्त अभिलेखबाट प्रकट हुने हुँदा पहिले दाजुभाइ र पछि काकाभतिजाको शासन चलेको भन्ने कुरा नै धेरै विश्वास पर्ने खालको छ । यहाँनिर भ्रातृजपुत्र भन्ने शब्दको अर्थ दाजुभाइबाट जन्मेका छोरा भन्ने पनि हुन्छ, दाजुभाइका छोराका छोरा भन्ने पनि हुन्छ । दाजुभाइका छोराका पनि छोरा भन्ने अर्थ गरेर कसैले नाति बाजेको शासन चलेको कुरा देखाउन पनि खोजेका छन् ।[५४] तर ऐतिहासिक दृष्टिले र व्याकरणका हिसाबले पनि रुद्रदेव र भोजदेव काका भतिजा पर्ने कुरा नै मिल्दोजुल्दो देखिन्छ ।[५५] त्यसैले मैले भोजदेव निर्भयदेवका छोरा भन्ने कुरा साँचो ठहराएको

छ। दाजुका छोरा भएबाट भोजदेव मूलगद्दीमा बसेकाले कतिपय तात्कालिक पुस्तकका लेखकले उनको मात्र नाम लेखेर रुद्रदेवको नाम छाडेको कुरा पनि यहाँनिर स्मरणीय हुन आउँछ।

यसको करीब तीन वर्षपछि ने.सं. १३५ (वि.सं. १०७१) मा पाटनको ल्हम्विहारमा बसेर सुजातभद्रले सारेको प्रज्ञापारमितामा भोजदेव रुद्रदेव र लक्ष्मीकामदेवसमेत गरी तीन राजाको शासन देखाइएको छ र लक्ष्मीकामदेवले अर्धराज्य (आधा राज्य) भोग गरेको कुरा पनि उल्लेख गरिएको छ। यो पुष्पिकावाक्य पहिले प्रकाश गर्ने सेशिल बेण्डालले भोजदेव आधा राज्यको शासन गर्दथे, बाँकी आधा राज्यमा रुद्रदेव र लक्ष्मीकामदेवको शासन चलेको थियो भन्ने अर्थ गरेका थिए।[५६] अर्काथरीले पहिले रुद्रदेवको र लक्ष्मीकामदेवको संयुक्त शासन चलेको थियो, पछि भोजदेव ती दुवैका उत्तराधिकारी भए भन्ने किसिमको व्याख्या पनि गरेका थिए।[५७] यसपछि यो मतको खण्डन गर्दै लेवीले उक्त पद्यमा आएको आलब्ध भन्ने शब्दको अर्थ भागवतको श्रीधरी टीकाको र मालविकाग्निमित्रको आधारमा व्याख्या गर्दै एक राजापछि अर्को राजाको शासन क्रमैले चलेको थियो, यिनमा उत्तराधिकारीको क्रम जन्मको आधारमा नभएर बुद्धिको आधारमा भएको हो भन्दै राजाको रजाइँ एकसाथ नचली क्रमशः चलेको थियो भन्ने कुरा नै सिद्ध गर्ने प्रयत्न गरेका छन्।[५८] परन्तु पहिले निर्भयदेव र रुद्रदेवको शासन चलिसकेको देखिएकोले यिनले राज्य चलाएको कुरा पनि लेखिएको, पछिबाट सत्तामा रुद्रदेवसँग भोजदेव देखिएका र अनि पछि मात्र लक्ष्मीकामदेव शासनमा आएकाले उनी नै छुट्टै अर्धराज्यको उपभोग गर्दथे भन्ने कुरा नै अर्थसंगत हुन आउँछ। भोजदेव रुद्रदेव पाटनमा शासन गर्दथे, लक्ष्मीकामदेव चाहिँ काठमाडौंका गद्दीमा बसे भन्ने कुरा पनि पुस्तक सारेको ठाउँ र राजाका नाउँको आधारमा निर्क्योल गरिएको छ।[५९]

यहाँनिर हाम्रो नेपालको इतिहासमा प्राचीनकालदेखि मध्यकालसम्म नै एक किसिमबाट प्रभाव पार्दै आएको उभयराज्य वा द्वैराज्यप्रथाको अलिकति विवेचना गर्नु आवश्यक भएकोले अब पाठकको ध्यान त्यतातिर आकृष्ट गर्न चाहन्छु -

उभयराज्य वा द्वैराज्य

माध्यमिककालका ऐतिहासिक अभिलेखमा सर्वप्रथम गण्डीगुल्मनिवासी सुवर्णकार राणकको वि.सं. १०५५ मा लेखिएको साक्यगुम्बामा रहेको प्रज्ञापारमिताको पुस्तकमा नरेन्द्रदेव र उदयदेवको संयुक्तशासन चलेको र उभयराज्यको उल्लेख पनि पाइयो। त्यसपछि वि.सं. १०६६ मा लेखिएको क्याम्ब्रिज्मा रहेको अर्को प्रज्ञापारमितामा निर्भयदेव र रुद्रदेवको संयुक्तशासन चलेको, यस द्वैराज्यको बिडो सबै पात्रवर्गले थामेको र सबै वैरी वश पारेको

भन्ने कुराको पनि वर्णन गरिएको छ। वि.सं. १०६९ को गचाननीको अभिलेखमा औंसीका दिनमा चन्द्र सूर्य मिले जस्तै एकै ठाउँमा बसेर काका भतिजा मिलेर शासन गरिरहेका देखिए। त्यसको करीब तीन वर्षपछि पाटनको ल्हम्विहारमा लेखिएको पुस्तकमा तीन राजा राज्यमा प्रतिष्ठित देखिए। भोजदेव रुद्रदेव साविक बमोजिम मिलेर शासन गर्ने र लक्ष्मीकामदेव चाहिँ छुट्टिएर सायद बेग्लै काठमाडौंमा शासन गर्ने देखिए, अनि एक्लै लक्ष्मीकामदेव राज्यका सर्वेसर्वा भए। त्यसपछिका राजा भास्करदेव तात्कालिक अभिलेखमा एक्लै शासनमा देखिए पनि पुराना वृत्तान्तको क पाठमा यिनलाई जयदेवसंग मिलेर शासन गर्ने भनेर देखाइएको छ। अनि वि.सं. ११०६ मा आएर बलदेव र ईशदेव (यशोदेव ?) दुईजनाको उभयशासन देखियो। यसपछिका अभिलेखमा दुई वा तीन राजाको संयुक्त शासन निकैपछि आएर मात्र देखिन्छ।

वंशावलीको एक पाठमा नेपालसंवत् आरम्भकै बखतमा उभयराज्यको व्यवस्था चलेको कुरा माथि देखियो। त्यसपछि पनि बीचबीचमा दुई राजाको संयुक्तशासनको उल्लेख वंशावलीमा परेको छ, भोजदेव रुद्रदेवको, भास्करदेव जयदेवको संयुक्त शासनको उल्लेख छ भने लक्ष्मीकामदेवका छोरा जयदेवले पाटनमा अर्द्धराज्य गरेको वंशावलीको वर्णन पनि मननीय छ। यसपछि दाजुभाइमा संयुक्तरूपमा वा छोरामा ज्येष्ठभागीको क्रम नभएर राणाले जस्तो दाजुभाइमा जेठाको रोलक्रमबाट राज्यसिंहासनमा बसेको कुरा पनि मध्यकालको इतिहासमा मननीय छ।

विक्रमको चौधौं शताब्दीको प्रारम्भदेखि नेपालदूनको पूर्वी भाग बनेपा पलाञ्चोकतिर अर्को शक्तिशाली राज्य खडा भएको थियो। यसबाट केन्द्रमा अर्थात् भक्तपुर काठमाडौंमा बराबर आक्रमण हुन लागेका थिए, त्यस कारण यी आक्रमणलाई यस संघर्षलाई सदाका लागि मेटाउन यी दुई शक्ति मिलेर एक विचित्रको सन्धि-सम्झौता गरियो र यिनमा गजबकै उत्तराधिकारको व्यवस्था कायम गरियो, त्यसअनुसार एकान्तर राजा एकान्तर युवराज हुने चलन चल्यो, अर्थात् केन्द्र-भक्तपुरमा एक वंशका राजा सिंहासनारूढ भए भने बनेपाका अर्का राजवंशका कुमार युवराज हुने, बनेपाका अर्का राजवंशका राजकुमार राजा भएर सिंहासनारूढ हुन आए भने केन्द्रमा फेरि अर्कै कुलका राजकुमार युवराज हुने स्थिति बाँधियो। यसरी दुई राजगद्दी यहाँ प्रबल भएर प्रतिष्ठित भएका थिए। यिनमा अघिल्लो शताब्दीमा जस्तै शक्तिशाली चाहिँ युवराज हुन्थे र युवराजको गद्दीको चल्तीफिर्ती बढी थियो।

अनन्त मल्लपछि पनि दुई राजगद्दी प्रत्यक्ष प्रतिष्ठित देखिन्थे। राजगद्दीमा जयानन्ददेव विराजमान थिए, अर्को गद्दीमा उपराज जयरुद्र मल्ल सर्वेसर्वा भए। यसपछि उपराजको गद्दीमा उनका छोरी नातिनी र राजगद्दीमा राजखलक रहे। राजल्लदेवीका पतिका नाताले स्थिति मल्लले उपराजको गद्दी प्राप्त गरेर शक्तिसम्पन्न भए र अर्जुन मल्ललाई गद्दीच्युत गरेपछि

राजगद्दी मासियो र उनी एकराज त भए, तर लगत्तै उनका तीनै भाइ छोरा राजगद्दीका हक्दार हुन आए। यस वेलाका अभिलेखको च्युतसंस्कृतपद्यले यसको चित्रण 'भक्तपुरशहरमा जेठा राजा धर्म मल्ल, माहिला राजा ज्योतिर्मल्ल कान्छा राजा कीर्ति मल्ल गरी यी तीन राजा विराजमान छन्'[६०] भनेर रमाइलो तरीकाले गरेको छ। पछि माहिला राजा ज्योतिर्मल्लले राज्य एक्लौटी पारे। तर उनका पनि दुई छोरा यक्ष मल्ल जीव मल्ल उभयराज घोषित भए। पछि यक्ष मल्लले राज्य एक्लौटी पारे। यक्ष मल्लका त भाइ छोरामात्र होइन, छोरीका छोरा भीम मल्लसमेत राज्यका हक्दार देखिए।[६१] बाबुका शेषपछि यिनले केही काल मिलेर संयुक्त शासन चलाएका थिए। पछि राय मल्लका विरुद्धमा संघटन गरी संयुक्तशासनतर्फ नलागी आफ्नो-आफ्नो शक भएजति राज्य अठ्याएर बेग्ला-बेग्लै शासन गर्न लाग्दा रत्न मल्ल, अरि मल्ल, रण मल्ल, भीम मल्ल चार जनाले एक धर्मपत्र गरी राखेका थिए।[६२] पछि यी चार जना पनि फुटे, फलस्वरूप नेपालदून कान्तिपुर, भक्तपुर, ललितपुर र बनेपा गरी चार राज्यमा परिणत भयो। पाटनमा पात्रवंशकै अधिकार रह्यो, राम मल्लले कब्जा गरेको बनेपाराज्य पछि आएर भक्तपुरमा मिल्दा तीन राज्य प्रतिष्ठित भए। यिनै राज्यमा पनि दाजुभाइहरू सबै राजसिंहासनका दावेदार वा हक्दार हुन्थे। भक्तपुरका राजा राय मल्लकै तीन छोरा वीर मल्ल, प्राण मल्ल, गोसाई मल्लले मिलेर शासन गर्ने भनी लेखेर धर्मवाचा गरिराखेको ताँवापत्रमा यस-यस टोलको शासन यस-यस भाइले गर्ने भनेर तोकिएको थियो।[६३] दुई जना राजा हुँदा 'उभय ठाकुर' भन्ने चलन चलेको हुँदा तीन दाजुभाई हुँदा 'त्रिभय,' चार हुँदा 'चवभय,' र पाँच हुँदा 'पन्चोभय'[६४] भन्ने शब्दको चलन चलेको थियो। दाजुभाइ सबै राज्यसिंहासनका दावेदार मात्र होइन, हक्दारै हुने प्रथा यस नेपालदूनमा मात्रै होइन, पूर्वपश्चिम अरू राज्यमा पनि केही न केही रूपमा चलेको थियो र भारतमा पनि यसका उदाहरण नभेटिने होइनन्।

यक्ष मल्लपछि उनको छोराको आन्तरिक कलह र राज्यको विभाजनपछि केन्द्रको कमजोरीको अवसरको फाइदा उठाई पूर्वदोलखाका सामन्तशासकहरूले शिर उठाउने अवसर पाए। यसमा स्वतन्त्र भई शासन गर्ने पहिला शासक इन्द्रसिंह थिए र यिनले महराजाधिराजको पदवी लिई पहिले चाँदीका मुद्रा ढाल्ने काम पनि गरेका थिए।[६५] तर यिनी सर्वतन्त्रस्वतन्त्र भए पनि एकराज नभई पाँच भाइसँग मिलेर शासन चलाउँथे। इन्द्रसिंहदेव, जयनारायणदेव, जितादेव, रायदेव र वासुदेव जम्मा पाँच भाइ राजालाई त्यस वेलाको भाषामा 'पन्चोभय ठाकुर' भन्ने चलन थियो।[६६]

यसरी राज्यमा 'ज्येष्ठभागी तु पूज्यते'[६७] (राजसिंहासन जेठामा जाने चलन नै राम्रो हो) भन्ने पुरानो सिद्धान्त मध्यकालमा आएर खण्डित भएको थियो। जसरी बाबुको सम्पत्तिमा

सबै भाइको समान अधिकार हुन्छ, त्यसै गरी राज्याधिकारमा पनि सबै भाइको समान हक हुन्छ भन्ने धारणाले नै त्यस वेला जरो गाडेको देखिन्छ। तर त्यसरी सबै भाइले समान अधिकार लिई राजा कहलाई शासनसूत्र सम्हाल्दा राज्यमा खडबड पर्ने, एकता नहुने, आन्तरिक संघर्ष बढ्ने आदि कारणले गर्दा मध्यकालको नेपालको राज्यव्यवस्था अत्यन्त कमजोर भएको थियो। यसैले वारंवार विदेशी आक्रमण हुने अवसर आयो, आन्तरिक गृहयुद्धले प्रश्रय पायो र राज्य कमजोर मात्र भएन, अनेक टुक्रामा विभाजित पनि बन्यो, 'जसको शक्ति उसको भुक्ति' भन्ने उखानअनुसार जुन भाइ बलियो र चलाख भयो, उसैले कल छल बल गरी राज्यशक्ति हत्यायो। यही परम्परा कायम रह्यो।

नेपालमा मात्रै होइन, छिमेकी भारतमा पनि यस्ता कुराका उदाहरण पाइन्छन्। प्रसिद्ध मुगलसाम्राज्यमा पनि यस्तो गृहयुद्धको रूप बराबर देखिएको छ र महान् बादशाह औरङ्गजेबले कसरी शक्ति हत्याएका थिए र राजगद्दीका दाबेदार उनका दाजुभाइलाई कसरी पन्साएका थिए भन्ने कुरा बुझ्न उनैका पालाका एक विद्वान्को उक्ति नै यहाँ पर्याप्त छ-

जित्वा दाराशाहं शुजाशाहं मुरादशाहं च

औरङ्गजेबे शासत्यवनिं ममायमुद्योगः।[६८]

"दाराशाह, शुजाशाह, मुरादाशाहलाई पनि सिद्ध्याएर औरङ्गजेबले राज्य शासन गरिरहेको वेला यो मेरो (ग्रन्थ लेख्ने) उद्योग भएको हो।"

यसरी उभय त्रिभय चौभय पञ्चभय भन्ने शब्दले पुकारिने राजा कहलाएर सिंहासनमा बस्ने सौखिन भएका नेपालका यी ठाकुरहरूमा पनि क्यौंको यस्तै दुर्दशा भएको थिएन भन्न सकिँदैन।

द्वैराज्य र अर्धराज्य

अब यी संयुक्तशासनको वा द्वैराज्यको स्वरूप कस्तो हुन्थ्यो भन्ने बारेमा पनि अलिकति विचार गरौं-

प्राचीनकालमा धेरैथरी राज्यपद्धति विद्यमान थिए। तिनमा वृजिकगण, लिच्छवि, मल्ल, मद्र, कुकुर, पाञ्चाल आदि गणजातिको गणतन्त्रात्मक शासनपद्धति थियो।[६९] नीप, शाक्य, कोलि, यौधेय पनि गणजातिभित्रै पर्दथे। नीपको अभिजन (मूलथलो) सिन्धुघाटीमा थियो। पछि तिनीहरूमा केही पाहाडै-पाहाड पूर्व लागे, तिनैले अधिकार गरेर बसोबास गरेपछि यस देशको नाम 'नेपाल' रहन गएको भन्ने कुरा मैले अनुसन्धानद्वारा सिद्ध गरी त्यसको विवेचना

'नेपालनिरुक्त'मा गरिसकेको छ।[७०] अहिले यहाँ त्यसबारे विचार गर्ने हाम्रो प्रासङ्गिक विषय पनि होइन। यस-अतिरिक्त एकराजतन्त्रमा पनि साम्राज्य भौराज्य, स्वाराज्य, वैराज्य पारमेष्ठ्य, माहाराज्य आदि राज्यका भेदको उल्लेख पाइन्छ।[७१] तिनमा एकराजतन्त्र सर्वत्र प्रसिद्धै छ। द्वैराज्यको उल्लेख हाम्रा मध्यकालका अभिलेखमा प्राप्त भएकोले त्यसको पाएसम्म प्रमाणका आधारमा विचार गर्नुपरेको छ।

आचार्य कौटल्यले आफ्नो अर्थशास्त्रमा राज्यशासनपद्धति कसरी वलियो बन्छ, राज्यमा राजव्यसन कसरी पर्न आउदैन भन्नेतर्फ निकै विचार गरेका छन्- अराजकताको सङ्कट देशमा बराबर आइरहने हुँदा बरु कुलसंघकै राज्य हुनु योग्य छ, कुलसंघको शासनपद्धति भयो भने अराजकताको व्यसन आइपर्ने खतरा हुँदैन भनेर[७२] पनि बोलेका छन्। यस्तै 'कि द्वैराज्यपद्धति नै ठीक हुन्छ, यसमा बाबुछोरा वा दाजु-भाइ मिलेर शासन गर्ने हुँदा कमाउने, कमाएको जोगाउनेमा साझेदार हुने हुँदा भारदारहरूले अधिकार अँठ्याउन पाउँदैनन्। अर्थात् राज्य बलियो हुन्छ[७३] भन्ने कुरा पनि लेखेका छन्। परन्तु बाबु छोरा दाजुभाइ काकाभतिजा मिलेर राजकाज गर्दा पनि यिनीहरूमा आपसमै वैमनस्य भई राज्य कमजोर नहुने कुरा थिएन। हाम्रो मध्यकालको इतिहासले यो कुरा छर्लङ्ग पारेको छ।

लिच्छविकालमा दाजु-भाइ वा बाबुछोराको ता होइन, अर्काअर्कै वंशका राजा उपराजको शासन चलेको चाहिँ स्पष्ट देखिन्छ। मानगृहमा लिच्छविवंशका राजा विराजमान थिए भने कैलाशकूटभवनमा गुप्त वा गोमिवंशका उपराज शक्तिशाली भएर शासन गर्दथे।

यस द्वैराज्यको प्रथा हामीले माथि भनेजस्तै मध्यकालमा नेपालसंवत् शुरू भएदेखि नै प्रत्यक्ष अप्रत्यक्ष रूपले देख्दै आएका छौं। यिनमा उभयराजा भन्ने कतै उल्लेख भयो भने कतै द्वैराज्यंको उल्लेख पनि भएको छ। यी चाहिँ कौटल्यले भनेजस्तै दाजुभाइ काकाभतिजा थिए। यिनीहरू कहिले एकै ठाउँमा मिलेर संयुक्तशासन गर्दथे भने कहिलेकाहीं चाहिँ राज्य छुट्याएर शासन गर्दथे, अर्थात् राज्य एउटै, शासन एउटै भएपनि निर्धारित सीमानाभित्र एकजनाले शासन गर्दथ्यो भने अर्को ठाउँमा अर्को जनाले शासन चलाउँथ्यो। यसको उदाहरण कालिदासले मालविकाग्निमित्रमा प्रस्तुत गरेका छन्। त्यहाँ दुई भाइका नाति यज्ञसेन र माधवसेन दुई दाजुभाइले विदर्भ राज्यलाई दुई भाग गरी वरदानदीको सीमाना लगाई उत्तरपट्टि एकजनाले दक्षिणपट्टि अर्कोजनाले शासन गरेको कुरा लेखिएको छ।[७४]

हाम्रो यहाँ पनि धेरैजसो एकै ठाउँमा बसेर दुइजनाले शासन गरेको देखिन्छ, कतैकतै 'अर्द्धराज्योपभुक्ते' 'अर्द्धराज्यं करोति' आदि उल्लेख मिलेको छ। लक्ष्मीकामदेवले

अर्द्धराज्यको शासन गरेका थिए। वंशावलीमा पनि यिनले पाटनको आधा राज्यमा आफ्नो छोरालाई राखेका थिए भनिएको छ, पहिले आधा राज्यका अधिकारी भए पनि पछि यिनले सबै राज्य आफ्नो मातहतमा पारे। भास्करदेव र जयदेव पनि आधा आधा राज्यको उपभोग गर्थे भन्ने कुरा वंशावलीको पुराना पाठमा वर्णन गरिएको छ।

विक्रमको चौधौं शताब्दीमा प्रत्यक्ष अस्तित्वमा आएको उभयराज-कुलको शासन सत्ताको विभाजन देखिँदैन, संयुक्तशासन चलेको ज्ञात हुन्छ, स्थिति मल्लका छोरा नातिहरू पनि संयुक्तशासनै चलाउँथे, यिनको अधिकार वा राज्यसीमा विभाजनको प्रमाण पाइएको छैन। तर चाँगुनारायणमा रहेका दुई ताम्रपत्रले हामीलाई दुवै कुरा स्पष्ट व्यक्त्याउँछन्। यक्ष मल्लका छोरा, जुवाइँ गरी चार भाइ दुई भाइ छोराका विरोधमा एकगठ भएर संयुक्त शासन गर्ने पण गर्दछन्[७५] भने पछि भक्तपुरका राजा राय मल्लका छोरा आपसमा भक्तपुर राज्यको विभाजन गरी यस टोलको शासन यसले गर्ने यस टोलको शासन यसले गर्ने भनी क्षेत्रविभाजन गरेर शासन चलाउने धर्मपत्र[७६] गर्दछन्। यसबाट मध्यकालमा पनि यो प्रथा कायम थियो। परम्परागत प्रथालाई नै यहाँ यिनले अंगालेका हुन् भन्ने कुरा बुझिन्छ। यसरी द्वैराज्य र अर्द्धराज्यका अर्थ हामीलाई केही रूपमा लाग्न आउँछ, कौटल्यले बताएको एक पद्धति मिलेर दाजुभाइ वा बाबुछोरा संयुक्तरूपमा शासन गर्ने थियो भने अर्को चाहिं कालिदासले देखाएजस्तो राज्यको सीमालाई क्षेत्रविभाजन गरेर शासन चलाउने थियो। यी दुवै प्रथा नेपालमा द्वैराज्य र अर्द्धराज्यको रूपमा मध्यकालमा विद्यमान थिए।

लक्ष्मीकामदेव

भोजदेव रुद्रदेवका साथमा अर्द्धराज्यका अधिकारीका रूपमा वि.सं. १०७१ मा देखिएका लक्ष्मीकामदेवको वर्णन माथि गरियो। यसको बाह्र वर्षपछि वि.सं. १०८४ मा लेखिएको प्रज्ञापारमितामा रुद्रदेवको मात्र एकलौटी शासन भएको कुरा देखिन्छ।[७७] यसपछि दोस्रा गुणकामदेवको नाम आउँछ। गुणकामदेवको कुनै अभिलेख नपाएकोले लेवीले गुणकामदेव र लक्ष्मीकामदेव एकै व्यक्ति हुन् भन्ने अनुमान गरेका थिए।[७८] नामको कामको सादृश्यले भाषापाठमा यिनलाई कतै गुणकामदेवको छोरा कतै नाति लेखिएकोले पनि पेटेकले यिनलाई गुणकामदेवकै वंशज भन्ने अनुमान लाएका छन्। पुराना वंशावलीका सबै पाठमा यिनको शासनकाल २१ वर्ष दिइएको छ। भाषावंशावलीको एक पाठमा यिनको शासनकाल २२ वर्ष र पद्मगिरिको पाठमा २० वर्ष दिइएको छ। लक्ष्मीकामदेवका पाँच अभिलेख प्राप्त छन्।[७९] ती अभिलेख अनुसार वि.सं. १०७१ देखि १०९६ (ने.सं. १३५-१५९) सम्म यिनी देखिन आउँछन्। बीचमा ने.सं. १४४ मा गाङ्गुटालङ्का (काठमाडौं) मा करुणाकरदत्तले लेखेको

पुस्तकमा यिनी एक्लै शासनमा देखिन्छन्। त्यसको चार वर्षपछि ने.सं. १४८ मा लेखिएको प्रज्ञापारमितामा रुद्रदेवको मात्र नाम देखिन आयो।[८०] ने.सं. १५६ देखि १५९ सम्मका अरू चार अभिलेखमा लक्ष्मीकामदेवको मात्र नाम उल्लेख गरिएको छ।[८१] यसो हुँदा यिनको शासन सं. १०७१ देखि १०९६ सम्म लगातार चलेर आएको थियो, बीचमा देखिएका रुद्रदेव कि संयुक्त रूपमा थिए कि अर्धराज्यको उपभोग गर्दथे भन्ने नै झल्कन्छ। ने.सं. १५८ (वि.सं. १०९५) को यिनको राज्यको बयान निष्कण्टक भनी गरिएकोले र भाषावंशावलीमा पनि यिनले छोरा विजयदेवको लागि पाटनको आधा राज्य खोसेर लिए र छोरालाई त्यहाँ राजा बनाई राखे भनिएकोले विस्तारै यिनले सहकर्मीलाई हटाएर राजसिंहासनमा आफ्नो निष्कण्टक अधिकार जमाएको बुझिन्छ। भोजदेवपछि यिनको अधिकार बढ्दै गएको हुँदा त्यही समयदेखि यिनको शासनकाल गनेर वंशावलीले २१ वर्ष दिएको हुनुपर्छ। लक्ष्मीकामदेवले आनन्दपूर्वक निष्कण्टक राज्य गरे भनी लेखिएको कुरा उनका पालामा लेखिएको 'कुब्जिकामत'को 'लक्ष्मीकामदेवस्य राज्ये निष्कण्टके युते' भन्ने उक्ति ठ्याम्मै मिलेकोले यिनले आफ्ना विरोधीलाई कज्याएर चोरडाँका हटाएर राज्य गरेको कुरामा विश्वास हुन्छ।

भोजदेव र लक्ष्मीकामदेवका बारेमा पुराना वृत्तान्तका विभिन्न पाठमा दुई वाक्य उल्लिखित भएका छन्। "भोजदेवेन श्रीमण्डप विनाशिता"[८२] त्यस्तै 'राजा लक्ष्मीकामदेव वर्ष २१ तेन हि चंपटपश्चात् सहिते संवत्सरे निधाने राष्ट्रशान्ति कृता'[८३], यी वाक्यको ठीकसँग अर्थ लागेको छैन। भाषावंशावलीले पनि राम्रो व्याख्या गरेको पाइएन। "भोजदेवले श्रीमण्डप विनाश पारे" भन्ने भाव माथिल्लो वाक्यबाट आउँछ। "इतिहाससंग्रह" मा उल्टो यिनले पिताले स्थापना गरेका शहरका रक्षाधिकारी देवी भैरवहरू मानी वर्षबन्धन पूजा र यात्रा समेत गरी राम्रोसँग प्रजाको पालना गरे भनिएको छ। लक्ष्मीकामदेवले राष्ट्रमा शान्ति ल्याएको कुरा त यसबाट स्पष्ट हुन्छ। यहाँ रहेको चम्पट शब्दको अर्थ नलागुन्जेल रहस्य राम्ररी खुल्दैन। पेटेकले दुई शय वर्षदेखिको संघर्ष (?) यिनका पालामा आएर शान्त भएको कुरा लेखेका छन्।[८४] तर लक्ष्मीकामदेवको पालामा नेपालराष्ट्रमा शान्ति कायम भयो भन्न पनि सकिँदैन, किनभने अघिल्लो सालमा लक्ष्मीकामदेवले निष्कण्टक राज्य गरे भनेर लेखियो तापनि लगत्तै अर्को साल (वि.सं. १०९६ वैशाख) मा लेखिएको हंसयामलको पुस्तकमा "खृम्पृडब्रुमामा महायुद्ध (ठूलो लडाइँ) चलेको वेला दुःस्तर संसार तर्ने कामनाले यो पुस्तक लेखियो" भनिएको छ।[८५]

भादगाउँमा चलेको यो महायुद्ध अत्यन्त भयङ्कर पीडादायक थियो र नै पुस्तक सार्नेले यस जीवनमा धेरै दुःखकष्ट पाएपनि परलोक सुधार्ने ध्येय राखेको बुझिन्छ। यो युद्ध आन्तरिक थिएन, आन्तरिक युद्ध भएको भए कान्तिपुर ललितपुरमा मुख्य गरेर चल्दथ्यो।

भक्तपुर डाँडोमा परेको गढी जस्तो ठाउँमा बसेको हुनाले शत्रुले घेरा हालेर यो किल्ला कब्जा गर्ने उद्योग गरेको थियो भन्ने देखिन्छ। यो युद्ध कति समयसम्म चल्यो भन्न सकिँदैन। यस महायुद्धपछि भास्करदेव राजा देखिन आउँछन्। यिनलाई सबै आधुनिक वंशावलीले एकै मुखले नुवाकोटे वैश्य ठकुरी भनेर लेखेको हुनाले पुराना राजवंशलाई पन्साएर यिनी राजा भए भन्ने कुरा धेरै इतिहासकारहरूले पनि लेख्तै आएका छन्। यसमा पछि विचार गरिनेछ। तर यस वेला नेपालदूनमा यस किसिमका बाह्ययुद्ध, आक्रमण आन्तरिक संघर्ष र राजसत्ताका लागि प्रतिद्वन्द्विता प्रतिवर्ष परिरहन्थे। यसको ३/४ वर्षपछि दीपङ्कर श्रीज्ञान नेपालदूनमा आउँदा त्यस्तो संघर्ष चलेको देखिँदैन, पछि ङरीबाट फर्केर केरुङ आइपुग्दा यहाँ यस्तै ठूलो महायुद्ध चलेर बाटोघाटो बन्द भइरहेको कुरा भोटवृत्तान्तबाट अवगत हुन आउँछ।[८६]

लक्ष्मीकामदेवको पालामा लेखिएको "शिवधर्म"को पुस्तकमा लेखक कुलपुत्र रत्नसिंहले आफ्नो ठेगाना तैत्तिरीयशाला (यजुर्वेदको तैत्तिरीयशाखा पढ्ने घर) दिएका छन्।[८७] यसबाट त्यस वेला वैदिक ग्रन्थको पठनपाठन कस्तो कतिसम्म हुन्थ्यो यसै भन्न सकिँदैन, तर लिच्छविकालदेखि प्रतिष्ठापित वैदिकपरम्पराको थोरै भएपनि अवशेष चाहिँ बाँकी थियो भन्न सकिन्छ।

जयदेव

लक्ष्मीकामदेवपछि जयदेवको शासन चल्यो। क पाठ छोडेर पुराना पाठमा जयदेवको शासनकाल २० वर्षको दिएको छ। क पाठमा विजयदेवको ३१ वर्षको शासनकाल लेखेको छ। यसैको आधारमा पेटेक्ले यिनलाई विजयदेवकै नामले पुकारेका छन्।[८८] भाषापाठमा बाबुको नामजस्तै विजयकामदेव नाउँ छ र शासनकाल २० वर्षकै तोकिएको छ। तर यिनका पालाको केही अभिलेख पाइएको छैन। यसको कारण यिनको नाम यही शुद्ध हो भन्न पनि गाह्रो परेको छ। अघिपछिका राजाको समयतालिका हेर्दा यति धेरै समय यिनले शासन गरेको देखिँदैन। पुराना पाठमा तिनले ललितपुरको आधा राज्य गरे[८९] भनी लेखिएको छ र केही पाठमा १० वर्ष आधा राज्य गरेको समय तोकिएको र ७ वर्ष ४ महीना यिनले भास्करदेवसँग मिलेर शासन गरेको र उभयराज्य समय भनी उक्त पाठमा लेखिएको हुनाले[९०] यिनले २ वर्ष ८ महीनाको समय एक्लौटी शासन गरेको देखिन्छ। बाबुले नै जबर्जस्ती ललितपुरको आधा राज्य खोसेर त्यसमा यिनलाई टेकाएको भाषापाठमा पनि उल्लेख भएको कुरा हामीले माथि पनि चर्चा गरिसक्यौं, पुगनपुग तीन वर्ष यिनको शासन चलेपछि वि.सं. १०९९ मा भास्करदेवको उदय अनुमान गर्न सकिन्छ। वि.सं. ११०२ देखि मात्र भास्करदेवका अभिलेख चाहिँ पाइएका छन्। लक्ष्मीकामदेवपछि जयदेवको शासनकालमा अथवा

भास्करदेवको उदय हुनेताका नेपालमा आएका विक्रमशिला महाविहारका महापण्डित दीपङ्कर श्रीज्ञानको भोटमा पाइएको जीवनीबाट पनि यस वेलाको नेपालको स्थितिको केही जानकारी हुने हुँदा यसबारेमा पनि यहाँ अलिकति चर्चा गर्नुपरेको छ ।

दीपङ्कर श्रीज्ञान (अतिशा)

यस वेला छिमेकी तिब्बत तीन प्रान्तमा विभाजित थियो । मध्यतिब्बत वू दक्षिणी भाग साङ र पश्चिमी पाहाडी प्रदेश ङरीको नामले प्रसिद्ध थियो । लाङ्दार्माको बुद्धधर्मविरोधी अभियानपछि तिब्बतमा सो धर्म क्षीण अवस्थामा पुगेको र आडम्बरप्रधान बनिसकेको थियो । पुराना राजवंशकै एकशाखा ङरी प्रदेशका राजा भएका थिए । पछि यो प्रदेश लद्दाख पुराङ गुँगे गरी तीन प्रदशेमा विभक्त भयो । जेठा यो शे ओ (ज्ञानप्रभ) ले आफ्ना दुई छोरा नागराज देवराज सहित भिक्षु बनी भाइलाई राज्यभार सुम्पेका थिए ।[९१]

भोटको बौद्धधर्मको अवस्था देखेर ज्ञानप्रभ हतप्रभ थिए । धेरै भोटे केटाहरूलाई काश्मीरमा बौद्धधर्मको अध्ययनको लागि पठाएका थिए, यसमा पनि उनलाई सफलता मिलेन र यसपछि उनी शान्तरक्षित सहहकै कुनै विद्वान्लाई ल्याएर धर्मको वृद्धि गर्न चाहन्थे । यिनले गुँगेको थोलिङ्गमा सम्येजस्तै ठूलो मठको स्थापना गरे । यो मठ भोटको र भारतको विशेष गरेर पालसंस्कृतिको संगमस्थल बनेको छ ।[९२]

भारतबाट विद्वान् झिकाउन प्रयत्न गर्दा गर्दै ज्ञानप्रभ गर्लोकका शासकका कैदमा परे । उनी भरीको सुन दिए मात्र उनी बन्धनमुक्त हुने भए । तर उनले छुट्न चाहेनन् । आफ्नो उत्तराधिकारीलाई सो धनले धर्मको अभिवृद्धिका लागि भारतबाट बौद्ध विद्वान् झिकाउने आदेश दिए ।[९३]

ज्ञानप्रभको यस्तो त्याग र प्रेरणाले र बोधिप्रभको ठूलो प्रयत्नले भारतको विक्रमशिलामहाविहारबाट ठूला विद्वान् दीपङ्कर श्रीज्ञानलाई भोटमा लगियो । त्यस वेला उनी यस महाविहारका आठ द्वारपण्डितमध्ये एक थिए । यिनी शान्तरक्षित जन्मेकै विक्रमपुरका माण्डलिक राजकुलमा जन्मेका थिए । यिनको नाम भोट, भारतमा प्रसिद्ध थियो । प्रसिद्ध सिद्ध अवधूतिपा नारोपा डोम्वीपा आदि विद्वान् र सिद्धसँग उनले बौद्धधर्मसम्बन्धी ज्ञान, तन्त्रमन्त्र अध्ययन गरेका थिए ।[९४] अतिशा सिद्ध योगी भएपनि सामयिक राजनीतिमा पनि यिनको ठूलो हात थियो । बंगालका राजा नयपाल र चेदिका प्रसिद्ध राजा कर्णको बीचमा मगधको लागि ठूलो भिडन्त परेको थियो । त्यसमा आचार्य अतिशा अघि सरी दुवै राजाको बीचमा मिलाप गराएका थिए ।

भोटवृत्तान्तअनुसार ज्ञानप्रभको उत्कट प्रेरणाले बोधिप्रभले १६ द्रोण (१६ स्वाङ) सुन लिएर दूतमण्डल पठाएका थिए। पहिले वीर्यसिंह र पछि नाच्छोलोचवा (जयशील)को नेतृत्वमा दूतमण्डल विक्रमशिला महाविहार गएको थियो। वीर्यसिंह र जयशील दुबै सोही महाविहारका छात्र थिए। तिब्बती दूत जाँदा बुद्धगयामा तीर्थ गर्न गएका दलबलसाथ लिएका नेपाली राजा पनि साथैमा थिए भन्ने कुरा भोटवृत्तान्तमा वर्णित छ।[९५]

केही समयपछि आचार्य अतिशा विक्रमशिला महाविहारबाट बिदा भएर वज्रासन (बुद्धगया) गए। वि.सं. १०९७ मा नेपाल उत्रेर सिंभुचैत्यमा बसे। एक वर्ष नेपालमा बिताएर वि.सं. १०९९ मा ङरीतर्फ प्रस्थान गरे।[९६]

अतिशाको बारेमा मैले अन्यत्र पनि लेखिसकेको छु। त्यसमा एक दुई कुराको पुन: यहाँ चर्चा गर्न आवश्यक परेको छ।

१. अतिशा आउँदा टिशोङढोङसम्म स्वागत गर्न राजाले मानिस पठाएका थिए।

२. अतिशा नेपाल रहँदा गौड (वङ्गाल)का राजा नयपाल थिए। उनलाई अतिशाले पत्र लेखेका थिए। सो "विमलरत्नलेख" भन्ने नामले प्रसिद्ध छ। सो लेख तिब्बतीमा अनूदित भई त्यन्ज्यूरमा सङ्कलित भएको छ।

३. उनले नेपाल बस्ता 'चर्यासंग्रहप्रदीप' भन्ने धार्मिक गीत बनाएका थिए, सो चर्यागीत प्रसिद्ध भएर पाठ गरिँदै छ।

४. अतिशालाई नेपालमा स्वागत गर्ने राजाको नाम भोटवृत्तान्तमा अनन्तकीर्ति भनी लेखिएको छ। उनले आफ्नो छोरालाई आचार्यका पासमा भिक्षुचर्यामा दीक्षित गराएका थिए र आचार्यले बनाएको थम्विहारमा उनी संघमुख्य भएर बसेका थिए।

५. आचार्यले राजालाई आफू चढेर आएको हात्ती धार्मिक कार्यमा मात्र प्रयोग गर्नू भनेर दिएका थिए।

६. अतिशा होल्खामा पनि गएर पल्पोभ्फोङ्ग (पल्पोहिथाङ्ग) पनि गए।[९७]

यी माथिका कुरामा निकै विवाद छ। साँच्चै आचार्य अतिशाका बारेमा हाम्रा यहाँका वंशावली मौन छन्। वंशावलीमा त उनको र उनी जस्तै भोट जाने प्रसिद्ध बौद्ध विद्वान्हरूको पनि कहीँ चर्चा मिल्दैन। शङ्कराचार्यको शास्त्रार्थपछि केही बौद्ध भोट गए, एकजना तिरहुते तान्त्रिक मिश्र बाहुनले भोटका दूधे लामालाई तान्त्रिक प्रयोगले परास्त पारे, आदि कथा वंशावलीमा भेटिन्छन् तापनि ऐतिहासिक पात्रका बारेमा कुनै अभिलेखमा उल्लेख मिल्दैन।[९८] त्यस कारण भोटवृत्तान्तमा वर्णित यी स्थाननाम, राजाको नामको निर्णय गर्नु महामुस्किलको कुरा भएको छ।

तिब्वती भाषामा नेपाली राजाको नाम "ठक्पा था यस्" भन्ने पाइन्छ। यसको अनुवाद अनन्तकीर्ति वा अनन्तयशा हुन आउँछ।[९९] यस वेला नेपालमा यस्तो नाम भएका राजा छैनन्। लक्ष्मीकामदेवको अन्त्य र भास्करदेवको उदयको बीचको यस अवधिमा जयदेव राजा थिए भन्ने कुरा हामीले माथि नै उल्लेख गरिसक्यौं। यशोदेव भन्ने राजा यसभन्दा अलिकपछि बलदेवका साथमा उपराजको रूपमा देखिएका छन्।[१००] यस्तो अवस्थामा अनन्तकीर्त कि त कुनै स्थानीय सामन्त राजा थिए, कि त अभ्यागतको स्वागतको लागि खटिएका कुनै राजकुमार थिए भनेर नै अहिलेलाई हामीले चित्त बुझाउनुपरेको छ।

टिशोङढोङसम्म स्वागतदल आचार्यलाई वल्कन गएको कुरामा ढोङ भन्ने पाठ होइन भारो हो भनी यो स्थान नामलाई व्यक्तिविशेषको नाम बनाउने प्रयत्न गरेको पाइन्छ।[१०१] परन्तु टिशोङढोङलाई हाम्रो यहाँको टिस्टुङसँग सामञ्जस्य गर्न चाहिँ सकिन्छ। किन भने प्राचीन कालमा नेपालदून पस्ने मुख्यद्वार टिस्टुङ्ग थियो। यसको प्रत्यक्ष प्रमाण लिच्छविकालका अभिलेखहरू नै छन्। कर्णाट, महाराष्ट्र, गुजरात काशी कोशल श्रावस्ती कान्यकुब्ज कपिलवस्तुका व्यापारी दल देवघाट तरेर टिस्टुङ पालुङ हुँदै नेपाल भित्रिन्थे। यस कारण अतिशा पनि यसै बाटोबाट आउँदा नेपालदूनबाट त्यहाँ स्वागतका लागि प्रतिनिधि जानु निकै संभव कुरा हो।

अतिशा पल्पोफोङ र पल्पोहिथाङ्ग गएको कुरामा पनि ठूलो विवाद छ। तिब्वती भाषामा नेपाल भन्दा बल, बल्युल वल्पो भेयुल आदि प्रयोग पाइन्छन्। बल्पोकै रूपान्तर पल्पो भने पनि फोङ्ग र थानले यसमा शङ्का बढाएको छ। तिब्वती भाषामा फोङ किल्ला हो थान मैदान हो। यसैले अतिशा पाल्पा गएको कुरा धेरैजसोले लेखेका छन्। पल्पोफोङ नुवाकोट हो भन्ने पनि तर्क छ।[१०२]

यस्तै अतिशा भारतबाट कुन बाटो आए र जाँदामा कुन बाटो गए भन्नेमा पनि विद्वान्हरूमा विवादै छ। अलकाले गयाबाट पटना चम्पारन हुँदै नेपाल उत्रेको कुरा लेखेकी छन्।[१०३] तर यहाँनिर एउटा शङ्का के छ भने उनी सोझै नेपाल आउँथे भने भागलपुरबाट तिरहुत हुँदै आउन धेरै छोटो बाटो थियो। सो छोडेर उनी गया गए। आफ्ना गुरुभाइ साथी भाइसँग बिदा हुनु र बौद्धधामको तीर्थ गर्नु पनि उनको लक्ष्य बुझिन्छ। दुर्गम देशमा हिँडेका विद्वान्ले चार धाम गरेरै गएको कुरा विश्वसनीय हुन आउने हुँदा उनी त्यहाँ बुद्धको धर्मप्रवर्तनस्थल सारनाथ र जन्मस्थल लुम्बिनी हुँदै प्रसिद्ध बाटोबाट टिस्टुङ हुँदै आएको कुरा मैले ठहराएको छु। यस बाटोबाट आउँदा उनले शैव जोगी र बौद्ध विहार सीमानामा मित्रविहार भेटेको कुरा पनि मिल्न आउँछ।

अतिशा नेपालदूनबाट कुन बाटो गए भन्ने बारेमा धेरैथरीले अनुमान लाएका छन्। पैदलमार्गबाट ओहोरदोहोर गरुन्जेल नेपालदूनबाट पूर्वपश्चिम जाने बाटा तीनवटा थिए, तराई झरेर मैदानबाट, पाहाडैपाहाडबाट र हिमालयबाट। हिमालयबाट जाने बाटोलाई भोटबाट जाने बाटो भनिन्थ्यो र वर्षामा तराईबाट पाहाडबाट जान आउन औलाको डर, भेलको डर, घाटजंघारको असुविधाले भोट भएर जानेबाटो चलनचल्तीमा थियो।[१०४] पूर्व सुखीम धर्मातर्फ जाँदा, पश्चिम जुम्ला हुम्लातर्फ जाँदा पनि भोटको बाटो उपयोग गरिन्थ्यो। त्यस कारण अतिशाको विषयमा अनुसन्धान गर्ने अलकाको अनुमान अनुसार उनी जङ्थाङको बाटो खोचरनाथ हुँदै थोलिङ्गतर्फ गएको कुरा नै विश्वसनीय देखिन्छ।[१०५]

अतिशा फर्केर ङरीक्षेत्रबाट केरुङ आएर नेपालबाट स्वदेश भारत जान चाहन्थे। तीन वर्षमा फर्केर आउने उनको कबोल पनि थियो, परन्तु त्यस वेला नेपालमा ठूलो युद्धसंघर्ष चलेर बाटो बन्द थियो। यसले गर्दा उनी स्वदेश जान सकेनन्[१०६] र उनका प्रिय भोटे शिष्य डोमतोनको प्रार्थना अनुसार वूप्रदेशतर्फ बुद्धधर्मको प्रसारका लागि गएका फेरि फर्केर आएनन्। बौद्धग्रन्थको अनुवाद गर्ने बौद्धधर्मको प्रतिष्ठा बढाउने काम गर्दागर्दै उनको जीवन उहीँ बित्यो।

१.३ टिप्पणी :

१. लिच्छविकालका अभिलेख १०-१३ पृ. र ५४८-५२ पृ.

२. पुराना वृत्तान्त कपाठ २३ कपत्र, खपाठ १ पत्र

३. उही २२ खपत्र

४. उही २३ कपत्र

५. चाँगुनारायणको ऐ. सामग्री ८/९ सं. अभिलेख ।

६. लि. अभिलेख ५९१ पृ. ।

७. सौश्रुती संहिता सहोत्तरतन्त्रको पुष्पिकावाक्य । केशरलाइब्रेरी ६९९ संख्या,

लिच्छविकालका अभिलेख ५९९ पृ. ।

सौश्रुती संहिता वसुवर्मा नामक वैद्यले गणदेवले बनाएको देवालय भएको दूरीग्वलक भनिने टोलमा बसेर सारेका थिए । (रेग्मील्ने एन्सेन्ट नेपाल २०८ पृष्ठमा अशुद्ध छापेका थिए । पेटेकले योग नमिलेको कुरा गरेका छन्,)

मेडिवल् हिष्ट्री अफ् नेपाल २९ पृ.

८. उही,

९. उही सौश्रुती संहिताको पुष्पिकावाक्य ।

१०. सुमतितन्त्रमा दिएको सो टिप्पणीवाक्य पनि माथि दिइएको छ ।

११. **राजा मानदेववर्ष ३१ तेन कृते न्होलतवनिमम्**

गोपालराजवंशावली २३ कपत्र, १२६ पृ. ।

राजा श्रीमानदेव वर्ष ३६ तेन बहल्वनादं तवनीमि प्रतस्थितं ।

केशरवंशावली १ पृ.

न्होलतवनिमंको अर्थ कमलप्रकाश मल्लले ठूलो शहर वा ठूलो बजार हुन सक्छ भनी लेखेका छन् ।

गो.वं. १२६ पृ.

१२. अन् एकाउन्ट अफ् द किङ्डम् अफ् नेपाल २६३ पृ.

१३. (पुरानो वृत्तान्त) क पाठ २३ कपत्र

१४. शंकरदेवका **विषयमा** भाषावंशावलीमा शङ्कराचार्य नेपाल आउँदा यी जन्मेकोले यिनको नाम सो रहेको भन्ने कुरा लेखिएको छ । शङ्करको माहात्म्य सुनेर नाम राखेको भए

बेग्लै कुरा, तर त्यस वेला शंङ्कराचार्य नेपाल आएको प्रमाण पाइएको छैन। पछिका शंङ्कराचार्य चाहिँ नेपाल आएका थिए।

द्रष्टव्य-पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्वन्धमा समीक्षा।

१५. नेपालमण्डल २८६ पृ.

१६. मेडिवल् हिष्ट्री अफ् नेपाल ३२ पृ.।

च पाठमा यिनको वर्ष एक्कासि बढेर ८८, ६ पुगेको देखिन्छ (२६२ पृ.)। परन्तु यो लेख्ता भूल परेर १८ को ८८ हुन पुगेको बुझिन्छ।

१७. मेडिवल् हिष्ट्री अफ् नेपाल, ३३ पृ.

१८. (क) पाटन कुम्भेश्वर उमामहेश्वरको मूर्तिको अभिलेख, अभिलेखसंग्रह ९ भाग २४ पृ.
(ख) सुमतिपञ्जिका, राष्ट्रिय अभिलेखालय ७३२ संख्या, मे. नेपाल १ भाग, ११० पृ.

पाटन मच्छेन्द्रबहालको अर्को अभिलेख पनि यिनै गुणकामदेवको हो भनी पेटेकले यही क्रममा उनका तीन अभिलेख राखेका छन्। (मे.हि.ने. ३३ पृ.) त्यसमा राजाको नाम 'देवस्य' मात्र बुझिन्छ। संवत् १०९ लेखिएको छ। मानदेवसंवत् १०३ मा लिच्छवि राजा नरेन्द्रदेव र ११८ मा शिवदेव राजा थिए। यिनैमध्ये एकको यो अभिलेख हुनुपर्छ। सो अभिलेख अभिलेखसंग्रह ५ भाग १० पृ. मा र लिच्छविकालको अभिलेख ५११ पृष्ठमा पनि छापिएको छ। धनवज्रले यस अभिलेखलाई लिच्छविकालको भने। तीन शय वर्षपछिका गुणकामदेवको हो भनी पेटेकले भनेका छन्। सायद उनलाई यो नेपालसंवत् हो भन्ने धारणा परेको हुनुपर्छ। यसैले उनले यसलाई गुणकामदेवको हो भनी निश्चय गरे।

१९. राजा गुणकामदेव वर्ष ८५ मा ६ तेन श्रीपशुपतिभटारकाय एकादश कोष संप्रदत्ता। तत्रेव मीशान्येश्वर भटारकस्य ताम्रसंखला सछादनं कृता।

तत्रेव दीर्घ चोपाहीं कृता : तत्रैव स्ववर्णपनाली (कृ)ता : कोटिहोम पूर्णा कृतम्॥

गो.वं. २३ खपत्र

कोशको अर्थ आजसम्म सबैले एकै स्वरले ढुकुटी (ट्रेजर) भन्ने गरेका छन्।

धनवज्र-कमलप्रकाश मल्लले पनि द गोपालराजवंशावलीमा सबै ठाउँमा ढुकुटी भन्ने नै अर्थ लाएका छन्।

मैले यहाँ कवच भन्ने गरेको छु, 'कोशार्थनिरूपण' भन्ने छुट्टै लेखमा यसको मैले सप्रमाण विवेचना गरेको छु।

प्रज्ञा ६५ पूर्णाङ्क, ८० पृ.

२०. यो शहर बसाएको मिति वंशावलीले २८२४ कलिगत वर्ष दिएको छ । यसको वि.सं. ७२३ हुन आउँछ । यसले गर्दा र यिनको कुनै अभिलेख पनि नपाएकोले लेवीले यिनी प्रसिद्ध राजा भए पनि यिनले शहर बसाएको स्वीकार गरेका छैनन् ।

लि नेपाल २ भा.१८४-८६ पृ.

कसैले यो शहर बसाउँदा दिनको १ लाख खर्च लागेको थियो भनी लेखेका छन् । तर वंशावलीको लेखाइमा उल्टो अर्थ लगाइएको बुझिन्छ । भाषावंशावलीको संस्करणमा १ लाखको कारोबार होउन्जेल लक्ष्मीले यस शहरमा वास गरिरहने छन् भन्ने स्पष्ट उल्लेख गरिएको छ ।

२१. केशवचन्द्रको नाम वंशावलीका केही पाठमा मात्र पाइन्छ ।

२२. संवत् ४७८ भाद्रशुद्धि १० लक्षा भगवती सम्पूर्ण दिवस महायानयायिन : परमधार्मिक परमसर्वज्ञशासनिक श्रीकोलिग्रामीय श्रीभास्करदेवसंस्कारित श्रीकेशवचन्द्रमहाविहाराधिवासिन शाक्यभिक्षु बुद्धाचार्य श्रीराजब्रह्म श्रीनामा ।

इटुम्वहालमा रहेको पुस्तकको पुष्पिकावाक्य ।

हनूमान्ढोका राजदरबार ४ पृ.

२३. ललितमहेश्वर भन्ने नाम मानदेवसंवत् ३९ (वि.सं. ६७२) को अंशुवर्माको पशुपति अभिलेखमा छ ।

ललितब्रुमा अर्थात् ललितपुर भन्ने नाम ने.सं. ४० (वि.सं. ९७७) शङ्करदेवका पालामा पहिले देखियो । गुणकामदेवका पालाको ने.सं. १०७ (वि.सं. १०४४) को अभिलेखमा ललितेश (ललितमहेश्वर) को स्तुति गरिएको छ ।

२४. 'माणिग्वल' यस नामले पाटन मंगलबजार सम्बोधित हुन्छ ।

यसको पहिलो उल्लेख गुणकामदेवका पालाको यही ने.सं. १०७ (वि.सं. १०४४) को अभिलेखमा पाइयो ।

२५. धनवज्र वज्राचार्यले पनि यही मत व्यक्त गरेको पाइन्छ ।

मध्यकालका शुरूका केही अभिलेख, कन्ट्रिव्युसन्स् टु नेपलिज् स्टडिज् (सिनास जर्नल) १० भा. १ सं. १०८ पृ.

२६. प्रज्ञापारमिता (साक्यगुम्बा) ।

संस्कृत पल्म्लीफ् म्यानुस्क्रिप्ट् इन् टिबेट (तिब्बतमा रहेका ताडपत्रका संस्कृत पुस्तक) जर्नल विहार रिसर्च सोसाइटी २३ भाग, २९ पृ.

२७. विष्णुमूर्तिको अभिलेख (न्यूयोर्क)

द आर्ट अफ् नेपाल १भा. ७४-७९ पृ. तथा सिनास जर्नल १० भा. १ संख्या १०, १०९ पृ.

२८. लिच्छविकालका अभिलेख ५७३ पृ.

२९. उही ५३० पृ.

३०. टिष्टुङ्गका विषयपतिको उल्लेख सर्वप्रथम अंशुवर्माको अभिलेखमा पाइन्छ ।
उही ३०९-१३ पृ. द्रष्टव्य

३१. राणकको परिभाषा तल दिएको छु । 'राणा राणक राने' भन्ने मेरो लेख दष्टव्य-
प्रज्ञा ८३ (क) पूर्णाङ्क

३२. माथि २६ टिप्पणी ।

३३. उही २३ भाग २५ पृ.

३४. अष्टसाहस्रिका प्रज्ञापारमिता, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, ए.डी.डी. २१९० मेडिवल् हिष्ट्री अफ् नेपाल ६३ पृ.

३५. मेडिवल् हिष्ट्री अफ् नेपाल (प्रथम संस्करण) ५० पृ.
"रेग्मीले पनि पेटेकको मतलाई नै सकारेका छन्," मेडिवल् नेपाल १ भा. ५०७ पृ.

३६. मध्यकालका शुरूका केही अभिलेख, सिनास जर्नल, १० भा. १ सं. ९९ पृ.

३७. द टू अर्लियस्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल, २० पृ.

३८. मेडिवल् हिष्ट्री अफ् नेपाल (द्वि. संस्करण) ३४-३५ पृ.

३९. स कालगण्डिकातीराश्रयात्युच्चाश्मवेश्मनि
निचखान जयापीडमाप्तानां रक्षिणां करे ।

राजतरङ्गिणी - ४।५४५ ॥

"अरमुडिले कालीगण्डकीको किनारमा बनेको अत्यन्त ऊचो ढुंगाको किल्लाघरमा विश्वासिला सिपाहीका जिम्मा लाएर जयापीडलाई थुनेर राखे"

४०. शंकरदेवका पालामा ने.सं. १८९ मा (वि.सं. ११२६) लमजुङ्गमा गङ्गा राणकले लेखेको अष्टसाहस्रिका प्रज्ञापारमिता, डोरगुम्वा, जर्नल विहार रिसर्च सोसाइटी २१ भा. ३३ पृ. र ने.सं. ३२१ (वि.सं १२५७) का अरि मल्लका पालामा लेखिएको वृत्तसारसंग्रह धर्मपुत्रिका राष्ट्रिय अभिलेखालय ५/७३८ मेडिवल् नेपाल १ भा. २०७ पृ.

४१. सिनास जर्नल १० भा. १ सं. ९९ पृ.

४२. क) उही,
ख) प्रज्ञा ८३ (क) पूर्णाङ्क; १०-१२ पृ.
ग) मेडिवल् हिष्ट्री अफ् नेपाल ८० पृ.

घ) द टू अर्लियस्ट् कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २४ पृ.

४३. शेर-कनक । शेरथुप्- कनकमुनि ।

प्रज्ञा, (संस्कृत तिब्बती कोष) १ खण्ड ६ पृ.

४४. शेरघार-सुवर्णकार । शेरचन- सुनवाला, उही १ खण्ड ५७ पृ.

४५. (क) महाराजाधिराज श्रीमान् देवपालदेवः कुशली श्रीनगरभुक्तौ राजगृहविषयान्तपाति ......गयाविषयान्तःपाति-कुमुदसूत्र-वीथीप्रति - (ब) द्धपालामकग्रामेषु समुद्गता (न्) सर्ब्वानिव राज-राणक राजपुत्र-राजामात्य-महाकार्त्ताकृतिक महादण्डनायक-महाप्रतीहार महासामन्त"

(देवपालको नालन्दाको ताम्रपत्रबाट -सेलेक्ट इन्स्कृप्सन्स् २ भा. ७५ पृ.

यो ताम्रपत्र देवपालले सुवर्णद्वीप (सुमात्रा) का महाराज वालपुत्रदेवको अनुरोधमा नालन्दा विहारका भिक्षुका लागि जग्गा गूठी राखेर राखेको हो । यसमा दिएको राणक पद राजामनि राजकुमार महासामन्तसम्मका पदभन्दा माथिको छ ।

(ख) महाराजाधिराज : श्रीमान् श्रीचन्द्रदेवः कुशली श्रीपौण्ड्रवर्द्धनभुक्त्यन्तःपाति श्रीहट्टमण्डलसातलवर्गसम्बद्ध अवेडि (आवेदी) कासमेत गरलाविषयपोगारविषयचन्द्रपुरविषयेषु समुपगताशेषराज्ञी राणक राजपुत्र महासान्धिविग्रहिक महासैन्यपति महामुद्राधिकृत-महाक्षपटलिक पादमूलिक महाप्रतीहार -

श्रीचन्द्रदेवको सिलहट (बङ्गलादेश) को ताम्रपत्र, उही ९७ पृ.)

यो ताम्रपत्र चार वेद षड्वेदाङ्ग (व्याकरण ज्योतिष आयुर्वेद) आदि विद्या पढ्ने पढाउने ब्राह्मणहरू र अरू मठसँग सम्बद्ध सबै कामदारहरूका लागि जग्गा गूठी राखेर राखिएको हो । यसमा महारानी पछिको दर्जामा राणक रहेका छन् ।

ग) ... महाराजाधिराज परमेश्वरं- सोमकुलतिलक- त्रिलिङ्गाधिपति श्रीमहाशिवगुप्तराजदेवः कुशली राज्ञी राणक राजपुत्र राजवल्लभ भोगिजनप्रमुख....

रत्नगिरि उडिसाको कर्णदेव (महाशिवगुप्त) को ताम्रपत्रबाट, उही १६० पृ.

यहाँ राज्ञी र राजपुत्रका बीचमा राणक पद छ ।

घ) "गौडेश्वर परमेश्वर परनारसिंह परम-भट्टारक महाराजाधिराज श्रीमल्लक्ष्मणसेनदेवपादा विजयिनः समुपगताशेष-राज-राजन्यक-राज्ञी-राणक-राजपुत्र-राजामात्य"

माधौनगर बङ्गलादेशको लक्ष्मणसेनको ताम्रपत्रबाट, उही १२७ पृ.

यहाँ राजा राजन्यक र राज्ञी पछि राजकुमार र मन्त्रीमाथि राणक रहेका छन्।

यसरी मध्यकालमा राणक पद महामन्त्री महासामन्त विषयपतिभन्दा धेरै माथिल्लो राजाकै हाराहारीमा थियो भन्ने प्रमाणित हुन्छ।

ङ) **श्रीचालुक्यचक्रवर्त्तिमहाराजाधिराज श्रीमत् अर्जुनदेवप्रवर्द्धनमान कल्याणविजयराज्ये तत्पादपद्मोपजीविनि महामात्य-राणकमालवदेवे**

गुजरातको वि.सं. १३२० को शिलालेखबाट, उही ४०४ पृ.

यहाँ चालुक्यवंशी **अर्जुनदेव**का महामन्त्री मालवदेवले **राणक**पद पाएका थिए। त्यसै अभिलेखमा सोमनाथदेवद्रोणीका बृहत्पुरुषमध्यका बृहत्पुरुष सोमेश्वरदेवले पनि **राणक** पद पाएको देखियो। यस्तै अरू ठूला अधिकारी विषयपतिले राणक पद पाएको देखिन्छ।

४६. **श्रीचंगदेवमजन(य) दयमथ तनयं प्र (सि) द्धनयविनयम्।**

प्राप दुरापां रा(ण)कपदवीम (लघी) यसीं स रा (ज्य) स्य॥

मदनपालका महामन्त्री भीमदेवको काशी राजघाटस्थित शिलालेखबाट, उही ११२ पृ.

(गौडका महाराजका सान्धिविग्रहिक मन्त्री) "यिनले राजनीति र अनुशासन जानेका चंगदेवलाई जन्माए। यिनले पनि राज्यको जसतसले पाउन नसकिने अत्यन्त ऊचो राणक भन्ने पदवी पाए।"

यस सम्बन्धमा 'राणा'राणक राने' प्रज्ञा ८३ (क) पनि द्रष्टव्य

४७. माथि टिप्पणी २७ द्रष्टव्य।

४८. नेपालनिरुक्त ३१४-१५ पृ.

४९. अभिलेखसंग्रह २ भा. ९ पृ.

५०. (क) अष्टसाहस्रिकाप्रज्ञापारमिता, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए.डी.डी. ८६६ बेण्डाल क्याटलग् ३-४ पृ.

(ख) अष्टसाहस्रिकाप्रज्ञापारमिता, रा.अभि. रि.सं.२१२४।९, पूर्णिमा ७३ पू. ३६ पृ.

५१. सिनास जर्नल-कन्ट्रिब्युसन्स् टु नेपलिज् स्टडिज् १।२

५२. अष्टसाहस्रिका प्रज्ञापारमिता, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए.डी.डी. २१९१.१ मेडिवल् हिष्ट्री अफ् नेपाल ३६ पृ.

५३. तावेतौ शशिभास्करोपमतिथौ सन्दर्शकालेऽहनि

गचाननीको अभिलेख, अभिलेख-संग्रह ९ भा. २४-२५ पृ.

कालिदासले पनि द्वैराज्यमा प्रतिष्ठापित दुई दाजु भाइ यज्ञसेन र माधवसेनलाई चन्द्रसूर्यकै उपमा दिएका छन् ।

(तर यहाँ कालिदासले सूर्यले दिनमा चन्द्रले रातमा नै आफ्नो प्रभाव फैलाउने भाव लेखे, हाम्रो अभिलेखमा औंसीमा चन्द्रसूर्य एकै साथ बसेजस्तै यी दुई राजा सँगै बसेर शासन गर्छन् भन्ने भाव लेखिएको छ ।

यसको उद्धरण पूर्णिमा १५ पू. २९७-९८ पृ. मा पनि छ, तल ७४ को टिप्पणी पनि द्रष्टव्य छ ।

५४. (क) मेडिवल् हिष्ट्री अफ् नेपाल (१ संस्करण) ३७ पृ.

(ख) मेडिवल् नेपाल १ भा. ११५ र ११७ पृ.

(ग) मेडिवल् नेपाल-कोलोफोन एण्ड इन्स्कृप्सन्स् (उपोद्घात) ९ पृ.

५५. द्रष्टव्य,- पूर्णिमा ५ पू. २२ पृ., सिनास जर्नल १० भा. १ सं. ११५ पृ.

पूर्णिमा ३० पू. १३८- ४३ पृ.

५६. अष्टसाहस्रिका प्रज्ञापारमिता ए.डी.डी. १६४३ क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, बेण्डाल क्याटलग् १५१-५२ पृ.

५७. ने.ऐ. रूपरेखा १११ पृ.

५८. लि नेपाल २ भा. १९१-९२ पृ.

५९. मेडिवल् हिष्ट्री अफ् नेपाल ३७ पृ.

६०. भक्तापुरी नगर्यां च त्रयो राजा विराजते ।

धर्म्मजोतिश्च कीर्तिश्च ज्येष्ठमध्यकनिष्ठके ॥

(नरपतिजयचर्या, स्वरोदयटीकाबाट)

इतिहास संशोधनको प्रमाणप्रमेय १३४ पृ.

६१. उही १३८ पृ.

६२. श्रीत्रिपुरराजकुल, श्रीश्रीजयरत्नमल्लदेव् प्रभुठाकुरत्वं श्रीश्रीजयरणमल्लदेव प्रभूठाकुरत्वं, श्रीश्रीजय अरिमल्लदेवप्रभु ठाकुरत्वं श्रीश्रीजय भीममल्लदेव प्रभूठाकुरत्वं, थ्वते ठाकुर मनमेलरपं, थवथवस, साखानसाख, पुतानपुत, निस्तरपेया, आत्मशिर, दिव्य थिरारपा अथि भाषा थ्वते, थ्वस चवभय ठाकुरत्वं, एकानशत्रु एकानमित्रु याङन

चाँगुनारायणका ऐतिहासिक सामग्री १९५ पृ.

६३. "श्रीश्रीजयवीरमल्लदेव, श्रीश्रीजयप्राणमल्लदेव श्रीश्रीजयगुसांयिमल्लदेव थवसपोल त्रिभयस्य अन्योन्यसंमतन थेथे निस्कपटन थेथे महणरपं, एकानशत्रुमित्र फावन एकअलापन थ्व दण्डधररपं, त्रिपुरराज्य धररपेया. सासन चोया, अठिभाषा थ्वते, ख्वप्पं देशयाट्वाल स्थान, वछिनवछि थवथव दिशया शास्ति प्रसाद उफं दायत, थवथवस ट्वालस यस`रपको थवथवस सुख जुरों"

उही २२० पृ.

६४. माथिल्ला तावाँपत्रमा चार भाइ मिलेर गरेको हुँदा चवभय र यसमा तीन भाइ मिलेर गरेको हुँदा त्रिभय शब्द परेको छ। दोलखामा इन्द्रसिंह लगायत पाँच भाइ मिलेर शासन गरेकोमा पन्चोभय ठाकुर भनी पन्च र उभयशब्द जोडेर प्रयोग गरिएको छ।

दोलखाको ऐ. रूपरेखा २९ पृ.

६५. उही।

६६. उही।

६७. कौटलीय अर्थशास्त्रबाट

६८. औरंगजेबका पालामा ज्योतिषी रघुनाथले वि.सं. १७१७ मा बनाएको मुहूर्तमाला ९ अध्याय ७० श्लो.

६९. कौटलीय अर्थशास्त्र ११/१/१६०

७०. नेपालनिरुक्त-द्रष्टव्य।

७१. कुवेराय वैश्रवणाय महाराजाय नम :। साम्राज्यं भौराज्यं स्वाराज्यं वैराज्यं पारमेष्ठ्यं राज्यं महाराज्यमाधिपत्यमयं समन्तपर्यायी स्यात् सार्वभौमः सार्वायुष आन्तादापराधात्। पृथिव्यै समुद्रपर्यन्ताया एकराड् इति।

(रुद्राध्यायको स्वस्त्यध्यायबाट)

७२. कुलस्य वा भवेद्राज्यं कुलसंघो हि दुर्जय :।
अराजव्यसनावाध : शश्वदापतति क्षितिम् ।।
द्रष्टव्य-कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १ संख्या

कौ.अ. १/१७/१३/५५

७३. पितापुत्रयोर्भात्रोर्वा द्वैराज्यं तुल्ययोगक्षेम-
ममात्यावग्रहं वर्तयेतेति।

कौ.अ. ८/२/१२८

७४. राजा–मौद्‌गल्य ? तत्र

भवतोर्यज्ञसेनमाधवसेनयोर्द्वैराज्यमिदानीमवस्थापयितुकामोस्मि ।

तौ पृथग् वरदाकूले शिष्टामुत्तरदक्षिणे ।

नक्तन्दिवं विभज्योभौ शीतोष्णकिरणाविव ॥

मालविकाग्निमित्र ५ अङ्क १३ श्लो.

७५. यक्ष मल्लका छोराहरूको ने.सं. ६१५ (वि.सं. १५५२) को चाँगुको सुवर्णपत्र ।

चाँगुनारायणका ऐ. सामग्री १९५ पृ.

७६. राय मल्लका छोराहरूको ने.सं. ६४७ (वि.सं. १५८३) को चाँगुको सुवर्णपत्र

उही २२० पृ.

७७. अष्टसाहस्रिका प्रज्ञापारमिता, एस.के. सरस्वतीको संग्रह

'एघाहौं' शताब्दीको प्रथमार्धको नेपाल भन्ने 'सत्रौं इण्डियन् हिष्ट्री कांग्रेस' मा प्रस्तुत कार्यपत्रबाट,

मे.हि. नेपाल ३७ पृ.

७८. लि नेपाल २ भा १८५-२४९ पृ.

७९. (क) भगवत्या : स्वेताया यथोपलब्धतन्त्रराज, राष्ट्रिय अभिलेखालय, ३.३५९.१

शास्त्री क्याटलग् २ भा. ५ पृ.

पूर्णिमा ३० पृ. १२५ पृ.

(ख) शिवधर्म, एशियाटिक सोसाइटी कलकत्ता ४०७७

ए. डिस्क्रिप्टिव् क्याटलग् ७२१ पृ.

(ग) कुब्जिकामत, राष्ट्रिय अभिलेखालय वि. ८७७, पूर्णिमा ३० पृ. १२८ पृ.

(घ) विष्णुमूर्तिको अभिलेख, चाँगुनारायणको ऐ. सामग्री १५२ पृ.

(ङ) सद्धर्मपुण्डरीक, क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी. ए.डी.डी. १६८३ .

बेण्डालक्याटलग् १७२ पृ.

८०. माथि टिप्पणी ७७ मा उल्लिखित ।

८१. उपर्युक्त ग्रन्थका पुष्पिकावाक्य ।

८२. पुरानो वृत्तान्त कपाठ २३ खपत्र, खपाठ २/३ पृ.

८३. उही, (यी वाक्यमा अलिअलि पाठभेद छ ।)

८४. मे.हि. नेपाल ३९ पृ.

८५. संवत् १५९ वैशाखकृष्ण द्वि (तीया) याम्) श्रीखृम्पृम्ब्रुमायां महायुद्ध प्रवर्त्तनकाले दुःस्तर संसार निस्तरणार्थेन लिखितम् ।

हंसयामल रा. अभि १-१०७६-२३ .

पूर्णिमा ३० पू. १२९ पृ.

मे.हि. नेपाल ३९ पृ.

खृपृङ्ब्रुमा भनेको भक्तपुर हो । लिच्छविकालका अभिलेखमा माखोपृङ, खृपृङ आदि प्रयोग देखिन्छन् । तिब्बतमा यसलाई खोपोङ् भनिन्थ्यो । वर्तमान कालमा नेवारी भाषामा खोप्व भनिन्छ ।

८६. ब्लु एनाल्स (नीलो वृत्तान्त) २५४ पृ.

८७. माथि टि. ७९ (ख) मा उल्लिखित ।

८८. मे.हि. नेपाल ३९ पृ.

८९. राजा विजयदेव वर्ष ३१ तेन ललितापुरी अर्द्धराज्यं करोति :॥

कपाठ २३ खपत्र

९०. राजा श्रीजयदेव वर्ष २० तेन हि ललितपुर अर्ध-
राज्यं कृत्य वर्ष १०॥

राजा श्रीभास्करदेव जयदेव उभयराजा वर्ष ७ मा ४,

(के.वं. ३ पृ.) २१६ पृ.

९१. ब्लु एनाल्स (नीलो वृत्तान्त) १.३७ पृ.

९२. अतिशा एण्ड टिबेट २८७ पृ. र २८९ पृ.

९३. टिबेट, ए पोलिटिकल् हिष्ट्री ५७ पृ.

९४. अतिशा एण्ड टिबेट ४१३ पृ.

द्रष्टव्य-नेपाल भोटचीनसम्वन्धका केही सांस्कृतिक पक्ष, १२३ पृ.

९५. अतिशा एण्ड टिबेट ४१५ पृ.

९६. ब्लु एनाल्स १.२४७ पृ.

९७. अतिशा एण्ड टिबेट ३१५-२२ पृ.

मेडिवल् हिष्ट्री अफ् नेपाल ४१-४२ पृ.

नेपाल भोट चीनसम्वन्धका केही सांस्कृतिक पक्ष १२५-२७ पृ.

९८. ठमेलको भगवान्‌विहारमा एउटा पुरानो अतिमहत्त्वपूर्ण सुवर्णाक्षरले लेखेको प्रज्ञापारमिताको पुस्तक पूजा गरेर राखिएको छ । यो पुस्तक प्रतिवर्ष जनैपूर्णिमाताका प्रदर्शित गरिन्छ ।

यसको पुष्पिकावाक्यमा यस्तो लेखिएको छ -

पण्डितजिनश्रीज्ञानेन स्वयमेवोपार्जितद्रव्येण महत्कष्टेन वैडूर्यवन्नीलपत्रे जाम्बूनदसुवर्णेन सर्वज्ञजननी आर्यभगवती शतसाहस्ररूपा प्रज्ञापारमिता लिखापिता । विद्यारूपविचक्षणेन वसुना वस्त्रहाराभरणेन च सुखावतीसदृशं भूमण्डलमनि (णि) नागदेशे तर्कव्याकरणादिशास्त्रव्याख्यानेन महागम्भीर मेघगर्जितवच्छ्रीधर्मधातुमहाविहारीयपरमगुणालङ्कृतज्ञानसंघस्थितये संप्रढौकितं । संवत्सरण (?) संवत् ३४४ अग्रहायण शुक्लप्रतिपद्‌दिने समाप्त

संस्कृतसन्देश १। ६। अं. ४० पृ.

उपर्युक्त पुष्पिकावाक्यको आधारमा उक्त ग्रन्थ सार्न लाउने पं. जिनश्रीज्ञान नै दीपङ्करश्रीज्ञान हुन्, नेपालमा अतिशालाई संझाउने यति महत्त्वपूर्ण प्रमाणमा इतिहासकारको ध्यानै नगएको भन्ने तर्क हाल निस्केको छ ।

सिनास जर्नल, १२ भा. २ सं. । १०३ -११५ पृ. तथा

उही १३ भा. २ सं. १९२ पृ.

परन्तु मेरो अध्ययनमा यो तर्क अत्यन्त असंभव हो । यसमा निम्न लिखित कुरा मिल्न आउँदैनन्-

क. प्रथमत: संवत् नै मिल्दैन । अतिशा ने.सं. १६१ मा नेपालमा थिए । तर यहाँ संवत् ३४४ छ । यसलाई कुनै प्रमाणले निर्क्योल गरिएको छैन ।

ख. दोस्रो नामै मिल्दैन् । दीपङ्कर श्रीज्ञानलाई पं. जिनश्रीज्ञान यस्तै अजितश्रीज्ञानसँग सामन्जस्य गर्नु अप्ठ्यारो कल्पना हुन्छ ।

ग. जिनश्रीज्ञान गरीब भिक्षुक थिए । उनले धेरै कष्टले धनसन्चय गरेर यो धार्मिक ग्रन्थ लेखाएका थिए । अतिशा नै लेखाउने भएका भए उनलाई धन र चेलाको कुनै खाँचो थिएन, सार्न लाउन कुनै कष्ट पर्दैनथ्यो ।

घ. अतिशा भारी विद्वान् थिए, उनले लेखाएको भए यस्तो अशुद्ध हुने थिएन ।

ङ. यो ग्रन्थ नागदेशमा लेखिएको थियो, (नागदेशबारे मैले तल विवेचना गरेको छु ।) र विद्वान्‌को जमघट भएको धर्मधातुमहाविहारलाई चढाएको थियो । अतिशाले लेखाएको भए सोही कुरा उल्लेख हुनुपर्ने ।

९९. मे.हि. नेपाल ४२ पृ.

१००. सम्वत् १६९ वैशाखशुक्लदिवा सप्तम्याम् ग्राहवपे राजा श्रीबलदेवयिशदेव उभौ काले लिखित समाप्तमिति ।

अष्टसाहस्रिका प्रज्ञापारमिता, टोकियो (जापान) युनिभर्सिटी लाइब्रेरी ४९ सं. ।

यस पुष्पिकावाक्यमा बलदेवसँग संयुक्त शासन गर्ने यिशदेव छन् । यिनलाई शुद्धरूपमा भन्दा अरूले ईशदेव भने, मैले यशोदेवभनेर राजा वामदेवका बाबु हुन् भन्ने ठहराएको छु ।

१०१. मे.हि. नेपाल ४२ पृ.

सिनास जर्नल १३ भा. २ सं. १८९ र २०० पृ.

१०२. पल्पोभ्फोङ्ग भनेको नेपालको कोट वा किल्ला हो । मिलरेप्पाको जीवनचरित्रका आधारमा तिब्बती भाषामा पल्पोभ्फोङ्ग नुवाकोटलाई भनिन्छ भनी इष्ट एण्ड वेष्ट २६ अं. १७९ मा ल्याण्ड एण्ड प्लेस् अफ् मिलेरेपा भन्ने लेखमा छापिएको कुरा पेटेकले लेखेका छन् ।

मेडिवल् हिष्ट्री अफ् नेपाल ४२ पृ. (टिप्पणी)

१०३. अतिशा एण्ड टिबेट ३१५-२२ पृ.

१०४. नेपालभोटचीनसम्बन्धका सांस्कृतिक पक्षमा पनि मैले यस बाटोको चलनचल्ती देखाएको छु ।

१०५. अतिशा नेपालबाट भ्रुँगा गएर त्यताबाट ब्रह्मपुत्र नदी पक्रेर त्यसको किनारैकिनार पहिले ङरीमा पुगे भन्ने अनुमान **रमेश ढुङ्गेल** गरेका छन् । (सिनास जर्नल १३ भा. २, १८२-९० पृ.)

परन्तु यो विनाप्रमाणको औपन्यासिक कोरा कल्पनामात्र भएकाले यसबारेमा छलफल गर्नु अनावश्यक छ ।

१०६. ब्लु एनाल्स १.२४७-४९ पृ.

प्रथम प्रकरण

४ अध्याय

भास्करदेव

वंशावलीको क पाठअनुसार भास्करदेवले ३ वर्ष शासन गरेको देखिन्छ। ख ग घ पाठमा जयदेवसँग मिलेर ७ वर्ष ४ महीना र कतै १० वर्ष यिनले शासन गरेको कुरा लेखिएको छ। पद्मगिरिको बाहेक भाषापाठमा १३ वर्ष शासन गरेको कुरा उल्लिखित छ। सबै वंशावलीको पाठ मिलान गर्दा यिनले १० वर्ष संयुक्तशासन र त्यसमा ३ वर्ष चाहिँ एक्लौटी शासन गरेको कुरा देखिन आउँछ।

वंशावलीका भाषापाठमा भास्करदेवलाई नुवाकोटे वैश्यठकुरी भनिएको छ। यहाँका राजाका सन्तान नहुँदा नुवाकोटे वैश्यठकुरी मध्यमा छानेर यिनलाई राजा तुल्याई सिंहासन सुम्पेको हो भन्ने कुरा भाषावंशावलीको छ[1]। चपाठमा चाहिँ यिनी पाटनका सामन्त थिए भनिएको छ।[2]

राजभोगमालामा नुवाकोटे वैश्यठकुरीका बारेमा निकै बदख्वाई कुरा कहिएको छ। यहाँ तीन शहरमा राजवंश टुट्न गयो भन्ने सुनेर धेरै वैश्य ठकुरी जम्मा भई यहाँ आई राज्य हात लाई कान्तिपुरमा बाइ ठकुरी कहलाई रहे, धेरै वर्ष तीनै शहरमा वैश्यठकुरीले राज्य गरे, धेरै भएका हुनाले यिनको नाम नलेखेको हो, यहाँ प्रतापी राजा छउन्जेल पाहाडतर्फ दबेरै बस्ने नेपालमा परचक्रीको भय हुँदा मरमद्दत पनि नदिने, राजा दुर्वल हुँदा अघि सरी आई राजभोग गर्ने यी वैश्यठकुरी लुच्चा हुन् आदि कुरा त्यस वंशावलीमा कहिएको छ।[3]

भाषावंशावलीमा उल्लिखित ठकुरी शब्द एक्दम नयाँ हो, हाल ठकुरी उपपद उच्च राजघरानाका क्षत्रीवर्गमा प्रयुक्त हुन्छ। वंशावलीमा चाहिँ यो शब्द राजपद पाउन अयोग्य साधारण वैश्य क्षत्रीमा प्रयोग गरिएको छ। उस वेला ठकुरी शब्द चलेको थिएन। ठक्कुर

भनेको ब्राह्मणको थर थियो । हरसिंहदेवका सान्धिविग्रहिक महामन्त्री चण्डेश्वरको कुल ठक्कुर कहलाउँथ्यो । राजकुमारहरू ठाकुर कहिन्थे । वैश्यठकुरी भन्ने शब्द वंशावलीकारले नै बनाएको हो ।

यहाँनिर एउटा कुरा चाहिँ हामीले विचार गर्नुपर्ने छ, सो के भने यतिखेर मूल केन्द्रको शासन साह्रै फितलो थियो । संयुक्तशासन वा द्वैराज्यको व्यवस्थाले पनि केन्द्रलाई कमजोर पारेको थियो । यहाँका अभिलेख र भोटको विवरणबाट पनि यहाँ क्यौं वर्षसम्म महायुद्ध, आन्तरिक संघर्ष चलिरहेको कुराको सूचना हामीले पाएका छौं, त्यसको उल्लेख माथि नै गरियो । यस अवस्थामा यी कथित वैश्यठकुरीहरूको दबदबा बढ्नु स्वाभाविक थियो ।

प्राचीनकालदेखि नै भोट र भारतको व्यापारको घाटीमा रहेको नेपालको राजधानी प्रमुख व्यापारी केन्द्र मानिएको थियो । हामीले पहिले उल्लेख गरे- अनुसार भारतका विभिन्न शहर विशेषत: समुद्रका किनारका देश गुजरात महाराष्ट्र कर्णाटकका व्यापारीहरू सदलबल यहाँ व्यापार गर्न आउँथे ।

व्यापारीवर्गले धेरै धरै किम्मती मालसामान लिएर एक देशबाट अर्को देशमा ओहोरदोहोर गर्नुपर्ने हुँदा बीचबाटामा चोरडाँकाको भय निवारणका लागि राजा गुहार्नुपर्ने हुन्थ्यो । शासनबाट शान्तिसुरक्षा पाएर मात्रै यस्ता व्यापारीहरू फस्टाउन पाउँथे । यी सार्थवाहहरू राज्यशक्ति कमजोर भएको वेला आफैं सैनिक र शस्त्र साथ राखेर आफ्नो सुरक्षा आफैं पनि गर्दथे । यस्ता शक्तिशाली व्यापारीका शक्तिको महिमा हामीले विश्वकै इतिहासमा देखेका छौं । सार्थवाह (व्यापारी) बाट उठेर राज्यशक्ति हात लाउने यूरोपीयहरू नै यहाँ स्मरणीय हुन आउँछन् । यस्तै सार्थवाहको विकसित रूप नै भारतमा शासन गर्ने इष्टइण्डिया कम्पनी थियो ।

मध्यकालमा यस्तै शक्तिशाली व्यापारीदल नै नेपालको राजनीतिमा शक्तिशाली भएर निस्केको थियो; यस अर्थमा वंशावलीको उपर्युक्त कुरा केही सार्थकै छ । कान्तिपुर, ललितपुरमा शक्तिशाली भएका पात्र, महापात्रहरू पलाञ्चोकमा पछि राजशक्तिको उपभोग गर्ने वर्द्धनपरिवार पनि वैश्यवंशकै थिए । यिनको मूल कुल व्यापारबाटै विकसित भएको बुझिन्छ । फलाक कुतीबाट भारतसँगको व्यापारले नै दोलखा धुलिखेल पनौती बनेपा शहरको विकास भएको थियो भने केरुङ्गतर्फको व्यापारीमार्गमा परेको हुनाले नै नुवाकोट विकसित वनेको थियो । केन्द्रको कमजोरीमा यहाँका व्यापारीवर्गले राजकीय शक्ति हत्याउने अवसर पाएका थिए भन्ने कुरा पनि यहाँनिर निकै चाखलाग्दो छ । तर यिनिहरूले राजसिंहासन नै पाए वा राजा छानिए वा भास्करदेव यिनै वैश्यठकुरी थिए भन्ने कुरा चाहिँ विचारणीय छ ।

भास्करदेवलाई च पाठमा सामन्तको रूपमा उल्लेख गरिएको छ। पुराना पाठमा यिनले पितृमौलि (बाबुको शिरपेच) बिगारे, मानेश्वरी भगवती देवीको सुवर्ण मूर्ति बिगारे र त्यसै दोषले अन्धा पनि भए र ठूलो दुःख पाए भनिएको छ।[४] यसरी पुराना पाठमा पनि यिनलाई राम्रो दृष्टिले हेरिएको छैन। यिनले बाबुको शिरपेच बिगारे भन्ने कुराले एकातिर यिनका बाबु पनि राजा भएका थिए र यिनको गद्दी पनि कुलपरम्परागत देखिन्छ भने अर्कोतर्फ यिनी कुनै साना पगरी पहिरने सामन्त राजा थिए, पछि मूलगद्दी पाए पछि सो पगरी बिगारेर नयाँ पहिरे भनेर पहिलेका राजाले मानेका इष्टदेवता वा कुलदेवता मनमानेश्वरी देवी भगवती मानेनन् भन्ने कुराले पनि यिनी वंशान्तरका सामन्तका छोरा थिए र पुरानो कुलदेवता नमानेका पुरानो मौलि बिगारेका भन्ने कुरामा विश्वास हुन आउँछ। नयाँ पुराना वंशावलीको कथन र त्यस वेलाको राजनैतिक स्थिति विश्लेषण गर्दा नुवोकोट र स्थानीय पात्रहरूको सहयोगले यिनी शक्तिशाली भएका थिए, यिनी राजघरानाकै भए पनि पुरानो गद्दीनसीन खलकका चाहिँ थिएनन् भन्ने कुरा मैले ठहराएको छु। निकै संघर्ष आन्तरिक कलहपछि नै यिनले राजगद्दी पाएको देखिनाले पनि यही कुरा सही देखिन्छ। अरि मल्ल राजा भए उप्रान्त मात्र पुराना देवपदधारी राजखलकको वंश तोडिएर मल्लवंशको उदय भएको थियो भन्ने वंशावलीको र उदयानन्दको लेखाइले[५] पनि भास्करदेव राजा वैश्यकुलका चाहिँ होइनन्, तापनि व्यापारी कारोवारले अत्यन्त समृद्धिशाली सम्पन्न र मुख्य शक्तिशाली कुनै तेस्रो देवपदधारी सामन्त राजखलककै व्यक्ति थिए भन्ने कुरामा बल मिल्छ।

बलदेव (वि.सं. ११०५-१११७) यशोदेव (वि.सं. ११०५-६)

धेरैजसो नयाँ पुराना पाठमा भास्करदेवपछि बलदेवको १२ वर्षको शासनकाल दिइएको छ। क पाठमा यिनको नाम बलवन्तदेव छ, ङ पाठमा वरदेव देखिन्छ। च पाठमा भास्करदेवपछि उदयदेवको नाम दिएर मात्र बलदेवको नाम छ,[६] तर भूलले त्यसो भएको देखिन्छ। भास्करदेवपछि तुरुन्त बलदेवको शासन अभिलेखमा पाइन्छ। यिनका पालामा लेखिएका नौवटा पुष्पिकावाक्य पाइएका छन्[७]। तिनबाट पनि यिनको १२ वर्षको शासनकाल सिद्ध हुन्छ। यिनको पालाको निश्वासाख्यमहातन्त्रको एक पुष्पिकामा यिनलाई राजवंशमा जन्मेका राजा बलदेव, भनेको हुँदा यिनको कुल राजपरिवारको थियो भन्ने नै सिद्ध हुन्छ।

मैले नेपालसंवत् १७५ को एक अर्को अप्रकाशित पुष्पिकावाक्य पनि पाएको छु, त्यसमा बलदेवलाई जगत्को हित गर्ने पूर्णिमाका चन्द्रमा जस्ता उज्याला राजा भनेर बयान गरिएको छ र ख्वप्व (भादगाउँ) का स्थिति बाँध्ने भनेर एक व्यापारीको पनि त्यहाँ उल्लेख गरिएको छ।[८] यिनका पालामा लेखिएको हाल टोकियो विश्वविद्यालयमा रहेको 'प्रज्ञापारमिता'मा

यिनसँग संयुक्तशासन गर्ने राजा यिशदेव देखिन्छन् ।[९] यिनको उल्लेख कुनै वंशावलीका पाठमा पाइँदैन । कसैकसैले यिनलाई ईशदेव भन्ने नामकरण गरेका छन्,[१०] तर त्यस वेला मात्रै होइन, अरू वेला पनि यस नामका राजा कुनै वंशावलीमा उल्लिखित छैनन् । यसैले मैले यिनको शुद्ध नाम यशोदेव भन्ने ठहराएको हुँ । यसको ३० वर्षपछिको पाटनको एक अभिलेखमा यशोदेवलाई वामदेवका बाबुका रूपमा वर्णन गरिएको छ ।[११] वंशावलीले वामदेवलाई पुराना राजवंशका राजा मानेको छ । यिनले वैश्यठकुरीलाई जितेको वर्णन पनि पाइन्छ ।[१२] यस कारण यिनलाई मैले तिनै वामदेवका बाबु पुराना राजकुलका राजा ठहराएको छु । तर यिनको नाम एउटा मात्र अभिलेखमा उल्लिखित भयो, त्यसपछि यिनी गायब भए । बलदेवको मात्रै बोलवाला रह्यो ।

वंशावलीका क ख घ पाठमा यिनलाई सहकाल ल्याउने शगुनी राजाको रूपमा वर्णन गरिएको छ । यिनले राज्यमा ज्यादै सुभिक्ष ल्याए । वृजिकरथ्या- बज्ररथ (हाँडिगाउँ)मा नारायणको मन्दिर जीर्णोद्धार गरे [१३] भन्ने कुरा पनि त्यहाँ कहिएको छ ।

प्रद्युम्नकामदेव

बलदेवपछि प्रद्युम्नकामदेव राजा भए । यिनलाई वंशावलीले पद्‌मदेव भनेर लेखेको छ । च पाठमा पजिमदेव भन्ने अपभ्रंश पाठ पाइन्छ । तर वंशावलीमा जेसुकै लेखेको भएपनि अभिलेख अनुसार यिनको नाम प्रद्युम्नकामदेव नै शुद्ध हो । वंशावलीका पुराना पाठमा यिनको शासनकाल ६ वर्षको दिएको छ भने भाषापाठमा चाहिँ ११ वर्षको छ । वि.सं. ११२० देखि ११२२ सम्म करीब तीन वर्षभित्रका यिनका पालाका ४ अभिलेख पाइएका छन् ।[१४]

वंशावलीका क ख घ पाठमा यिनले आफ्नो मुकुट बनाए (तेन हि स्वमुकुटं कृतवान्), भनिएको छ । यसबाट उनको शक्तिवृद्धि भएको देखिन्छ । यिनको पालामा मानविहारमा बस्ने आचार्य (भिक्षु) रवीन्द्रले लेखेको पुस्तकको पुष्पिकाबाट पनि यिनको शक्तिवृद्धिको सूचना मिलेको छ ।[१५] त्यहाँको अस्पष्ट वाक्यमा पहिले शंकरदेवको विजयको वर्णन छ । त्यसअनुसार प्रसन्नचित्त गरेका शङ्करदेवले नेपालमण्डलमा विजय गरे, सबै शत्रुसंघलाई परास्त पारे, जनता पनि ढुक्क भएका थिए भनिएको छ । यी शक्तिशाली शङ्करदेवलाई पेटेकले प्रद्युम्नकामदेवका नायब वा प्रधानसेनापति थिए भन्ने अनुमान गरेका छन् ।[१६] तर यो मत सही देखिँदैन, यिनलाई मैले लगत्तैपछि अर्थात् एकान्तरमा राजा हुन आउने शङ्करदेव नै थिए भन्ने ठहराएको छु । किनभने त्यस वेलाका युवराजमा असीम शक्ति हुन्थ्यो । शक्तिशाली युवराजको प्रशंसा गर्दै विजयको महिमा गाउनु कुनै आश्चर्य वा नौलो कुरा होइन ।

उदयपुरका महासामन्त

प्रद्युम्नकामदेवका पालाको पछिल्लो अभिलेखबाट अर्को महत्त्वपूर्ण कुराको अभिव्यक्ति हुन्छ।[१७] उनको राज्य नेपालमण्डलमा उदयपुरका महासामन्त जनार्दनजीव थिए। उदयपुरविषयाधिपतिको रूपमा उनी त्यहाँको शासन चलाउँथे। अत्यन्त रमणीय भनिएको यस उदयपुरमा विषयाधिपतिका रूपमा पुस्तौनी महासामन्तहरू केन्द्रको अधीनमा रही शासन चलाउँथे। यसको केही वर्षपछि राजा वामदेवको पालामा यिनका उत्तराधिकारी महासामन्त नागार्जुनजीव महासामन्त बनेका थिए।[१८] त्यसपछि सिंहदेवका पालामा विषुजीव र इन्द्रदेवका पालामा पैषानन्दजीव उदयपुरका महासामन्त भएका थिए।[१९] यसरी जीवपदान्तधारी महासामन्तको परम्परा उदयपुरमा प्रतिष्ठित थियो भन्ने कुरा देखिन्छ। यो पद लिच्छविकालमा प्रचलित थियो। प्रसिद्ध राजा अंशुवर्माले यो लोकप्रिय महासामन्त पदको प्रतिष्ठा बढाएको कुरा हामीले पहिल्यै पढिसक्यौं। मध्यकालमा पूर्वपश्चिमका विषयहरूमा महासामन्तको प्रतिष्ठा थियो। यसअतिरिक्त यस वेला लोकप्रिय हुन आएको महासामन्त जस्तै अर्को राणक पद पनि थियो। यसको चर्चा मैले माथि गरिसकेको छु।

उदयपुर महासामन्तहरूको राज्य थियो भन्ने कुरा त यतिका प्रमाणबाट स्पष्ट भयो। तर यो राज्य कुन हो, उदयपुर कहाँनिर थियो भन्ने कुरामा पेटेकले यो राज्य अज्ञात छ भनेर लेखे।[२०] धनवज्र वज्राचार्यले वर्तमान उदयपुर नै पूर्वमध्यकालको सामन्तराज्य थियो भन्ने कुरा लेखेको देखिन्छ।[२१] फलाक नाम्चेबजार भई भोट व्यापार गर्ने भारतबाट आवतजावत गर्ने बाटामा परेको र मिथिलादेशको उत्तरमा अवस्थित उदयपुरले प्राचीनकालदेखि नै गढको रूपमा स्थान पाउनु धेरै सम्भव भएबाट यो मत नै अहिले सही देखिन्छ।

नागार्जुनदेव

प्रद्युम्नकामदेवपछि नागार्जुनदेव राजा भए। वंशावलीको कपाठमा २ वर्षको छोटो समय यिनको शासनकाल तोकिएको छ। अरू सबै नयाँ पुराना पाठमा ३ वर्षको शासनकाल दिइएको छ। यिनका पालाको विशेष घटना केही देखिंदैन। महाराज नागार्जुनदेवका पालामा माधवसिंहको लागि भीमसिंहले लेखेको एउटा पुस्तकमात्र पाइएको छ।[२२]

च. शङ्करदेव (वि.सं. ११२६-११३९)

नागार्जुनदेवपछि शङ्करदेव राजा भए। वंशावलीका पुरानो क पाठमा १५ वर्ष र अरू सबैमा १७ वर्ष यिनको शासनकाल लेखिएको छ। भाषापाठमा यिनको शासनकाल ११ वर्ष तोकिएको छ। ने.सं. १८९ देखि २०२ सम्म (वि.सं. ११२६-११३९) का यिनका पालाका पाँच

अभिलेखप्रमाण पाइएका छन्।[२३] अभिलेखमा यिनलाई 'विजयशाली, वैरिवृन्द जितेका, कीर्ति फैलिएका' भनी बयान गरिएको छ, र 'यो नेपालदेश सूर्यवंशी राजाद्वारा संरक्षित छ' भनिएकोबाट पनि यी राजा सूर्यवंशी थिए भन्ने कुरा स्पष्ट हुन आउँछ। वंशावलीमा शङ्कराचार्यको प्रभावबाट यिनको नाम शङ्करदेव राखिएको भने तापनि आमर्दकमठका शङ्कराचार्यको आगमन यिनीभन्दा निकै समयपछि मात्र ऐतिहासिक प्रमाणबाट परिपुष्ट हुने भएबाट[२४] यिनको नामसादृश्यले वा शङ्करको सम्झनाले सो कल्पना पैदा भएको बुझिन्छ। शङ्करदेव राजा निकै शक्तिशाली थिए। यिनले विरोधीलाई कज्याएर राज्य निकै शक्तिशाली बनाए। पूर्व उदयपुरदेखि पश्चिम लमजुङ्ग अर्थात् गण्डकी क्षेत्रसम्मका सामन्तराज्यमा पनि यिनको प्रभाव फैलिएको थियो।[२५]

शङ्करदेवले नक्सालमा नन्दिकेश्वर महादेवको स्थापना गरे, मन्दिरमा तावाँका पाताको छाना हाले र मानेश्वरी भगवतीको पनि मन्दिरको प्रतिष्ठा गरे, राष्ट्रमा शान्ति ल्याए,[२६] यिनले पाटन र काठमाडौंको शासन एक्लौटी गरे र पाटनमा वैदिक अग्निहोत्रशाला र काठमाडौंमा कुलदेवताको स्थापना गरी देवमन्दिरभन्दा अग्लो पारी शहरमा घर नबनाउनू भन्ने नियम बाँधे, आदि कुरा पनि वंशावलीमा लेखिएको छ।[२७]

वि.सं. ११३९-४० तिर शङ्करदेव परलोक भए। शङ्करदेव परलोक हुँदा यिनका छोरा नातिहरू धेरै भइसकेका थिए। छोरा शिवदेव २५-२६ वर्षका पनि भइसकेका थिए। तर उत्तराधिकारीका रूपमा शिवदेव गद्दीमा बसेनन्। अर्कै वंशका अर्थात् पहिलेका राजा यशोदेवका छोरा वामदेव राजाका रूपमा गद्दीमा बसे।[२८]

यसको १५,१६ वर्षपछि ८७ वर्षको उमेरमा एक शक्तिशाली भारदार परलोक भए, तिनी पाटनका येथोवहालका एक अत्यन्त शक्तिशाली नेपालका प्रख्यात महाप्रभु उभयराजकुलको उद्धार गर्न र धारण गर्न समर्थ थिए।[२९] यता शङ्करदेवपछि उनका छोरा राजा नभएर यशोदेवका छोरा गद्दीमा बस्नु, उता वरपाल भारोको विशेषणमा उभय राजकुललाई धारण गर्न समर्थ भन्नु आदि कुराले पनि त्यस मौकामा पनि उभयराजकुलको अस्तित्व अर्थात् द्वैराज्यको व्यवस्था भइरहेकै थियो भन्ने कुरा झल्कन आउँछ। शङ्करदेवले यस द्वैराज्यप्रथालाई मासेर एक पारेको, दुवै शहरमा यिनले एक्लौटी शासन गरेको वंशावलीको वर्णनले पनि यही कुरा बुझिन आउँछ। उनका सेखपछि यस्तै शक्तिशाली भारदारका बलले पुराना राजकुलका वामदेवले गद्दी पाएका थिए।

वामदेव

सबै वंशावलीमा यिनको शासनकाल ३ वर्षको दिइएको छ। पद्मगिरिको वंशावलीमा यिनको नाम चाहिँ ब्राह्मदेव लेखिएको छ। ने.सं. २०४ (वि.सं. ११४१) को यिनको पालामा बौद्धशास्त्र जान्ने उपासक रत्नाकर जोशीले लेखेको 'सैकनिर्देशपञ्जिका'को पुस्तक

लेनिनग्रादको पुस्तकालयमा रहेको छ ।[३०] त्यसमा यिनको पदवी लम्वे चौडे छैन, केवल राजा वामदेव मात्र लेखिएको छ । उदयपुरका महासामन्त नागार्जुनजीवको पनि त्यसमा उल्लेख गरिएको छ । त्यसैको अघिल्लो साल (वि.सं. ११४०) को एउटा अभिलेख पाटन सौगलटोलमा पाइएको छ ।[३१] त्यसमा यशोदेव राजाका छोरा बाणदेव भए भनिएकोमा बेण्डालले यी उनै वामदेव हुन् भनी अर्थ गरेका थिए । लेवीले बेण्डालको कुरालाई खण्डन गर्दै वामदेव र वाणदेव भिन्नाभिन्नै व्यक्ति मानेर वामदेवलाई पाटनका साधारण भारदार भनी लेखेका छन् ।[३२] तर लेवीको मत सही देखिदैन । वामदेवलाई वंशावलीमा पनि पुराना राजकुलका शुद्ध क्षत्री जातका राजा भनेर यिनले राज्य पाएपछि रजपूत क्षत्रीको वंश चल्यो भनेर लेखेको छ,[३३] त्यसको पुष्टि अभिलेखबाट पनि हुन्छ, यिनी यशोदेव राजाका छोरा भन्ने पाइनाले पनि यी पुराना राजकुलका थिए, पद्मगिरिको वंशावलीमा ब्राह्मदेव लेखेको देखिनाले पनि ब्राह्मदेव, बाणदेव, वामदेव भन्ने लेखाइको उच्चारणको भेद थियो, व्यक्ति एकै थिए भन्ने नै सिद्ध हुन्छ ।

हर्षदेव

वामदेवपछि हर्षदेव राजा भए । वंशावलीको क पाठमा १४, अरू पुराना पाठमा १६ र भाषा पाठमा १५ वर्षको यिनको शासनकाल लेखिएको छ । अभिलेखद्वारा ने.सं. २०४ मा वामदेव र ने.सं. २१९ मा शिवदेव राजा भएका देखिनाले[३४] यसै बीचमा हर्षदेवको शासनकाल १४/१५ वर्षको थियो भन्न सकिन्छ ।

ने.सं. २०७ (वि.सं. ११४४) मा हर्षदेवका पालामा भक्तपुर (खपुक्रमा)का गेवोक ताम्रकारले चढाएको गरुडासन लक्ष्मीनारायणको मूर्ति चाँगुनारायणको भण्डारमा प्राप्त भएको छ । ने.सं. २०७ देखि २१७ सम्मका यिनका पालाका छवटा अभिलेख पाइएका छन् ।[३५] नेपालदूनदेखि बाहिरका परपरसम्मका विषयमा यिनको प्रभाव कायम थियो । फल्लविङ्ग (फर्पिङ) गण्डीगुल्म (गुल्मी) धवलस्रोतपुर (मंग्वरविषय) मा पनि यिनको शासन चलेको थियो । हर्षदेवको राज्यकाल (ने.सं. २१३) मा गण्डीगुल्मविषयका कुलपुत्र कायस्थ पं. जीवधरसिंहले लेखेको प्रज्ञापारमिता साक्यगुम्बामा पाइएकोले र मंग्वरविषयभन्दा पर गण्डीगुल्मविषय भएकोले यसो भन्न सकिन्छ । पशुपति बस्ने गोवर्द्धनले लेखेको यिनका पालामा सारेको अन्तिम पुस्तकमा 'महान् राजा हर्षदेवको विजयराज्य नेपालमा' भनेर लेखिएको पुष्पिकावाक्य पाइएको छ ।

१.४ टिप्पणी

१. इन राजाका संतान भयेन र नुवाकोट् पर्वत्वासि वैस्यहरू ल्याइ नेपालिपुरीमा राजा तुल्याइ गया। राजाका नाम भास्कर वर्मा वर्ष १३

(वंशावलीबाट)

२. अन् एकाउन्ट अफ् द किङ्डम् अफ् नेपाल २६२ पृ.

३. नेपालको इतिहास, राजभोगमाला, प्राचीन नेपाल ९ सं. ६-७ पृ.

४. राजा भास्करदेव वर्ष ३ तेन पितृ मोलित विकृतम्, स्ववर्ण्णमयी श्रीमानेश्वरी भट्टारिका विनाशिता ॥

तद्दोषेण अन्धीभवति महाकष्टा प्राप्ते

(क पाठ २३ ख पत्र)

तेन हि भास्करदेवेन पितृमालि विकृतं १० सुवर्णमय मनहरभट्टारकस्य कांचननाशिता, तद्दोषेण अन्धीभवति ॥

(ख पाठ ३ पृष्ठ)

तेन हि भास्करदेवेन पित्रिमौलिकृत १० ॥

(ग पाठ, सिनास जर्नल, १२० पृष्ठ)

यहाँ ख पाठमा मनहरभट्टारकको सुन मासे, भनियो, ग पाठमा बाबुको शिरपेच बनाए भनियो। यसबाट अर्को स्पष्ट अर्थ के देखिन्छ भने भास्करदेवले संघर्षको वेला पुराना कुलदेवदेवीका भण्डार गहना झिकेर खर्च गरेको कुरा बुझिन्छ। बाबुको शिरपेच बनाएको भन्ने पाठबाट पनि शक्तिशाली राजा भएपछि जंगबहादुरले श्री ३ महाराज भएपछि शिरपेच बनाएको जस्तो नयाँ राजसी छाँटको बनाएको कुराको संझना हुन आउँछ। विकृत कृत यी दुई शब्दको अर्थ बिगारे, बनाए भन्ने हुन्छ। यहाँ क, ख, घ पाठमा विकृत र ग पाठमा कृत छ। यसको अर्थ वज्राचार्य र मल्लले नेपाली र अंग्रेजी अनुवादमा बिक्री गरे भन्ने गरेका छन्। (गो.वं. ७९ र १२७ पृष्ठ, सिनास जर्नल, १० भा. १ सं. १२४ पृ.) तर विक्रीत क्रीत भएको भए त्यस्तो अर्थ हुने थियो, यद्यपि वंशावलीकारलाई शुद्धाशुद्धिको ख्याल छैन तापनि मैले यहाँ संभाव्य अर्थतिर लाग्नु उचित ठानिँन।

भास्करदेवको नाम उल्लिखित अभिलेख चाहिँ दुईवटा पाइएका छन्।

१. चतुष्पीठनिबन्ध रा.अभि.३,३५९,३

२. विष्णुधर्म -रा.अभि.१,१००२.२

५. यक् सौ सत्र त पुस्तका बिचमहां हो देवपद् स्वै कह्या .

झक्मारा अलि मल्लले पछि तहां पद् मल्ल भै रल्लिया २९२

६. अन् एकाउण्ट अफ् द किङ्डम् अफ् नेपाल । २६३ पृष्ठ.

७. क) अष्टसाहस्रिका प्रज्ञापारमिता. टोकियो युनिभर्सिटी लाइब्रेरी '४९' सं.

मे.हि. नेपाल ४४ पृष्ठ.

ख) ब्रह्मयामल, रा. अभिलेखालय ३-३७० । शास्त्रीक्याटलग् २ भा. ६० पृष्ठ .

ग) अष्टसाहस्रिका प्रज्ञापारमिता, रा.अभि.वी.७६ । मेडिवल् नेपाल १२९ पृष्ठ .

घ) अष्टसाहस्रिका प्रज्ञापारमिता, मे.ने. इन्स्कृप्सन्स् एण्ड कोलोफोन ४ पृष्ठ .

ङ) सद्धर्मपुण्डरीक, (साक्यगुम्बा) जर्नल, विहार रिसर्च सोसाइटी २३ सं. २९ पृष्ठ .

च) स्वरोदयमण्डलोपायिका, टोकियो युनिवर्सिटी लाइब्रेरी ४५४ सं., मे.हि. नेपाल ४४ पृष्ठ .

छ) निश्वासाख्यमहातन्त्र, रा. अभि. १-२९९ सं. शास्त्रीक्याटलग् १ भा. ११ पृष्ठ .

नृपान्वये श्रीबलदेवराजके

(छ) को पुष्पिकावाक्यबाट

ज) रा.अभि.री.सं. १९६९/२ .

पूर्णिमा - ७३, पूर्णाङ्क, ३७ . पृ.

८. (झ) पञ्चोत्तरे सप्त्यधिके शतेऽब्देमासे शुभे चैत्रत्रयोदशीदिने

रा ज्ञे महाश्रीबलदेवनाम्ने जगद्विते पूर्णिमचन्द्रतुल्ये

खप्वब्रुमायां स्थितकृद्वणिग्जनो नाम्ना ....

पाटनमा प्राप्त लेखोट ग्रन्थको यो अप्रकाशित पुष्पिकावाक्य धर्मरत्नबाट पाएर मैले उपयोग गरेको थिएँ, हाल महेशराज पन्तद्वारा पूर्णिमा ८५ पू. ४२ पृ. मा प्रकाशित छ ।

९. 'राजा श्रीबलदेव यिशदेव उभौ काले' ('क' को पुष्पिकाबाट ।)

१०. मे.हि. नेपाल ४५ पृष्ठ .

पूर्णिमा ६९ पृष्ठ .

११. श्रीयशोदेवभूनाथतनयो धर्मतत्पर :

श्रीवामदेव : ....

तल ३१ सं. टि. द्रष्टव्य,

१२. 'केही अघि नेपालका राजाका सन्तान शुद्ध छेत्री जातले दुबै सहर ललितपुर कान्तिपुरका मुख्यमुख्य मानिस भेटि ठूलो राजोक गरि (राजा जिती) वैश्यहरू सबै भगाई आफुले दुबै सहरका राजा भै गया'

(भाषा वंशावलीको पाठबाट)

कतै यिनलाई अंशुवर्माको सन्तान भनिएको छ ।

ने. ऐ. रूपरेखा- १४४ पृ.

पद्मगिरिको वंशावली - ४८ पृ.

यहाँ शुद्ध क्षेत्री जातको मात्र भनिएको छ ।

१३. राजा श्रीबलवन्तदेव वर्ष १२ तेन अत्यन्तसुभिक्षं राज्यं करोति : तेन च हरिपुर कृतम् ।

क पाठ, २३ ख पत्र

तेन अत्यन्त सुभिक्षकारी तेन बज्ररथे हरिपुर कृत ॥

ख घ पाठ ।

यसको अर्थ गर्दा पेटेकले यिनले (बलदेवले) हरिपुर शहर बसाले भनी गरे (४५ पृ.)। तर हरिपुर नारायणमन्दिर लिच्छविकालमै स्थापित भइसकेकोले मैले हाँडीगाउँका नारायणको मन्दिर जीर्णोद्धार गरे भनी अर्थ गरेको छु ।

बज्ररथ भनेको वृजिकरथ्या हो । वृजिकहरूको बसोवास भएको टोल

लिच्छविकालमा वृजिकरथ्या कहलाएको थियो । सो आज हाँडीगाउँका नाउँले प्रसिद्ध छ। हरिपुरबाट हाँडीगाउँ नाम बनेको भन्ने तर्क पहिले गरिएको थियो (लि.का. अभिलेख र नेपाल निरुक्त ३८,३९ पृ.) परन्तु अहिले त्यहाँ उत्खननद्वारा प्राप्त अभिलेखबाट हाँडीगाउँको पुरानो नाम 'अण्डिग्राम' थियो भन्ने कुरा ज्ञात हुन आएकोले पहिलेको तर्क निरस्त भएको छ । अर्थात् अण्डिग्रामबाट नै हाँडीगाउँ नाउँ रहेको स्पष्ट बुझिन्छ ।

१४. क) पञ्चरक्षा, रा. अभिलेखालय, ३-३८८ सं. मे.हि. नेपाल ४५ पृष्ठ .

ख) सद्धर्मपुण्डरीक, क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी, ए.डी.डी. १६८४ ।

बेण्डालक्याटलग् १७३ पृष्ठ..

ग) पाटन थापाहिटीको सूर्यमूर्तिको अभिलेख, अभिलेखसंग्रह २ भा. १० पृष्ठ .

घ) सद्धर्मपुण्डरीक, क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी, ए.डी.डी. २१९७ .
मे.हि. नेपाल ४५ पृष्ठ .

१५. 'क' पुस्तकको पुष्पिकावाक्य,
(यस अभिलेखमा यिनको नाम पजुनकामदेव लेखिएको छ। त्यस वेलाको बोलीचालीको भाषामा यही अपभ्रंशरूपको उच्चारण हुँदो हो।

१६. मे. हि. नेपाल, ४६ पृष्ठ .

१७. उपर्युक्त 'ख' पुस्तकको पुष्पिकावाक्य।

१८. सेकनिर्देशकपञ्जिका, लेनिनग्राद (सेन्टपीटर्सवर्ग) मे.हि. नेपाल ४८ पृष्ठ .

१९. अष्टसाहस्रिका-प्रज्ञापारमिता, एशियाटिक सोसाइटी शास्त्री डिस्क्रिप्टिभ् क्याटलग् १. ४-५ पृ.
नक्षत्रजातक, इण्डिया अफिस् लाइब्रेरी, २९२८ सं. कैथक्याटलग् २. १५०६

२०. मे. हि. नेपाल ४५ र ४८ पृष्ठ .

२१. सिनास जर्नल १० भा १ सं. १०१ पृ.

२२. स्वच्छन्दललितभैरव. रा. अभि. १, २२४ सं., मेडिवल् नेपाल १ भा. १३३ पृष्ठ .

२३. क) धर्मपुत्रिका . रा. अभि. ३, ३९३ सं. शास्त्रीक्यांटलग् . १ भा. ९२ पृष्ठ .

ख) अष्टसाहस्रिका प्रज्ञापारमिता (ङोर गुम्बा) जर्नल
विहार रिसर्च सोसाइटी २१ सं. ३३ पृष्ठ .

ग) श्रीभूषणे शङ्करदेवसंज्ञे विख्यातकीर्तौ जितवैरिवृन्दे
सूर्यानुया (न्वय) प्रवरदैवदेवसंराजिसंरक्षिते (त) सर्वलोके
अष्टसाहस्रिका प्रज्ञापारमिता . एशियाटिक सोसाइटी . ए. १५ .
अष्टसाहस्रिका प्रज्ञापारमिता (प्रकाशित) को भूमिका २१ पृष्ठ .

घ) बोधिचर्यावतारपञ्जिका ., ए. सोसाइटी . ३८३०,
शास्त्री डिस्क्रिप्टिव् क्याटलग् १. ४९-५० पृष्ठ .

ङ) सद्धर्मपुण्डरीक, (साक्यगुम्बा हाल पेचिन) जर्नल-वि.रि.सोसाइटी २३/२८.

२४. शङ्कराचार्यको आगमनबारे तल वर्णन गरिएको छ।

२५. शङ्करदेवका पालामा लमजुङमा गङ्गा राणकले अष्टसाहस्रिकाप्रज्ञापारमिता (ख) पुस्तक सारेको कुरा माथि उल्लेख भइसकेको छ। उदयपुरमा केन्द्रलाई मानेर राज्य गर्ने जीवोपनामधारी महासामन्तहरू शासन गर्थे भन्ने कुरा प्रमाणित छ।

२६. राजा श्रीशङ्करदेव वर्ष १५ तेन च नंदीशालायां सङ्करेश्वर भटारिकप्रतिष्ठितम् ताम्रसंछन्न कृतं देवुलम् ॥ पुन भगवती मनहर भट्टारिका प्रतिष्ठिता ॥ राष्ट्रशान्ति भवति

(क) पाठ २४ क पत्र)

(यहाँ उल्लिखित मनहरभट्टारिका (अरू संस्करणमा पनि केही पाठभेद भई यही भाव छ) मानेश्वरी देवी हुनुपर्छ।

२७. भाषावंशावली छ पाठ।

२८. वामदेव, अभिलेख तल ३१ टि.

२९. संवत् २१९ माघ कृष्ण अष्टम्याम् मूलनक्षत्र यह्रम् यथोवहार वरपाल भारौटा नायक नेपालया विक्षात, महाप्रभुतः उभय राजकुल उधरण धारणासमर्थ, ॥ अस्तवर्ष ८७

(क पाठ ३१ क पत्र)

३०. टि. १८ मा उल्लिखित।

३१. श्रीयशोदेवभूनाथतनयो धर्मतत्पर :
श्रीवाण(वाम) देवःकृतवान् प्रतिमां सुप्रतिष्ठिताम्
त्रिभिर्वर्षै : समायुक्ते संवत्सरशतद्वये
वैशाखशुक्लसप्तम्यां बुधे पुष्योदये शुभे
(पाटन सौगलटोलमा प्राप्त अभिलेख)
वेण्डाल जर्नी ५ सं. ८०-८१ पृ.

३२. लि. नेपाल २ भा. १९६-९७ पृष्ठ .

३३. भाषावंशावली छ पाठ र हिष्ट्री अफ् नेपाल ४८ पृष्ठ .

३४. (उनविंश) तिप्रतिसम्वत्सरद्वय, प्रवर्तमान ॥ राजा श्रीशि (वदेव वर्ष) २७ मास ७। (कोष्ठबद्ध पाठ अरू संस्करणबाट)

(ख पाठ ४ - ५ पृ.)

३५. क) चाँगुको भण्डारमा रहेको विष्णुलक्ष्मीको मूर्तिको अभिलेख .
चाँगुनारायणको ऐ. सामग्री १५४ पृष्ठ .

ख) विष्णुधर्म, रा. अभि. १,१००२, .१ - शास्त्री क्याटलग् १, ३० पृ.

ग) कुब्जिकामत . (फल्लविङ्ग-फर्पिङ) रा. अभि. १ . १०७७ . ४ .

घ) सद्धर्मपुण्डरीक . क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी, ए.डी.डी. २१९७
बेण्डालहिष्ट्री २२ पृष्ठ, मे.हि. नेपाल ४९ पृष्ठ .

ङ) अष्टसाहस्रिका प्रज्ञापारमिता (गण्डीगुल्मविषय) । (हाल साक्यगुम्बाबाट
टिबेटोलोजी इन्स्टिच्युट् गान्टोक) जर्नल विहार रिसर्च सोसाइटी २३/२५ पृष्ठ .

च) तत्त्वसद्भावनातन्त्र . रा. अभि. वि. ४४८ . शास्त्रीक्याटलग् २/११३ पृष्ठ .

द्वितीय प्रकरण

१ अध्याय

प्रसिद्ध राजा शिवदेव वा सिंहदेव
(वि.सं. ११५६- ८४)

नेपालको मध्यकालको इतिवृत्तमा शिवदेवको पालादेखि एक नयाँ अध्याय शुरू हुन्छ। पुराना वंशावलीकारले पनि यहाँदेखि छुट्टै विधि अपनाएर प्रत्येक राजाको जन्म मृत्यु शासनकाल दिएर लेख्ने गरेका छन्। शिवदेवका पालादेखि अभिलेख पनि प्रशस्तै पाइनाले र पुराना वृत्तान्तमा पनि खुलाएर लेखेकाले अव यसपछिको इतिवृत्तको वर्णन निकै स्पष्ट हुँदै आउँछ।

शिवदेव प्रसिद्ध सूर्यवंशी राजा शङ्करदेवका छोरा थिए। यिनको जन्म वि.सं. १११४ मा भएको थियो।[१] वावु परलोक हुँदा यिनी समर्थवान् भइसकेका थिए, तर राजसिंहासनमा चाहिँ अर्कै वंशका राजा वामदेव बसे। यसपछि हर्षदेव राजा भए। अनि मात्र यिनको पालो आयो। ४२ वर्षको उमेरमा ने.सं. २१९ (वि.सं. ११५६) मा यिनी सिंहासनमा वसे र यिनी ६९ वर्षको उमेरमा परलोक भए।[२] वंशावलीका सवै पाठमा यिनले २७ वर्ष ७ महीना राज्य गरे भनी लेखिएको छ। ने.सं. २४७ (वि. सं. ११८४) देखि यिनका छोरा इन्द्रदेवका अभिलेख पाइएकाले[३] वंशावलीले दिएको यिनको जन्म, मृत्युतिथि र शासनसमय पनि समुचित देखिन आउँछ। राजाधिराज वा महाराजाधिराज शिवदेवका नामका ने.सं. २२१ देखि ने.सं. २४३ सम्मका जम्मा चारवटा अभिलेख प्राप्त छन्।[४]

शिवदेवका शासनकालको पहिलो अभिलेख ने. सं. २२१ (वि. सं. ११५७) को पश्चिम नेपालको मंग्वरविषयमा पाइएको ताम्रपत्र हो।[५] त्यसमा पहिले 'राजाधिराज परमेश्वर श्रीमत् शिवदेव महाराज' भनी संम्मानपूर्वक शिवदेवको उल्लेख गरी मंग्वरविषयमा शासन गर्ने सामन्त रामदेवको विजयराज्य भनिएको छ र त्यहाँका झाण्टेश्वर महादेवलाई स्थानीय गोष्ठी पञ्चालीका सदस्यहरूले तोरण चाँदीका कमल चढाएको वर्णन छ। यसबाट

शक्तिशाली राजा शिवदेवको राज्यक्षेत्र पश्चिम नेपाल गण्डकीक्षेत्रसम्म फैलिएको देखिन्छ। यसभन्दा अघि बढ्नुभन्दा पहिले रामदेव सामन्त र मंग्वरविषयका बारेमा पनि विश्लेषण गर्नु आवश्यक भएको छ।

महासामन्त रामदेव

यो अभिलेख राखेको अघिल्लो साल अर्थात् ने.सं. २२० मा धवलस्रोतपुरमा बसेर कमलपाणिले लेखेको "आर्योष्णीषविजयनाम धारिणी" नामक पुस्तकमा 'महासामन्ताधिपति महासामन्त श्रीरामदेवस्य विजयराज्ये' यतिमात्र लेखिएको छ,[६] यसबाट रामदेव त्यस वेला सर्वतन्त्रस्वतन्त्र थिए र केन्द्रको अधीनता पनि मान्दैनथे भन्ने निष्कर्ष पेटेकले निकालेका छन्[७]। यसैको अनुसरण डिल्लीरमण रेग्मी, महेशराज पन्तहरूले पनि गरेका छन्[८] तर त्यस वेलाको राजनैतिक सामाजिक स्थिति गहिरिएर अध्ययन गर्दा यो मत मेरो विचारमा सर्वथा असही साबित हुन्छ, किनभने मंग्वरविषय भनेको पश्चिम नेपालमा रहेको टाढाको जिल्ला हो। त्यहाँ सामन्त रामदेव शासन गर्दथे। सामन्तशासित मंग्वरविषयको धवलस्रोतपुरमा[९] बसेर पुस्तक सार्ने कमलपाणिले लेख्ता महाराजाधिराज शिवदेवको नाम छुटाए भन्दैमा सामन्त नै सर्वेसर्वा थिए भन्न कसरी सकिन्छ। कमलपाणिले रामदेवलाई लेखेको जस्तो पदवी, ठीक यसै वेला (वि.सं. ११५४ मा) सिम्रौनगढमा स्वतन्त्र राज्य स्थापना गर्ने नान्यदेवको पनि देखिन्छ। यसै कुराको नजीर दिएर पेटेकले रामदेवलाई स्वतन्त्र शासक सिद्ध गर्ने प्रयास गरेका हुन्। तर यस कुराले रामदेव स्वतन्त्र शासक सिद्ध हुँदैनन्। किनभने यसभन्दा निकै अगाडि बंगालमा पालवंशी राजाको शासन चलेको थियो। महाराजाधिराज धर्मपाल त्यस वंशका ठूला प्रतापी राजा थिए। उनका पालामा पुण्ड्रवर्धनभुक्ति (पूर्णियाँतिर) नारायणवर्मा सामन्त शासक थिए। यिनले नारायणको मन्दिर स्थापना गरेर त्यसमा गूठी राख्न भनेर धर्मपालसँग चार गाउँ मागेर नारायणस्थानमा चढाएका थिए। यिनले 'महासामन्ताधिपति' भन्ने पदवी लिएका थिए।[१०] नारायण वर्मा धर्मपालका पक्का सामन्तै थिए। यदि महासामन्ताधिपति हुँदा नान्यदेवजस्तै स्वतन्त्र थिए भन्नलाई नारायणलाई पनि स्वतन्त्र सिद्ध गर्नुपर्छ। नत्र पहिले आफ्नो पुरानो पद नान्यदेवले लिँदैमा कुनै साधारण प्रजाले राजाको नाम नलेखी रामदेवको मात्र नाम लेख्तैमा यिनको स्वतन्त्र अस्तित्व सिद्ध हुँदैन। त्यस्तै पं भोगण धवलस्रोतपुरमा महासामन्त रामदेवको आश्रयमा थिए, उनको नाम लेखिदिए। अर्को साल विधिपूर्वक राखिएको ताम्रपत्रमा महाराजाधिराज शिवदेवको सम्मानपूर्वक स्मरण गरी स्थानीय सामन्त शासक रामदेव भनेर लेखिएकै छ। मंग्वरविषयमा सामन्त शासकको परम्परा पछिसम्म कायम रहिरहेको थियो, त्यसको पनि यथास्थानमा चर्चा गरिने नै छ।

मंग्वरविषय र धवलस्रोतपुर

ने.सं. २२० को अभिलेखमा सामन्त रामदेवको राज्यमा धवलस्रोतपुरमा कमलपाणि पुस्तकका लेखक देखिन्छन्, पछिल्लो साल तिनै सामन्त रामदीव (रामदेव) को राज्य मंग्वरविषय भनिएको देख्नेबित्तिकै मंग्वरविषयभित्रै धवलस्रोतपुर रहेछ भन्ने कुरा स्वतः अवगत हुन आउँछ ।

ने.सं. २७० मा पन्नगविषयमा महासामन्त हंसदेव भएको वेला यूपटोलमा बस्ने कुलपुत्र फुलुङ नायकले "कुब्जिकामत" लेखेका थिए ।[११]

यसपछि ने. सं. २८२ मा महाराजाधिराज नेपालाधिपति आनन्ददेवका पालामा पुन्नुंग विषयका महासामन्त रहस्यदिव (देव) रहेको वेला उपर्युक्त भ्राण्टेश्वर महादेवस्थानमा पुनः स्थानीय व्यक्तिले स्त्रीपुरुष भई धर्मकार्य गरेर ताम्रपत्र राखेका थिए ।[१२] यसबाट मंग्वरविषय नै पुन्नुंगविषयले सम्बोधित भएको र त्यसमा रामदेवकै परम्पराका रहस्यदेव महासामन्त हुन आएका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

ने.सं. ३०४ मा धवलस्रोतपुरमा महासामन्त रत्नदिव (देव)को शासन भएको वेला जेजाभुक्तिका कायस्थ पं. रत्नपाल श्रीवास्तवले चरकसंहिता सारेका थिए ।[१३] अर्को साल नै महासामन्तको राज्यमा उही धवलस्रोतपुरमा बसेर शैवाचार्य राजगुरु श्रीधरले क्रियाकालगुणोत्तर भन्ने ग्रन्थ सारेका थिए ।[१४] अब यी माथिका कुराबाट धवलस्रोत्री वा धवलस्रोतपुर मंग्वरविषयान्तर्गत पर्दथ्यो । मंग्वरविषयकै अर्को रूप पन्नगविषय थियो र पन्नगकै अपभ्रंशरूप पन्नुंग वा पुन्नुंग भएको पनि बुझ्नुपर्छ । भुजगलाई भुजंग भनेजस्तै पन्नगलाई पन्नुंग वा पुन्नुंग पारेको हो । पन्नग सर्पको नाउँ हो, यसैले यसलाई नागदेश भनेर पनि सम्बोधन गरेको पाइन्छ ।

मंग्वर वर्तमान मगरको पूर्वरूप थियो । मगरहरू नागजातिका रूपले परिचित छन् । सेनवंशावलीमा मगरजातिलाई नागजातिका रूपमा उल्लेख गरिएको छ ।[१५] किरातलाई सिंह, लिम्बूलाई महाव्याघ्र[१६] भनेजस्तै मगरलाई नाग भनेको कुरा यहाँ स्मरणीय हुन आउँछ । मंग्वरविषय वा पन्नगविषय भनेको मगरातप्रदेश भनेर बुझ्नुपर्दछ । पन्नगविषयकै पर्यायमा नागविषय वा नागदेश भनेको पनि देखिन्छ । हामीले माथि भगवान्‌बहालको सुवर्णाक्षरको प्रज्ञापारमिताको पुष्पिकावाक्यबाट पनि सो ग्रन्थ नागदेशमा लेखेको देखेका छौं र नागदेशको विशेषण सुखावती (बौद्धको स्वर्ग) जस्तो, पृथ्वीमण्डलमा मणिजस्तो भएको पनि भनिएको छ ।[१७] सो नागदेश पनि यही पन्नगविषय थियो ।

डिल्लीरमण रेग्मीले पन्नगविषय वा नागदेशलाई भक्तपुर नजीकको नक्देश हो भनेका छन्।[१८] तर माथिको विश्लेषणबाट उनले भनेजस्तो सो नागदेश नक्देश क्दापि होइन, यसअतिरिक्त नक्सामा मगरवाङ भन्ने ठाउँ धौलागिरि अन्चलको ढोरपाटननेर देखेर मंग्वरविषय वा पन्नगविषय त्यहीँ भएको र त्यसकै उत्तरको धवलागिरि नै धवलस्रोतपुर हो भनेर महेशराज पन्तले सिद्ध गरेको देखिन्छ।[१९] परन्तु नक्सामा मगरवाङ देख्नेबित्तिकै मगरात त्यही हो भन्न क्दापि मिल्दैन। मध्यकालमा खशमल्ल राजाका र सेनराजाका सिपाही कर्मचारीका रूपमा मगर मध्यपश्चिमाञ्चलदेखि सुखीम टिष्टासम्म पुगेका थिए। मगर बसोवास भएको गाउँ मगरका नाउँले सम्वोधित हुने हुँदा त्यस्तो गाउँठाउँका नाउँले मगरातलाई त्यति पर पुऱ्याउन सक्दिैन। गोरखाका राजा पृथ्वीनारायण शाहले मगरातको राजा मै हुँ[२०] भनेबाट मगरातप्रदेश गोरखा लमजुङकै आसपासको गण्डकीप्रस्रवणक्षेत्रमा पर्दथ्यो भन्ने कुरा नै ऐतिहासिक दृष्टिले मान्नुपर्ने हुन्छ। प्रत्यक्षतः मगरको आवादी मध्यपश्चिम गण्डकीप्रस्रवणक्षेत्रमा नै प्रशस्त छ।

माथि उल्लिखित धवलस्रोत्री वा धवलस्रोतपुरको अवस्थान कहाँ थियो भन्ने सम्बन्धमा पनि यथाशक्ति अनुसन्धान गर्नुपरेको छ। पहिले यो नाम प्रकाश भएदेखि हरप्रसाद शास्त्री, लुशियानो पेटेक, डिल्लीरमण रेग्मीहरूले धुलिखेल नै धवलस्रोतपुर हो भनेर चित्त बुझाए।[२१] परन्तु धुलिखेलको व्युत्पत्ति अर्कै हुने हुँदा धवलस्रोतपुरसँग यसको तादात्म्य बसाउन सक्दिैन। मध्यकालका अभिलेखमा धुलिखेललाई शिखरापुरी भनिन्थ्यो र यसको नेवारी नाम धरिखेर थियो। त्यसैको नेपाली उच्चारण धुलिखेल भएको हो भन्ने मत वज्राचार्यको छ।[२२]

बेण्डालले चाहिँ धवलस्रोतपुर पश्चिम नेपालमा पर्छ भनेर पहिल्यै लेखेका थिए[२३] तर यो मत कसैले पत्याएको थिएन। महेशराजको चाहिँ धवलस्रोत भनेको धवलागिरि हो भन्ने मत प्रकाशमा आएको छ।[२४]

अर्को मततर्फ विचार गर्दा पनि धवलस्रोत्री वा धवलस्रोतपुरबाट धौलागिरी भएको भन्न सक्दिैन। धवलको अर्थ सेतो भन्ने हुन्छ, सेतो भएर त्यसलाई यो नाउँ दिएको भन्दा हिमाच्छादित पर्वत चुचुरा सबै सेतै छन्, यसलाई मात्रै त्यसो भनिएको भन्न पनि सक्दिैन।[२५]

धवलको अर्थ सेतो हो। स्रोतःको अर्थ सोतो अर्थात् पानी सुलुत्त बगेको ठाउँ[२६] धवलस्रोत भनियो। हाम्रो नेपालमा र छिमेकी भारतमा पनि 'श्रोतिका' 'श्रोत्री' 'स्रोत' रूप पानी बग्ने खोल्सा खोल्सी खोलालाई भन्दा प्रशस्त प्रयोग हुन्थे।[२७] यसकारण 'धवलस्रोतपुर' बाट 'स्रोतपुर' हटाएर त्यसमा गिरि जोडेर 'धवलागिरि पारेर यसको परिभाषा गर्नु एकदम असम्भव कल्पनामात्र हो, नदीलाई पाहाड (गिरि) सँग जोडेर अर्थ लाउन्न कसरी सकिन्छ।[२८]

पश्चिम नेपाल गण्डकीक्षेत्रभित्र पर्ने मंग्वरविषयमा यस्तो ठाउँ सेती नदीको प्रश्रवण क्षेत्र पोखरादून देखिन्छ। धवलस्रोत भनेर सेतीको स्रोतलाई अर्थ्याउन सकिन्छ, त्यत्रो ठूलो सेती नदी कुलोजस्तो भएर जमीनको तल सुलुत्त भएर बगेको हुँदा यसलाई धवलस्रोत भनेरभन्दा सार्थक हुन्छ। ह्याङजा र फेवातालका आसपासका उब्जाउ फाँटमा धानखेती प्रशस्त हुने र अधिकमात्रामा वर्षा भई पाखावाली पनि बढीमात्रामा उब्जने यस व्याँसीमा प्राचीनकालदेखि आबादी वढी भएबाट यो क्षेत्र पुर भन्न सकिने पनि देखिन्छ। मेरो विचारमा धवलस्रोतपुर भनेको आजभोलिको पोखरा शहर नै थियो।[२९] यो सामञ्जस्य गर्दा मंग्वरविषय भित्र पर्ने धवलस्रोतपुरको तादात्म्य स्थापित गर्न पनि सकिन्छ।

सिंहदेव वा सीहदेव

वंशावलीका नयाँ पुराना कुनै पाठमा पनि सिंहदेव राजाको नाम भोग वर्ष लेखिएको छैन। सिंहदेवकै प्राकृतरूप हो सीहदेव। वंशावलीको कपाठको तल्लो भागमा पछि हुने राजा महेन्द्रदेव, आनन्ददेव, रुद्रदेव, अमृतदेवका बाबुका रूपमा यिनको नामग्रहण गरिएको छ। परन्तु तात्कालिक सातवटा अभिलेखमा ने.सं. २२५ देखि २४२ सम्म यिनको नाम उल्लिखित गरिएको पाइन्छ।[३०] यसरी शिवदेवकै शासनकालभित्र सिंहदेवको नामोत्कीर्ण अभिलेख पाइनाले लेवीले यी दुवै नामका व्यक्ति एकै हुन् भन्ने भाव व्यक्त गरेका थिए। कसै कसैले त पछि हुने राजा नरेन्द्रदेवका स्थानमा भाषावंशावलीमा देखिएका नरसिंहदेव नामसँग सिंहदेवको सामञ्जस्य गर्न खोजेको पनि देखियो।[३१] अर्काथरीले समानकालमा देखिएका यी दुई नाउँका राजाका आधारमा शिवदेव सिंहदेव अलगअलग राज्यका शासक थिए भनी द्वैराज्यप्रथाको व्यवस्था भएको दर्शाएका पनि छन्।[३२]

परन्तु यी दुई नाम एकै व्यक्तिका हुन्, शिवदेव सिंहदेवले परिचित राजा दुई बेग्लाबेग्लै होइनन् एउटै हुन् भन्ने मतलाई नै धोइपखाली सिद्ध गरी धनवज्र वज्राचार्यले प्रकाशमा ल्याए।[३३] शिवदेवको २७ वर्ष ७ महिनाको शासनकालपछि राजा हुन आउने इन्द्रदेव वा महेन्द्रदेव सीहदेवका छोरा भएका शिवदेवले नयाँ मुद्राको प्रचलन गर्दा 'स्वसिंहाकृति रूप्य द्रम्भव्यवहार कृता' अर्थात् आफ्नो सिंहछाप भएका मुद्रा ढालेको तथा शिवका नामका सिक्का चलेको एउटै शहर ललितपुरमा दुवै नामका अभिलेख पाइएको[३४] र कतै पनि द्वैराज्य वा संयुक्त शासनको संकेतसम्म नभएको आदि कुरा विचार गर्दा उक्त विचार सही नै देखिन आउँछ।

सिंहदेवलाई चाँगुको एक अभिलेखमा दोलागिरिका भगवान्का पाउकमलको अनुग्रह पाएका भनिएको छ[३५] भने जिनेन्द्रबुद्धिले र जयचन्दवर्माले लेखेको पुस्तकमा यिनलाई

'परमसौगत' भन्ने उपाधि दिएकोले यिनमा पनि अरूअरू राजाहरूमा जस्तै धर्मसमन्वयको भावना भएको व्यक्त हुन्छ।[३६] काठमाडौं पाटन भक्तपुर तीनै शहरमा प्राप्त भएका अभिलेखमा यिनको नाम ससम्मान पाइएको हुँदा माथि भने जस्तै द्वैराज्यको संकेत मिल्दैन। महाराजाधिराज शिवदेव र सामन्त रामदेवको पालाको ताम्रपत्र मंग्वरविषयमा राखिएको र महाराजाधिराज सिंहदेव र महासामन्त पिषुजीवका पालामा उदयपुर वस्ने पिषाकरचन्द्रले पाटन मणिग्वलमा आएर जयचन्द्रवर्माद्वारा प्रज्ञापारमिता लेखाएको देखिनाले[३७] पूर्व उदयपुरदेखि पश्चिम मंग्वरविषय गण्डकीक्षेत्रसम्मका सामन्तशासित प्रदेशलगायत नेपाल एक विस्तृत राज्यको रूपमा नै रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ।

द्रम्भमुद्राको व्यवहार र विकासकार्य

नयाँ पुराना सबै वृत्तान्तमा शिवदेवले निकै महत्त्वपूर्ण कार्य गरेको बयान गरिएको छ। त्यसअनुसार यिनले ठाउँठाउँमा पानीको समस्या समाधानका लागि अनेकौं धारा बनाए, कुवा पोखरी खनाए, बलखुनदीमा बाँध बाँधेर खेतमा पानी लाउने सिचाइएको व्यवस्था पनि गरे, भक्तपुर राजधानी कायम गरेर त्यहाँ चारतले पाँचवटा चोक भएको राजगृह (दरबार) बनाए। कान्तिपुरले र ललितपुरले शहरको रूप लिइसकेका थिए, परन्तु परचक्रीको आक्रमण हुँदा यी सुरक्षित किल्ला थिएनन्। यसैले यिनले डाँडामा रहेको भक्तपुरलाई राजधानी बनाएर त्यसलाई किल्लाको रूप दिएर सुरक्षित शहर बनाए। पश्चिमतर्फ गुन्देगाउँ अथवा पद्मकाष्ठगिरिलाई पनि एक मजबूत किल्ला बनाए। यो किल्ला कीर्तिपुरको संज्ञाले प्रसिद्ध हुन आयो,[३८] यो किल्ला मध्यकालमा अत्यन्त सुरक्षित मजबूत मानिन्थ्यो। पृथ्वीनारायण शाहलाई पनि यो गढ फोर्न धेरै नै सकस परेको कुरा पछिल्लो कालको इतिहासले बताउँछ।

भाषावृत्तान्तमा यिनले देशविदेश विजय गरेको र त्यसबाट निकै द्रव्य आर्जेको कुरा लेखेको छ। जे भएपनि यिनका पालामा राज्यमा निकै शान्ति र समृद्धि थियो भन्ने कुरा चाहिँ निश्चित हो। यस वेला भारतमा नयाँ मुद्राको प्रचलन आइसकेको थियो। छिमेकी राज्यको मुद्राप्रचलनलाई हृदयंगम गरी यिनले आफ्नो देशमा पनि नयाँ मुद्राको प्रचलन गर्नुपर्ने अवस्था देखे। लिच्छविकालदेखि यहाँ पण पुराणको प्रचलन नै कायम थियो। अब उनले भारतमा चलेका मुद्राजस्तै सिक्का द्रम्भको प्रचलन गरी त्यहाँबाट हुने आफ्नो व्यापारमा, कारोबारमा सन्तुलन ल्याए। यिनले सिंहछाप भएका चाँदीका ताँवाका द्रम्भमुद्रा र सुनका शिवछाप लागेका शिवका (सिक्का) नामका साना सुकी पनि चलाए।[३९] यसबाट पनि उनका पालामा नेपालको आर्थिक स्थिति मजबूत थियो भन्ने अनुमान गर्न सकिन्छ।

यसअतिरिक्त शिवदेवले धार्मिक कार्य पनि प्रशस्त गरे। प्रथमत: यिनले पशुपतिनाथको मन्दिरलाई तावाँका पातामा सुनको जलप लाएर छानाको जीर्णोद्धार गरे; पशुपतिनाथलाई चाँदीका कमल चढाएर पूजा गरी मन्दिरको प्रतिष्ठा गरे।[४०] चाँगुनारायणको पनि सबै मूर्ति मन्दिरको जीर्णोद्धार गरी प्रतिष्ठा गरे।[४१] यी यिनका धार्मिक सामाजिक आर्थिक विकासका कार्यले नेपाली जनतामा निकै खुशियाली र सुखशान्ति (सकलजनानन्द) मिलेको थियो, यसैले यी राजालाई वंशावलीकारले भैरवावतारको संज्ञा दिएको छ र यसलाई भाषापाठमा कीर्तिपुरका बाघभैरवको उत्पत्तिको कथासँग जोडेको छ।

मदनसरोवर र भूमिकरमा वृद्धि

राजा शिवदेवको जन्म र मृत्युको प्रसंग बताउँदा क पाठको तल्लो भागमा यिनलाई 'कामदेवरूपो भैरवावतार': (भैरवका अवतार भए पनि कामदेवका रूपका) भनिएको छ।[४२] यसबाट यिनी डरलाग्दा भैरव भए पनि कामदेवजस्तै शान्त सुन्दर थिए अर्थात् शत्रुका लागि भयङ्कर भैरव थिए भने मित्रका लागि कामदेवजस्ता सुन्दर शान्त थिए भन्ने भाव बुझिन्छ।

त्यसपछि सिंहदेवका छोरा महेन्द्रदेवको जन्म मृत्यु दिएर उनी महादानी महाभोगी भए भनी उनका अवदानको वर्णन गरिएको छ। त्यसमा युवराज महेन्द्रदेवले ठूलो महेन्द्रपोखरी खनाएको कुरा नै मुख्य हो। यो पोखरी सिंहदेवकै शासनकालमा ने.सं. २३९ (वि.सं. ११७६) वैशाख पूर्णिमामा प्रतिष्ठा गरिएको थियो। यो पोखरी ज्यादै ठूलो रमणीय भएको र यसका वरिपरि बगैंचा लाएको क्रीडास्थल भएबाट पनि यस महेन्द्रसरको अर्को नाम 'मदनसर' राखिएको थियो।[४३]

यो पोखरी खन्दा धेरै खर्च लागेको थियो। यसको पूर्तिका लागि खेतमा खेतीवालसँग तिरो दोब्बर बढाएर लिइएको देखिन्छ। पहिले एक कर्ष खेतमा आधा द्रम्भ तिरो लागेको थियो। अब पुरै एक द्रम्भ कर तिर्नुपर्‍यो। सबैले एक एक द्रम्भको हिसाबले नै तिरो तिरे। युवराजका नाउँमा खनिएको हुँदा यसको नाम पनि युवराज (जौराजा) महेन्द्रसर र अर्को नाम मदनसर भनेर प्रसिद्ध भयो।[४४]

महेन्द्रसर निर्माणका लागि दोब्बरका दरले बढाइएको यो कर पछि मिनाहा भयो वा कायम रह्यो त्यहाँ खुलाएको छैन, साबिक कर चाहिँ एक कर्ष खेतमा आधा द्रम्भ थियो भन्ने कुरा पनि यस उक्तिबाट खुल्दछ।[४५] जे भएपनि जनतामा यति ठूलो करको भार थपेर बनाएको यो पोखरी भक्तपुर शहरको पश्चिम प्रवेशद्वारमै रहेको पोखरी नै हो भन्ने अनुमान हुन्छ।

२.१. टिप्पणी

१. सम्वत् १७७ आषाढकृष्णप्रतिपद्या उत्राषाढ नक्ष(त्र) सुधियोग बुधवार श्रीसंक (र) देवस्य पुत्र श्रीशिवदेवस्य जात ॥ राजा अस्त ६९ कामरूपो भैरव अवतार : ।

क पाठ ३०-३१ क ख पत्र

२. उही ।

३. तल २.३ को १ टिप्पणी द्रष्टव्य ।

४. क) ताम्रपत्र अभिलेख (पशिचंम नेपाल), द टू अर्लियष्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल १-१२ पृ.

ख) अमरकोश-जातरूपटीका, केशरलाइब्रेरी ५६० सं. उही ९ पृ. ३२ टि.

ग) स्फोटिकावैद्य, इण्डिया अफिस लाइब्रेरी, (हडसन्संकलन) ७.३ ए.बी. कैथक्याटलग् २ भा. १५०२

घ) यसुधाराधारिणी, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी .

(ओ. आर्. १४२) मे. हि. नेपाल ५१ पृ.)

५. शिवदेवको उपर्युक्त पश्चिमनेपालको (क) ताम्रपत्र ।

६. महासामन्ताधिपति-महासामन्त श्रीरामदेवस्य विजयराज्ये संवत् २२० कार्तिकदिने २४ धवलस्रोत्र्यायाम् लिखितम्, लेखक कमलपाणिना । (आर्योष्णीयविजय नाम धारिणी,)

मे.हि. नेपाल ५० पृ.

यस ताम्रपत्रमा रामदेवलाई रामदिव लेखेको देखिन्छ । यस्तै तल अरूलाई रहस्यदिव रत्नदिव (दीव) लेखेको देखिनाले यिनीहरूको परम्परामा यस्तै भन्ने लेख्ने चलन भएको बुझिन्छ ।

७. मे.हि. नेपाल ५०-५१ पृ.

८. क. मे. नेपाल १ भा. १४४-४८ र १५६-५८ पृ.

ख. द टू अर्लियस्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २२ पृ.

९ धवलस्रोत, धवलश्रोत्री, धवलश्रोत्र, धवलस्रोतपुर आदि पाठ विभिन्न ठाउँका पुष्पिकावाक्यमा पढिएको पाइन्छ । कसैले धवलशोन्त्यायां भन्ने अशुद्ध पाठ पनि पढेका

छन् (मे.नेपाल, इन्स्कृप्सन्स् एण्ड कोलोफोन ८ पृ.) । केशरलाइब्रेरीमा रहेको कुब्जिकामतको पुष्पिकावाक्य महेशराज पन्तले छपाएका छन् र काश्मीरी पण्डित भोगणले लेखेको सो पुष्पिकावाक्यको पाठ 'ववलासन्निकायां', पाठ पढेका छन् । महेशराज पन्तले यसको परिचय पाउन सकिएको छैन भनेर लेखेका छन् (द टू अर्लियष्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल२३ पृ.) । परन्तु यो धवलस्रोत्रिका नै हो । सार्दा अशुद्ध पाठ पढिएको हो ।

१०. परमेश्वर परमभट्टारको महाराजाधिराज : श्रीमान् धर्म्मपाल

देवः कुशली श्रीपुण्ड्रवर्द्धनभुक्त्यन्तःपाति .

एषु चतुरुषु (तुर्षु) ग्रामेषु समुपगतान् सर्वानेव

समाज्ञापयति च मतमस्तु भवतां महासामन्ताधिपति श्री

नारायणवर्म्मणा दूतकयुवराज श्रीत्रिभुवनपालमुखेन वय

मेवम्विज्ञापिताः

(सेलेक्ट इन्स्कृप्सन्स् २ भा. ६७-६८ पृ.

११. कुब्जिकामत, राष्ट्रिय अभिलेखालय, मेडिवल् नेपाल १ भा. १७८ पृ.

१२. ताम्रपत्र अभिलेख (पश्चिम नेपाल) टू अर्लियष्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २९-३१ पृ.

१३. चरकसंहिता, रा. अभिलेखालय १.१६४८.१ मे.हि. नेपाल ७२ पृ.

१४ क्रियाकालगुणोत्तर, रा.अभि ३.३९२.१ शास्त्रीक्याटलग् २ भा. ८५ पृ.

१५. सेनवंशावली २३ पृ.

१६. नेपालनिरुक्त ३२२ र ४४४ पृ.

१७. माथि १ प्रकरण ३ अध्याय ९२ टि.

१८. मेडिवल् नेपाल १ भा. १७८ पृ.

१९. द टू अर्लियस्ट कप्परप्लेट इन्स्कृप्सन्स् फ्रम् नेपाल २१-२६ पृ.

मंगरवाङ मगरकै बजहवाट नाम रहेको रहेछ भने पनि त्यसका अनेकौं कारण हुन सक्छन् । मगर बसेको, मगर गएको, मगरले जितेको भन्दा त्यस्तो नाम रहन सक्छन् । नेपालटार नेपालडाँडा थापागाउँ कार्कीनेटा भोटेछाप आदि नाम लिन सकिन्छ । सम्बद्ध मानिसको संसर्ग कुनै वेला भयो होला, नाम रहयो । त्यसबाट पूर्व थलो औंल्याउन कसरी सकिन्छ र ?

२०. पृथ्वीनारायण शाहको उपदेशबाट

२१. क) शास्त्री क्याटलग् २ भाग ८५ पृ.

ख) मे.हि. नेपाल ५३ पृ.

ग) मे. नेपाल १ भाग १४३ र १९२ पृ.

२२. सिनास जर्नल १० भाग १ सं. १०१ पृ.

२३. शास्त्रीक्याटलग्को प्रस्तावना ८ पृ.

२४. द टू अर्लियष्ट कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २१-२४ पृ.

हाल लुशियानो पेटेकले पनि यही मत मानेका छन् । (द्वि. सं. पृ. ५०)

२५. 'पञ्चावतप्रभृति पुराना पदको परिभाषा' प्रज्ञा ८४ पृ. (२०५४)

(यो मेरो लेख पनि यस सम्बन्धमा पठनीय छ ।)

२६. **स्रोतोऽम्बुसरणं स्वतः**

४८८ अमरकोश

"स्वतो यदम्बुगमनं जलगमनं तत् स्रोतः १" पानीको प्राकृतिक उत्पत्ति स्थानबाट वहावको नाम ।

स्रोत इन्द्रिये निम्नगारये,

२८०२ उही

स्रोत १ इन्द्रिय, नदीको वेग, सोतो ३ को नाम (कुलचन्द्रटीका)

२७. **पुण्यारामविलार्द्धश्रोतिका (स्रोतिका)**

"तत : पूर्व्वेणार्द्धश्रो (स्रो) तिकया"

"पूर्व्वेण कोण्ठियास्रोतः"

सेलेक्ट इन्स्कृप्सन्स् ६७ पृ.

२८. 'धौला' सँग सामन्जस्य राख्ने अरू नाम पनि त्यतातिर पाइन्छन् । जस्तो ढोरपाटन, ढोरलठाना, ढोरवाराही, ढोर आदि । ढोरको अर्थ गाईवस्तु हुन्छ भने ढोलको छालाले मोह्रेको ठूलो ढोलक बाजा भन्ने हुन्छ । ढोले वा धौलेको अर्थ ठूलो बडेमाको भन्ने हुन्छ । यस्तै कुनै अर्थमा यी स्थाननाम रहन गएका हुन् भन्ने प्रतीत हुन्छ । अर्को कुरा पोखराको अवस्थिति हेर्दा पनि धवलस्रोतपुर भनेर पोखरालाई अर्थ्याउन सजिलो पर्छ । त्यहाँ सेतीनदीको स्रोत सानो भएर सुलुत्त भित्र पसेर बगेको छ । माछापुच्छ्रे जस्ता

प्रसिद्ध हिमचुलीबाट हिउँ पग्लेर आएको त्यति ठूलो सेतो पानीको स्रोत यसरी बलियो मान्छेले नाघ्न सकिने सानो भोक्सीबाट बगेको हुँदा त्यस ठाउँलाई धवलस्रोतपुर भन्न सुहाउने सार्थक नाउँ हुन्छ। अरू कुरा विशेष अनुसन्धेय छन्।

२९. पोखराको विषयमा यहाँ अर्को प्रसङ्ग पनि स्मरणीय हुन आउँछ।

विक्रमको नवौं शताब्दीमा काश्मीरका राजा जयापीडले नेपालमा आक्रमण गर्दा नेपाली राजा अरमुडि आफ्नो राज्यभित्र पसेका र जयापीडसँग डराएजस्तो गरी लड्दै हट्तै आएका थिए। यसरी शत्रु दब्दै गएको देखी जयापीडले निस्फिक्रीसँग अघि बढेर एक नदीको बगरमा आफ्नो पाल हाली आफ्नो अखडा जमाएका थिए। दुई तीन दिनपछि आफ्नो पूरा इन्तजाम बाँधेर अरमुडिले पल्लो किनारमा आएर आफ्नो फौजको सजधजसँग प्रदर्शन गरे। शत्रुको यस्तो फुर्ती बढेको देखी जयापीडले तुरुन्त नदी तर्ने आदेश दिए। त्यस वेला खोलामा घुँडासम्म मात्र पानी थियो। जब कश्मीरीहरू तर्ने भनेर खोलामा पसे, त्यति वेलै अरमुडिले खोलाको बाँध खोलिदिए, खोलामा एक्कासि उर्लेर बाढी आयो। राजासहित काश्मीरीको दल बग्न लाग्यो। अरमुडिका पौडीबाज सिपाहीले राजालाई उतारे र कालीगण्डकीको किनारामा रहेको अग्लो ढुंगे किल्लामा लगेर थुने। पछि मन्त्री देवशर्माको तक्कलले जयापीड उम्केर गए।

(कल्हण-राजतरङ्गिणी ४।४०२-५९)

यसमा वर्णित कथामा पोखरामा पार्थिबाँधको मुनि तल खहरेदोभानमा जयापीडले अखडा जमाएको र फेवाताल खोलेर काश्मीरीलाई बगाएको कुराको अनुमान हुन्छ। यही अर्थ गरेको खण्डमा यसमा वर्णित कथा सत्यताको कसीमा चढ्न सक्तछ। किनभने राजतरङ्गिणीमा सिन्धु (समुद्र) शब्दको प्रयोग छ, त्यो यसै फेवाताललाई लक्ष्य गरेर लेखेको बुझिन्छ। यसरी बाँध खोल्दा एक्कासि उर्लेर बाढी आई सारा सैनिक सैनिकशिविर बगाउनें कुरा यहाँ संभव छ भन्ने पनि मैले ठहराएको छु। अरमुडि राजाको नाम नेपालको इतिहासमा नदेखिएकोले विभिन्न विद्वान्ले विभिन्न कल्पना गरेका छन्। काशीप्रसाद जायस्वालले वरदेव भनेका छन् (क्रोनोलोजी ९४)। बाबुराम आचार्यले वामदेव लेखेका छन् (ने.सां. प. पत्रिका १।१।५ पृ.)। मैले यिनलाई स्थानीय सामन्त शासक ठहराएको छु। यो नाम संस्कृतभाषाको होइन, पश्चिमका अर्मादी (अर्माल, अलमोडा) आदि रूपसँग यसको सादृश्य हुन्छ। (नेपालनिरुक्त ५ पृ.)

३०. क) पन्चरक्षा, आशुतोष म्युजियम् अफ् इण्डियन् आर्ट।

कलकत्ता युनिभर्सिटी, टि. १०५५, सीहदेव ए फर्गोटेन् किङ् अफ् नेपाल, प्रोसेसिङ् अफ द टेन्थ इण्डियन् हिष्ट्री कांग्रेस

ख) काव्यादर्श, डोरगुम्बा, (तिब्बत) मे.हि. नेपाल ५२ पृ.

ग) सिद्धसारसंहिता, रा.अभि. , ८०३, २५, मे. हि. नेपाल ५३ पृ.

घ) अष्टसाहस्रिका प्रज्ञापारमिता, एशियाटिक सोसाइटी कलकत्ता, १९७३ सं. शास्त्री क्याटलग् १, ४-५/क र घ पुस्तकमा सिंहदेवलाई परमसौगत (बौद्ध) भनिएको छ।

उदयपुरका महासामन्त पिषुजीवको लागि जयचन्द्रवर्मा‌ले यो पुस्तक सारेका थिए, शास्त्रीले यिशुजीव भन्ने पाठ पढेका थिए ।

ङ) चाँगुभण्डारको अभिलेख, चांगु. ऐ. सामग्री १५० पृ. (यसको तिनु भावो र शिवदेवको ताम्रपत्र (क) को इदा भावो तुलनीय)

च) नामसंगीति, केशरपुस्तकालय । ११८ सं., मे. हि. नेपाल -५३ पृ.

छ) मूलदेवाख्यशास्त्र, शालु गुम्बा (तिब्बत) जर्नल, विहार रिसर्चसोसाइटी, ५३, सं. ४१ पृ.

३१. ने. ऐ. रूपरेखा ११६ पृष्ठ

३२. मेडिवल् नेपाल ३ भा. १६० पृ.

३३. मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव, सिनास जर्नल ८ भा. १ सं. २०८-२१० पृ.

हाल पेटेकले पनि यही विचारलाई स्वीकार गरेका छन्-

मे.हि. नेपाल ५३-५४ पृ.

३४. यसबारे पछि दिएका टिप्पणी द्रष्टव्य छन् ।

३५. सिंहदेवको (ङ) अभिलेख ।

३६. यिनका (क) र (घ) पुस्तकका पुष्पिका ।

३७. उही ।

३८. ततः कीर्तिभगतापुरे (ग्रामे) बलबलदेवी तप कृत्य नन्दि बन्ध्याय नीता (बलदनी प्रबधा नीता) पनालिका कुप प्वस्करणी स्थाने स्थाने (सकलजनानन्द) कृता । चतुर्भूमिक पञ्चपुरसमायुक्त (पञ्चपुरस. १० युक्तं) श्रीराजगृह सुनिखादितम् ।

(क पाठ २४ पत्र)

क पाठकै तल्लो भागमा बलबल नदी बन्धनीयम् भन्ने वाक्य भएकोले बल्खुमा बाँध बाँधेको स्पष्ट बुझिन्छ । (कोष्टबद्ध पाठ ख घ पाठको हो ।)

३९. पूर्व्वदम्मव्यवहार नास्तिः सुवर्णरक्तिकास्तव्य वर्तते । स्वसिंहाकृति रुप्यदम्भ व्यवहारा कृता । सुवर्णमयी श्रीशिवस्याकृति शिवकाङ्क कृत्य : । उही

४०. तेन श्रीपशुपति भटारकस्य देवुल सुवर्ण्णसंखलीसंछादन कृतम् ।

तत पश्चात् श्रीपशुपतिभट्टारकाय रजतपद्मपिण्डका घटितम् (पुनघर्टित) उही

४१. पूर्व्वशिखरदेवस्य परिवारसहितेन जीर्ण्णोधार कृता :॥ उही

४२. माथि टि. १ सं. द्रष्टव्य ।

४३. सम्वत् १९९ वैषाख पूर्णास्या विशाषनक्षत्र ध्रुवजोग वृहस्पतिवा
मध्यानवेलाया, श्रीसींहदेव परमेश्वरस्य पुत्र श्रीमहेन्द्रदेवस्य जातः ॥
धने स्वयं दातार महाभोगवान्, युवराजमिति ॥ तस्य कृतम् मदनसरवर
सम्वत् २३९ वेशाखपूर्णमी प्रतिष्ठा कृतम् दिन प्रति दम्मेकेक बनि देय
अस्तवर्ष ६५ ॥ क पाठ ३१ का

४४. जौराज श्रीमहेन्द्रदेवेन योद्यम्बृहत् पुष्करिणी खनित्वा
पूर्वकर्षक पन दम्मार्धः। स पुष्करिणी खनिते च
दम्मेकेक पन देयम् सम्पूर्ण कृतम् महेन्द्रसरो नामदेयम्,
तस्य सम्बच्छरो नवतृयः सदद्वयम् माधवशुचि पूर्णमी ॥
तस्या द्विनाम मदनसरो कृता।

कपाठ २४ खपत्र

४५. कर्षको प्रमाण स्थिति मल्लका पालाको हिसाबले निम्नलिखित हुन्छ -
खेतको प्रमाण अवल द्वयम् सिम चाहार
चाहार खेत कर्ष १ को चारैतर्फ नापि १२५ हात।
सिम नाम षेत कर्ष १ को प्रमाण ११२ हात।
द्वयम् षेत कर्ष १ को प्रमाण १०५ हात
अवल षेत कर्ष १ को प्रमाण ९५ हात। (प्रा. नेपाल ९ सं. ११ पृ

द्रम्भमुद्रा शिवदेवले प्रचलित गराएका थिए। लिच्छविकालमा पण पुराण प्रचलन थियो, पण तामाका र पुराण चाँदीका हुन्थे। द्रम्भको अपभ्रंशरूप नेपाल भाषामा दाम भएको छ। दामको परिमाण पनि दुवै थरी बुझिन्छ। एक रुपैयाँ र अर्क चुन्दाम (तामा पैसाको एक चौथाइ भाग)। उस वेला द्रम्भ चाँदीको पनि हुन्थ्यो तामाको पनि। तामाका ६४ द्रम्भको एक रूप्यद्रम्भ (चाँदीको द्रम्भ) हुन्थ्यो। आधी द्रम्भ भन्नाले १ मोहर बुझ्नुपर्छ। आजभोलि पाथी मुरी रोपनीको हिसाबले पाहाडको जग्गा नापिन्छ। ४ मुरी माटो १ रोपनी हुन्छ। १ मुरीको साधारणत: १ मोहर तिरो लागेको थियो। १ कर्षको आधा द्रम्भ जस्तै १ मुरीको आधा रू (१ मोहर) तिरो लाग्ने परम्परा पुरानो रहेछ भन्नुपर्छ।

पुरानो वृत्तान्तको नेपाली अंग्रेजी अनुवाद गर्दा कर्षक - खेतीवाल भनेर अर्थ गरिएको र पोखरी खनुन्जेल दिनको एक द्रम्भ तिरो तिनले बुझाउँथे भन्ने पनि गरिएको छ। (गो.वं.२४ र ३१ पत्र) तर सो मिल्दोजुल्दो छैन। कर्ष भनेको खेत बारीको परिमाण हो र एक कर्षमा आधी द्रम्भ तिरो लागेकोमा पोखरीको लागि पूरै द्रम्भ लिइयो भन्ने अर्थ मैले गरेको हुँ।

द्वितीय प्रकरण

२ अध्याय

सिम्रौनगढमा नान्यदेवको राज्यस्थापना (वि.सं. ११५४)

जुन वेला नेपालमा शक्तिशाली राजा शिवदेव राज्यको श्रीवृद्धि गरिरहेका थिए, आर्थिक स्थिति सुधारेर देशमा निर्माणकार्य चलाइरहेका थिए, ठीक त्यसै वेला नेपालदूनकै सीधा तल तराईको सिम्रौनगढमा अर्को राज्य शक्तिसञ्चय गर्न लागिरहेको थियो। सिम्रौनगढमा प्रतिष्ठापित मिथिलाराज्य वा तेर्हौतराज्यका नामले चिनिने यो राज्य आफ्नो शक्तिवृद्धि गर्दै गएर नेपालराज्यसँग घुलमिल हुँदै वेलामौकामा सन्धि विग्रह गर्दै आफ्ना धार्मिक सामाजिक मान्यताले संस्कृति सभ्यताले पनि नेपालदूनको राज्यसँग आत्मसात् हुँदै करीब सवा दुई शय वर्ष जति कायम रह्यो। शिवदेव सिंहासनारूढ हुनुभन्दा करीब दुई वर्ष पहिल्यै नेपालमा हर्षदेव राजा भएको वेलामा वि.सं. ११५४ श्रावणशुदि ७ शनिवारका दिन महासामन्ताधिपति नान्यदेवले सिम्रौनगढमा नयाँ राजधानी कायम गरेर गृहवास्तु गरे। नान्यदेव कर्णाटदेशका एक वीर सेनानायक थिए। नान्यदेवले गृहवास्तु गरेको मिति परेको एक पद्य मिथिलामा र नेपालमा पनि ज्यादै प्रचलित भएर चलेको छ, यो पद्य सिम्रौनगढको र चम्पारणको ध्वंसावशेषको शिलास्तम्भलेखबाट उद्धृत गरिएको भनिएको छ, सो यस प्रकार छ।

नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे तच्छ्रावणस्य धवले मुनितिथ्यघश्रात्।

स्वात्यां शनैश्चरदिने रिपुमर्दलग्ने श्रीनान्यदेवनृपतिर्विदधीत वास्तुम्।[1]

एघाहौं शताब्दीमा कर्णाटकराज्यको निकै ठूलो प्रतिष्ठा कायम भएको थियो। कल्याणीका चालुक्यवंशी राजा प्रथम सोमेश्वर नामी वीर थिए, चेदीका राजा वीर कर्णसँग मिलेर यिनले मालवाका प्रसिद्ध राजा भोजलाई पनि हराएका थिए। यिनका छोरा षष्ठ विक्रमाङ्क चालुक्य (वि.सं. ११३३-८२) बाबुभन्दा झन् बढ्ता प्रतापशाली भएर निस्के। यिनी आफ्नो विजयात्रामा उत्तर भारत बङ्गाल आसामसम्म आक्रमण गर्न आइपुगेका थिए। यस

समयमा सारा भारतवर्षभरी कर्णाटक राज्यको कीर्तिपताका छाएको थियो, विक्रमको उन्नाइ शताब्दीमा गोरखालीको जस्तो दशौं एघाह्रौं शताब्दीमा कन्नडी सेनाको भारतवर्ष बहादुरीको वाहवाह चलेर आएको थियो। यहाँसम्म कि विक्रमाङ्कका समकालिक सु उत्तराखण्ड काश्मीरका राजा हर्ष (वि.सं. ११४६-५८) पनि कन्नडी रहनसहन चालचलन अनुसरण गर्दथे।[२] यिनै विक्रमाङ्क चालुक्यका वीर कन्नडी सैनिकका सेनापतिका कार्यभा सम्हालेका उनैको विजययात्राको सिलसिलामा उत्तर मिथिला र पूर्व बङ्गालतर्फ बढ्दै आए नान्यदेव र विजयसेन दुई वीरले आफ्नो आफ्नो स्वतन्त्र अस्तित्व कायम गरेर दुईतर्फ राज्य खडा गरे। विजयसेनले कमजोर भएको पालवंशको राज्यशक्ति तोडेर सेनवंशको रा कायम गरे। यता नान्यदेवले नेपाल तराई तेह्रौंतमा आई सिम्रौनगढमा राज्य कायम गरे वि.सं. ११५४ भन्दा केही वर्ष पहिल्यै तेह्रौंतप्रदेशमा नान्यदेवको अधिकार भइसकेको थियो त्यस वेला नान्यदेव केवल महासामन्ताधिपतिको पदवीले मात्र विभूषित थिए। आफैले लेखे भरतनाटचशास्त्रको टीकाको पुष्पिकावाक्यमा उनले यो पदवी लिएका थिए।[४] यो पद उन कहिलेसम्म लिए, र कहिले उनी महाराज वा महाराजाधिराज भए भन्न सक्दिन। तर उन छोराले चाहिँ लामा प्रशस्ति सहित महाराजाधिराजको उपाधि धारण गरेका थिए।

नेपालमा बाह्य हमला

"कर्णाटवंशी राजा नान्यदेव वि.सं. ९४६ मा धेरै नायर सैनिक साथमा लिए आई नेपालमा आक्रमण गरी यहाँका जयदेव, आनन्द मल्ल राजालाई भगा भादगाउँको राजसिंहासनमा बसे, यहाँका राजा राजपरिवार भागेर तेह्रौंततर्फ बसा गए, पाँच पुस्तासम्म यिनका वंशजले राज्य गरेपछि अर्थात् रामसिंहका पालामा वि. ११६७ मा पश्चिम पाल्पाका राजा बडा वीर मुकुन्दसेनले सवा लाख खश मगर सैन लिएर नेपालदूनमा प्रवेश गरी ठूलो युद्ध गरेर यहाँका राजालाई मारे, देशमा ठूलो लुटपाट मच्चाए, यहाँका प्रजाले मूला उखेली खाडलमा गाडे, धान पनि कुन्यू ला राखे, यसै वेलादेखि सिन्की गुन्द्रुक बनाउने, धान हकुवा बनाउने प्रथा चलेको हो, पछि महामारी उठी सैन्य स्वाहा हुँदा राजा विरक्तिएर वानप्रस्थी बनी हिंडे, नेपालमा राज शून्य हुँदा नुवाकोटे वैश्यठकुरी प्रवेश गरी कान्तिपुरमा बाह्र टोल र ललितपुर चौबीस टोल बनाई टोलैपिच्छे राजा भई रजाइँ चलाए" इत्यादि कथा भाषावंशाली उल्लिखित भएको हुँदा यसै कथाका आधारमा हाम्रो नेपालको इतिहासमा धेरै वादविवाद भ्रान्तधारणा पनि धेरै कालदेखि फैलदै आएको छ।[५]

माथि वंशावलीको उक्तिको सार दिइएको हो। यसमा तात्कालिक ऐतिहासिक प्रमाण दाँजेर हेर्दा पनि यी दुवै आक्रमण चाहिँ भएकै हुँदा कुरो सही थियो। परन्तु आक्रमणको साल मिति भने यसमा आनको तान फरक परेको छ। नान्यदेवले सिम्रौनगढमा राज्यस्थापना गरेको मिति दिएको श्लोक नेपालमा र मिथिलामा परम्परागत रूपले चलेर आइरहेको हो, त्यस पद्यको पहिलो पंक्तिको "नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे," भन्ने ठाउँमा कसैले भूलले वा डेढ अक्कलले गर्दा 'इन्दुश्च सोमवसुसम्मितशाकवर्षे' भन्ने पाठ लेखिदियो।[६] यसले गर्दा शाके १०१९ का ठाउँमा शाके ८११ हुन गयो। यसरी नान्यदेवको आक्रमण दुई शय वर्षजति माथि सरेर गयो। यसैको फल वंशावलीमा नानाथरी कल्पनाले भरिएका कथा थपिए। आक्रमणताका यहाँका राजाको नाम पनि वंशावलीमा अन्यथा दिइएको छ, यसको चर्चा माथि पनि भएको छ।

त्यस्तै वि.सं. १५८१-८२ मा यक्ष मल्लका छोरा रत्न मल्लका पालामा पाल्पाका राजा मुकुन्दसेनले भारी सेना लिएर आएर नेपालदूनमा आक्रमण गरेका थिए। यस आक्रमणलाई वंशावलीकारले नानाथरी रंग भरेर चित्रण गरिदिए। नयाँ प्रतिष्ठापित भएको सिम्रौनगढको राज्यबाट र पश्चिम सिंजाली राज्यबाट पनि यसभन्दा धेरै पहिलेदेखि नेपालदूनमा वांरवार भयंकर आक्रमण भइरहन्थे। यी आक्रमण हुँदा नायर डोय तथा खश मगरसैन्यसँग हाकाहाकी भिड्न नसकी दूनवासीहरू खानेपिउने सामान अन्न पानी पनि शत्रुले नभेट्ने गरी माटामुनि गाडेर शहर गाउँ घरबार छोडेर जंगलमा लुकेर बस्तथे।[७] दूनवासीको यस्तो असहयोगले र रसदपानीको अभावले गर्दा वैरीले कि मिल्नुपर्थ्यो कि छोड्नुपर्दथ्यो। यस्तो अवस्थामा लोकव्यवहार नै यस्तो बनेको थियो कि हिउँदको उधारो दिनसम्म सबै खाद्यपदार्थ आलु मूला साग-पात धान कोदो पनि माटामा गाडेर राखिन्थे। चोर डाँका र शत्रुहरूका भयबाट बचाउन गरिएको पुरानो यस प्रयासलाई वंशावलीकारले मुकुन्दसेनको आक्रमणमा ल्याएर जोडिदिए। अर्को भ्रम त्यहाँ के पारियो भने प्रसिद्ध राजा मुनि मुकुन्दसेनको समयलाई बुझाउने एउटा अचम्मको भ्रष्ट श्लोक बनाइयो, सो यस प्रकार छ -

द्विरामशून्येन्दुसुशाकवर्षे १०३२
महीध्रषट्रुद्रमिते च सम्वत् ११६७।
सोमेन्दुचक्षुर्युगमानवर्षे ४२११
कलेस्तथाऽभून्नृपतिर्मुकुन्दः॥

यसरी वि.सं. १५८१-८२ मा भएको मुकुन्दसेनको आक्रमणलाई उपर्युक्त श्लोक कथी ठीक नान्यदेवका पालामा पुर्‍याइयो। उता नान्यदेवको आक्रमणलाई चाहिँ नेपालसंवत्को

प्रारम्भ कालमा लगियो। यस्तो भ्रमोत्पादक सालमिति देखेर इतिहासकारमा यो विवाद निकै चर्को चल्यो र धेरै अयथार्थ कुरा कहिए। कसैले मुकुन्दसेनको आक्रमण मनगढन्त भने[८] भने कसैले यसलाई जयदेवको समय वि.सं १३१५ मा भएको भने[९]। परन्तु यस विषयमा हाल वास्तव तथ्य फेला परिसकेको छ। नारदस्मृतिनामक हस्तलिखित ग्रन्थको पुष्पिकावाक्यमा उल्लेख गरिएको मुकुन्दसेनको आक्रमणसम्बन्धी टिपोटले यो सबै विवादको समाधान गरिदिएको छ[१०]।

सिम्रौनगढसँग पोह मल्लको संघर्ष

जुन वेला नान्यदेवले आफ्ना कन्नडी सेनाका साथ उत्तराखण्डको अभियानमा आएर स्वयं यहाँ स्वतन्त्र राज्य स्थापना गर्ने योजना गरे, त्यस वेला उनका आँखा प्राकृतिक सौन्दर्यले भरीपूर्ण आर्थिक सम्पन्नताशाली सुन्दर गाउँबस्तीयुक्त यस दूनमा लागेन हुन् भन्न सकिदैन। यसबारेमा स्पष्टसँग पुराना वृत्तान्तमा वर्णित नभएको भए पनि यसका लागि उनले संघर्ष गरेनन् होला भन्न सकिदैन, परन्तु यहाँ विजय प्राप्त गर्न केही कालका लागि मात्र उनी समर्थ भए। तर उनको सफलता दीगो नभएको बुझिन्छ। अर्वाचीन वृत्तान्तमा जतिसुकै फुलझडी भरेर उनको नेपालदूनविजय र यहाँ राज्य गरेको कथा जोडे पनि उनी यहाँ असफल भएर वा असफलताको आशंकाले नै यो सुन्दर प्राकृतिक गिरिदुर्गलाई छाडेर तल तराईको वनदुर्गलाई रोजेका थिए भन्ने कुरा नै साँचो भन्नुपर्छ।

वि.सं. ११५४ मा नान्यदेवले सिम्रौनगढमा राज्यस्थापना गरेपछि यो राज्यसँग नेपाल राज्यको सीधा टक्कर परिरह्यो, यससँग सन्धि विग्रहका कुरा हामी यथास्थानमा वर्णन गर्दै जानेछौं। मध्यकालमा भइरहने साना ठूला आक्रमणबाट बच्न सिम्रौनगढको वनदुर्ग साँच्चै नै शत्रुले आंकिनसक्नु अगम थियो। यसका वरिपरि वनदुर्गमात्रै होइन जलदुर्ग, प्राकारदुर्ग पनि बनेका थिए। यस राजधानीको विशालता विचित्रता र दुर्गमताको बारेमा समयसमयमा यसमा यात्रा गर्ने यात्रीहरूको वर्णनबाट हामीलाई थाहा हुन्छ। विशेष गरेर वि.सं. १२९३ मा रामसिंहका पालामा भारत नेपाल भोट भ्रमण गर्ने धर्मस्वामी (च्याग्लोचव - जो जे पाल) को जीवनचरितबाट यसको विशद विवरण प्राप्त भएको छ।[११]

सिम्रौनगढमा नान्यदेवको राज्यस्थापना भएपछि नेपाल राज्यसँग यसको बराबर संघर्ष चलिरह्यो। नयाँ वृत्तान्तमा जेसुकै कथेको भए पनि पुराना वृत्तान्तबाट यिनका सन्धि विग्रहका कुरा यदाकदा देख्न पाइएका छन्। वि.सं. ११६८ मा अर्थात् सिम्रौनगढ बनेको चौध वर्षपछि नान्यदेवका तेह्रौते सैनिकले नेपालमा आक्रमण गऱ्यो, त्यस युद्धमा नेपालतर्फबाट आक्रमणकारी सैन्यमा जाइलाग्ने सेनापतिको नाम श्रीनर मल्लदेव पोह लेखिएको र उनले

वि.सं. ११६८ भाद्रवदि ७ का दिन धेरै तेह्रौते सैनिकलाई तरवारले काटेको छोटो उल्लेख पुराना वृत्तान्तको क पाठमा पाइएको छ।[१२] यी विजयी नर मल्ल त्यस वेला कुन पदमा के थिए स्पष्ट छैन। आदिमा श्री र अन्त्यमा देव जोडिएकोले यिनी मल्लवंशी कुनै उच्च राजघरानाकै मानिस थिए भन्ने बुझिन्छ।

यहाँनिर एउटा अत्यन्त महत्त्वपूर्ण कुराको स्मरण हुन आउँछ। तेह्रौते सेनासँग विजय पाउने नर मल्लदेवलाई पोह पनि भनिएको छ। पोहको खाँटी अर्थ चाहिँ खुलेको छैन, जे भएपनि मल्ल उपाधिधारी पोहहरूको आबादी चाहिँ बनेपा पलाञ्चोकतिर थियो र यिनीहरू वीर लडाका पनि थिए भन्ने कुरा पुराना वृत्तान्त गढेर पढ्दा अवगत हुन आउँछ। विशेष गरेर मल्ल पोहको उल्लेख बनेपा पलाञ्चोकतिरको युद्धको प्रसंगमा वीर विजयीका रूपमा आउँछ।

यसको केही वर्षपछिको युद्धमा पलाञ्चोकका जयसिंह पोहको बयान छ।[१३] वि.सं. १३०१ मा तेह्रौते राजा रामसिंहको नेतृत्वमा आएको आक्रमणकारी दलसँग ठूलो युद्ध भयो। यसमा जितेर आउने राजा श्रीअनर्घ मल्लदेव थिए।[१४]

अर्को कुरा नर मल्ल पोहसँग युद्ध गर्ने तेह्रौते दल सिन्धुलीबाट नेपालदून प्रवेश गर्ने नियतले आएको थियो र पहिलो मुठभेटमै पलाञ्चोकमा यो आक्रमणकारी सैन्य परास्त भएको थियो भन्ने बुझिन्छ। दूनप्रवेश गर्ने मूलबाटो पनि यतैबाट थियो। बंगालमा पालवंशी राजाको राज्यकालमा नेपालको पूर्वी सीमाना नजीकै विक्रमशिलामहाविहारको प्रतिष्ठा भएको हुनाले नेपाल भारत भोट चीनका विद्वान् विद्यार्थीहरूको आवतजावत पनि यसै मार्गबाट हुने हुँदा यो बाटो त्यस वेला साह्रै चल्तीको थियो।

बनेपा पलाञ्चोक पनौतीमा मजबूत किल्ला जमाएर रहेका वीर लडाकु मल्ल पोहवंशी शासक नान्यदेव र त्यसपछिका तेह्रौते शासकका दलसँग लड्ने भिड्नेमा नामुद अधिसरा पनि देखिन्छन्। मल्ल उपाधिधारी चालुक्य शासकको शासनलाई चुनौती दिएर महासामन्त नान्यदेवले तेह्रौतमा राज्यस्थापना गरेदेखि नै यो संघर्ष चलेको चल्यै आएको देखिन्छ र तिनले पूर्वी तराईतिर कात लागेर बस्ता पनि यसै संघर्षले पीछा नछोडेको कुरा नै त्यस वेलाको ऐतिहासिक स्थितिको अध्ययनबाट अवगत हुन आउँछ।

हामीले ऐतिहासिक प्रमाणबाट पाएको जयापीडको आक्रमणपछिको बाहिरिया आक्रमणमा वि.सं. ११६८ को तेह्रौतेहरूको आक्रमण पहिलो भन्नुपर्छ। हुन त भारतीय स्रोतबाट यसभन्दा अघि पछि पनि धेरै बाहिरिया दबाब नेपालले खप्नुपरेको कुरा देखिन आउँछ। जस्तो यसभन्दा पहिले भएका कल्याणी (कर्णाट)का चालुक्यवंशी राजा प्रथम

सोमेश्वरदेव (वि.सं. १०९९-११२५), उनको छोरा षष्ठ विक्रमाङ्क (वि.सं. ११३३-८२) तथा तृतीय सोमेश्वरदेव (वि.सं. ११८२-९५) हरूले आफ्ना आफ्ना अभिलेखमा नेपाललाई वश पारेको दावी गरेका छन्। यस्तै यसपछिका कलचुरी बिज्जल (वि.सं. १२१३-२५) भिल्लम यादव (वि.सं. १२४२-४८) सिंङ्हण (वि.सं. १२६७-१३०५) हरूले पनि नेपाल जितेको दावी गरेका छन्।[१५] यस्तै काशीराजको वर्णनको प्रसंगमा उनले पनि नेपाल वश पारेको उल्लेख पाइन्छ।[१६] परन्तु नान्यदेव र उनका वंशजबाहेक अरू कसैको नेपाल आक्रमण नेपाली तात्कालिक प्रमाणवाट परिपुष्ट छैनन्।

विजिगीषु राजाहरू आफ्ना आफ्ना प्रशस्तिमा सारा भारतका राज्य जितेको दावी गर्दछन्। उनका चाटुकारहरूको यस्तो प्रशस्ति लेख्ने परम्परै बसेको थियो, अरू त के नेपालकै लिच्छविराजा जयदेवले पनि परचक्रकाम भन्ने उपनाम लिएका थिए। उनलाई प्रशस्तिमा भारतवर्षकै चक्रवर्ती भए भन्ने कुरा साहित्यिक भाषामा भनिएको छ।[१७] सिजाका पुण्य मल्लले त आफ्ना ताम्रपत्रमा सारा भारतका राज्य जितेको कुरा लेखाएर राखेका छन्।[१८]

डोयको परिचय

माथि नर मल्लदेव पोहले डोयहरूलाई काटे भनेको ठाउँमा हामीले डोयको अर्थ तेह्रौते सैनिकदल भन्ने गरेको बारे पनि यहाँ अलिकति स्पष्ट पार्नुपरेको छ। पुराना वृत्तान्तमा कतै पनि तेह्रौते वा मैथिल भन्ने पदप्रयोग गरेको छैन, सबैतिर डोयशब्दले काम चलाएको छ।[१९] प्रजालाई भन्दा डोय, राजालाई डोय राजा, राजकुमारलाई भन्दा डोठाकुर, बाहुनवाजेलाई भन्दा डोभा, देवीलाई भन्दा डोयिनी मामि वा डोयिनी माजु (दोयमाजु) प्रयोग भएको छ।[२०] डोय शब्दको अर्थको बारेमा शंका पनि नउठेका होइनन्।[२१] धनवज्रले डोय भनेका तेह्रौते वा मैथिल हुन् भनेर बुझे पनि यिनलाई डोय किन भनियो भनेर छुट्याउन नसक्ता 'डोय' को हुन् ? भन्ने लेख लेखेका थिए। वास्तवमा यो शब्द सम्मानसूचक होइन, डोय भन्ने तराईवासी एक तल्लो जाति हो[२२] भन्ने कुरा मैले ज्योतिरीश्वरको **वर्णरत्नाकर**को अध्ययनबाट पत्ता लगाएको छु। नेपालदूनवासी नेवारवर्गले तिनलाई होच्याएर हेयार्थमा यस शब्दले सम्बोधन गरे। हुँदै जाँदा सबै तराईवासी गुरु चौता राजा प्रजालाई पनि यही शब्दको प्रयोग गरे। पश्चिम पाहाडवासीलाई खशिया र तराईबासीलाई डोय भन्ने शब्द यिनले लेख्ने बोल्ने भाषामा व्यवहृत हुँदै आयो। यो परम्परा पछिसम्म नै चलेर आयो।

जे भए पनि चालुक्यवंशी राजाहरूको उनका सेनापति सामन्तहरूको यहाँ भएको आक्रमण विजय दिगो नभए पनि तिनको प्रवेशले पारेको प्रभाव भने नेपालदूनमा प्रशस्त परेको प्रतीत हुन्छ। सैनिक रूपमा आएका नायरहरू यहाँ पछि स्थायीरूपले वसोवास जमाएर रहन लागेका देखिन्छन्। तिनका सभ्यता, कला-संस्कृतिले पनि यहाँ जरो गाड्यो।

खानपान बिहावारी गानवजानहरूमा तिनले पारेको प्रभाव अहिलेसम्म केही न केही रूपमा रहिआएको छ । यस्तै नेपालमा परेका दक्षिणी सभ्यता संस्कृतिका छिटफुट कुरा प्रसङ्गवश यस ग्रन्थमा गर्दै जानेछौँ । वीर कन्नडी सैनिकको प्रभाव सारा भारतवर्षभरी फैलँदा नेपाल पनि अछुत रहन सकेन ।

बङ्गाली रामपालको विजयबारे भ्रम

नेपालमा भएका बाह्य प्रभावबारेमा विचार गर्दा यहाँ एक अर्को कुराको पनि विमर्श गर्नु आवश्यक छ। एकथरी इतिहासकारहरूले लगभग यसै समयमा नेपाल बङ्गालको पालवंशी राजा रामपाल राजाको वशवर्ती भएको र यहाँ नेपालमा सामन्त भएर रामदेव राज्य गर्दथे भन्ने कुरा लेखेका छन् ।[२३]

यसको प्रमाणको रूपमा नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको एक पुस्तकको पुष्पिकावाक्य अघि सारेका छन्। पहिलेको दरबारलाइब्रेरी हाल राष्ट्रिय अभिलेखालयमा कुब्जिकामत नामको तन्त्रग्रन्थ रहेको छ। त्यस पुस्तकको पुष्पिकावाक्यमा सो पुस्तक रामपालदेवको राज्यमा लेखिएको भनिएको छ।[२४] सो पुष्पिकावाक्य हरप्रसाद शास्त्रीको सूचीपत्रमा प्रकाशित भएदेखि नै यस विषयमा तर्कवितर्क उठ्न थालेका हुन् । रामपालदेवको विजयराज्यमा लेखिएको पुस्तक नेपालका पुस्तकालयमा पाउनेबित्तिकै नेपाल पालवंशको अधीन कसरी हुन सक्छ । मूल पुस्तक फुकाएर हेरेको खण्डमा वास्तवमा सो पुस्तक नेवारी लिपिमा नेपालमा लेखिएको देखिंदैन । हरप्रसाद शास्त्रीले नेपालमा नेवारी लिपिमा लेखिएको भनेर भ्रम सिर्जिएको भए तापनि त्यस वेला बहुप्रचलित भारतीय लिपिमा भारतमै लेखिएको यो पुस्तक योगिनीपुत्र रामदेवको थियो र पुस्तक धनी भोगेश्वरका वंशज हृदयराम कर्माचार्य आफ्ना पुस्तकसाथ कुनै वेला नेपाल आउँदा साथै पुस्तक नेपाल ल्याएपछि राष्ट्रिय अभिलेखालयमा रहन आएको मात्र हो ।[२५]

यस वेला बङ्गालमा पालवंशको शक्ति क्षीण हुँदै आएको थियो । विग्रहपालपछि उनका तीन छोरामा सत्ताप्राप्तिका लागि विग्रह पैदा भएको थियो। जेठा महीपाल सिंहासनारूढ हुनासाथ भाइ सुरपाल र रामपाललाई बन्दी बनाए । तर राज्यमा विद्रोह उठ्यो, यसै विद्रोहमा परेर महीपालको मृत्यु भयो । त्यसपछि सुरपाल सिंहासनका अधिकारी त भए, तर सामन्तको विद्रोहले गर्दा उनी पनि टिक्न सकेनन् । त्यसपछि कान्छा रामपालले सिंहासन हत्याए, उनले चाहिँ विद्रोह दबाएर राज्यको श्रीवृद्धि त गरे, तर त्यो धेरै काल स्थायी बनेन। आफ्ना मामाको मृत्युशोक थाम्न नसकेर उनी आफैं गङ्गामा डुबेर मरे। यसपछि पालवंशको नाम मात्र शेष रह्यो ।

यस्तो स्थितिमा नेपालदेश रामपालको अधीनमा थियो भन्ने कुरा वास्तवमा कल्पनामात्रको हो। पाल-सेनका समयमा लेखिएका अरू पुस्तक पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्। मिथिला बङ्गाल आदि विभिन्न स्थानमा विभिन्न राजाको पालामा विभिन्न संवत् मितिमा लेखिएका पुस्तक हाम्रो देशमा आएर रहे। रेग्मीले पनि त्यस्ता केही पुस्तकको सूचीबाट उद्धरण दिएका छन्।[२६] तिनको अस्तित्व यहाँ देखेर ती पुष्पिकावाक्यमा उल्लिखित राजाको नेपालमा प्रभुसत्ता थियो भन्ने कुरा सिद्ध हुँदैन।

धर्मपालकै समयदेखि नेपाल पनि पालसाम्राज्यभित्र परिसकेको थियो, कुब्जिकामतमा उल्लिखित पुस्तकका धनी रामदेव पनि धवलस्रोतपुरका महासामन्ताधिपति रामदेव नै हुन्, पालवंशी रामपालको साम्राज्यको अधीनमा नेपाल भएको वेला तिनै रामदेव महासामन्ताधिपतिको रूपमा रहेर नेपालको शासन चलाउँथे भन्ने तर्क अहिलेसम्म पनि उठिरहेको छ।[२७] यसमा मुख्य रामपालकै नेपालमा प्रभुसत्ता सिद्ध छैन, उता हामीले धवलस्रोतपुर मंग्वरविषयमा भएको र त्यहाँका महासामन्त रामदेव थिए भन्ने कुरा इदमित्थ गरिसकेको हुँदा कुब्जिकामत पुस्तकका धनी बङ्गाली रामदेव अर्कै हुन्, नेपालको शासन गर्ने महासामन्त अर्कै हुन्, ती रामपालदेवका अधीनमा नेपाल कुनै हालतमा हुन नसक्ने कुरा हो। नामसादृश्यले ऐतिहासिक तथ्यलाई बंग्याउनु हुँदैन।

अभिलेखालयमा रहेको कुब्जिकामतको पुस्तक बङ्गालका राजा रामपालकै राज्यमा लेखिएको हो, नेवारी लिपिमा नेपालमा लेखिएको होइन भन्ने सम्बन्धमा विचार गर्दै जाँदा बङ्गालको पालसंस्कृतिको प्रभाव नेपालमा छँदै थिएन भन्न चाहिँ सकिँदैन, नेपालतर्फ विशेष गरेर तराईमा रहेका मूर्तिकलामा पालको प्रभाव देखिन्छ भने नालन्दा विक्रमशिलामहाविहारमा पढेका विद्वान् र बौद्ध भिक्षुको आवगमन पनि यहाँ उत्तिकै भइरहेको वेला पालवंशी प्रसिद्ध राजा धर्मपालले र अरूले पनि बौद्ध धर्मप्रति देखाएको भक्तिले र बौद्धिविहारमा महाविद्यालयमा दिएको दानदातव्यले पनि तिनप्रति बौद्धमार्गीहरूको विशेष श्रद्धा जागेको थियो। यसैले सोह्रौं शताब्दीताका लेखिएको स्वयम्भूपुराणमा धर्मपालको विजयपताका नेपालमा फरफराएको थियो भन्ने कुरा कहिएको छ। भारतका विजयी राजाहरू विजयको सिलसिलामा यहाँ आउँदैनथे भन्न पनि सकिँदैन। यस्ता धेरै संकेतहरू पाइन्छन्। लडाइँ गर्नु अर्थात् सीमा जोडिएका देशमा र अन्त पनि वेलामौकामा सन्धिविग्रह हुनु भनेको कुरा बेग्लै हो, राज्यशासनै गर्नु भनेको अर्कै कुरा हो। वेलावेलामा-राजा प्रजा विद्वान् भिक्षुहरू तीर्थयात्राको प्रसङ्गमा पनि यहाँ आउँथे। पुराना वृत्तकारले पनि ठाउँ ठाउँमा नेपालसँग गौड (बङ्गाल)को सम्पर्कलाई झल्काउने वाक्य उद्धृत गरेका छन्। "गवुडेश्वर आगते नृप"[२८] (गौडका राजा आए-उनका प्रभावले यहाँ राज्य गरे) भनेर लेखिदिए। "पश्चात् गवुडराजेनमागतम् कपह्निया गणपतिकेन कृतम"[२९] (गौडका राजा आए, कपह्निया

(काकतीय) गणपतिले बनाए) भनेर लेखेका छन् । चौथौं शताब्दीमा आउने गणपति तीर्थयात्राको प्रसंगमा आएका थिए भन्ने बुझिन्छ भने सातौं शताब्दीमा आउने गौड राजाले त राज्य गरेकै कुरा कहियो तापनि प्राचीनकालको कुरा हुँदा यस अस्पष्ट वाक्यबाट निर्क्योल गर्न गाह्रो पर्छ । बङ्गालबाट राज्य गरेको नभएर उसको प्रभावले यहाँ राज्य गरेको भन्ने भाव सूचित हुन आएको छ । त्यस्तै नवौं शताब्दीमा भएका बौद्धधर्मप्रति झुकाउ राख्ने राजा धर्मपालको नेपालयात्रा विजययात्राको रूपमा पनि हुन सक्छ, तीर्थयात्राको रूपमा पनि हुन सक्छ, करीब पाँच छ शय वर्षपछि कथा कथ्ने बौद्धमार्गी पौराणिकले लेखेको भरमा अरू प्रमाण नपाई यसै भन्न सकिँदैन ।

नेपालको यही अनुश्रुतिलाई अनुगमन गर्दै धर्मपालका छोरा देवपालले सुमात्रा जावाका महाराज बालपुत्रदेवले नालन्दामा बनाएको विहारमा बस्ने भिक्षुसंघलाई भोजन वस्त्र औषधी उपचारको प्रबन्ध गरिदिने र बौद्धग्रन्थ लेखाउने आदि धार्मिक कार्यको लागि धेरै जग्गा गूठी राखिदिएर मुगेरको मुकामबाट गरिदिएको ताम्रपत्रमा आफ्ना बाबु धर्मपालको विजयको वर्णन गर्दै लेखेको-

> केदारे विधिनोपयुक्तपयसां गङ्गासमेतेम्बुधौ
>
> गोकर्णादिषु चाप्यनुष्ठितवतान्तीर्थेषु धर्म्याः क्रियाः ।[३०]

भन्ने सुन्दर साहित्यिक कवितालाई अघि सार्दै धर्मपालले केदारदेखि गङ्गासागरसङ्गमसम्म जितेको र नेपालदूनको गोकर्णमा तीर्थ गरेको देखाउँदै नेपाल जितेको तात्कालिक प्रमाण यो हो भन्दै विद्यालङ्कार दासगुप्त आदि भारतीय इतिहासविद्हरूले यस कुरालाई इदमित्थ गरेर गएका हुन् ।[३१]

वास्तवमा यस कविताको अर्थ सो नभएर धर्मपालको राज्यसीमा उत्तरमा केदारनाथ पूर्वमा गङ्गासागरसङ्गम दक्षिण र पश्चिममा गोकर्ण आदि तीर्थसम्म पुगेको थियो भन्ने हुन्छ, दिनेशचन्द्र सरकारको पनि यही मत छ ।[३२] धर्मपालको राज्य यता उत्तरमा गङ्गाको शिरानदेखि पुछारसम्म नै पुगेको थियो भने उता दक्षिण गोकर्ण आदि तीर्थसम्म ठेगेको थियो भन्ने भाव नै यस कविताको हुन आउँछ । गोकर्णतीर्थ नेपालदूनको ईशानतर्फ वाग्मतीको तीरमा पनि छ, दक्षिण भारतमा पनि छ, गोदावरी नेपालदूनको दक्षिणभेगमा पाहाडको फेदीमा पनि छ । दक्षिणभारतमा पनि सो नामको नदी छ । यस कारण यस नामसादृश्यले दक्षिण भारतमा रहेको गोकर्णलाई लक्षित गरेको लेखको भावलाई अन्यथा अर्थ गरी नेपालको गोकर्णमा अध्यारोपित गरी त्यसबाट धर्मपालको नेपालविजय सिद्ध गर्न सकिँदैन ।

२.२ टिप्पणी

१. यसका धेरै पाठभेद भएका छन् । जस्तो- नन्देन्दुविन्दुविधुसम्मितशाकवर्षे, सच्छ्रावणे सितदले । जस्तो- "शून्य शशि" मा विन्दुमुनिसिद्धितिथ्यां, "रिपुमर्दलग्ने"मा "करिवैरिलग्ने" र "वास्तु" का ठाउँमा "राज्यं" भन्ने पाठ पाइन्छन् । त्यस्तै-

"नन्देन्दुशून्यशशिसम्मितशाकवर्षे" यस पंक्तिका ठाउँमा

'इन्दुश्च सोमवसुसम्मित शाकवर्षे' भन्ने अशुद्ध पाठ पनि प्रचलित भयो र नान्यदेवको समय दुई शय वर्षअघि पुऱ्याइयो ।

यो पद्य नेपाली भाषावंशावलीमा परम्परागत रूपले चलिआएको छ ।

तेह्रौतमा पनि यसको परम्परा छ ।

नान्यदेवको नवनिर्मित दरबारको स्तम्भाभिलेखमा कुँदिएको भनिएको यो पद्य पं. चन्दा झाद्वारा सम्पादित पुरुषपरीक्षाको भूमिकामा उद्धृत छ । नान्यदेवको अर्को चम्पारनको दरवारको सिंहद्वारमा पनि यही श्लोक अङ्कित थियो भनिन्छ ।

२. इतिहासप्रवेश १९६ पृ., हिष्ट्री अफ् मिथिला, २२७-२४५ पृ.

३. उही ।

४. मे.हि. नेपाल ५५ पृ.

नान्य शब्द कन्नडी भाषाको हो र यसको अर्थ प्रिय भन्ने हुन्छ । नेपाली भाषामा बहुप्रचलित 'नानी' शब्द नान्यकै उपज हो भन्ने अनुमान हुन्छ ।

५. यो कथा सबैजसो भाषापाठमा पाइन्छ ।

६. कुनै वंशावलीमा यो पाठ पाइन्छ

७. यी आक्रमणको वर्णन यथास्थानमा हामी पछि गर्दै जानेछौं ।

तेह्रौतबाट चण्डेश्वरको सैनिक आक्रमण हुँदा यहाँका राजाहरू जङ्गल पसेको र बसेको वर्णन उनले राम्ररी गरेका छन् । सो वर्णन यहीं परिशिष्टमा दिएको छु ।

८. तनहुँको सेनवंश, भानुभक्त स्मारकग्रन्थ ६८-७० पृ.

९. मे. नेपाल १ भा. २३९ पृ.

१०. नेपालखाल्डामा पाल्पाली राजा मुकुन्दसेनको हमलासम्बन्धी दिनको गणना, पूर्णिमा ४२ पू. ६७.-१०२ पृ.

नेपालखाल्डामा पाल्पाली राजा मुकुन्द सेनको हमला, पूर्णिमा ४५ पू. १-२४ तथा ४६ पू. १९-५२ पृ.

११. द बायोग्राफी अफ् धर्मस्वामी ५८.-५९. ९९-१०० पृ.

धर्मस्वामीको जीवनीमा राजधानीको नाम पाट लेखिएको छ । पाट भनेको पाटकको छोटो रूप हो, गाङ्गेयदेवको पालाको अभिलेखमा पाटक रूप पाइन्छ, त्यसको उद्धरण पनि तल गरिएको छ। त्यसको अर्को संस्कृतरूपमा पट्टनपुरी भन्ने नाम राखेको देखिन्छ। सिम्रौनगढको संस्कृतरूप शाल्मलीवनदुर्ग हो।

शाल्मलीवनबाट सिमरावन भयो। यसैको अपभ्रंश हुँदै नेपाली रूप सिम्रौनगढ भएको हो। पछिका अभिलेखमा हरसिंहदेव आउँदा अश्मनगरको उल्लेख गरिएको पाइन्छ। राजधानीको नाम 'अश्मनगर' भन्ने संकेत गरिएको छ । अश्मनगरं (ढुङ्गामाथि बसेको शहर) भनेर पनौतीलाई भनिन्छ। पहिले डोय र पोह हरसिंहदेव उनका पूर्वज र परिवार पनि पनौती भएर यहाँ पस्थे भन्ने भावले यो नाम लेखेको भन्ने अर्थ पनि निकाल्न सकिन्छ।

तल ४/२ को ११ टि. द्रष्टव्य।

१२. संवत् २३१ भाद्रपदकृष्णसप्तमी तवल ... श्रीनर मलदेव पोहस खण्डन लाक्व डोययछि म्वण्ड डयङा॥

(३३ क पत्र)

१३. सम्वत् ३६१ श्रावण कृष्ण चतुर्थी दिन पलाखचो जैसिंह

पोहसन डङ मिं तव खङा ॥ (उही)

श्रीजसिमाल प्वह (३७ पत्र)

श्रीजयसिंह मल्ल प्वह (३८ पत्र)

भोन्त श्रीजयभीमदेव प्वह

भोन्त श्रीजयसिंहदेव प्वह (३९ पत्र)

श्रीजयदेव प्वह

भोन्त जयशक्तिदेव प्वह (४० पत्र)

१४. यसको परिचर्चा पछि गरिनेछ।

१५. (क) विक्रमाङ्क देवचरित ३।६७-७४ पृ.

(ख) विहार रिसर्च सोसाइटी जर्नल ११ भा. २६८ पृ.

(ग) इफिग्राफिका इण्डिका : ५ भा. १४९ पृ.

(घ) उही २९. पृ.

(ङ) लि नेपाल २ भा. २०९-१४ पृ.

१६. नेपालनिरुक्त २९ पृ.

१७. लि. का. अभिलेख;पशुपतिको जयदेवको प्रशस्ति ।

१८. पुण्य मल्लको ताम्रपत्र हिमवत्संस्कृति १/१-२ तथा सन्धिपत्रसंग्र ७६२ पृ.

१९. डोय (३३, ४१-४३ पत्र)

२०. डोठाकुर (३५ पत्र)

डोयिनी माम देवी (३६ पत्र) डुयिनि माम (५२ पत्र)

डोभासन (६२ पत्र)

डोभासनको 'तिरहुते भारदारले' भनी धनवज्रले नेपालीमा अर्थ गरेका छन् । (११८ पृ.) अंग्रेजी अनुवादमा कमलप्रकाश मल्लले चाहिँ यसको अर्थ देवभाषा संस्कृत या मैथिलीभाषा भन्ने गरेका छन् । (१६३ र ९४ पृ.)

यसको संशोधन मैले 'पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा'मा गरिसकेको छु । सबै ठाउँमा डोयको अर्थ मैथिल र डोभाको अर्थ मैथिली बाजे हुने यहाँ चाहिँ देवभाषा कसरी हुन्छ ? मल्लको त्यो अर्थ अपार्थ हो ।

२१. डोयहरूका को हुन् ? पूर्णिमा ४ पू. २० -३१ पृ..

२२. जयतरचित महीरावणवध नाटकको विवेचनात्मक अध्ययन ४८ पृ.

डोयहरू नेपालदूनमा प्रवेश गरेर जतातते छरिएर बसे ।

यिनैको बढी आबादी भएर चाँगुनेर डुमाखाल कहलियो । सीतापाइला लेले आदि काँठमा यिनको आबादी छ । डोयबाटै डुइयाँ भएको हो ।

२३. (क) लि नेपाल २ भाग १८७-८८ पृ.

(ख) क्रोनोलोजी- ९९-१०१ पृ.

२४. ...... रामदेवस्य श्रीपरमेश्वरपरमभट्टारक परमसौगत महाराजाधिराज श्रीमद्रामपालदेवस्य प्रवर्द्धमा .

शास्त्री-क्याटलग् १, ४५ पृ.

२५. हाल मूलपुस्तक हेर्दा यसको सम्पूर्ण पुष्पिकावाक्य यस प्रकार छ-

इति श्रीचतुर्विङ्शतिसाहस्रे सारात्सारतर श्रीकुब्जिकामते श्रीउड्डियाणपीठवनगतपञ्चवङ्शान्वय .... योगिनीपुत्र श्रीरामदेवस्य श्रीपरमेश्वर परमभट्टारक परमसौगत महाराजाधिराज श्रीमद्रामपालदेवस्य प्रवर्द्धमा (नविजयराज्ये)

यस पुस्तकको प्रथमपत्रको पृष्ठमा पछि अर्कै मसीले नेवारी लिपिमा यस्तो लेखिएको छ-

भोगेश्वर्या: कुलोद्भूता मन्त्राणां, नामाचार्योसौ तस्येदं पुस्तकं शुभं ॥
श्रीश्रीभोगेश्वरवंशसंभवकुलकौलक कर्म्माचार्य हृदयरामस्य पुस्तकमिदं

यस समयमा नेपाल भोट भारत बौद्धधर्म संस्कृतिको एकै सूत्रमा आवद्ध भएका थिए। उत्तरभारत र भोटका अनेकौं सन्त र विद्यार्थीहरू नेपालकै बाटोबाट आवागमन गर्दथे। सारनाथ बौद्धगया जस्ता बौद्ध धार्मिकस्थल पालराज्यभित्र पर्दथे । विरोचन रत्नकीर्ति र कङ्कश्री आदि नेपाली पण्डित विक्रमशिला महाविहारमा रहेका थिए। (तारानाथ - २५७ पृ.)। यसै समयमा पालराज्यबाट तीन शय चीनियाँ भिक्षुहरू नेपाल हुँदै स्वदेश चीन फर्केका थिए (लि नेपाल-२, १८८-८९) देवपालको शासनकालमा उनका सामन्त वज्रदेव पनि नेपाल गएका थिए । वि.सं. १२५० तिर मुहम्मद बख्तियारले विहारमा आक्रमण गर्दा विक्रमशिलामहाविहारका महास्थविर आफ्ना धेरै शिष्यसाथ नेपाल पसेका थिए। यस्तो अवस्थामा भारतमा लेखेको पुस्तक नेपाल आउनु कुनै आश्चर्य छैन। द्रष्टव्य ने.ऐ. रूपरेखा १०६ .

२६. मे. नेपाल १४८-४९ पृ.

२७. नेपाल भी धर्मपाल के जमाने से ही पालवंश के साम्राज्य में चला गया प्रतीत होता है. पाल राजा बौद्ध थे।

भारतीय इतिहास का उन्मीलन २९२-९३ पृ.।

हरिराम जोशीले आफ्नो पत्रिका रोलम्व (३ भा. २ सं. ३३-३४ पृष्ठ) मार्फत् यो कुरा हाल पनि प्रचार गरेको देखिन्छ। वास्तवमा यो कुब्जिकामतको पुस्तक वङ्गलका पालवंशी राजा रामपालदेवको समयमा उड्डियानतिरै लेखिएको योगिनीपुत्र रामदेवको थियो । यी रामदेव पश्चिम नेपाल धवलस्रोतपुरका महासामन्ताधिपति रामदेव हुन् भन्ने कुरा संभव छैन। पछि यो पुस्तक भोगेश्वरका वंशज तान्त्रिक हृदयराम कर्माचार्यको भयो। भोगेश्वरका कुनै वंशज नेपाल आउँदा उनैका साथ यो पुस्तक नेपाल आइपुग्यो होला। ओइनवारवंशका राजा कामेश्वरका छोरा भोगेश्वर भन्ने एक जना हामीले चिनेका छौं। यदि यस पुस्तकका धनी तिनै भएका खण्डमा तराईका भूईहार बाहुन नेपाल आएर कर्म्माचार्यका रूपमा रहेछन् भन्ने कुराको ज्ञान

हामीलाई हुन आउनेछ । तर अर्का भोगेश्वर वि.सं. १२४३ मा भैरवतन्त्र लेखाउने कर्मशाम्भव (कर्मले शैव) आचार्य देखिएका छन्, हृदयरामका पुर्खा चाहिँ यी हुनु धेरै संभव छ ।

२८. कपाठ २२ खपत्र

२९. उही २७ कपत्र

३०. सेलेक्ट इन्स्कृप्सन्स् ७३ पृ.

३१. 'द गोकर्णतीर्थ एण्ड धर्मपाल'

इण्डियन् कल्चर् ४/२६४-६६ पृ.

३२. सेलेक्ट इन्स्कृप्सन्स् ७१ पृ.

द्वितीय प्रकरण

३ अध्याय

इन्द्रदेव (सं. ११८३-११९३)

पुराना वृत्तान्तको 'कपाठ'मा यिनलाई १५ वर्षको शासनकाल दिएको छ। अरू सबै पाठमा १२ वर्षको छ। भाषापाठमा यिनको नामै छैन। शिवदेवको शासनकालका अभिलेख वि.सं. ११८० सम्म मात्रै पाइएका छन्। तीन वर्षका बीचका कुनै लेख पाइएका छैनन्। वि.सं. ११८४ देखि ११९३ सम्मका यिनका पालामा लेखिएका ग्रन्थ पाइएका छन्।[१]

युवराज महेन्द्रदेव र इन्द्रदेव एकै व्यक्ति हुन् भन्ने विचार लेवीले व्यक्त गरेका छन्। यसमा पेटेक्ले यी व्यक्ति एक हुन नसक्ने तर्क पेश गर्दै इन्द्रदेव अर्कै वंशका राजकुमार थिए भन्ने कुरा लेखेका छन्।[२] साँच्चै महेन्द्रदेवलाई सबै ठाउँमा युवराज वा जौराज नै लेखेको छ। उनको बयानमा 'धने स्वयं दाता महाभोगवान् युवराज' भनेर गरिएको छ।[३] यस नाउँमा राज्यवर्ष दिएको पनि छैन, उनको जन्म ने.सं. १९९ मा भएको र अस्त वर्ष ६५ दिएकोले[४] यिनी ने.सं. २६४ मा मात्र परलोक हुने हुँदा यसभन्दा १८ वर्ष पहिल्यै शासनमा आएर १० वर्ष शासन गरेर बितेका इन्द्रदेवलाई पेटेक्ले अलग वंशका देख्नु कुनै आश्चर्य त होइन। परन्तु त्यसो भन्ने अर्को कुनै बलियो प्रमाण उनले दिन सकेका छैनन्। शिवदेव वा सिंहदेव पछि लगातार उनका छोराहरूले क्रमैले शासन गरेको देखिन्छ। अर्को वंश भन्ने कुराको संकेत कहीँ छैन। अब रह्यो नाम र अस्तवर्ष नमिलेको कुरा। त्यसबारेमा वृत्तान्त लेख्नेको लेखाइतिर विचार गर्नु आवश्यक हुन आउँछ। किनभने प्रसिद्ध राजा आनन्ददेवलाई तात्कालिक धेरै अभिलेखमा यही नाम दिएकोमा एक ठाउँमा 'णन्ददेव' लेखिएको देखिन्छ। वंशावलीका पुराना कति पाठमा श्रीनन्ददेव प्रभु भनेर नन्ददेव भन्ने नाम दिइएको छ।[५] धेरैजसो भाषापाठमा पनि यही नामको अनुसरण गरिएको छ। अमृतदेवलाई लेख्नेकै गल्तीले मृतदेव पारेको छ।[६] त्यस्तै अङ्कमा पनि २ लेख्नुपर्ने ठाउँमा ३ लेखेर नान्यदेवको पुत्रजन्ममा

एक शय वर्षको डोठ्याङ पारिदिएको छ ।[७] लेखाइको यस्तो शैली विचार गर्दा महेन्द्रदेवलाई इन्द्रदेव लेख्नु कुनै नौलो कुरा होइन । उनी बाबुकै पालामा शक्तिशाली थिए, उनले खनाएको पोखरी युवराज महेन्द्रपोखरी कहियो, युवराज छँदै चलेको नामलाई वृत्तान्तकारले संभना गरेका हुन् । त्यस वेलाका युवराजमा असीम शक्ति हुन्थ्यो । यसको केही वर्ष पछि आएका आमर्द्दक मठपरम्पराका शङ्कराचार्यले राजाको नाम नदिई 'उच्चैः शक्तिधरःकुमारपदवी प्राप्तः' (युवराजको पद पाएका, ठूलो शक्ति लिएका) भनी आनन्ददेवको प्रशंसा गरेका छन् ।[८] यस कारण यिनमा नामका कारणबाट भिन्नता कल्पना गर्नु आवश्यक देखिंदैन । अर्को मिति नमिलेको कुरा चाहिँ मेरो विचारमा 'अस्तवर्ष ५६' हुनुपर्नेमा अङ्क उल्टोपाल्टो पर्न गई ६५ भएको हो ।

इन्द्रदेवको पालामा ने.सं. २४८ (वि.सं. ११८५) मा लेखिएको इण्डिया अफिस लाइब्रेरीमा रहेको 'नक्षत्रजातक' का लेखक उदयपुरविषयबाट आएका थिए । उनले आफ्नो विषय उदयपुरका अधिपति महासामन्त पैषानन्दजीवको समयमा यो लेखिएको हो भनेका छन् ।[९] उदयपुरमा 'जीव'पदधारी महासामन्तको पुस्तौनी राज्य चलेको कुरा माथि पनि उल्लेख गरियो । यसभन्दा ८ वर्ष पहिले उदयपुरमा पिषुजीव महासामन्त थिए । त्यस वेला 'प्रज्ञापारमिता' सार्ने कुलपुत्र जयचन्द्रवर्माले 'श्रीपिषुजीवस्य विजयराज्ये' भनी लेखे । यहाँ चाहिँ 'श्रीपैषानन्दजीवस्य काले' लेखियो, यसमा अन्तर देखाउँदै पेटेकले इन्द्रदेवका पालामा महासामन्तको शक्ति घटेको संकेत गर्न खोजेका छन् ।[१०] परन्तु मेरो विचारमा यो पुस्तक सार्ने व्यक्ति विशेषमा निर्भर हुने कुरा हो । लेख्नेले आ-आफ्नो शैलीले लेख्छन्, यो कुनै सरकारी दस्तावेज नभएबाट यस्ता कुराका आधारमा राजनीतिको उतारचढाउको जोडघटाउ गर्न गाह्रो हुन्छ ।

इन्द्रदेवको पालाको अन्तिम पाइएको पुस्तक राष्ट्रिय अभिलेखालयमा रहेको ने.सं. २५६ को 'नामसङ्गीति' हो । त्यस पुस्तकका लेखक जुम्लाका शाक्यभिक्षु रत्नगुप्त थिए ।[११] यी शाक्यभिक्षु वर्तमान जुम्लाका चाहिँ पक्का होइनन् भन्ने कुरा पेटेकले लेखेका छन् ।

वर्तमान जुम्लाको सिजादरा त्यस वेला निकै प्रख्यात थियो । सिञ्जापुरीमा नागराजले राजधानी कायम गरेपछि यसको प्रतिष्ठा दिनानुदिन बढ्दै आयो । नागराजका वंशजहरू सबै धर्ममा समान आदर गर्दथे तापनि उनका अभिलेख हेर्दा यिनीहरू 'ॐ मणि पद्मे हुं' मन्त्र जप्ने, त्रिरत्न (बुद्ध धर्म संघ) को आराधना गर्ने हेवज्रतन्त्र को उपासना गर्ने देखिन्छन् ।[१२] जुम्लामा लिच्छविलिपि अङ्कित माटाका चैत्यहरू प्रशस्त पाइनाले पनि[१३] प्राचीनकालदेखि नै कर्णाली अञ्चलमा बौद्धधर्मको प्रचारप्रसार थियो भन्ने कुरामा कुनै शंका छैन । यस कारण नामसंगीति सार्ने शाक्यभिक्षु रत्नगुप्तलाई जुम्ली होइनन् भनेर किटेर भन्न चाहिँ म सक्तिन ।

माथि वर्णित राजाहरूको प्रशस्तिमा महाराजाधिराज परमेश्वर परमभट्टारक भन्ने व्यहोरा साधारणतः देख्तै आएका छौं। इन्द्रदेवका प्रशस्तिमा परमशैव (ठूला शिवमार्गी) भन्ने थप विशेषण पाइयो। यो अकस्मात् यहाँ देखिन आएको होइन। यद्यपि लिच्छविकालमा अंशुवर्मापछिका सबै राजाले पशुपतिभट्टारकपादानुगृहीतः भन्ने प्रशस्ति लिएका थिए। यसपछि यसको प्रचलन धेरैकाल हराएजस्तो थियो। यस वेला नेपालमा आएको शैवधर्म सम्प्रदायको तीव्र प्रचारले पुनः आराध्यदेव पशुपति वा शिवजी राजाका प्रशस्तिमा समादरणीय भए। यो हलचल आमर्द्दक मठपरम्पराका शङ्कराचार्य काशीको स्वल्लीन मठवाट प्रथम पटक नेपाल आएर शैव धर्मको र वेदान्तको प्रचारप्रसारमा अधिकता ल्याएपछि इन्द्रदेवको उपाधिमा यो विशेषण देखिएको हो।[१४]

पञ्चम मानदेव

इन्द्रदेवपछि मानदेव राजा भए। यी मानदेव कसका छोरा हुन् भन्ने कुरा पुराना पाठमा खुल्दैन। नयाँ पाठमा यिनलाई शिवदेवका छोरा भनिएको छ। मानदेव नामका राजा धेरै जना देखिए, चारवटा सम्मको उल्लेख माथि भएको हुनाले यिनलाई पञ्चम मानदेव भन्नुपर्छ। पुराना ख पाठमा यिनको शासनकाल ४ वर्षको र ग घ ङ पाठमा ४ वर्ष ७ महीना लेखिएको छ। नयाँ पाठमा १० वर्ष लेखिएको छ। यिनका समयका अभिलेख ने.सं. २५८ र २५९ का तीनवटा छन् भनेर पेटेकले छापेका थिए,[१५] अहिले ने.सं. २६० (वि.सं. ११९६) को यिनका पालाको अर्को अभिलेख पाइएको छ।[१६] त्यसमा मानदेवले राज्य गरिरहेको समयमा भक्तपुरका रत्नाकरसिंहले सुनका जलप लाएका दुईवटा तामाका घडा चाँगुनारायणलाई चढाएको वर्णन गरिएको छ। ती घडामा एउटा चाहिँ अद्यावधि छँदैछ। पछिका वंशावलीमा यिनले छोरालाई राज्य सुम्पेर आफू पाटनको चक्रवर्ममहाविहारमा भिक्षु वनेर वसेको कथा पनि उल्लिखित छ।

नरेन्द्रदेव

मानदेवपछि नरेन्द्रदेव राजा भए। नरेन्द्रदेव कसका छोरा हुन् भन्ने कुरा वंशावलीमा खुल्दैन। पुराना पाठमा यिनको शासनकाल ६ वर्ष ५ वा ६ महीना लेखिएको छ। नयाँ भाषापाठमा चाहिँ मानदेवपछि राजा हुने नरसिंहदेवको शासनकाल २२ वर्ष लेखिएको छ। भाषावंशावलीको पाठ चाहिँ विरिएको वुझिन्छ।

नरेन्द्रदेवका पालामा लेखिएका आठवटा अभिलेख पाइएका छन्।[१७] ती अभिलेखबाट नरेन्द्रदेवका बारेमा एउटा विचारणीय प्रश्न खडा भएको छ। ने.सं. २६१ देखि २६५ सम्मका यिनका अभिलेखमा यिनी पूर्णराजोचित प्रशस्तिले सम्मानित देखिन्छन्। तर नेसं. २५४ को नरेन्द्रदवको नामोल्लेख गरिएको एउटा अभिलेख इन्द्रदेवको राज्यकालभित्रको पर्दछ।[१८] यिनका अभिलेखमा यो पहिलोमा राखिएको छ। इन्द्रदेवको राज्यकालमा नरेन्द्रदेवको नामोल्लेख कसरी भयो ? यस प्रश्नको समाधानको लागि विभिन्न तर्क निस्किएका छन् । ने.सं. २५९ मा मानदेव राजा देखिएका र २५४ मा नरेन्द्रदेवको नाम देख्ता लेवीले बाबु मानदेव छँदै छोरा नरेन्द्रदेव राजा भएका र त्यसको ५ वर्षपछि पुनः बाबुले छोराबाट राज्य आफ्नो हातमा लिएको हो, यस्तै प्रकारको बाबु छोराले आलोपालो शासन गरेको इतिहास काश्मीरी राजा अनन्तको समयमा पनि पाइन्छ, अनन्तले राजपाठ छोरालाई सुम्पेको केही समयपश्चात् पुनः आफूले लिएको उदाहरण दिएका छन्।[१९]

तर लेवीको मत विचारणीय छ। मानदेव र नरेन्द्रदेव बाबु छोरा हुन् भन्ने कुरा नै सन्देहास्पद छ । फेरि यस समयमा राज्यको रोलक्रम ज्येष्ठपुत्रभागी नभएर ज्येष्ठभ्रातृभागी थियो। त्यसमा पनि पहिलो नरेन्द्रदवेको अभिलेखकै राम्ररी विवेचना गर्नुपरेको छ । यसमा नरेन्द्रदेवलाई राजाधिराज वा यस्तै राजोचित प्रशस्ति दिइएको छैन, केवल राजेन्द्र भनेर 'राजराजसदृश' (राजराजजस्ता) मात्र भनिएको छ।

यसबाट त्यस वेला अर्थात् इन्द्रदेव राजा भएका वेला नरेन्द्रदेव भक्तपुरका प्रमुख शासक वा युवराज पद पाएर रहेका थिए भन्न सकिन्छ। पेटेकले पनि यस्तै भाव व्यक्त गर्दै नरेन्द्रदेव शक्तिशाली राजप्रतिनिधि भएर भक्तपुरमा रहेको कुरा लेखेका छन्।[२०] पुस्तक सार्ने अभिलेख राख्ने मानिसले आफूले मानेका मालिक नजीकमा जो छ, उसैको अर्थात् कहिले सामन्त राजाको, कहिले युवराजको कहिले राजाको प्रशस्ति नाम सम्मानसाथ लेख्ने चलन हुँदा युवराज वा राजप्रतिनिधि भएका नरेन्द्रदेवको नाम लेख्नु कुनै अनौठो होइन।

नरेन्द्रदेवको पालाको नें.सं. २६४ (वि.सं. १२००) कार्तिक शुदि १३ मा लेखिएको सप्तशती (चण्डी) को पुस्तक सार्ने श्रीहर्षचन्द्र पाटनका सप्तकुटुम्बज कुलपुत्र (सतभैयाखलकका व्यापारी) थिए। सप्तकुटुम्बज (सतभैयाखलक) को सर्वप्रथम उल्लेख पाइएको यही हो।[२१] पछिका पाटनका महापात्रहरू पनि यही खलकका थिए। धेरै महापात्र पात्रहरू आफूलाई सतभैयाका खलक भन्नमा गौरवको अनुभव गर्दथे। पाटनमा यिनको बसोबास यसभन्दा धेरै पहिलेदेखि भएको बुझिन्छ।

ने.सं. २६७ माघ कृष्ण प्रतिपदामा आनन्ददेवको राज्यारोहण भएकोले[२२] नरेन्द्रदेवको मृत्यु त्यसै वेला भएको बुझिन्छ।

आनन्ददेव (वि.सं. १२०३-२४)

नरेन्द्रदेवको अवसानपछि ने.सं. २६७ (वि.सं. १२०३) माघ वदि १ मा आनन्ददेव राजगद्दीमा बसे। यिनी प्रसिद्ध राजा सिंहदेवका छोरा थिए।[२३] यिनको जन्म बाबु राजा भएकै साल वि.सं. ११५६ वैशाख वदि ५ मा भएको थियो। सिंहदेवपछि राजा हुने महेन्द्रदेव वा इन्द्रदेव उनकै छोरा थिए भन्ने कुरा माथि उल्लेख गरियो। यसपछिका मानदेव नरेन्द्रदेवचाहिँ कसका छोरा हुन् भन्ने साधन फेला परेको छैन। तर आनन्ददेव र उनीपछि क्रमैले राजा हुने रुद्रदेव अमृतदेव चाहिँ सिंहदेवकै छोरा थिए।[२४]

आनन्ददेवलाई नयाँ पुराना वंशावलीका पाठमा नन्ददेव भनेर लेखेको छ। तात्कालिक लेखमा पनि कतै णन्ददेव लेखेको पाइन्छ। ङ पाठमा यिनको नाम छुटेको छ। पुराना पाठमा यिनको शासनकाल २० वर्ष र नयाँ पाठमा २१ वर्ष लेखेको छ। क पाठमा र धेरै तात्कालिक अभिलेखमा आनन्ददेव लेखिएकोले यिनको शुद्ध नाम यही थियो।

मध्यकालमा शिवदेवपछि लामो समय शासन गर्ने र पुरुषार्थी प्रसिद्ध राजामा यिनको नाम आउँछ। पूर्ववृत्तान्तमा यिनलाई निकै राम्रोसँग वर्णन गरिएको छ।

मध्यकालमा आन्तरिक संघर्ष र बाह्य आक्रमण बरावर भइरहने हुँदा साधारण शहरमा राजधानी कायम गरेर सुरक्षित रहनु गाह्रो थियो। यसैले राजधानी रहेको शहरलाई नै गढको रूप दिनु आवश्यक पर्‍यो। यसैले शिवदेवले ऊचो डाँडो परेको कीर्तिपुर शहरलाई एक मजबूत किल्लाको रूप दिएर त्यस्तै डाँडामा बसेको भक्तपुरलाई गढकै रूप दिएर राजधानी कायम गरेका थिए। पश्चिमतर्फको आक्रमण रोक्ने गढकिल्ला कीर्तिपुर सिम्भू थिए भने पूर्वको हमला रोक्ने गढरूपको शहर भक्तपुर थियो। यस्तै सांखु, चांगु, फर्पिङ, पलाञ्चोक पनि मजबूत किल्ला भएवाटै प्रसिद्ध र चल्तीका शहर भएका थिए।

आनन्ददेवले राजधानी भक्तपुर कायम गरी त्यसलाई अझै सजाएर सकारेर बलियो किल्ला रूपको शहर बनाए। शिवखलमा दुईवटा मन्दिरको स्थापना गरे। त्रिपुरनामको राजदरबार बनाई शहरसमेतको प्रतिष्ठा धूमधामसँग गरे। त्यो दरबार तीन चोक भएको सातवटा गजूर हालेको ग्रन्थकूट शैलीमा बनेको थियो। यसको नजीकै उनले राम्रो सुनधारा पनि बनाएका थिए। यो राजप्रासाद धेरै पछिसम्म कायम रह्यो। यिनले महामण्डलिक महापात्रलगायत सबै प्रजाजनका घरखेत जग्गा जमीन सुक्रीविक्री आफूखुशी गर्न पाउने व्यवस्था बाँधे[२५] भन्ने कुरा पुराना पाठमा उल्लेख गरिएकोले यसभन्दा अघि जनता र भारदारले आफूखुशी अचल सम्पत्ति सुक्रीबिक्री गर्न पाउँदैनथे, अर्थात् यसमा राजकीय केही प्रतिबन्ध लागेको थियो भन्ने बुझिन्छ। त्यसमा कुनै किसिमको सरकारी बन्देज नलाग्ने गरेर

सबैलाई पीरबाधा नपर्ने पारे। सम्पूर्ण चोरडाँकालाई पक्रेर तिनको दमन गरेर राष्ट्रमा सुख शान्ति कायम गरेका थिए।[२६]

भक्तपुर तौमढीटोलमा एकजना सज्जनले लक्ष्मीनारायणको स्थापना गरी एक स्तम्भलेख राखेका थिए। त्यस लेखमा कवि उदयचन्द्रले आनन्ददेवको बयान गर्दै सूर्यवंशी राजा आनन्ददेवले जुक्ति बुद्धिले शासन गरेको वेलामा राजाको गुणले र धनसम्पत्तिको आर्जनले पनि जनता जम्मै सुखी थिए, ठूला वैरीहरू पनि परास्त थिए[२७], भनी लेखेका छन्।

भक्तपुर, ललितपुर, कान्तिपुर, फर्पिङ, गण्डीगुल्म र पन्नगविषयमा लेखिएका स्तम्भलेख ताम्रपत्र र ग्रन्थका पुष्पिकावाक्य गरी यिनका समयका चौबीस वटा प्रमाण पाइन्छन्।[२८] यिनका पालामा लेखिएको एउटा प्रज्ञापारमिताको पुष्पिकामा फर्पिङ (फनपिङ्ग) विषयको उल्लेख सर्वप्रथम देखिएको छ।

यस वेला फर्पिङ्गमा कुनै सामन्त वा विषयपति देखिंदैनन्। त्यस्तै गण्डीगुल्ममा पनि विषयपतिको नामोल्लेख भएको छैन। पन्नुंगविषय वा पन्नगविषयमा चाहिँ वि.सं. १२०७ मा हंसदेव महासामन्त थिए, त्यही बस्ने कुलपुत्र फुलुङ नायकको पुस्तक कुब्जिकामतको पुष्पिकावाक्यवाट त्यो कुरा खुल्दछ।[२९] त्यो पुस्तक सार्नेले महासामन्त हंसदेवको मात्र नामोल्लेख गरे, राजा आनन्ददेवलाई संझना गरेनन्। यसलाई पेटेकले आनन्ददेवको कमजोरीको अवस्था र हंसदेव स्वतन्त्र भएको अर्थ लाएका छन्, तर मेरो विचारमा त्यो कुरा सही जँच्तैन। मैले माथि पनि उल्लेख गरिसकेको छु। यो पुष्पिकावाक्य कुनै राजकीय प्रमाण होइन। केवल सार्नेको इच्छामा भर पर्ने कुरा हुँदा उसले आफ्ना नजीकका वा अन्नदाताको नाम नै पहिले संझनु स्वाभाविक हो। यसमा राजनीति अर्थ खोज्नु बुद्धिमानी हुँदैन।

यसको वाह्र वर्षपछि ने.सं. २८२ (वि.सं. १२१८) मा पन्नगविषयका झाण्टेश्वरमहादेवलाई मिभिङ्ग भावोले सपत्नीक भई छत्रक आदि चढाएर राखेको ताम्रपत्रमा क्रमैले राजा आनन्ददेव र स्थानीय महासामन्त रहस्यदेवको उल्लेख गरेका छन्।[३०] पहिलेका हंसदेवकै उत्तराधिकारी यी थिए र यी दुवै आनन्ददेवका महासामन्तको रूपमा पन्नग (मंग्वर) विषयका शासक थिए। यस वेला केन्द्रमा ठूलाठूला महामाण्डलिक पात्रहरू ऐश्वर्य र अधिकारका केन्द्रविन्दु बनेर बसेका थिए। पाटनका येथोविहारका वरपालो भारोलाई नेपालका प्रख्यात नायक उभयराजकुलको उद्धार र धारण गर्न सक्ने महाप्रभु भनेर वर्णन गरिएको कुरा माथि उल्लेख गरियो। यिनको जन्म वि.सं. ११५५ र मृत्यु १२४२ मा ८७ वर्षको उमेरमा भयो।[३१] त्यस्तै अर्का प्रख्यात महामाण्डलिक जगत्पाल भारोका छोरा थिए। यिनीलाई नेपालका सुनका खानी भनेर बयान गरिएको छ।[३२] यिनी पनि आनन्ददेव राजा भएकै वेला धनी शक्तिशाली भएर पछि वि.सं. १२३७ मा ६७ वर्षको उमेरमा परलोकवासी बनेका थिए।

बाह्रौं शतकका आमर्द्दकमठका शङ्कराचार्यको नेपाल आगमन

आनन्ददेवको प्रशस्तिमा परमेश्वर परमभट्टारक महाराजाधिराजका साथै नरेन्द्रदेवको जस्तो परमशैव भन्ने पदवी पनि लागेको छ। आमर्द्दकपरम्पराका अग्निमठका शङ्कराचार्य काशीबाट आफ्ना शिष्यप्रशिष्यका साथ नेपाल आएर शैवधर्मको प्रचार र शिवदीक्षा दिएर शैवमतमा एक नयाँ जीवनदान दिएपछि यो धर्म पुन: प्रतिष्ठित भएर राजा प्रजामा फैलियो र राजकुमारहरूले शिवदीक्षा लिएपछि राजाका प्रशस्तिमा परमशैव उपाधि जोडिन लागेको भन्ने कुरा देखिन आउँछ। यस सिलसिलामा आनन्ददेवसँग राम्रो सम्बन्ध भएका अग्निमठका शङ्कराचार्यका बारेमा पनि यहाँ केही विचार गर्नु उचित ठान्दछु।

नेपालका भाषावंशावलीका पाठमा आद्य-शङ्कराचार्य नेपाल आएर बौद्धमत खण्डन गरी बौद्धधर्मावलम्बीलाई परास्त पारी शैवधर्मको जगेडा गरेको रोचक कथा प्रचलित छ। सो कथा अनुसार बौद्धधर्मावलम्बी लिच्छविराजा वृषदेवका पालामा आद्य-शङ्कराचार्य नेपाल आए। त्यस वेला नेपालमा बौद्धमत व्याप्त थियो। पशुपतिका पूजाहारी पनि बौद्ध (बाँडा) नै थिए र यिनीहरू वाममार्गी भएबाट पञ्च मकारको सेवन गर्दथे र पशुपतिलाई पनि मदिरा मांस चढाउँथे, जुठा भाँडा राखेर जुठोपुरो दिएर पशुपतिलाई पनि उच्छिष्टेश्वर पारेका थिए, शङ्कराचार्यले बौद्धसँग शास्त्रार्थ गरी यिनलाई परास्त पारी पशुपतिनाथका पूजाहारी शुद्ध शाकाहारी गराए। यतिमात्रै होइन, उनले बौद्धहरूको मतमात्रै नमासेर यिनलाई समेत नाश पारे, यिनीहरू कोही भागेर भोटतर्फ गई बचे भन्ने अतिरञ्जनापूर्ण कथा पनि वंशावलीकारले थपेका छन्।[३३]

वृषदेव राजा बौद्धमार्गी थिए, यिनका पालामा यो धर्मले फस्टाउने अवसर पायो, पूर्वमाध्यमिककालमा नेपालमा सबै धर्मलाई वामाचारी तान्त्रिकमतले प्रभाव पारेको थियो, पशुपतिनाथको पूजाविधिमा पनि वामाचारले जग जमाएकै थियो। पछिल्ला कालका शङ्कराचार्य नेपाल आएका पनि थिए। यस समयमा नेपाल र भारतका धेरै बौद्ध धर्मावलम्वी विद्वान् सिद्धहरू भोट पनि गएकै थिए। वंशावलीमा वर्णित यति कुरा चाहिँ साँच्चै हुन्। यसकै आधारमा कालक्रम नमिलाई गज्याङमज्याङ पारी अतिशयोक्तिपूर्ण कथा थपी वंशावलीमा माथिको प्रसंग कथेको देखिन्छ।

वृषदेव राजा विक्रमको पाँचौं शताब्दीका समुद्रगुप्तकै समानकालिक थिए। शङ्कराचार्य नवौं शताब्दीमा भएका थिए। आद्य शङ्कराचार्यको जन्म वि.सं. ८४५ मा र मृत्यु ८७७ मा भएको थियो। ऐतिहासिकदृष्टिले हेर्दा आद्य शङ्कराचार्य वृषदेवका समयमा आएको भन्ने कुरा

विलकुल असम्भव र झुटा हो । आद्य शङ्कराचार्यले मूलमठ शृङ्गेरीपीठ मैसुरमा स्थापना गरेका थिए । यस्तै जगन्नाथपुरी द्वारका र बद्रीमा गरी चार मठ पनि स्थापना गरे । यिनका महन्त पनि परम्परागतरूपमा शङ्कराचार्य नै कहलाउँथे । पछिपछि अरू अवान्तर मठ पनि स्थापित हुँदै आए । यस्तै मठका शङ्कराचार्य तीर्थ गर्न धर्मप्रचार गर्न पनि नेपाल आएका थिए भन्ने कल्पना गर्न सकिन्छ, शङ्कराचार्य आएका बखत जन्मेकाले राजकुमारको नाम शङ्करदेव राखेको भन्ने कथा पनि वंशावलीमा उल्लिखित छ, तर यो चाहिँ संभावना मात्र हो। ऐतिहासिक तथ्य चाहिँ विक्रमको बाह्रौं शताब्दीमा आमर्द्दकसम्प्रदायका अग्निमठका शंकराचार्य दण्डी स्वामी आफ्ना शिष्यप्रशिष्यका साथ पटक पटक गरी नेपाल आएको, यहाँका राजा प्रजालाई शिवदीक्षा दिएको, र शैवधर्म प्रचार गरेको कुरा सत्य हो । पहिलोपल्ट आउँदा यहाँ राजा शिवदेव भएको अनुमान हुन्छ । दोस्रोपल्ट आउँदा यहाँ नरेन्द्रदेव राजा थिए, राज्यमा शक्तिशाली युवराज आनन्ददेव थिए ।

शङ्कराचार्य स्वामीहरूले नेपाल आएर यहाँ गरेका अवदानका कथा प्रौढ प्राञ्जल संस्कृत भाषामा सुन्दर पद्यको प्रशस्ति कुँदिको शिलालेख हाल राष्ट्रिय संग्रहालयमा राखिएको छ ।[३४] यस प्रशस्तिलाई लिच्छवि-अभिलेखपछि चार शय वर्षको इतिहासमा अत्यन्त महत्त्वपूर्ण भएको कुरा मैले मानेको छु । नेपालमा शङ्कराचार्यको आगमनसम्बन्धी सबै कुरा यसबाट खुल्दछन् । एउटा पुरानो टिपोट अनुसार ने.सं. २२२ (वि.सं. ११५९) मा शङ्कराचार्य नेपाल आएको कुरा पनि छ ।[३५] त्यस वेला नेपालमा शिवदेवको शासन थियो । यो आगमन पहिलोपल्टको हो जस्तो लाग्छ, यो मिति कति सत्य छ, कसी लाउन बाँकी छ, दोस्रोपल्ट चाहिँ ती दण्डी स्वामीहरू ने.सं. २६४ (वि.सं. १२०१) मा नेपालमा रहेका थिए । यिनीहरू प्रयागको आमर्द्दक अग्निमठका स्वामी थिए । काशी र प्रयागमा यिनको चल्तीफिर्ती थियो। यस अभिलेखमा पहिले शङ्कराचार्यको उदयपछि अरू धर्म सम्प्रदायले फैलाएको अज्ञानभ्रम हटेको, उनका शिष्य प्रशिष्यले संसार ढाकेको कुरा पनि उल्लिखित छ । यी स्वामीहरू साक्षात् शङ्करका अवतार मानिने हुँदा शिवकै मूर्ति लाएर हिँड्दथे, विभुत लाउँथे, साँढिमा सबार भएर हिँड्थे, योगको अभ्यास गर्दथे । विशेषत: यिनीहरू रुद्रयामल आदि तन्त्रशास्त्रको रफत गर्दथे, शिवको दीक्षा मन्त्र सुनाएर चेलाहरू बनाउँथे, यिनीहरू रुद्रशिवका नामले पुकारिन्थे ।[३६] आफ्ना चेलाचपेटाले गुरुदक्षिणामा दिएको धन पनि लिन्थे ।

भारतवर्षभरी घुमिघुमी यिनीहरू धर्मप्रचार गर्दथे, ठाउँठाउँका मठमा अखडा जमाउँथे। जप, तप, पाठ, पूजा, न्यास, ध्यानमा यिनहरू ज्यादै निपुण थिए । नेपाल आउने स्वामीदलका मुख्य स्वामी शङ्कराचार्यको एउटा हात भाँचिएर डुँडो भएको थियो । भाँचिनाको कारण चाहिँ जोगीहरूको ज्यान बचाउन जाँदा लट्ठीको प्रहार लागेर भएको हो भनिएको छ ।[३७] यसबाट

यी दण्डी स्वामीहरू अध्यात्मविद्या, योगविद्या पढ्न, शैवमतको प्रचार गर्न मात्र लागेका थिएनन्, अपितु परेका बखत हतियार उठाउन पनि अघि सर्दथे। शास्त्राभ्यासको साथै शस्त्राभ्यास पनि गर्दथे। युद्धमैदानमा पनि पछि हट्दैनथे। यस्तै कुनै आक्रमणमा जोगीहरूको ज्यान जाने जोखिम आइपर्दा भएको हुलदंगामा हामीकहाँ आएका स्वामीको हात जखम भएको थियो।

यस वेला भारतवर्षको पश्चिमी आकाशमा मुसलमानी आक्रमणको कालो बादल मडारिइरहेको थियो। यस्तो आतेसका वेलामा अरू वेलामा पनि धर्मसम्प्रदाय मठ मन्दिरको चल अचल सम्पत्तिको सुरक्षाका लागि स्वयं जोगीहरूले अस्त्रशस्त्रमा अभ्यास गर्नु, सुरक्षासेनाको जोहो गर्नु पनि आवश्यक थियो, यसैले जोगीहरू पनि पिनाकपाणि (धनुभिर्ने-महादेव) जस्तै धनुर्बाण भिरेर हिंड्दथे।[३८]

सीखका धर्मगुरु नानकले पनि तान्त्रिकले तन्त्रसाधनामा पञ्च मकारको सेवन गरे जस्तै पञ्च ककारको ग्रहण अनिवार्य गरी सीखहरूलाई धार्मिकरूपले शस्त्रधारी लडाकु बनाएका थिए। त्यस्तै रुद्रशिवगणकै शाखाप्रशाखामा नागा बाबाहरूको जुझारू दल भारतमा एक अजेय शक्ति मानिन्थ्यो। पछिल्लो कालमा पृथ्वीनारायणसँग भिड्न काठमाडौंका राजा जयप्रकाश मल्लले यस्तै नागाको दल झिकाएर पालेको कुरा यहाँनिर स्मरणीय हुन आउँछ।

नेपालमा शङ्कराचार्य आएको, बौद्धमत खण्डन गरेको, शैवमतको प्रतिष्ठापना गरेको आदि वंशावलीको कथाले यिनै अग्निमठका शङ्कर स्वामीको आगमनलाई लक्षित गरेको देखिन्छ। शङ्कराचार्य र उनका शिष्यको यो दल पशुपतिको दर्शन र शैवमत प्रचार गर्ने ध्येयले विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा काशीबाट नेपाल उत्रेको थियो।

यिनीहरू नेपाल आउँदा अप्ठ्यारो पाहाडको बाटोमा पनि ठूला ठूला हात्तीमा चढेर आएका थिए।[३९] यसको दुई शय वर्षपहिले बौद्ध आचार्य दीपङ्कर श्रीज्ञान आउँदा पनि यस्तै 'दृष्टौषधि' नामक प्रसिद्ध हात्तीमा चढेर आएका थिए र भोट जाँदा सो हात्ती नेपालका राजालाई दिएर गएका थिए।[४०]

पहिलोपल्ट शङ्कराचार्य स्वामी र उनका शिष्यहरू यहाँ आई राजकुमार र जनतालाई दीक्षा सुनाउँदा पाएको गुरुभेटीको प्रशस्त धन लिएर काशी गई दुईवटा शिवमन्दिरको जीर्णोद्धार गराएका थिए।[४१] दोस्रोपल्ट आउँदा यहाँ धेरै जनता र राजकुमारहरू पनि यिनीसँग शिवदीक्षा लिएर शैव बनेका थिए। यिनले पाएको प्रशस्त धनले यही शैवसम्प्रदायको स्थायीरूपले प्रचार गर्ने उद्देश्यले ने.सं. २६४ (वि.सं. १२०१) मा वाग्मती र विष्णुमतीको दोभानमा शिवजीको मन्दिर र मठको स्थापना गरेका थिए।[४२]

स्वामीसँग दीक्षा लिएर शैव हुनेमा सबभन्दा मुख्य त्यस वेलाका नेपालका शक्तिशाली युवराज (वर्तमान राजा) आनन्ददेव नै थिए।[४३] यीबाहेक महेन्द्रदेवका छोरा यिनैका भतिजा वसन्तदेव, सोमेश्वरदेव नामका राजकुमार पनि थिए। यशो मल्ल नामका अर्का मल्लवंशी राजकुमार पनि स्वामीसँग शिवदीक्षा लिनेमा अघिसरा देखिन्छन्। अर्का शौर्यवीर्यशाली अर्जुनदेव पनि दीक्षामन्त्र सुन्ने स्वामीका शिष्य परम्परामा मुख्य मानिएका छन्।[४४]

उपर्युक्त शङ्कराचार्यको प्रशस्तिमा नेपालका गद्दीनसीन राजाको नाम उल्लेख गरिएको छैन। आफूसँग दीक्षामन्त्र सुन्ने राजकुमारहरूको नाम मात्र त्यहाँ सम्मान लेखिदिएर स्वामीहरूले एउटा उदाहरण प्रस्तुत गरेका छन्।

स्वामीसँग दीक्षा लिएर चेला बनेका चार राजकुमारहरूमा वसन्तदेव र सोमेश्वरदेव यही केन्द्रका थिए। यशो मल्लको परिचय स्पष्टतः पाउन सकिएको छैन तापनि मैले यिनलाई पोहमल्लवंशीको चल्तीफिर्ती भएको बनेपा पनौतीतिरका राजकुमार हुन् भन्ने ठहऱ्याएको छु र अर्जुनदेवलाई चाहिँ सिम्रौनगढका राजा नान्यदेवका राजकुमार हुन् भन्ने मानेको छु। साच्चै त्यसमा अर्जुनदेवलाई साक्षात् पाण्डव अर्जुनजस्तै वीर भनिएको र साना बालकलाई यसरी ठूलो प्रशंसा गरिएको पनि हुँदा यिनलाई तेह्रौते नान्यदेवका छोरा भन्नु उपयुक्त ठहराएको छु। ने.सं. २५२ (वि.सं. ११८९) भाद्र वदि ९ मा यिनको जन्म भएको थियो।[४५] स्वामीहरू काशीबाट काठमाडौं आउँदा सिम्रौनगढको राजधानी भएर आउनु धेरै संभव छ। ठूला राजाका साना छोरा अर्जुनदेवलाई शिवदीक्षा दिएर शिष्य बनाएको हुँदा यस प्रशस्तिमा ससम्मान बयान गरिएको हुनुपर्छ, त्यस वेला सिम्रौनगढका राजकुमार भारदारहरूले पनि स्वामीहरूकासाथ धर्म गर्न तीर्थ घुम्न पशुपतिक्षेत्रमा पदार्पण गरेको कुरा विश्वास हुन आउँछ।

रुद्रदेव (वि.सं. १२२४-३२)

आनन्ददेवपछि यिनका भाइ रुद्रदेव राजा भए। यी रुद्रदेव राजा सिंहदेवका नेसं. २२८ (वि.सं. ११६५) माघ शुदि १३ मा जन्मेका छोरा थिए।[४६] यिनी आनन्ददेवभन्दा ९ वर्ष कान्छा थिए। वंशावलीका 'ख ग घ' पाठमा ने.सं. २६७ पौष कृष्ण १३ मा रुद्रदेवको पुष्याभिषेक गरियो। पुष्याभिषेकबाट तुषारवृष्टि भयो भन्ने कुरा लेखिएको छ। ख घ च पाठमा त राज्य वर्ष पनि ८० मास १ लेखिएको छ। परन्तु पुष्याभिषेक (राज्याभिषेक) वर्ष २८७ हुनुपर्नेमा[४७] ८ लेख्न बिरिएर २६७ हुन गएको र राज्यकाल पनि ८ वर्ष ९ महीना लेख्नुपर्नेमा शून्य बढी हुन आएको देखिन्छ। भाषापाठमा १९ वर्ष यिनको राज्यकाल लेखिए तापनि क ग पाठमा दिएको ८ वर्ष १ महीनाको राज्यकाल नै अभिलेखबाट पनि शुद्ध ठहर्छ। यिनको जन्म ने.सं.

२२८ मा भएर ६७ वर्षको आयुमा मृत्यु भएको थियो। ने.सं. २८७ देखि २९५ (वि.सं. १२२३-१२३२) सम्म ८ वर्ष जति यिनले राज्य गरेको प्रमाणित ठहर्छ।

यिनका पालामा नेपालदूनका तीन शहरमा लेखिएका अभिलेखप्रमाण एघाह्रवटा पेटेकले उद्धृत गरेका थिए, तर अहिले यिनका चौधवटा अभिलेख पुगेका छन्।[४८] यिनको नाम शङ्कराचार्यसँग दीक्षा लिने राजकुमारको सूचीमा परेको छैन तापनि उपाधिमा परमशैव चाहिँ जोडिएको हुनाले यिनी शिवमार्गी थिए, यिनका पालामा शिवमतशास्त्र विष्णुमतीको तीरको शैवमठमा बसेर राम नामक व्यक्तिले बडो मिहिनेतसँग सारेका थिए। त्यस पुष्पिकावाक्यमा रामले राजा रुद्रदेवलाई रुद्र (शिव) कै अवतार, परोपकारमा मात्र लाग्ने, सबैतिर कीर्ति फैलिएका भनेर बयान गरेका छन्।[४९] यस वेला नेपालमा शैवमठको स्थापना र शैवमतको प्रचार प्रसार पनि निकै बढेको थियो। कौलसम्प्रदायको तान्त्रिक ग्रन्थ तत्त्वसार ज्ञानकारिकाको पुष्पिकावाक्यले पनि यही कुरा दर्शाउँछ। सो पुस्तक सार्ने पशुपतिनाथका 'मूर्तिधर' पाशुपताचार्य श्रीकण्ठगुरु थिए,[५०] अर्थात् यी पाशुपताचार्यले पशुपतिको मूर्ति लाएका थिए। माथि वर्णित प्रयागका आमर्द्दकमठपरम्पराका शङ्कराचार्यका शिष्य पनि यस्तै शिवमूर्ति लाउने (उरितमूर्तिशिवाभिधानाः) शैव थिए। कसैकसैले मूर्तिधरको अर्थ पशुपतिका पूजाहारी भन्ने गरेको देखिन्छ, परन्तु त्यस वेलाको शैवसम्प्रदायको अनुगमन गर्दा यो संमत देखिँदैन।[५१] रुद्रदेवका पालामा वि.सं. १२०८ मा पाटन बलटोलनेर जयचन्द्र नामका एकजना विद्वान् मानिसले एउटा जलद्रोणी (पानीको बनौटी धारा) बनाएर शहरको बाटो बढार्न भनेर तीन रोपनी जग्गा पनि गूठी राखिदिएका थिए।[५२] यसबाट त्यस वेला जनताबाट पनि त्यस किसिमका लोकोपकारी कार्य हुन्थे, शहर सफा राख्न स्वयं जनता पनि सरिक हुन्थे, सचेत थिए भन्ने कुरा पनि बुझिन आउँछ।

राजा रुद्रदेवले पाँच चोक भएको दक्षिणशाला बनाएर त्यसको प्रतिष्ठा गरी त्यसकै पासमा सुनधारा बनाएको कुरा[५३] वंशावलीको क पाठबाट अवगत हुन आउँछ।

अमृतदेव (वि.सं. १२३२–३५)

रुद्रदेवपछि यिनैका पाँच वर्ष जति कान्छा भाइ अमृतदेव राजा हुन आए। यी पनि राजा सिंहदेवका ने.सं. २३३ आश्विन शुदि ३ मा जन्मेका कान्छा छोरा थिए। ६६ वर्ष बाँचेर ४ वर्ष जति राज्य गरेर यी परलोकवासी भए।[५४] वंशावलीका सबै पुराना पाठमा यिनको ३ वर्ष ११ महीनाको शासनकाल दिएको छ। सो कुरा अभिलेखबाट पनि उचितै जँच्तछ। नयाँ वंशावलीमा यिनको नाम छैन। यिनका ठाउँमा मित्रदेवलाई राखेर २१ वर्षको शासनकाल दिइएको छ। भूलले सो अशुद्ध भएको हो।

अमृतदेव राजा भएको साल ने.सं. २९५ (वि.सं. १२३२) वैशाखमा विजयकर्त्री भारोले स्वर्ग भएका आफ्ना छोरा जयद्रव्यजीवको उद्धारको लागि पशुपति मृगस्थलीमा जलद्रोणी दान दिएकी थिइन्।[५५] यसको अर्को साल जेठमा मधुकश्रीका छोरा विशाखदेवले परलोकवासी आफ्ना दाजुको स्वर्गप्राप्तिको लागि आमाको अनुमति लिएर चाँगुनारायणमा भगवान् विष्णुको प्रतिमा स्थापना गरे।[५६] राजा रुद्रदेवका एक छोराको नाम पनि विशाखदेव भन्ने थियो। यिनको जन्म ने. सं. २७६ मा भएको थियो। यी तीनै विशाखदेव हुनु सम्भव छ। यसो भएमा मधुकश्री रुद्रदेवकी रानी अमृतदेवकी भाउज्यू हुन आउँछिन्। अमृतदेवका २ शिलालेख र ४ पुष्पिकावाक्य गरी ६ अभिलेख अहिले प्राप्त भएका छन्।[५७]

अमृतदेवको राज्यकालमा ने.सं. २९८ माघमा लेखिएको 'पञ्चरक्षा'को पुस्तक पाटन ज्येष्ठवर्णमहाविहारमा पाइएको छ। त्यो पुस्तक सार्ने रसपालले आफ्नो ठेगाना काष्ठमण्डपको दक्षिणटोल भन्ने लेखेका छन्। काष्ठमण्डपको यो पहिलो उल्लेख पाइयो। यसभन्दा धेरै पहिले गुणकामदेवले गोरखपन्थी साधुहरूको आश्रयका लागि यो मण्डप बनाएको भन्ने संभावना हामीले माथि नै व्यक्त गरिसकेका छौं। यिनका दाजुले दक्षिणशाला बनाएका थिए। यिनले त्यस्तै पाँच चोक भएको उत्तरशाला बनाएर प्रतिष्ठा गरे। यिनका पालामा अनिकाल महामारी पनि फैलिएको थियो।[५८]

सिंहदेवपछि नेपालको सिंहासनमा बस्न आउने महाराजाधिराजहरू दुईजनाबाहेक सबै सिंहदेवका छोरा थिए। मानदेव र नरेन्द्रदेव चाहिँ कसका छोरा थिए खुलेको छैन तापनि संभावनाचाहिँ यी पनि सिंहदेवकै छोरा हुन् भन्ने छ। भाषावंशावलीमा मानदेवलाई शिवदेवकै छोरा लेखिएको छ तापनि तात्कालिक स्पष्ट प्रमाण पाइएको छैन।

यहाँसम्मको ऐतिहासिक विवरणबाट हामीलाई एउटा नयाँ तथ्य कुराको बोध हुन आउँछ। सो के भने यस वेला अर्थात् मध्यकालका प्रख्यात राजा शिवदेव वा सिंहदेवले नेपालको राजसिंहासन परम्परागत ज्येष्ठपुत्रभागी नबनाएर ज्येष्ठभ्रातृभागी बनाएका थिए। वीशौं शताब्दीमा नेपालमा राज्यको हालीमुहाली पाएका श्री ३ महाराज जङ्गबहादुरले पनि आफ्नो श्री ३ महाराज र प्राइम्मिनिष्टरको रोलक्रम ज्येष्ठभ्रातृभागी नै बनाएका थिए। यसबाट राज्यमा नाबालक राजा कमै हुने र राजव्यसनको संकट पर्ने पनि कमै संभावना रहन्छ। सिंहदेवका छोराहरू भाइको रोलक्रमले राजा भएका हुँदा सबै प्रौढ अवस्थामै पुगेर राजगद्दी पाएका थिए। अमृतदेवपछि छोराको रोलक्रम समाप्त भयो र नातिको रोलक्रम शुरू भयो। त्यसमा पहिला जेठा महेन्द्रदेवका छोरा सोमेश्वरदेव राजगद्दीका हकदार भए।

सोमेश्वरदेव

अमृतदेवपछि सिंहदेवका नाति महेन्द्रदेवका छोरा सोमेश्वरदेव राजा भए। यिनी ने.सं. २४२ (वि.सं. ११७८) फागुन शुदि १३ मा जन्मेका थिए।[५९] भाषापाठमा सोमेश्वरदेवको नाम छँदैछैन। पुराना पाठमा यिनको राज्यकालमा पृथक्ता रहेको पाइन्छ। क पाठमा ४ वर्ष, ख मा ३ वर्ष, ग घ च पाठमा ६ वर्ष ३ महिना राज्यकाल लेखिएको छ। ने.सं. २९९ देखि ३०१ सम्मका यिनका पालाका अभिलेख पाइएका[६०] र ने.सं. ३०५ देखि उत्तराधिकारी गुणकामदेवका अभिलेख प्रमाण पाइएकोले यसै बीचमा यिनको शासनकाल करीब ५/६ वर्षकै ठीक देखिन आउँछ।

भाषापाठमा यिनको नाम नदेखिएकोले, त्यसैताकाका कर्णाटका चालुक्यवंशी राजाको नाम सोमेश्वर नै भएको, तृतीय सोमेश्वरले पनि नेपाल आफ्नो वश पारेको कुरा लेखेकोले पनि इतिहासकारहरूको ध्यान त्यतापट्टि आकृष्ट भएको देखिन्छ।[६१] सोमेश्वर र अरू पनि भारतीय राजा मन्त्रीहरूले नेपाल जितेको दावी गरेको भए तापनि तिनको प्रभुत्व नेपालमा नरहेको तथ्य कुरा हामीले माथि नै दर्शाइसकेका छौं। तृ. सोमेश्वर हाम्रा सोमेश्वरभन्दा पहिल्यै बितिसकेका थिए। नामसादृश्यले त्यस्तो कल्पना गर्नु अनुचित ठहर्न आउँछ। दक्षिणभारतसँग नेपालको धार्मिकसम्बन्धमा दाक्षिणात्य ब्राह्मणहरूको नेपालमा प्रवेश चाहिँ शाश्वत भइआएकै कुरा हो र भट्ट शैवाचार्यहरूको उल्लेखले पनि यसै कुरामा सहमति देखिन्छ। दाक्षिणात्य ब्राह्मणहरूले नेपालमा आएर विद्या पढाएको कुरा पुराना वृत्तान्तबाट पनि अगवत हुन आउँछ।

सोमेश्वरदेवले पनि काकाहरूले उत्तरशाला दक्षिणशाला बनाएर प्रतिष्ठा गराएजस्तै दक्षिणविद्यापीठको स्थापना गरेका थिए। त्यहीं अत्यन्त ठूलो देवालय बनाई त्यहाँ सिकर्मीद्वारा काठ कुँदाएर काष्ठशिल्पको बेजोड नमूना प्रस्तुत गरेका थिए। तिनले त्यहाँ ठूलो सदावर्त वा यज्ञ पनि गरे।[६२] यसरी हामीले मध्यकालमा विद्या पढाउने विद्यापीठ स्थापना गरेको पहिलो उदाहरण यहाँ पाएका छौं। उत्तरशालामा यजुर्वेद माध्यन्दिनीयशाखाको र दक्षिणशालामा तैत्तिरीयशाखाको अध्ययन चलेको पनि यहाँनिर अनुमान हुन आउँछ।

२.३ टिप्पणी

१. क) यमारितन्त्रमण्डलोपायिका, रा.अभि. ८५, मे. नेपाल १/१६७ पृ.

ख) नक्षत्रजातक, इण्डिया अफिस्लाइब्रेरी, २९२८ सं. कैथक्याटलग् २, १५०६।

ग) अष्टसाहस्रिका प्रज्ञापारमिता, रा.अभि. १९५ . मे. नेपाल १ भा. १६७ पृ.

घ) पन्चरक्षा, रा. अभि. वी. ४८. मे. नेपाल १ भा. १६७ पृ.

ङ) चान्द्रव्याकरणवृत्ति, शालुगुम्बा, विहाररिसर्च सोसाइटी जर्नल २३/४३

च) नामसंगीति, रा. अभि. वी. १६६, मे. नेपाल १ भा. १६७ पृ.

२. मेडिवल् हिष्ट्री अफ् नेपाल, ५८ पृ.

३. कपाठ ३१ क पत्र

४. उही .

५. तल आनन्ददेवको 'ट' पुस्तकको टि. र पुराना वंशावलीका क ख ग ङ पाठ।

६. घ पाठ, सिनास जर्नल १२ भा. २ सं. ९० पृ.

७. क पाठ ३४ ख पत्र।

८. यसको वर्णन तल गरिनेछ।

९. १ को टिप्पणीको 'ख' पुस्तकको पुष्पिकावाक्य।

१०. मे.हि. नेपाल ५८ पृ.

११. १ टि. 'च' पुस्तकको पुष्पिकावाक्य।

१२. सिँजाका अभिलेख-हिमवत्संस्कृति १/१/१३४-४० पृ.

१३. लि. का. अभिलेख ५९८ पृ.

१४. यस विषयमा विशेष वर्णन आनन्ददेवको प्रसंगमा गरिनेछ।

१५. क) पन्चरक्षा, साक्यगुम्वा, विहार रिसर्चसोसाइटी जर्नल ३३, ३९ .

(ख) अष्टसाहस्रिका प्रज्ञापारमिता, युनिवर्सिटी लाइब्रेरी क्याम्ब्रिज् ए.डी.डी. १६४३ बेण्डाल क्याटलग् १५२ पृ.

ग) ब्रह्मटोलको अभिलेख, बेण्डाल जर्नी, ८१ सं. ६ .र मे.हि. नेपाल ५८-५९ पृ.

१६. चाँगु . ऐ. सामग्री १५८ पृ..

१७. क) प्रतिष्ठातन्त्र . रा. अभिलेखालय १, १००३, ४, शास्त्री-क्याटलग् १ भा. ६२ पृ.

ख) पञ्चरक्षा, विब्लोथिक नेशनल, पेरिस, संस्कृत ६७, फिलोजट–क्याटलग् ६० पृ.

ग) मितपदपञ्जिका, रा. अभि. ३-३६६-४ शास्त्रीक्याटलग् १ भा. ६२ पृ.

शास्त्रीले २७१ भनेर अशुद्ध संवत् पढेका थिए ।

घ) लुयिपासाधनटीका, रा. अभि. ८६ । मे. नेपाल १ भा. १७२ पृ.

ङ) नामसंगीति, शालुगुम्बा, विहाररिसर्चसोसाइटी जर्नल २३, सं. ३९ पृ.

यसमा पनि संवत्को अङ्क अशुद्ध छापिएको थियो ।

च) हरिवंश, रा. अभि. ४८ . मे, नेपाल १ भा. १७२ पृ.

छ) सप्तशती चण्डी, नेपालम्युजियम् ७४ सं., मे. नेपाल १ भा. १७२ पृ.

ज) पञ्चरक्षा, मेडिवल् नेपाल-कोलोफन एण्ड इन्स्क्रिप्सन्स् १२ पृ.

१८. नरेन्द्रदेवको पालामा लेखिएको प्रतिष्ठानतन्त्र (क) को पुष्पिकावाक्य

१९. लि नेपाल २ भा. २०७ पृ.

२०. मेडिवल् हिष्ट्री अफ् नेपाल ६० पृ.

२१. सप्तशती चण्डी (छ) को पुष्पिकावाक्य ।

२२. माघ (घे) कृष्ण सुचन्द्रमा प्रतिपदे सप्ताधिके षष्टिके

काले वर्षशतद्वये शुभदिने राज्यम्वरः प्रापितो

श्रीनेपाल (लाः) समस्तमण्डलमहीत्राता प्रजानासनम्

पीड्यं शास्त्र तदा सुनिर्मितगुणे श्रीनंददेवः प्रभुः

क पाठ २४-२५ पत्र

२३. सम्वत् २१९ वैशाख कृष्ण पञ्चम्या उत्राषाढ नक्षत्र

श्रीशीहदेवपरमेश्वरस्य पुत्र श्रीआनन्ददेवस्य जात । अस्तवर्ष ६८

क पाठ ३१ पत्र

२४. सम्वत् (२२८) माघ (?) शुक्ल त्रयोदशी रेवतिनक्षत्रे श्रीसीहदेवपरमेश्वरस्य जात श्रीरुद्रदेवस्य जात । राजा अस्तवर्ष ६७ ।

संवत् २३३ अश्विनि शुक्ल तृतीया विषाश (शाख) नक्षत्र श्रीसीहदेवप्रमेश्वरस्य पुत्र श्रीअमृतदेवस्य जात । राजा अस्तवर्ष ६६ भाद्रपद कृष्णनवम्याम् ।

क पाठ ३१ पत्र

२५. क पाठ २५ क पत्र ।

२६. उही ।

२७. अभिलेख-संग्रह २ भा. १०-११ पृ.

(यो स्तम्भलेख आनन्ददेवका पालाका अभिलेखमा पछिल्लो हो ।)

२८. क) सर्वप्रकरणसंग्रह, केशरलाइब्रेरी ३६ सं. मेडिवल् हिष्ट्री अफ् नेपाल ६१ पृ.

ख) अष्टसाहस्रिका प्रज्ञापारमिता, एसियाटिक सोसाइटी, ४२०३ सं. शास्त्रीक्याटलग्, १ भाग ३-४ पृ.

ग) अष्टसाहस्रिका प्रज्ञापारमिता, रा. अभि. ३. मे.नेपाल १ भा. १७७ पृ. ।

घ) अष्टसाहस्रिका प्रज्ञापारमिता, रा. अभि. २१०, पूर्णिमा ३ पू. २१ पृ.

ङ) वादन्यायटीका, कुन्डेलिङ्गुम्वा, (ल्हासा) वि. रिसर्चसोसाइटी २१ भा. २७ पृ.

च) चतुष्पीठमण्डलोपायिकमन्त्र, रा. अभि. ३.४०३.१२,२५, पूर्णिमा ३ पू. २१ पृ.

छ) पन्चरक्षा, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, ओ आर्. १३० मे.हि. नेपाल ६२ पृ.

ज) चान्द्रव्याकरण, रा. अभि. ३, ६७९, पूर्णिमा, ३ पू. २१ पृ.

झ) प्रायश्चित्तसमुच्चय, क्याम्ब्रिज् युनिवर्सिटी, एडीडी २८३३, मे.हि. नेपाल ६२ पृ.

ञ) स्मृतिमन्जरी, रा. अभि. १.१६४७.११, मे.हि. नेपाल ६२ पृ.

ट) प्रतिष्ठातन्त्र, रा. अभि. १, ८४, मे. नेपाल १ भा. १७७ पृ.

(यसमा रेग्मीले र पेटेकले 'श्रीश्री आनन्ददेव' भनी दुई श्री भएको पाठ पढेका छन्, सो अशुद्ध हो । मैले मूल हेर्दा 'श्रीणन्ददेव' भन्ने पाठ पाएको छु । त्यस वेला दुई श्रीको चलन थिएन ।)

ठ) स्वमलशास्त्र, केशरलाइब्रेरी. ५३९ सं. मे. हि. नेपाल ६२, पृ.

ड) कुलालिकाम्नाय, रा. अभि. ८७६, मे. नेपाल १ भा. १७७ पृ.

ढ) वटुकभैरवको शिलालेख, पाटन, अभिलेखसंग्रह २ भा. १५ पृ.

यस शिलालेखमा बसुका ठाउँ मा वन्हि पढी युगको अर्थ चार गरी ४३१ ठहराई यो अभिलेख पछि रुद्रदेवसँग शासन गर्ने आनन्ददेवको हो भन्ने कुरा देवीप्रसाद भण्डारीले लेखेका थिए (पू. १ पू. ८५) परन्तु २८१ को यो अभिलेख यिनै आनन्ददेवको हो । संवत् अशुद्ध पढेर त्यस्तो भएको हो ।

ण) ताम्रपत्र (पश्चिम नेपाल) द टू अर्लियष्ट् कप्परप्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २९-३१ पृ.

त) सप्तशती (चण्डी) रा. अभि. ३.३६०२, शास्त्रीक्याटलग् २ भा. १९ पृ.

रेग्मीले यस शिलालेखको अंक ४३१ पढी यी आनन्ददेवलाई पछि रुद्र मल्लसँग संयुक्त शासन गर्ने राजा भनी लेखेका छन् । परन्तु पेटेकले संवत् २८१ पढी यसलाई सच्याएका छन् ।

थ) अष्टसाहास्रिका प्रज्ञापारमिता, रा. अभि., ३.७१३, बेण्डालहिष्ट्री २३ पृ.

द) अष्ट्रसाहस्रिका प्रज्ञापारमिता, क्याम्ब्रिज्, युनिवर्सिटी लाइब्रेरी, ए.डी. डी. २१९०, बेण्डालहिष्ट्री २३ पृ.

ध) अष्टसाहस्रिका प्रज्ञापारमिता, क्याम्ब्रिज, युनिवर्सिटी लाइब्रेरी, ए.डी.डी.१६८३, बेण्डालक्याटलग् १८२ पृ.

यम्बुक्रमा- काठमाडौं, फानपिङ - फर्पिङ (बेण्डालले धानपिङ्ग भनी पढेका थिए ।)

(न) अष्टसाहस्रिका प्रज्ञापारमिता, रा. अभि. -३, ८०३, २३, मे. हि. नेपाल - ६३ पृ.

प) गण्डव्यूह, रोयल एसियाटिक सोसाइटी(हड्सन् कलेक्सन) बेण्डालहिष्ट्री २३ पृ.

फ) अष्टसाहस्रिका प्रज्ञापारमिता, पाटन, ओंवहाल, मे. नेपाल १ भा. १७८ पृ.

ब) कुरुकुलाकल्प, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, एडी.डी. १६९१.२

बेण्डालक्याटलग् १७९

यसमा शतस्थानी अङ्क मात्र बुझिन्छ, पेटेकले यसलाई २८७ ठहराएका छन्, (मे.हि.ने. ६४) गणनाबाट मिल्न आउने हुँदा यो ठीकै छ ।

भ) भक्तपुर तिलमाधवको स्तम्भलेख, अभिलेखसंग्रह, २ भा. १०-११ पृ.

(यहाँ पेटेकले 'वसुवन्हि (८३) पाठ पढेर २८३ ठहराएका छन् । तर अभिलेखमा 'वसुवाह' (८७) भएबाट मैले ने.सं. २८७ ठहराएको छु । गणना पनि २८७ मै मिल्न आउँछ । २८३ मा मिल्दैन ।

२९. कुब्जिकामत, राष्ट्रिय अभिलेखालय, मे. नेपाल १ भा. १७८ पृ.

३०. आनन्ददेवको (ण) ताम्रपत्राभिलेख ।

३१. पुरानो वृत्तान्त क पाठ ३१ पत्र (गोपालराजवंशावली ३९ पृ.)

३२. महामण्डलीक प्रक्षातः स्ववर्णणिधिबहुतरम् तस्य अस्तवर्ष ६७

उही।

३३. पशुपतिनाथको दर्शन-स्पर्शन-पूजनसम्बन्धमा समीक्षा, १७-१८ पृ.

३४. उही, परिशिष्ट १४२-५४ पृ. मा मैले यो शिलालेख अनुवाद व्याख्यासहित प्रकाश गरेको छु । यस अभिलेखको स्थापना मिति 'हस्तषड् द्वि'(२६२) हो भनी पेटेकले लेखेका छन् । (६५ पृ.) तर मैले अभिलेखको अनुशीलन गर्दा सो मिति पाइँन । मैले यसको संवत् 'चतुःषष्ठी द्विशत' (२६४) पढेको छु । यस पुस्तकको परिशिष्टमा पनि सो अभिलेख उद्धृत गरेको छु ।

उही ४५-५० पृ.

३५. उही ७१ टि. १९ पृ.

३६. तत्रा ऽ भवन् भवभयाभयदाः प्रतीता
भट्टारका उरितमूर्तिशिवाभिधानाः
भूतिप्रिया वृषगता विबुधाधिनाथा
मारद्रुहो जगति शंकरतामुपेताः ॥८॥ उही ४७ पृ.

३७. येषां तपस्विजनजीवितरक्षणे ऽ भूत्
पुण्यात्मनां करतले लगुडप्रहारः ।१२।

उही ४८ पृ.

३८. यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥

उही ४७ पृ.

३९. देवं द्रष्टुं पशुपतिमथाऽ नुग्रहीतुं च लोकान्
नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्गं ॥१९ ॥

उही ४८ पृ.

४०. यसको वर्णन मैले भोटचीनसँग ऐतिहासिक सांस्कृतिक सम्बन्धमा विस्तारसँग गरेको छु ।

४१. तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिह (त्यैः शिव) मंदिरद्वयम् ॥ २२॥

अभिलेखबाट ४९ पृ.

४२. ते प्रयाग इवात्रामु (पुण्ये सिं) धुसमागमे ।

चेतःप्रसादं प्रासादं प्रभोः शंभोरचीकरन् ॥ २९॥

उही ५० पृ.

४३. अस्यां श्रीरघुवंशमौक्तिकमणिर्जातो जनानन्दनः

सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः ।

उच्चैः शक्तिधरः कुमारपदवीं प्राप्तोपि तैर्दीक्षितः ॥२३॥

उही ४९ पृ.

भाषावंशावलीमा पनि यिनले सुनन्दाचार्यसंग मतो गरी भुवनेश्वरी देवीको आगमघर बनाएको कथा पाइन्छ ।

४४. वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा ।

यशो मल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥ २५॥

शौर्येऽर्जुनसमः प्रेक्ष्य गुणांस्तेषु गुणप्रियः

भक्तिमर्जुनदेवोऽपि (विदधे विबुधे) ष्विव ॥ २४ ॥

उही

४५. सं. ३५२ भाद्रपदकृष्णा नवमी डोय श्रीनानेदेवस पुत्र जात

श्रीअर्जुनमलदेव ॥ पुरानो वृत्तान्त क पाठ ३४ ख पत्र

(यहाँ शतस्थानी अङ्क ३ होइन २ हो । लेख्ता बिरिएको हो । स्वामीहरू काठमाडौं आउँदा अर्जुनदेव बाह्र वर्षका बालक थिए ।)

४६. माथि ९५ सं. टिप्पणी द्रष्टव्य ।

४७. पुष्यनक्षत्रमा राजाको राज्याभिषेक हुने प्राचीन परम्परा हो ॥

पुष्पाभिषेक भन्ने बिरिएको पाठको सखेडाले पुष्पले (फूलले) अभिषेक भयो भन्ने अर्थ धनवज्रले गरेको पनि पाइन्छ । यसको विमर्शको लागि द्रष्टव्य-पुष्पाभिषेक पूर्णिमा ३३ पू. २७ पृ. ।

४८. (क) वज्रजोगिनी जलद्रोणीको अभिलेख, अभिलेखसंग्रह २ भा. १२ पृ.

(ख) कालोत्तरतन्त्र, राष्ट्रिय अभि. ४.२०६ बृहत्सूचीपत्र (तन्त्र) ४ ५४ पृ.

(ग) शिवमतशास्त्र, राष्ट्रिय अभि. १ . १०७५. ७ मे. हि. नेपाल ६८ ।

पेटिकको पाठलाई सच्याएर यसको सम्पूर्ण पुष्पिकावाक्य महेशराज पन्तद्वारा पूर्णिमा ६९ पू. ३०-३१ पृ. मा प्रकाशित छ ।

रुद्रो रुद्र इवापरः ....

तस्मिन् विष्णुपदीनदीपरिसरे प्रासादमासादयन्
शम्भुर्यद्दृढभक्तिशक्तिमतुलां व्यक्तं व्यनक्ति स्थितः ।
कीर्तिस्फूर्तितिरस्कृतेन्दुकिरणे श्रीरुद्रदेवे नृपे
श्रीरामाह्वयलेखितं शिवमतं शास्त्रं समाप्तं तदा ।

(घ) कुम्भेश्वरनेर जलद्रोणीको अभिलेख, अभिलेखसंग्रह २ भा. १२ पृ.

(ङ) वज्रडाकतन्त्र, टोकियो युनविर्सिटी लाइब्रेरी ३४३ सं. (अप्रकाशित) मे. हि. नेपाल ६८ पृ.

(च) योगसारसमुच्चय, रा. अभि, ७२४, मे. नेपाल १ भा १८२ पृ.

(छ) ज्यावहाल बलटोलको जलद्रोणीको अभिलेख, अभिलेखसंग्रह २ भा. १३ पृ.

पार्श्वे पट्टिकया सहामलजलद्रोणीमिमां दत्तवान्
मार्गोन्मार्जनगोष्ठिकासु निहितं क्षेत्रञ्च तृरोपणम् ॥
तत्पट्टिकापटलछादनाय च शिवकाचतुष्टयम् ।

(ज) ब्रह्मटोलनेर जलद्रोणीको अभिलेख, अभिलेखसंग्रह ९ भा. २५ पृ.

(झ) अष्टसाहस्रिका प्रज्ञापारमिता, (व्यक्तिगतसंग्रह) पूर्णिमा ६९ पू. ३२ पृ.

(ञ) देवीस्तव, (व्यक्तिगतसंग्रह) पूर्णिमा ६९ पू. ३३ पृ.

(ट) नारायणीस्तव, पूर्णिमा ६९ पू. ३४ पृ.

(उक्त दुवै पुस्तक शिवमार्गी उदय ब्रह्मवर्द्धनले लेखेका हुन्)

(ठ) धर्मसमुच्चय, राष्ट्रिय अभि. १५३, 'नोट्स इण्डियन्स्' जर्नल एसियाटिक्स् १.-३५-३६ पृ.

(ड) पिङ्गलामत, रा. अभि. ३.३७६ शास्त्रीक्याटलग् २।६९ पृ.

(यो पिङ्गलामत वृजिकरथ्या (हाडिगाउँ) बस्ने शैवाचार्य जियधरले लेखेका हुन् ।

(ढ) रत्नगणसमुच्चयगाथा, एसियाटिक सोसाइटी १०७३६ सं.

डिस्क्रिप्टिभ् क्याटलग् १-२६-२७ पृ.

(ण) काठमाडौं लायकु टोलको अभिलेख मे. नेपाल ३ भा. ८ पृ.

४९. शिवमतशास्त्र ('ग' पुस्तक) को पुष्पिकावाक्य ।

५०. श्रीपशुपतिभट्टारकस्य मूर्तिधर परमपाशुपताचार्य श्रीकण्ठगुरुणा स्वात्महेतोः ज्ञानपुस्तकमिति शुभमस्तु

कौलज्ञाननिर्णय, भूमिका, २ पृ.

५१. नेपालमा पाशुपतसम्प्रदाय -एक अध्ययन ६ पृ. र टि. सं. समीक्षा २७ क. ख. पृ.

(जगदीशचन्द्रको पत्रमा मैले टिप्पणी गरेको थिएँ ।)

५२. माथि 'छ' को अभिलेख

५३. तेन पञ्चपुर दक्षिणशाला खण्डशाला खण्डचोक प्रतिष्ठिता सुवर्णपनाली च ।

कपाठ २५ पत्र

५४. माथि २४ टिप्पणीको उद्धरण द्रष्टव्य ।

५५. (क) भक्तपुर खौमाटोलको अभिलेख, इतिहास प्रकाश २-३, २४२-४३ पृ.

योगीले संवत् २८५ अशुद्ध पढेको र भोलानाथले सच्याएर २९५ शुद्ध पाठ भनी छापेको छ ।

पूर्णिमा ३ पू. २८ पृ.

५६. (ख) चाँगुको गणेशमूर्तिको अभिलेख, अभिलेखसंग्रह २ भाग १३ पृ.

५७. (ग) दशक्रिया पद्धति, रा. अभि., १, १५३६.३ शास्त्रीक्याटलग् १ भाग ६५ पृ.

(घ) कुशण्डीकर्मवैदिकमन्त्रसंग्रह १, १५८३.१३ मे.हि. नेपाल ७० पृ.

(ङ) पन्चरक्षा, जेष्ठवर्णमहाविहार पाटन, इन्स्क्रिप्सन्स् एण्ड कोलोफोन १६ पृ.

(च) कुलालिकाम्नाय केशरलाइब्रेरी ३३ सं. मे.हि. नेपाल ७० पृ.

(यसमा संवत् २९० पढिएको र सो अमृतदेवको समयको नहुने हुँदा यसको मिति गणना गर्दा संवत् २९८ मा मिल्छ भन्ने कुरा पेटेकको छ ।)

५८. राजा श्रीअमृतदेव वर्ष ३ मा ११ तेन पञ्चपुर उत्रशाला खण्डचोक प्रतिष्ठिता, महामारी दुर्भिक्षं भवति (कपाठ २५ पत्र)

५९. संवत् २४२ फालगुन शुक्ल त्रयोदशी मघानक्षत्र श्रीमहेन्द्रदेवस्य पुत्र श्रीसोमेश्वरदेव जातः ॥ राजा अस्तवर्ष ३ ॥ ३२ कपत्र

६०. क. प्रायश्चित्तोपदेश, केशरलाइब्रेरी ५४२ सं. मे.हि. नेपाल ७१ पृ.

ख. श्रीमहामन्थानभैरवतन्त्र, उही ५९२ सं. उही ७२ पृ.

ग. सप्तशती (चण्डी) रा. अभिलेखालय १.६०६.१३. उही

६१. जर्नल अफ् द बम्बे ब्रान्च अफ् द रोयल एशियाटिक सोसाइटी ११ भाग २६८ पृ.

६२. राजा श्रीसोमेश्वरदेव वर्ष ४ मा ३ तेन कृत्य यौद्यं बृहद् देवालये, अतिसुन्दर काष्टशिल्पिकृता तत्रैव दक्षिणविद्यापीठ महाप्रधानम् पुन सत्र कृतञ्च (२५ पत्र)

द्वितीय प्रकरण

४ अध्याय

महासामन्त रत्नदेव

ने. सं. ३०३-३०४ (वि. सं. १२४०-४१) मा धवलस्रोतपुरमा लेखिएका तीनवटा पुस्तकमा महासामन्त रत्नदेवको मात्र उल्लेख गरिएको छ । ती तीनवटा पुस्तक 'चरकसंहिता', "क्रियाकालगुणोत्तर" र "कुब्जिकामत" हुन् ।[1] पहिले हरप्रसाद शास्त्रीले "क्रियाकालगुणोत्तर" मात्र पाएका थिए । यसमा उल्लिखित रत्नदेवलाई बेण्डालले सोमेश्वरदेवपछि हुने राजा भने[2] । लेवीले यिनलाई पहिले भएका रुद्रदेव नै रत्नदेव हुन् भन्ने अड्कल काटे ।[3] सोमेश्वरको कमजोरी अवस्थामा सर्वेसर्वा बनेर स्वतन्त्र शासक बनेका महासामन्त यी थिए, सोमेश्वर र द्वि. गुणकामदेवका बीचका ४ वर्षका अवधिमा नेपालदूनमा कुनै अभिलेख पनि पाइएनन्, यस वेला महासामन्त रत्नदेवले स्वतन्त्रतापूर्वक रजाइँ गरे भन्ने पनि अनुमान पेटेकले गरे ।[4]

यहाँनिर अलिकति विचारणीय कुरा छ । कुनै-कुनै पुस्तकका पुष्पिकावाक्यमा स्थानीय शासकको मात्र नाम दिएको देख्ता ती पो स्वतन्त्र शासक भएछन् क्यार भन्ने भान नपर्ने होइन, यसबारेमा मैले पहिले पनि चर्चा गर्दै आएको छु । यहाँ पनि एकै ठाउँमा लेखिएका तीनैवटा पुस्तकमा महासामन्त रत्नदेवको मात्र नाम देख्ता तिनै सर्वत्र सर्वेसर्वा भएछन् भन्ने कल्पना गर्नु स्वाभाविकै हो । तर यहाँ बुझ्नुपर्ने कुरा के छ भने यी तीनैवटा पुस्तक नेपालदूनबाट धेरै पर मंग्वरविषय वा पन्नगविषयमा पर्ने धवलस्रोतपुरमा लेखिएका थिए र त्यति वेला त्यहाँका स्थानीय सामन्त शासक रत्नदेव थिए । यी पुस्तक लेख्ने तीनैजना पण्डित भारतको जेजाभुक्ति र काश्मीरबाट आएर रत्नदेवको आश्रयमा बसेका थिए । पहिलो ग्रन्थ चरकसंहिता सार्ने कायस्थवंशी पण्डित रत्नपाल श्रीवास्तव भारत जेजाभुक्तिका थिए । जेजाभुक्ति वा जेजाकभुक्ति भनेको अन्तर्वेदीदक्षिणको जझौती हो ।[5] अरू दुई पुस्तक 'क्रियाकालगुणोत्तर' र 'कुब्जिकामत' सार्ने आचार्य र सार्न लाउने दुवै काश्मीरी थिए । राजगुरु श्रीधर शैवाचार्य शायद रत्नदेवकै कुलगुरु थिए । काश्मीरका आचार्यले कुब्जिकामत

सार्न लाएका थिए । भोगण पनि कल्हण जस्तै काश्मीरी पण्डित थिए र त्यहाँ आएर रत्नदेवको आश्रयमा बसेका थिए ।[६] यसरी यी पण्डित गुरुले सारेका पुस्तकमा आफ्ना अन्नदाता शासकको मात्र नाम लेख्नु कुनै आश्चर्य छैन । यिनले राजाको नाम नलेख्नेबित्तिकै राजाको अस्तित्व थिएन वा सार्वभौमसत्ता टुट्यो भन्न मिल्दैन । पुस्तक सार्नेले कति ठाउँमा साल मिति दिएको हुँदैन, कति ठाउँमा राजाको नाम कति ठाउँमा स्थानीय शासकको र कति ठाउँमा दुवैको खुलाएर लेखिएको पनि पाइन्छ । यसबाट राजनैतिक स्थितिको अन्दाज लाउन हम्मे पर्दछ । महासामन्त रत्नदेवले कुनै राजकीय विरुदावली पनि नलिएको हुँदा र यिनका नेपालदूनमा कुनै अभिलेख पनि नपाइएकोले यिनलाई सर्वशक्तिमान् नेपालका शासक भन्न सकिंदैन ।

द्वि. गुणकामदेव

सोमेश्वरदेवपछि द्वि. गुणकामदेव राजा भए । द्वि., गुणकामदेवको बारेमा नयाँ भाषावशांवलीले उल्लेखसम्म गरेको छैन । पुराना पाठमा पनि सबैमा यिनको नाम पाईंदैन । क ख घ पाठमा यिनको उल्लेख छ । ख घ पाठमा यिनको राज्याभिषेक ने. सं. ३०५ (वि.सं. १२४१) पौष शुदि ७ मङ्गलवार भयो र यिनले ३ वर्ष राज्य गरे भन्ने वर्णन गरिएको छ ।[७] यिनका पालामा लेखिएका पाँच पुस्तक पाइएका छन् ।[८] अभिलेखबाट पनि यिनको ३ वर्षको शासनकाल नै देखिन आउँछ । तर यिनी कसका छोरा थिए, कुन वंशका थिए, यसतर्फ वंशावलीका कुनै पाठमा उल्लेख गरिएको पाईंदैन ।

लक्ष्मीकामदेव र विजयकामदेव

द्वि., गुणकामदेवपछि राज्यमा को हकदार भयो भन्ने कुरा निस्तुक गर्न गाह्रो छ । यसमा वंशावली पनि स्पष्ट भन्दैनन्, अभिलेख पनि प्राप्त छैनन् । गुणकामदेवपछि चार-पाँच वर्षका बीचमा कुनै अभिलेख प्राप्त भएका छैनन् । ने. सं. ३१२ वैशाखमा विजयकामदेव[९] र ने. सं. ३१३ कार्तिकमा लक्ष्मीकामदेवको नाम पुष्पिकावाक्यमा उल्लेख भएको[१०] र त्यसपछि दुवैका नाम सालाखाला छुट्टाछुट्टै पुष्पिकावाक्यमा उट्टङ्कित हुँदै गरेको र उभयराज्यको वा द्वैराज्यको पनि संकेत नगरिएकोले झन् निर्णय गर्न गाह्रो परेको छ । नयाँ पुराना वंशावलीका कुनै पाठमा लक्ष्मीकामदेवको उल्लेख नपरेको र विजयकामदेवको मात्र उल्लेख गरिएकोले यी दुई नाम एकै व्यक्तिका हुन् कि भन्ने शङ्का पनि उठ्तछ । तर विजयकामदेवको ७ वर्षको शासन क पाठमा र ख पाठमा ६ वर्ष ७ महीना दिएकोले एकै व्यक्ति भन्न पनि आधार भएन, यसकारण ७ वर्ष शासन तोकिएका विजयकामदेवका अभिलेख ८ वर्ष भित्रसम्मका भेटिएकोले

वि. सं. १२४९-५६ सम्म शासन गरेको कुरालाई मान्यता दिन सकिन्छ ।[११] वंशावलीमा अनुल्लिखित लक्ष्मीकामदेवलाई गुणकामदेवपछि राजा भएको मानी वि. सं. १२४५ देखि १२५४ सम्म शासन गर्ने भनेर निक्यौंल गरिएको हो । उनका अभिलेख चाहिँ ने. सं. ३१३ देखि ३१७ (वि. सं. १२४९-५४) सम्मका पाइन्छन् विजयकामदेवका चाहिँ ३१२ देखि ३२० (१२४९-५६) सम्म पाइन्छन् ।[१२]

गुणकामदेव, विजयकामदेव, लक्ष्मीकामदेव यी तीन नामसादृश्यले दाजुभाइ पर्ने जस्ता देखिन्छन् । सिंहदेवका सन्तानमा यस्तो नाम नभएको र पुराना राजाहरूको यस्तो नाम भएबाट यिनीहरू अर्कै राजकुलका थिए भन्ने अनुमान हुन्छ । गुणकामदेवपछि लक्ष्मीकामदेव र विजयकामदेवको सँगसँगै राज्य चलेको देख्ता राज्यमा अव्यवस्था थियो भन्ने प्रकट हुन्छ । न त यिनको छुट्टाछुट्टै राज्य देखिन्छ, न दुवै मिलेर उभयराज चलाएको देखिन्छ ।

लक्ष्मीकामदेवको विजयराज्यमा लेखिएको तेस्रो ग्रन्थ 'पिङ्गलामत' काठमाण्डौं मखनटोलमा[१३] र दोस्रो 'नागानन्द नाटक' पाटनमा[१४] लेखिएको देखिनाले यिनको दुवै शहरमा आधिपत्य भएको प्रकट हुन्छ । त्यस्तै विजयकामदेवको विजयराज्यमा भनी लेखिएको नवौं ग्रन्थ 'कारण्डव्यूह' काठमाडौं यङ्गालको उत्तरटोलमा, छैठौं, सातौं पुस्तक 'शिवधर्मशास्त्र' र 'सप्तशती' चम्पागुल्ममा[१५] लेखिएका र अन्तिम शिलाभिलेख इचंगुनारायणमा पाइएकोले[१६] यी दुवैका एकै ठाउँमा शासन साथसाथै चलेको स्पष्ट देखिन्छ । उभयराज्य वा द्वैराज्य नभने पनि यो त्यस्तै प्रकारको बुझिन्छ । यसबाट राज्यशक्तिमा कमजोरी आउनु पनि स्वाभाविक थियो । ने. सं. ३२० (वि. सं. १२५६)माघमा विजयकामदेव राजा थिए, यसको अर्को साल ने. सं. ३२१ (वि. सं. १२५७) कार्तिकमा अर्कै मल्लवंशका राजा अरि मल्लले राज्यशक्ति अँठ्याएर परममाहेश्वर महाराजाधिराजको रूपमा सिंहासनमा सुहाए । यिनले शक्ति हात पारी बलियो शासन व्यवस्था चलाए ।[१७] यसरी धेरै समयदेखि वर्कीफर्की राजसिंहासनमा सुहाउँदै आएका देवपदधारी राजाहरू हटेर मल्लपदधारी राजा नेपालका सिंहासनाधिकारी हुन आए । वि. सं. १८२५ सम्म अर्थात् पृथ्वीनारायण शाहको उदय नहोउन्जेल मल्लराजाहरू नै नेपालको केन्द्रका सिंहासनमा सुहाइरहे ।

सिम्रौनगढका गाङ्गेयदेव

देवपदान्तधारी राजाहरूको राज्यशासन समाप्त भएर मल्लोपाधिधारी राजाहरूको वर्णन गर्नुभन्दा पहिले यहाँ त्यस वेला उदीयमान सिम्रौनगढका राजाको बारेमा पनि अलिकति विचार गर्नुपरेको छ । नान्यदेवले राज्यस्थापना गरेको, यतातिर आक्रमण गरेको, उनका तेह्रौते सैनिकले पूर्व पलाञ्चोकगढमा चढाइ गर्दा त्यहाँका स्थानीय शासक नर मल्ल पोहले त्यस सैनिकदलसँग भिडेको र केही तेह्रौतेलाई काटेको कुराको सामान्य चर्चा माथि

गरिसकियो । नान्यदेवका एक छोरा अर्जुनदेव वि. सं. ११८९ मा जन्मेका र यिनी त्यसैताका नेपाल आएर अग्निमठका शङ्कराचार्यका शिष्य बनेको कुरा पनि केही प्रमाणका आधारमा उल्लेख गरिसकियो । नान्यदेवका अर्का छोरा गाङ्गेयदेव पनि थिए । यिनको जन्ममिति त थाहा पाइएको छैन, तर यिनले बाबुपछि सिम्रौनगढको राज्यसञ्चालनको अभिभारा लिएका थिए । वि. सं. १२११ मा गाङ्गेयदेवका पालामा सिम्रौनगढमा सारिएको वाल्मीकिरामायणको पुष्पिकावाक्य पाइएको छ । यो रामायण नेपालका भाण्डशालिक आनन्दको लागि गोपतिले सारेर ल्याएका थिए । त्यसबाट गाङ्गेयदेवको बारेमा केही कुरा खुल्दछ, सो पुष्पिकावाक्यको अर्थ यस्तो हुन्छ-

संवत् १०७६ आषाढवदि ४ पवित्र कीर्ति फैलिएका, चन्द्रवंशमा पैदा भएका, गरुडको ध्वजा लिएका, श्रीमान् महाराजाधिराज गाङ्गेयदेवले भोग गरिएको तीरभुक्ति (तेह्रौत) को कल्याणदायक विजयराज्यमा नेपालदेशका भाण्डशालिक श्रीआनन्दको लागि पाटक (पट्टनपुरी-सिम्रौनगढ) मा बस्ने पण्डित श्रीकरका छोरा गोपतिले यो (रामायण) सारी सिध्याए ।[१८]

यस पुष्पिकावाक्यको संवत् विक्रम संवत् हो, राजा गाङ्गेयदेव पनि कल्चुरीवंशका हुन् भन्ने कुरा पहिले बेण्डाल कनिङ्घमहरूले लेखे ।[१९] लेवीले यो एकदमै असम्भव कुरा हो, गाङ्गेयदेव सिम्रौनगढकै हुन् भन्ने कुरा देखाए ।[२०] रमेशचन्द्र मजुमदारले पनि यसलाई विक्रमसंवत् होइन, शकसंवत् हो भनेर गाङ्गेयदेव भनेका अन्तका होइनन्, तेह्रौतकै नान्यदेवका छोरा हुन् भन्ने कुरा लेखे ।[२१] वि. वि. मिराशीले यस विषयमा लामो छलफल गर्दै मजुमदारको मतको खण्डन गरे । नान्यदेव उनका छोरा गाङ्गेयदेव सूर्यवंशी भनी प्रताप मल्लले आफ्ना शिलालेखमा लेखेका छन्, यहाँ गाङ्गेयदेव चन्द्रवंशी कहिएका छन्, यस कारण यी गाङ्गेयदेव नान्यदेवका छोरा हुन सक्तैनन्, शकसंवत् पनि यो होइन भन्ने तर्क उनले पेश गरे ।[२२] यस-अतिरिक्त यिनको उल्लेख भएको रामायणको पुष्पिकावाक्यमा उल्लिखित गरुडध्वज भन्ने शब्दमा गौडध्वज भन्ने अशुद्ध पाठ पढी बङ्गाल विजय गर्ने अर्थ लाई चेदिराज कर्णका पिता गाङ्गेयदेव यी हुन् भनी धेरै भारतीय इतिहासविद्हरूले ठोकेर लेखे, संवत् नमिलेको चेदिका गाङ्गेयदेवको राज्यकालमा उँघोउँभो परेको कुरामा पनि यिनले ध्यान दिएनन् । यी गाङ्गेयदेव तेह्रौतका नान्यदेवका छोरा होइनन्, चेदिराजकुलका गाङ्गेयदेवै हुन् भनेर अनेक तर्क दिएर सिद्ध गर्ने भारतीय विद्वान्हरूमा आर. डी. वनर्जी, एच् सी. राय, काशीप्रसाद जायस्वाल र ए. घोष आदि छन् ।[२३] मिथिलाको इतिहासमा यो छलफल त छँदै थियो । बडौदा ओरियन्टल इन्स्टिच्युटबाट वाल्मीकिरामायणको संशोधित संस्करण छाप्ता नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको यस प्रतिको पनि उपयोग गरिएको थियो । त्यसमा धेरै जना प्रकाण्ड आधुनिक पण्डित सम्पादकमण्डलमा भए तापनि प्रधानसम्पादक जी. एच. भट्टले भूमिकामा यो पुष्पिकावाक्य अत्यन्त अशुद्ध पढी बाबुराम आचार्यको हवला दिई यसको मितिलाई विक्रमसंवत् भनेरै लेखे[२४] । परन्तु तात्कालिक अभिलेखलाई प्रमाण नमानी अर्वाचीन

लेखलाई प्रमाणका लागि उपस्थित गर्नु उचित नठहर्ने हुँदा वंशावलीको प्रताप मल्लका अभिलेखको आधारमा नान्यदेवको वंशलाई सूर्यवंश भन्न मिल्दैन । नान्यदेव चन्द्रवंशी थिए, सूर्यवंशी प्रताप मल्लको मातृवंश सिम्रौनगढका राजवंश भएबाट पनि त्यो मत सही ठहर्दैन । वि. सं. ११५४ मा नान्यदेवले सिम्रौनगढको वास्तु गरेका थिए । वि. सं. ११८९ मा उनका छोरा अर्जुन मल्ल जन्मेको देखिँदा नान्यदेवका एकमात्र छोरा थिएनन्, बाबुपछि राज्य गर्ने गाङ्गेयदेव यसभन्दा पहिल्यै जन्मिसकेका भए पनि हाम्रा पुराना वृत्तान्तमा त्यसको उल्लेख भएन । रामायणको पुष्पिकावाक्यमा उल्लिखित मिति शकसंवत् हुँदा नान्यदेवपछि वि. सं. १२११ मा तेह्रौंतमा गाङ्गेयदेवको शासनकाल ठीक मिल्न आउँछ । माथि उद्धृत नान्यदेवको वास्तुप्रतिष्ठा गरेको प्रसिद्ध पद्यमा शाकेसंवत्कै प्रयोग भएको र नेपालका भाषावंशावलीमा पनि नान्यदेव राजाले शाके संवत् चलाइदिए भन्ने उल्लेख पाइनाले पनि यो मिति शाकेमै लेखेकोमा कुनै शङ्का छैन । नान्यदेवपछि क्रमैले उनका वंशजको शासन सिम्रौनगढमा चल्दै आएको देखिनाले पनि अन्यान्यवंशका गाङ्गेयदेवलाई खोजेर तिनको तीरभुक्तिमा प्रभुत्व देखाउन खोज्नु केवल डेढअक्ल हुने हुँदा यो मत उपयुक्त छैन ।

गाङ्गेयदेवपछि नरसिंहदेव सिम्रौनगढका गद्दीमा बसे । नरसिंहले मुसलमानको आक्रमणको पनि सामना गर्नुपर्‍यो, यिनका छोरा रामसिंह ने. सं. ३०३ (वि. सं. १२४०) मा जन्मेका थिए । पछि यिनी राजसिंहासनमा बसेपछि राज्यविस्तारको प्रसङ्गमा नेपालमा आक्रमण गरेका थिए; यसको चर्चा पछि गरिनेछ ।

२.४ टिप्पणी

१. (क) चरकसंहिता, राष्ट्रिय अभिलेखालय १.१६४८.१ लेखक जेजाभुक्तीय पं.रत्नपाल (श्रीवास्तव)

मेडिवल् हिष्ट्री अफ् नेपाल ७२ पृ.

(ख) क्रियाकालगुणोत्तर, रा.अभि. ३.३९२.१ शास्त्री-क्याटलग् . २ भा. ८५ पृ.

(पेटेकले त्रियकलगुणोत्तर भनी अशुद्ध नाम छपाएका छन् ।)

(ग) कुब्जिकामत, केशरलाइब्रेरी ५७ सं. टू अर्लियष्ट कप्पर्प्लेट् इन्स्कृप्सन्स् फ्रम् नेपाल २३ पृ. महेशराजले यसमा 'ववलासान्निका' अशुद्ध पाठ पढेकोमा मैले मूल हेरेर धवलस्रोत्रिका पाठ पढेको कुरा माथि उल्लेख गरेको छु ।

२. वेण्डाल इन्ट्रोडक्सन् २४ पृ.

३. लि नेपाल २ भा. २०८ पृ.

४. मे.हि. नेपाल ७२-७३ पृ.

५. इतिहास प्रवेश १८४ पृ.

६. पश्चिमका खशमल्ल राजाहरूका अभिलेखमा पनि धेरै कश्मीरी पण्डितको उल्लेख पाइन्छ ।

७. राजा गुनकामदेव, पुष्याभिख (कृ) तवान् ॥ सम्वत् ३०५ पौषशुदि ७ अंगवासरे

(ख पाठ ८ पृ.)

८. क) प्रतिष्ठालोक, रा. अभि. ३ .१९१.६, मे. हि. नेपाल ७३ पृ.

ख) बृहज्जातकटीका, रा. अभि. ५ . ७०१ मे. नेपाल १ भा. १९३ पृ.

ग) मन्थानभैरवतन्त्र रा. अभि. २.२१८.१

(पहिले प्र.सं.) पेटेकले यसको संवत् ३१६ पढेका थिए । रेग्मीले त्यही सकारे । (१/१९३) पछि बृहत्सूचीपत्र (४।२५६) मा सच्याइयो ।)

(घ) जयाख्यसंहिता, रा. अभि. १.१६३३.६ शास्त्रीक्याटलग्. १ भा. ७६ पृ.

(ङ) अष्टसाहस्रिका प्रज्ञापारमिता (बकुवहाल), मे. नेपाल १ भा. १९३ पृ.

शाक्य र वैद्यले कसरी यसको संवत् ३०५ पढे । यहाँ त ३०० मात्र बुझिन्छ । अरू स्पष्ट छैन ।

९. (क) पन्चरक्षा राष्ट्रिय अभि. ४.२१.४ मे.हि. नेपाल ७५ पृ.

१०. (ख) नागानन्दनाटक . रा. अभि. ३.३६३.७

शास्त्रीक्याटलग् २ भा. ३९ पृ.

११. (ग) पिङ्गलामत- बृटिशम्यूजियम्, सं. २२७९, बेण्डालक्याटलग् - ५५०

(घ) सर्वलक्षणविवरणपञ्जिका- केशरलाइब्रेरी सं. २७, मेडिवल् हिष्ट्री अफ् नेपाल, ७५ पृ.

(ङ) ब्रह्मोक्तसंहिता - रा. अभि. - ३,३८०, ११। शास्त्रीक्याटलग्- २ भा. ७७ पृ.

(च) शिवधर्मशास्त्र - पूर्णिमा, ६९ पूर्णाङ्क, ३५ पृ.

(छ) सप्तशती चण्डी - उही

(ज) सप्तशती चण्डी - रा. अभि. - ३, ९६, २ - मेडिवल हिष्ट्री अफ् नेपाल ७५ पृ.

(झ) कारण्डव्यूह, ब्रिटिशम्यूजियम् ३३४५ सं. बेण्डालक्याटलग् २३०-५४२

(ञ) नित्यान्हिकतिलक - रा. अभि. १,१३२०,९- शास्त्रीक्याटलग् १ भाग ११३ पृ.

(ट) त्वरितामूलसूत्र - केशरलाइब्रेरी सं.. ७०, ७५ पृ.

(ठ) इचङ्गुनारायणमन्दिर नजीकैको अभिलेख - अभिलेखसंग्रह ९ भाग -२७ पृ.

(गपाठमा यिनको शासनकाल ५० वर्ष ७ महिना दिएको चाहिँ भूलले लेखिएको भन्ने ठहऱ्याएको छु ।)

१२. टिप्पणीसं. १०-११का ख, ग, घ, ट पुष्पिकावाक्य लक्ष्मीकामदेवका र अरू विजयकामदेवका हुन् ।

१३. नेपालमण्डल यम्बुक्रमा मखनटोल्लक, (ग) को पुष्पिका

१४. ललितपट्टन (ख) पुष्पिका ।

१५. चम्पागुल्म मध्यमटोलक संभवत: चापागाउँ हो । दक्षिणबाट वाग्मतीको छेउबाट नेपालदून प्रवेश गर्ने बाटोमा यो वस्ती बसेकोले यहाँ गुल्म (चौकी) हुनु संभव छ ।

१६. श्रीमत्त्पश्चिमपर्वतेन्द्रशिखरप्रासादवेदीलसद्
द्वारे श्रीहरिदत्तभूपतिकृतन्नारायण ...
यस अभिलेखले हरिदत्त राजाले इचंगुनारायणको स्थापना गरेको कुरा प्रमाणित गर्दछ ।

१७. तेस्रो प्र.मा मल्लवंश र अरि मल्लबारे विचार गरिनेछ ।

१८. इत्यार्षे रामायणे किष्किन्धाकाण्डे समुद्रलंघनं समाप्त ।
संवत् १०७६ आषाढवदि ४ महाराजाधिराज पुण्यावलोक
सोमवंशोद्भव-गरुडध्वज-श्रीमद्गांगेयदेवभुज्यमानतीरभुक्तौ
कल्याणविजयराज्ये नेपालदेशीय भाण्डशालिक श्रीआनन्दस्य

कृते पाटकावस्थित श्रीश्रीकरस्यात्मज श्रीगोपतिनालेखीदं ।

यो पुष्पिकावाक्य धेरै ठाउँमा छापिएको छ । मूल हेरी सच्याएर दिएको हुँ-

द्रष्टव्य - जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन

(४ परिशिष्ट १२१-२२ पृ.)

१९. जर्नल अफ् एसियाटिक सोसाइटी अफ् बंगाल १ भा. १८-१९ पृ., ई. १९०३ ।
आर्कियोलोजिकल् सर्भे रिपोर्ट २१ भाग ११३ पृ.

२०. लि नेपाल, २ भा. २०२ पृ.

२१. किङ् नान्यदेव अफ् तिरहुत, इण्डियन् हिष्टोरिकल् क्वार्टर्ली ७ । ६८१ पृ.

२२. गाङ्गेयदेव अफ् तीरभुक्ति, एनाल्स् अफ् द भण्डारकर
ओरियन्टल् रिसर्च इन्स्टिच्युट् २२/२९१-३०१ पृ.

२३. (क) मेम्बयर्स् अफ् द अर्कियोलोजिकल् सोसाइटी अफ् बंगाल ५ । ७५.७६ पृ.
(ख) डाइनेष्टिक् हिष्ट्री अफ् नदर्न इण्डिया १, ३१७ पृ.
(ग) जर्नल् अफ् द विहार एण्ड उडिसा रिसर्च् सोसाइटी ९.३०० पृ.
(घ) इण्डियन् कल्चर् ७,३

२४. वाल्मीकिरामायण बालकाण्ड (भूमिका) ओरियन्टल् इन्स्टिच्युट् बडौदा (क्रिटिकल् एडिशन्) १५ पृ.

तृतीय प्रकरण

१ अध्याय

प्राचीन मल्ल

ने.सं. ३२० (वि.सं. १२५६) माघमा विजयकामदेवको शासन चलेको कुरा इचंगुनारायणको अभिलेखले देखाएको र त्यसको ९ महिना पछि ने.सं. ३२१ को शुरूमै अर्कै वंशका अर्थात् मल्लवंशका राजा अरि मल्ल नेपालको राजसिंहासनमा देखिएका छन् । त्यस प्रथम अभिलेखमा यिनलाई राजा मात्र भनेको भए पनि २ महीना करीब पछिको अर्को पुस्तकमा नेपाल राजाधिराज परमेश्वर परममाहेश्वर भन्ने पूर्णराजकीय सम्मान दिएको देख्ता यिनी नेपालका सर्वेसर्वा सर्वशक्तिमान् राजा हुन आएको कुरा स्पष्ट हुन्छ । वि.सं. १२५७ देखि करीब साढे पाँच शय वर्षसम्म लगातार मल्लवंशका राजाको राज्य नेपालको केन्द्रस्थलमा कायम रहेकोले मल्लवंशका बारेमा केही चर्चा गर्नु आवश्यक हुन आएको छ । यद्यपि विक्रमको तेह्रौं शताब्दीमा शासनमा आएको मल्लवंशलाई देख्नेबित्तिकै प्राचीन कालदेखि लिच्छविवंश जस्तै चर्चित र प्रतिष्ठित मल्लवंशको संभना हाम्रो मनमा हुन आउँछ । त्यस प्राचीन मल्लराजघरानासँग हाम्रो सामु देखापरेको यस मल्लवंशको सामञ्जस्य हुन सक्छ सक्तैन, मल्लवंशका राजा कसरी कहाँबाट अहिले आएर उदाए, यस सम्बन्धमा यहाँ अलिकति गौड गरेर हेर्नुपरेको छ ।

मल्लवंशको प्राचीनताबारे उल्लेख गर्नुभन्दा पहिले वंशावलीको उक्तितिर दृष्टि दिऊँ । यद्यपि हामीले प्रामाणिक स्रोत-अनुसार विजयकामदेवपछि अरिमल्लको शासन देखेका छौं । तर भाषावंशावलीले यिनलाई अरिदेव मात्र लेखेको छ, यी मल्ल हुनामा एक रोचक कथा जोडेको छ । अरिदेव बेजोड मल्ल (पहलमान) थिए । उनी अखाडामा कुस्ती खेलिरहेको वेलामा छोरो जन्मेको खबर आयो । यो खबर सुनेपछि राजाले आफ्ना छोराको नामपछाडि उपनाम मल्ल जोडिदिए । यसरी यो वंश मल्लवंशका नामले प्रख्यात भयो भन्ने वंशावलीको कथन छ ।[1] वंशावलीले यी मल्ल राजालाई पुरानो मल्लवंशसँग जोड्नेतर्फ ध्यान दिएको छैन ।

मल्लवंशको कुरा गर्दा प्राचीन कालको इतिहासतिर दृष्टि दिनुपर्दछ। वैशालीमा लिच्छविहरूको गणराज्य भए जस्तै पावा र कुशीनारामा मल्लहरूको गणराज्य रहेको थियो। गौतमबुद्धले लिच्छविहरूको संघशासनको धेरै प्रशंसा गरेका थिए। उनी अन्तिम अवस्थामा मल्लगणको राजधानी कुशीनारामा आइपुगेका थिए, उनले अन्तिम अवस्थामा आइपुगेको ठाउँ महत्त्वपूर्ण छ भनी मल्लभूमिको र त्यहाँका मल्लहरूको गुणबखान पनि गरेका थिए। बुद्ध परिनिर्वाण भएको वेला मल्लहरू सभाभवनमा एकत्रित भएर छलफल गरिरहेका थिए।[२]

मल्लहरूको संघशासन धेरै शताब्दीसम्म कायम रह्यो। चन्द्रगुप्त मौर्यका मन्त्री आचार्य कौटल्यले लिच्छवि, वृजिक, मद्रक, कुकर, कुरु, पन्चाल जस्तै मल्लहरू पनि राजशब्दोपजीवी हुन् भनेर लेखेका छन्।[३] मनुले पनि व्रात्य क्षत्रिय जातिहरूको उल्लेख गर्दा लिच्छवि मल्ल झल्लहरूको साथसाथै वर्णन गरेका छन्।[४] वराहमिहिरले पनि मल्लको उल्लेख गरेका छन्। यस्तै महाभारत मार्कण्डेयपुराण धर्मशास्त्रहरूमा पनि मल्लको वर्णन प्राप्त हुन्छ।

यसरी प्राचीन वाङ्मयमा मल्लहरू गणजातिको रूपमा राजखलकको रूपमा परिचित थिए। लिच्छविराजा मानदेवले आफ्नो चाँगुको स्तम्भलेखमा पश्चिममा गण्डकीपारीको मल्लपुरीका सामन्त राजालाई काबूमा ल्याएको कुरा लेखेका छन्। गण्डकीपारी मल्लपुरी सुन्नेवित्तिकै हाम्रा मनमा वैशालीका लिच्छविहरूले त्यसको सोझै उत्तर नेपालदूनमा पसेर राज्यसत्ता प्राप्त गरे जस्तै कुशीनारा (गोरखपुरबाट) सोझै भित्री पाहाडमा पसेर मल्लहरूले पनि राज्यसत्ता कायम गरे हुन् भन्ने कुरा चढेको छ र मल्लपुरीमा मल्लजातिकै सामन्त राजा थिए भनी एकस्वरले सबैले भन्दै आएका छन्।[५] तर ऐतिहासिक दृष्टिले यहाँनिर अलिक गौड गरेर विचार गर्ने हो भने मल्लपुरीमा मल्लै राजा थिए भनेर भन्नु गाह्रो कुरा छ। किनभने मल्लहरूले आवाद गरेको वा बसोवास गरेको बस्ती मल्लपुरी कहलायो, यसमा अन्य वंशका राजा हुन पनि असम्भव छैन। जस्तै रामग्रामका कोलीहरू आएर बसोबास गरेकोले कान्तिपुरको पुरानो नाम कोलीग्राम रहेको थियो। वृजिकहरू वसोवास गरेको हुनाले हाँडीगाउँको पुरानो नाम वृजिकरथ्या रहेको थियो।[६] तर यहाँ राजा भने न कोली थिए, न वृजिक भए, वरु लिच्छवि थिए। त्यस कारण मल्लपुरीमा मल्ल नै सामन्त राजा थिए भनेर लेख्न सोच्नुपर्ने कुरा छ।

मल्लपुरीमा मल्ल सामन्त नै शासक थिए, तिनको संघर्ष मानदेवपछि पनि लिच्छविराजाहरूसँग चलिरहेको थियो र तिनैसँग 'मल्लकर', 'मल्लपोतकर' सम्बद्ध थियो भन्ने लेवीपरम्पराका सवै इतिहासकारहरूले लेख्तै आएका थिए। 'मल्लकर', 'मल्लपोतकर' मल्लजातिसँग सम्बद्ध किमार्थ थिएन भनी यसको पर्गेलेर मैले निर्क्योल गरिसकेको छु।[७] तर

आश्चर्यको कुरा मैले गरेको मल्लकरको परिभाषातिर ध्यानै नदिई लुशियानो पेटेकले पुनः 'मल्लकर'लाई तिनै मल्लजातिसँग सम्बद्ध मानेका छन्।[८] तर यो कुरा मल्लजातिसँग सम्बद्ध थिएन भन्ने कुरा निश्चितरूपले बुझ्नु आवश्यक छ।

मल्लबारे लेवीमतको परीक्षा

यसरी हेर्दा लिच्छविकालमा मल्लपुरीको उल्लेख बाहेक मल्लजातिको वा थरको कुनै उल्लेख भएको देखिएन। साँच्चै नियालेर हेर्दै आउने हो भने पहिलो मध्यकालमा पनि नान्यदेवले राज्य स्थापित नगरुन्जेलसम्म नै नेपालमा कुनै शासक वा शासित मल्ल थर भएको मानिस देखिएको छैन। मल्लको परम्परागत प्राचीन जातिको अवशेष पनि देखिएको छैन। यसो भन्दा यहाँ लेवीको कुरातिर अलिकति हामीले ध्यान दिनुपर्ने हुन्छ। उनले लिच्छवि र मल्लको समानान्तर सत्तालाई देखाउँदै ल्याउन मल्लपुरीमा मल्ल सामन्त भएको र त्यसपछि मल्लहरूलाई तिर्न मल्लकर लगाएको कुरा गर्दै ल्याएर पहिलो मध्यकालमा पनि तिनको अस्तित्वलाई चिह्नित गर्न खोजेका छन्। यो कुरा सिद्ध गर्न उनले मल्लको उल्लेख परेका भनी तीनवटा प्रमाणाभासलाई उपस्थित गरेका छन्।

पहिलो ने.सं. १११ फागुन शुदि ६ मा राज मल्लदेव र कठ मल्लले चम्पापुरी (चापागाउँ) को स्थापना गरेका थिए।

दोस्रो ने.सं. ११८ मा एक जना धर्म मल्ल नामका शासक नेपालमा राज्य गर्दथे।

तेस्रो नेपालको तराई निग्लिहवामा रहेको पुरानो अशोकस्तम्भमा "श्रीतापु मल्ल जयतु संवत् १२३४ लेखिएको देखिन्छ।[९]

उपर्युक्त वंशावली र अभिलेख प्रमाणले सिल्भाँ लेवीले पहिलो मध्यकालमा पनि नेपालदूनमा मल्लवंशको महत्त्वपूर्ण भूमिका रहेको र पश्चिम नेपालको पाहाड तराईमा पनि तिनै प्राचीन मल्लवंशी राज-खलकको प्रभुत्व अवशेष रहिरहेको थियो भन्ने निष्कर्ष निकालेका थिए।

परन्तु उपर्युक्त पहिलो घटना पेटेकका अनुसार नान्यदेवका नाति गाङ्गेयदेवका छोरा नरसिंहदेवका पालाको मिथिलाराज्यको हो।[१०] वंशावलीको उक्त बेतुकी कुराको प्रमाण लिन सकिँदैन। दोस्रो प्रमाण पनि त्यस्तै अशुद्ध छ। ने.सं. ११८ मा धर्म मल्ल थिए भन्ने कुरा होइन। यी धर्ममल्ल स्थिति मल्लका छोरा हुन्। ने.सं. ५१८ पढ्नु पर्नेमा हरप्रसाद शास्त्रीले पढ्दा अशुद्ध पढेको[११] हुनाले यस प्रमाणमा लेवी झुक्कलमा परेका हुन्। तेस्रो प्रमाण पनि त्यस्तै दूषित छ। तापु मल्ल पाठ पहिले पढिएको थियो।[१२] यसलाई सकारी लेवीले यसको

मिति १२३४ लाई विक्रम संवत् ठहराएका थिए । यसको शुद्ध पाठ 'श्रीरिपुमल्लश्चिरञ्जयतु १२३४' हो । लुम्बिनीको अर्को अशोकस्तम्भमा 'श्रीरिपुमल्लश्चिरञ्जयतु संग्रा(म) मल्ल महाराज जयः' भन्ने पाठ पनि पाइन्छ ।[१३] यी रिपुमल्ल संग्राम मल्ल भनेका पश्चिम नेपालका कर्णाली प्रदेशका खशमल्ल राजा हुन्; संग्राममल्ल रिपुमल्लका छोरा हुन् ।

यहाँ उल्लिखित संवत् पनि लेवीले ठहराए जस्तो विक्रमसंवत् होइन, कर्णालीप्रदेशका राजाहरूले व्यवहार गरिएको शकसंवत् नै हो र शक सं १२३४+१३५ वि. सं. १३६९ मा रिपुमल्ल राजा सिञ्जाप्रदेशमा भएका थिए भन्ने कुरा पनि सिद्ध छ । ठीक यसै साल फागुनमा रिपु मल्ल नेपालदूनमा पुगेको वर्णन पनि पुराना वृत्तान्तमा पाइन्छ ।[१४] यसै तीर्थयात्राको सिलसिलामा उनी काठमाडौं पाटन लुम्बिनी कपिलवस्तु पुगेका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

अर्को कुरा यी मल्ल उपाधिधारी राजाहरू प्राचीन मल्लवंशका पनि होइनन् । नागराजले सिंजामा राजधानी स्थापित गरेपछि उनका वंशजहरू चल्ल उपपदले चिनिन्थे । मैले चल्ललाई मनुले लिच्छवि र मल्लसँग उल्लेख गरेका झल्ल ठहराएको छु ।[१५] नागराजका सातौं पुस्ताका अशोक चल्लले आफ्नो पुरानो उपपद (थर) छोडेका छैनन् । उनका छोरा जितारिले भने चल्ल छाडेर मल्ल लेख्न थाले । यसरी विक्रमको चौधौं शताब्दीमा आएर सिञ्जाका चल्लवंशी राजाहरू नेपालको र भारतको देखासिकीमा लागेर त्यस वेला उच्च मानिएको चलनचल्तीमा आएको पदसँग आफ्नो पुख्यौंली सम्बन्ध स्थापित गर्दै मल्लथरी हुन आए । जितारिपछि सबै सिञ्जाली राजाहरूले मल्ल उपपद लिएका छन् ।[१६]

यसरी हेर्दा भारतीय वाङ्मयमा इतिहासमा पनि प्रसिद्ध हुन पुगेका मल्लहरू नेपालमा भने प्राचीनकालदेखि बाह्रौं शताब्दीसम्म पनि कतै देखापरेनन् । केवल 'मल्लपुरी' को उल्लेख सिवाय मल्लको कतै चर्चा पनि भएको देखिएन । यस अवस्थामा वि.सं. १२५७ मा नेपालको राजसत्ता प्राप्त गर्ने अरि मल्ललाई प्राचीन मल्लवंशसँग सम्बन्ध जोर्ने कुनै प्रमाणले पनि बाटो देखाउँदैन ।

बनेपा-पलाञ्चोकका पोहमल्ल

नेपालमा अहिलेसम्म पाइएका प्रमाण खोतल्दा मल्ल उपपद लिने पहिलो व्यक्ति नान्यदेवका तेह्रौंते सैनिकसँग वि.सं. ११६८ मा पलान्चोकमा लड्ने वीर नर मल्ल पोह देखिन आउँछन् ।[१७] यसको ३३ वर्षपछि नेपालमा आएर शैव धर्म प्रचार गर्ने र राजकुमारसमेतलाई शिवदीक्षा दिने शङ्कराचार्यले स्थापना गरेको शिवमन्दिरको अभिलेखमा उनका चेला हुने राजकुमारको नामावलीमा मल्ल उपपद भएका एक राजकुमार यशो मल्लको नाम देखिन

पाइन्छ ।[१८] यी राजकुमार कहाँका थिए, त्यहाँ खुल्दैन । आनन्ददेव, वसन्तदेव र सोमेश्वरदेव पनि महाराजाधिराज सिंहदेवका छोरा नाति थिए, त्यस्तै अर्का चेला अर्जुनदेव नान्यदेवका छोरा हुन् भन्ने मैले ठहराएको छु ।[१९] यी यशो मल्ल पनि केही अघिदेखि पलान्चोकमा प्रतिष्ठित भएका मल्लपरिवारका थिए भन्ने अनुमान गर्न सकिन्छ । यसको धेरैपछि वि.सं. १३०१ मा तराई सिम्रौनगढका राजा रामसिंह आक्रमण गर्न आउँदा तिनीसँग भिड्ने पनि राजा अनर्घ मल्ल नै थिए । यसरी मल्ल वंशसँग सिम्रौनगढको लामो वैरभाव देखिन आउँछ ।

यता शिवदीक्षा लिएको आठ वर्षपछि ने.सं. २७२ मा जसमल संभवत: यशो मल्लका छोरा अनङ्ग मल्ल जन्मेका थिए । बीश वर्ष बाँचेर यिनको देहावसान भयो ।[२०] यसको २ वर्षपछि ने.सं. २७४ मा जयशिमलका छोरा अरिमल्ल जन्मे । यिनै अरि मल्ल ४६ वर्षपछि नेपालका महाराजाधिराजको रूपमा राजगद्दीमा विराजमान बनेर १५ वर्ष राज्य गरी ६२ वर्षको उमेरमा ने.सं. ३३६ (वि.सं. १२७३) मा परलोक भए ।[२१] यिनी पछि यिनका वंशज मल्ल थरले नै कहलाए ।

जयशिमलको शुद्ध संस्कृत नाम जयसिंह मल्ल भन्ने बुझिन्छ । ने.सं. ३२६ मा एक जयसिंह मल्लदेवको र अर्का जयसिंह मल्लको उल्लेख ने.सं. ३४९ मा पनि पुराना वृत्तान्तमा गरिएको छ ।[२२] यसको केही वर्षपछिसम्म पलाञ्चोकका जयसिंह मल्ल पोहको निकै चल्तीफिर्ती भएको देखिन्छ । यिनले ने.सं. ३६१ (वि.सं. १२९८) आश्विनमा पलाञ्चोकमा विद्रोह गरेका थिए ।[२३] ने.सं. ३८६ (वि.सं. १३२२) मा जयसिंहमल्लका छोरा जयतुङ्ग मल्लदेवको जन्म भएको थियो ।[२४] जयतुङ्ग मल्लदेवकै छोरा जयरुद्र मल्ल थिए । यी पछि नेपालका सर्वशक्तिमान् शासक बने । ने. सं. ३८१ (वि.सं. १३१८) ज्येष्ठमा जयसिंह मल्लदेवकै ल्याइतेपट्टिका छोरा जैत (जयत) राउतको जन्म भयो । ५२ वर्षको उमेरमा यिनी युथुनिमम् दरवारको दोयमाजु (डोयिनी माम) देवीका थानमा मारिए ।[२५] ने.सं. ३७६ (वि. सं. १३१३) मा जसिमाल पोहले हाँडीगाउँमा लुटपिट मच्चाएका थिए । ने. सं. ३७८ (वि. सं. १३१५) मा राजा जयभीमदेव पोह र युवराज जयसिंह मल्लदेव पोहले पलाञ्चोकमा प्रभाव जमाएका थिए ।[२६]

यी माथिका पुराना वृत्तान्तका वर्णनबाट मल्ल र देवउपपदधारी राजा राजकुमार नर मल्ल जयसिंह मल्ल जयभीमदेव जयदेवहरूलाई पोह पनि भनिएको छ । यहाँको पोह थर पनि विवेचनीय छ । विक्रमको तेह्रौं शताब्दीमा धेरै प्रकाशमा आएका मल्लहरूको नाममा अनख मल गनक मल, जगणेक मल्ल जगतनेक मल्ल, जगत् मल्ल, जुजुमल, जसि माल, जयशि मल, आदि धेरै प्राकृत रूप पनि देखिन आउँछन् । यसै समय छिमेकी भारतमा पनि मल्ल उपाधिको औधीसँग चल्ती भएको देखिन्छ, त्यसतर्फ पनि दृष्टि दिनुपरेको छ ।

कर्णाटकका चालुक्य मल्ल

यसभन्दा केही अघिदेखि भारतमा विशेष गरेर कर्णाटकका चालुक्यवंशी राजाहरू यस मल्ल उपाधिलाई ज्यादै मन पराएका थिए। तिनीहरूले मल्ल भनेको वीर योद्धा पहलमानकै अर्थमा ग्रहण गरेका थिए। चालुक्यराजा विक्रमादित्यले महामल्ल नरसिंह वर्मालाई हराएर राजमल्ल भन्ने उपाधि लिएका थिए। विक्रमादित्यका छोरा विनयादित्य युद्धमल्ल (युद्धमा वीर पहलमान) भन्ने उपाधि लिएका थिए। त्यसै वंशका राजा प्र. सोमेश्वरले आहवमल्ल (युद्धमा वीर मल्ल) र द्वि. सोमेश्वरले भुवनैकमल्ल . (विश्वमा एउटै वीर), तृतीय सोमेश्वरले भूलोकमल्ल (पृथ्वीलोकमा वीर) भन्ने उपपद धारण गरे। षष्ठ विक्रमादित्यले विक्रमाङ्क र त्रिभुवनमल्ल (तीनै लोकका वीर) भन्ने उपाधि लिए, उनका छोरा जयसिंहले जगदेकमल्ल (संसारमै एकवीर) र तृतीय तैलले त्रैकोक्यमल्ल भन्ने उपपद लिएका थिए। यस्तै तृतीय सोमेश्वरका छोरा द्वितीय जगदेंकमल्ल कहलाएका थिए। यसरी यी धेरैजसो चालुक्यवंशी राजाहरूले आफूलाई वीर योद्धा पहलमान भन्ने देखाउन मल्ल उपाधि लिने गरेका थिए।[२७] त्यस्तै पल्लववंशी नन्दिवर्माले पल्लवमल्ल (पल्लवकुलका वीर) भन्ने र हरिकालदेवले रणवङ्कमल्ल भन्ने उपाधि लिएको कुरा पनि यहाँनेर स्मरणीय हुन आउँछ।[२८]

हाम्रो यहाँ देखिन आएका जगणेकमल जगतनेकमल्ल त्रिभुवनमल्ल त्रैलोक्यमल्ल आदिरूप पनि मल्ल उपाधि लिएका ती कर्णाटक राजाहरूको नाम उपनामसँग केही रूपमा साम्य राख्तछन्।

तेह्रौते र बनेपाली मल्ल

यहींनेर एउटा चाखलाग्दो कुरा के देखिन्छ भने करीब यसैताका मल्लदेव नामका एक व्यक्तिको उल्लेख तिरहुतमा पाइन्छ। विद्यापतिको पुरुषपरीक्षा अनुसार जयचन्दका दरबारमा नान्यदेवका छोरा मल्लदेव थिए भन्ने कुरा आउँछ। तर दरभङ्गाको भिठभगवान्पुरको एउटा लक्ष्मीनारायणको मूर्तिमा "ॐ श्रीमल्लदेवस्य"[२९] भन्ने उट्टङ्कित भएको देखिनाले यिनी एक ऐतिहासिक व्यक्ति थिए भन्ने कुरामा कुनै शङ्का छैन। एक सुभाषित पद्यमा पनि "श्रीमल्लदेव प्रभु"[३०] भनेर मल्लदेवको महत्त्व निकै ठूलो दर्शाइएको छ। तर ती यिनै हुन् भन्ने यकीन छैन। जे भए पनि तिरहुतमा मल्लदेवको केही प्रभुता रहेको कुरा नै यसबाट प्रकट हुन्छ। तर यिनी नान्यदेवका छोरा हुन् भन्ने चाहिँ प्रमाणित छैन। कुनै इतिहासकारले तिरहुतको पश्चिममा नान्यदेव र पूर्वभागको नेपालमा सुद्धा मल्लदेवको राज्यसत्ता कायम भएको कुरा लेखेका छन्।[३१] तर मल्लदेव नामक राजाको अस्तित्व यसमा र वंशावलीमा बाहेक अरू कुनै

अभिलेखमा वा पुराना वृत्तान्तमा पनि वर्णित छैन। पूर्वतिरहुततिर यिनको सत्ता विद्यमान भएको बुझिन्छ।

नेपालको भाषावंशावलीमा नान्यदेवले नेपालमा आक्रमण गरी त्यहाँका मल्ल राजाहरूलाई हराए, तिनीहरू भागेर तराई तिरहुततिर पसे, पछि मुकुन्दसेनको आक्रमण भयो, उनले पनि नेपालदून जिते, तर महामारी फैलिएर उनका सैनिक सखाप हुँदा उनी विरक्तिएर जोगी बने, त्यसपछि तराईबाट मल्ल राजकुमारहरू आएर राजकाज सम्हालेको कुरा कहिएको छ।[३२] यसमा साल मिति नमिलेर वंशावलीको कथन गज्याङमज्याङ भएको कुरा माथि नै चर्चा गरिसकियो। सालमिति नमिलेर कुरा उल्टापाल्टा परे पनि वंशावलीका घटना कालको लामो अन्तरालमा परेर विर्सदै गएर धमिला भए तापनि केही अस्पष्ट चित्र चाहिँ कोरेकै हुन्छ। त्यस पृष्ठभूमिमा विचार गर्दा नान्यदेवले नेपालमा आक्रमण गरे तापनि यहाँ सफलता नपाएको हुँदा तिरहुतमा चाहिँ राज्यस्थापना गरी आफ्नो स्वतन्त्रता कायम गर्न समर्थ बनेका थिए।[३३] उनले त्यहीं पहिलेदेखि स्थानीय शासन चलाएर आफ्नो प्रभुत्व कायम गरी रहेका मल्ल, उपनामधारी राजकुमार वा पोहहरूलाई परास्त पारेको कुरा पनि बुझिन आउँछ। किनभने कर्णाटकै राजाहरूको चकचकी चलेको वेला तिनले उत्तरभारत र तिरहुतमा प्रभाव जमाई त्यहाँ आफ्ना राजकुमार वा अन्य कुनै सामन्तलाई शासन सुम्पनु सम्भव थियो। पछि पुनः कन्नडी सेनानायक नान्यदेवले तिनलाई हटाई पहिले आफैं महासामन्ताधिपति बनेर पछि स्वतन्त्र शासक बनेका हुँदा मल्लनामधारी राजकुमार पूर्वी तराई हुँदै नेपालको पाहाडी प्रदेशमा पसी पलाञ्चोक बनेपातिर सामन्तशासकको रूपमा रहेको कुरा अनुमान हुन्छ।[३४] यसैले यी मल्ल राजकुमारहरूसँग नान्यदेव र उनका वंशजहरूको पुस्तौनी झगडा चलेको थियो, धेरैपल्ट तेह्रौते दलसँग जुध्नेमा प्रायः पोह मल्लहरू नै अघिसरा देखिन्छन्।

यसरी विचार गर्दा पूर्वी तराई र पाहाडका पोह मल्लहरूले केही चालुक्यकै अवशेषका रूपमा रहेका र पश्चिममा सिंजाली राजाहरूले चल्ल छाडेर मल्ल लिए जस्तै केही अरू थर छाडेर धेरैजसोले प्रसिद्ध मल्ल थर लिएका देखिन्छन्। मल्ल उपाधि लिने तराईतिरबाट उक्लेका यिनै पूर्वीया पोह मल्लहरू नै थिए।[३५] वंशावलीकारको मनसाय पनि यही छ। इतिहासको धारा हेर्दा पनि यही प्रतीत हुन्छ।

अरि मल्ल

ने.सं. ३२१ कार्तिकमा अरि मल्लको पहिलो अभिलेख प्राप्त भएको ९ महिना अगाडि विजयकामदेवको राज्य देखिएकोले यसै साल यिनको उदय भएको देखिन्छ। वंशावलीको पुराना पाठमा कवाहेक सबैमा ३१ वर्ष ९ महिना यिनको राज्यकाल लेखिएको छ। कपाठमा

२५ वर्ष १० महीना र अरू भाषापाठमा २२ वर्ष पनि लेखिएको छ। तात्कालिक अभिलेखमा ने.सं. ३२१ देखि ३३६ (वि.सं. १२५८-७३) जेठसम्मकामा[३६] यिनको नाम र अर्को साल जेठको अभिलेखमा यिनका छोराको नाम राजाको रूपमा देखिएको छ। कपाठको नेवारी भागमा जयसि मल (जयसिं मल्ल) यिनका बाबुको नाम लेखिएको छ, यिनको जन्म ने. सं. २७४ (वि. सं. १२१०) दिएको छ र यिनले १५ वर्ष राज्य गरे, ६२ वर्ष १० महीनामा यिनको मृत्यु भयो भनेकोले १५ वर्ष जतिको यिनको राज्यकाल प्रामाणिकरूपले प्रकट हुन्छ। कपाठको संस्कृतभागमा चाहिँ १५,१० लेख्नुपर्नेमा भूलले २५,१० भएको बुझिन्छ। अरू पाठ मिल्दाजुल्दा छैनन्। वंशावलीको उक्तिलाई चरितार्थ गर्न अरि मल्लले गुणकामदेव लक्ष्मीकामदेव विजयकामदेवको कमजोर शासनकालदेखि नै शक्ति हात लाएका थिए भन्ने अनुमान गर्न त सकिन्छ।[३७] राज्यशक्ति प्राप्त गर्न उनले संघर्ष त पक्कै गर्नुपर्‍यो होला। तर प्रमाणविना वंशावलीको अनुमानित राज्यकाल लेखाइको आधारमा फुको कल्पना गर्नु मनासिब पर्दैन।

उक्त दोस्रो र अन्तिम अभिलेखमा अरि मल्लको राजोचित विरुदावलीमा नेपालराजाधिराजपरमेश्वर भनिएकोबाट मल्लहरू पहिले सामान्य राजा वा राजकुमारका रूपले चिनिन्थे, अहिले आएर नेपालका महाराजाधिराज घोषित भए। समस्त नेपाल उनको अधीन भएको हुनाले उनले नेपालराजाधिराज तथा नेपालेश्वर भन्ने नयाँ विरुदावली लिए। यी पशुपतिका भक्त थिए, यसैले परममाहेश्वर पशुपतिभट्टारक भन्ने विशेषण पनि यिनले लिए। शङ्कराचार्यको आगमनपछि केही राजा र आचार्यहरूको विशेषणमा परमशैव भन्ने पद देखिएको थियो,[३८] परममाहेश्वर पशुपतिभट्टारक अथवा परममाहेश्वर श्रीपशुपतिभट्टारकावधानाद् भक्तिजलप्रक्षालितान्तःकरण भन्ने विरुद लिई पशुपतिलाई इष्ट मान्ने[३९] यिनी निश्चय नै अंशुवर्मा जस्तै पशुपतिभक्त थिए। त्यति वेलादेखि नै नेपालमा शैवाचार्यहरूको पुनः महत्त्व र प्रभाव बढेको देखिन्छ।

यिनका दरबारमा देशविदेशका पण्डित विद्वान्हरूले आश्रय पाएका थिए। शैव शाक्त आदि तन्त्रको रहस्य र अनेक शास्त्र जान्ने शैवाचार्य श्रीविमलप्रबोधले यिनको राज्याभिषेक गराएका थिए।[४०] यी दण्डी स्वामी थिए। यिनले बनाएका "कालीकुलक्रमार्चन" भन्ने पुस्तक पनि नेपालमा पाइन्छ।[४१] चमत्कारपुरबाट आएका गुजराती पण्डित आचार्य हरिहर यिनको आश्रयमा थिए।[४२] यसबाट आफ्नो राज्य पूरा कायम भएपछि यिनले देशविदेशका ठूलठूला विभिन्न विद्वान्लाई ल्याएर आश्रय दिएको अनुमान हुन्छ।

अरि मल्ल आफूलाई सूर्यवंशी भन्दथे, यसभन्दा पहिलेको देवपदधारी राजाहरू पनि वंश परिचय गराउँदा आफूलाई रघुकुलमा जन्मेका शुद्ध सूर्यवंशी क्षत्री नै भन्दथे। अहिले

आएर अरि मल्ल पनि आफूलाई रघुवंशजन्मा रघुवंशकुल (तिलक) नै लेखाउँछन्। गुजराती पण्डितले लेखेको त्यस कालीकुलक्रमार्चन पुस्तकमा सर्वप्रथम विक्रमसंवत्को प्रयोग भएको छ। विक्रमाब्दगत भनी विक्रमसंवत् र नेपालाब्दगत संवत् भनी ने.सं. दिइएको छ।[४३]

दैवसंयोगले वा देशको दुर्भाग्यले गर्दा अरि मल्ल र उनीपछि नेपालराष्ट्रमा सुखशान्ति आएन। आन्तरिक कलह र बाह्य आक्रमणका संघर्ष त सनातन चलिआएकै हुन्, परन्तु क्रमशः अरि मल्ल, अभय मल्ल, जयदेवका पालामा लगातार अनिकाल महामारी दुर्भिक्ष भूकम्प आदि दैवी प्रकोप बराबर परिरहे। अरि मल्लको राज्यकालमा ठूलो महामारी चल्यो। अनिकाल लागेर अन्न अत्यन्त महंगो भयो, भाउ बढेर एक द्रम्भले ४ माना चामल मात्र पाइने भयो।

यहाँ एउटा चाख लाग्दो कुरा के देखिन्छ भने स्थिति मल्लका पालामा पूर्ववृत्तान्त टिप्ने वंशावलीकारले यी तीन राजाको बयान गर्दा यस्तै महामारी दुर्भिक्ष भूकम्पको मात्र विशेष जोड दिएको देख्ता[४४] उनको मन कता कता यी नयाँ राजाहरू देशका लागि रूखा अरिष्टकारी) रहे, अनिकाल ल्याउने अपशगुनी भए भन्ने भाव रहेको बुझिन्छ। अशान्ति विद्रोह र आक्रमण त पहिले पनि नभएका होइनन्, यतिखेर यी राजालाई विशेष अपशगुनीका रूपमा प्रस्तुत गर्नु चाहिँ बाहिरबाट अर्थात् बनेपा पनौतीतिरबाट आएर यहाँ रजगज गरे भन्ने आरिसको भाव पनि व्यक्त भएको हुनुपर्छ।

पञ्चाबतदेशीय

अरि मल्लको समयको दोस्रो पुस्तकको पुष्पिकावाक्यमा "महाराजाधिराज अरिमल्लदेवको विजयराज्यमा र पञ्चावतदेशीयविषयाधिपति राणक श्रीधरसिंहको पालामा[४५] यो पुस्तक सारिएको भनिएको छ। अरि मल्लका पालामा शक्तिशाली राणक थिए भन्ने कुरा त स्पष्ट भयो। राणकको सम्बन्धमा त पहिल्यै निक्यौल गरिसकियो, अब "पञ्चाबतदेशीय" शब्दको बारेमा विचार गर्नुपरेको छ।

यसभन्दा पहिलेका इतिहासकारहरूले एकै स्वरले 'पञ्चाबतदेशीयविषय' भन्ने विषयको नाम हो, यो पश्चिम नेपालमा थियो। यसका अधिपति राणक यी थिए भनेर लेखे।[४६] त्यसमा धनवज्र वज्राचार्यको नुवाकोटदेखि पश्चिमतिर यो विषय हुनुपर्छ भन्ने[४७] कुरा सकारी पेटेकले मगराततर्फ यो विषय भएको संभावना व्यक्त गरे।[४८] महेशराज पन्तले पनि यही मतलाई मानेको देखिन्छ। यही मत मानेर अरूहरूले पनि लेखेका छन्। यस शब्दमार्गबाट हाम्रो देशको मध्यकालको राजनैतिक र सामाजिक इतिहासको धारा अलिकति खुल्ने भएकोले यसको पनि राम्ररी निस्तुक अर्थ लाउनुपरेको हो।

पञ्चावतविषय वा पञ्चावतदेशविषय मात्र भएको भए त्यस्तो अर्थ गर्न सकिने थियो। यहाँ त पञ्चावतदेशीय विषयाधिपति राणक लेखिएको छ। यसको अर्थ पञ्चावतदेशका विषयपति राणक श्रीश्रीधरसिंह भन्ने गर्नुपर्छ, अर्थात् श्रीधरको विशेषण पञ्चावतदेशीयविषयाधिपति राणक दुई पद मात्र नभएर पञ्चावतदेशीय विषयाधिपति राणक तीन पद देखिन्छन्। यहाँका पञ्चावतदेशले श्रीधरको थर (अभिजन वा जन्मभूमि) बुझाउँछ, पञ्चावतदेशमा जन्मेका वा पूर्वथलो भएका भन्दा पञ्चावतदेशीय प्रयोग भयो। यस्तै नेपालदेशमा जन्मेको वा बासिन्दा भन्दा नेपालदेशीय, गुर्जरदेशमा जन्मेको वा पूर्वथलो भएको भन्दा गुर्जरदेशीय जझौतीमा जन्मेको वा अभिजन भएको भन्दा जेजाभुक्तीय, आदिरूप यहाँका विभिन्न पुष्पिकाअभिलेखमा देख्तै आइएको छ। अरि मल्लकै पालामा लेखिएको अन्तिम पुस्तक सार्ने हरिहरले पुष्पिकामा आफूलाई चमत्कारपुरबाट आएको गुर्ज्जरदेशीय पण्डिताचार्य भनेर चिनाएका छन्।[४९] धवलस्रोतपुरका महासामन्त रत्नदेवका राजगुरु शैवाचार्य काश्मीरी थिए। उनका आश्रयमा रहेका ग्रन्थ सार्ने पं. भोगण पनि काश्मीरी नै थिए।[५०] धवलस्रोतपुरका महासामन्तका आश्रयमा अर्का कायस्थ पण्डित रत्नपाल श्रीवास्तव जेजाभुक्तीय-जझौतीका थिए।[५१] अहिले भरखरै हामीले तिरहुतबाट पाहाड पसेका पोहमल्ल राजकुमारहरूले पूर्व पाहाडमा सामन्तराज्य कायम गरेको कुरा पनि देख्यौं। त्यस्तै पश्चिम पाहाडमा सामन्त राज्य कायम गरेको कुरा पनि देख्यौं। त्यस्तै पश्चिम पाहाडी प्रदेशमा आएर शक्तिशाली सामन्त भएर रजाइँ चलाउने यी राणक पञ्जाबबाट आएका थिए अर्थात् यिनको अभिजन पञ्जाबप्रदेश थियो। आफ्नो पूर्वथलोबाट थरको अभिव्यञ्जना गर्ने पुरानो परम्परा हो। अहिले पनि लाहौरबाट आएका लाहुरीटण्डन महाराष्ट्रबाट आएका मरहट्ठा, कुमाउबाट आएका कूर्माचलीय (कुर्माचलो जन्मभूः) कुमाईहरूलाई देखिरहेका छौं। त्यस कारण काश्मीर, पञ्चाव, गुजरात, महाराष्ट्र जझौती, तिरहुत, बंगालबाट आएर नेपालदून र पूर्वपश्चिम पाहाडमा समेत व्याप्त भएर आफ्ना बुद्धिले बर्गतले विभिन्न पद प्रतिष्ठा मान मर्यादा प्राप्त गरेका मानिसहरू पनि मध्यकालमा प्रशस्तै थिए। तिनैमा एक राणक श्रीधर पञ्जाबी अर्थात् पञ्जाव अभिजन- पूर्वथलो भएका व्यक्ति पर्न आए।[५२] यिनी अरि मल्लका पालामा पश्चिमको गण्डीगुल्मविषयमा वा पन्नगविषयमा यस वेला शक्तिशाली सामन्तको रूपमा शासन चलाउँथे।

अभय मल्ल (वि.सं. १२७३-१३१२)

राजा अरि मल्ल ६२ वर्षको उमेरमा १५ वर्ष १० महीना जति राज्य गरी ने.सं. ३३६ (वि.सं. १२७३) भदौ असौजतिर परलोक भए। उनीपछि उनका छोरा अभय मल्ल नेपालको राजसिंहासनमा सुहाए।

पुराना वृत्तान्तका क पाठको संस्कृत भागमा यिनको राज्यकाल ४२ वर्ष ८ महीना र अरूमा ४८ वर्ष २ महीना लेखिएको छ। नयाँ पाठमा १९ वर्ष मात्र लेखिएको छ। तर तात्कालिक यिनका पालामा लेखिएका प्रमाणबाट यिनको राज्यकाल ३९ वर्ष देखिन्छ। अर्थात् ने.सं. ३३७ देखि ३७५ सम्मका यिनका पालाका अभिलेख पाइन्छन्। क पाठको नेवारी भागमा यिनको जन्म ने.सं. ३०३ मा भएको र ३९ वर्ष राज्य गरेर ७२ वर्ष ७ महीनाको उमेरमा ने. सं. ३७५ (वि.सं. १३१२) मा मृत्यु भएको कुरा लेखिएको छ। यो लेखाइ प्रमाणपरिपुष्ट हुँदा सही नै देखिन्छ। अभय मल्लले बाबुले जस्तो परममाहेश्वर चाहिँ लेखाएका छैनन्। उनको पालाका जम्मा २९ वटा अभिलेखप्रमाण पाइन्छन्।[५३] तिनमा झ संख्याको नाट्यशास्त्रको अभिलेखमा एउटा नौलो किसिमको विरुद 'अमरक्रीडाकेतु भट्टारकपादानुहिर(?) नित्याराधमाना भगवती श्रीमानेश्वरीपादपङ्कज राजाधिराज परमेश्वर परमभट्टारक रघुवंश श्रीमदभयमल्लदेवस्य'[५४] लेखिएको छ। यिनले मानेश्वरी देवीको भक्ति मात्रै गरेनन्, प्रशस्ति नै कुँदाए इष्टदेवीको रूपमा र यो प्रक्रिया मल्लवंशको पछिल्ला राजासम्म नै चलेर आयो। कुमार अनन्त मल्लले पढ्ने यस पुस्तकमा पहिले लेखेको हुनाले यो प्रशस्ति नै मान्य थियो।

दुई श्रीको र जयको प्रचलन;

अभय मल्लको पालादेखि राजाका नामका अगाडि श्री लेख्ने प्रक्रियामा पनि वृद्धि भयो। धेरैजसो अभिलेखमा श्रीमान् लेखिएको देखिन्छ। ने.सं. ३५३ को मोतीटारको अभिलेखमा "श्रीश्रीअभयमल्लदेव" भनी दुई श्रीको प्रयोग पहिलो देखियो, त्यस पछिका पाँचवटा अभिलेखमा दुई श्री छन्। एउटामा त "पूज्य श्रीश्री अभयमल्लदेवस्य" लेखिएको छ।[५५] अर्को कुरा मोतीटारको अभिलेखको बेहोरामा नेवारी भाषाको प्रयोग भएको छ।

पुराना वृत्तान्तको नेवारी भागमा चाहिँ मल्लवंशी नरमल्ल पोह (वि.सं. ११६८) मा दुई श्री लागेका छन्।

लिच्छविकालदेखि नै राजाका, द्यौताका र अरू राजासरह उच्च वर्गका अगाडि पनि एउटै श्रीमात्र लाग्दथ्यो।[५६] यस वेलादेखि अर्थात् अभय मल्लका पालादेखि दुई श्रीको प्रचलन पाइयो। अरि मल्लका अभिलेखमा श्रीमान्को प्रयोग चाहिँ प्रशस्तै भएको देखिएकोले यो परिवर्तन राजवंशपरिवर्तनका साथै उनका पालादेखि भयो भन्ने अनुमान हुन्छ। उनैका पालामा भारतबाट ठूलाठूला आचार्य पण्डित यहाँ आएका देखिनाले विद्वान्हरूकै मन्त्रणाले यो परिवर्तन गरिएको देखिन्छ। तर साक्षात् स्वयं राजाको शनदपत्र शिलापत्र पाइएका भए अरि

मल्लको पालादेखि परिवर्तन भयो भन्ने निर्णय गर्न सजिलो हुने थियो। तर दुनियाँदार भारदारका व्यक्तिगत लेखाइबाट मात्रै विचार गर्नुपर्ने भएको छ। जे भएपनि मल्ल उपाधिकारी राजवंशको राज्य चलेपछि उपाधिमा परिवर्तन हुनु संभवै हो।

यहाँनिर अर्को कुरामा पनि वैशिष्टय बढेको छ। दुई श्रीका साथै राजाका नामका अगाडि जय लाग्ने चलनको पनि शुरू भयो। अभिलेखमा जय लेख्ने चलन ने. सं. ३८० मा भीमदेव राजाका पालादेखि र पुराना वृत्तान्तमा चाहिँ मल्लवंशका राजा राजकुमारमा जय उपाधि लागेको देखिन्छ। कपाठको नेवारी भागमा ने. सं. २७४ (वि. सं. १२१०) मा श्रीअरि मल्लका बाबु जयशि मल्लमा जय पदवी लागेको देखिन्छ। अरूमा पनि यसरी जय लागेका नाम जयसिंहदेव जयभीमदेव जयादित्यदेवहरूका पाइन्छन्।[५७] यो दुई श्री र जय लेख्ने चलन जयप्रकाश मल्लकै पालासम्म चलेर आयो। अभय मल्लले युवराज छँदै विद्वान् शैवाचार्यको उपदेशद्वारा मृत्युञ्जय महादेवको पूजाविधि गरेका र अमृतेश्वर पूजाविधि लेखाएका थिए। शिवको आराधनाद्वारा देशको शान्ति स्वस्ति कामना गरिएको बुझिन्छ।

रणशूरदेव

अभय मल्लको राज्यारोहणको चार पाँचवर्षपछि एकाएक सर्वशक्तिमान् राजाको उपाधि लिएका रणशूरदेवको नाम देखिन आउँछ।[५८] यी को हुन् र के हुन् भन्ने सम्बन्धमा तर्कवितर्कहरू सेसिल बेण्डालले ब्रिटिश म्युजियम्मा रहेका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र प्रकाश गरेपछि वि.सं. १९५९ देखि नै उठ्तै आएका छन्। कसैले मल्लहरूको शक्ति अझै दृढ नभइसकेको हुँदा विहार बंगालतिरका राजाले त्यस वेला नेपालमा प्रभुत्व जमाएका थिए भन्ने अड्कल काटे[५९] भने कसैले बीचमा यी रणशूरदेव शक्तिमान् भएर यहाँका राजा भए भन्ने अनुमान लगाए।[६०] नेपालको राजगद्दी दावी गर्ने यी पश्चिम नेपालका शासक थिए भन्ने विचार पनि आयो।[६१] परन्तु त्यो पुष्पिकावाक्य लेख्नेले अरूअरू ठाउँमा जस्तो आफ्नो ठेगाना नलेखिदिनाले यस्तो अन्यौल सृष्टि भएको छ तापनि त्यसको लेखाइ शैली विचार गर्दा मैले केही कुरा भन्न आँट गरेको छु। हुन ता पुस्तक लेख्ने वा अभिलेख राख्ने मान्छेले आफ्ना अघिल्तिरका स्वामी वा अन्नदाताको मात्र नाम लेखेर मूल गद्दीनसीन राजाको नाम छुटाएको मैले धेरै देखेको छु र त्यसमा आफ्नो विचार पनि व्यक्त गर्दै आएको छु, तर यहाँचाहिँ रणशूरदेव पूर्ण राजकीय सम्मानले युक्त भएको कुरा देखाइएको छ। यसैले यी सम्पूर्ण नेपालका अधिपति भएका थिए भन्ने शंका उठेको हो।

मेरो विचारमा यो पुस्तक नेपालदूनमा लेखिएको होइन। लेखाउने वटेश्वर र लेख्ने कायस्थ महादेव हुन्। महादेव कायस्थ भारतीय मूलका मानिस थिए। राजा रणशूर कतैका

सामन्त थिए भन्नलाई चाहिँ यिनका विरुदावली नेपाल केन्द्रका राजाकै जस्ता "परमभट्टारक महाराजाधिराज परमेश्वर" देखिँदा अप्ठ्यारो छ तापनि यस पुष्पिकामा परेका "प्रवर्द्धमान" "यत्राङ्केनापि" "वदि २" कायस्थ आदि शब्दहरूले यो पुस्तक बाहिर लेखिएकोमा कुनै शंका छैन, मूल प्रति हेर्न पाए केही विशेष कुरा ज्ञात हुन्थ्यो होला। तर ब्रिटिशम्युजियम्मा रहेको यस पुस्तकको मूल हेर्न अहिले म समर्थ छैन। यसको लिपि संवत्का अङ्क बाँच्न मूल हेर्नु अत्यन्त आवश्यक छ। यत्राङ्केनापि भनेबाट अक्षाराङ्क पनि हुनु पर्ने हो। यो संवत् नेपाल संवत् हो वा अन्य संवत् हो ? यसभन्दा केही अगाडि पूर्व बंगालको दक्षिणराढ देशमा ठीक यही नाम भएका राजा थिए, राजेन्द्र चोलले गौड बङ्गाल उत्तरराढ दक्षिणराढ पूर्व समुद्रपारसम्म गएर दिग्विजय गरेको कुरा तामिलनाडुको तामिलभाषाको अभिलेखमा उल्लिखित छ।[६२] दक्षिणराढका रणशूरदेवसँग र विद्यावलीका पुष्पिकावाक्यमा वर्णित रणशूरदेवसँगको सामञ्जस्य देखाउन त्यसको संवत् र संवत्को अङ्क ठम्याउनुपर्छ, त्यो नठम्याई यकीन गर्न सक्दिन। बेग्लै नेपालका पाहाडी विषयका यी रहेछन् भन्न पनि यिनले स्वतन्त्र हुन केन्द्रसँग सम्बन्ध छुटाउन खोजेका थिए भन्न गाह्रो छ। त्यसै निश्चित भनिहाल्न पनि हामीसँग अर्को प्रमाण छैन।

रामसिंहको नेपाल-चढाइ

जे भए पनि राजा अभय मल्लको राज्यकाल भयरहित थिएन। किन भने नेपालको सोझै तल तराईमा प्रतिष्ठापित नान्यदेवको राज्यले दिनपरदिन आफ्नो शक्तिवृद्धि गरिरहेको थियो। यसमा ठाउँठाउँबाट आएर विद्वान्हरूको जमघट हुन लागेको थियो, पश्चिम कर्णालीप्रदेशमा पनि नागराजाद्वारा प्रतिष्ठापित सिंजाराज्य पनि आफ्नो शैन्यशक्तिले बलियो विस्तृत बन्दै थियो। दक्षिणमा मुसलमानको आक्रमणबाट भयत्रस्त हिन्दुपरिवारहरू सुरक्षा र धर्मरक्षाको लागि पनि वनदुर्गमा रहेको यस हिन्दुराज्य मिथिलामा र पाहाडको अन्तरालमा रहेको सिंजाराज्यमा ओइरिएर आउन लागेका थिए। यो मिथिलाराज्य विद्याको केन्द्र थियो, अनेकौं ग्रन्थ बनाउने विद्वान्हरू त्यहाँ थिए, ग्रन्थहरूको संग्रह थियो भन्ने कुरा नेपालका भारदार आनन्दले गाङ्गेयदेवको राजधानीबाट गोपतिलाई सार्न लाएर वाल्मीकिरामायण ल्याएको घटनाले नै विदित हुन्छ।[६३] गाङ्गेयदेवका छोरा नरसिंहदेव पनि विद्याप्रेमी र आफू पनि विद्वान् राजा थिए। नरसिंहका छोरा रामसिंह भए। यिनी वि.सं. १२४० चैत्रमा जन्मेका थिए।[६४] यिनले लामो समयसम्म शासन चलाउँदा आफ्नो राज्यसीमा विस्तार गर्नेतर्फ पनि निकै प्रयत्न गरेका थिए। रामसिंहका पालामा लेखिएका केही पुष्पिकावाक्य पनि प्राप्त भएका छन्।[६५] यिनले आफैं सैनिकसञ्चालन गरी नेपालमा पनि दोहोऱ्याई तेहऱ्याई चढाइ गरेका

थिए। यिनको पहिलो चढाइ ने.सं. ३४४ (वि.सं. १२८०) पौषमा भयो। स्वयं रामसिंह राजा आफ्ना लडाका वीर योद्धा लिएर आक्रमण गर्न आएका थिए। सायद यिनी पूर्व पलाञ्चोकतिरको किल्ला फोरेर पौष शुदि परेवाका दिन भित्र पसे। तर दैवसंयोग त्यसै दिन भुईंचालो गएर हाहाकार मच्चियो।[६६] यसपछि यो आक्रमणले के रूप लियो, भन्न सकिंदैन। दैवी उत्पात परेपछि सैनिक कारवाही छोडेर रामसिंह फर्के हुन्। यसपछि केही वर्षसम्म तेह्रौतबाट केही चालचोल सुनिन आएको छैन। वि. सं. १३०१ मा तेह्रौतबाट ठूलो आक्रमण हुन आयो। सिम्रौनगढका राजा रामसिंह स्वयं दलबलका साथ लड्न आएका थिए। ने.सं. ३६४ (वि. सं. १३०१) ज्येष्ठ वदि १ का दिन खण्डाधार डाँडामा रहेको किल्लामा दुवैतर्फका सैनिकसँग मुठभेट पऱ्यो। यताबाट राजा अनर्घ मल्ल (बनेपा पलाञ्चोककै राजा) चोछेंका जगद्वर्मा दलमुखी बनेर लडाइँमा गएका थिए। यिनको नेतृत्वमा गएको नेपाली सैनिकले जोरजबर्जस्तीसँग हमला गर्दा तेह्रौते सैनिक्दल अगाडि बढ्न सकेन। यस लडाइँमा धेरै सैनिक खेत रहे।[६७] उताको नेतृत्व स्वयं राजा रामसिंहले गरेको भए तापनि यताका राजा अनर्घ मल्ल र दलमुखी सेनानायक जगत्वर्माले हाँकिएको सैन्यद्वारा धेरै आफ्ना मानिस काटिँदा आक्रमणकारी तेह्रौते दल अगाडि बढ्न नसकी फर्केर गयो। राजा अनर्घ मल्ल सिन्दूरजात्रा गर्दै फर्केर आए।[६८]

अभय मल्लका पालामा भित्री संघर्ष त छँदै थियो, बाहिरिया अर्थात् तेह्रौततर्फको हमला पनि रोकिएको थिएन। राजा रामसिंहले हार खाएका थिएनन्। नेपालको समस्त पूर्वी तराई मिथिलाप्रदेश र केही पूर्वी पाहाडी भाग पनि यिनका अधीनमा थियो। ने.सं. ३६६ (वि.सं. १३०२) मंसीरमा पुन: राजा रामसिंहको सैनिक्दल नेपालदूनमा हमला गर्न आयो, यसपल्ट सो दल पूर्वका पलाञ्चोक बनेपाका किल्ला पार गरेर लड्दै निकै ठूलो विजय हासिल गर्दै कपनसम्म आइपुग्यो, यसरी शत्रुसैनिक भित्रै आइसकेपछि देशको सम्पूर्ण शक्ति लाएर यताबाट पनि प्रत्याक्रमण गरियो। लड्दै जाँदा मंसीर शुदि ७ का दिन भूयथली भन्ने ठाउँमा शत्रुसैनिक घेरामा परे, अनि भकाभक काटिएर धेरै वैरी सोत्तर भएपछि यताबाटै लडाइँमा जीत भयो।[६९]

आन्तरिक संघर्ष

यसरी वेला मौकामा राजा अभय मल्लले बाहिरी हमलाको पनि डटेर मुकाबिला गरिरहनु परेको थियो भने फेरि त्यत्तिकै आन्तरिक संघर्षको पनि सामना गरिरहनुपरेको थियो। यतिखेर पाटनमा क्वाँछेका अनन्तपाल भारोका छोरा कीर्तिपाल भारो शक्तिशाली भएर निस्केका थिए। पूर्वमा पलाञ्चोक पश्चिममा गुन्देक्वाठ (कीर्तिपुर) उत्तरमा सङ्खो (साँखु)

टोखाक्वाठ र दक्षिणमा फनपिङ (फर्पिङ) विषय मजबूत किल्ला थिए। नवक्वाठ पनि निकै नामी गढ थियो। यी किल्लाका भारो क्वाठनायक सामन्तहरू वेलामौकामा कहिले एक अर्का शक्तिसँग मिल्ने र कहिले स्वयं विद्रोह गर्ने पनि गर्दथे। पूर्व पश्चिमका विषयका सामन्तहरू पनि यस्तो मौकाको फाइदा उठाउन चुक्तैनथे। फेरि उता पश्चिम कर्णालीप्रदेशको सिंजामा खशमल्लको मजबूत राज्य स्थापना भएपछि र दक्षिण मिथिलाप्रदेशमा सिम्रौनगढको शक्ति सञ्चित हुन थालेपछि नेपालको केन्द्रको राज्य साँघुरिदै आयो, यो क्रम अभय मल्लको पालादेखि निकै बढ्न लागेको अनुभूत हुन्छ। अभय मल्लले त यी बाहिरी भित्री संघर्षको निकै तत्परताका साथ सामना गरिरहेका थिए। हुँदा-हुँदा आन्तरिक संघर्षले केन्द्रको कमजोरी बढेपछि पूर्व पश्चिम दक्षिणका विषयहरू नेपालको केन्द्रबाट खुस्किएर केही सिंजासाम्राज्यमा र केही मिथिलाराज्यमा मिल्न गए, केन्द्रलाई त अब पलाञ्चोक र नुवाकोट कज्याउनु पनि धौधौ पऱ्यो, तर यी दुवै दुर्ग भोट जाने कुती केरुङ्ग घाटीमा पर्ने हुँदा किल्ला खुस्किँदा नेपालदूनको व्यापारमा असर परी आर्थिक नोक्सानी धेरै पर्ने हुँदा केन्द्रले धेरै बल लाएर ज्यूज्यान दिएर यिनलाई नकज्याई नहुने बाध्यता थियो। अब अभय मल्लले सामना गर्नुपरेका केही आन्तरिक संघर्ष पीडाका कथा पाइएका प्रमाणका आधारमा यहाँ हेरौं-

पहिले ने.सं. ३५० (वि.सं. १२८६) मा पाटनका भारो बिभिण्डिएर विद्रोहमा उठे। सायद विभिण्डिने क्वाछेंका अनन्तपाल भारोका छोरा कीर्तिपाल भारो थिए। पाटनलाई कज्याउन देउपाटनबाट सैनिककारवाही गर्नुपऱ्यो।[७०] त्यसका २ वर्षपछि राज्यमा अनिकाल लागी महामारी फैलिएको वेला पलाञ्चोकका उदयसिंहदेव महाथ र उदमाल भा हरूले विद्रोह गरे। यो विद्रोह दबाउन त्रिपुरसँग देउपाटन बनेपा नुवाकोट फर्पिङ पनि एकमत भई मिलेर आक्रमण गर्न गए। तर यी सबैको शक्तिलाई एक्लै पलान्चोकले रोक्यो, अलि पछि हटी चण्डेश्वरको डाँडामा किल्ला बाँधी उसले बनेपालाई फुटाई त्यहाँबाट रसद लिई खर्चबापत सुन उठाई उत्पात मच्चाइरह्यो।[७१] पछि वि.सं. १२९० फागुनमा पलाञ्चोक बनेपा मिली भक्तपुर राजधानी त्रिपुरकै विरुद्धमा किल्लाबन्दी गरेर मात्र बसेनन्, यिनीहरू कसिएर लड्नै आए, यिनले त्रिपुरको किल्ला घेरे र धेरै दिन मोर्चा कसेर बसे। यो संघर्ष करीब २/३ वर्ष जति चल्यो। पलाञ्चोकले वंघ (बोडे) का प्रमुख भारदारलाई पनि काटे। यसमा त्रिपुर दरबारले केही धन(सुन) खर्च गरेर रडाको मेटायो।[७२]

तर पलाञ्चोकले त्रिपरको विरुद्धमा झण्डा उठाउन छाडेको थिएन। ने.सं. ३६१ (वि. सं. १२९८) श्रावणमा पलाञ्चोकका जयसिंह पोहले आक्रमण गरी किल्लामा आगो लाए, त्यसको अर्को वर्ष जेठमा पलान्चोक बनेपा मिली चायक्वाठ कब्जा गरे। यता पाटनका कीर्तिपाल भारो पनि विरोधमै थिए। यिनले वि.सं. १२९८ जेठमा पाटनबाट हमला गरी

काठमाडौंका इटुम्बहालको किल्ला लिए। त्यसको केही महीनापछि पालखुरी भन्ने ठाउँमा लुटपाट मच्चाए, गाउँलेहरूलाई काटेर मारे। उनको विरोधी गतिविधि रोक्न जानेलाई पनि स्वाहा पारे।[७३] गुन्देक्वाठ (कीर्तिपुर किल्ला) गोछेक्वाठ पनि कीर्तिपालकै पञ्जामा थिए।

यसरी पूर्व पश्चिमको गढले पनि केन्द्रबाट सम्बन्ध विच्छेद गरे, पाटनका कीर्तिपाल भारोले ठूलो हलचल ल्याए। उता उत्तर साँखु र दक्षिण फर्पिङ गढी पनि यस विद्रोहमा उत्रेका थिए। यसरी चारैतिर फैलिएको भए पनि यी विद्रोहलाई राजा अभय मल्लले दृढताका साथ दबाए। पहिले वि.सं. १२९८ पौषमा त्रिपुरबाट सांखुमा लड्न फौज गयो र सांखु किल्लामा घेरा हाल्यो। पहिले त किल्ला खुलेन, पछि लड्न आउनेहरूले हार खाए। यहाँबाट छ दिनपनि यही फौज फर्पिङतर्फ बढ्यो।[७४] यसमा केन्द्रका फौजसँग धेरै क्वाठनायक मिलेका थिए, यिनले विरोधीले रोकिराखेका किल्ला खुलाउँदै ल्याए। गुन्देकिल्ला पनि खुलाई त्यही मोर्चा कसेर बसेका कीर्तिपाल भारो पनि वि.सं. १२९९ असारमा पक्राउमा परे। यो युद्ध राजज्योतिषी शिवज्ञान भारोले हेरेको साइतमा जितिएको थियो। यति भएपछि यी विभिण्डिएका भारदार क्वाठनायक तहमा आए। आ-आफ्नो निर्धारित सिर्तो बुझाएर आत्मसमर्पण गरेकोले त्यसैको अर्को महीनामा कीर्तिपाल भारो कैदमुक्त गरीए। पलाञ्चोके एकजना पोह त्रिपुरबाट निकालिए।[७५]

नेपालको यस्तै आन्तरिक अवस्था हुँदा नै मौका पारी छिमेकी मिथिलाराज्यबाट रामसिंह राजाले आक्रमण गरेका थिए, उनका आक्रमणमा कतिपय यहाँका क्वाठनायक भारदारहरूको प्रत्यक्ष परोक्ष सहयोग हुँदैनथ्यो भन्न पनि सकिँदैन।

वि.सं. १३०१ जेठमा राजा अनर्घमल्लको नेतृत्वमा गएको सैनिकले तेह्रौते सैन्यसँग विजय प्राप्त गरेको थियो। यसको ४ महीना पछि असोजमा पलाञ्चोकका महाथ अमरु भाले केन्द्रको विरुद्धमा जोरी खोजे। यिनी पहिले विद्रोह गर्ने उदयसिंह अथवा उद(य) मालका सम्बन्धी थिए भन्ने अनुमान हुन्छ। यसको लागि कारवाही गर्न यताबाट सैनिक खटिएर गयो। घमासानको युद्ध पर्‍यो। महामात्य (महाथ) अमरु भा यस युद्धमा खेत रहे। किल्ला बनाएर एक महीनाको युद्धपछि विजय हासिल भयो। विजयोत्सव मनाउँदै सिन्दूरजात्रा गर्दै सैनिकहरू फर्केर आए।[७६] यस युद्धमा बाहिरको हात थियो थिएन भन्न सकिँदैन, रामसिंहको आक्रमणको लगत्तैपछि यो संघर्ष भएबाट पेटेकले यसमा तेह्रौंतको हात भएको अनुमान लाएका छन्।

प्राकृतिक प्रकोप

यसरी बाह्य र आन्तरिक संघर्षले भयाक्रान्त भएको अभय मल्लको राज्यकाल प्राकृतिक प्रकोपले पनि वारंवार पीडित भइरह्यो। यिनका बाबुकै पालामा अनेकौं महामारी

दुर्भिक्षले पीडित हुँदा त्यस अरिष्ट शान्तिका लागि तान्त्रिक शैवाचार्यको सल्लाहबमोजिम मृत्युञ्जयमहादेवको पूजा आराधाना गरेको, त्यसमा युवराज अभय मल्लले प्रमुखरूपले भाग लिएको, शान्तिको लागि शिवशक्तिको उपासना गरेको पनि देखिएको थियो। उनको राज्यप्राप्ति लगत्तैपछि वि.सं. १२७६ को वर्षामा आषाढदेखि भाद्रसम्म नै निमिट्यान्नै पानी परेन। यसको असरले यस्तरी अनिकाल फैलियो, खान नपाएर यहाँ आधाजसो मानिस मरेर सकिए। अर्को साल अन्न यति महंगो भयो, एक द्रम्भको ४ मानामात्र चामल पाइने भयो। यो भाउ कार्तिकदेखि जेठसम्म हिउँदैभरी नै रह्यो।[७७] अघिल्लो साल वर्षामा पानी नपरेको हुनाले र यो साल भाद्र सुदी ८ देखि ४ दिनसम्म लगातार घरबाट बाहिर निस्कनसम्म नहुने गरी सलह आएकोले देशमा अनिकाल दुर्भिक्ष चल्नु स्वभाविकै थियो।[७८]

यसको बाह्र वर्षपछि फेरि देशमा ठूलो अनिकाल पऱ्यो। चामल नून तेल सुनचाँदी सबै चीजको धेरै मोल बढ्यो। एक द्रम्भको दुई कुरुवा (चार माना) चामलमात्र पाइने भयो। एक पल नून, एक पल तेललाई पनि एक द्रम्भ पर्ने भयो। एक पल सुनको भाउ पौने तीन द्रम्भ पर्ने भयो। एक कर्ष चाँदीलाई बीस द्रम्भ पर्ने भयो। यसरी सबै चीजको भाउ बढ्यो। वर्षभरी नै यस महंगीले जनतालाई सतायो। यसपाला पनि तीनखण्डमा एक खण्ड जति मानिस अनिकालको महामारीमा परेर मरे।[७९]

यसको दश वर्षपछि वि.सं. १२९८ माघवदि ५ देखि सात दिन सात रातसम्म लगातार ठूलो हिउँ पऱ्यो। तल तल ब्याँसीमा पनि हिउँ आइपुग्यो। यसले गर्दा अनेकौं गाईभैंसी भेडा बाख्रा हिउँमा परेर मरे।[८०]

वि.सं. १३०१ असारमा औंसीका दिन पनि त्यस्तै भयंकर ठूलो सलहको हूल आयो र बालीनाली नष्ट पाऱ्यो र चार दिनसम्म बाहिर निस्कन भएन। यसले देशमा ठूलो अनिकाल ल्यायो र भयङ्कर महामारी पनि फैलियो।[८१]

राजा अभय मल्लले यस्ता वारंवार आइपरेका प्राकृतिक र मानुष प्रकोपबाट दुनियाँमा परेको पीडाकष्ट निवारण होस्, सुख शान्ति आओस् भन्ने ध्येयले अनेकौं शान्तिस्वस्ति कर्म गरे। पशुपतिमा वर्षैपिच्छे लक्षहोम पक्षश्राद्ध महास्नानको विधिविधान गराए, कैलासपूजा पनि गराए।[८२] यसरी धार्मिक कृत्य शान्तिस्वस्ति कर्म गराउँदा उनको र उनका जनताको मनमा शान्ति त मिल्यो होला, प्राकृतिक प्रकोपको शान्ति चाहिँ भएन। वि. सं. १३१२ आषाढ शुदि ३ सोमवारका दिन नेपालमा महाभूकम्प आयो, सारा देवल घरहरू भत्केर भूईंमा मिले। बाँचेका सबै जनताले शहर छाडेर बाहिर गएर एक महीनासम्म बस्नुपऱ्यो। यस भयंकर संहारकारी भूकम्प आउँदा देशका तीन भागमा एक भाग जनता मात्र स्वाहा भएनन्, स्वयं राजा अभय मल्ल पनि यही भूईंचालोमा परेर परलोक भए।[८३] राजा अभय मल्लको मृत्युपछि

नेपालको माध्यमिक कालको इतिवृत्तको एक अध्याय समाप्त भयो र अब पुनः देशमा नयाँ सघंर्षका दिन शुरू भए ।

अभय मल्लको राज्यकालमा एक तिब्बती विद्वान् च्याग्लोचवा जोस्जेद् पाल (धर्मस्वामी) (वि.सं.१२५४-१३२१) नेपाल भारतका बौद्धतीर्थको अध्ययन भ्रमण गर्ने उद्देश्यले भोटबाट हिँडेर पहिले नेपाल आएका थिए । यहाँ त्यस वेला स्वयम्भू बौद्धहरूको मुख्य अखाडा थियो । त्यहाँ गुरु रत्नरक्षित रहेका थिए । धर्मस्वामी अतिशाले स्थापना गरेको थम्विहार अर्थात् धर्मधातु महाविहारमा पनि गए, उनले यहाँको धार्मिक जीवनको राम्रो चित्रण गरेका छन् । बुङमतीका राता मच्छिन्द्रनाथको रथजात्राको पनि उनले वर्णन गरेका छन् । उनी पूरा आठ वर्ष नेपाल बसेका थिए । त्यस वेलाको राजनैतिक परिस्थिति कस्तो के थियो, स्वामीले त्यसपट्टि केही ध्यान दिएनन् । यहाँबाट नालन्दा, विहार, बोधगया (वज्रासन), राजगृह गए, त्यहाँ बुद्धसेन राजा थिए । सिम्रौनगढमा रामसिंह राजा थिए, त्यहाँ घुमघाम गरी फेरि फर्केर उनी नेपालमा आए । उनले सिम्रौंनगढको राजधानी र त्यस किल्लाको विचित्र बनौटको विशदवर्णन गरेका छन् । नेपालका बौद्धधर्ममा आस्था राख्ने भारदारले दिएको भेटीघाटी लिएर उनी आफ्नो देशतर्फ गए ।[८४]

३.१ टिप्पणी

१. वंशावलीका धेरैजसो भाषा पाठमा यो कथा छ ।

२. महापरिनिर्वाणसूत्र द्रष्टव्य.

३ लिच्छिविक - वृजिक-मल्लक- मद्रक-कुकुर-कुरु-पाञ्चालादयो राजशब्दोपजीविनः ।

कौ.अर्थशास्त्र ११।१।६

४. झल्लो मल्लश्च राजन्याद् व्रात्यान्निच्छिविरेव च ।
नटश्च करणश्चैव खशो द्रविड एव च ॥

मनुस्मृति १०।२२ ।

५. यस सम्बन्धमा विस्तारको लागि द्रष्टव्य, लि नेपाल २ भा २१०-१४ पृ . नेपालनिरुक्त ३८-३९ पृ. को ८४ टिप्पणी ।

६. हरिपुरबाट "हाँडीगाउँ" को नाउँ रह्यो भन्ने धनवज्रको लेखाइलाई मैले पनि सकारेको थिएँ । तर "**अण्डिग्राम**"बाट हाँडीगाउँ बनेको कुरा हालको अनुसन्धानबाट जानकारी हुन आएको कुरा माथि उल्लेख गरियो ।

७. मल्लकरको परिभाषा, सिनास, जर्नल ७ भा. १-२ सं. तथा नेपाल निरुक्त १३८-१५४ पृ.

८. मेडिवल् हिष्ट्री अफ् नेपाल (द्वि. संस्करण १९८४ ई.) ७७ पृ.

९. लि नेपाल २ भा.२१२-१३ पृ .

१०. मे.हि.नेपाल ७८ पृ .

११. शास्त्री-क्याटलग् १ भा. ६४ पृष्ठ .

१२. पी.सी. मुखर्जी, ए रिपोर्ट ... अन् द एन्टिक्युटिज् इन् तराई नेपाल, ३४ पृ.

१३. इतिहासप्रकाश २/१ भा. ८० पृ.

१४. नेपालवृत्तान्त क पाठ ४३ पत्र ।

१५. जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन ४६ पृ .

१६. दुल्लुको पृथ्वी मल्लको स्तम्भलेख हिमवत्संस्कृति १।१।४०-४१ पृ.

द्रष्टव्य- परिशिष्ट

१७. क पाठ ३३ क पत्र ।

१८. शङ्कराचार्यको अभिलेख २५ श्लोक, पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा १ परिशिष्ट ४९ पृ .

१९. यसको चर्चा माथि भइसकेको छ ।

२०. क पाठ ३२ पत्र ।

२१. उही ।

२२. क पाठ ३५ पत्र ।

२३. ३३ पत्र ।

२४. ३६ पत्र ।

२५. उही ।

२६. उही ।

२७. यस सम्बन्धमा द्रष्टव्य छन्-

(क) षष्ठ विक्रमादित्य चालुक्यको नीलगुन्डा ताम्रपत्र,

सेलेक्ट इन्स्कृप्सन्स् २ भा. ५२५-३५ पृ.

(ख) प्राचीन भारतका राजनीतिक एवं सांस्कृतिक इतिहास ६२०-२२ पृष्ठ .

(ग) लि नेपाल २ भा. २१३-१४ पृष्ठ .

२८. सेलेक्ट इन्स्कृप्सन्स् ६४४ पृष्ठ तथा १४५ को टिप्पणी

२९. हिष्ट्री अफ् मिथिला २५४- ५५ पृष्ठ

३०. द कर्णाट्स् अफ् मिथिला, एनाल्स अफ् द भण्डारक ओरिएन्टल् इन्स्टिच्यूट् ३५ भा. १०० पृ.

द्रष्टव्य : नेपालीको एक नौलो कविता, नेपाली ९४ पूर्णाङ्क ३९ पृ.

३१. मिथिलाक इतिहास, २०५ पृष्ठ ।

३२. वंशावलीका धेरै भाषापाठमा यो कथा पाइन्छ ।

३३. मे.हि. नेपाल ५६ पृष्ठ ।

३४. बनेपालाई नेवारीमा भोन्त वा भुवन्त भनिन्थ्यो । त्यसबाट यसलाई भोन्ट र भोंटबाट भोट नै पनि बनाइयो । तीरभुक्ति तेह्रोतेलाई भनिन्छ । तीरभुक्तिबाटै भुंक्ति हुँदै भुवन्त वा भोवन्त भएको हो, भोन्तको भोटसँग होइन तीरभुक्तिसँग सम्बन्ध छ भन्ने मत ठाकुरलाल मानन्धरले व्यक्त गरेका छन्-

ए ब्रिफ् फ्रम् द बेण्डालवंशावली, इनास जर्नल १/२,९९-१०२

३५. पोहको अर्थ गोपालराजवंशावलीमा नेपालीमा खुलाएको छैन । अंग्रेजीमा ठूलो दर्जा हो भनिएको छ । (गो. वंशावली १७९ पृ.)

पेटेकले पोहको अर्थ चीफ (प्रधान) भन्ने गरेका छन् । मे. हि. नेपाल ९० पृष्ठ

३६. (क) अष्टसाहस्रिका प्रज्ञापारमिता. रा.अभि.५.१८१, मे. नेपाल १ भा. २०७ पृष्ठ

(ख) वृत्तसारसंग्रह धर्मपुत्रिका रा.अभि. ५.७३८ मे.नेपाल २ भा. २०७ पृष्ठ

(ग) ज्योतिषरत्नमाला. केशरलाइब्रेरी ४६ सं., मे.हि. नेपाल ८० पृष्ठ

(घ) बृहज्जातक केशरलाइब्रेरी ४० सं. मे.हि., नेपाल ८० पृष्ठ

(ङ) सप्तबाधाप्रणाशन रा.अभि. १.१६४५.१४. शास्त्रीक्याटलग् १. भा. ८३ पृ.

(च) अष्टसाहस्रिकाप्रज्ञापारमिता डोरगुम्बा, विहार रिसर्च सोसाइटी २१-३२

(छ) क्रियाकाण्डक्रमावली रा.अभि. १. १३६१.१५, शास्त्रीक्याटलग् १ भा. ९६ पृष्ठ

(ज) अष्टसाहस्रिकाप्रज्ञापारमिता रा.अभि. ३.६८२, बृहत्सूचीपत्र ७ भा. ४० पृष्ठ

(झ) देवीमाहात्म्य. व्यक्तिगतसंग्रह, मे.हि. नेपाल ८१ पृष्ठ

(ञ) महारहस्यसम्प्रदाय . केशरलाइब्रेरी . ७९.२सं., मे.हि. नेपाल ८१ पृ.

(ट) मन्थानभैरवतन्त्र. रा.अभि. १.११५१, बृहत्सूचीपत्र ४ भा. ६५ पृष्ठ

(ठ) मालतीमाधवटीका. एसियाटिक सोसाइटी, ४८०५. डिस्क्रिप्टिभ् क्याटलग् ७ भा. २४३ पृ.

(ड) साधनसमुच्चय. क्याम्ब्रिज युनिभर्सिटी लाइब्रेरी . ए. डी.डी. १६४८ बेण्डाल क्याटलग्. १५५ पृष्ठ

(ढ) क्रियासंग्रह. केशरलाइब्रेरी १०९ सं.मे.हि. नेपाल ८१ पृष्ठ

(ण) अमृतेश्वरपूजा रा.अभि. १.१३६५.५ मे.हि. नेपाल ८१ पृष्ठ

३७. मेडिवल् हिष्ट्री अफ् नेपाल ८२ पृष्ठ

३८. यसको चर्चा माथि भएको छ- २ प्र. १ अ. का १२०-१२१ टि. द्रष्टव्य

३९. अमृतेश्वर पूजा ('ण' पुस्तक) को पुष्पिका।

४०. उही,

४१. प्रणम्य अलकाचार्यपादपद्मं सुभक्तितः
श्रीविमलप्रबोधोऽहमेकदण्डी शिवात्मकः
परमहंस परिव्राजकाचार्य श्रीविमलप्रबोधपादविरचितकालीकुलक्रमार्चनं समाप्तम्।

रा.अभि. त्रि. ल. ३१४ . ९२, बृहत्सूचीपत्र ४/४१

४२. उही 'ण' पुस्तकको पुष्पिका

४३. उही,

४४. क पाठ २५ ख पत्र

४५. ..... श्रीअरिमल्लदेवस्य विजयराज्ये, श्रीपञ्चावतदेशीय
विषयाधिपति राणक श्रीश्रीधरसिंहस्य वर्त्तमाने,

खपुस्तकको पुष्पिका

४६. मेडिवल् नेपाल १ भा. २१० पृष्ठ

टू अर्लियस्ट कप्परप्लेट् ....२१ पृष्ठ

४७. सिनास जर्नल ५/१/१०१ पृ.

४८. मे.हि. नेपाल ९० पृ.

४९. 'ण' पुस्तकको पुष्पिका ।

५०. माथि वर्णित महासामन्त रत्नदेवका पालाका ग्रन्थका पुष्पिका वाक्य २ प्र. २ अ. को. टि. १-क, ख, ग.

५१. 'जेजाभुक्तीय-श्रीवास्तव्य-कायस्थान्वय-पण्डित श्रीरत्नपालेन

उही १- 'क' को पुष्पिकाबाट ।

५२. पन्चावतप्रभृति पुराना पदको परिभाषा, प्रज्ञा ८४ पूर्णाङ्क द्रष्टव्य

५३. क) क्रियासंग्रह. रा. अभि. ४.६१., मेडिवल् हिष्ट्री अफ् नेपाल ८३ पृ.

ख) समाजतन्त्रानुसारिणी गुणचक्रक्रिया, रा. अभि., ३.८०३.१२.१०

मे.हि. नेपाल ८३ पृ.

ग) निष्पन्दयोगावली, रा. अभि. ५.६९०४. मे. नेपाल १ भा. २१७पृ.

(रेग्मीले यसको संवत् अशुद्ध पढेका थिए)

घ) आर्यवसुधाराया: षोडशकल्प. व्यक्तिगतसंग्रह, मे.हि. नेपाल ८३ पृ.

ङ) वज्रावलि नाममण्डलोपायिका, रा. अभि. ३.८०३.१२.७

मे.हि. नेपाल ८३ पृ.

च) चण्डकौशिक. एसियाटिक सोसाइटी, ३८२४. सं, ए डिस्क्रिप्टिभ् क्याटलग ७.२५२ । यसमा पहिले संवत् अशुद्ध पढिएको थियो ।

छ) विष्णुधर्मोत्तर, रा.अभि. २.५१, मे.हि. नेपाल ८३ पृ.

ज) गाथासप्तशती, पूर्णिमा, ३९ पूर्णाङ्क ३६ पृ.

झ) भारतीय नाट्यशास्त्र, रा. अभि. २.२१५. १ नेपालमण्डल ३१८पृ.

ञ) प्रतिष्ठापद्धति, केशरलाइब्रेरी, ३७० सं., मे.हि. नेपाल ८४ पृ.

ट) अष्टसाहस्रिका प्रज्ञापारमिता, पाटन, मे.नेपाल-इन्स्कृप्सन्स् एण्ड कोलोफोन् २०पृ.

ठ) कल्याणसंग्रह. पेरिस युनिभर्सिटी, लि नेपाल २ भा. २१५ पृ.

ड) मोतीटारको शिलालेख, अभिलेखसंग्रह २ भा. १४ पृ.

(यसमा बेहोरा नेवारी भाषामा लेखिएको छ)

ढ) चाँगुनारायणको भण्डारको सुवर्णपत्र, चाँगुको ऐ. सामग्री १६० पृ.

(यसमा बनियंप्य (बनेपा) बस्ने उदयश्री मानंधरीले सुवर्ण कवच भगवान्लाई चढाएको बेहोरा छ ।)

ण) रोषणतन्त्र-पन्जिकाटीका. व्यक्तिगतसंग्रह., मे.हि. नेपाल ८४ पृ.

त) सप्तशती, रा. अभि. १.१५५९. १०., शास्त्रीक्याटलग्. १ भा. ६९ पृ.

थ) स्रग्धरास्तोत्र, पूर्णिमा ६९ पूर्णाङ्क ४० पृ.

द) परमार्थनामसङ्गीति, रा.अभि. ५.१६७, मे.नेपाल १ भा. २१७ पृ.

ध) पन्चरक्षा. पूर्णिमा ६९ पूर्णाङ्क ४१ पृ.

न) सप्तशती रा.अभि. १.१५३४.१. शास्त्रीक्याटलग्, १ भा. ६९ पृ.

प) पद्मनामसंग्रह, रा.अभि. ३.३६०.९ शास्त्रीक्याटलग् २ भा. १९ पृ.

फ) अष्टसाहस्रिका प्रज्ञापारमिता, बृटिशम्युजियम्. २२०३ सं. बेण्डालक्याटलग् २२७.

ब) पन्चरक्षा रा.अभि. ३.३६७., शास्त्रीक्याटलग् २ भा. ५९ पृ.

भ) गुइतबहालको अक्षोभ्यमूर्तिको अभिलेख., मे. हि. नेपाल ८५ पृ.

म) पन्चरात्रसंहितामहालक्ष्मीवसुदेवकल्प, केशरलाइब्रेरी ४२० सं. मे.हि नेपाल ८५ पृ.

य) क्रियासंग्रहपन्जिका, ए. सोसाइटी. बी २३, मे.हि. नेपाल ८५ पृ.

र) अष्टसाहस्रिकाप्रज्ञापारमिता. क्याम्ब्रिज् युनिभर्सिटि लाइब्रेरी ए.डी.डी. १४६५ वेण्डालक्याटलग् १०१

ल) सप्तशती रा.अभि. १.१५५९.१., मे.हि. नेपाल ८५ पृ.

व) वासुदेवकल्प रा.अभि. ५.१९६३., मे.नेपाल १ भा. २१७ पृ.

५४. (फ) सं. भारतीय नाट्यशास्त्रको पुष्पिका ।

५५. (न) सं. सप्तशतीको पुष्पिका ।

५६. लि. का. अभिलेख १८४.२०२ पृ., नेपाल निरुक्त ६८ पृ. १२ टि.

५७. 'महाराजाधिराज परममाहेश्वर. परमभट्टारक. श्रीमज्जयभीमदेवराज्ये' महालक्ष्मीव्रतको पुष्पिकाबाट, शास्त्रीक्याटलग् १ भा. २४ पृ. कपाठ २६ पत्र र ३५ पत्र ।

५८. 'परमभट्टारक महाराजाधिराज परमेश्वर श्रीमद्रणशूरदेवस्य प्रवर्द्धमानविजयराज्ये यत्राङ्केनापि संवत् ३४२ मार्गवदी २. वटेश्वरेण लिखिता च कायस्थ लेखक महादेवेनेति विद्यावली, ब्रिटिशम्यूजियम् २२०८. बेण्डाल-क्याटलग् २१४ पृ.

५९. ने.ऐ. रूपरेखा १३० पृ.

६०. मे. नेपाल १ भा. २२० पृ.

६१. मे.हि. नेपाल ८६ पृ.

६२. सेलेक्ट इन्स्कृप्सन्स् ६३८ पृ.

६३. २ प्रकरण २ अध्याय को १८ टि. ।

६४. सं. ३०३ चेतशुक्लत्रयोदशी श्रीनरसिंहदेवस्य पुत्र श्रीरामसिंहदेव जातः ॥
डो ठाकुरः ॥ (कपाठ ३५ कपत्र)

६५. रामसिंहका पालाका पुष्पिकावाक्य -

क) इति श्रीमिथिलामहीमहेन्द्रसमस्तप्रक्रियाविराजमान श्रीम .... वरलब्धप्रसाद पुण्यावलोकमहाराजाधिराज श्रीमद्रामसिंहदेवानां सदस्य महामहोपाध्याय श्रीश्रीकरविरचितामरकोषविवरणटीकायां व्याख्या मृतामिधानायां २ काण्डे.......विवरणं समाप्तम्

रा. अभि प्र. ८०२. वी. ११६ अमरकोषटीका
बृहत्सूचीपत्र ९ भा ३६ पृ. (मिति छैन)

(अमरकोषको अमृताभिधाना टीका बनाउने श्रीकर पण्डित हुन् ।

यिनी गाङ्गेयदेवको पालामा रामायण सार्ने गोपतिका बाबु श्रीकर नै हुन् भन्ने बुझिन्छ ।)

ख) राजाधिराजगणलक्ष्मणसेनदेवस्य संवत् ६७ मार्गवदि ५ रवौ परमभट्टारक इत्यादि राजावली पूर्वत् (परिवृत) श्रीमद्रामसिंहदेवभुज्यमाने तीरभुक्तौ शाल्मलीवनपाटके लिखिता भगवती प्रज्ञापारमिता लिखिता पण्डित मालाधरेणेति,

राष्ट्रिय अभि. अष्टसाहस्रिका प्रज्ञापारमिता मे. नेपाल १ भा. २६९ पृ.

लक्ष्मणसंवत् ६७ मा यहाँ रामसिंह देखिए । यसको ११ वर्ष अघि शाल्मलीपाटक (सिम्रौनगढ) मै लेखिएको एक पुस्तकमा वीरसिंहदेवको नाम पाइन्छ -

ग) लक्ष्मणदेव षट्पञ्चाशताब्दीय राज्ये ५६ श्रीमद्वीरसिंहदेवस्तन्यमानायां तीरभुक्तौ शाह्मलीपाटके स्थित्वा लिखितमिदं छात्र श्रीशुमाङ्कदाशेन... मार्ग शुदि १४ ।

तिब्वतको डोरगुम्बाको अष्टसाहस्रिकाप्रज्ञापारमिता

जर्नल- विहाररिसर्च सोसाइटी २१ सं. ३७ पृ.

- रामसिंहको जन्म वि.सं. १२४० मा भएको र नेपालमा चढाइ क्रमशः वि.सं. १२८०, १३०१ र १३०२ मा भएको कुरा नेपाली स्रोतबाट प्रमाणित छ । लक्ष्मणसंवत्को आरम्भका विषयमा धेरै मत छन् । जन्म राज्यप्राप्ति र राज्य

गुमेको वर्षका हिसाबले यसको आरम्भ मानिएको छ । अतीतराज्यको हिसाबले गणना गरेर ल.सं. ६७८ वि.सं (१२६१ - १३२८) मा रामसिंहको समय पुऱ्याई बीचमा वीरसिंहलाई (वि.सं. १२६१ - ५७ - १३१८) राखी यिनलाई वीरसिंहभन्दा पछि भएका दोस्रा रामसिंह भनी पेटेकले व्याख्या गरे । (मे.हि. नेपाल २११ पृ.) तर वीरसिंह राजा होइनन्, राजकुलीन वा युवराज मात्र हुन् । मिथिलाको इतिहासमा वीरसिंहको नामोल्लेख छैन, रामसिंहको राज्यकाल ५८ वर्षजति लामो दिइएको छ ।

ल.स.अतीतकै हिसाबले पनि उनी वि.सं. १३२४ वा १३२८ मा राज्य गरिरहनु पनि असम्भव होइन । त्यसकारण मेरो विचारमा पेटेकले यिनलाई दोस्रो रामसिंह बनाउनु व्यर्थ छ । अर्को कुरा यहाँ शङ्कास्पद के छ भने अब्दीय (वर्षको) शव्दको प्रयोग अतीतमा ल्याएर पेटेकले हिसाव गरे । तर पछि हरसिंहदेवको पालामा लेखिएको भट्टिकाव्यमा ल.सं १५९ पाइन्छ, यसलाई अतीत मानेर जोड्दा वि.सं. १४२० हुन आउँछ । हरसिंह वि.सं. १३८२ मै परलोक भएबाट सो कुरा मिल्दैन । त्यसकारण यो पनि यहाँ विचारणीय छ ।

६६. कपाठ ३४ कपत्र,

६७. कपाठ ३६ खपत्र, ३७ कपत्र,

६८. उही,

६९. कपाठ ३८ खपत्र

७०. कपाठ ३४ पत्र

७१. कपाठ ३९ पत्र

७२. कपाठ ३३ - ३४ कपत्र,

७३. उही

७४. उही

७५. उही तथा ३७ खपत्र

७६. कपाठ ३३ खपत्र । कीर्तिपालभारोलाई पेटेकले भादगाउँका भनी लेखे । यह (यल) कीर्तिपाल भारो भनेको हुँदा मैले यिनलाई पाटनका भनी लेखेको हुँ ।

७७. उही,

७८. उही, ३४ खपत्र, यहाँ नेवारीशब्द 'तव क्वल वोस वव'को अर्थ ठूलो पानी पऱ्यो भन्ने गरिएको थियो, तर यो ठूलो सलहको हुल आएको घटनाको वर्णन थियो । ठाकुरलाल मानन्धरको नेवारी अंग्रेजीकोषको आधारमा महेशराज पन्तले यसको पाठ क्वल वोस पढी अर्थ सलह भन्ने गरी संशोधन गरेका छन् । (पूर्णिमा ७२ पू. ४७ पृ.)

७९. कपाठ ३९ खपत्र

८०. उही ३८ पत्र

८१. उही

८२. राजा श्री अभयमल्लदेव वर्ष ४२ मा ६ तस्य राजे महामारी दुर्भिक्ष प्रजा कष्टी भवति, तस्य शान्तिकृते वर्षप्रति लक्षहोम, पक्षश्राध कृत्यः श्रीपशुपतिभटारकाय महास्नान कैलास पूजनम्कृतम् ॥

(कपाठ २५ खपत्र)

८३. (क) सं. ३७५ आषाढशुक्लतृतीया पुनर्वसु सोमवार जोग ध्रुवः तव भूंकम्प ववः बाल छिटो लिछिंवु, पिङङदेश त्वहत माङा अनेक देवल छं डोक्व । विजयराज श्रीअभयमलदेवस आदिन प्रजा शिक्व त्रिभागस छ भाग

(उही ३८ क पत्र पुरानो वृत्तान्त कपाठ)

(ख) महामारी अनावृष्टि दुर्भिक्ष, प्रजाक्षय भूमिकम्प छत्रभङ्ग (ख पाठ ९ पत्र) खपाठको संस्कृतमा संक्षेपमा ६ वटा उत्पात बताएर अन्तिममा छत्रभङ्ग भनियो ।

८४. बायोग्राफी अफ् धर्मस्वामी, (च्याग्लोचवा, चोस्जेद् पाल) ५३-५६, १०१- पृ. मे. हि. नेपाल -८८ पृ.

तृतीय प्रकरण

२ अध्याय

जयदेव (वि.सं. १३११–१४)

अभय मल्लको लामो अत्यन्त संघर्षमय दु:खी शासनको अन्त्य पनि त्यस्तै दुर्घटनाबाट हुन आयो। यिनको शासनका अन्तिम दिन पनि धेरै दु:खपूर्ण थिए। चारैतिर शक्तिका लागि संघर्षै-संघर्ष चलिरहेका थिए। यसै कारणले भूइँचालोमा परेर अभय मल्लको मृत्यु हुनुभन्दा ९ महीना अगाडि नै राजा जयदेवको राज्यारोहण (पट्टबन्ध) भयो। पुराना वृत्तान्तको क पाठको नेवारी भागमा यस राज्यारोहणको अलिकति वर्णन गरिएको छ। ने.सं. ३७४ (वि.सं. १३११) आश्विन वदि २ आइतवारका दिन देउपाटन र दर्छेका मानिसले बिहान ६ घडी बिताएर पट्टबन्धको काम गरे। राजचिह्नहरू सबै त्यहाँ जम्मा पारेका थिए। सुनौला छत्र, सुनको डाँठ भएको छत्र, हीरा जडेको छत्र, सिंहध्वज थिए। बाजा बजाउने २४, छत्रधर ३ थिए। गुरीछेंमा राजाले ढाल तरवार राखे। बनेपाली देवी (इष्टदेवी) कहाँ पताका टाँगियो। राजाका दाजुभाइले पनि स्वागतको काममा भाग लिए। पुराना वृत्तान्तको संस्कृत भागमा जयदेवकै पालामा भूमिकम्प महामारी दुर्भिक्ष भए[1] भन्ने कुरा लेखिएकोले पनि उनको राज्यप्राप्ति पहिल्यै भएको देखिन आउँछ।

यसबाट अभय मल्ल छँदै बनेपाली जयदेव राजाले भक्तपुरबाट छुट्याएर आफ्नो दरवार देउपाटन र दर्छेका मान्छेको मद्दतले छुट्टै कायम गरेको देखिन्छ। यसमा अर्को कुरा पनि चाखलाग्दो छ, यिनले आफ्नो पट्टबन्धको वेला बनेपाकी देवीलाई इष्ट मानेर ध्वजापताका चढाएको र उनका गोतियाहरू सहयोगीको रूपमा भेला भएको देख्ता यिनी अभय मल्लका छोरा नभएर अर्को वंशका हुन् भन्ने भाव पनि बुझिन आउँछ। तर दुर्भाग्यवश अभय मल्लको छोरालाई चिनाउने पंक्ति अस्पष्ट भएबाट[2] धेरैलाई निर्णय गर्न गाह्रो परेको हो। यिनका नाममा मल्ल पनि नजोडिएको कुरालाई लिएर रेग्मीले लामो चर्चा निकालेका छन्।[3]

राजा अभय मल्लका छोरा जन्मेको र उनको मृत्यु भएको मिति पनि विभिन्न पढिएको छ तापनि पेटेकले यिनको छोरा जयदेवै हुन् र उनको जन्म ने.सं. ३२४ (वि.सं. १२६०)

राज्यारोहण ने.सं. ३७५ (वि.सं. १३१२) असारमा र मृत्यु ने.सं. ३७८ (वि.सं. १३१४) माघमा भएको हो भन्ने कुरा पक्का मानी २ वर्ष ७ महीनाको यिनको शासनकालको मिलान गरेका छन्।[४] सबै वंशावलीका पुराना पाठमा यो राज्यकाल मिल्दछ। भाषापाठमा बढाएर यिनको राज्यकाल १३ वर्ष दिइएको छ। क पाठको मूलको वाक्य विभिन्न जन्म मृत्युको मितिमा विप्रतिपत्ति उठाइएको छ, जन्मने राजाको नाम बुझिँदैन।[५]

त्यस वेलाको वर्णनमा भोन्त (बनेपाली) जयदेव पोह भन्ने एकजना व्यक्ति निकै शक्तिशाली देखिन्छन्। जयदेव राजाको पट्टबन्ध भएकै पक्षमा १३ दिनपछि अर्थात् आश्विन वदि १४ मा नेपिंक्वाठ र टोखाक्वाठमा रहेको सबै सुन(धन) झिकेर जयदेव पोहले लिएको हुँदा त्यहाँका क्वाठनायकले विद्रोह गरे।[६] यसको १६ महीनापछि वि.सं. १३१२ माघमा जयदेव पोहले निपींक्वाठमा आफ्नो दख्खल जमाए। तर लगत्तै जयभीमदेव पोहले यो किल्ला फिर्ता लिए र चोछेंका आनन्द भालाई बाँधेर मारे।[७] जयभीमदेवलाई जस्तै जयदेवलाई पनि भोन्त पोह भनेबाट यिनै राजा जयदेव हुन् भन्ने संभावना पनि नआउने होइन। यति वेला जयदेव जयभीमदेव र जयसिंह मल्लहरूको[८] निकै ठूलो चर्तीकला देखिन्छ। जयदेव र जयभीमदेवलाई राजा र जयसिंहलाई युवराज भनिएको छ। यिनको परस्परमा शक्ति र सत्ताको लागि संघर्ष पनि चलिरहेको थियो।

केही वर्ष पहिल्यै वि.सं. १३०६ मार्गमा कुमार अनन्त मल्लले भक्तपुरको युथुनिमम् दरबारबाट जो भारोको छोरालाई निकाला गरेका थिए। जयसिंह मल्लले पनि बनेपाली फु भारोलाई कैद गरेका थिए।[९] यिनको हातमा निकै ठूलो अधिकार थियो। वि.सं. १३०७ वर्षामा विद्रोह गर्ने क्वाठनायकलाई दबाउन भक्तपुरबाट यिनै खटिएका थिए। एक महीनासम्म घेरा हालेर विद्रोहीलाई निकाले।[१०] तर यो कुन किल्ला थियो, खुलेको छैन।

केही वर्ष पहिलेदेखि जयसिंह मल्लको दरबारमा मुद्दामामिला हेर्नेदेखि लिएर युद्धमा सैनिक सञ्चालन गर्न जानेसम्म पनि अधिकार थियो। वि.सं. १३१२ श्रावणमा चोरीको बात लागेका पुह भारो र उनका छोरालाई जयसिंहले नै निकाला गरिदिए।[११] वि.सं. १३१४ आश्विन वदि १२ मा जयभीमदेव (बनेपाली) र युरा भारोले कब्जा जमाएको पींक्वाठबाट उनलाई निकाली जयसिंह मल्लले फिर्ता लिए।[१२] यति वेला नेपालमा त्रिशक्तिको परस्परमा ठूलो संघर्ष थियो, जयदेव राजा देउपाटनदरबारतिर बसेर आफ्नो राजकीय स्वत्व कायम गर्न खोजिरहेका थिए। जयसिंह मल्ल भक्तपुरको इलाकामा रहेर विद्रोह दबाइरहेका थिए। बनेपाली जयभीमदेव आफ्नो सैनिकबलले सम्पूर्ण क्षेत्र कज्याउन चाहिरहेका थिए।

यस्तै अवस्थामा भूकम्पको दुर्घटनामा परी राजा अभय मल्लको मृत्यु भयो। यस भूईँचालोले पारेको विनाशलीलाको वर्णन गरेर साध्य थिएन। देश छोडेर एक महीना बाहिर

बस्तुपऱ्यो। यस दुर्घटनामा धेरै शहरका घर भत्केर माटामा मिले। घरले किचेर र महामारी उठेर तीन खण्डमा एक खण्ड मानिस मरेको कुरा माथि नै वर्णन गरियो। यो हाहाकारको वेला राजगद्दी खालि थियो। यो संकटको घडीमा त्यतापट्टि कुनै निर्णय हुन सकेको थिएन। जयभीमदेव पोह र जयसिंह मल्ल सिंहासनका लागि संघर्ष गरिरहेका थिए। जयदेवको राजसत्तालाई सबै शहरले मान्यता दिएका थिएनन्। केही समयसम्म यही गडबडमा बित्यो। आखिर धेरै वर्षपछि पहिलेदेखि राजपद पाइसकेका जयदेव नै सबै राजगद्दीको अधिकारी हुने निधो लाग्यो र ने.सं. ३७७ (वि.सं. १३१३) मार्ग शुदि पूर्णिमाका दिन देउपाटनमा विधिविधानसँग राजा जयदेवको पट्टबन्ध (राज्यारोहण) समारोह सम्पन्न भयो। महाथ ४, चमर हम्कने ४, तरबार लिने ५, द्वारे ४, दण्डधारी ४ जना र १ गुरुज्यू १ ज्योतिषी भएर राजाको त्यहाँ स्वागत गरियो। पहिलेका राजाको आशौच बारेर बज्रे प्रजाले स्नान गरे। गोत्रदान गरियो।[१३] अब नयाँ राजालाई पुरानो राजाको मान्यता दिइयो।

यस माथिको विवरणबाट केही समयपछि राजा जयदेव सिंहासनारूढ घोषित भए र उनी कान्तिपुर र पाटनमा अधिपति हुने र जयसिंह चाहिँ युवराज भई भक्तपुरको त्रिपुरका अधिकारी हुने संझौता भएको बुझिन्छ, तर राज्याधिकारको कार्यविभाजन राम्रो नहुँदा गडबड चाहिँ अघिपछि बराबर चलिरहेका थिए। यसभन्दा केही अघिका घटना हेर्दा जयदेवले राज्यसिंहासनका लागि कस्ता संघर्ष गर्दै सफलता लिँदै गएर सो सम्झौतामा पुगेका थिए भनी स्पष्ट देखिन्छ। वि.सं. १३१२ वैशाखमा राजा जयदेवले एउटा किल्ला राम्रो बनाएको र जयसिंह मल्ल भक्तपुर भित्रिएको घटना यहाँ स्मरणीय छ।[१४] जे भए पनि यो घटनापछि जयदेवको शक्ति र प्रभाव निकै बढ्यो। त्यसै साल द्वि. आषाढ शुदि १२ को दिन मेनंटुटीमा पनि उनको नागपट्टबन्धको विधान गरियो। नाचगानद्वारा उनको स्वागत त्यहाँ भयो। त्यसको १ महीनापछि श्रावण शुदि १२ मा एन्दल (हाँडीगाउँ)काले पनि उनको गद्दीलाई माने र त्यहाँ पनि उनको पट्टबन्ध विधान गरियो।[१५] मंसीरमा विधिपूर्वक ठूलो विधानसँग द्यौपाटनमा पट्टबन्ध भएको थियो। यसरी सबैतिर उनको प्रभाव फैलियो, सबै किल्लापालले मान्यता दिए।

यसै वेला यहाँ एउटा ठूलो घटना घटेको कुरा हामी पढ्न पाउँछौं, जयदेवलाई एन्दलमा पट्टबन्ध गर्नुभन्दा ४ दिन अगाडि श्रावण शुदि ८ को राति बनेपाली जयभीमदेव पोह र युरा भारो आई भण्डशाला (भन्सार-ढुकुटी) मा आक्रमण गरे। यहाँका ठूला ठूला मानिस (भारदार) हरूलाई निकाला गरे। धेरै सामान धनद्रव्य पनि लुटी लिए। यसको परिणाम नराम्रो निस्कियो। यम्बू यंगाल (उत्तर र दक्षिण काडमाडौं) र युरा भारो एक गठ भए, त्रिपुर राजकुल (भक्तपुर दरवार) र मानिगल (पाटन) एक गठ भए, त्यंखाशी भन्ने ठाउँमा लडाइँ जोरियो। यो युद्ध पाटन भादगाउँ एकापट्टि र काठमाडौं बनेपा एकापट्टि भएर लडेको

बुझिन्छ । किनभने भण्डशालामा लुट्न आउने बनेपाली जयभीमदेवका सहयोगी युरा भारोले यस युद्धमा प्रमुख भाग लिएका थिए । राजा जयदेवको के स्थिति थियो, स्पष्ट नभए पनि चार दिनपछि एन्दलमा उनका पट्टबन्ध भएकोले शक्तिवृद्धि भएकै अनुमान हुन्छ । बनेपाको र काठमाडौंको सामूहिक प्रयासले पाटन भादगाउँलाई कमजोर पारेबाट राजा जयदेवको सिंहासन मान्नेमा अब ठूलो शक्ति भएको थियो ।

वि.सं. १३१३ आश्विन शुदि ४ मा बहारक्वाठकिल्लामा विद्रोह उठ्यो, यहाँका क्वाठनायकले बनेपाली जयभीमदेव र युरा भारोलाई निकाले, यसको तीन दिनपछि जसिमाल पोह गएर नन्दल (हाँडीगाउँ) कब्जा गरे, त्यहाँबाट केही मालसामान पनि लुटी लिए ।[१६] आखिर जयदेव र जयसिंहदेव दुई राजकुलको बीचमा समझदारी कायम भएपछि यो संघर्ष केही मत्थर भयो ।

अभय मल्लको अन्तिम अवस्थामा र जयदेवको राज्यकालमा घटेका केही सामान्य घटना पुराना वृत्तान्तको आधारमा हामीले यहाँ चर्चा गर्‍यौं । यस वेला पूर्वपश्चिमका विषयहरूको नामोनिशान हरायो । तिनीहरू कति सिंजाराज्यमा र कति सिम्रौनगढराज्यमा सम्मिलित हुन पुगेको कुरा त्यस वेलाको राजनैतिक स्थिति हेर्दा स्वतः स्पष्ट हुन्छ । यहाँ केन्द्र पनि बनेपा पलाञ्चोकको शक्ति बढेपछि दुई दलमा विभाजित भएको स्पष्ट देखिन आउँछ । राजसिंहासनमा पुष्याभिषेक पाएका राजा विराजमान हुन्थे, यो गद्दीलाई सबैले मान्थे तापनि राज्यको हालीमुहाली भने युवराजको हातमा हुन जान्थ्यो । सन्धिविग्रहमा र घरायसी राजकाजमा पनि युवराजको प्रमुख हात हुन्थ्यो ।

युवराजको राज्यमा प्रमुख हात हुने कुरा त पुरानै हो भन्नुपर्छ, तर युवराज गद्दीनसीन राजाको औरसपुत्र नै हुने र सोही बाबुपछि सिंहासनको अधिकारी बन्ने वैधानिक नियम सनातन हो तापनि यसभन्दा केही अघि एघारौं बाह्रौं शताब्दीमा दाजुभाइमा जो जेठो बाठो त्यही नै युवराज हुने र राजसिंहासन पाउने नियम पनि हाम्रो यहाँ चलेको पाइयो, त्यसको चर्चा हामीले माथि नै गरिसक्यौं । अब आएर चौधौं शताब्दीको शुरूदेखि एक राजकुलको राजा भयो भने अर्को राजकुलको युवराज हुने अर्थात् एकान्तर राजा एकान्तर युवराजको व्यवस्था बाँधियो ।[१७] जयदेवको छोटो राज्यकालावधिमा लेखिएका अभिलेख प्रमाणमा दुईवटा पुष्पिकावाक्य प्राप्त भएका छन् ।[१८]

जयदेवपछि जयभीमदेव राजा भए । युवराज जयसिंह मल्ल नै बनेका थिए । पछि अर्का जयसीह मल्ल राजा भए । उनीपछि अनन्त मल्ल राजा हुन आए । अनन्त मल्ल राजा भएका वेला उनका छोरा जयारि मल्लले यौवराज्य पाएनन् । पहिलेका युवराज जयसिंह मल्ल

बितेपछि बनेपाली राजा जयभीमदेवका छोरा जयादित्यदेवले युवराज हुने सौभाग्य पाए। यस प्रथाको श्रीगणेश अहिलेदेखि नै भयो भन्न त सकिन्छ, किन्तु अरि मल्लका औरस छोरा अभय मल्लले राजसिंहासन पाएका हुँदा त्यस वेला यो चलन नभएको बुझिन्छ। अभय मल्लका पालामा एक जना कुमार अनन्त मल्लको नाम आउँछ, ती कसका छोरा हुन्, थाहा छैन, अभय मल्लको अन्तिम अवस्थामा वा जयदेवका पालामा नै यो कुरा प्रचलनमा आएको देखिन्छ। वि.सं. १३११ मा जगत् मल्लका छोरा जयन्त मल्ल जन्मे,यिनी पाँचै वर्षमा मरे, तर यिनलाई युवराज भनिएको छ।[१९] जगत् मल्ल राजा देखिएका छैनन्, बालक छोरा युवराज भनिएबाट पालो उनैको आउने रहेछ कि भन्ने पनि देखिन्छ।

मुकुन्द सेनको चढाइको कथा

भाषावंशावलीमा जयदेवका बारेमा लथालिंगसँग कल्पित कथा जोडेको छ। जयदेव र आनन्द मल्ललाई दाजुभाइ भनेको छ। पहिला आनन्ददेव पहिल्यै भएका र अर्का आनन्ददेव पछि हुने हुन्। सुनेको कथा कथ्ने भाषावंशावलीकारले आनन्द मल्ल, जयदेव मल्लका कान्छा भाइ भनी कथा जोडेको छ तापनि वंशावलीको एउटा कुरो चाहिँ यहाँ मननयोग्य छ, सो के भने कान्छा भाइ बडो पुरुषार्थी हुँदा दाजु जयदेवलाई दुबै शहरमा भोग गराई भक्तग्रामलाई शहर पारी आफू पूर्वका बनेपुर (बनेपा), पनौती, नाला, धुलिखेल, खड्पु, चौकोट, साँगा गरी ७ ग्राम बसाई भक्तपुरसमेत यिनले राज्य गरे भनेबाट जयदेवका पालादेखि दुई शक्ति - राजा युवराजका बीच दुई राज्यको राजकाज विभक्त भएको एउटा कुरा चाहिँ बुझिन आउँछ। नेपालसंवत् उत्पत्ति भएको, नान्यदेवले विजय गरेको यहाँका राजा भागेर तराई पसेको, उनका सन्तानको राज्य चलेको, रामसिंहका पालामा पाल्पाका राजा मुकुन्दसेनले आक्रमण गरी सबै तहसनहस पारेको, वैश्यहरूले काठमाडौं पाटनमा प्रभुत्व जमाएको, हरिसिंहको विजय र उनको वंश राजा भएको आदि कथा पनि भाषावंशावलीमा वर्णन गरिएका छन्। यिनमा अतिरञ्जना त छँदैछ, समय र घटनाको पनि आनको तान फरक छ। घटेका घटना भने केही सही छन्। पाल्पाली राजा मुकुन्द सेनको आक्रमणमा यहाँका राजा र प्रजा टिक्न नसकी धनसम्पत्ति सारा अन्नपात खाल्डामा हालेर वरपरका दुर्गम जंगलमा पसेर लुकेर बसेको र पछि आएर हेर्दा गाडेको धान हकुवा भइरहेको, सागपात मूला चाहिँ अमिलिएर सिन्की गुन्द्रुकमा परिणत भएको पाए भन्ने कथा पनि यहींनेर वर्णित छ। यस कथामा सत्यता भए पनि यसमा समयले चाहिँ कति पनि भेट नखाएको हुँदा यो कथामा इतिहासकारहरूको ठूलो विवाद चल्यो, कसैले यो हुँदै नभएको घटना भने भने कसैले यति बेलै मुकुन्दसेनको हमलाको घटना घटेको पनि भने। बाबुराम आचार्यले सत्रौं शताब्दीको शुरूमा पाल्पाका

मुकुन्दसेनको राज्यसत्ता भएको प्रमाण पाएर यो कथा मनगढन्त कल्पित हो भने[२०]। रेग्मीले चाहिँ यति वेलै आक्रमण भएको माने।[२१] तर दुबै कुरा अहिले प्राप्त प्रमाणबाट अशुद्ध भए। वि.सं. १५८१-८२ मा पाल्पाली राजाले खश मगर सैन्यसाथ यहाँ आएर डरलाग्दो आक्रमण गरेका थिए।[२२] यो घटना पछि यक्ष मल्लका छोराको पालामा भएको थियो। तर सिन्की गुन्द्रुकको कथा चाहिँ मुकुन्द सेनका हमलामा ल्याएर जोडेको असही हो। यसभन्दा धेरै पहिलेदेखि बाहिरबाट नेपालदूनमा पराइका आक्रमण भइरहन्थे। तेह्रौं चौधौं शताब्दीमा दक्षिणका तेह्रौंतेहरूले र पश्चिम सिजाका मल्लराजाका खशसैनिक्ले यहाँ आक्रमण गरेको कुरा त हामीले देख्तै आएका छौं। युद्धमैदानमा डटेर मुकाविला गर्न नसकी राजालगायत दूनवासी प्रजाहरू पाहाडमा वनदुर्गमा गई लुकेर बस्तथे, बैरीले रसदपानी नपाओस् भनेर भएको श्रीसम्पत्ति धान कोदो र सागपात मूला आलु पनि माटामा गाडेर लुकाएर राख्तथे। यो प्रक्रिया धेरै पहिले देखिको हो, दूनवासीको हकुवा चामलको भात र सिन्की गुन्द्रुकको तिहुन खाने बानी पहिलेदेखि बसिसकेको थियो।[२३]

जयभीमदेव (वि.सं. १३१५-२७)

जयदेवपछि जयभीमदेव पुष्याभिषिक्त गद्दीनसीन राजा भए। युवराज चाहिँ अर्कै कुलमा जन्मेका जयसिंह मल्ल भए। अब यी दुईले चाहिँ मिलेर राजकाज चलाउन लागे। यसको चर्चा माथि पनि भयो।

जयभीमदेवको उल्लेख पुराना वृत्तान्तको क पाठमा बाहेक अन्त गरिएको छैन। यिनले चाँगुनारायणको भण्डार झिकेर तामाका छाना गाँसे, पूर्वको राजपाठ समेत धारणा गर्ने यी राजा भनी त्यहाँ भनिएको छ। यिनको पालामा सहकाल आएको कुरा पनि त्यसमा उल्लिखित छ। यिनको राज्यकाल पनि १३ वर्ष ३ महीनाको दिइएको छ।[२४]

पूर्वको राज्यसमेत ल्याएको कुरा नेवारी भागबाट पनि विदित हुन्छ। त्यहाँ ने.सं. ३७८ चैत्र शुदि १३ का दिन राजा जयभीमदेव र युवराज जयसिंह मल्लदेव दुवै मिलेर पलान्चोक देशमा राति आक्रमण गरी लड्न आउने जतिलाई सिध्याएर त्यो प्रदेश कब्जा गरेको कुरा वर्णित छ।[२५] पलान्चोकले विद्रोह गरी स्वतन्त्र हुन खोज्दा राजा युवराज दुवै मिली यो सैनिक कारवाही गरेको बुझिन्छ।

यसको केही महीनापछि ने.सं. ३७९ (वि.सं. १३१५) कार्तिक कृष्ण द्वितीयाका दिन चायक्वाठ (चौकोट) ले पनि विद्रोह गऱ्यो, यो विद्रोह दबाउन निकै ठूलो बन्दोबस्त मिलाउनु पऱ्यो। राजा जयभीमदेव र युवराज जयसिंह मल्ल स्वयं लड्न गए। तेज भारो राजकुलका

राजा जसब्रह्म, लखिधर राउत, माधव भारो, जगत् र जसमाल भारोले मद्दत दिएकोले यस युद्धमा विजय हासिल भयो र किल्ला कब्जामा आयो।[२६] यसरी राजा र युवराज मिलेर देशमा उठेका सानातिना कचिंगल समाप्त पारेर राज्यमा शान्ति ल्याए। राजा जयभीमदेवका पालाका जम्मा ७ अभिलेख पाइएका छन्।[२७] ती अभिलेखमा यिनलाई परममाहेश्वर र परमसौगत पनि भनिएकोले सबै धर्ममा यिनको समान विचार थियो। फर्पिङका महासामन्त जैतरामजीव यिनको अधीनमा थिए। वि.सं. १३१७ मा जयभीमदेवका पालामा राखिएको इखापोखरीको अभिलेखमा महासामन्त जैतरामजीवको शासन फर्पिङमा चलेको देखिन्छ। यसको १४ वर्षपहिले फर्पिङमा लेखिएको हस्तलिखित पुस्तकमा त्यहाँका महासामन्त जैतमल्लजीव देखिन्छन्।[२८]

दुई राजकुल

यहाँनिर एउटा कुरा विचारणीय छ, सो के भने लुशियानो पेटेकले राजा जयदेवलाई अभय मल्लका छोरा भनी उनीसम्म पुरानो राजवंश चलेको र जयभीमदेवदेखि भोन्त (बनेपाली) राजघरानाले शासन चलाएको भनी त्रिपुर र भोन्त परिवार (द त्रिपुर एण्ड भोन्त फेमेली) भन्ने अध्याय लेखे।[२९] तर जयदेवले राजसिंहासन प्राप्त गर्न धेरै संघर्ष गर्नुपरेको, उनले पहिल्यै अभय मल्लकै राज्यकालमा देउपाटनमा पट्टबन्ध गरेको, त्यस वेला उनले भोन्त (बनेपा) कै इष्टदेवीलाई मानेको, उनका गोतियाहरूले उनलाई राज्यप्राप्तिमा सघाएको र बनेपाली जयभीमदेव युरा भारोले र काठमाडौंले पनि उनलाई सघाएको आदि माथि वर्णित घटना विचार गर्दा र जयदेवका बाबु अभय मल्ल हुन् भन्ने र जन्म मृत्यु तिथिको पनि यकीन निरूपण नभएकोले पनि पेटेकेको स्थापनालाई मान्न सकिंदैन। मल्लहरू पनि यहाँका पुराना राजघराना होइनन्। भोन्तका राजपरिवार पनि पोह कहिएका र मल्लहरू पनि पोह भनिएका र यिनको पूर्वथलो पनि बनेपा पलाञ्चोक नै देखनमा आएकोले पनि उनको मत ठीक ठहर्दैन। पोहको अर्थ र मल्लको आदि थलो अभिजन दूनमै हो भन्ने कुरा सिद्ध नगरी यो मत मान्न सकिंदैन।

जयसीह मल्ल (वि.सं. १३२८-३०)

जयभीमदेवपछि पुष्याभिषक्त गद्दीनसीन राजा जयसीह मल्ल भए। पुराना वृत्तान्तका कपाठबाहेक अन्त कुनै पाठमा पनि यिनलाई स्थान दिएको छैन। कपाठको संस्कृतभागमा यिनको राम्रो बयान गरिएको छ। त्यस-अनुसार पुष्यनक्षत्रमा राज्याभिषेक पाएका यी राजाले २ वर्ष ७ महीना शासन गरे, प्रजालाई कति पनि दुःख दिएनन्, प्रजा सुखी भए,

पशुपतिनाथलाई सुवर्णको मेखला चढाए, अनेकौं रत्न जडेको चारवटा कण्ठा भएको सुनको कवच बनाएर उत्सव गरी पशुपतिलाई अर्पण गरे, देशका अनेक ठाउँमा उनले सदावर्त लाए ।[३०]

उपर्युक्त वर्णनबाट जयसिंह मल्लको शासनमा शान्ति सुव्यवस्था भएको कुरा विदित हुन्छ । यिनका पालामा लेखिएको एउटा पुस्तकमा आधी मात्र पुष्पिकावाक्य बुझिन्छ । त्यसमा ने. सं. ३९१ र "राजाधिराज परमेश्वर .....ह मल" यति मात्र[३१] देखिए तापनि अरू प्रमाण परिबन्दले यो उल्लेख यिनै राजाको हो र यिनको २ वर्ष ७ महीनाको शासनकाल यसै बीचमा रहेको कुरा मानिएको हो ।

यहाँ एउटा कुरा विचारणीय छ । पेटेक्ले यिनलाई ने. सं. ३४९ मा जन्मेका जगतनेक मल्लका छोरा जयतुङ्ग मल्लका बाबु, जयभीमदेवका पालामा युवराज भएका जयशीह मल्ल हुन् भन्ने ठहराएका छन् ।[३२] कपाठको नेवारी भागको उल्लेख-अनुसार यिनको मृत्यु

वि. सं. १३४५ मा मात्र भएको देखिएकाले उनले कि त स्वेच्छाले गद्दी त्याग गरे कि त गद्दीच्युत गरिए भन्ने पनि पेटेक्ले अड्कल लगाए ।[३३] रेग्मीले पनि यही कुरालाई सकारे ।[३४]

परन्तु युवराज हुने जयशीह मल्लदेव नै पुष्याभिषिक्त राजा हुने हो भने एकान्तर राजा एकान्तर युवराज हुने कथित सम्झौताको उल्लङ्घन हुन आउँछ । रेग्मीले त यो नयाँ नियम नबुझेको होला । तर स्वयं पेटेक्ले त अघिल्लो पृष्ठमा त्यस वेलामा चलेको यस नियमको परिचर्चा गरेको पाइन्छ । युवराजै राजा हुने त पुरानै नियम कायम थियो भन्नुपर्छ, त्यसो नभएबाट राजा जससीह मल्ल युवराज जयसीह मल्लभन्दा अलग्गै रहेछन् भन्ने जानकारी हुन आउँछ । नेपाल संवत्को चारौं शताब्दीमा जयसीहमलदेवको वारंवार उल्लेख आउँछ, कतै युवराज जयसीहमलदेव, कतै जयसीहमलदेव पोह, कतै जयसीहदेव कतै जसिमाल पोह लेखिएको छ । जयारि मल्लका पिताको नाम जयसिमल देखिन्छ । यसलाई जयसिंह मल्ल मानेको खण्डमा पहिलो उल्लेख ने. सं. २७४ (वि. सं. १२१०) मा पाइएको भन्नुपर्छ । दोस्रो जयसिंह मल्लको उल्लेख ने. सं. ३२६ (वि. सं. १२६३) मा पाइन्छ । ने. सं. ३४९ (वि. सं. १२८६) मा अर्का जयसिंह (जयसीह) मल्ल जन्मेका देखिएकाले जयसिंह मल्ल नामका राजा राजकुमार तीनजना रहेछन् भन्ने कुरा त एक किसिमले बुझिन आएको थियो । चौथा चाहिँ ने.सं. ३५४ मा जन्मेका अभयमल्लका छोरा थिए र युवराज भएर चौवन्न वर्ष बाँचेर ने.सं. ४०८ मा परलोक भएका थिए भन्ने मैले मानेको छु ।

जयसिंह मल्लकै छोरा मल्लवंशमा पहिला पनि प्रसिद्ध पनि राजा अरि मल्ल देखिए । जयसीहमलका नाति जयन्तमलदेवमा 'युवराज' लागेको र अर्का जयसीहमलदेवका नाति रुद्र

मल्ल उपराजै भएकोले यिनको कुल उच्च राजघराना भएको कुरा पनि विदित हुन आउँछ। त्यस कारण एउटा जयसीह मल्ल नियमबमोजिम गद्दीनसीन राजा भए र उनी ने. सं. ३९१ (वि. सं. १३२८) को छेउछाउमा परलोक भएपछि अनन्त मल्ल पुष्याभिषिक्त राजा भए, उनका पालामा पनि युवराज भएर ने. सं. ४०८ (वि. सं. १३४५) मा परलोक भएका जयसिंह मल्ल चाहिँ ने. सं. ३५४ (वि. सं. १२९१) मा जन्मेका अभय मल्ल राजाका छोरा हुन् भन्ने कुरा मैले ठहराएको हुँ। यसो नहुँदो हो त एकवंशका राजा हुँदा अर्का वंशका युवराज हुने नियमको कुनै सरोकारै रहने थिएन। त्यस कारण जयसीह मल्ल युवराज हुँदै जयभीमदेवपछि उनै राजा भए भन्ने कुरा मिल्दोजुल्दो हुदैन। यो नियम राम्रो नबुझेर त्यस्तो लेखिएको हो। अनन्त मल्ल राजा भएपछि पनि उनका छोरा जयारि मल्लले युवराजपद पाएनन्, यसभन्दा पहिलेका राजा जयभीमदेवका छोरा जयादित्यदेव युवराज घोषित भए। यो नियम अनन्त मल्लका पालासम्म रह्यो। अनन्त मल्लका पालामा जयभीमदेवका जयानन्द र जयादित्य दुई भाइ छोरामा संघर्ष चल्यो। जयानन्दलाई कैद गरेर जयादित्य युवराज भए। आखिरमा जयादित्य चाँडै परलोक भएकाले उनका छोरा जयशक्ति शक्तिशाली बने। तर पछि जयानन्ददेवले राजा हुने मौका पाए, अब: पुन: राजोपराजको पद्धति शुरू भयो। जयभीमदेवका छोरा आनन्ददेवले राजपद पाए भने जयतुङ्ग मल्लका छोरा जयरुद्र मल्ल उपराज बने। यिनी निकै शक्तिशाली भएर पुरानो पद्धति तोडेर जयानन्दका ठाउँमा आफ्नै वंशका अर्थात् अनन्त मल्लका छोरा जयारि मल्ललाई राज्याभिषेक दिलाई आफू सबै हर्ताकर्ता बने। यसरी भक्तपुरमा र देउपाटनमा राजोपराजको दुई राजगद्दीको मान्यता प्रतिष्ठापित भयो। राज्याभिषिक्त राजा देउपाटनको दरबारमा बस्तथे, जयदेवकै पालादेखि यो मूलगद्दी मानिएको थियो। भक्तपुरमा पहिले युवराजको चकचकी थियो, पछि शक्तिशाली उपराज रहन लागे।

अब बीचमा बाँधिको एकान्तर राजा एकान्तर युवराजको नियम तोडिएपछि राजा र उपराजका गद्दी वंशानुगत नै हुने भयो।

३.२. टिप्पणी

१. पुरानो वृत्तान्त कपाठ ३९ क, ख पत्र

राजा श्रीजयदेव वर्ष २ मा ८ तस्य राजें बृहद्भूमिचालनम् महासन्तापम् महामारि दुर्भिक्ष प्रजाक्ष्ययो भवति सम्बच्छर तृ सप्त पञ्च आषाढ शुचि द्वितीया पुनर्व्वसु सोमबासरेत्यादि चालन चतुर्मासा ।

उही २५ ख २६ क पत्र

उपर्युक्त वाक्यमा परेको **'प्रजाक्ष्ययो'** को ठाउँमा धनवज्रले **'प्रजाष्येश्चा'** र महेशराज पन्तले **'प्रजा पापो'** भनेर अन्यथा पाठ पढेका छन् । मैले मूल हेरेर सच्याएको हुँ ।

२. उही ३४ कपत्र ५ पंक्ति, ५ टि. मा यसबारे विचार गरिएको छ ।

३. मे. नेपाल १ भा. २२१-२२२ पृ.

४. मे. हि. नेपाल ८९ पृ.

यस विषयमा मैले तल आफ्नो तर्क प्रस्तुत गरेको छु ।

५. **सम्वत् २३९ कार्तिक कृष्ण एकादशी श्री .... स जात अस्त वर्ष ५४ माघशुदि ५ ।।** (नरहरिनाथले पढेको पाठ) हिमवत्संस्कृति १ । १ । १५ पृ.

यसमा गोपालराजवंशावलीमा धनवज्रले सं. ३५४ र कार्तिककृष्ण एकादशी श्रीअभय' .... मूलमा बढी पढे र नेपालीमा ने. सं. ३२४ (वि. सं. १२६०) कार्तिककृष्ण एकादशीमा अभय मल्ल जन्मे भन्ने अर्थ गरे । मल्लले अंग्रेजीमा ने. सं. ३२१(?) को संभावना व्यक्त गरे । मेडिवल् हिष्टी अफ् नेपालमा अभय मल्लका छोरा जयदेव ने. सं. ३२४ मा जन्मे भनेर लेखियो ।

परन्तु मूल वाक्य **'अभय मल्लका .... छोरा ने. सं. ३५४ मा जन्मे'** भन्ने कुरा मात्र स्पष्ट भन्न सकिन्छ । जन्मने राजाको नाम किटेर भन्न सकिँदैन । पेटेकले अनुमानले लेखेका हुन् । सो सही होइन । अभय मल्लका छोरा जयदेव भए भन्ने कुरा कतैबाट नमिल्ने भनेर मैले यहीं दर्शाएको छु । यहाँको मिति ने.सं. ३५४ सही देखिन्छ । मैले ने.सं. ३५४ मा अभय मल्लका छोरा जयसिंह मल्ल भए र उनी ५४ वर्ष बाँचेर युवराजको गद्दीमा सुहाएर ने.सं. ४०८ मा राजा अनन्त मल्ल राजगद्दीमा विराजमान बनेको वेला परलोक भएका हुन् भन्ने कुरा ठहऱ्याएको छु । यसो गर्दा युवराज जयसिंहको जन्म, मृत्यु, उमेर ठीक मिल्न आउँछ ।

६. कपाठ ३८ कपत्र,

७. उही,

८. मूलमा जयसीहमल लेखिएको छ। यो जयसिंहमल्लकै प्राकृत रूप ठहराई दुबै रूप प्रयोग गरिएको छ।

९. ३८ खपत्र,

१०. ३९ कपत्र,

११. ३८ कपत्र,

१२. ३७ कपत्र, (युरा भारोलाई जुरा पढी युवराज यक्ष मल्ल हुन् भन्ने अड्कल पेटेकले काटेका छन्। पेटेकले र रेग्मीले यक्ष मल्ल भनेका जयदेवका छोरालाई जुजु मल्ल भनी धनवज्रले पढेका छन्। तर यिनलाई युवराज भनिएको पनि छैन। युवराज भए भारो कदापि भनिदैनथ्यो। यसमा पेटेक भूलमा परेका हुन्।)

१३. उही, यहाँको "**गोत्रदान**" भन्ने पदले पृथ्वीनारायणले गङ्गामा गएर गोत्र फेरेको सम्झना हुन आउँछ, यिनले आफ्नो गोत्रलाई पुरानो राजघरानासँग मिलान गरेर फेरेका हुन् भन्ने संभावना व्यक्त हुन्छ।

१४. उही,

१५. उही, ३९ कपत्र

१६. ३७ पत्र, जसिमाल पोह भनेका जयसिंह मल्ल पोह हुनु संभव छ।

१७. सिनास जर्नल ५।१।९७ पृ.

१८. (क) कारण्डव्यूह, रा. अभि. ४.१९.५. मे. हि. नेपाल ८९ पृ.

(ख) भगवान्लालले जयदेवको ने. सं. ३७७ भाद्रको पुष्पिकावाक्यको उल्लेख गरेका छन्, बेण्डालले पनि यसको चर्चा गरेका छन्।

बेण्डालहिष्ट्री ८ र २५ पृ.

१९. पुरानो वृत्तान्त कपाठ ३५ पत्र

२०. भानुभक्तस्मारक ग्रन्थ ६८ पृ.

२१. मे. नेपाल १ भा. २३९ पृ.।

मुकुन्द सेनको नेपालदूनमा आक्रमणसम्बन्धी वंशावलीका विवरण र इतिहासकारहरूका मतका लागि द्रष्टव्य- पूर्णिमा ४३ पूर्णाङ्क ११४ पृ. र ४६ पूर्णाङ्क, ४२-४६ पृ.

२२. उही

२३. नेपालनिरुक्त २३-२४ को ३० टि.

२४. यसको मूल कपाठ २६ कपत्रमा प्रकाशित छ। छापिएको मूलमा "पूर्व्वराजधारणी चूतेन कृतम्" छ। त्यसको अर्थ गरिएको छैन, तर प्रतिलिपि हेर्दा शुद्ध पाठ भूतेन कृतम् देखिन्छ। यो अर्थ चाहिँ सो अपभ्रंश संस्कृतबाट मैले लाएको हुँ।

२५. कपाठ ३६ खपत्र,

२६. उही,

२७. (क) महालक्ष्मीव्रत, रा. अभि. १.१३२०. १४, शास्त्रीक्याटलग् १ भा. २४ पृ.

(ख) फर्पिङ्ग इखापोखरीको अभिलेख, अभिलेख संग्रह, ९ भा.

(ग) अर्घकाण्ड, रा. अभि. १. १६०६ . १६, मे. हि. नेपाल ९४ पृ.

(घ) क्रियासंग्रहपञ्जिका, टोकियो युनिवर्सिटी लाइब्रेरी ११७ सं.

मे. हि. नेपाल ९४ पृ.

(ङ) महाकालवीरयाग, रा. अभि. ५. १८६, मे. नेपाल १ भा २२७ पृ.

(च) क्रियासंग्रह, टोकियो युनिवर्सिटी - मे. हि नेपाल ९४ पृ.

(छ) पञ्चरक्षा, टोकियो युनिवर्सिटी लाइब्रेरी २३० सं., मे. हि. नेपाल ९४ पृ.

२८. पूर्णिमा ६९ पू ४१ पृ.

२९. मेडिवल् हिस्ट्री अफ् नेपाल ९३ पृ.

३०. पुष्याभिषेक राजा श्रीजयशीहमलदेव वर्ष २ मा ७ तेन प्रजा अपीडितम् राष्ट्र सुखी भवति श्रीपशुपति भट्टारकस्य सुवर्णमेखला प्रढौकितम्। पुनः अनेकार्थ रत्नघटिट (त) चतुर्क्कण्ठीकोषजात्रा कृतम् संप्रदत्त कृतम्। तत्र देशानामने (क) सत्र दातव्य सर्वदा। कपाठ २६ कपत्र

यहाँ मूल वाक्यमा एउटा वाक्य "अनेकार्थ रत्नघटित चतुर्क्कण्ठी कोषजात्रा कृतम्" छ। त्यसको अर्थ "अनेक किसिमका रत्न जडिएको चतुर्कण्ठीकोष चढाए" भन्ने गरिएको छ। रेग्मीले धेरै किसिमका रत्न जडेर रथ बनाएको अर्थ गरे। (मे. ने. २२८ पृ.) उनको यो अर्थ कसरी आयो, तर मैले चाँहि अनेक रत्न जडेका चारवटा कण्ठा (सुनका सिक्री) भएको कवच चढाएको अर्थ गरेको छु। कोश चढाए भनेकोमा मैले कवच चढाएको नै अर्थ माथिदेखि गर्दै आएको छु। (द्रष्टव्य - मेरो 'कोशार्थनिरूपण') नेपालनिरूपण द्रष्टव्य

३१. खड्गपूजाविधि, क्याम्ब्रिज् युनिवर्सिटी लाईब्रेरी ए. डी. डी. १,७०६,१ वेण्डाल-क्याटलग् १९९ पृ.

(वेण्डालले यसको संवत् ३८१ पढेका थिए। तर त्यो अशुद्ध हो। संवत् ३९१ शुद्ध हो।)

३२. मे. हि. नेपाल ९५ पृ.

३३. उही ९६ पृ.

३४. मेडिवल् नेपाल १ भा. २२८ पृ.

तृतीय प्रकरण

३ अध्याय

आनिक

नेपालसँग भोटचीनको सम्बन्ध धेरै पुरानो हो। यसको बारेमा मैले अर्कै ग्रन्थमा विचार गरेको छु। मध्यकालमा नेपालको भोटचीनसँग सांस्कृतिक सम्बन्ध अत्यन्त नजीक भएर बढ्यो। नेपाल र भारतबाट क्यौं विद्वान् भोट गएर बौद्धधर्मको प्रचार प्रसार गरेर आफ्ना अमर कीर्ति र कृति छाडेर गए। भारतमा मुसलमानको आक्रमण भएपछि त्यहाँबाट धेरै हिन्दुपरिवार विस्थापित भएर नेपालमा प्रतिष्ठापित सिम्रौनगढराज्य, सिजाराज्य र नेपालदूनका राज्यमा आश्रित हुन आए। यस्तैमा नालन्दा विक्रमशिलाजस्ता महाविहारका कतिपय बौद्धविद्वान्हरू पनि नेपाल भोटहुँदो व्याप्त भए। भोटमा त झन् धर्मप्रचारको उद्देश्यले धेरै बौद्धहरू गएका थिए, भोट चीनबाट पनि बौद्धधर्मको अध्ययन र तीर्थयात्राको प्रसङ्गले धेरै मानिसहरू नेपाल भारत आउने गर्दथे। यस्तै विद्वान् यात्री धर्मस्वामी अभय मल्लको पालामा नेपाल आएर आठ वर्ष बसी यताबाट बोधगया (वज्रासन) गई रामसिंहको राज्य सिम्रौनगढसमेत पुगेर फर्केको कुरा हामीले देखिसक्यौं, यति वेलै नेपालबाट भोट चीन गई आफ्नो कलाको सीपले पद र प्रतिष्ठा पाई कीर्ति कमाएका नेपाली कलाकार आनिक्लाई पनि हामीले देखेका छौं।

आनिकको बारेमा नेपाली वंशावली वा अन्य कुनै स्रोतले केही कुरा बताउँदैनन्। चीनको युवानवृत्तान्त र उनैको चिहानका अभिलेखले र स्वेतचैत्यको मूर्तिकलाशिल्पले पनि केही कुरा जान्ने अवसर हामीले पाएका छौं, चीनको इतिहासको अध्ययन गरी आनिक्लाई नेपालको इतिहासमा प्रकाशमा ल्याइदिने पहिलो श्रेय: सिल्भाँ लेवीलाई नै छ।[१] त्यसपछि स्वदेशी विदेशी धेरै विद्वान्ले यस बारेमा मूल अध्ययन गरी धेरै कुरा प्रकाश पारेका छन्।[२] आनिक भोटचीनमा पल्पोको नामले परिचित थिए, पल्पो वा बल्वो भनेको नेपाली अर्थात् नेपालको मान्छे भनेको हो।[३] पहिले त्यसको अनुसरण गरी उनलाई बलवाहु भन्ने नामकरण

पनि गरिएको थियो। तर त्यो अशुद्ध थियो, उनको खास नाम अनिको पाइएकोले कसैले अनङ्गबाट आएको माने, तर अनेकबाट अनेको हुँदा आनिक भन्ने नामकरण नै उचित देखिन्छ। उनका आठ पत्नीमा प्रथम पत्नी नेपाली थिइन्, उनको अभिलेखमा तिनको नाम च य त लक्मी, बाबु बाजेको नाम ल क ओ न, मि ति हे देखिएकोले यी नाम संस्कृत मूलकै चीनियाँ उच्चारण हुँदा यिनलाई जयतलक्ष्मी, लक्ष्मण मैत्रेयबाट बनेका भनेर व्युत्पत्ति गर्न सकिन्छ।[४]

चीनका बादशाह कुबलय खानका गुरु भोटका साक्य मठका महन्त फग्पा थिए। बादशाहको आदेश-अनुसार साक्यमा सुवर्णस्तूप बनाउन नेपालबाट कलाकार झिकाइए। ८० जना कलाकारको टोलीको नेता बनी अठार वर्षका जवान आनिक भोट गए र त्यहाँ सो स्तूप बनाई त्यतैबाट चीनबादशाहका दरबारमा गई आफ्ना सीपले पद प्रतिष्ठा पाई आनन्दसँग बसे, आनिक जन्मेको समयमा नेपालमा अभय मल्लको शासन चलेको थियो। आनिक साक्य मठ जान बिदा हुँदा यहाँ जयभीमदेव (वि. सं. १३१५-१३२७) राजा थिए। नेपालमा अनन्त मल्ल राजा हुँदा वि. सं. १३६२ मा चीनमा आनिक परलोक भए। उनका आठ पत्नीमा उनको वंश उहीँ फैलियो। उनले बनाएको श्वेतचैत्य, मठ, मूर्ति र अभिलेखले उनको कीर्तिलाई विश्वमै फैलाइरहेको छ।[५]

यसरी कच्चै उमेरमा त्यत्रा कलाकारको टोलीको नेतृत्व पाउने यिनी उच्च राजकुलका थिए। विदेशमा गएर ठूला बादशाहको दरबारमा मान प्रतिष्ठा पाउने त्यस्ता कलाकारको नेपालमा कुनै चर्चा नहुनु नेपालीहरूको इतिहासप्रतिको उपेक्षा नै हो भन्नुपर्दछ।

राजा अनन्त मल्ल (वि. सं. १३३१-१३६५) र युवराज जयादित्यदेव

राजा जयसीह मल्लपछि राजा अनन्त मल्ल नेपालको राजसिंहासनमा अभिषिक्त भए। पुराना वृत्तान्तका सबै पाठमा यिनको राज्यकाल ३२ वर्ष १० महीना लेखिएको छ। अनन्त मल्लको जन्म वि. सं. १३०३ वैशाख शुदि ५ मा भएको थियो र ३५ वर्ष ११ महीना राज्यभोग गरी वि. सं. १३६५ श्रावण वदि १३ मा यी परलोक भए भन्ने कुरा नेवारी भागमा लेखिएको छ।[६] यिनका बाबुको नाम राजदेव र बाजेको नाम गनकमलदेव थियो। उक्त वृत्तान्तको संस्कृतपाठमा ३२ वर्ष १० महीना र नेवारी पाठमा ३५ वर्ष ११ महीना यिनको राज्यकाल लेखिएको छ।[७] ने. सं. ३९५ चैत्रदेखि ४२८ फाल्गुणसम्मका यिनका पालाका २४ वटा पुष्पिकावाक्य पाइएकोले[८] नेवारीपाठको भोगवर्ष नै सही देखिन आउँछ।

यिनका पालामा लेखिएका जम्मा २४ वटा पुस्तकमा ६ वटा तिब्बतमा रहेका र तिनमा पनि ने. सं. ४०२ देखि ४०४ सम्मका चार पुस्तक त साक्यगुम्बामा मात्र पाइएकाले

सो गुम्बासँग नेपालीहरूको निकट सम्बन्ध विदित हुन आउँछ। नेपाली कलाकार आनिकका टोलीले यसको सुवर्णस्तूप बनाएकोबाट पनि यसमा नेपालबाट गएका भिक्षुहरू र पुस्तकहरू बढी हुनु स्वाभाविक थियो।

अनन्त मल्लको राज्यकाल धेरै लामो भए पनि ज्यादै संकटापन्न थियो। बाहिरी आक्रमण र भित्री संघर्षले गर्दा यिनका पालामा नेपाली जनताले ज्यादै दुःख कष्ट भोग्नुपऱ्यो। राजा कमजोर शक्तिहीन पनि थिए। पहिले जयसिंह मल्लले युवराजको पद पाएका थिए। वि.सं. १३४४ मा उनको मृत्यु भएपछि जयभीमदेवका जेठा छोरा जयादित्यदेवले सो युवराजको पद पाए। राजाभन्दा युवराज ८ वर्षले जेठा थिए। जेठा बाठा युवराजकै राजकाजमा ठूलो हैकम चल्दथ्यो। तर यिनले भाइ आनन्देवसँग ठ्याक नमिलेकोले सहोदर भाइलाई नेल ठोकेर पलाञ्चोक किल्लामा कैद गरेर राखेका थिए। १२ वर्ष तिनले कैदमा बिताए।[९]

राजा अनन्त मल्लले चलाएको द्रम्भको व्यवहारले प्रजाले धेरै कष्ट पाएको कुरा पुराना वृत्तान्तको संस्कृत भागमा लेखिएको छ।[१०] ख घ पाठमा यिनको राज्य "कुराज्य" हो, भक्तपुर त यिनले नाशै पारेर छाडे भनेर लेखिएकोले[११] यिनको कमजोर शासनकालमा जति भुक्तमान नेपाली जनताले कहिल्यै खप्नुपरेन भन्ने कुरा स्पष्ट हुन्छ। यिनका पालामा पश्चिमका कर्णाली प्रदेशका खशमल्ल राजाको र दक्षिणका तेह्रौते राजाको भयङ्कर आक्रमणले देशलाई दग्ध पारेको थियो। त्यसमा पहिले राजा जितारि मल्लको आक्रमणको भयङ्कर चोट यहाँ पऱ्यो। त्यसको लगत्तै लगातार भनेजस्तै तेह्रौतेको चढाइ यहाँ भइरह्यो। यी आक्रमणको उल्लेख गर्नुभन्दा अघि सिजाराज्यको उन्नतिको संक्षिप्त सिंहावलोकन गर्नु यहाँ आवश्यक हुन आएको छ।

सिजाराज्य र जितारि मल्लको आक्रमण

मानसरोवरबाट बहेको सरयूको मुख्यस्रोत भएको कर्णाली नदीको महत्त्व प्राचीनकालदेखि रहिआएको छ। कर्णालीको प्रस्रवणक्षेत्रमा धेरै पहिलेदेखि खशजातिको बसोबास भएबाट यसको नाम खशान पनि कहलिएको थियो। काश्मीरमा कर्कोटकवंशी राजाहरूले विद्याको र सैन्यशक्तिको बल बढाएर आफ्नो राज्यसीमा विस्तार गर्न लागेका थिए। विक्रमको नवौं शताब्दीमा मुक्तापीड ललितादित्यले आफ्नो विजय अभियान चलाएर पूर्वको राज्य सीमा नेपालको महाकाली नदीसम्म ल्याइपुऱ्याएका थिए[१२]। उनका उत्तराधिकारी जयापीडले यो अभियान अरू बढाउँदै ल्याए र नेपालसँग भिड्न आउँदा नेपाली राजा

अरमुडिले कालीगण्डकीको ढुङ्गे किल्लामा जयापीडलाई कैद गरेको कुरा काश्मीरको इतिहासमा वर्णित छ।[१३] काश्मीरको प्रभाव कम भएपछि कर्णालीप्रदेशमा पालवंशी र चल्लवंशी राजाहरूको प्रभुता बढ्यो। सिंजामा नागराजले आफ्नो राजधानी कायम गरेपछि यस चल्लवंशले पाललाई उछिनेर पश्चिमी प्रदेशमा ठूलो सार्वभौमसत्ता कायम गऱ्यो। नागराजले खारीप्रदेशबाट सिजामा राजधानी कायम गरेका थिए। सम्पूर्ण पश्चिमी कर्णालीप्रदेश र भोट गुंगेमा पनि यिनको शासन चलेको थियो।

कसैकसैले गुँगेप्रदेशमा चच्लराजाहरूको र गेलाप्रदेशमा पालहरूको प्रभुत्व थियो, पुण्य मल्लका पालासम्म समानान्तर दुई शक्ति कायम हुदै आएर दुई राज्य एक भएर मिलेपछि यो एक बलियो राज्य बन्न आयो भन्ने विचार व्यक्त गरेका छन्।[१४] तर पालवंशका धेरै सामग्री नपाइएको र चल्लराजाको प्रभुता यस प्रदेशमा देखिएकोले पनि यो कुरा विचारणीय छ। बीचबीचमा अघि पछि जे जस्तो स्थिति भए पनि सम्पूर्ण पश्चिमी नेपाल र कुमाउ गढवालसम्म पनि चल्लहरूकै दबदबा छाएको थियो। खारीबाट सेञ्जापुरीमा राजधानी कायम गर्ने नागराजको पश्चिमी भोटको ङरीप्रदेशमा प्रभुत्व थियो।[१५] उनले उता कुमाउ गढवालसम्म पनि अधिकार कायम गरेका थिए। गढवालका बाडाहाटको एक बुद्धमूर्तिमा "भट्टारक नागराज" अङ्कित भएको पाइन्छ।[१६] कुमाउको बालेश्वर मन्दिरमा शक सं. ११४५ (वि. सं. १२८०) को क्राचल्लको अभिलेख कुँदिएको छ। त्यस अनुसार उनी वि. सं. १२६४ मा गद्दीमा बसेका थिए। नागराजका पाचौं पुस्तामा क्राचल्ल जन्मेका थिए। यसरी यता तराईमा सिम्रौनगढमा राज्यस्थापना हुनुभन्दा पहिल्यै पश्चिममा सिजाराज्य स्थापित भएको देखिन्छ। नेपालको केन्द्रीय शक्ति कमजोर भएबाट यी दुवै राज्यले आ-आफ्नो शक्ति वृद्धि गर्ने सुनौलो अवसर भेट्टाए। यी दुवै राज्य सबै धर्ममा समान आदर गर्ने, र विद्वान् र विद्याको पनि कदर गर्ने हुँदा धेरै विद्वान्हरू यिनका आश्रयमा आउन लागे, साथै योग्यताको पनि कदर हुने हुँदा धेरै तरबारिया सिपाही पनि यिनका पासमा रहेका थिए, यसैले यी दुवै राज्यको समृद्धि र विस्तार हुँदै आयो।

क्राचल्लका छोरा अशोक चल्ल बौद्धधर्मप्रति विशेष आदर गर्ने हुँदा उनले आफ्ना भारदार पठाई बोधगयामा बुद्धमूर्ति स्थापित गरी एउटा विहार बनाउन लाएका थिए। त्यहाँ यिनले आफ्नो अभिलेख पनि कुँदाएर राख्न लाएका थिए।[१७] त्यहाँका अभिलेखबाट यिनको सयम वि. सं. १३१२ र १३३५ देखिन्छ।[१८] यहाँ अनन्त मल्ल सिंहासनारूढ भएपछि उता अशोक चल्ल परलोक भएका थिए। यिनका अभिलेख कुमाउको बालेश्वर गढवालको बाडाहाटमा पाइएका र केदारखण्ड विजय गरेको उल्लेख भएबाट[१९] पनि यिनको राज्य पश्चिमी भोट र कुमाउ गढवाल (बद्री केदार) सम्म फैलिएको बुझिन्छ। अशोक चल्लकै

छोरा जितारि मल्ल भए। यिनले सामयिक लोकप्रिय हुन आएको मल्ल उपपद लिएर चल्लको चलनचल्तीलाई त्यागिदिए। वंशावलीमा पनि यिनको नाम जितर वा जिधर मल लेखिएको छ।[२०] नेपालदूनमा वारंवार हमला गरी यहाँका राजा प्रजालाई तहसनहस पार्ने सिजाली राजामा यी पहिला थिए।

जितारि मल्लका बाबुबाजेले पश्चिम नेपालको धेरै भाग आफ्नो राज्यमा गाभिसकेका थिए। अभय मल्लपछि गण्डकीक्षेत्रका विषयपति महासामन्तको उल्लेख नपाउँदा पनि यस्तो अनुमान हुन आउँछ। तिनीहरू नेपालदूनमा आइलागे वा लागेनन् भन्न सक्दिैन, यत्रो समयको अन्तरालमा पशुपति मत्स्येन्द्रनाथको दर्शन गर्न आएनन् भन्न सक्दिैन, जे भएपनि सुन्दर समृद्ध नेपालदून विजय गर्ने तिनको धोको अवश्य थियो, यही धोको पूरा गर्न आफू सिंहासनारूढ भए पछि वि. सं. १३४४ पौष महीनामा आफ्नो विशाल खशसैन्य लिएर जितारि मल्ल नेपालदून विजय गर्ने उद्देश्यले आए।

त्यस वेला नेपालदूनमा चारैतिर क्वाठ (किल्ला) हरू बनेका र तिनमा रक्षक भएर क्वाठनायक रहेका थिए। प्रायः गरेर डाँडो परेको ठाउँमा किल्ला जमाएका हुन्थे। त्यस्ता डाँडामा देवस्थान भए पनि ती सुरक्षाका दृष्टिले वनदुर्ग वा शैलदुर्गको रूपमा उपयोगमा ल्याइन्थे, साँखु, चाँगु, , सिम्भू देवस्थान यस्तै दुर्ग थिए। त्यस्तै गुन्दे, (कीर्तिपुर) फर्पिङ्ग, टोखा, पलाञ्चोक पनि नामी किल्ला थिए। पलाञ्चोकले त सानै राज्यकै रूप लियो, फर्पिङ्गमा विषयपति वा महासामन्त बस्तथे, अरूमा क्वाठनायक । पहिले पश्चिमबाट खाल्डामा पसेको खशसैन्यसँग केन्द्रका सैनिकको भिडन्त सिम्भूको डाँडामै भयो। पहिले त भौगोलिक स्थितिको भेउ नपाएका र तल परेको खशसैन्यमाथि नेवारसैन्य जाइलाग्दा साढे तीन शय खशसैन्य खेत रहे, तर उनीहरू नहटी डटेर मुकाबिला गरिरहेका हुँदा नेवारसैन्यको केही सीप लागेन। हाकाहाकी लड्न नसकेपछि जितारिका सैनिकलाई काबु पार्न दूनवासीले अर्कै उपाय निकाले। उनीहरू सारा आफ्ना चल श्रीसम्पत्ति लुकाएर धान कोदो अन्न मूला सागपात माटामा गाडेर वन पाहाडहुँदो पसी लुकेर बसे। यसरी सबैले पूरा असहयोग गरेपछि रसदपानीसम्म पनि नपाउँदा कायल भएर जितारिले आफ्नो सैन्यलाई फिर्ता लगे। अनि सन्च मानेर सबै दुनियाँ आफआफ्ना घर आएर सुखसँग बसे।[२१] यद्यपि दूनवासीले आफू भागेर वैरीलाई विवश बनाएका थिए, तर "खशिया तेन पलायित" (त्यसले गर्दा खशिया भागे) भनेर आफैं बेतुकी गर्व गरेका थिए।

तर जितारिले यो अघिल्लो सालको बदला लिने हेतुले पुनः अर्को साल मौसम मिलाएर रसदपानीको व्यवस्था बाँधेर विजयी सैन्य लिएर आई वि. सं. १३४५ फागुनमा यहाँ आक्रमण गरे। अब उनको सैन्यशक्तिलाई रोक्ने कसैको तागत चलेन, उनले वैरीका गढ र गाउँमा

आगो लाएर शत्रुलाई काबुमा पारे। यसपछि यहाँबाट प्रशस्त श्रीसम्पत्ति लिएर पशुपति स्वयम्भू र बुङ्मती गएर देवताको दर्शन स्पर्शन गरी उनी आनन्दसँग आफ्नो देशतर्फ गए।[२२]

यसको अर्को साल यहाँबाट सिर्तो बुझाउने कुरामा शर्त मिलेन वा केमा अनमन भयो, पुन: वि. सं १३४६ फागुनमा जितारि मल्ल विशाल सैन्य लिएर आक्रमण गर्न आए र पहिले बाटैमा पर्ने नुवाकोट दख्खल गरे। त्यसपछि सरासर उनी नेपालदूनमा प्रविष्ट भए। यहाँ उनको दृढ बललाई कसैले रोकटोक गरेन, तर पाटनको पुल्चोक किल्ला भने उनका वशमा भएन। यस किल्लालाई फोर्न उनले एक महीनासम्म घेरा हालेर बस्नुपऱ्यो, त्यसपछि त्यो पनि पिछा पर्न आयो। उनले राता मच्छेन्द्रनाथकहाँ गएर दर्शन गरेर त्यहाँ भण्डारा लाए। त्यसपछि देउपाटनमा गएर पशुपतिनाथको मन्दिरमा पश्चिम ढोकाबाट प्रवेश गरेर पशुपतिलाई अङ्कमाल गरी फूलपाती चढाई पूजा गरे, शिरमा हात राखी जम्लाहात जोडेर प्रार्थना गर्दै पश्चिम ढोकाबाट निस्केर आए।[२३]

यसपछि पनि वेलामौकामा यिनका छोरा आदित्य मल्ल, भतिजा रिपु मल्लले पनि यहाँ आक्रमण गरी विजय हासिल गरेर कर असूल गरेका तीर्थयात्रा देवदर्शन पनि गरेका थिए। यसको वर्णन पछि गरिनेछ।

हारका कारण

यसरी जितारि मल्लले लगातार तीन साल नेपालदूनमा आक्रमण गरेर यहाँ विजय प्राप्त गरी पाएसम्म सम्पत्ति हात पारेर प्रस्थान गरेका थिए। यताबाट उनका सैनिकसँग भिडिएर लड्ने को थिए, तिनको नाम हामीले पाउन सकेका छैनौं। गद्दीनसीन राजा अनन्त मल्ल थिए भने युवराज जयादित्यदेव त्यस वेला यहाँ हर्ताकर्ता भएर रहेका थिए, उनका भाइ जयानन्द जेलमा परेर यी सबै घटना निध्याइरहेका थिए।

तीन सालसम्म लगातार आक्रमण गरेपछि उनको नाम पुन: सुन्नमा आएन, या त यिनले आफ्नो शर्त बलियो पारेका थिए या त सम्पत्ति हात पारेपछि सन्तुष्ट भएका थिए। तर चौथो साल वि. सं. १३४७ मा तेह्रौतेको दल यहाँ पस्यो।[२४] दूनवासीले ढुक्क भएर बस्न पाएनन्। तर यस आक्रमणमा के भयो, स्पष्ट छैन।

यस वेला एक दुई विजिगीषु राजा भए पनि तिनीहरू देशलाई एकीकरण गरौं, देशमा शान्ति सुव्यवस्था कायम गरौं भन्ने ध्याउन्नमा लाग्दैनथे। देश जित्यो, सकेसम्म धनसम्पत्ति सोहरसाहार पाऱ्यो, हिँड्यो, गर्दथे। यस कारण लब्ध भए पनि लब्धप्रशमन गर्ने नीति थिएन। यसो हुँदा एकपल्ट देश विस्तार भएर एकता कायम भए पनि पुन: कयौं शताब्दीसम्म देश विखण्डित भएरै रहिरह्यो।

यसभन्दा पहिले दक्षिण सिम्रौनगढबाट भएको आक्रमणमा तेह्रैते दलसँग भिड्दा दूनवासीले लडेर केन्द्रमा पस्न दिएका थिएनन्। तर जितारिको पहिलो आक्रमणमै यिनीहरू पराजित भए, खशसैन्यसँग एउटै युद्धमा यिनले विजय प्राप्त गर्न सकेनन्। यिनीहरू हरवखत वैतसी वृत्ति लिएर बाँचेर बसे। यसपछिका तेह्रैतेसँगका युद्धमा पनि यिनीहरू वारंवार पराजित हुँदै गए। यसरी पहिलेका युद्धबाट आक्रमणबाट दूनवासीले कहिल्यै सबक सिकेनन्, झन्झन् कमजोर हुँदै हिम्मतहारा बन्दै रहे, यसको कारणतिर अलिकति समीक्षा गरौं।

पछिल्लो लिच्छविकालदेखि नै नेपालमा राजनीतिचेतना कमजोर बन्दै आएको थियो। देशमा एउटा जोश जाँगर कम भएपछि अवनतिको आरम्भ हुन आउँछ। मध्यकालमा तन्त्रमार्गको व्यापक प्रचार बढेर आयो। त्यसमा पनि घोर बीभत्स वामाचार कौलाचारको प्रचार बढी भयो। शुद्ध शान्त हुनु पर्ने बौद्धभिक्षुका अखडा विहार मठ वज्रयानको प्रभावबाट गृहस्थमा परिणत हुदै आए। सिद्ध तान्त्रिकका अलौकिक योगसिद्धि, तान्त्रिक सिद्धिका कथाले आक्रान्त जनमानस पूर्ण अन्धविश्वासमा परिणत भयो। ऐहिक जीवनका सत्य आदर्शलाई र व्यवहारोपयोगी विषयलाई उसले भुसुक्कै बिर्सिदियो, ऐहिक जीवनको सार केवल पारलौकिक जीवन सपार्ने ध्येयमा केन्द्रित भयो। भुक्तिबाट मुक्ति पाउने आकाङ्क्षा चरितार्थ पार्ने प्रयत्न हुन लाग्यो। केन्द्रबाट राजनीतिको सञ्चालन सुचारुरूपले नचलेपछि अरूअरू क्षेत्रमा पनि कमजोरी आउने नै भयो। केन्द्रमा त्यस्तो शक्तिशाली विजिगीषु शासक उदाएन। राज्यलाई एउटा राजाको व्यक्तिगत सम्पत्तिको रूपमा संभिन लागियो। राज्यको यो संस्था जनताको सुखदुःख हेर्ने सुव्यवस्था बाँध्ने हो भन्ने नठानी यसलाई एक व्यक्तिगत सम्पत्ति मानी राजकुमारहरू अंशबण्डा गरी राज्य बाँडेर उपभोग गर्न लागे, कहिले तीन चारजना राजकुमारहरू मिलेर राजकाज चलाउने, कहिले अधिकार बाँड्ने, कहिले क्षेत्रविभाजन गर्ने गर्दथे, यस्तो गर्न थालेपछि केन्द्रीय शक्ति कमजोर हुनु स्वाभाविक थियो। केन्द्र कमजोर भएपछि स्थानीय विषयपति, महासामन्त, महापात्रहरू शक्ति अँठ्याउन लागे। यसरी राजनीतिको पतन शुरू भयो।

यता दैनिक जीवनका लागि पनि दूनवासीले त्यति परिश्रम गर्नु पर्दैनथ्यो। यहाँको उब्जाउ ऊर्वरा भूमिबाट थोरै परिश्रमले पनि निर्वाह चल्दथ्यो। शहरमा शिल्प कलाकौशलको चाहिँ अभिवृद्धि स्वभावतः हुँदै रह्यो। उता भोट भारतको व्यापारले गर्दा शहरको समृद्धि बढाउँदै ल्यायो। भोटसँगको व्यापारले त दूनको मात्र होइन, पाहाडका पूर्वपश्चिमका व्यापारी मार्गमा परेका धेरै घाटीका सानातिना शहरहरू पनि विकसित बन्दै आए। यति हुँदाहुँदै पनि दूनवासीले लडाईंभिडाईं शुर्‍याईंमा पश्चिमी वा दक्षिणीसँग मुकाबिला गर्न सक्तैनथे। शहरिया विलासीजीवन अलसीपनामा पनि परिणत भएकोले कडा संघर्ष र परिश्रममा बाँचेका आयुधजीवी जातिसँग यिनीहरू सँधै भुक्तथे।

सिजा र सिम्रौनगढराज्यका बहुसंख्यक जाति आयुधजीवी थिए। दूनवासीहरू यिनलाई खशिया र डोये भनी तिरस्कार गर्दथे, आफूलाई शिष्टतम त ठान्थें, तर यिनको शौर्यवीर्यका गुण सिक्न चाँहदैनथे। यिनै जातिका बलले यी दुई राज्यले थोरै समयमा धेरै प्रगति गरे। वीरताका साथै विद्याका क्षेत्रमा पनि यिनीहरू निकै अघि बढे। यसभन्दा पहिलेदेखि गण्डकीक्षेत्रका महासामन्तका आश्रयमा कति काश्मीरी पण्डित विद्वान् आएका थिए। त्यसपछि सिजा तिनको आश्रयस्थल भयो, सिम्रौनगढ दक्षिणी र मैथिली पण्डितहरूको।

त्यस वेला बहुप्रचलित तान्त्रिक मान्त्रिक धामी झाँक्रीहरूले पनि यी राज्यमा प्रभाव नजमाएको त होइन, तर पनि हिन्दुराज्यका नाताले मुसलमान र मुस्लीम धर्मको प्रहारबाट बच्न भारतभूमिबाट आएका विद्वान्जन र तरवारिया दल यी राज्यमा आश्रित हुन लागेकाले शौर्यवीर्य र विद्याको पनि यहाँ त्यस्तो अभाव भएन औं सनातन धर्मको प्रचारमा पनि यी राज्यको ठूलो भूमिका रह्यो। आयुधजीवी जातिले आफ्नो शौर्यवीर्यको प्रभाव फैलाए भने राज्यका आश्रयमा आएका विद्वान्हरूले विद्याको प्रचार र सुरक्षामा बल दिए।

तर सनातन धर्मको विशुद्ध सात्त्विक पक्षलाई अँगालेर ऐहिक जीवन सुधार्नुभन्दा बाहिरी आडम्बर र आध्यात्मिकतापट्टि ढल्केर धार्मिक कट्टरपनलाई प्रश्रय दिने कुरा छाडेका थिएनन् तापनि यस समयमा रचित ज्योतिषका, धर्मशास्त्रका राजनीतिशास्त्रका ग्रन्थले त्यति वेला समस्त नेपाललाई एउटा नयाँ आलोकको ढोका चाहिँ उघारिदिएको थियो।[२५]

वेला वेलामा बाहिरबाट भएका यस्ता भयङ्कर हमलाले दूनवासीको जनजीवनलाई अस्तव्यस्त पारे पनि यहाँका राजा प्रजामा एउटा नयाँ जागरण किन स्फूर्त भएन, यी राजाहरूमा आफू पनि बाहिर निस्केर देशको एकता गरौं, एउटा सुव्यवस्था ल्याउँ भन्ने भावनाले किन जरो जमाएन। हो, पहिले शङ्कराचार्यको आगमन र उपदेशले शिवदेव, आनन्ददेव आदि राजाहरू र पछि जयस्थिति मल्ल जययक्ष मल्लहरूले यसतर्फ केही पाइला चाल्न खोजेका हुन्, तर यिनको यो प्रयास क्षणिक रह्यो, यिनले कुनै स्थायित्व कायम राख्न सकेनन् र राजनीतिचेतनाको आलोक छाडेर जान पनि सकेनन्।

यहाँनिर पूर्वमाध्यमिक कालको इतिहासको यस पक्षमा विचार गर्दा एक अर्को कुरा पनि ध्यान दिन लायक छ। यस अवस्थामा लेखिएका हजारौं जग्गाका सुक्रीबिक्रीका ताडपत्रहरू प्राप्त छन्[२६], तर आश्चर्यको कुरा तिनमा एउटा पनि ब्राह्मणलाई बिर्ता दिएका वा दान दिएका पत्र पाइँदैनन्। केन्द्रका राजाहरूका यस्ता दानदातव्यका तावाँपत्र वा ताडपत्र नपाइनु, तर त्यसै ताकाका सिँजाली राजाहरूका चाहिँ शयौं बाहुनलाई बिर्ता दिएर गरिदिएका तावाँपत्र पाइनु[२७] यो अनौठो कुरा छ। सिँजालीमात्र होइनन्, पश्चिमका धेरै राजाहरूका त्यस्ता दानपत्र पाइन्छन्।[२८] सेनहरूका स्याहामोहरहरू त सबै नै बिर्ताका दानपत्र भने

हुन्छ।[२९] यसबाट के कुरा बुझिन आउँछ भने सिँजा सिम्रौनगढ त्यस्तै पछिका सेनराज्यमा पनि बिर्ता पाउने आकाङक्षाले टाढाटाढादेखिका विद्वान् शिक्षित मानिसहरू विद्याबुद्धि देखाउँदै तरवारिया वीर योद्धाहरू बलचातुरी देखाउदै नयाँ-नयाँ आलोक लिएर आउँथे, तिनको विद्याबुद्धिले बलपराक्रमले राज्यको आत्मालाई उठाउँथ्यो, एउटा शक्ति प्रदान गर्दथ्यो। तर नेपालदूनमा भने आवश्यकले कोही सीमित मानिसले मात्र स्थान पाउँथे। कि त कोही बलबुताले जबर्जस्त घुसेर आफ्नो स्थान बनाउँथे। कि त कोही विद्याबुद्धिले प्रतिष्ठित हुन्थे। यसले गर्दा पनि यहाँको दह भएर जमेको जनजीवन ढीलो एकनासे र अल्छे बन्न गयो, नयाँ नयाँ आलोकले उद्वेलित बनेर स्फूर्त जागरित हुन सकेन। यसैले यसले सधैं बाहिरबाट आएको पराइको दलबलको भेललाई वैतसी वृत्ति लिएर विवश बनेर सहिरह्यो।

युवराज्ञी वीरम्मादेवी र जयशक्तिदेव

वि. सं. १३३९ फागुनमा शक्तिशाली युवराज जयादित्यदेव परलोक भए।[३०] यिनले आफ्ना सहोदर भाइलाई जेल हालेर राजालाई समेत कज्याएर शासन चलाएका थिए।[३१] यिनकी पत्नी वीरम्मादेवी पनि साँच्चै जमामर्द महिला थिइन्। यिनलाई कसैले काकतीय वंशका राजा गणपतिकी छोरीचेली भन्ने अड्कल पनि गरेका छन्।[३२] यस वेलामा दरवारका रानीहरूका नाम यस्तै दक्षिणी भारतका नामसँग सादृश्य राख्तछन्। जयादित्यदेवकी पत्नी जयशक्तिदेवकी आमा वीरम्मादेवीको जस्तै राजदेवकी पत्नी जयार्जुनदंवकी आमा कर्णाटवंशमा जन्मेकी रुद्रम्मा (रुद्र देवी) को नाम थियो।[३३] पदुमलदेवी, देवलदेवी, राजल्लदेवीहरूका नाम पनि यस्तै छन्।

जयादित्यदेवको मरणोप्रान्त ५ महीनापछि नै वि. सं. १३५० श्रावणमा पलाञ्चोकमा कैदमा परेका जयानन्ददेव आफै बलले कैदबाट छुटे।[३४] तर उनका भतिजा जयशक्तिदेवले आफै अघि सरेर गई पुनः काकालाई नेल ठोकेर कैदमा राखेर आमासँग मिलेर शासन चलाउन लागेका थिए, जयानन्ददेवको जेलमुक्ति उनको लागि काँढा सावित हुन्थ्यो। त्यस वेला उनी १८ वर्षका जवान भइसकेका थिए, आफै अघि सरेर भक्तपुर युथुनिमम् दरवारका जयतुङ्ग मल्लको सहयोग लिई शक्तिदेवले आफ्नो शक्ति अगाडि बढाउँदै लगे।

यसपछि ७-८ वर्ष जति नेपालमा बाहिरिया आक्रमण भएनन्। यस वेला विधवा युवराज्ञी (जौराजिनी) वीरम्मादेवीले आफ्ना पुत्र शक्तिदेवका साथमा रहेर शासन चलाएकी थिइन्। यस बीचमा छोरासँग मिलेर उनले अनेकौं धर्मकर्म पनि गरिन्। यिनको मुख्य धार्मिक काम पनौतीमा इन्द्रेश्वर मन्दिरको स्थापना थियो। वि.सं. १३५१ वैशाखमा अत्यन्त कलापूर्ण

सुन्दर यस मन्दिरको गजूर स्थापित भयो। मन्दिरको नजीकै स्वच्छ सुनधारा पनि बनाइयो। त्यसपछि यिनले चाँगुनारायणको मन्दिरको जीर्णोद्धार गराएर छाना फेरेर गजूर चढाइन्।[३५]

यसपछि वि.सं. १३५४ आषाढमा गद्दीनसीन राजा अनन्त मल्लले पनि पशुपतिनाथको मन्दिरको जीर्णोद्धार गराए, सुनको जलप लगाएका तावाँका पाताले छाना छाइदिए। चार सुरमा सुनका शरभ राखिए, गजूर स्थापना गरेर सम्पूर्ण साङ्गे गरियो।[३६]

यसै प्रसङ्गमा पुराना वंशावलीको संस्कृतभागबाट एउटा नयाँ कुरो हामी देख्न पाउँछौं। सो के भने वीरम्मादेवीको राजकाजको वेला बङ्गालका राजा कपद्दिया गणपति आएर पशुपतिस्थानमा सुवर्णलेपको वृषध्वज चढाएको पाइन्छ।[३७]

यसमा उल्लिखित कपद्दिया शब्द काकतीयको विकृतरूप हो, राजा काकतीय गणपति बङ्गाल हुँदै आएका हुनाले उनलाई गौडराज (बङ्गालका राजा) भनिएको हो, वीरम्मादेवी पनि उनकै चेलीबेटी भएकी हुनाले उनको हाइदुहाइ चलेको वेला गणपति आएर पशुपतिनाथलाई सुवर्णलेप लागेको वृषध्वज चढाएका थिए भन्ने तर्क पनि उठेको छ।[३८]

दक्षिण भारतको बारङ्गलमा काकतीयवंशी राजा गणपतिले ७० वर्षको अत्यन्त लामो कालसम्म शासन चलाएका थिए। उनले धेरै देश जितेका पनि थिए, उनको अभिलेखमा नेपालका राजा उनको सभामा उपस्थित भएको पनि वर्णन गरिएको छ। उनी शिवजीका अत्यन्त भक्त थिए, उनको राज्यमा धेरै शिवमन्दिरहरू प्रतिष्ठापित भए। उनको मृत्यु वि.सं. १३१८ मा भएको थियो।[३९] आफ्नो आयुको अन्तिम अवस्थामा बुढेसकालमा तीर्थयात्राको प्रसङ्गमा उनी पशुपतिको दर्शन गर्न आएनन् भन्न त सकिँदैन, नेपाल वृत्तान्तको यति मात्रै अस्पष्ट उल्लेखले यो कुरो हाम्रो मनमा चढ्न त चढ्यो, अझै इदमित्थ गर्न चाहिँ अलिक विचार गर्नै पर्छ। दक्षिण भारतको सांस्कृतिक प्रभाव सिम्रौनगढको नान्यदेवको राज्यस्थापनाभन्दा पहिल्यैदेखि पनि यहाँ पर्दै आएको हुनाले राजारानीको नाममा दक्षिणी छाप देखिएको पनि छ। वीरम्मादेवीको नाममा पनि दक्षिणी प्रभाव त छँदै छ। उनलाई काकतीय कुलकी नै भनिहाल्न चाहिँ अरू प्रमाणको अनुसन्धान हुनु आवश्यक छ।

पहिले जयशक्तिदेवले जयतुङ्ग मल्लसँग मिलेरै राजकाज चलाएका थिए। क्वाठनायकहरूको विद्रोह दबाउन पनि यिनको संयुक्त प्रयास नै हुन्थ्यो। वि.सं. १३५३ माघमा स्वंखाकिल्लाले विद्रोह गर्दा दुवै जना मिलेर लड्न गएका थिए। पाँच दिन घेरा हालेपछि किल्ला खुल्यो। किल्लामा रहेको धनसम्पत्ति लुटेर त्यहाँ आगो लाइयो। पछि पाटन उठेर यो युद्ध शान्त पारेको थियो।[४१]

त्यस्तै वि.सं. १३५६ भाद्रको एक युद्धमा जाँदा पनि त्रिपुर (भक्तपुर) देउपाटन, पाटन मिलेर यम्बू यङ्गल (काठमाडौं) फर्पिङमा ठाना बाँधी बंप्याछेमा आक्रमण गरिएको थियो ।[४२] यो युद्धपश्चात् यहाँको राज्यशक्ति पुन: प्रत्यक्ष दुई दलमा विभाजित भयो । यसमा के शर्त मिलेन वा बाँडफाँडमा चित्त बुझेन, जयतुङ्ग मल्ल र उनका दलले राजा अनन्त मल्ल र जयशक्तिदेवलाई हटाउन खोजे । यसको बदला लिन वा आफ्नो प्रभुता जमाउन सलछेंका पण्डित जयजु, बनेपाका जयशक्तिदेव र स्वयं राजासमेत मिली तेह्रौतेको सहायता मागे । यिनको सहायताको बहानाले सिम्रौनगढबाट तेह्रौते सैनिक्दलले वि.सं. १३५६ पुसमा भक्तपुरमा ठूलो हमला गर्‍यो । भक्तपुरको असनिमं दरबारमा घेरा हालेर एक महीनामा त्यो दख्खल गरियो, त्यहाँबाट लड्दै विजय गर्दै फागुनमा खण्डखुरी खपिन्थली मितिली आदि ठाउँ कब्जा गरिए । त्यहाँबाट तेह्रौतेहरू चानिगलतर्फ बढे । बाचंनिमं, बखुरीबही त्यंखाडोलको युद्धमा जम्मा दशजना वैरीहरू काटिए तापनि जबर्जस्ती जलधुनी कब्जा गरी ब्रह्मपुरमा पसे । यति भएपछि त्रिपुरले आत्मसमर्पण गर्‍यो । अब त्रिपुरले सिम्रौनगढलाई युद्धखर्च र सिर्तोबापत निकै मोटो रकम बुझाउनुपर्ने भयो, मन्द्रपालले रोपनीपिच्छे ६ द्रम्भ र घरैपिच्छे ४ द्रम्भका दरले रकम उठाई तेह्रौतेलाई सिर्तो तिरे, त्यस वेलाको अवस्थामा यो ज्यादै ठूलो रकम थियो । सिम्रौनगढबाट सैनिकको नेतृत्व गरी को आएको थियो सो चाहिँ यहाँ खुलेको छैन ।[४३]

यसले गर्दा नेपालको राजनीतिस्थिति ज्यादै कमजोर भयो, आपसमै अब युद्ध चलिरह्यो । वि.सं. १३६० मा त्रिपुर (भक्तपुर), मानिगल (पाटन) मिलेर युद्धमा गएका थिए । यस समयमा स्वयं राजकुमार (ठाकुर) हरू नै युद्धको नेतृत्व गरेर गएका थिए । तर यस युद्धमा त्रिपुर र पाटन दुवैको हार भयो ।[४४] यसमा प्रतिरोध गर्ने को थिए, त्यहाँ खुल्दैन तापनि जयशक्तिदेवकै विरोधको यो अभियान हो भन्ने अनुमान हुन्छ ।

त्यसको अर्को साल बखाछेंकिल्लामा विद्रोह उठ्यो। यो विद्रोह दबाई शान्ति स्थापनापछि देवीको बलिपूजा उत्सव पनि गरियो, अनि विद्रोही ३१ जना गला रेटेर मारिए ।[४५]

त्रिपुर र बनेपा दुई दलमा विभाजित भएपछि परस्परमा हानाहान चलिरहेकै थियो । वि.सं. १३६२ चैत्र वदि १४ मा त्रिपुर (भक्तपुर) का सबै शक्ति जमघट भएर आफ्नो दलबल लिएर जयशक्तिदेवको शक्ति तोड्न बनेपातर्फ लड्न गए । स्वयं जयशक्तिदेव सेनाको नेतृत्व लिई लड्न आए । धेरै सैनिक काटिएपछि त्रिपुरले हार्‍यो, त्रिपुरका ५० जना सैनिक मारिए, येथोवहारका पण्डे भा र दुथेका अर्का एकजनाको टाउको काटियो ।[४६] यो विजयपछि जयशक्तिदेवको शक्तिवृद्धि भयो । त्यसै वेला यता फर्पिङले विद्रोह गरेर त्रिपुरलाई टेर्न छोडेकाले त्रिपुरले पाटन नुवाकोट समेतलाई आफ्नो पक्षमा ल्याई फर्पिङलाई दबायो । यस युद्धमा त्रिपुरले मानिगललाई केही सुन दिने कबोल गरी सहायता लिएको थियो ।[४७]

यसको एक महीनापछि वि.सं. १३६२ श्रावणमा जयशक्तिदेवले बनेपाबाट भक्तपुरको चोछेंमा आक्रमण गरे, त्यहाँबाट विद्यापीठमा त्रिपुरसँग युद्ध जोरियो, त्रिपुरले वैरीलाई बढ्न दिएन, बाटाघाटा बन्द भए, आखिरमा मिलापत्र गरी जयशक्तिदेव बनेपातर्फ फर्केर गए।[४८]

वि.सं. १३६३ पौषमा बप्याछें किल्लामा विद्रोह उठ्यो। यो बिद्रोह दबाउन स्वयं जयशक्तिदेव सैन्यसाथ गए र पाँचजना विद्रोहीलाई पक्राउ गरे। यो बिद्रोह गराउनेमा मुख्य नाइके फर्पिङबाट आएका जयचन्द्र थिए। क्वाठनायक शिरकेश मुल्मी निर्दोष थिए, अनाहकमै उनी पनि पक्राउ परे। थुना परेका आठै दिनमा उनी मरे। उनको अन्त्यसंस्कार चाहिँ संमानसाथ गराइयो।[४९]

यसरी ३३ वर्षजति सिंहासनमा सुहाएर पनि कुनै त्यस्तो शक्ति नभएका ६२ वर्षका कमजोर राजा अनन्त मल्ल परस्परमा राजकुमारहरूको लुछाचुँडी अधिकार र धनको लागि भएका परस्परका संघर्ष टुलुटुलु हेरिरहँदा आजित भएर विरक्तिएका हुँदा वि.सं. १३६४ श्रावणमा आफ्ना प्रभुत्वले आफ्ना भण्डारीगण र भारदारलाई पनि पशुपतिनाथको सेवाशुश्रूषामा खटाए र अरू बलले भ्याएसम्म देउपाटनदरबारको र त्रिपुरको ढुकुटीबाट पनि सारा श्रीसम्पत्ति झिकेर पशुपतिनाथलाई अर्पण गरेर आफू बनेपामा गई बसे। यसको अर्को वर्ष श्रावण बदि १३ का दिन उनी उहीँ परलोक भए। तर उनको शवलाई आर्यघाटमा ल्याउन दिइएन, ४ दिनसम्म यस कचिङ्गलमै बित्यो र बल्लतल्ल ४ दिनपछि राजदीप (आर्यघाट) मा ल्याई दाहसंस्कार गरियो। यसपछि बनेपालीलाई आर्यघाटमा ल्याउन नपाइने भयो।[५०] यसबाट त्यस वेला देशमा पूरा संकुचितता र संघर्षको स्थिति सिर्जना भएको स्पष्ट देखिन्छ।

३.३ टिप्पणी

१. लि नेपाल ३ भा १८७-८९ पृ.

२. टिबटेन् पण्डित स्क्रप्चल्स्, २७२-८० पृ. मे.हि. नेपाल १०० पृ. २ टि.

३. मे.हि. नेपाल १०० पृ.

४. आनिको उनको परिवार र जन्मस्थल, हिमवत्संस्कृति १।३।३-५ पृ.
(आचार्यले यिनको जन्मस्थल पाटन ठहराएका छन् ।)

५. नेपाल-भोट-चीन सम्बन्धमा अन्यत्र विचार गरेको छु ।

६. कपाठ ३५ कपत्र

७. उही २६ कपत्र ।

८. (क) दिव्यशुद्धिकरण, राष्ट्रिय, अभि. ५, ८०६, मेडिवल् नेपाल १ मा २३१-३२ पृ.
(ख) महालक्ष्मीव्रत, रा. अभि. १,१३२०, मे. नेपाल, १ मा १३२ पृ.
(ग) महालक्ष्मीव्रत, रा. अभि. १,१३२०, १, शास्त्रीक्याटलम् १ भा. ४६ पृ.
(घ) एकादशीमाहात्म्य, रा. अभि. १, १२३१, ६ शास्त्रीक्याटलग् १ भा. ४४ पृ.
(ङ) कौमारीपूजा, रा. अभि. १, १३२०.१३.३ शास्त्रीक्याटलग् १ भा- ४६
(च) नरपतिजयचर्यास्वरोदय रा. अभि. १.१५३७.३, मे. हि. नेपाल ९६ पृ.
(छ) महालक्ष्मीव्रत रा. अभि. १,१३२०.१३, मे. नेपाल १भा. २३२ पृ.
(ज) पन्चरक्षा, शालुगुम्वा (तिब्वत), विहाररिसर्च सोसाइटी जर्नल २१ सं. २९ पृ
(झ) महालक्ष्मीचरित, रा. अभि. १. १३२०, मे. नेपाल १ भा. १३२ पृ.
ख, ग, छ, झ,यी चार पुस्तक पाँगा बस्ने ब्राम्हण श्रीपर्ति भारोका हुन्
(ञ) गण्डव्यूहसूत्र, शाक्यगुम्वा (तिब्बत) वि.रि. सोसाइटी जर्नल २३ सं. २८ पृ.
(ट) शतसाहस्रिका प्रज्ञापारिता, साक्यगुम्वा, वि.रि. सोसाइटी जर्नल २३ सं. ३०
(ठ) शतसाहस्रिका प्रज्ञापारिता, साक्यगुम्वा, वि.रि. सोसाइटी जर्नल २३ सं. ३०
(ड) शतसाहस्रिका प्रज्ञापारिना, साक्यगुम्वा, वि.रि. सोसाइटी जर्नल २३ सं. ३०

(ढ) अनन्तव्रत रा.अभि. १.१३२०.३, शास्त्रीक्याटलग् १ भा. ४९पृ.

(ण) प्रतिष्ठापद्धति, रा. अभि. १.१६३४.८, शास्त्रीक्याटलग् १ भा. ७८ पृ.

(त) कौमारीपूजाविधान, केशरलाइब्रेरी, २९ सं. मे. हि. नेपाल ९८ पृ.

(पछि सारेको प्रतिमा 'त्रिभूमिक विद्या' भन्ने नाम दिइएको छ। सो पुस्तक रा. अभि. ५,२२३१ सं. मा राखेको छ।)

(थ) सारावली, ब्रिटिशम्युजियम् १८२ सं. बेण्डालक्याटलग् ४४० पृ.

(द) लक्ष्म्यवतार, रा. अभि. १,१३२० १३.४, शास्त्रीक्याटलग् १ भा. ४६ पृ.

(ध) मन्थानभैरवतन्त्र, रा. अभि. २. २१८ बृहत्सूचीपत्र ४ भा. ६३ पृ.

(न) कुलालिकाम्नाय, रा. अभि. ५.८७५ मे. नेपाल १ भा. २३२ पृ.

(प) चण्डमहारोषणतन्त्र पञ्जिका रा. अभि. ३.४०२ .३

शास्त्रीक्याटलग् २ भा. ९४ पृ.

(फ) अवदानकल्पलता, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए.डी.डी. १३०६, बेण्डालक्याटलग् ४३ पृ.

(ब) बोधिचर्यावतार प्रज्ञाकरमती टीका, ङोरगुम्बा (तिब्बत) वि.रि. सोसाइटी जर्नल २१ सं. ३८ पृ.

(भ) संज्ञानसागर, एसियाटिक सोसाइटी, ४८५२ सं ए. डिस्क्रिएटिभ् क्याटलग् २४ सं. ३८ -४८ पृ.

९. कपाठ ३६ खपत्र

१०. तेन कृतद्रम्भव्यवहारेण प्रजा कष्टीभवति २६ कपत्र।

११. तस्य राजा कुराज्यं चिंतापहारि कुमरवनं भक्तापुरि नाशं करोति, खपाठ ९ पृ. सिनास जर्नल १२ भा. २ सं. ९० पृ.

१२. इतिहासप्रवेश १७७ पृ.

१३. स कालगण्डिकातीराश्रयात्युच्चाश्मवेश्मनि।

निचखान जयापीडमाप्तानां रक्षिणां करे॥

राजतरङ्गिणी ४।५४५

१४. मेडिवल् नेपाल १ मा ७१०-११ पृ.

१५. प्रिलिमिनरी रिपोर्ट ५१ पृ.

१६. गढवाल ११२-३४९ पृ.

१७. इपिग्राफिया इण्डिका १२ भा. २९-३० पृ.

१८. कर्णालीप्रदेशको ऐ. रूपरेखा २२-२४ पृ.

१९. गढवाल ११०-१४ पृ.

२०. प्रिलिमिनरी रिपोर्ट ४६-७१ पृ.

२१. कपाठ २६ खपत्र

पूर्णिमा ६० पूर्णाङ्क, २१ - २४ पृ.

आफूभन्दा ठूलो बलशाली वैरीले आक्रमण गर्दा वा आक्रमणको सूचना प्राप्त गर्नासाथ शहरबस्ती खाली गरेर जङ्गलमा पसेर लुक्ने प्रचलन त्यस वेला भारतका शहरहुँदो पनि वारंवार चलेको थियो। मुसलमानको आक्रमण हुन्छ भन्ने सूचना पाउनासाथ वैशालीनगर खाली सुनासान भएको कुरा त्यस वेला यात्रा गर्ने तिब्बती भिक्षु धर्मस्वामीले गरेका छन्, त्यस्तै मुसलमानी आक्रमणको भयले बुद्धगयाका राजा बुद्धसेन जङ्गल पसेर बसेको आफैंले देखेको कुरा पनि उनले आफ्नो यात्रावृत्तान्तमा लेखेका छन्।

२२. उही

२३. पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा द्रष्टव्य।

२४. उही २६ खपत्र,

२५. जयतरचित महीरावणवध नाटक ४९ पृ. पनि द्रष्टव्य।

२६. क. ताडपत्र तमसुकहरू

ख. डकुमेन्ट फ्रम् द रुद्रवर्ण महाविहार पाटन, १ भाग

ग. पूर्णिमा ७५ पूर्णाङ्क, ५ पृ.

२७. हिमवत्संस्कृति १।१।३४-४१ पृ. र सन्धिपत्रसंग्रह द्रष्टव्य।

२८. द्रष्टव्य-पश्चिम नेपालको ऐ. अन्वेषण

२९. पुरातत्त्व पत्रसंग्रह तथा नेपालनिरुक्त २८२-९१ पृ.

माझकिरातको ऐ. सिंहावलोकन, भोजपुर (परिशिष्ट) पनि द्रष्टव्य ।

३०. कपाठ ४४ खपत्र ।

३१. उही २६ खपत्र ।

३२. 'नेपाल एण्ड साउथ इण्डिया' सिनास जर्नल २ भा १ सं ११९-२२ पृ.

३३. जयराजदेवस्य पत्नी कर्णाटवंशज रुद्र मल्लदेव नाम, खपाठ १४ पृ. ।

यस्ता नामको सादृश्य सिजाली राजाका अभिलेखमा पनि पाइन्छ। दुल्लु पाथरन्याउलीका अभिलेखमा ग्रन्थवर्माकी मुखिनीको नाम नावल्लदेवी भन्ने पाइन्छ। यस्तै कनौजका श्रीहर्ष कविकी आमाको नाम मामल्लदेवी भन्ने थियो ।

३४. कपाठ ४० कपत्र ।

३५. उही २७ कपत्र,

खपाठ १०-११ पृ. घपाठ ९-१० पृ

३६. २७ कपत्र,

३७. उही

३८. सिनास जर्नल २ भा. १ सं ११९-२२ पृ.

३९. सेलेक्ट इन्स्कृप्सन्स् ५६६-६७ पृ.

४०. प्राचीन भारतका राजनैतिक सांस्कृतिक इतिहास ६२६ पृ.

४१. कपाठ ४० खपत्र

४२. उही,

४३. उही, ४१ कपत्र

४४. उही,

४५. उही,

४६. ४२ पत्र,

४७. ४१ खपत्र

४८. उही,

४९. उही,

५०. ४२ कपत्र, द्रष्टव्य - भोन्त र भोन्तका भण्डारी पशुपतिमा, शैवभूमि ५/५

तृतीय प्रकरण

४ अध्याय

महामन्त्री चण्डेश्वरको नेपालदूनविजय
वि.सं. १३६७-७०

अनन्त मल्लको वि.सं. १३६५ श्रावणमा मृत्यु भएपछि राजसिंहासन खाली रह्यो। शक्तिशाली युवराज जयादित्यदेव मरेपछि यो पद पनि विधिपूर्वक कसैले पाएको थिएन। युवराज्ञीको हैसियतले वीरम्मादेवीले छोरासँग मिलेर शासन चलाएकी थिइन्। त्रिपुरमा जयतुङ्ग मल्लकै हकडक थियो, वनेपा र त्रिपुरको मिलाप टुटेपछि यहाँ एक किसिमको अराजकता पैदा भयो। उनका छोरा जयारि मल्लले वावुको उत्तराधिकारीको रूपमा सिंहासनमा बस्न पाएनन्। धेरै क्वाठनायकहरू पनि सर्वतन्त्रस्वतन्त्र हुन चाहन्थे। जताततै विद्रोह मच्चियो। राजा मरेको अर्को साल त्रिपुरका युथुनियम्का शक्तिशाली कुमार जयतुङ्ग मल्लले लिपिंक्वाठ नवलिङ्कक्वाठ नुवाकोटलाई पनि तहमा ल्याए, वनेपा पनि खुलाए।[1]

जयशक्तिदेवको सिम्रौनगढसँग नजीकको सम्वन्ध थियो। वीरम्मादेवीको माइती जयशक्तिदेवको मावलीघर दक्षिणतिरै भएको चर्चा माथि पनि गरियो। जयतुङ्ग मल्लको हाइदुहाइ हेर्न उनी चाहँदैनथे। यसैले त्रिपुरलाई तह लगाउन अघि पनि उनले सिम्रौनगढ गुहारेका थिए। अव यसपालि पनि सवैतिरवाट निराश भएपछि उनले फेरि तेह्रौततिरै गुहार्ने निधो गरे।

यति वेला तेह्रौतराज्यको सिम्रौनगढको सिंहासनमा हरसिंहदेव विराजमान थिए। उनका मन्त्रिपरिषद्मा वरिष्ठ मन्त्रीहरूमा मुख्य सान्धिविग्रहिक मन्त्री चण्डेश्वर ठक्कुर थिए। यिनको यो पद पुस्तौनी थियो। उनका वावु विद्वान् वीरेश्वर र वाजे देवादित्य पनि यस दरवारमा यही पदमा थिए। चण्डेश्वर वडा भारी विद्वान् थिए। यिनले धर्मशास्त्र र राजनीतिशास्त्रका गरी सात रत्नाकर र अरू अनेक ग्रन्थ लेखेका थिए। यिनी शास्त्रमा मात्रै होइन, शस्त्रमा पनि उत्तिकै पारंगत थिए। नेपालदूनचढाइ गर्दा हरसिंहदेवका तेह्रौते सैनिकको नेतृत्व यिनै महामन्त्री चण्डेश्वर ठक्कुरले गरेका थिए।

वि.सं. १३५६ को हमलामा पहिले तेह्रौते सैनिकले भक्तपुर ध्वस्त पारेका थिए। शायद त्यसपालि यिनीहरू सिन्धुली हुँदै वनेपाको वाटो भएर आएका थिए। यसपालि सोझै

सिम्रौनगढबाट फर्पिङको बाटो आएर पहिले ललितपुरमा चढाइ गरेको देखिन्छ। तेह्नौते सैनिकले ललितपुरलाई घेरा हाले र वि.सं. १३६७ माघ बदि १४ का दिन किल्लाको द्वार खोलेर शहरभित्र प्रवेश गरे। मानिगल (मङ्गलबजार) दखल गरेर ललितपुर शहर सबै विनाश पारे। ललितपुरका ब्राह्मण र पात्रहरू पनि सबै कैद गरिए। किल्लाहरू आगो लाइदिनाले सबै ध्वस्त भए। जुन दशा पहिले भक्तपुरको भएको थियो, अहिले पाटनको त्यही दशा भयो। जयशक्तिदेव त तेह्नौते सैनिकको अगुवाइ गर्ने नै भए। यसबाहेक वेतनदेव, मेघचन्द्र द्वाखा राउतहरू पनि उतै मिलेका थिए। यति भएपछि युद्धखर्चबापत सारा प्रजासँग रकम उठाएर तेह्नौते सेनापतिलाई दिइयो र यतैवाट सबै रसदपानी पनि खेपियो।[३]

अव मन्त्री चण्डेश्वर ठक्कुरको नेतृत्वमा आएको मैथिली सेना यहीं रहन लाग्यो। अर्को साल कार्तिकमा यिनले देउपाटनको भण्डारबाट सबै धन झिकेर लिए, पशुपतिका एक्काइसवटै सुवर्ण कवच पनि झिकेर लगे, देवालयमा पनि आगो लाए र ध्वस्त पारे। यस्तो वर्णन पुराना वृत्तान्तमा वर्णित भएकोले यसैका आधारमा हिन्दुधर्मावलम्वी भएर पनि यस्तो विधर्मीले गर्ने देवमन्दिर लुट्ने ध्वस्त पार्ने आगो लगाउने काम यिनले गरे भन्ने कुरा कति इतिहासकारले लेखेका छन्।[४] परन्तु त्यस वेला बलिया किल्ला देवमन्दिरपरिसरमै हुन्थे। त्यस वेलाका शासक खरखजाना हातहतियार पनि मन्दिरपरिसरमै राखेर किल्लाबन्दी गरेर वस्तथे, साँखु, चाँगु सिम्भु जस्ता पवित्रस्थल दुर्गम वनदुर्ग शैलदुर्गका रूपमा रहेका थिए भन्ने कुरा हामीले माथि पनि चर्चा गर्‍यौं। तिनै किल्ला फोर्न र किल्ला भित्रका वैरीलाई काबू पार्न यस्ता वनदुर्गमा अरू दुर्गमा पनि किल्ला नफुट्ता बाहिरबाट आगो लगाउने त्यस वेलाको एक रणनीति नै थियो। यो आगो सल्काएको देवताको विनाश गर्न मुसलमानले जस्तो मूर्ति तोड्न नभएर केवल शत्रुलाई परास्त गर्न गरिएको युद्धकार्य थियो।[५]

पहिलो साल ललितपुर दख्खल भएको थियो, दोस्रो साल आफ्ना कावूमा नआउने धेरै किल्लामा मैथिलसैन्यको आक्रमण भयो, विशेषत: बनेपादेखि साँगासम्मका पनौती चौकोट खट्पुमा यिनले चढाइ गरे, त्यहाँ धेरै मानिसले ज्यान गुमाउनुपर्‍यो।

यहाँनिर अलिकति कुरा विचारणीय के छ भने यद्यपि जयशक्तिदेव वेतनदेवहरूकै सहयोगको बहानाले मैथिली सैन्य नेपालदून पसेको थियो। तत्पश्चात् यहाँ पाटन काठमाडौं शहर सर गरिसकेपछि यहाँका सारा प्रजाले हरसिंहदेवको छत्रछायामा रहन मञ्जूर गरे। स्वयं शक्ति हातमा लिएर बसेका राजकुमार जयतुङ्ग मल्ल पदुमलदेवी रुद्र मल्लहरूले पनि महाराज हरसिंहदेवका विजयी मन्त्री र सैनिकको चित्त बुझाई उनका शर्त स्वीकार गरी धनद्रव्य सुम्पेर सुलहसन्धि गरी भक्तपुरलाई चाहिँ पहिलेको जस्तो विनाशलीलाबाट बचाएको बुझिन्छ।[६] वि.सं. १३६७ हिउँददेखि १३७० वैशाखसम्म नेपालदूनमा सिम्रौनगढको एकच्छत्र प्रभुता छाएको देखिन्छ।

चण्डेश्वर ठक्कुरले यहाँका ललितपुर कान्तिपुर, भक्तपुर तीनै शहरलाई सलले बलले वश पारेर यहाँ शान्तिसँग धर्मकर्म देवदर्शन गरेपछि जयशक्तिदेवको त्यति खायस नराखेको देखिन्छ। तेह्रौतेको नेपाल अभियानकै वेला वि.सं. १३६८ जेठमा जयतुङ्ग मल्ल परलोक भए।[७] त्यसपछि उनका छोरा नवयुवक जयरुद्र मल्ल आफ्नी आमा पदुमलदेवीका साथ शासन सञ्चालन गर्न लागे। तर जयरुद्र मल्ल बाबु मर्दा १६ वर्षका मात्र थिए,[८] उनका विरुद्धमा नाला साँगा, बनेपा त्रिपुर आदिका शासकहरू विद्रोहमा उत्रिए, तर जयरुद्र मल्ल र पदुमलदेवीकै पक्षको विजय भयो। चोछेंका जन भा, अखराम मुलमी, तेजराम मुलमी, जयसिंह आदि ६० जना मानिस मारिए[९], यसमा पूर्ण सहयोग तेह्रौतेको पनि भएको पाइन्छ। यस वेला यहाँ मन्त्री चण्डेश्वरकै सैन्यद्वारा नेपालदून विजित भएको र हरसिंहदेवको दबदबा चलेको थियो। बनेपादेखि तरीसम्मका मानिस तेह्रौतेबाट काटिएको घटना, ढुकुटीको धन पशुपतिका गहना लिएको र यता ६० जना भारदार स्वाहा भएको उपर्युक्त विद्रोहको समय एकै देखिन्छ। आफ्नो विजययात्रा पूरा गरी धर्मकर्म गरी चण्डेश्वर १३६८ फागुन शुदि ८ का दिन आफ्ना सहयोगी साथ लिएर तराईतिर प्रस्थान गरे।

रिपु मल्लको यात्रा

त्यसैको अर्को साल अर्थात् वि.सं. १३६९ फागुन बदि १ का दिन सिजाका राजा जितारि मल्लका भतिजा आनन्द मल्लका छोरा रिपु मल्ल नेपालदूनआए, यस वेला उनी विजययात्राको प्रसङ्गमा नभएर तीर्थयात्रामा यहाँ आएका थिए, छोरा संग्राम मल्ललाई पनि लिएर आएका थिए, किन भने लुम्बिनीको अशोकस्तम्भमा त्यस वेला कुँदाएको लेखमा दुवै बाबु छोराको नाम अङ्कित छ। रिपु मल्लले पहिले बुङ्मतीमा गएर राता मच्छेन्द्रनाथलाई महास्नान गराई एउटा घोडा चढाए। देउपाटनमा पशुपतिनाथको स्पर्श गरेर पूजा गरे, सिम्भूमा गई त्यहाँ बहालमा व्रतबन्ध गर्नेजति सबैलाई भोज खुवाए। १८ दिनसम्म यहाँ बसी तीर्थ गरी स्वदेश फर्केर गए।[१०]

रिपु मल्ल छोरासमेत भएर बुद्धजन्मभूमि लुम्बिनी आई तीर्थयात्रा गरी त्यहाँका अशोकस्तम्भमा बाबु छोराकै नाम अङ्कित गराई त्यसै साल नेपालमा पनि बुङ्मतीमा राता मच्छेन्द्रनाथ स्वयम्भूको र पशुपतिनाथको पनि दर्शन स्पर्शन पूजन मात्र गरेर गएको वर्णन पाइएकोले यस पटकको उनको आगमन केवल तीर्थयात्राकै प्रसङ्गमा भएको बुझिन्छ।

रुद्र मल्लको उदय

यसको केही दिनपछि अर्थात् वि.सं. १३७० वैशाख शुदी ९ मा तेह्रौतेलाई जितेर फर्केका जयरुद्र मल्ल ठूलो जात्रा उत्सव मनाउँदै चानिगलमा भित्रिए। भित्रिएपछि सलछेंका

ब्राह्मण राजरहस्पतिले तजबीज बाँधेका हुनाले उनका सल्लाहले आफ्ना विरोधीहरूलाई उनले पक्रे र राउत जेतराम भारोका छोरा तेजराम भारो यर्छेका जोखन भारो, ज्ञान भारो र खनि मन्दात भारो पाँच जनालाई आँखा झिकेर दुःख दिएर युथुनिमम् दरबारकै भित्र दोयमाजुका स्थानमा मारे।[११] जेतराम राउत त जयरुद्रकै ल्याइतेपट्टि जन्मेका सौतेनी बडाबाबु पर्दथे।[१२]

यहाँ यतिखेर जयरुद्र मल्लले तेह्रौतेलाई जितेर धपाएर फर्केर बढाइँ गरेको र विरोधीहरूलाई दमन गरेको कुरा विचारणीय छ। अघिल्लो साल यहाँका जनताबाट उठाएर तथा दरबारका ढुकुटीबाट देवताका भण्डारबाट झिकेर प्रशस्त धनद्रव्य सुनचाँदी लिएर मन्त्री चण्डेश्वर र उनको सैनिकदल फर्केर गएको कुरो माथि उल्लेख गरियो। त्यसरी सन्धिसम्झौता गरी आफ्नातर्फ मिलाइसकेपछि जयरुद्र मल्लकै पक्षमा लागेर जयशक्तिदेवको रजाइँ चलेको, पूर्वका बनेपा साँगातिरका सात गाउँ तेह्रौते सैनिक्ले पिटेको कुरा पनि हामीले देखिसक्यौं। यस्तो अवस्थामा नवयुवक जयरुद्र मल्लले सिम्रौनगढका सैनिक्लाई जितेर धपाएको कुरा पूर्व वृत्तान्तकारको जयरुद्र मल्लको वडप्पन देखाउने कथनीमात्रै थियो। वास्तवमा अब जयशक्तिदेवको स्थान जयरुद्र मल्लले लिइसकेका थिए। उनी सम्बन्धले र विधेयताको नाताले पनि हरसिंहदेवका नजीकका हितैषी भएका हुनाले नेपालको राज्यभारको अख्तियार उनैले पाइसकेका थिए। वि.सं. १३७० वैशाखदेखि सिम्रौनगढसँग पौंठाजोरी खेलेर बलबुताले होइन कि सलले सम्बन्धले उनी सर्वशक्तिमान् बन्न आएका थिए। अब बनेपाका जयशक्तिदेवको शक्ति क्षीण भयो, उनी निस्तेज भएर वि.सं १३७२ मा परलोक भए।[१३] नेपालमा अब एकमात्र वास्तव शासक जयरुद्र मल्ल मानिए र माता पदुमलदेवीले युवराज्ञी वीरम्मादेवीको स्थान लिइन्।

चण्डेश्वरको धार्मिक कार्य र हरसिंहदेवको प्रतिष्ठा

हरसिंहदेवका सान्धिविग्रहिक मन्त्री चण्डेश्वरले नेपालदून विजय गरी यहाँका आराध्यदेव पशुपतिनाथको विशेष पूजा आराधना गरेका थिए, उनले काशीका विश्वनाथलाई जस्तै पशुपतिनाथलाई अँगालो हालेर छोएरै पूजा गरेका थिए।[१४] उनले यहाँको धेरै धनसम्पत्ति समेटेका थिए, सुलह गर्दा दिएको, यहाँका दरबारका ढुकुटीबाट र देवताका भण्डारबाट झिकेर बलले लगेको असंख्य सम्पत्ति उनले पात्र ब्राम्हणहरूलाई दान दिएर बर्ताइदिए। कमाएको धनको प्रयोजन पात्रमा प्रतिपादन गर्नू भन्ने धर्मशास्त्रको वचन र शत्रुका देशबाट आर्जेर ल्याएको धन यज्ञयागादि गरेर ब्राह्मणसात् गर्नू भन्ने राजनीतिशास्त्रको नियम बमोजिम विद्वान् मन्त्री चण्डेश्वरले वि.सं. १३७१ मंसीर महीनाको पुण्यतिथिमा वाग्मतीको किनारमा आफ्नो जीउको तौल बराबरको जत्रै सुन चाँदी जोखेर

तुलादान दिए तथा अरू पोखरी खनाएर धर्मकर्ममा खर्च गरेर हिन्दु-आदर्शलाई चरितार्थ गरे।[१५]

नेपालको इतिहासमा हरसिंहदेवको स्थान एक्दम ठूलो छ। भाषावंशावलीले त नेपालका सम्पूर्ण मल्लराजाहरू नै नान्यदेवका वंशज हुन् भनी ठोकेर लेखेका छन्, नान्यदेवदेखि रामसिंहसम्मका राजाले नेपालमा राज्य गरेको र त्यसपछि हरसिंहदेवले नेपाल जितेर उनैका वंशमा स्थिति मल्ल जन्मेका, उनैका सन्तानले तीन शहरमा राज्य चलाएको भन्ने कथा पनि लेखेकोले यसैका आधारमा धेरै इतिहासकारहरू यस सम्बन्धमा अलमलिइरहेका छन्। यसवारेमा म पछिल्लो अध्यायमा पनि चर्चा गर्नेछु।

वास्तवमा पुराना वृत्तान्तकारले पनि सिम्रौनगढका राजाहरूको वर्णन केन्द्रका राजाहरूकै हाराहारीमा गर्दै ल्याएको छ र यो तेह्रौतेको नेपालविजय पनि त्यसमा राम्ररी नै उल्लिखित छ। चण्डेश्वरले नेपालविजयको प्रसङ्गमा अरू पनि देश जितेको, नेपालका रघुवंशी राजाहरू भागेको वर्णन निकै बढाईचढाई गरेका छन्[१६], अरू देश जितेको कथा उनले बढाए पनिनेपालदूनजितेको र नेपालका राजकुमारहरू भागेको कुरा चाहिँ सही नै थियो। यस वेला नेपालमा गद्दीनसीन वा पुष्याभिषिक्त राजा कोही पनि थिएनन्, गद्दी खाली थियो। वास्तवमा यति वेला नेपालका खास राजा हरसिंहदेव नै थिए भन्दा हुन्छ। हुन त यहाँ त्यति वेलाका हरसिंहदेवलाई मान्ने वा सम्झाउने अभिलेख पाइएका छैनन्। ने.सं. ४२८ देखि ४३४ सम्म नेपालका कुनै अभिलेख पनि नपाइनु एउटा आश्चर्यकै घटना भएको छ, त्यस वेला अभिलेख राख्ता वा पुष्पिकावाक्य लेख्ता के लेखिने थियो, यो एउटा जिज्ञासाको विषय छ। वि.सं. १३६८ मा पुराना वृत्तान्तका एक वाक्यमा वनेपामा नालामा त्रिपुरमा युद्ध पर्दा जन भा अनेखराम आदि ६० जना मानिस मारिएको घटना जयरुद्र मल्लदेवको विजयराज्यमा आमा पदुमलदेवीका पालामा भएको भनेर लेखिएको छ।[१७] एउटा मिति विनाको चाँगुनारायणलाई कण्ठा चढाएको अभिलेखमा यिनलाई ठाकुर मात्र लेखिएको छ तापनि यिनका नाममा दुई श्री लागेका हुँदा[१८] यिनलाई ठाकुर भनेर उपराजै मानेको बुझिन्छ जे भए पनि नेपालको राजगद्दी खाली हुनु राजकुमार र स्थानीय शासकहरूबाट शासन सञ्चालन हुनु, हरसिंहदेवका मन्त्री भारदारलाई रकम उठाई सिर्तो बुझाउनु आदि कुरातिर ध्यान दिँदा यस वेला सम्पूर्ण नेपालका मूर्धाभिषिक्त राजा हरसिंहदेव नै एकमात्र देखिन्छन्।

३.४. टिप्पणी

१. नेपालवृत्त कपाठ ४२ कपत्र,

२. महीरावणवधनाटक ५० पृ. र चण्डेश्वरकै कृत्यरत्नाकर, विवादरत्नाकर, कृत्यचिन्तामणिका पुष्पिकावाक्य ८,९ १० परिशिष्टमा द्रष्टव्य,

३. कपाठ ४२ ख ४३ कपत्र,

४. डोयहरू को हुन्, पूर्णिमा ४ पू. २०-३१ पृ.

५. द्रष्टव्य-पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा,

६. विजयी बलसँग सन्धिका शर्त बारेमा पछिल्ला अध्यायमा चर्चा गरिनेछ।

७. कपाठ ३६ कपत्र,

८. उही ४० कपत्र,

९. उही ४३ पत्र,

१०. पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा,

११. क पाठ ४३ कपत्र,

१२. लुसियानो पेटेकले चानिगल भनेको पाटनमा थियो भन्ने सम्झेका छन् ,यस कारण उनले तेह्रौतेलाई जितेर विजयोत्सव मनाउँदै फर्केका जयरुद्र मल्ल पाटन (चानिगल) भित्रिएर १० दिन बसेर राता मच्छेन्द्रनाथको रथयात्रा चलाएर त्यहाँका आफ्ना विरोधी ५ जना भारदारलाई मारेको कुरा लेखे (मे.हि. ने. १०९)। परन्तु उनको यो लेखाइ अशुद्ध भएको छ। चानिगल भक्तपुरमै थियो र रुद्र मल्ल तेह्रौतेसँग लडेर वा मिलापत्र गरेर आएर भक्तपुर दरबारमै भित्रिएका थिए, भित्रिएका १० दिनपछि ५ जना आफ्ना विरोधीलाई उनले मारेका हुन्। चानिगल भक्तपुरमा थियो भन्ने कुरा पेटेकले नै उद्धृत गरेको यक्ष मल्लको पालामा लेखिएको शुक्लयजुर्वेद संहिताको पुष्पिका वाक्यमा श्रीभगवतापुरीनगरे श्रीचानिगलस्थाने' भनेर स्पष्ट लेखिएकोबाट थाहा हुन्छ।, (यक्ष मल्ल अभिलेख सं २ मे.हि.नेपाल १६८ पृ.)

१३. उही ३६ कपत्र,

१४. देवं विश्ववरप्रदं पशुपतिं संस्पृश्य यो ऽपूजयत्।

कृत्यरत्नाकरको पुष्पिका, १५ श्लोक, महीरावणवध नाटकको ८ परिशिष्ट, 'पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा' पनि द्रष्टव्य।

१५. कृत्यरत्नाकर, विवादरत्नाकर कृत्यचिन्तामणिका पुष्पिका, द्रष्टव्य- महीरावणवध ८,९,१० परिशिष्ट,

१६. उही

१७. विजयराजे श्रीजयरुद्रमलदेवस मामो जुटों श्रीपदुमलदेवीस।

क पाठ ४३ खपत्र,

१८. चाँगु. ऐ. सामग्री, १६१ पृ.

चतुर्थ प्रकरण

१ अध्याय

जयानन्ददेव र जयरुद्र मल्ल

अनन्त मल्ल राजाको मृत्युपछि सिंहासन खाली भएको निकै वर्षपछि गद्दीका हक्दारका नाताले युवराज जयादित्यका भाइ जयानन्ददेव देउपाटनको सिंहासनमा बसे। पुराना वृत्तान्तमा यिनलाई पुष्याभिषिक्त राजा नभनेर त्यसपछि जयानन्दको पालो आयो मात्र भनिएको छ।[१] भोगवर्ष पनि दिइएको छैन। जयदेवसँग आनन्ददेवको शासन जोडेर क्थेको भाषावंशावलीको कथाको चर्चा माथि भयो, त्यसको यहाँ कुनै महत्त्व छैन। अहिलेसम्म बनेपातिर निस्तेज भएर यी रहिरहेका थिए। अहिले आएर देउपाटनको गद्दीमा बसे पनि यिनका हातमा कुनै शक्ति थिएन। वि.सं. १३७३ को देउपाटनको टुटे धाराको अभिलेखमा जयानन्ददेवको धर्मविजय भयो, जयरुद्र मल्लको चाहिँ राज्यलब्ध वर्ष भयो भनी लेखिएको छ। यसबाट जयानन्ददेव पुरानो सिंहासनमा आरूढ भए, जयरुद्र मल्ल युवराज वा उपराजको त्रिपुर (भक्तपुर) को मूलगद्दीमा आसीन भएर शासन चलाउन लागेका देखिन्छन्। त्यसमा यिनलाई रघुवंशावतार (सूर्यवंशी) पनि भनिएको छ। रुद्र मल्लसँग संयुक्त उक्त शिलालेख बाहेक जयानन्ददेवलाई मात्र सम्झाउने एक अर्को शिलालेख र दुई पुष्पिकावाक्य पनि पाइएका छन्।[२] तिनमा जयानन्दलाई राजाधिराजका अतिरिक्त परमधार्मिक भन्ने पदवी अधिक दिइएको छ। यी राजा धर्मकर्ममा नै रुचि राख्तथे। रुद्र मल्लको एउटा छुट्टै अलङ्कार (कण्ठा) को अभिलेख पनि प्राप्त छ, त्यसमा यिनलाई 'श्रीश्रीजयरुद्र मल्लदेव ठाकुर' भनेर लेखिएको कुरा माथि नै उल्लेख गरियो।[३]

अनन्त मल्लको निधनपछि सरक्क जयानन्ददेव राजा भए भन्ने कुरा इतिहासकारहरूले लेखेका छन्। पेटेकले चाहिँ बालकुमारीको अभिलेखबाट ५ वर्षपछि वि.सं. १३७० तिरै यी गद्दीमा बसेको कुरा लेखेका हुन्।[४] माथिको सबै ऐतिहासिक घटनाको उथलपुथलको उहापोह

गर्दा अभिलेखबाट पनि वि.सं. १३६४ श्रावणमा अनन्त मल्लले सम्पूर्ण सम्पत्ति र सेवक भण्डारेहरूलाई पनि पशुपतिलाई सुम्पेर बनेपा गई बसेका र अर्को वर्ष उहीं परलोक भएका हुँदा र वि.सं. १३७१ वैशाखमा मात्र जयानन्दका अभिलेख पाइएकाले बीचमा करीव ६ वर्ष गद्दी खाली भएको देखिन्छ। राजा जयानन्द सिंहासनासीन भइरहेका र त्यसपछि अर्थात् वि.सं १३७३ मा त्रिपुरको गद्दीमा पनि जयरुद्र मल्ल विधिपूर्वक आरूढ भएर शक्तिशाली उपराज भएका देखिए। यसरी राजोपराजको पद्धति चल्न आयो। वि.सं १३७० फागुनमा जयानन्ददेवको पलाञ्चोकमा रखौटी पत्नीबाट राजदेवको जन्म भएको थियो।[५]

जयरुद्र मल्ल विधिपूर्वक उपराज घोषित हुनुभन्दा पहिल्यैदेखि तेह्रौतेको बलले यहाँ चल्दावल्दा भएर निस्किसकेका थिए। यिनका बाबुकै समयदेखि यहाँ तेह्रौतेको प्रभाव बढ्दै आएको थियो। वि.सं १३६७ मा जयशक्तिदेवले तेह्रौतेलाई सहायताको लागि बोलाएर ल्याएको र यहाँ ठूलो घमासान युद्ध परेको र तिनसँगका सन्धिविग्रहका कुरा तथा वि.सं १३६८ देखि जयरुद्र मल्लले आमा पदुमलदेवीसँग मिलेर शासन गर्दै यहाँको विद्रोह दबाउने बाहिरिया आक्रमणसँग मुकाबिला गर्ने गर्दै आएको र वि.सं. १३७० वैशाखमा बलले भन्दा पनि सलले नै तेह्रौतेको दललाई यहाँबाट हटाइपठाएपछि जयरुद्र मल्ल झन् शक्तिशाली हुँदै आएको चर्चा पनि माथि गरिएको छ।

अब यिनी यहाँ भित्र पनि आफ्ना विपक्षीहरूलाई राम्रैसँग दमन गरिरहेका थिए, यिनले क्वाछेंका तेजपाल भारो र बंबिगोंछेका भारोलाई देशनिकाला गरे। वि.सं. १३७२ भाद्रमा कैद परेका बोध मुलमी र अर्का एकजनाको जेलमा नै मृत्यु भयो। यिनलाई जात लिएर धुनेका हुनाले यिनका स्वास्नीहरूले पतिया चाहिँ पाए, क्रिया चाहिँ बाहुनद्वारा पनि गराउन दिइएन[६]। विद्रोही क्वाठनायकलाई पनि यिनले राम्रै दबाए। वि.सं १३७२ वैशाखमा गोकर्णकिल्लाका क्वाठनायक बागी बनेर उत्रे। बागी बनेका क्वाठनायकलाई वश पार्न र यही किल्ला कब्जा गर्न गएको सैनिकद्वारा एक महीनासम्म किल्ला घेरा हालियो।[७]

त्यसै साल असारमा आक्रमण गर्न आएको नुवाकोटको लस्करलाई त्रिपुरले साखरकोटबाट काटी धपाइदियो।[८] रुद्र मल्लको राज्यकालको सबभन्दा ठूलो घटना नुवाकोटविजय थियो। नुवाकोट भोट जाने केरुङको बाटोमै पर्ने हुँदा सामरिकदृष्टिले र आर्थिकदृष्टिले पनि महत्त्वपूर्ण किल्ला मानिएको थियो। सिजाको आक्रमणले गर्दा त सुरक्षाको दृष्टिले पनि यसको महत्त्व झन् बढेर आयो। केन्द्रमा उथलपुथल मच्चिँदा यस्ता किल्लाका क्वाठनायकले स्वतन्त्र हुन खोज्नु त स्वाभाविक थियो। नुवाकोटले त जयरुद्र मल्लको विरुद्धमा अभियान नै चलाएकोले वि.सं. १३७४ मंसीरमा जयरुद्र मल्ल नुवाकोटमा सजधजसँग हमला गर्न गए। पहिले नुवाकोटको तलगुडपल्ली कब्जा गरेर किल्ला हात

लाए[९]। त्यसपछि पूरै नुवाकोटलाई उनले आफ्नो वशमा बनाए। अब बनेपादेखि नुवाकोटसम्मको इलाकामा जयरुद्र मल्लको निष्कण्टक शासन चल्यो। उनको शक्तिलाई हाँक दिने ताकत अब कसैको रहेन। अरि मल्लको मृत्युपश्चात् नेपालमा प्रवेश भएका दैवी प्रकोप र प्राकृतिक प्रकोपले राजसत्ताका लागि भएको संघर्षले पनि नेपालको प्रभुसत्ता मात्रै होइन, अस्तित्वै मेटिएला जस्तो भएको थियो। नेपाल अब संकुचित भएर आयो। अब यहींभित्र पनि संघर्षले उग्ररूप लिइरहेको वेला जयरुद्र मल्लले अलिकति आफ्नो अस्तित्व देखाएर नुवाकोटसम्म राज्यसीमा पुऱ्याउँदा समस्त नेपाल जयरुद्र मल्लकै भयो भन्नुपर्ने अवस्था आयो।[१०]

तर जयरुद्र मल्लले पनि सुबिस्तासँग राज गर्न कहाँ पाएका हुन् र। आफ्नो राजसत्ता टिकाउन शुरूमै उनले धेरै भारदारहरूको ज्यान लिएका थिए। दैवी प्रकोप धेरै परेका थिए। वि.सं. १३७३ असोजमा आँपजत्रा असिना परेर सारा बाली नष्ट भयो। अनिकालको महामारीले गर्दा त्यो वर्ष देशमा ४ भागमा १ भाग मानिसको मरण भएको थियो।[११]

यसपछि वि.सं. १३७६ मा जयरुद्र मल्लले धेरै पहिलेदेखि भएका आक्रमणबाट ध्वस्त भएको भक्तपुरको राजवासकिल्ला जीर्णोद्धार गराए। यो किल्ला मरम्मत गर्न पाटनका तीनैवटा महापात्रको सहायता लिइएको थियो। यसको केही वर्षपछि वि.सं. १३८० को हिउँदभरमा बोडेबाट ईंट बोकाएर ल्याएर त्रिपुरको पर्खाल लाउन लाए, ईंट छाप्ने काम पनि गराए। यो सबै काम जनताको श्रमदानबाट गराइएको थियो।[१२]

जयारि मल्ल

राजा जयानन्ददेव राज्यच्युत भए वा मरे स्पष्ट भन्न सक्दिन। वि.सं. १३७७ चैत्र कृष्ण १२ का दिन देउपाटनमा जयारि मल्लको राज्याभिषेक भयो।[१३] नयाँ पुराना नियमले पनि यो मिल्ने कुरा थिएन। यिनी जयरुद्र मल्लकै वंशका थिए। आनन्ददेवपछि कि त उनैका छोरा राजदेवले राजगद्दी पाउनुपर्थ्यो, कि त जयरुद्रले उपराजको अधिकार पाएपछि अर्कै हाँगाका राजकुमारले राजसिंहासन पाउनुपर्थ्यो। यी दुबै नियमलाई लत्याएर जयरुद्र मल्लले आफ्नो प्रभुत्वले आफ्नै कुलका जयारि मल्ललाई राजगद्दी दिलाएर आफू शासन गर्न लागे। राजा राजसिंहासनको शोभा मात्र बढाएर रहन लागे।[१४] अरि मल्लका शासनकालका अभिलेखमा तीनवटा पुष्पिकावाक्य प्राप्त भएका छन्।[१५] यिनैका पालामा पाटनमा बसेर प्रसिद्ध कवि जयतले महीरावणवध नाटक लेखेका थिए।

परन्तु यति भएपछि पनि जयरुद्र मल्लले सुबिस्ताले शासन गर्न पाएनन्। यसको अर्को साल नेपालदूनमा पश्चिमबाट खशसैन्यको ठूलो हमला भयो। यिनले सरासर लड्दै गएर

नयाँ बनाएको भक्तपुरको राजवास किल्ला नै भत्काए।[१६] यसमा आक्रमणकारीको नेतृत्व कसले गरेको थियो र यसमा सम्झौता कसरी भयो, स्पष्ट ता खुलेको छैन, तर त्यस वेलाको चलनअनुसार युद्धखर्च दिएर चित्त बुझाएर वैरीलाई बिदा गरेको बुझिन्छ।

बाहिरबाट आक्रमण भएपछि यहाँका नायकहरू पनि अवसर छोप्न पछि पर्दैनथे। कति भारदारको अरि मल्ललाई राजा थापेकोमा चित्त बुझेको थिएन। यसमा प्रमुख बनेपाका महाथ ज्योतिराम थिए। उनले ७ वर्षका जयानन्ददेवका मठ्याहा छोरा राजदेवलाई ध्वजा बनाएर काखी च्यापी बनेपा किल्ला कब्जा गरे। यसमा रुद्र मल्लले सबैको सहयोग लिनुपर्‍यो, त्रिपुर मानिगल फर्पिङसमेतको मद्दतले उनले त्यो विरोध शान्त पारे।[१७] तर महाथ ज्योतिरामको स्वतन्त्रताको यो आकाङ्क्षा मरिहालेको थिएन। यी पुरानो राजघरानाका कुलीन महामात्य थिए। आफ्नो पुर्ख्यौली थलो बनेपा पलाञ्चोकमा यिनका वंशजहरूले केन्द्रको छत्रछायामै शासन चलाउँदै आएका थिए। पछि जयसिंहरामवर्द्धन र मदनसिंहरामवर्द्धनले त पुनः एक सानो रियासतकै रूपमा यसलाई पुर्‍याएका थिए। यसको चर्चा पछिल्ला अध्यायमा गरिनेछ। यहाँ अब जयारि मल्ल र जयरुद्रका पालामा घटेको सिम्रौनगढराज्यको विध्वंशको कथा र हरसिंहदेवको पाहाडप्रवेशको घटनातिर ध्यान दिऊँ।

सिम्रौनगढको विध्वंस र हरसिंहदेवको देहावसान

विक्रमको बाह्रौं शताब्दीको मध्यमा आएर नान्यदेवले सिम्रौनगढमा राज्यस्थापना गरेका थिए। कन्नडी वीर योद्धा र दक्षिणी सनातनी विद्वान् ब्राह्मणहरूको आश्रयले गर्दा यस राज्यले निकै प्रगति गरेको थियो। विद्याको बलले व्यक्तिको आत्मबल बढ्छ, देशको र जनताको आत्मबल दरो भयो भने नै राष्ट्र बलवान् बन्न सक्तछ। त्यस कारण यस राज्यले वीर र विद्वान्लाई आश्रय दिएर केही कालसम्म प्रगतिपथतिर अग्रसर हुने अवसर पायो। यहाँका वरिष्ठ मन्त्री देवादित्य ठक्कुर,, वीरेश्वर ठक्कुर त्यस्तै मन्त्री चण्डेश्वर ठक्कुर, कविशेखर ज्योतिरीश्वर आदि विद्वान्ले लेखेका क्यौं ग्रन्थहरू थिए,[१८] ती ग्रन्थहरूमा कतिपय चाहिँ त्यहाँको राज्य नष्ट भएपछि हाम्रा पुस्तकालयमा सुरक्षित हुन आइपुगेका छन्।

त्यति हुँदाहुँदै पनि त्यस वेला हिन्दुहरूले आफ्नो ज्ञानगरिमालाई ऐहिक जीवन सुधार्नभन्दा पारमार्थिक सपार्नपट्टि नै विशेष गरेर ढल्काएका हुनाले मुसलमानको कट्टर धार्मिक जोश जाँगर र वीरताको अगाडि हिन्दुहरू एकएक गरेर पछारिदै आएका थिए, हिन्दुराज्यहरू एकसे एक गर्दै टुटेर मुसलमानी शासन कायम हुँदै आइरहेको थियो। भारतको केन्द्र दिल्लीमा मुसलमानहरूको राज्य चल्दै थियो। वि. सं. १३७७ मा दिल्लीमा चढाइ गरी सुल्तान खुसरोलाई सिध्याएर दीपालपुरका हाकिम गाजी मलिक, गयासुद्दीन तुगलकको नामले

दिल्लीको गद्दीमा बसे।[१९] यिनले पहिले अलाउद्दीनका सेनामा भर्ती भएर धेरै काम गरेका थिए। आफ्नो शासनको पछिल्लो भागमा बङ्गालमा गडबड शुरू भएको हुँदा त्यो दबाउन स्वयं गयासुद्दीन तुगलक फौज लिएर बङ्गाल गएका थिए।[२०] फर्केर आउँदा फौजसाथ उनी सिम्रौनगढको राज्यक्षेत्र तराईको बाटोबाट आउँदै थिए। बाटामा मुसलमानी सैनिक उपर हरसिंहदेवका सैन्यबीच मुठभेट भयो। मुसलमानी सैन्यले दपेट्ता हरसिंहदेव र उनका सैनिक भागेर जङ्गल पसे, स्वयं सुल्तानसमेत भएर जङ्गलभित्र मुसलमानी सैन्य पस्ता एउटा अत्यन्त ठूलो दुर्गम किल्ला फेला पर्‍यो, त्यो किल्लाको वरिपरि गहिरा-गहिरा सातवटा खाई थिए, एउटा अजङ्गको पर्खाल थियो। सुल्तानका हुकुमले पूरा तीन साता लाएर खाई पुरेर पर्खाल भत्काएर मुसलमानी सैन्य राजमहल दाखिल भयो। राजा हरसिंहदेव आफ्ना रानी परिवार मन्त्री भारदारसहित त्यहाँबाट भागेर हिँडे। सुल्तानले सिम्रौनगढको सारा सम्पत्ति लुटलाट पारेर दिल्लीतर्फ प्रस्थान गरे।[२१]

हरसिंहदेव सिम्रौनगढबाट हटेर आफ्नै राज्यक्षेत्रभित्र पर्ने सिन्धुलीगडीको तीनपाटनको किल्लामा आएर बसे। सायद यो उनको गर्मीयाममा बस्ने शिखरको किल्ला हुँदो हो। नेपालको वृत्तान्तमा र तिरहुतकै अनुश्रुतिमा पनि हरसिंहदेवको यो राज्यविप्लव र पलायनलाई संझाउने एक अत्यन्त मार्मिक श्लोक ज्यादै प्रचलित भएर आएको छ-

बाणाब्धियुग्मशशिसम्मितशाकवर्षे

पौषस्य शुक्लनवमीरविसूनुवारे।

त्यक्त्वा स्वपट्टनपुरीं हरसिंहदेवो

दुर्दैवदेशितपथो गिरिमाविवेश ॥[२२]

शक सं. १२४५ (वि. सं. १३८०) पौषशुदि ९ शनिवारवारका दिन राजा हरसिंहदेव आफ्नो पट्टनपुरी (शाल्मलीवन-पाटक) लाई छाडेर दुर्दैवले बाटो लाएका हुँदा पाहाड पसे।

यी अनुश्रुत श्लोकको मिति भारतीय इतिहास हेर्दा १ वर्ष बिरिएको छ। सिम्रौनगढको पतन वि. सं. १३८१ मा भएको हो, हरसिंहदेव त्यहाँबाट नेपाल पसेर राज्य गरे भन्ने कथा पछि थपिएको थियो। उनी केवल सिन्धुलीको पूर्वपट्टिको पाहाडको किल्ला तीनपाटनमा पसेर बसेका थिए।[२३] राज्यभ्रष्ट भएका राजा त्यहाँबाट अघि बढ्न पनि पाएनन्, धेरै काल बाँच्न पनि बाँचेनन्। वर्ष दिनपछि वि. स. १३८२ माघशुदि ३ मा उनी त्यहीं परलोक भए। उनका परिवारका सदस्य मन्त्री भारदारहरू आधीजति उतै पसे, आधीजति अझै भित्री पाहाड दोलखातिर आउँदै थिए, राजग्राम आइपुगेपछि मझी भारोले यिनलाई समातेर धनसम्पत्ति जम्मै

लुटेर लिए।[२४] उनीहरूले केन्द्रमा शरण मागेका हुनाले नेपालका तात्कालिक शासक रुद्र मल्लले शरण दिएर सुरक्षासाथ ल्याई युथुनिमं नामको दरबारमा राखे, हरसिंहदेवकी महारानी राजकुमार जगत्सिंहलाई साथै लिएर आएकी थिइन्। नेपालको इतिहासमा यी रानी, राजकुमार जगत्सिंहको कस्तो स्थान रह्यो भन्ने सम्बन्धमा हामी चर्चा गर्दै जानेछौं। महामन्त्री चण्डेश्वर चाहिँ आफ्नो साथका आधीजति मन्त्री भाइभारदार साथ बचेको राज्य सम्हालेर रहेका थिए। ६ वर्षपछि उनले आफ्ना राजाका विधवा रानी, टुहुरा राजकुमार, असुरक्षित भारदारमाथि हातपात गर्ने मभ्की भारोलाई मजा चखाउने नियतले राजग्राममा आक्रमण गरे, यो प्रदेश उनको कब्जामा गयो।[२५] वैरी साधना कसरी गरे, त्यो चाहिँ खुल्दैन।

रुद्र मल्लको निधन र आदित्य मल्लको आक्रमण

यता हरसिंहदेवको मृत्यु र उनका रानी छोरालाई शरण दिएको ६ महीनापछि नै वि. सं. १३८३ आषाढ शुदि १५ मा ३० वर्षको चढ्दो जवानीमै जल्दाबल्दा उपराज जयरुद्र मल्लको मृत्यु भयो र चारवटी रानी उनका साथ सती गए।[२६] उनका त्रिभुवन मल्ल र वीर मल्ल नामका दुई भाइ छोरा जन्मेका त थिए, तर एक डेढ वर्ष बाँचेर परलोक भइसकेका थिए।[२७] अब उनका वंशधर भने पनि उत्तराधिकारी भने पनि छोरी नायकदेवी बाँचेकी थिइन्। युथुनिमं दरबारमा पितामही पदुमलदेवी र देवलदेवी भएर यिनको पालनतालन राम्रोसँग गरियो।[२८] उपराजको गद्दीको हक्दार भएकीले यिनको अरू ठूलो महत्त्व थियो। नेपालको इतिहासमा गद्दीको उत्तराधिकारी हुने यी पहिला महिला थिइन्।

जयरुद्र मल्लको मृत्युपछि नेपालको अवस्था फेरि एक्दम नराम्रो भयो। पहिलो त यहाँका क्वाठनायकहरू स्वतन्त्र हुन जमजमाउन लागे, दोस्रो सिंजाबाट आदित्य मल्लले आक्रमण गरे[२९]; तेस्रो दैवीप्रकोप फैलिएर मानिस सोत्तर भएर मरे। बाह्र वर्षपहिले यस्तो महामारी फैलिएको थियो। वि. सं. १३८५ भदौदेखि महामारी फैलिएर अनिकाल लागेर अन्नको भाउ १ पाथीको १ द्रम्भ भयो। अर्को सालसम्म नै यो महामारी रह्यो। वि. सं १३८५ फागुनदेखि भदौसम्म त दिनको शयजनाका दरले मान्छे मरे। यो महामारीको नाम "कनिमरक" थियो।[३०]

यहाँ दुर्भिक्ष चलेकैताका अर्थात् अघिल्लो साल वि. सं. १३८४ फागुनमा सिजाका राजा जितारि मल्लका छोरा आदित्य मल्ल ठूलो सैन्यसाथ आक्रमण गर्न आए, पहिले बाटैमा पर्ने नुवाकोट किल्ला कब्जा गरे; यसभन्दा परतिरको नेपालको सम्पूर्ण पश्चिमी पाहाड सिजाराज्यकै अधीनमा थियो। गोरखा अठाह्रशय खोलाको ताघबाइगुम्बामा पाइएका आदित्य

मल्लको र यसपछिको पुण्य मल्लको दानपत्रले त्यही कुरा छर्लङ्ग पार्छन् ।[३१] नेपालको केन्द्रको राज्यसीमा बलैले नुवाकोटसम्म पुगेर अडेको कुरा माथि उल्लेख गरियो। नुवाकोट कब्जा गरेको ५ दिनमै आदित्य मल्ल साखरकोट दख्खल गरेर नेपालखाल्डाभित्र प्रवेश गर्न सफल भए। यहाँका तीनै शहर उनले हेलैले लिए। उहाँ त्यस्तो प्रतिरोध गर्न सक्ने कुनै बलिया शासक थिएनन् । शहरका किल्लाहरू आगो लाएर ध्वस्त पारिए। पाटन पुलचोकको किल्ला भने निकै मजबूत भएको हुँदा २२ दिनसम्म घेरा हाल्दा पनि खुलेन। तर के गर्नु, समस्त नेपाल आदित्य मल्लको कब्जामा भइसकेको थियो। यसपाला पनि अरू वेलाजस्तै प्रशस्त रकम बुझाएर आदित्य मल्लको चित्त बुझाइएको बुझिन्छ। यसरी सिजाली सैन्यको भार र माहामारीको मारले गर्दा नेपालको केन्द्रको राज्य पुन: जीर्णशीर्ण अवस्थामा पुग्यो ।

नायकदेवी

हरिश्चन्द्रसँग पहिलो विवाह

डोलाजीप्रथा

भक्तपुर युथुनिमंदरबारमा नायकदेवी र कामादेवी दुईवटी राजकुमारीको विवाह हुनुपर्ने थियो। कामादेवी रुद्र मल्लकी अर्की छोरी हुन् कि अरू नै राजकुमारी हुन् भन्न सक्दिैन। नायकदेवीका पतिको हैसियतले नेपालको हैकम चलाउन पाइने हुनाले उनीसँग विवाह गर्न धेरै उम्मेदवार लालायित थिए। तर प्रभावशाली रानी पदुमलदेवी र देवलदेवीका तजबीजले बाहिरबाटै योग्य वर खोजेर डोला भित्र्याइयो। काशीनरेशका वंशमा जन्मेका हरिश्चन्द्र र उनका भाइ गोपालचन्द्र दुई राजकुमार ल्याएर वि. सं. १३८६ पौषमा युथुनिमंदरबारमा राखियो। यसको केही दिनपछि हरिश्चन्द्रको नायकदेवीसँग र गोपालचन्द्रको कामादेवीसँग विवाह भयो र उनीहरू भक्तपुरको चानिगलमा बस्न लागे।[३२]

'काशीश्वरका वंशमा जन्मेका हरिश्चन्द्र मानवसँग (मानवेन) नायकदेवी विवाह गर्छिन्'[३३] भन्ने वाक्य संस्कृतको कपाठमा पाइन्छ। त्यसबाट यी मानवगोत्रका थिए भन्ने कुरा अड्कल गरिएको थियो। तर अरू पाठमा त्यसपछि काशीश्वरका वंशमा जन्मेका चन्द्रवंशी हरिश्चन्द्रदेव ल्याइए र तिनैसँग नायकदेवी विवाह गर्छिन्[३४]" भन्ने उल्लेख पाइनाले पहिलो पाठ शङ्कास्पद देखिन्छ। त्यस वेला कर्णाटकका चालुक्यवंशी राजाहरू मानवगोत्रका थिए, त्यसैले हरिश्चन्द्रदेव पनि त्यही वंशका हुँदा हुन् भन्ने तर्क पनि उठेको थियो, तर उनीहरू सूर्यवंशी हौं भन्थे, यहाँ यिनलाई चन्द्रवंशी भनिएको र सूर्यवंशी भनिएका

जयरुद्र मल्लकी छोरीसँग विवाह गर्न डोला ल्याइएका हुनाले हरिश्चन्द्र मानवगोत्रका चालुक्यवंशी हुन् भन्ने संभावना उचित देखिदैन ।

हरिश्चन्द्रको विरोध र आपसको संघर्ष

स्थानीय मानिसले बाहिरिया आगन्तुकलाई हेप्ने वा मन नपराउने परम्पराले गर्दा यहाँका कतिपय शासक भारदार क्वाठनायकहरू पनि यस सम्बन्धलाई मन पराउँदैनथे। यसले गर्दा हरिश्चन्द्रलाई यहाँ आफ्नो स्थान बनाउन बडो हम्मे पर्‍यो। भक्तपुरका थयित आदि भारदार उनका विरोधमा थिए। दुःशङ्क कस्त भा, केशराम दलवयी, मडिक आदि भारदार हरिश्चन्द्रका पक्षमा थिए।[३५]

यति वेला पूर्वको पलाञ्चोककिल्लामा जयानन्ददेवका छोरा राजदेव रहन्थे, बनेपातिर ज्योतिरामका छोरा अनेकरामको हाइदुहाइ थियो। पश्चिमतर्फको नुवाकोटकिल्लामा गज नामक शासक थिए। साँखु र फर्पिङको पनि निकै ठूलो भूमिका थियो। केन्द्रका भारदारमा वैमनस्य उठेकोले यी किल्लाका सामन्त क्वाठनायकहरू पनि एक अर्कासँग मिलेर वा एक्लै विद्रोहमा उठ्ने जमर्कोमा थिए। वि. सं. १३८७ को शुरूमा अभयराम मुलमीले बनेपाको एउटा किल्लामा विद्रोह उठाए।[३६] यसपछि अर्को वर्ष बनेपाका भारदार त्रिपुरको विरोधमा उठे, त्रिपुरको सैन्यले विरोधीलाई पक्रेर विद्रोह शान्त पार्‍यो।[३७] पलाञ्चोकमा बसेका राजदेव पनि यस अवसरमा आफ्नो सत्ता प्राप्त गर्ने ध्याउन्नमा थिए। यसको लागि उनले नुवाकोटसँग सहयोग मागे। वि. सं. १३८९ वैशाखमा राजदेवसँग गजले भेटघाट गरेर यस विषयमा आपसमा सल्लाह बाँधे।[३८] नुवाकोट कपन बनेपा साँखु आदि किल्ला त्रिपुरबाट अलग्गिए। त्रिपुरले पनि अनेकरामलाई हात लिएर राजदेवको आवासमा आक्रमण गरायो। आफ्नो आवासमा आफ्नै मान्छे आइलागेपछि राजदेवले मेलका कुरा ल्याए र आपसमा मिलेर यो असन्तोष मेटाए। त्रिपुरका अभयराम मुलमीले कपन कब्जा गरे। साँखुका अभङ्गपतिराज र उनका भाइले लुटपाट गरेकोमा अनेकराम महाथले यिनलाई मारिदिए।[३९]

वाहिरभित्र यस्तो असन्तोष फैलिएको देखेर पहिल्यै वि. सं १३८८ फागुनमा पदुमलदेवीले आफ्ना नातिनी जुवाईंका सुरक्षाको लागि बम्बिगोछेंका जातन, क्वाछेंका राजेन्द्रपाल र चोछेंका यंपुटी आदि भारदारलाई खटाएकी थिइन्।[४०] थयित भाले हरिश्चन्द्रलाई मुख्य युथुनिमंदरबारमा पस्न नदिएका हुनाले आफ्ना सहयोगी भारदाहरूको बलले वि. सं. १३८९ आषाढमा हरिश्चन्द्रदेव जवर्जस्तीसँग बुगन्नदरबारमा पसे, त्यसको भोलिपल्ट मेघराम र देरूपति नामका दुईजना भारदारलाई मारेर भारदार थयितलाई निकाले।[४१] त्यसै साल असोजमा ६७ वर्षको उमेरमा पदुमलदेवीको देहान्त भयो।[४२] यसपछि त झन् हरिश्चन्द्रको

बल घट्यो। उनको विरोधीपक्ष निकै तगडा थियो। हरिश्चन्द्र बालकै भएबाट पनि उनको शासनमा हात परेको थिएन। बिहे गरेपछि उनलाई छुट्टै राखिएको थियो, युथुनिमंदरबारमा पस्ने दिइएको थिएन। वि. सं. १३९० वैशाखमा आफ्ना पक्षका भारदारको बल पाएर हरिश्चन्द्र युथुनिमंदरबारमा पसे। तर थयित त्यहाँ शक्तिशाली भएर बसेका हुनाले उनले सारालाई उठाई हरिश्चन्द्रलाई त्यहाँबाट लखेटे। उनी भक्तपुरमा टिक्न नसकी कान्तिपुरमै आएर बसे।[४३]

यसपछि भदौमा फर्पिङले विद्रोह गरेकोले भक्तपुर पाटन मिली त्यहाँ आक्रमण गरियो। किल्ला घेरेर सैनिक बसे, आखिर दुवैलाई सुन दिएर फर्पिङले सन्धि गऱ्यो। माघमा अनेकराम महाथ कस्तभा आई बोडेमा आक्रमण गरे। यो युद्ध निकै भयङ्कर भयो। गाउँमा आगो लाइदिनाले खानै नपाई २४ जना मानिस मरे। अरू अनेकौं गाई भैंसी पशुपक्षी, भेडा-बाखा जलेर स्वाहा भए।[४४]

वि. सं. १३९१ असारमा नुवाकोटका गजको विरुद्धमा जयसिंहले विद्रोह गरे। जयसिंहले गजका छोरा रोहिदासलाई उचालेर बाबुको विरोधमा खडा गरेका थिए। जयसिंह सर्वेसर्वा भई त्रिपुरलाई पनि नटेरी त्यहाँ शासन गर्न लागे। गज भागेर आई चार महीनासम्म पाटन भक्तपुर बनेमा फर्पिङसमेतको सहयोगको आशाले संघटन गर्न लागेका थिए।

सिंजाको आक्रमण

वि. सं. १३९१ भदौमा सिंजाबाट पुण्य मल्लका खशसैनिक नेपालदून हान्न आए। नेपालदूनमा हाहाकार मच्चियो। थयित भागेर पाटनको किल्लाभित्र पसेर लुके। सखुपतिराज चाहिँ किल्लाभित्र पस्न नपाउँदै खशसैन्यका हातबाट खेत रहे। विशाल सैनिकदलसँग यहाँ घमासान युद्ध चल्यो। यस युद्धमा चालीस जना मरे। खशसैन्य सात महीनासम्म यहीं बसे। आखिर सारा दुनियाँसँग कर उठाई यिनलाई सिर्तो बुझाइयो, धन पाएपछि फागुनमा खशसैन्य फर्केर गए। जाँदा साँखुका स्वाठनायकसँग आङठ्याङ पर्दा त्यहाँ आगो लाइदिएर साँखु ध्वस्त पारे।[४५] यस वेला सेनाको नेतृत्व कसले गरेको थियो, यस कुराको उल्लेख छैन। स्वयं राजा आएका पनि देखिंदैनन्। त्यस वेला सिजाका सिंहासनमा राजा पुण्य मल्ल बसेका थिए।

सामन्त शासकको विद्रोह

यता यस्तो हल्लाखल्ला चलेको थियो, त्यस्तै अवस्थामा गजको सहयोगको लागि गएको बनेपा, भक्तपुर, पाटन, फर्पिङको सैनिकदल धेरै दिनसम्म नुवाकोट घेर्दा पनि किल्ला नखुलेको हुँदा असफल भई फर्कन बाध्य भयो।[४६] यसपछि गजको के दशा भयो, थाहा

हुँदैन। जयसिंहले आठ वर्ष नुवाकोटमा शासन चलाए। गजको सहायताको लागि फर्पिङका महाराउत जैतसिंह गएका थिए। तर उनले आफैंले युद्ध जितेको बखान गराएका छन्। फर्पिङका यी महाराउत जैतसिंह सोलङ्की (सुराकी) कुलमा जन्मेका थिए, सोलङ्कीहरूको आवादी भारतको गुजरात प्रदेशमा थियो। यी जैतसिंहले नुवाकोट जितेर त्यहाँ राज्य गरेको कुरा लेखेका हुन्।[४७] कपाठमा उल्लिखित नुवाकोटका जयसिंह र फर्पिङमा देखिएका जैतसिंह एकै व्यक्ति हुन् भन्ने उडन्ते तर्क पनि उठेको छ।[४८] यो एकदम असम्भव तर्क हो। नुवाकोटमा विद्रोह चल्दा जयसिंह मारिए र उनका छोरा जुग सामन्तले नुवाकोटको हालीमुहाली चलाए। फर्पिङमा जैतसिंह महाराउत वि. सं. १३९४ श्रावणमा परलोक भएपछि उनका छोरा जीवसिंहले शासन चलाएको बुझिन्छ। जीवसिंह पनि नुवाकोटमा देखिएका जुग सामन्त पनि एकै व्यक्ति हुन् भन्ने पनि कसैकसैले ठहराएका छन्। तर फर्पिङका महाराउत सोलङ्कीकुलका छुट्टै हुन्, नुवाकोटका सामन्त छुट्टै कुलका हुन्। महाराउत जैतसिंहले नुवाकोटका गज सामन्तलाई जितेको कुरा मनमा राख्ता नुवाकोटका सामन्त फर्पिङका राउत नै हुन् भन्ने भ्रम पऱ्यो।

वरिपरि देशको स्थिति यस्तो संघर्षपूर्ण थियो। बाहिर गएर शासन गर्ने कुरा पर जाओस्, पलाञ्चोकदेखि, नुवाकोटसम्मका क्वाठनायक कज्याउन पनि अब केन्द्रलाई धौधौ पऱ्यो। सबै स्वतन्त्र भएर शासन गर्ने उद्योगमा थिए। जयसिंह जस्तै कति त सफल पनि थिए।

हरिश्चन्द्रको विषद्वारा वध

यस्तैमा वि. सं. १३९२ जेठ शुदि ६ का दिन विरोधीको विषको प्रयोगमा परेर हरिश्चन्द्रदेवको मृत्यु भयो। नायकदेवी राज्यका गद्दीका हकदार भएकीले उनलाई सती बनाइएन। हरिश्चन्द्रका भाइ गोपालचन्द्र भाउज्यू वेहोरेर शासनको हक लिने भए।[४९] यसमा कतिपय भारदारको उनलाई पूर्ण समर्थन थियो । देवलदेवी यहाँका भारदारको सहयोगले कुमार जगत्सिंहलाई सत्तामा ल्याउन चाहन्थिन्, यो पक्ष पनि निकै बलवान् थियो।

त्रिपुरराजकुलसँग एकमत भई अभयराम मुलमी, थयित भा भक्तपुरको किल्लालाई मरम्मत गरिरहेका थिए। पर्खालका भित्र बाहिरका खाई सफा गरिदै थिए। त्यसै अवस्थामा वि. सं. १३९३ श्रावण शुदि ४ मा चानिगलको सुकुलढोकाबाट बलैले गोपालचन्द्रको दल अघि बढ्यो। खाईको खाडल पुरेर पर्खाल भत्काएर लड्दै युथुनिमंदरबार पस्न खोज्दा काटाकाट चल्यो। क्वाछेंका गल्लीमा लडाइँ जोरियो। गोपालचन्द्रको दल पर्खालबाट बाहिर लखेटियो। दुवै पक्षका गरी १२ जनाजति मानिस मारिए। यसरी राजदरबारमा यत्रो घमासान

परेर शहरभित्र युद्ध चम्किएपछि सारा दुनियाँ भेला भए, ब्राह्मणहरूले अघि सरेर मारकाट थामेर सम्झौताका कुरा चलाए। २/३ महीनासम्म कुराकानी गर्दा-गर्दा बल्ल सम्झौता भयो।[४०]

गोपालचन्द्रको हकदाबी

गोपालचन्द्र नायक्देवीका नामबाट शासन चलाउन हक्दार हुने भए, लोकमतले र नियमले पनि यो कुरा उचित ठहरायो। तर युथुनिमंकी अधिकारिणी भएर बसेकी देवलदेवीलाई यो कुरा चित्त बुझेको थिएन। उनी भित्रभित्रै नायक्देवी आफ्नै छोरालाई पारेर छोराको अधिकार जमेको हेर्न चाहन्थिन् । उनका पक्षमा पनि ठूलठूलै भारदार थिए।

यसको तुरुन्तै वि.सं. १३९३ कात्तिकमा अनेकराम महाथ र अभयराम मुलमी भएर गोकर्णकिल्ला कब्जा गरे, त्यसपछि कान्तिपुरको यथोबहार किल्लामा घेरा हाले, नौ दिनमा त्यो किल्ला खुलाए। आठ दिनपछि युचिनिमं किल्ला घेरेर छ दिनमा त्यो पनि तोडे, त्यसको चार दिनपछि नन्दल (हाँडीगाउँ) किल्लामा आक्रमण गरे, त्यो चाहिँ फोर्न सकेनन्। त्यसपछि मेलमिलापका कुरा चलाउन थालियो। वि. सं. १३९३ मार्ग वदि १ मा अभयराम मुलमी युथुनिमं दरबारमा गए। आठ दिनपछि देवलदेवीसँग उनको भेट भयो, वार्तालापपछि शर्त मन्जूर भयो र सम्झौता पनि भयो। अभयरामले देवलदेवीको वफादार भएर काम गर्न स्वीकार गरे, बनेपाका भारदार अनेकराम महाथ अभयराम मुलमी थयित भाहरूले क्रमैले शपथग्रहण गरे।[४१] देवलदेवीको यो अति नै उपयोगी बठ्याइँ थियो र ठूलो सफलता पनि । यत्रा विरोधी भारदारलाई आफ्ना जागीरदार मन्त्री बनाएर उनले आफ्नो वंशजको राज्यसत्ताको जरो मजबूत पारिन्।

जगत्सिंहको उदय, गोपालचन्द्रको पलायन

यति आफ्नो बाँधछाँद गरेर आफ्नो बल बढेपछि जगत्सिंह कुमार भक्तपुर भित्रिए र नायक्देवीलाई हात पारेर गोपालचन्द्रलाई समाउन खोजे। गोपालचन्द्र डरले भक्तपुरबाट भागेर पाटनमा आएर पसे। भक्तपुरबाट आफ्ना राजा भागे भन्नासाथ सारा दुनियाँ डरकामारे थरहरी भए।[४२] पाटनका जनता र महापात्रहरूले मतो गरी गोपालचन्द्रलाई शरण दिए, शरण दिनेमा मुख्य उत्तर ह्नोलविहारका महापात्र जयसिंह (जयसीह) मल्ल थिए।[४३] गोपालचन्द्र त्यति वयस्क भइसकेका थिएनन्। जगत्सिंह युवक भइसकेका र पहिलेदेखि आमाका साथ युथुनिमंमा बसेका दरबारको स्थिति बुझेका र नायक्देवीसँग पनि परिचित भइसकेका थिए। यसले गर्दा अब उनले गोपालचन्द्रको काम समाप्त गर्ने नै विचार गरे।

आफ्ना दलबलसाथ पछेटा लागेर गोपालचन्द्रलाई सिध्याउन वि. सं. १३९४ ज्येष्ठ औंसीमा जगत्सिंह पाटन पुगे। शक्तिशाली भारदार अभय मुलमी र थयित भा उनीसँगै थिए। भोलिपल्ट गोपालचन्द्रलाई पाटनको किल्लाबाट निकाला गरे। त्यहाँ बुङ्मतीका रातो मच्छेन्द्रनाथको रथजात्रा चल्दै थियो। त्यस मेलामा भेला भएका सबै महापात्र भारदारहरूले जगत्सिंहको स्वागत गरे। सबैको सल्लाहले र महापात्रको आग्रहले गोपालचन्द्रले पनि यात्रामा सामेल हुने अवसर पाए। पाटनका महापात्रका आडले गोपालचन्द्र पाटनको यंपीबहालको कोटमा बस्न लागे।[५४]

जगत्सिंहसँग नायकदेवीको पुनर्विवाह र गोपालचन्द्रको वध

गोपालचन्द्र भक्तपुरबाट हटेपछि देवलदेवीको र कुमार जगत्सिंहको एकाधिकार भयो। नायकदेवी पनि जगत्सिंहकी सङ्गृहीता पत्नी भइन्।[५५] तर उनका भारदारमा भने मेल कायम रहिरहेन। वि. सं. १३९४ पौषमा देवलदेवी महारानीका भारदार अभयराम मुलमी, थयित भा, उनका छोरा गूठी हात पार्न हिँडे। देवलदेवी आफैं समेत गई प्यकोराज लिइन्। यस अभियानमा अनेकराम महाथले अभयराम मुलमी, थयित भा र उनका छोरा यी तीनैजनालाई रातिको मौका पारेर मार्न लाए।[५६] यस काण्डले दुनियाँमा ठूलो हाहाकार त ल्यायो, तर महामात्य अनेकराम एकमात्र शक्तिशाली भारदार बन्न आए।

वि. सं. १३९६ पौषमा अर्को काण्ड घट्यो, निकाला गरिएका बनेपाली कस्त भालाई त्रिपुरले शरण दियो। यसपछि टोखाराजलाई दबाउने काम भयो। पाटन यंपीबहालको कोटमा गोपालचन्द्र बसेका थिए। पाटनका सबै पात्रहरू मिलेर जगत्सिंहलाई भनेरै यिनलाई त्यहाँ राखिएको थियो। ३ वर्षपछि यिनलाई त्यहाँ पात्रहरूकै मद्दतले पक्रेर थुन्ने योजना भयो। कुमार गोपालचन्द्र जोगराम मुलमीलाई साथ लिएर भागेर टोखाकोटमा पसेर बसे। त्यहाँबाट पनि तिनलाई हटाउन देवलदेवी र जगत्सिंह कुमारको आदेशले २० जना रिसल्लाका साथमा सैनिक आए। त्यो थाहा पाउनेबित्तिकै दोस्रो रातमै गोपालचन्द्रलाई छाडेर जोगराम मुलमी भागे। कोटमा एक्लै परेका गोपालचन्द्रलाई जगत्सिंहका मानिसले टाउको काटेर मारिदिए। किल्लाभित्र बसेका सबै पक्राउ परे। भागेका जोगराम मुलमीलाई पनि पक्रेर भक्तपुर पुऱ्याइयो।[५७] अब त जगत्सिंह कुमारको नायकदेवीका पतिको नाताले अकण्टक राज चल्यो। जोगराम मुलमीले गोपालचन्द्रलाई धोका दिएबापत छुटकारा पाए र आफ्नै बहालमा बस्ने अनुग्रह पनि पाए। महारानी देवलदेवीले अनेक जुक्ति बुद्धि लाई भारदार क्वाठनायकहरू हात लिई राज्यको उत्तराधिकारिणी नायकदेवीसँग छोराको विहा गराई आफ्ना वंशजको शक्तिवृद्धि गरिन्। अब जगत्सिंह कुमार नायकदेवीका पतिका नाताले रजगज गर्न लागे। यो कुरा कतिपय भारदार क्वाठनायकहरूलाई चाहिँ सह्य र स्वीकार्य पनि भएन।

यसैबीचमा नुवाकोटमा विद्रोह उठ्यो। त्यस विद्रोहमा परेर वि. सं. १३९८ माघ बदि १३ मा ८ वर्षदेखि शासन गर्दै आएका सामन्त जयसिंहको ज्यान गयो। उनका छोरा जुग सामन्तले शासन चलाउन थाले। यसपछि टोखादेखि चाँगुसम्मका केही क्वाठनायकहरूको विद्रोह दबाउने काम भयो। चाँगुतर्फको किल्लाका डोयहरूले बनेपाली कस्त भालाई थुनेर राखेका थिए। देवलदेवीले त्यो किल्ला कब्जा गरेर कस्त भालाई छुटाएर ल्याइन्।[५८]

वि. सं. १४०१ आश्विन शुदि १० (विजयादशमी) का दिन अपराह्नमा ठूलो भूइँचालो गयो। यसको भोलिपल्ट राजा जयारि मल्लदेवको देउपाटनमा देहान्त भयो।[५९] अभय मल्लजस्तै अरि मल्ल पनि भूइँचालामै परेर मरेका देखिन्छन्।

राजा अरि मल्ल २४ वर्षसम्म सिंहासनमा सुहाए पनि यिनको राजकाजमा कुनै भूमिका थिएन। यिनका पालामा भक्तपुरको त्रिपुरदरबारको उपराजको गद्दीको लागि त्यत्रो हानाथप मारकाट चल्यो, ठाउँ-ठाउँका महासामन्त महापात्र क्वाठनायकहरूमा संघर्ष विद्रोहका घटना घटे। तर यी चूप लागेर सिंहासनमा सुहाएर सबै घटना टुलुटुलु हेरिरहेका थिए।

सतभैया महापात्र र सामन्त शासक

यस्तै केन्द्रको कमजोरीको मौका पारी सामन्तराजलाई हुत्याई जयसिंह नुवाकोटमा स्वतन्त्र शासक भएका थिए। उनी मारिएपछि उनका छोरा जुग महासामन्त भए। फर्पिङमा सोलङ्कीकुलका महाराउत जैतराम निकै शक्तिशाली शासक थिए। वि. सं. १३९४ मा यिनको मृत्यु भयो। लेलेको किल्ला (लेम्बटीपट्टन) मा नागवंशका महासामन्त गजचन्द्रको चकचकी थियो। वि. सं. १३९८ मा त्यहाँ लेखिएको चण्डिकास्तोत्र पाइएको छ। मुख्य गरेर त्यस वेला पाटनका महापात्रहरूको भूमिका महत्त्वपूर्ण मानिन्थ्यो। यिनीहरू सप्तकुटम्बखलकका पुराना वैश्य थिए। व्यापारले र शिल्पकलाले गर्दा आर्थिकदृष्टिले यी धेरै सम्पन्न थिए। सप्तकुटम्ब (सतभैया) खलकका पात्रहरूमा तीन विहारका तीन महापात्रहरू नै सर्वेसर्वा थिए।[६०] यिनीहरू नेपालका जोसुकै राजाहरूलाई पनि होराहोरा तलीतली पार्न सक्तथे। अरि मल्लको पालामा शक्तिशाली भएका 'भग्नराजस्थापनाचार्य, शरणागतवज्रपञ्जर', विशेषण लाएका महापात्र जयसिंह (जयशींह)को लागि जयत कविले महीरावणवध नाटक लेखेका थिए। पाटनका महापात्रलाई सलमा नराखी वा तह नलाई नेपालका कुनै पनि शासक राज्यसञ्चालन गर्न समर्थ हुँदैनथे। धेरैजसो राजाहरूले यिनीहरूकै सल्लाह मद्दतले काम लिन्थे। यिनीहरू पनि एउटा गद्दीलाई चाहिँ मानेरै बस्तथे। जगत्सिंहको आक्रमणबाट बच्न गोपालचन्द्र भक्तपुरबाट भागेर पाटनका महापात्रकै शरण परेर बचेका थिए। यस्तै अरू भगुवालाई यिनीहरू शरण दिन्थे। यसैले पाटनका उत्तरविहारको महापात्र जयसिंह मल्लले 'भग्नराजस्थापनाचार्य,

लुब्धराजगजाङ्कुश', 'शरणागतवज्रपञ्जर' (भागेका राजालाई राख्ने, लोभी राजालाई आंकुसे लाउने, शरण पर्नेको रक्षा गर्ने) भन्ने सार्थक विशेषण लाएका थिए। यिनले आफ्नै हातले सारेका ६-७ वटा पुस्तक प्राप्त छन्।[६१] तिनबाट पनि यी कुरा प्रकट हुन्छन्। यी विशेषण पाटनका सबै महापात्रले विरुदावलीसरह धारण गर्दै आएका थिए। यसरी चौधौं शताब्दीदेखि नेपालमा राजव्यसन परेको वेलामा राजकाजमा प्रमुख भूमिका खेल्दै आएका पाटनका सतभैयाखलकका महापात्रहरू सम्पूर्णरूपले राजाका अधीनमा आउँदैनथे। गद्दीसम्म मानेर स्वयं शासन सञ्चालन गर्दथे। स्थिति मल्ल, ज्योति मल्ल, यक्ष मल्लहरूले पनि यिनलाई सर्वात्मना उखेल्न सकेनन्। यक्ष मल्लपछि यहीका पात्रवंशका एक शाखाको पाटनमा छुट्टै राज्य कायम भयो। पछि पाटनमा मल्लवंशकै राज्य कायम हुन आउँदा पनि त्यहाँका प्रधान काजीहरूकै राजकाजमा ठूलो हात रहिरह्यो।

राजसिंहासन खाली र बनेपाली कस्त भाँको विद्रोह

अरि मल्लको मृत्युपछि पुनः मूल राजगद्दी खाली रहयो। अरि मल्लका छोरा चिनिएका छैनन्। अब राजगद्दीको दाबी गर्ने एक मल्लवंशी पशुपति मल्ल थिए। पलाञ्चोकमा बसेका जयानन्दका छोरा राजदेव अर्का थिए। उनकी आमा त पाटन उत्तरविहारका महापात्र राजेन्द्रपालकी छोरी हुन्। एक त उनी वैश्यकुलकी परिन्, अर्को ल्याइते पनि।[६२] त्यसले गर्दा यी राज्याभिषिक्त राजा हुन योग्य ठहरिएनन्। त्रिपुरमा अधिकार लिएर बसेका देवलदेवी र जगत्सिंह कुमार पनि यिनलाई राजा मान्न चाहँदैनथे। पाटनका महापात्रहरू र महामात्य अनेकराम यिनैलाई सिंहासनारूढ गराउन चाहन्थे। दुवै राजकुलको रायबाट यसैबीच पशुपति मल्ल आमा सहित कैद परे,[६३] यी अरि मल्लका छोरा थिए वा कसका छोरा थिए, यिनकी आमा को थिइन्, परिचय पाउन सकिएको छैन। यिनलाई जोगराम मुलमी र सहज मुलमी मिली वि.सं. १४०१ मा पक्रेर कपनक्वाठबाट पाटन लगेर थुने। त्यहाँबाट भुंगुलच्छें टोखाकोट आदि ठाउँमा सारिंदै थुनिंदै विचरा पशुपति मल्ल पाँच वर्षपछि वि.सं. १४०५ मा कैदमै मरे।[६४]

यस गडबडमै ३ वर्ष जति सिंहासन खाली नै पर्‍यो। देवलदेवी जगत्सिंह र महामात्य अनेकरामकै रेखदेखमा पहिले जस्तै शासन चलिरह्यो।

यसैबीच सर्वप्रथम नुवाकोटका महासामन्त जुगलाई जुक्तिले नै वशमा ल्याइयो। बहारक्वाठमा विद्रोह उठ्यो। यसका क्वाठनायकले यो किल्ला बनेपाको जिम्मा लाए। यो विद्रोह दवाउन त्रिपुरबाट सैन्य खटिएर गयो। पन्ध्र दिनसम्म चारैतिरबाट घेरा हालेर वाहिरभित्र आउन जान बन्द गरेपछि किल्ला खुल्यो। यसमा देवलदेवीले चोछैं क्वाछैं

बविगोछेँका सबै क्वाठनायकहरूलाई एक गठ पारेकी थिइन् र यस विजयको खुशीयालीमा समयभोज पनि खुवाइयो।[६५]

बनेपाली कस्त भालाई निकाला गरिँदा त्रिपुरले शरण दिएको कुरा माथि पर्‍यो, पछि वि.सं. १४०२ माघमा थिनले आफ्ना पक्षका क्वाठनायक सैनिकको सहायताले बनेपाको कंसानक्वाठ कब्जा गरेर नाकाबन्दी गरे, नालादेखि धुलिखेलसम्मका गाउँ शहरमा ठूलो कष्ट भोग्नुपर्‍यो। अन्न पानी नै बन्द भयो, १ द्रम्भको ४ माना चामल नपाइने भयो, लुगा कपडा बन्द भएर स्वास्नी मान्छेले आङ ढाक्नसम्म नपाउने भए। कस्त भाका सैनिकले नालादेखि पनौतीसम्मका गाउँ शहर लुटेर ध्वस्त पारे, जनतालाई बाँच्नै कठिन भयो। वरिपरि घेरा हालेर सैनिक बसेका हुनाले खाने चीज अन्न पानी लाउने लत्ताकपडा केही छिर्न दिइएन। यस्तो अवस्था परेपछि गयना मुलमी उठेर त्रिपुर र बनेपाका बीचमा मिलापत्र गराए। महामात्य अनेकराम अघि सरी सबै अभिभारा आफैं लिई कस्त भालाई घेरा उठाउन लाए।[६६]

राजल्लदेवीको जन्म र जगत्सिंहको बन्धन

केही समयसम्म आमा देवलदेवीका साथमा कुमार जगत्सिंहले राजकाज चलाए। त्यसपछि ने.सं. ४६७ (वि.सं. १४०३) पौषवदि १० का दिन जगत्सिंह कुमारबाट नायक्देवीकी छोरी राजल्लदेवीको जन्म भयो। छोरी जन्मेको दशौं दिनमा सुत्केरी नायक्देवी स्वर्ग भइन्। यसले भक्तपुरदरबारमा ठूलो संकट थपिदियो। एक त मूल राजगद्दी खाली थियो। दोस्रो उपराजको गद्दीका अधिकारिणीको मृत्युले गर्दा देवलदेवीको शक्ति एकदम कमजोर हुन आयो। यही दुरवस्थाको मौका पारी विरोधीहरूले टाउको उठाएर जगत्सिंहलाई पनि कैद गरे।[६७] जगत्सिंहको के हविगत भयो, उनको मृत्यु कसरी भयो ? सो आजसम्म अज्ञात नै छ। जे परे पनि १० दिनकी बालिका राजल्लदेवीलाई काखमा राखेर देवलदेवीले भारदारका सहयोगले शासन चलाइन् र लालनपालन गरेर गद्दीका उत्तराधिकारिणी राजल्लदेवीलाई पनि हुर्काइन्।

देवलदेवीको वैवाहिक सम्बन्ध र राजकाज

यहाँनेर नेपालको इतिहासमा रुद्र मल्लको मृत्युपछि आफ्नो प्रभुत्वले धेरै कालसम्म छाउन सक्ने जमामर्द महिला देवलदेवीको बारेमा पनि अलिकति विचार गर्नुपर्ने भएको छ। धेरैजसो इतिहासकारहरूले देवलदेवीलाई जयरुद्र मल्लकी पत्नीको रूपमा वर्णन गरेका छन्।[६८] परन्तु तात्कालिक प्रमाण खोतलेर गौड गरेर हेर्दा यो कुरा एकदम अशुद्ध देखिन आएको छ-

पुराना वृत्तान्तमा देवलदेवीको पहिलो उल्लेख रुद्र मल्लको मृत्युको लगत्तैपछि आउँछ। रुद्र मल्ल र उनका रानी सती भएपछि गद्दीको हक्दार छोरी नायक्देवीको पालनपोषण गर्नेमा

पदुमलदेवी र देवलदेवीको नाम देखापर्दछ। पदुमलदेवीलाई त पितामही भनिएको हुँदा यिनी रुद्र मल्लकी आमा तुङ्ग मल्लकी ठकुरानी भन्ने कुरा स्पष्ट बुझिन आयो। पहिले प्रकाशित पाठमा देवलदेवीको नाताचाहिँ नछुट्याइदिएकोले इतिहासकारले विनाविचारी उनलाई रुद्र मल्लकी ठकुरानी भनेर लेखिदिए। तर पछि नायकदेवीको विवाह गर्ने वेलामा राजगद्दीको लोभले धेरै कुमारहरू लालायित थिए, यसमा उनको विवाह काशीश्वर हरिश्चन्द्रदेवसँग भए तापनि अधिकारको लुछाचुँडीमा क्रमशः उनी र उनका भाइ गोपालचन्द्र पन्सिएपछि कर्णाटक राजकुमार जगत्सिंहसँग नायकदेवीको पुनर्विवाह भयो, तिनबाट राजल्लदेवी जन्मिन आइन्, नायकदेवी सुत्केरीमै सूतिकागृहमा परलोक भइन्, अनि पुनः राजल्लदेवीलाई पाल्ने पितामही देवलदेवी नै भइन्, यति कुरा हामीले माथि हेरिसक्यौं। त्यस पुराना कपाठमा यिनलाई राजल्लदेवीकी पितामही भनिएको छ। यसबाट देवलदेवी जगत्सिंहकी आमा हरसिंहदेवकी महारानी भन्ने कुरा खुल्न आएको थियो।[६९]

यस अतिरिक्त हाल प्रकाशमा आएको पुरानो वृत्तान्तको ङपाठबाट देवलदेवी पदुमलदेवीकी पुत्री हुन् भन्ने झन् स्पष्ट प्रमाण पाइएकोले[७०] देवलदेवीको माइती पनि यही रहेछ, उनकी आमा पदुमलदेवी पिता तुङ्ग मल्ल र दाजु रुद्र मल्ल रहेछन् भन्ने कुरा पनि खुल्न आएको छ।[७१] अर्को कुरा माथि उल्लिखित वि.सं. १३६८-६९ तिर हरसिंहदेवका विजयी महामन्त्री चण्डेश्वर र उनका दलसँग सन्धिसंझौता गर्दा जयतुंग मल्लकी रूपवती छोरी देवलदेवीलाई गद्दीनसीन राजा हरसिंहदेवलाई सुम्पिएको रहेछ भन्ने कुरा पनि बुझिन आउँछ। देवलदेवीको जन्म वि.सं. १३५७ मा भएको थियो। त्यस वेलाको चलन अनुसार १० वर्ष पुगिसकेपछि विवाह गर्ने उमेर पूरा भइसकेको मानिन्थ्यो।

मिथिलाको इतिहासअनुसार हरसिंहदेवको जन्म वि.सं. १३५१ मा र राज्यारोहण वि.सं. १३६४ मा भएको मानिन्छ।[७२] नेपालविजय र विवाह हुँदा यिनी १८-१९ वर्षका भएका देखिन्छन्। यही सम्वन्ध पर्न गएर नै तेह्रौतको विजयी सेनाले माथि वर्णित पछिल्लो हमलामा जयशक्तिदेवको पक्षमा नलागी रुद्र मल्लको पक्षमा लागेर शक्तिदेवकै इलाका बनेपा साँगा पलान्चोकतिर लुटपिट र विध्वंस मच्चाएको रहस्य पनि खुल्न आउँछ। यसरी माइतीको सम्बन्ध भएकोले नै देवलदेवी राज्यभ्रष्ट पतिवियोग भएपछि छोरा जगत्सिंह कुमार साथ लिएर दाजुको शरण पर्न आएकी र पहिले आफ्नी भदै पछि नातिनी जुवाइँको संरक्षिका बनी भक्तपुरको युथुनिमंदरबारमा बसेर धेरै काल टिकेर शासन चलाएकी थिइन्। यसो हुँदा यो सम्बन्ध पछि फुपूचेला मामाचेलीका बीचमा गाँसिन गएको थियो अर्थात् जगत्सिंहका मामा रुद्र मल्ल हुँदा उनकी छोरी नायकदेवी जगत्सिंहकी मामाचेली परिन्। हरिश्चन्द्रदेवको मृत्युपछि फुपू देवलदेवीका छोरा जगत्सिंहसँग रुद्र मल्लकी छोरी विधवा नायकदेवी पुनर्विवाह गरी ल्याएते पत्नीका रूपमा रहेकी थिइन्। यिनकै छोरी राज्यको उत्तराधिकारी भएर

राजल्लदेवी जन्मन गइन्। यो तरकीव देवलदेवीले नै मिलाएकी थिइन्। दक्षिण भारतमा मामाचेलीमा फुपूचेलाको बिहे गर्न हक लाग्ने नियमै चलिआएको छ। हाम्रो नेपालमा पनि ठकुरी मगर जातिमा मामाचेली बिहे गर्ने र हकै लाग्ने चलन छ। त्यस वेला पनि यस्तो प्रथा यहाँ चल्दथ्यो भन्ने कुरा यस घटनाबाट स्पष्ट हुन्छ।

महारानी देवलदेवी हरसिंहदेव जस्ताकी पत्नी भएर चण्डेश्वर ठक्कुर ज्योतिरीश्वर जस्ता विद्वान्का संसर्गमा हुर्केकी र राज्यनाश, पतिको वियोग जस्तो भयंकर आपत्विपत् सहिसकेकी कस्तै संकटमा पनि नडग्ने जमामर्द आइमाई हुँदा नै उनले महामात्य अनेकरामको मद्दतले काखकी नातिनी च्यापेर राज्यको बागडोर सम्हालेर रहेकी थिइन्। जगत्सिंह शत्रुका हातवाट पन्सिएपछि मात्र विवश बनेकी महारानीले राजदेवलाई मूल सिंहासनमा राख्ने कुरामा सहमति दिइन्। उनको सहमति भएपछि यो कुरो सर्वसम्मत भयो। ने.सं. ४६७ (वि.सं. १४०४) श्रावण वदि ४ मा जयराजदेव देउपाटनको राजसिंहासनमा राखिए[७३]। यसरी अनेकौं उतारचढाउ हुँदा पनि कति विचलित नवनी नेपालको राजनैतिक इतिहासमा ४० वर्षसम्म चम्किएको देवलदेवीको यथार्थ चित्र हाम्रो सामु स्पष्ट हुन आएको छ।

जयराजदेव

तीन राज्यको मिल्ती र बाहिरी स्थिति

जयराजदेव बनेपाली राजपरिवारका थिए। रुद्र मल्लले त्यसताका चलेको नियम तोडी एकै कुलका राजा उपराज हुने र उत्तराधिकारको क्रम पनि ज्येष्ठभागी भएर वंशानुगत जाने सनातन नियमलाई चलाएका थिए, अहिले त्यो नभएर पुनः अर्को हाँगाका राजकुमारमा राजगद्दी गयो। ने.सं. ४३७ (वि.सं. १३७३) फागुन बदि १० बिहीवारमा पलाञ्चोकमा यिनको जन्म भएको थियो।[७४] यिनका मावली पाटनका महापात्र भएका हुनाले आफ्ना कुलीन महामात्य ज्योतिरामका छोरा अनेकराम अहिले सर्वशक्तिमान् महामन्त्री हुन आएकोले यिनको बिहे पनि कर्णाटवंशमै जन्मेकी रुद्रम्मा देवीसँग भएको हुनाले यिनको बल बढेको थियो र दुवै राजकुलको सर्वसम्मतिले खाली रहेको एक किसिमले गुमिसकेको राजगद्दी प्राप्त गर्न अहिले आएर यी समर्थ भए। यस वेला दुवै राजकुलको एकता हुन आएको थियो।[७५]

अघि जयरुद्र मल्लले आफ्ना वंशका अरि मल्ललाई राजगद्दीमा राखेपछि ज्योतिराम महाथले ७ वर्षका यिनलाई बनेपामा खडा पारेकोमा र नायकदेवीको बिहे भएपछि पनि पुनः अर्कोपल्ट यिनले राज्यसत्ता प्राप्त गर्न नुवाकोटका गज सामन्तसँग मिलेर प्रयास गरेकोमा पनि सफल नभएको कुरा माथि उल्लेख गरियो। बाबु बितेको २७ वर्षपछि ३० वर्षको

उमेरमा अहिले आएर राजसिंहासन प्राप्त गर्न परिबन्दले र परिस्थितिले पनि यिनलाई साथ दिएको थियो ।

अब बनेपाली महामात्य अनेकरामले देवलदेवीको शासनलाई मनोयोगले मद्दत गरे, अर्थात् बनेपा, त्रिपुर, देउपाटन एकमत भए । सर्वप्रथम यिनले राज्यको व्यवस्थालाई सुदृढ पार्नेतिर ध्यान दिए र स्वतन्त्र हुन खोज्ने महासामन्त महापात्र क्वाठनायकहरूलाई कज्याए। वि.सं. १४०४ आश्विनमा देवलदेवी र अनेकरामले पाटनका महापात्रलाई वश बनाए। त्यसपछि कीर्तिपुर बलम्बू मुडिखु आदि कोटहरू कब्जा गरे ।[७६] यसै वेलातिर बनेपा र भक्तपुर मिली राज्यका प्रत्येक व्यक्तिसँग एक द्रम्मका दरले दस्तुर उठाई त्यस धनले पशुपतिनाथलाई कवच (सुवर्णको ढकनी) बनाई चढाए।[७७] राजा राजदेवले आफ्नोतर्फबाट पनि पशुपतिनाथलाई कवच चढाएका थिए ।

वि.सं. १४०५ भाद्र शुदि १३ मा राजदेव राजाले देउपाटनमा घण्टा बजाउन लाएर उर्दी गरे। यस उर्दीमा देवलदेवीको पक्ष चाहिँ आएन। यो काम सखुजुले आफैं अघि सरी गरेका थिए। यस वेलादेखि बनेपालीहरूलाई देउपाटनमा आउन खुल्ला भयो।[७८] यो प्रतिबन्ध राजा अनन्त मल्लको मृत्यु भएदेखि नै लागेको थियो। अहिले राजदेव राजा भएपछि यो प्रतिबन्ध हट्नु स्वाभाविकै थियो ।

राजदेव राजा भएपछि ने.सं. ४७० (वि. सं. १४०६) को आरम्भसम्म ३ वर्षको बीचमा नेपालको केन्द्रको अवस्था सुध्रँदै गएको थियो । बनेपा त्रिपुर देउपाटनको एकताले गर्दा पाटनका महापात्र तह लागेका थिए, फर्पिङदेखि नुवाकोटसम्म महासामन्त र क्वाठनायकहरू पनि टाउको ठड्याउन नसक्ने भएका थिए। केन्द्रमा त्यस्तो आपसको संघर्ष मेटिँदै आएको थियो। बराबर धक्का दिने सिम्रौनगढको छत्रभङ्ग भइसकेकोले त्यताको डर पहिल्यै हराइसकेको थियो र सिंजाराज्यको दबाव पनि पुण्य मल्ल पछि टुटेको थियो। यिनले पहिले नेपालदून विजय गरेर कर असूल गरेका थिए, गोरखासम्म यिनको झण्डा फरफराउँथ्यो। सिंजामा प्रताप मल्लमा आएर मल्लवंश टुंगियो। गेलाका पालवंशी पुण्य पाल मल्लको उपाधि लिएर सिजाको सिंहासनमा बसेका थिए। यिनी विजिगीषु प्रकृतिका थिए। यिनैले आफ्ना ताम्रपत्रमा भारतवर्षका धेरै देश जितेर धन असुल गरेको दावी गरेका छन्।[७९] तर नेपाललाई करद बनाएको कुरा चाहिँ सही थियो। यिनका छोरा पृथ्वी मल्ल पराक्रमी विद्याप्रेमी विद्वान्को कदर गर्ने[८०] भए तापनि यिनले नेपालदून विजय गरेको देखिँदैन। यसपछि सिंजाले नेपालदूनको दावी गर्न छोडेको नै बुझिन्छ। यस कारण यो समय भित्री बाहिरी कलहबाट मुक्त भएको शान्तिको थियो। परन्तु यो शान्ति आँधीबेहेरी आउनुभन्दा पहिलेको जस्तो थियो। वि.सं. १४०६ मंसीरमा नेपालमा जुन आँधी ओइरियो, त्यो आजसम्म भएका बेहोरेका

सम्पूर्ण भित्री वाहिरी संघर्ष आक्रमणलाई विर्सार्उने भयङ्कर र अद्भुतखालको थियो, त्यो हो बङ्गालका शासक सुल्तान समसुद्दीनको आक्रमण ।

बङ्गाली मुसलमानको आक्रमण

सिम्रौनगढराज्य विध्वंस पारेर दिल्लीदरबार प्रवेश गर्न लाग्दा आफ्नै छोरा मुहम्मद तुगलक्ले थापेको धरापमा परेर गयासुद्दीन तुगलकको मृत्यु भयो।[८१] तर मुहम्मदको शासनकाल (वि.सं. १३८२-१४०८) धेरै संघर्षमय गडबडको भएको हुनाले बङ्गालले स्वतन्त्र हुने अवसर पाएको थियो। वि.सं. १२६१ पछि सेनराजाको पराजयले हिन्दुराजाको आधिपत्यवाट छुटेर बङ्गाल दिल्लीका सुल्तानका अधीनमा गएको थियो। वि.सं. १३९६ मा यो स्वतन्त्र भयो। वि.सं. १४०३ मा हाजी इलियास सुल्तान समसुद्दीनका नामले बङ्गालको लखनौतीको गद्दीमा बसे। यी निकै शक्तिशाली योद्धा थिए। यिनले पहिले तिरहुतमा हमला गरी त्यहाँ मुसलमानी झण्डा गाडिसकेका थिए।[८२] त्यसपछि उनले दलबलका साथ नेपालमा चढाइ गरेका थिए।

मध्यकालमा नेपालको वङ्गालसँग निकै भेराइँचो थियो। नालन्दा विक्रमशिला महाविहार मुसलमानी आक्रमणबाट ध्वस्त नहोउन्जेल नेपालको यी विद्यालयसँग घनिष्ठ सांस्कृतिक सम्बन्ध थियो। विहार र बङ्गालमा मुस्लीमशासन स्थापित भएपछि नेपाल यिनबाट अलगिगएको थियो। छिमेकी भारतमा मुसलमानको त्यत्रो उपद्रव मच्चिएको थियो, त्यहाँका हिन्दुराज्यहरू बालुवाका घर जस्तै पकपक भत्किरहेका थिए, देवमन्दिर मूर्तिहरू तोडिइरहेका थिए, र बडेबडे विद्यालय नष्ट भए र पुस्तकालयका पुस्तकहरू आगोमा भस्मीभूत भइरहेका थिए। यो खबर सुन्दासुन्दै पनि चारभञ्ज्याङको पर्खालले घेरिएर बसेका नेपाली शासक त्यस्तै भयङ्कर नरसंहारकारी प्रलयको कल्पनै नगरी आपसमै बाँधिएर आफ्नै तुनेमुनेमा अल्झिएर बसेका थिए। यिनले कहिल्यै पराईको डटेर मुकाविला गर्ने काम पनि गरेका थिएनन्। त्यस्तो योजना पनि बनाएका थिएनन्।

एक्कासि वि.सं. १४०६ मंसीर शुदि ९ का दिन पूर्वतर्फको सिन्धुलीगडीको बाटोबाट पसेको बङ्गाली मुसलमानको फौज पहिले भक्तपुर शहरमा ओइरियो। भक्तपुर त्यस वेलाको उपराज बस्ने भए पनि मूल राजधानी थियो भने हुन्छ। यो आक्रमणकारी दलले शहर पसेर लुटपाट मच्चाउँदा मूर्ति तोड्दा मन्दिर भत्काउँदा आगो लगाउँदा त्यहाँका शासकवर्ग र दुनियाँको के दशा भयो होला त्यो कल्पना गर्नै नसकिने कुरा छ। त्यस वेलाको वृत्तान्त छोटकरीमा वर्णन गर्ने वंशावलीकारले भक्तपुरमा यस आक्रमणबाट महाकष्ट पाएको कुरा बताएका छन्। सारा लोकमा हाहाकार मच्चियो, समस्त नेपाल भस्मीभूत भयो। कसैले

मुसलमानी सैन्यको प्रतिरोध गर्ने साहस गरेन। विनारोकटोक पाएसम्म धनमाल हात लाएर यो विध्वंसकारी दल पशुपतिनाथमा पुग्यो। त्यहाँका भण्डारका धन झिकेर देउपाटन दरबारको ढिकुटी समेत लिएर उसले पशुपतिको मूर्ति तीन टुक्रा पारेर तोड्यो।[५३] भक्तपुर दग्ध गरेको भोलिपल्टै त्यो दल सिम्भूमा पुग्यो, सिम्भूको स्तूपलाई भत्काएर खनेर माटोमा मिलाइदियो।[५४] यसै प्रसङ्गमा यसले पाटन शहर पसेर त्यहाँ बहाल किल्ला ध्वस्त पारेर मन्दिर मूर्ति तोडेर सखाप गर्‍यो।[५५] ७ दिनसम्म यहाँका तीनै शहर धूलिकुटान पारेर पाएसम्म धनसम्पत्ति सोहोरसाहर पारेर लिएर मुसलमानको सो लुटाहा दल फर्केर गयो।[५६]

यहाँ पहिले भक्तपुर ध्वस्त पारेको भोलिपल्टै सिम्भू स्तूप भत्काएको कुरा लेखिएको छ। भक्तपुरबाट सिम्भू करीब ४ कोश पश्चिम पर्दछ, बीचमा ठिमी, पाटन, देउपाटन, काठमाडौंका शहरहरू छन्, एकै दिनमा ती सबै छिचोलेर जितेर आक्रमणकारी दल सिम्भूमा पुग्नु भनेको चानचुने कुरा होइन। बीच-बीचमा केही बलिया किल्लाहरू पनि थिए। पहिले पहिलेका दक्षिण पश्चिमबाट भएका आक्रमणमा एउटा किल्ला महीनौं दिन लगाएर फोरेको कुरा सुनिन्थ्यो। जितारिको आक्रमणमा सिम्भूको डाँडामा त्यत्रो घमासान परेको थियो, आदित्य मल्लले २२ दिन घेर्दा पनि पाटनको पुलचोक किल्ला खुलाउन सकेका थिएनन् भने मुसलमानको यस आक्रमणमा तीन शहर नेपाल दुई दिनमा स्वाहा हुनु भनेको कम आश्चर्यको कुरा होइन। यो आक्रमणकारी दल असंख्य ठूलो थियो र नै तीन शहरका कोट किल्ला राजदरबारमा एकैचोटि झ्वाम्मै हमला गर्न सक्यो। आक्रमणकारी दलसँग डटेर मुकाविला गर्न त परै जाओस्, कसैले यसको प्रतिरोध गर्ने साहस अलिकति पनि देखाएको बुझिँदैन।[५७] नरसंहारकारी दलको आक्रमणको पूर्व सूचना भयङ्करताको आभास पहिल्यै पाएर यहाँका राजा-प्रजा भाइभारदारहरू साराका सारा घरद्वार छाडेर अन्नपानी जायजेथा धनसम्पत्ति लुकाएर वनदुर्ग पाहाडहुँदो पसेर बसेको बुझिन्छ। बाहिरिया आक्रमणमा यसै भाग्ने लुक्ने वा वैतसी वृत्ति लिएर बच्ने बानी यहाँका बासिन्दाको बसिसकेको थियो। यसरी अप्रत्यक्षरूपको पूर्ण असहयोगी प्रवृत्तिले वैरीलाई आजित पारी वा केही रकम सिर्तो बुझाएर फर्काउने यहाँको चलन जस्तो थियो। पहिलेका भन्दा अलिक भिन्नै किसिमको देवमन्दिर मूर्ति तोड्ने यो आक्रमण नेपालको लागि 'न भूतो न भविष्यति' भयो। यहाँका सबै मन्दिर घर बहाल दरबारबाट पाएसम्म धनसम्पत्ति मालमत्ता हात लाइसकेपछि यहाँका जनताको असहयोग, रसदपानीको अभाव, मीनपचासको कठाँग्रिने जाडो आदि कारणले गर्दा वैरीदल ७ दिनमै फर्केर गएको बुझिन्छ।

पुराना वृत्तान्तको नेवारी भागमा मार्गशुदि ९ मा आएको यसै वैरीदलले सात दिनभित्रै सारा शहर डढाएर स्वाहा पारेको कुरा उल्लिखित छ। संस्कृतभागमा नवमीका दिनमा

भक्तपुरमा हाहाकार भएको सारा ध्वस्त बनेको, पशुपतिनाथलाई तोडेर तीन टुक्रा पारेको र वृत्तान्त लेख्ने आफूले स्वयं महाकष्ट भोगेको कुरा कहिएको छ। मार्ग शुदि दशमीको दिन सिम्भूलाई भत्काएको डढाएको कुरा पछि जीर्णोद्धार गर्दा काठमाडौंका महापात्रले राखेको शिलालेखमा उल्लिखित छ। पाटन शहर कुन दिन दग्ध भयो, त्यसको ठीक त मिति पत्ता पाइएको छैन, तर पूर्व भक्तपुर पश्चिम सिम्भू पोलिएको २ दिनमै बीचको पाटन पनि आक्रमणकारी दलको मारमा परेको प्रकट हुन्छ। पिम्वहालको महापात्र मेघपाल वर्माको अभिलेखमा 'नेपाल सर्ब्वनगरं भस्मीकरोति' भनेर लेखिएकोले त्यहाँको चैत्य मन्दिर पनि तोडिएका देखिन्छन्।

यहाँनिर एउटा कुरा के देखिन्छ भने यो आक्रमणकारी दलको आँखा चाँगुनारायणको मन्दिरमा चाहिँ परेको थिएन।[८८] मानिसको भेराइँचो नभएको अर्थात् गाउँ शहर बीच नपरेको वनदुर्गभित्र गिरिदुर्गरूपमा रहेको चाँगुनारायणको मन्दिरमा मुसलमानी आक्रमणको मार नपरेको हुँदा नै यहाँ यसभन्दा पूर्वकालका सामग्री अभिलेख मूर्ति पनि प्राप्त भएका छन्।[८९]

पशुपतिनाथमन्दिरको भण्डार खोल्दा जयस्थिति मल्लभन्दा पूर्वकालका सामग्री ताम्रपत्रहरू प्राप्त हुन आएनन्। परन्तु हालसालै चाँगुनारायणको मन्दिरको भण्डार खोल्दा मध्यकाल पूर्वार्धका मूर्ति भाँडावर्तन, ताम्रपत्र, सुवर्णपत्र आदि सामग्री प्राप्त भएकाले उपर्युक्त तर्क सही देखिन्छ।

यसरी ठूलो वेगसँग पूर्वीया आँधीबेहेरीको एक झोक्का आयो, यसले भेटेसम्म उडायो, लडायो, भत्कायो, बिगाऱ्यो, सोहोरेर लग्यो, तर तुरुन्तै शान्त भयो। हुरी हटेपछि सबै आफ्ना आफ्ना स्थानमानमा आए र आफ्नो-आफ्नो सुतीथाती गरेर बसे। तर भत्के-बिग्रेका मठ मन्दिरहरू क्यौं वर्षसम्म त्यसै पडिरहे। शीघ्र बन्न सकेनन्, जीर्णोद्धार हुन पाएनन्। अरू त के नेपाली जनताका दैनन्दिन आराध्यदेवता पशुपतिनाथ र स्वयम्भूनाथको मन्दिर स्तूप पनि क्यौं वर्ष जीर्णोद्धार हुन नसकेर त्यसै पडिरहे। मुसलमानले तोडेको ११ वर्षपछि पलाञ्चोके महामात्य अनेकरामका छोरा जयसिंहरामवर्द्धनले पशुपतिनाथको मन्दिर मूर्तिको पुनः प्रतिष्ठा गरे[९०] भने २३ वर्षपछि काठमाडौंका महापात्र राजहर्ष भल्लोकले स्वयम्भूको स्तूपको प्रतिष्ठापना गरे।[९१] सात वर्षपछि पाटनमा पिम्वहालको जीर्णोद्धार महापात्र मेघपाल वर्माले गरे।[९२] यसरी मुसलमानी मारबाट विध्वस्त बनेको नेपालले पुनः पूर्ववत् स्थितिमा आउन धेरै वर्ष पर्खनुपऱ्यो। स्थिति मल्लका छोरा ज्योतिर्मल्लले पछि पशुपतिनाथको मन्दिरमा सुवर्णकलश (गजूर) चढाएर यस मन्दिरलाई पूर्ण पारी पूर्ववत् स्थितिमा ल्याए भने स्वयम्भूको चैत्य पनि यिनले पुनः राम्ररी मरम्मत गरे।[९३]

बङ्गाली मुसलमानको यस भयङ्कर हमलाको कथा धेरै कालसम्म मानिसका मनमा सम्झना भएर आइरहेको थियो। वि.सं. १६५२ मा राजा शिवसिंहले स्वयम्भू चैत्यको पुनर्निर्माण गराएका थिए। त्यसको सम्झनाको लागि राखिएको शिलालेखमा अघि तुरुष्क (तुर्क-मुसलमान) को आक्रमणबाट भत्केको यस चैत्यको जीर्णोद्धार भएको थियो, फेरि भत्के बिग्रेको हुनाले पुन: बनाएको कुरा उल्लिखित भएको छ।[९४] पछि टिपिएको एक टिपोटमा नेपालमा घटेका मुख्य घटनाको उल्लेख गर्दा मिति नमिलाइकन भए पनि मुसलमानको आक्रमणको घटना पनि परेको छ।[९५] पृथ्वीनारायण शाहले पनि अस्पष्टरूपमा भए पनि तुर्कहरूको नेपाल प्रवेशको सम्झना गरेका छन्।[९६] तर आश्चर्यको कुरा पुराना वृत्तान्तमा यसलाई राम्रैसँग उल्लेख गरेको भए पनि भाषावंशावलीकारले यस घटनाको अत्तोपत्तो पाएनन्। यिनले त दक्षिण पश्चिमबाट भएका आक्रमणको विवरण दिँदा सबै आक्रमण मुकुन्द सेन नान्यदेव र हरसिंहदेवहरूबाट भएका भनेर देखाएर तिनको साल मिति नमिलाई आनकोतान फरक पारी जथाभावी बयान गरिदिएका छन्। यसैबाट धेरै इतिहासकारहरू यस सम्बन्धमा धेरै अलमलमा पर्दै आएका हुन् भन्ने कुरा माथि पनि उल्लिखित गरियो।

देवलदेवी, राजदेव र जयसिंहराम

राजदेव राजा भएपछि बनेपा त्रिपुर र मानिगल एकमत भएको कुरा हामीले पहिल्यै उल्लेख गर्‍यौं। मुसलमानको आक्रमणपछि पनि यो ऐक्यमत्य जारी नै रह्यो। तर त्रिपुरको भारदारीमा आपसको कुनै कुरामा महामात्य अनेकरामसँग मतभिन्नता भएको हुनाले वि.सं. १४०६ पौषमा सुखुजु र कस्त भा भक्तपुर छोडेर बनेपा गई बसे। तर राजा राजदेव महामात्य अनेकराम र प्रजाहरू समेत मिलेर धार्मिककृत्य गरेर भक्तपुरमा डोयिनी माम (डोयमाजु) को सेवा आराधना गरियो।[९७] त्यस वेला केही क्वाठनायकहरूले आफ्नो सिर्तो नवुझाएवापत सैनिककारवाही गर्नुपर्‍यो। यस साल हिउँदमा पहिले ठिमी र अनि दुवुक्वाठ (दुहाकोट) का क्वाठनायकहरूलाई तहमा ल्याइयो। टिंडीकिल्लामा पनि युद्ध गर्नुपर्‍यो। यस किल्लामा युद्ध गर्न जाने योद्धाहरूमा जयत मुलमी प्रमुख छन्।[९८] यिनको पहिलो उल्लेख यतिवेरै पाइएको हो। यसपछि क्रमश: अधिकार प्राप्त गर्दै गएर यिनी पछि स्थिति मल्लका विश्वासपात्र र ठूलो सल्लाहकार मन्त्री बने।

वि.सं. १४०७ को पौषमा कपन र पिथोबहार किल्लामा पनि विद्रोह उठ्यो। यसलाई पनि दवाउन सैनिक पठाउनुपर्‍यो। यसको अर्को साल येथोबहार किल्लाको कचपचमा आफ्नै भारदारलाई कैद गर्नुपर्‍यो। महाथ सास पनि यसमा पक्राउ परे। केही दिनपछि नुवाकोटमा विद्रोह दवाउन जानुपर्दा सास महाथलाई केही दिएर दक्षिणतिरको लेलेको बाटोबाट पठाइयो।

नागार्जुनको बाटो अर्को दल गयो। टोखामा पनि विद्रोह उठेको हुनाले त्यहाँ पनि लंडाइँ गर्नुपऱ्यो।[९९]

यतिखेर यो आन्तरिक संघर्ष दबाउने र शासनकार्य सञ्चालन गर्ने सबै अभिभारा महारानी देवलदेवीको आज्ञाले महामात्य अनेकरामले बोकेका थिए। देवलदेवीको प्रभाव यति ठूलो थियो, महाराजाधिराज राजदेव सिंहासनमा सुहाए पनि देवलदेवी नै 'राजाधिराज परमेश्वर परम भट्टारक राजा' भन्ने पदवीले सुशोभित थिइन् र नेपाल उनैको विजयराज्य मानिन्थ्यो।[१००] हुन पनि उनकै जोडले दुवै राजकुल एकमत हुन आए, उनका मन्त्रणाले असल योग्य मन्त्रीहरूले काम गर्ने अवसर पाए।

वि.सं. १४१२ द्वि. आषाढ बदि १३ मा महामात्य अनेकरामको मृत्यु भयो[१०१]। बाबु मरेपछि उनका छोरा जयसिंहरामले बाबुको बिँडो थामे। यो रामवर्द्धनपरिवार बनेपाली राजकुलको मन्त्रीकुल हो। पहिले जयसिंहरामले राजा जयराजदेवका छोरा युवराज जयार्जुनदेवका हजुरिया पनि भएर काम गरेका थिए।[१०२] त्यसपछि यिनी बाबुजस्तै शक्तिशाली मन्त्री बनेर शासनकार्य सञ्चालन गर्न लागे। वि.सं. १४१४ वैशाखमा बंदेमा विद्रोह उठ्यो, त्यहाँका नाइकेलाई दोलखा लगी कैद गरियो। त्यसै साल माघमा नुवाकोटमा गडबड उठ्ता त्यहाँका महामात्य भागेर टोखा आए। त्रिपुरले उनको सहयोग दिन नुवाकोटमा चढाइ गरी सलंकोट कब्जा गऱ्यो। नुवाकोटले सिर्तो बुझाई कोट फिर्ता लियो।[१०३]

राजा राजदेवको मृत्यु कहिले भयो, पुराना वृत्तान्तमा त्यसको उल्लेख भएको छैन। सिम्भूको राजहर्षको शिलालेखमा मुसलमान समसुद्दीनले यो स्तूप भत्काएको केही कालपछि ती राजा स्वर्ग भए, तर यवनले डढाएको यो स्तूप जस्ताको तस्तै पडिरह्यो[१०४] भन्ने मात्र लेखियो, मृत्युतिथि दिइएन। जयार्जुन मल्ललाई पढ्न भनेर लेखेको 'रुद्रयामल'को षष्ठीविद्याप्रशंसा भन्ने पुस्तक-अनुसार वि.सं. १४१६ श्रावणसम्म जयार्जुनदेव युवराजै थिए। वि.सं. १४०४-१४१७ सम्म राजदेवको राज्यकाल हुँदा यसै भित्रका केही अभिलेख यिनका पाइएका छन्।[१०५] पाटनका सोमशर्मा ब्राह्मणले लेखाएको ज्योतिषी अनन्तरामले लेखेको स्मृतिसमुच्चयग्रन्थको पुष्पिकावाक्य अनुसार वि.सं. १४१७ माघ वदि ८ सम्म पनि राजा जयराजदेव राज्य गरिरहेका देखिन्छन्। त्यसको तीन महीनापछि वैशाख वदि १२ मा सारिएको आर्यामोघपाशसूत्रको पुष्पिकामा जयार्जुनदेव राजा देखिएकाले यिनै तीन महीनाभित्र कुनै दिन राजा जयराजदेवको मृत्यु भयो र जयार्जुनदेव सम्पूर्णरूपले गद्दीनसीन राजा हुन आएका थिए।

४.१. टिप्पणी

१. तत्रान्तरे राजा श्रीजयानन्ददेव प्रवर्त्तत्ते ॥

कपाठ २७ कपत्र

२. (क) पाटन बालकुमारीको अभिलेख, अभिलेखसंग्रह २ भा. १५-१६ पृ.

(ख) द्यौपाटन टुटेधाराको अभिलेख, संस्कृत-सन्देश २ वर्ष १-३ अङ्क

(ग) नागानन्दनाटक रा. अभि. १.१५८३. ३ सं-सन्देश २।१-३

(घ) शनैश्चरस्तोत्र रा. अभि. ३. ९६, १. मे. हि. नेपाल ११० पृ

३. हनूमान्ढोकामा रहेको चाँगुनारायणको कण्ठाको अभिलेख ।

माथि ३ प्र. ४ अ.को १८ टि.

४. मे.हि. नेपाल १०९ पृ.

५. स. ४३७ फाल्गुणकृष्ण दशमी धनेष्ठ बृहस्पतिवार श्रीश्रीजयानन्दराजास पुत्र श्रीराजदेव संग्रहनी भार्यास पलाखचोस जातः ॥

क पाठ ४५ पत्र

६. क पाठ ४४ पत्र,

७. उही ४३ पत्र,

८. उही ४४ पत्र,

९. उही

१०. स्मस्त नेपाल श्रीजयरुद्रमल्ल इवः नवकोट भुङतीप्रजन्त राजकृतम् ।

उही २७ खपत्र,

पेटेकले प्रजन्तको अर्थ प्रत्यन्त (देश) भन्ने गरेका छन् (मे.हि. नेपाल. पृ ११३) मैले नुवाकोट भुङ्क्तिपर्यन्त अर्थात् नुवाकोट प्रदेशसम्म राज्य गरे भनी लेखेको छु ।

'प्रजन्त' भनेको देश नभएर 'नुवाकोटपर्यन्त (सम्म)' भनेको हो ।

११. उही ४४ पत्र

१२. उही ४५ खपत्र

१३. ४४ कपत्र

१४. तदनन्तरे श्रीजयतुङ्गमलदेवस्य आत्मजः श्रीजयरुद्र मलदेवस्य प्रभुतेन स्वकुटुम्ब श्रीजयारिमलदेवस्य पुष्याभिषेकं कृत्यः राजा भक्तिमात्रन्ददौ ।

उही २७ पत्र

१५. (क) महीरावणवधनाटक, रा. अभि. ३, ३६२८, शास्त्रीक्याटलग् । २,२५.

ख) विनायकस्तवराज-एशियाटिक सोसाइटी-१०७२३ शास्त्रीक्याटलग् ४३८ पृ.

ग) सप्तशती- चण्डिकास्तोत्र रा. अभि. १-१५३६-१९- मे. हि. नेपाल, ११२ पृ.

(उपर्युक्त पुस्तकका पुष्पिकावाक्यहरू संशोधितरूपमा मैले जयतरचित महिरावणवध नाटक विवेचनात्मक अध्ययनमा उद्धृत गरेको छु ।)

१६. क पाठ ४४ खपत्र

१७. उही,

१८. सान्धिविग्रहिक मन्त्री चण्डेश्वर (सं १३५७-१४०७) का ग्रन्थहरूमा - व्यवहाररत्नाकर विवादरत्नाकर, कृत्यरत्नाकर, दानरत्नाकर, शुद्धिरत्नाकर, गृहस्थरत्नाकर, पूजारत्नाकर, यी सात रत्नाकर र दासविमोक्षविधि, स्वामिपालविवाद, विवादतरङ्ग, कृत्यचिन्तामणि आदि मुख्य थिए। अर्का विद्वान् कविशेखर ज्योतिरीश्वरको वर्णरत्नाकर, तात्कालिक लौकिक स्थिति बुझ्न अत्यन्त उपयोगी छ। यिनका धूर्तसमागम नाटक र कामशास्त्रसम्बन्धी पन्चसायक रङ्गशेखर प्रसिद्ध पुस्तक हुन् ।

१९. इतिहासप्रवेश २३८ पृ.

२०. उही २४० पृ.

२१. मुसलमानी इतिहासमा तुगलकको तिरहुत आक्रमणको विशद वर्णन गरिएको छ। फारिस्ता मुल्ला तकिया अनुसार यो आक्रमण वि.सं. १३८१ पौषमा भएको थियो, हरसिंहदेव सपरिवार कैद गरिएका र त्यहाँ शासन अहमदखाँको जिम्मामा छाडेको कुरा पनि लेखिएको छ ।

क) फारिस्ता- हिष्ट्री अफ् द राइज् अफ् द मुहम्मदन पावर
१ भा ४०६-७ पृ.

ख) द दिल्ली सुल्तान हिष्ट्री एण्ड कल्चर् अफ् द इण्डियन् पिपुल, ३९९-४०२ पृ.

ग) हिष्ट्री अफ् मुस्लिम रूल् इन् तिरहुत ४८-५४ पृ.

घ) मिथिलाका इतिहास २३७ पृ.

फारिश्ताले सपरिवार हरसिंहदेवलाई बन्दी बनाएको कुरा कहेको छ नेपालको पुराना वृत्तान्तमा चाहिँ हरसिंहदेव राजा कैद परेका नभई भागेका हुन् भन्ने कुरा उल्लिखित छ। यही सत्य देखिन्छ। द्रष्टव्य- पुरानो वृत्तान्त कपाठ ४६ पत्र,

भाषावंशावलीको आधारमा भारतका र नेपालका इतिहासकारले त्यसपछि हरसिंहदेव नेपालदूनमा आएर राज्य गरे भनी सविस्तार वर्णन गरेका छन्, त्यसको खण्डन मैले यसै ग्रन्थमा यथास्थानमा गरेको छु, उनी तीनपाटन भन्ने ठाउँमा आई बसेको र त्यहीं स्वर्ग भएको कुरा तलको विवरणबाट स्पष्ट हुन्छ।

२२. यस पद्यका विभिन्न पाठ पाइन्छन्। इण्डिया अफिस् लाइब्रेरीको कैथ-क्याटलग् अनुसारको यो पाठ हो। मिथिलाको पाठमा दोस्रो चरण 'पौषस्य शुक्लदशमीक्षितिसूनुवारे' - यस्तो छ। मिथिलाक इतिहास १७८ पृ । ए हिस्ट्री अफ् मैथिली लिटरेचर् १ भा. २५६ पृ. । उक्त इण्डिया अफिस् लाइब्रेरीको क्याटलग्को जातिसंग्रहको पुस्तकमा पछिल्ला दुई पाउ फरक छन् र नेपालमा मल्ल राजाका इष्टदेवी तलेजु माजुलाई हरसिंहदेवले लगेको कुरा उल्लिखित छ -

कर्णाटसंज्ञनगराद्धरिसिंहदेवो

नेपालदेशमनयत्स ज (त) लेजु माजु ।

नेपालका भाषापाठमा पनि केही फरक पाठ पाइन्छ। सो - अनुसार चतुर्थ चरण यस्तो छ-

दुर्दैवदैवविपरीतगिरिप्रवेश :

२३. तीनपाटनको परिचय मैले प्रथम वि.सं. २०२६ मा सँगीतलहरीको प्रस्तावनामा दिएको थिएँ। तीनपाटन भन्ने ठाउँ थाहा नपाई पेटेकले पनि त्यसलाई देउपाटन मानी पहिले हरसिंहदेवले नेपालमा आएर राज्य गरेको कुरा लेखेका थिए। (मे.हि. नेपाल. प्र. सं. ११११२ पृ.) तर अहिले उनले पनि यो कुरा स्वीकारेका छन्। (उही दोस्रो संस्करण ११५ पृ.) तीनपाटनको परिचय महीरावणवधको परिशिष्ट ६ मा पनि दिएको छु।हरसिंहदेवले तुगलकसँगको हारपछि नेपाल जितेर त्यहाँ भादगाउँमा राज्य गरे, सिंहान्त नामका उनका वंशजले त्यहाँ धेरै पुस्ता राज चलाए भन्ने वंशावलीका कथाका आधारमा यो झुट्टा इतिहास नेपालका भारतका इतिहासका पानामा अङ्कित भइरहेको छ। तात्कालिक प्रमाणको आधारमा विश्लेषण गर्दा सो सबै गलत कुरा हो भन्ने सिद्ध भइसकेको छ। अर्को कुरा काशीप्रसाद जायस्वालले अलाउद्दीन खिलजीकै पालादेखि नेपाल मुसलमानको अधीन भइसकेको थियो, हरसिंहदेवले सो प्रभुत्वलाई हटाएर त्यहाँ स्थानीय शासकलाई अधीन पारे भन्ने अर्को बेतुकी भ्रम सिर्जिदिएका छन्। यसमा पनि कुनै प्रमाण छैन।

२४. कपाठ ४६ पत्र

२५. उही ४७ कपत्र

२६. **तस्य स्वर्गस्थं सम्वत्सरो षड्युग वेदा ४४६ आषाढी पूर्णमी रात्रिभागे दारा चतु अग्निप्रवेश कृतम्।** उही २७ ख पत्र

२७. उही ४५ पत्र

२८. पुत्री सती नायकदेवी नाम पितामही श्रीपदुमलदेवीना प्रतिपालितम् ।
श्रीदेवलदेवीद्वयेऽपि.

२७ ख पत्र,

२९. आदित्य मल्लको आक्रमणबारे बुझ्न पुराना वृत्तान्तका कपाठ २७ खपत्र, ४६ कपत्र खपाठ १५ पृ. द्रष्टव्य

३०. उही ४६ कपत्र

३१. मध्यकालीन अभिलेख २-३ पृ.

३२. ४६ ख पत्र

३३. अत्रान्तरे काशेस्वरवंस्सज श्रीहरिचन्ददेवसमानवेनः विवाहङ् करोति श्रीनायकदेवी । २७ ख पत्र

३४. तत्रान्तरे काशीश्वर सोमवंश, हरिश्चन्द्रदेव समागमन, येन विवाहं करोति श्रीनायकदेवी ख पाठ १२ पत्र,

३५. ४७ खपत्र,

३६. ४६ ख़पत्र

३७. ४७ कपत्र,

३८. ४६ खपत्र

३९. ४७ पत्र,

४०. ४९ खपत्र,

४१. ४७ खपत्र,

४२. उही,

४३. उही,

४४. ४८ कपत्र

४५. ४८ पत्र,

४६. उही

४७. जित्वा गजोऽयं नवकोट्टराज्यं नेपालस्तम्भं रणरङ्गधीरः ।
तमेव कोटौ अचले सदैवां मेरुसमानो सर्वराजधानी

अगस्त्यसंहिताको पुष्पिकावाक्यबाट

४८. मे. नेपाल १, ४११ पृ.

नुवाकोटका जयसिंह फर्पिङका जैतसिंह एकै हुन् तथा जुग सामन्त पनि जयसिंह नै हुन् भनी डिल्लीरमण रेग्मीले लेखेका छन्, सो अशुद्ध हो ।

४९. कतिपय वर्षान्तरेण शिष्टेन विषभक्षतेन मृत्यु ।

तदनन्तर तस्य देवस्य भ्राता श्रीगोपालदेवमुपस्थितं

२७।२८ कपत्र

स ४५५ जेष्ठशुद्धी ६ श्रीहरिचन्द्रदेवस बलन मृत्यु दिनः ।

४७ कपत्र

५०. ४९ कपत्र,

५१. ४८ खपत्र, ४९ कपत्र,

५२. २८ कपत्र

५३. महीरावणवधनाटक वि. अध्ययन ६६ पृ

५४. ४९ खपत्र

५५. कर्णाटवंशज श्रीजगत्सिंहदेव समाहित संगृह्य कृतं, नायकदेवी

५६. ४९ खपत्र, ५० कपत्र ।

यहाँ उल्लिखित कुठी नेपालभोटसीमानाको कुटी हो जस्तो लाग्छ । प्यकोराज (?) को चाहिँ अर्थ लागेको छैन ।

५७. २८ कपत्र, ५० कपत्र,

५८. ५० पत्र,

५९. ५१ कपत्र,

६०. त्रिभिः प्रधानैः पात्रैश्च पालितो ललितापुर :

श्रीमान् मणिकुमारो ऽत्र भाति सप्तकुटम्बकै : ॥

६१. यी महापात्र जयसिंह (जयसीह) मल्लले सारेका निम्नलिखित पुस्तक प्राप्त छन्-

क) महीरावणवधनाटक- रा.अभि. ३. ३६२. ८, शास्त्रीक्याटलग् २ भा. २५ पृ.

(ख) खण्डखाद्यक- रा. अभि. ४,१६४ शास्त्रीक्याटलग् १ भा, ९० पृ.

(ग) वृहज्जातकटीका - रा. अभि. ४, १६२-६८ बृहत्सूचीपत्र, १ भा, १३६ पृ.

(घ) भोजदेवसंग्रह - रा. अभि. ५, ७०८ मे. नेपाल । १ भा, २७५ पृ.

(ङ) सुमतिकरण -केशरपुस्तकालय १९३ सं. सुमतितन्त्र- परिशिष्ट २६

(च) हरिश्चन्द्रोपाख्यान- रा. अभि. ३,३६२ शास्त्रीक्याटलग् २ भा, २९ पृ.

(छ) रामाङ्कनाटिका- केशरपुस्तकालय ८६ सं.

(उपर्युक्त पुस्तकका पुष्पिकावाक्य मूल हेरी सुध्याएर मैले महिरावणवध नाटकको विवेचनात्मक अध्ययनको परिशिष्टमा प्रकाशित गरेको छु । रामाङ्कनाटिका चाहिँ जयसीह मल्लको पुस्तकबाट टुकुजुले सारेका हुन् ।)

६२. तस्य पिता जयानन्ददेव, माता ललितग्रामे उत्तरविहार राजेन्द्रपालपात्रस्य पुत्री । ख पाठ, १४ पृ.

माथि ५ सं. को टिप्पणी पनि द्रष्टव्य छ ।

६३. अत्रांतरे पशुपतिमलदेव बंद्धनम् करोति ।

२८ खपत्र

६४. ५१ खपत्र, ५२ कपत्र,

(कसै कसैले पशुपति मल्ललाई जयारि मल्लका छोरा भनेका छन्- जर्नल रिसर्च सेन्टर, १-८५ पृ. परन्तु यस कुराको कुनै प्रमाण पाइएको छैन ।

६५. ५१ पत्र,

६६. अतिरिक्त पत्र,

६७. तदनन्तरे कतिपयदिवसे श्रीजगत्सिंहकुमरेण राज भुंजितम् । पश्चात्त कुट्मरबन्धनं भवेत । तस्य पुत्री श्रीराजलदेवी नामः । जातेन दश दिवसान्ते मातुश्च मृत्यु पितामही श्रीदेवलदेवीना अतिकष्टेन प्रतिपालितं ।

२८ खपत्र,

सं ४६७ पौष्यकृष्णदशमी अनुराध श्रीनायकदेविस पुत्री राजलदेविस जात दिन १० लिव मामो नायकदेविस अस्त ॥ ५१ खपत्र,

६८. क) आचार्य- रूपरेखा १ वर्ष २ अङ्क ४५ पृ.

ख) रेग्मी- मे. नेपाल १ भा. ३०० र ३०३ पृ.

ग) भण्डारी- ने.आ. इतिहास ११३ पृ.

६९. देवलदेवी (देवलक्ष्मीदेवी) हरसिंहदेवकी रानी हुन् भन्ने स्पष्ट प्रमाण भनी मोहनप्रसाद खनालले एक संस्कृत वाक्य प्रकाशित गरेका छन्, सो यस प्रकार छ -

"तुरकैर्दुरिकृत सपरिवार तिरहुत राजा मन्त्रिभिः सहारण्यं प्रविष्ट :, पुत्रेण सहिता पत्नी देवलक्ष्मी देवी च स्वकुटुम्बैः सह बलं याचितुं नेपाले प्रविष्टती :" ॥ इतिहाससंशोधनको केही संशोधन प्रा. नेपाल, १३ पू. ४६ पृ.

(तुर्कहरूले खेदिएका तिरहुते राजा (हरसिंहदेव) मन्त्रीहरू र परिवारसहित भएर जंगल पसे, छोराले सहित भएकी उनकी महारानी देवलक्ष्मीदेवी पनि आफ्ना दाजुभाइसँग बल (सैनिकसहायता) माग्न नेपाल पसिन् ।)

यो अर्थ मैले गरेको हो, तर प्रथमप्रकाशकले र पेटेकले पनि यसको अर्थ अर्कै गरेका छन् । यस प्रमाणको टिप्पणी गर्दै पेटेकले 'यो प्रमाण धेरै चाखलाग्दो त छ, यसमा हरसिंहदेवकी विधवा रानीको नाम दिएको पनि छ, परन्तु यो शङ्कारहित भने छैन, मैले थाहा पाएसम्म यो प्रकाशित भएपछि नेपाली अनुसन्धाताहरूले यसको अध्ययन गरेका छैनन् र कतै उल्लेख पनि गरेका छैनन्' (मे.हि. नेपाल ११४ पृ. टि. ३ सं.) भनी लेखेका छन् । साँच्चै प्रकाशक खनालले यसलाई दोलखाबाट प्राप्त तात्कालिक टिपोट भने पनि यसको समय मिति नखुट्याइएको, लिपिको, लिपिकरको उल्लेख नगरेको र प्रतिच्छवि दिन पनि नसकेको कुरा देख्दा पेटेकको शङ्का मनासीब छैन भन्न सकिँदैन ।

७०. पुत्री सती नायकदेवी नाम पितामहि पद्‌मलदेवीना प्रतिपालित पुत्री देवलदेवीद्वयोरपि भक्तग्रामे राज्यं कृतवान् ।

ङपाठ १० पत्र, सिनास जर्नल १२ भा. २ सं ९१ पृ.

(नायकदेवी नामकी छोरी भइन्, पितामही पदुमलदेवीले पालिन् र छोरी देवलदेवीसँग मिलेर दुवै जनाले भादगाउँमा राज्य गरे ।)

७१. दोलखामा प्राप्त भनी छापिएको माथिको प्रमाण वाक्यमा पनि देवलक्ष्मीदेवी माइतमा दाजुभाइसँग सहायता माग्न आएकी हुँदा यही भाव व्यक्त हुन आउँछ । तर प्रथम प्रकाशक खनाल र त्यसको अंग्रेजीमा अनुवाद गर्ने पेटेकले पनि सो भाव निकाल्न सकेका छैनन् । यो प्रमाण प्रामाणिक भएको खण्डमा यसले पुराना वृत्तान्त क पाठको उक्तिलाई राम्ररी पुष्टि गर्नेछ ।

७२. मिथिलाक इतिहास १७४-७६ पृ. र मिथिलाका इतिहास २३४ पृ.

७३. सम्वत् ४६७ श्रावण वदि ४ श्रीजयराजदेवस्य राजा कृत्यः सर्वसंमतेन ।

२८ खपत्र

देवलदेवी किन यतिका वर्षसम्म एक टङ्कारसँग शासनमा टिकिरहन सकिन् भन्ने प्रश्नले मेरो मगज खाइरहेको थियो । धनवज्र आदि इतिहासबिद्‌हरूसँग पनि मैले यो प्रश्न राखेको थिएँ, तर कतैबाट पनि मैले चित्त बुझ्दो उत्तर पाउन सकेको थिइँन । अहिले आएर देवलदेवीको माइतीघर यहीँ रहेछ भन्ने कुरा यहीँको वंशावली प्रकाशित हुँदा पत्ता लागेपछि मेरो शंका समाधान भएको छ । तुङ्ग मल्लकी छोरी रुद्र मल्लकी बहिनी हरसिंहदेवकी पत्नी राज्यको अधिकारिणी राजल्लदेवीकी बूढी आमा हुँदा नै यिनी ४० वर्षसम्म अविचलित रहन सकेकी रहिछिन् ।

द्रष्टव्य- 'चौधौं शताब्दीमा राजकाजमा रानीको वर्चस्व', प्रज्ञा ८१ (ख) पृ.

७४. पुराना वृत्तान्त ४५ क, खपत्र,

७५. तस्यपिता श्रीजयानन्ददेव माता ललितग्रामे उत्तरविहार राजेन्द्रपालपात्रस्य पुत्री। जयराजदेवस्य पत्नी कर्णाटवंशज श्रीरुद्र मल्लदेव नामः तस्य पुत्र श्री तस्मिन्मय (समये) उभयराज कुल एकत्व खपाठ १४ पृ.

७६. ५१ खपत्र,

७७. उही,

७८. ५२ कपत्र,

७९. करदीकृतकोंकणकर्ण्णाटलाटमुरलकेरलडहालांगवंगकालिंगमिथिलामालवनेपालगुर्जरजालंधरांध्रप्रमुखमेदिनीनाथसेव्यमानास्थानीनिकेतनाजिरे, श्रीमति सेंजापुरे। हि. संस्कृति १ अं. ३५ पृ.

८०. इतिहास प्रकाश १। ११३ –१४ पृ.

८१. इतिहास प्रवेश २४० पृ.

८२. उही, २४४ पृ.

८३. तदनन्तरे पूर्व सुरतानसमसदिनमागत्य नेपाल श्रीपशुपति त्रिखंडीकृता नेपालस्मस्त भस्मीभवान्॥ हाहा भवन्ति लोकश्च। सम्वत् ४७ मार्गशिर शुदि ९ महाकष्ट भवामि भक्तापुरे। २८ खपत्र,

८४. सप्तत्याभ्यधिके श्रीमन्नेपालाब्दचतुष्टये।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे॥
सुरत्राणसमस्दिनो बङ्गालबहुलैर्ब्बलै:।
सहागत्य च नेपालो भग्नो दग्धश्च सर्ब्वशः॥
विहार रिसर्च सोसाइटी जर्नल २२ सं. ८१-९५ पृ.
संस्कृत-सन्देश - १ व. १०-१२ अं. १३। १७ पृ.

(भोलानाथ, धनबज्र र ज्ञानमणि मिलेर संशोधन गरी छपाएको यस अभिलेखलाई भूलले पेटेकले नरहरिनाथले छपाएको भनी लेखेका छन्।)

८५. नेपाल सर्ब्वनगरं भश्मीक(रो)ति
पाटन पिंबहालको अभिलेख, संस्कृतसन्देश ११०-१२ संयुक्ताङ्क

८६. सं ४७० मार्गशिर शुदि ९ स्मसदिन सुरतानलिं वस्य समस्त डाहरपा दिन ७ माक्व। ५२ कपत्र,

८७. आचार्यले चाहिँ राजहर्ष भल्लोक आदि केही पात्रले यस आक्रमणमा मुकाविला गर्न अघि सरेको कुरा लेखेका छन् । (नेपालमा भएको मुसलमानी आक्रमण, पूर्णिमा २७, पृ. १४५-१६३ पृ. द्रष्टव्य ।) तर भल्लोकले जिते भनेका शत्रु को हुन्, नाम दिइएको पनि छैन, यो धेरै वर्ष पछिको कुरा हो ।

८८. धनवज्रले चाँगुनारायणको स्थान पनि आक्रमणकारीको हमलाबाट बचेन भनी त्यहाँको गरुडस्तम्भ मुसलमानकै हतियारको प्रहारले टुक्रिएको भन्ने तर्क पेश गरेका छन् ।

(समशुद्दीनको आक्रमण, पूर्णिमा ८ पृ. ९-१३ पृ)

परन्तु घनमार्तौलले हिर्काउँदा ढुंगाको स्तम्भ फुटेर टुक्राटुक्रा हुने, बीचमा पटक्क भाँचिएर नलड्ने हुँदा सो तर्क सही भन्न सकिँदैन । स्तम्भ तोडेको भए गरुडको सुन्दरमूर्ति पनि तोडेको हुनुपर्थ्यो । त्यो पनि छैन, त्यस कारण भूकम्पजस्तो प्राकृतिक प्रकोपबाट यो स्तम्भ टुटेको हुनुपर्छ ।

८९. चाँगु. ऐ.सामग्री-द्रष्टव्य,

९०. पुरानो वृत्तान्त ५४ कपत्र

९१. सिम्भूको अभिलेख, संस्कृत सन्देश, १ वर्ष १०-१२ संयुक्ताङ्क

९२. पाटन पिंवहालको अभिलेख, संस्कृत सन्देश १ वर्ष १०-१२ संयुक्ताङ्क

९३. पशुपतिको अभिलेख, संस्कृत-सन्देश १ वर्ष १०-१२ संयुक्ताङ्क ४६-४७ पृ.

तल परिशिष्ट पनि द्रष्टव्य

९४. तिरस्कानां परिष्वङ्गादतिव्यथितमानसः ।
प्रतिष्ठामकरोद् भूपः स्तूपे बज्रगुरोः पुनः ॥ संस्कृत-सन्देश, २ वर्ष ४-६ अङ्क ।

९५. उही, १ वर्ष, १०-१२ अङ्क

९६. नेपालको किताव हेर्दा तुर्काना मग्रात मुग्लान हुँन्या रहेछ र तुर्काना अघि भै गएछ मग्रातको राजा मै हुँ, दिव्य उपदेशबाट

९७. ५२ पत्र,

९८. उही

९९. ५३ पत्र,

१००. संवत् ४७३ आश्विनशुक्लत्रयोदशश्यां तिथौं भारगवदिने श्रीश्रीराजाधिराज परमेश्वर परमभट्टारक राजाभिधानवति श्रीश्रीदेवलदेव्या विजयराज्ये श्रीश्रीभवभूतेश्वर शैवाचार्य श्रीनरेन्द्रपाल जीवेन लिखापितं ।

नित्यान्हिकतिलक, रा. अभि. १.१३६१ पूर्णिमा ७ पृ. २० पृ.

१०१. ५३ खपत्र,

१०२. श्रीमानरीन् जयति नित्यमनेकराममन्त्रावलम्बिजयराजनराधिराजः ।

नेपालचक्रविलसज्जयसिंहराम - षाड्गुण्यवर्त्ति-युवराजजयार्जुनश्च ॥

पूर्णिमा ७ पू. २२-२३ पृ.

१०३. ५४ कपत्र,

१०४ कालेन कियता धीमान् स राजा त्रिदिवं गतः ।

एवं यवनदग्धस्तु सस्तूपोऽपि तथास्थित : ॥

सिम्भूको अभिलेख, संस्कृत सन्देश १ वर्ष १०-१२ संयुक्ताङ्क १४ पृ

१०५. क) रुद्रयामल षष्ठीविद्याप्रशंसा, रा. अभि. ३, ३६१, ५

शास्त्रीक्याटलग् २ भा. २४ पृ.

ख) वामकेश्वरीतन्त्रे त्रिपुराहोमविधि, रा. अभि. १, १५५९, ६

शास्त्रीक्याटलग् १ भाग ७१ पृ.

ग) चान्द्रव्याकरण, एशियाटिक सोसाइटी बङ्गाल ३८२३

शास्त्रीक्याटलग् ४ भाग ११५ पृ.

घ) बृहज्जातक, ४९, १ सं. शास्त्रीक्याटलग् २ भाग १०५ पृ.

ङ) कारण्डव्यूह, पूर्णिमा ६९ पू. ४१ पृ.

च) रत्नकरण्डिका (स्मृतिसमुच्चय) रा. अभि. ३, ३७९

शास्त्रीक्याटलग् २ भा. ६८ पृ.

छ) आर्यामोघपाशसूत्र, केशरपुस्तकालय १३६ सं., मे.हि. नेपाल १३० पृ.

ज) स्वयम्भूको अभिलेख, संस्कृत-सन्देश १० अं. पूर्णिमा ८ पू. ९ पृ.

चतुर्थ प्रकरण

२ अध्याय

मिथिलाको र सिंजाको अवस्था

राजा जयराजदेवका पालामा घटेको विध्वंसकारी मुसलमानी आक्रमणको चर्चा हामीले माथि गर्‍यौं। यो आक्रमण मध्यकालमा भएका सम्पूर्ण आक्रमणभन्दा वेग्लै किसिमको विनाशकारी थियो भने यसको लक्ष्य नेपालको विजयमा मात्र सीमित नभएर यहाँका सम्पूर्ण हिन्दुदेवताका मन्दिर मूर्ति स्तूप चैत्य तोड्नु, फोर्नु, पोल्नु पनि थियो। मध्यकालको इतिहासमा यो जति भयावह भए पनि विदेशी आक्रमणमा अन्तिम थियो, यसपछि करीव पौने दुई शय वर्षसम्म नेपालदूनले वाहिरवाट भएको हमलाको मार खेप्नु पनि परेन। यसपछि क्रमशः भारतमा मुसलमान अथवा मुगलहरूको प्रभुत्वले ढाकेको भए पनि हिमालयको काखमा रहेको गिरिदुर्ग वनदुर्गको रूपमा सुरक्षित नेपाल मुसलमानी शासकको आँखाको ओझेलमै परेर बच्यो, गिरिदुर्गम भएकैले नेपालमा यी विदेशी शासक्ले शासन गर्ने साहस देखाएनन्।

पश्चिम नेपालको सिंजाराज्य पनि पृथ्वी मल्लपछि कमजोर हुँदै आयो र धेरै रियासतमा विभाजित भएर बाईशी राज्यको रूपमा परिणत भयो। यसले गर्दा त्यतातिरको भय पनि नेपालदूनमा हुन छाडेको थियो।

दक्षिणमा सिम्रौनगढ ध्वस्त भएपछि हरसिंहदेवका ब्राह्मण मन्त्री चण्डेश्वर ठक्कुरले बचेखुचेको त्यस राज्यको वागडोर सम्हालिरहेका थिए।

हरसिंहदेवको मृत्युको करीव ३० वर्षपछि कामेश्वर ठक्कुरका हातमा मिथिलाको शासनाधिकार आयो। यिनी ब्राह्मणकुलका थिए। यिनको वंश ओइनवार वा सुगौनाका नामले प्रख्यात थियो।[1] मिथिलामा ओइनवार ब्राह्मणवंशको शासन करीब पौने दुई शय वर्षसम्म रह्यो। कामेश्वरपछि भोगेश्वर ठक्कुर यहाँका राजा भए। यही वंशमा शिवसिंह नामका धेरै नामी विद्वान् राजा भए। मुसलमानको मारले गर्दा शिवसिंहकी रानी लखिमा देवी कविकोकिल विद्यापति पनि भागेर नेपाल तराईमा महोत्तरीमा आएर बसेका थिए । रानी

लख्खिमादेवी पनि पढेलेखेकी विदुषी थिइन्। उनैका आश्रयमा रहेर विद्यापतिले आफ्नो विद्यासाधना गरेका थिए।[२] वाचस्पति मिश्रजस्ता विद्वान् पनि यही कालमा भएका थिए। भारतमा मुसलमानको चकचकी चलेको वेला यो सानो ब्राह्मणराज्य नेपालतराईको मिथिलाप्रदेशमा विद्या र विद्वान्हरूको आश्रय दिने भएर बाँचिरहेको थियो। यसैले नेपालको केन्द्रको राजशक्तिलाई कुनै लक्काधक्का दिन आएन, दिन सक्ने स्थितिमा पनि थिएन। निकै वर्षपछि यक्ष मल्लका पालामा दक्षिण लोहावर चम्पारणतिरबाट नेपालदूनमा भएको कोकीहरूको आक्रमण चाहिँ एक मात्र त्यस वेलाको बाहिरी आक्रमण थियो, त्यो चाहिँ यहाँ उल्लेखनीय छ।

जयस्थिति मल्लको उदय

राजदेवकै पालामा नेपालमा एक वीर पुरुषको उदय भयो। यिनले नेपालका ठाउँठाउँमा जरो गाडेर बसेका सामन्त राजाको शक्तिलाई तोडेर नेपालराज्यलाई बलियो बनाई आफ्ना वंशजकै अधीनमा ल्याए। एकीकरणको कार्यमा लागेका पृथ्वीनारायण शाहले विजय नगरुन्जेल नेपालदूनका तीनवटै राज्यमा उनैका वंशजहरूको हैकम चलिरहेको थियो। अब तिनै उदीयमान नयाँ राजा जयस्थिति मल्लका बारेमा यस अध्यायमा चर्चा गर्नुपरेको छ।

राजल्लदेवीसँग विवाह,

ने.सं. ४७४ (वि.सं. १४११) मा जगत्सिंहपट्टिकी नायक्देवीकी छोरी राजल्लदेवी आठ वर्ष लागेकी थिइन्। अरू दाजुभाइ नभएकी एक मात्र छोरी राजल्लदेवी आमाजस्तै गद्दीको हक्दार पनि भइन्। यस कारण यिनको विवाहका लागि एक योग्य वर डोला खोजेर ल्याउनु आवश्यक पऱ्यो। राजकुमारको लागि त देश भित्रबाट वा बाहिरबाट योग्य कन्या खोजेर ल्याउने चलन त सनातन चलिआएकै हो, तर गद्दीका हक्दार राजकुमार नहुँदा सिंहासनकी अधिकारिणी राजल्लदेवीका लागि वर खोजेर डोला ल्याई घरजुवाइँ पाल्नुपर्ने बाध्यता पनि थियो। नायक्देवीको पनि यस्तै अवस्था परेकोले काशीश्वरका वंशज हरिश्चन्द्रलाई डोला ल्याई विवाह गराइएको थियो। त्यस वेलाको चलन-अनुसार आठ वर्ष पुगेकी कन्याको विवाह गरिहाल्नु आवश्यक थियो।

महारानी देवलदेवीले नातिनीको विवाहको लागि तजबिज मिलाउन थालिन्। उपयुक्त वरको खोजतलास गर्नको लागि मानिसहरू खटाइन्। वि.सं. १४११ आश्विनमा दक्षिणबाट डोला खोजी कुमार जयस्थिति मल्ल वरको रूपमा ल्याइए र भक्तपुरको त्यंखोमा राखिए। यसको पाँच महीनापछि माघमा ८ वर्ष टेकेकी कुमारी राजल्लदेवीका साथमा ९ वर्षका

कुमार जयस्थिति मल्लको विवाह भयो।[३] अब राजल्लदेवीका पतिका नाताले भक्तपुरको युथुनिमंदरबारको उपराजको गद्दीको हैकम चलाउनमा जयस्थिति मल्लको हात पऱ्यो। तर उनी सानै छउन्जेल पहिले झैं महारानी देवलदेवीले महामात्यका मद्दतले राजकाज चलाइरहिन्।

जयस्थिति मल्लको वंश ?

जयस्थिति मल्ल नेपालको इतिहासमा जति प्रसिद्ध भए, तिनी कुन वंशका थिए भन्ने प्रश्नलाई लिएर इतिहासकारमा त्यतिनै खुलदुली चलेको छ। उनका तात्कालिक लेख अभिलेखमा न उनले आफैंले आफ्नो कुल वा बाबुको नाम लेखे, न अरूले नै त्यस्तो परिचय दिए। केवल रघुवंशी वा सूर्यकुलमा जन्मेको भन्ने मात्र उल्लेख पाइन्छ। जयस्थिति मल्लकै समयमा पूर्ववृत्तान्त लेख्नेले यिनलाई ब्रह्माजीको वरप्रसाद पाएर अष्टलोकपालका अवतार भएका भनी एक ठाउँमा र अर्को ठाउँमा रामावतार (रामकै अवतार) भनेर लेखेका छन्।[४] स्वयम्भूको शिलालेखमा काठमाडौंका महापात्र राजहर्षले जयार्जुनदेवलाई इन्द्र र जयस्थिति मल्ललाई उपेन्द्र (विष्णु) भनेर राजा उपराजको रूपमा वर्णन गरेका छन्। स्थिति मल्लको वंशबारेमा चाहिँ क्षत्रिरत्नाकरेन्दु (क्षत्रीरूपी सागरमा चन्द्रमा जस्ता) भनेर वीरनारायण पदवी दिएका छन्।[५] स्थिति मल्लले आफैंले चाहिँ पशुपतिको चरणकमलको धूलोले शिर पवित्र पारेका, मानेश्वरीका वरप्रसादले पाएको खड्गले अरू राजालाई वश पारेका, स्वप्रक्रिया आदि विरुदावलीले सुहाएका, रघुकुलमा जन्मेका भनी लेखेका छन्।[६] उनका समयका हस्तलिखित ग्रन्थमा पनि “रघुवंशचक्रचूडामणि” राजल्लदेवीरमण पट्टबन्धराजा आदि लेखिएको छ।[७] उनका छोरा ज्योतिर्मल्लले “श्रीसूर्यवंशप्रभवः, प्रतापी, श्रीपट्टवन्तः स्थितिमल्लदेवः राजल्लदेव्याः पतिः” भनेर बाबुको बयान गरेका छन्।[८] यक्ष मल्लले पनि धेरै लामा प्रशस्ति लेखाए तापनि आफूलाई सूर्यवंशी राजा मात्र भनेका छन्। अरू वास्तव कुल खुलाएका छैनन्।

वास्तवमा जयस्थिति मल्लले आफ्नो बाबुको उत्तराधिकारबाट राजगद्दी पाएका होइनन्, पहिले-पहिले राजल्लदेवीका पतिका नाताले उपराजको हालहुकुम हात लाएका र पछि आफ्नै पुरुषार्थले नेपालराज्यको सर्वेसर्वा भई महाराजाधिराज बन्न पुगेका हुनाले उनले र उनका छोरा नातिले आमापट्टिको लामो वंशावली दिई बाबुपट्टि पुरानो रघुवंशको मात्र उल्लेख गरी आमापट्टिबाट राजगद्दी प्राप्त हुन आएकोले त्यतैतिर बढी जोड दिएर स्थिति मल्लका बाबुबाजेको नामोल्लेख चाहिँ नगरेको बुझिन्छ। उनका बाबु त्यति ठूला राजा महाराज पनि

त थिएनन् भन्ने कुरा पनि यसबाट प्रकट हुन आउँछ। अब जयस्थिति मल्ल कुन वंशका थिए वा कसका छोरा थिए भन्ने सम्बन्धमा यसपछिका लेखका आधारमा निकै चर्को वादविवाद चलेको छ[९]। तिनको पनि यहाँ संक्षेपमा चर्चा गर्नु आवश्यक ठान्दछु।

परम्परागत मत

सबभन्दा पहिले स्थिति मल्लका वंशजहरूकै भनाइको उल्लेख गर्नु उचित छ। स्थिति मल्ल, ज्योतिर्मल्ल, यक्ष मल्ल ३ पुस्तासम्म नेपाल अविभाजित रह्यो। यक्ष मल्लका छोराले राज्यको अंशबण्डा गरेर भोगचलन गरे। पहिले भक्तपुर कान्तिपुरमा स्थिति मल्लका वंशजको शासन थियो, पछि पाटनमा पनि यिनैका वंशजको शासन चल्यो। तीनै शहरका राजाले आफ्नो वंश परिचय दिएका छन्। कान्तिपुरका कवि राजा प्रताप मल्लले आफूलाई सूर्यवंशी क्षत्रिय भन्दै रामचन्द्रदेखि आफ्नो वंश वर्णन गरेका छन्। उनले नान्यदेव र उनका वंशमा जन्मेका हरसिंहदेवलाई ठूलो महत्त्व दिएर वर्णन गरेका छन्।[१०] हरसिंहदेव कर्णाटक राजवंशमा जन्मेका नीतिले मिथिलापुरीको शासन चलाउने हात्तीपाला ठूला राजा थिए, त्यहाँ यवनले आक्रमण गर्दा पाहाड पसी पनौतीतिरबाट नेपाल आएर भक्तपुरमा राजधानी कायम गरेर बसे, उनैको ठूलो कुलमा यक्ष मल्ल जन्मे भनेर लेखे।[११]

प्रताप मल्लले स्थिति मल्लको नामै उल्लेख गरेनन्। पाटनका राजा सिद्धिनरसिंह मल्लले पनि हरसिंहदेवको बयान गरिसकेपछि एकैचोटि महीन्द्र मल्लमा ल्याएर वर्णन शुरू गरेका छन्।[१२] यसभन्दा पहिलेका भक्तपुरका राजा जगज्ज्योतिर्मल्लले त प्राचीन कालदेखिका नेपालमा भएका राजाहरूको नामावली दिएका छन्। तिनमा पुराना राजाहरूको उल्लेख गर्दै आएर जयरुद्र मल्लमा टुंग्याएर उता नान्यदेवदेखि वंशवर्णन शुरू गरेर नान्यदेव, गाङ्गदेव, नरसिंहदेव, रामसिंह, भवसिंह, कर्मसिंह, हरसिंहदेव, वल्लालसिंह, देव मल्ल, नाग मल्ल, अशोक मल्ल, स्थिति मल्लसम्म ल्याएका छन्।[१३] वंशावलीको चपाठको पुस्तकमा पनि स्थिति मल्लको पुर्ख्यौली करीब यस्तै दिइएको छ।[१४] यहाँनिर एउटा आश्चर्य लाग्ने कुरा के छ भने आफ्नो पुर्ख्यौली लेख्ने जगज्जोतिर्मल्ल र प्रताप मल्लले पनि स्थिति मल्लपछि यक्ष मल्लको नाम दिएर बीचमा ज्योतिर्मल्लको नाम छुटाएका छन्।

पुराना वृत्तान्तका क बाहेकका ख ग घ पाठका अन्त्यमा रुद्र मल्लसम्मका राजाको नाम र समशुद्दीनको आक्रमण लेखेर 'अथ वंशावलीर्लिख्यते' भनी संस्कृतमा सात श्लोक दिइएका छन्। तिनमा १ मा नान्यदेवको गृहवास्तु, २ मा नान्यदेवदेखि हरसिंहसम्मको वंश, ३ मा हरसिंहदेवको पाहाडप्रवेश, ४ मा हरसिंहदेखि अशोक मल्लसम्मको वंशवर्णन, ५ मा जयस्थिति मल्ल, यक्ष मल्ल, राय मल्लको उल्लेख, ६ मा भुवन मल्लदेखि त्रैलोक्यमल्ल

सम्मको बयान र ७ मा जगज्ज्योतिर्मल्लको बयान छ। यस वर्णनमा पनि जयज्योतिर्मल्लको नाम छुटेको छ।[१५] यसबाट उपर्युक्त राजाहरूको र भाषावंशावलीकारको आधार उक्त संस्कृत श्लोक नै हुन् भन्ने कुरा स्पष्ट देखिन्छ।

उपर्युक्त वंशावलीका श्लोक जुन वेला कथिए, त्यस वेला यस मल्लवंशलाई नाउँ चलेको सुनेजानेको हरसिंहदेवको वंशसँग जोड्ने कुलीनताको लोभ र इतिहासको अज्ञानले गर्दा भारी भूल हुन गएको छ। प्रथमतः हरसिंहदेव र स्थिति मल्लको बीचमा थोरै वर्षको अन्तर छ। अर्थात् हरसिंहदेव राज्यभ्रष्ट भएर पाहाडतिर पसेपछि वि.सं. १३८२ माघमा परलोकवासी भएका र वि. सं. १४११ मा जयस्थिति मल्लसँग राजल्लदेवीको विवाह भएको कुरा हामीले माथि वर्णन गरिसक्यौं, दोस्रो राजल्लदेवी हरसिंहदेव र देवलदेवकी नातिनी राजकुमार जगत्सिंहकी छोरी भएकीले स्थिति मल्ल हरसिंहकै वंशज भएका भए यिनको बिहा नितान्त हुन नसक्ने असम्भवै थियो। त्यस कारण पछिल्ला मल्लराजाहरूको कुलीन हुने भूतसवार र इतिहासको अज्ञानले गर्दा मध्यकालको इतिहासमा यो ठूलो भ्रान्ति फैलिएर आयो।

अर्काथरी भाषापाठमा हरसिंहदेवको वंशवृक्षलाई अझ बढाएर स्थिति मल्ललाई उनका छोरीपट्टिका सन्तान सिद्ध गरिएको छ।[१६] सो पाठअनुसार हरसिंहपछि क्रमैले मतिसिंह, शक्तिसिंह र श्यामसिंह भए। यिनकी छोरी मात्र थिइन्। यिनले अघि नान्यदेव राजाले भगाएका मल्लवंशी राजाका सन्तान जयभद्रलाई तेह्रौतबाट ल्याएर कन्यादान दिए, यी पछि नाग मल्ल, जगत् मल्ल, नागेन्द्र मल्ल, उग्र मल्ल अशोक मल्ल, क्रमैले भए।[१७] "अशोक मल्लका औरसपुत्र जयस्थिति मल्ल थिए, नेवारनीका अरू छोरा भएकाले उनीहरूले ज्योतिषीलाई घुस खुवाई हात लिई राजतिलक दिने साइत छैन भनाई आफैं रजाइँ गरिरहेका थिए; बूढापाकाहरू मिलेर राजकुमार खोज्दै जाँदा बनेपुर (बनेपा) को[१८] एउटा पसलमा बसेर दहीच्यूरा खान लागेका बालकलाई भेटी चिनी ल्याएर टीका दिए, यस वेला बालकको उमेर ९ वर्षको मात्र थियो, प्रजाहरूको भलाइका लागि यिनले अनेक स्थिति बाँधिदिए, दुनियाँका घरवारी खेत किन्न वेच्न पाउने गरे, शारीरिक दण्ड दिने प्रथा हटाएर रूपैयाँ दण्ड लिने चलनचाँजो बाँधे" आदि कुरा पनि ती भाषापाठमा उल्लिखित छ। परन्तु हरसिंह र स्थिति मल्लको बीचमा २९ वर्षको अन्तरमा माथि उल्लिखित वंशवृक्ष नअट्ने कुरा पहिल्यै भनियो भने झन् बढी पुस्ता अट्ने त कुरै भएन। यी पनि यी मल्लराजा हरसिंहका छोरीपट्टिका सन्तान हुन् र स्थिति मल्ललाई डोला खोजी ल्याएको थियो भन्नेसम्म सही अनुश्रुतिका भरमा कथेको बढी कत्थक बुझिन्छ। यहाँनिर एउटा कुरा चाहिँ गौड गर्नुपर्ने देखिन्छ। सो के भने स्थिति मल्लका सन्तानले सिंहासनको वैध

अधिकार आमापट्टिबाटै प्राप्त गरेको हुनाले मातृवंश अर्थात् हरसिंहदेवको कुल पुर्खाका वर्णन बढाइ-चढाइ गरेका हुन् भन्ने कुरा चाहिँ साच्चै हो, पितृकुलपट्टिको नामावली पनि यसैमा मिलान गरेर लेखेको पनि हुन सक्छ ।

आधुनिक मतको समीक्षा

यसरी पुराना लेख अभिलेख अनुश्रुति उपाख्यानबाट स्थिति मल्लको वंश पत्ता लाउन गाह्रो छ ।[१९] यसैले यसबारेमा आधुनिक इतिहासकारहरूले विभिन्न कल्पना गरेका छन्, कसैले यिनलाई वंशावलीवर्णित पुराना मल्लवंशसँग जोड्ने प्रयास गरेका छन्,[२०] भने कोही यिनलाई पश्चिम नेपाल खशानका मल्लराजाका वंशज हुन् भन्ने कल्पना गर्न पनि अघि सरेका छन् ।[२१] अरू कसैले त यिनलाई जगत्सिंह र नायकदेवीका छोरा (रुद्र मल्लका दौहित्र) भन्नेसम्म आँट गरेका छन् ।[२२]

परन्तु ऐतिहासिक तथ्यतिर ध्यान दिंदा रुद्र मल्लका नातिनी (छोरीकी छोरी) राजल्लदेवीका पति हुने स्थिति मल्ल उनैका दौहित्र हुन् भन्ने कल्पनै गर्न नहुने कुरा हो । पश्चिमा खशान मल्लका वंशज हुन् भन्ने कुरा पनि कुनै तर्कसंगत छैन । तात्कालिक लेखमा अर्थात् स्थिति मल्लकै पालामा लेखिएको वृत्तान्तमा उनलाई मधेश तराई (कोने-दक्षिण) बाट ल्याएर विहा गरेको भन्ने स्पष्ट लेखिएकोले र उनको पालादेखि सिम्रौनगढका दरबारकी देवी तलेजु र तेह्रौतेले मानिएकी दोयमाजुदेवी इष्टदेवीका रूपमा पुजिएका देखिनाले पनि उनी न यहाँ दूनभित्रका स्थानीय मल्ल थिए न कि पशिचम खशानका मल्ल ।

जयत मुलमी पछि गएर स्थिति मल्लका प्रमुख सल्लाहकार महामात्य भएका थिए, यिनी वि.सं. १४०६ मै नेपालदरबारमा भारदारको रूपमा देखिइसकेका हुन्, यिनलाई पशिचमका अभय मल्लका वि.सं. १४३४ तिरका ताम्रपत्रमा साछी बस्ने जयत वर्मासँग सामन्जस्य गर्न खोज्नु झन् उपहासास्पद कुरा हुन आउँछ ।

यता पछिल्ला मल्लराजाहरूले आफूलाई हरसिंहका वंशज सिद्ध गर्न बनाएको वंशावलीमा धेरै नमिल्दा कुरा र त्रुटिहरू पर्न आएका छन् । प्रथम त हरसिंहदेखि छैठौं पुस्तामा स्थिति मल्ललाई पार्नु अमिल्दो छ । दोस्रो मल्लराजाहरूले आफूलाई सूर्यवंशी अर्थात् रघुवंशी नै भनेका छन् । मल्लराजाहरूका झण्डामा हनूमान् अंकित थिए, यिनको हनूमद्ध्वज नै राष्ट्रिय ध्वजा थियो । परन्तु हरसिंहदेवका पूर्खा चन्द्रवंशी थिए र गरुड अंकित झण्डा फरफराउँथे, विष्णुभक्त वैष्णव थिए ।[२३] साधारणत: चन्द्रवंशी राजाहरू विष्णुभक्त र गरुडध्वज लिने गर्दथे भने सूर्यवंशी रामभक्त भएर हनूमद्ध्वज धारण गर्दथे । कर्णाटका चालुक्य राजा सूर्यवंशी थिए; कर्णाटी नै भए पनि महासामन्त नान्यदेव सूर्यवंशका नभएर चन्द्रवंशी थिए ।

यो रहस्य नबुझी पछिल्ला मल्लराजाहरूले वंशावलीको कथन-अनुरूप आफूलाई कर्णाटक हरसिंहदेवका वंशज पनि भन्दै रघुवंशी वा सूर्यवंशी पनि भन्दै परस्परविरोधी कुरा कथे ।

"स्थिति मल्ल साना कुलका साधारण क्षत्री थिए, जगत्सिंह कुमारकी संगृहीता पत्नीबाट जन्मेकी छोरी बिहे गर्न अरू ठूला राजघरानाका कुलीन राजकुमार अघि सर्दैनथे, यसैले पश्चिमका खशक्षत्रियले उनलाई बिहे गर्नु सम्भव छ" भन्ने तर्क पनि उठेको छ । वास्तवमा जगत्सिंह कुमार जति कुलीन उच्चघरानाका राजकुमार त्यस वेला अरू को थिए, उनैले किन हरिश्चन्द्रकी विधवा रानी बेहोरे ? राजल्लदेवी उपराजको गद्दीको अधिकारिणी थिइन्, उनलाई पाउन जोसुकै कुलीन कुमार लालयितै हुन्थे । पश्चिम खशानका मल्ल पनि आफूलाई नीच क्षत्रिय ठान्दैनथे, मनुस्मृतिकै उक्ति अनुसार हेर्ने हो भने पनि खशमात्रै के, नेपालका लिच्छवि मल्ल पनि व्रात्य क्षत्रीमा गणना गरिएका थिए ।

महारानी देवलदेवीले गद्दीको हक्दार आफ्नी नातिनीको लागि भावी राजा हुन र राजसिंहासनमा बस्न सुहाउने राजकाज चलाउन सक्ने उच्चकुलीन राजघरानाकै कुमार खोजेर ल्याएकी थिइन् । यसमा कुनै सन्देह छैन ।

वंशावलीको संस्कृत पद्यमा हरसिंहका सन्तान नभनी वा उनसँग नजोडी स्थिति मल्लको मात्र वंशवृक्ष लेखिदिएको भए हामीलाई विचार गर्न सजिलो पर्ने थियो । सुनेकै भरमा कलम चलाउँदा वास्तवमा कुरा डोठ्याङ पर्नु स्वाभाविकै हो, तै पनि जयस्थिति मल्लहरूलाई हरसिंहकी छोरीपट्टिका सन्तानमा दर्ता गर्नु स्थिति मल्ललाई बनेपा वा पनौतीबाट खोजेर ल्याएको भन्नुमा चाहिँ अलिअलि अनुश्रुतिको केही अंश मिलेको जस्तो भएको र यसैका भरमा कलम चलाउँदा अरू कुरा रड्केको स्पष्ट प्रतीत हुन्छ ।

संभावित तर्क

चालुक्यवंशी राजाहरूले उत्तरभारत तिरहुत विजय गरेर त्यहाँ शासन गर्न आफ्ना छोरा भतिजा नियुक्त गरेकोमा पछि महासामन्त वीर सेनानायक नान्यदेव स्वतन्त्र भएर राजकुमारलाई लाखापाखा पारेको, तिनीहरू नेपालको पूर्वी पाहाड तराईतिर पसेको भिठदरभंगामा मल्लदेव अंकित अभिलेख पाइएको आदि कुरा हामीले माथि उल्लेख गरिसक्यौं। मल्लपदलाई उपाधि राख्न औधी मन पराउने कल्याणीका चालुक्य राजकुमार मिथिलामा रहेका र तिनैमध्ये एक शाखाका स्थिति मल्ल हुन् भन्ने मैले ठहराएको छु । हरसिंहसँग स्थिति मल्लको वंश नजोडेको खण्डमा संस्कृतपद्यको पुर्ख्यौली यिनको भन्दा आपत्ति हुन आउँदैन,

किनभने चालुक्यहरू पनि आफूलाई रघुवंशी भन्थे, स्थिति मल्ल पनि त्यसै भन्छन्। 'स्वप्रक्रियासमलंकृत:'.... 'श्रीश्रीपशुपतिपादपंकेरुहमधुलिट्'.... लब्धकृपाणशासितान्यमहीपाल' भन्ने पदवी जयस्थिति मल्लको छ[२४] भने 'समस्तराजावलीसमलंकृत परमेश्वर परमभट्टारक श्रीउमापतिवरलब्धप्रौढप्रताप नि:शङ्कमल्लारिराजहृदयशल्य श्रीचालुक्य - चक्रवर्तीमहाराजाधिराज[२५]' भन्ने विरुदावली यिनको पाइन्छ। मानव्यक्षत्री चालुक्यहरू कौशिकीबाट वर पाएका सप्तमातृकालाई मान्ने थिए,[२६] हाम्रा स्थिति मल्लहरू मानेश्वरीलाई मान्दथे। सबैभन्दा यी दुई राजवंशका सादृश्य देखाउने चाखलाग्दो मुख्य कुरा के देखिएको छ भने कल्याणीका चालुक्य राजाहरूको गोत्र मानव वा मानव्य थियो भने हाम्रा स्थिति मल्लका वंशजहरूको गोत्र पनि त्यही थियो।[२७] अर्को यस्तै कुरा के छ भने चालुक्यहरू पनि पहिले आफ्नो पूर्खाहरूले उन्नान्साठी पुस्ता अयोध्यापुरीमा राज्य गरी त्यसपछि दक्षिणापथमा प्रवेश गरेर सोह्र पुस्ता राज्य गर्दछन् भन्ने कुरा कहिएको छ[२८] भने स्थिति मल्लका वंशजहरू पनि यही कुरा भन्छन्। वंशावलीमा नान्यदेव हरसिंहदेवसँग वंशक्रम जोडेर त्यसो लेखेको भए पनि यिनको मनोभाव तिनै सूर्यवंशी चालुक्य विक्रमादित्य आदि ठूला राजासित सम्बन्ध जोड्नमै गएको थियो, हरसिंह नान्यदेवका पूर्खा नै कर्णाटका प्रसिद्ध राजा भएका थिए भन्ने कुरा यिनले संझेका थिए। हरसिंहदेवहरू त पछि राजकाज पाएका चन्द्रवंशी महासामन्त नान्यदेवका सन्तान हुन् भन्ने यथार्थ इतिहास चाल पाएका भए जगज्ज्योतिर्मल्ल, प्रताप मल्लहरू र उनका वंशवृक्ष लेख्नेहरू पनि किमार्थ हरसिंहदेवसँग पुर्ख्यौली जोड्न लाने थिएनन्।

यसपछि नेपालको इतिवृत्तमा नयाँ अध्याय शुरू भयो र हरेक कुरामा नयाँ आयाम थपियो। ऐतिहासिक दृष्टिले विचार गर्दा यहाँनिर आएर मध्यकालको इतिवृत्तको उत्तरार्ध आरम्भ हुन्छ। स्थिति मल्ल एकदम सनातन हिन्दुधर्मका पूरा समर्थक थिए। अरू धर्ममा पनि समानताको दृष्टिले हेर्थे र समान व्यवहार गर्थे, उनी विशेषत: पशुपति र मानेश्वरीदेवीलाई इष्ट मान्दथे तापनि रामका पूरा भक्त थिए। उनका पालामा रामायण नाचको बराबर अभिनय भएको थियो। उनले नेपालको खुकुलो वर्णव्यवस्था खस्किँदै गएको जातिप्रथालाई धर्मशास्त्रका आधारमा नियमित गराए। यहाँ प्रचलित कडा दण्डव्यवस्था अर्थात् शारीरिक दण्ड जरीवानालाई रूपैयाँ दण्ड गर्ने प्रक्रियामा परिणत गरेर प्रजालाई दण्डव्यवस्थामा सहुलियत दिए। अरू नेपालमा कयौं शताब्दीदेखि छ्यासमिस भएर बसेका र बाहिरबाट प्रवेश गरेका अनेकौं जातिको पनि पेशा र कर्म-अनुसार जातको वर्गीकरण गरेर एउटा नयाँ सामाजिक ढाँचा तयार पारे। यसमा उनले मैथिली कान्यकुब्जी र दक्षिणी ब्राह्मणहरूको सहयोग लिएका थिए। उनलाई चण्डेश्वर ठक्कुरका धर्मशास्त्रका ग्रन्थले पनि निकै प्रभाव

पारेको थियो। उनका मन्त्री जयतवर्माले यसै कार्यका लागि विद्वान् माणिकलाई लाएर मानवन्यायशास्त्र तयार पारेका थिए, यो ग्रन्थ नारदस्मृतिको नेवारी अनुवाद थियो। उनका पालामा अमरकोश आदि अरू संस्कृत पाठ्यग्रन्थको पनि नेवारी भाषामा अनुवाद भयो। मौलिक ग्रन्थहरू पनि धमाधम लेखिन थाले। विद्वान्को कदर हुन लाग्यो, साँच्चै स्थिति मल्लको उदयपछि नेपालको राजनैतिक आर्थिक, सामाजिक, शैक्षिक स्थितिमा पनि धेरै परिवर्तन आयो। यी सबै कारण विचार गर्दा स्थिति मल्ल नेपालको लागि एक नयाँ हावा नयाँ जोश लिएर आएका दक्षिणका सनातनी रघुवंशी उच्च क्षत्रियराजकुलका व्यक्ति थिए भन्ने कुरा बुझिन आउँछ। तर उनी न नेपालका पुराना राजघरानासँग सम्बद्ध थिए, न पश्चिमी खशानका मल्ल राजघरानासँग। उनी तराईतर्फबाट ल्याइएका र दक्षिणी मल्ल उपाधिधारी राजघरानासँग सम्बद्ध राजकुमार थिए भन्ने कुरा नै मैले ठहऱ्याएको छु।

जयार्जुनदेव

जयराजदेवपछि उनका छोरा जयार्जुनदेव १४ वर्षको उमेरमा सम्पूर्णरूपले सिंहासनमा बसे। वि.सं. १४१७ माघसम्म जयराजदेव राजा विद्यमान भएका भए तापनि यसको केही समय पहिलेदेखि नै काठमाडौं र पलाञ्चोकतिर जयार्जुनदेवले मन्त्रीका बलले राजाको मान्यता पाइसकेका थिए। वि.सं. १४१८ वैशाखमा जयार्जुनदेव राजा सिंहासनमा देखिएकाले यही ३ महीनाको बीचमा जयराजदेवको देहान्त भएको देखिन्छ र अब सबैतिर यिनकै राजत्व सिद्ध भयो। वि.सं. १४०४ वैशाखमा रुद्रम्मादेवीको गर्भबाट यिनको जन्म भएको थियो, जयार्जुनदेव जन्मेको ३ महीनापछि यिनका बाबु जयराजदेव राजा भएका थिए। जयार्जुनदेवका पालाका अभिलेखहरू १८ वटा प्राप्त भएका छन्[२९]। यिनका यी अभिलेखहरू यसभन्दा पहिलेका अरूहरूका जस्तै जनतातर्फबाट लेखिएका पुस्तकका पुष्पिकावाक्य र शिलालेखहरू छन्। यिनमा पाँचौ संख्याको ने.सं. ४८५ (वि.सं. १४२२) को गुठी राखेर गरिदिएको ताडपत्रचाहिँ स्वयं राजाबाट प्रसारित भएको नौलो खालको छ।

यी राजाहरू राजसिंहासनमा सम्मानसाथ विराजमान हुन्थे, अरू राजकाजमा यिनको जयविजय केही थिएन। सबै काम उपराजको गद्दीबाट महारानी देवलदेवी आफ्ना विश्वासिला मन्त्रीका मन्त्रणाबाट चलाउँथिन्। पहिले महामात्य अनेकराम थिए। उनी परलोक भएपछि सो काम उनैका छोरा जयसिंहरामले सम्हाले। जयसिंहराम पहिले युवराज जयार्जुनका हजुरिया पनि भएका थिए। राजघराना र मन्त्रीघराना दुबै बनेपाली परेबाट यिनको आपसमा ऐकमत्य पनि थियो। जयसिंहरामले अब जयार्जुनदेव र देवलदेवीलाई रिझाएर राम्रैसँग कामकाज चलाए।

पशुपति र स्वयम्भूको पुनःस्थापना

जयसिंहरामको सबभन्दा महत्त्वपूर्ण मुख्य कार्य पशुपतिको जीर्णोद्धार थियो। मुसलमानले तोडेपछि पशुपतिनाथको मन्दिर मूर्ति ११ वर्षसम्म त्यसै पडिरहेका थिए। महामात्य जयसिंहरामले अघि सरी पशुपतिनाथलाई पुनः पूर्ववत् प्रतिष्ठापना गरेर राजा प्रजाको मन वश गरे। वि.सं १४१७ वैशाखशुदि २ का दिन मुसलमानले भत्काएका पशुपतिनाथको जीर्णोद्धार गरी महामात्य जयसिंहरामले प्रतिष्ठा गरे। पशुपतिको जीर्णोद्धारको काम गर्दा 'गण्डगोमबंथो' डाँडाबाट ल्याएका ढुङ्गा कुँदाएर गरिएको थियो । यस धार्मिककृत्यमा महाराजाधिराज जयार्जुनदेव र महारानी शंकरदेवी पनि उपस्थित भएका थिए। राजारानीको पनि राज्याभिषेक जस्तै विधिविधान गरियो।[३०] कर्मकाण्ड गराउनेमा चाहिँ उनीहरूकै कुलगुरु राजपुरोहित पनौती बस्ने श्रीपतिआराध्य शर्माका नाति रयणपतिका छोरा थिए।[३१]

मुसलमानले तोडेको पाटन पिम्वहालको चैत्य यसको तीन वर्षअगाडि त्यहीँका विशिष्ट तीन पात्रका कुलमा जन्मेका महापात्र मेघपाल वर्मा र उनका प्रधानमन्त्री जगत्पति भएर जीर्णोद्धार गरी त्यस चैत्यको प्रतिष्ठा र चैत्यको गजुरमा छत्रारोहण गराई गूठीसमेत राखेका थिए।[३२]

वि.सं. १४२९ मा काठमाडौंका पात्रवंशी शासक राजहर्ष भल्लोकले आफ्ना दुई भाइ र भानिज फर्पिङका महाराउत जूटसिंहहरूको सहयोगले सिम्भूको स्तूपको जीर्णोद्धार प्रतिष्ठा सुवर्णछत्रारोहण आदि कर्म गरे। यस वेला राजा जयार्जुनदेव र उपराज राजल्लदेवीका पति जयस्थिति मल्लले इन्द्र उपेन्द्र समान भई शासन चलाएका थिए। यी राजा उपराजको अनुमतिमात्र लिइएको र सबै जीर्णोद्धारको खर्च राजहर्ष भल्लोककै भएको थियो।[३३]

जयस्थिति मल्लपूर्वको स्थिति

यहाँनेर विचार गरेर हेर्दा जयस्थिति मल्लको उदयपछि नेपालको राजनैतिक स्थिति बिस्तारै सुधिदै आएको देखिन्छ। विदेशीका आक्रमणले विध्वस्त बनेको शहरको पुनर्निर्माण हुँदै थियो। ढिलै भए पनि बिगारेका, डढाएका, भत्काएका धार्मिक स्थलको पनि मरम्मत-सम्भार पुनःप्रतिष्ठा भइरहेको थियो। यसमा महत्त्वपूर्ण कुरा के देखिन्छ भने यी माथि उल्लिखित तीन शहरका तीनै मन्दिर स्तूप चैत्यको जीर्णोद्धार राजा वा उपराजको तर्फबाट नभएर महामात्य महापात्रका तर्फबाट भएका थिए। गद्दीनसीन राजा रानी यस्ता प्रतिष्ठा भर्ने कार्यमा निम्ताारूका रूपमा उपस्थित थिए। राष्ट्रिय स्तरका प्राचीनतम यी उत्तम धार्मिकस्थलको

जीर्णोद्धार किन राजा उपराजबाट नभएर मन्त्री स्थानीय शासकबाट भयो ? यो निकै गौड गर्नेखालको प्रश्न छ। मध्यकालको खास गरी जयस्थिति मल्लभन्दा पहिलेको इतिहास अवलोकन गर्दा नेपालको केन्द्रको सिंहासन सबैको सम्माननीय श्रद्धेय भए पनि दण्डबल र अर्थबलमा यो त्यति सक्षम थिएन। सोझै राजदरबारबाट शासन हुने क्षेत्र गाउँ शहर थोरै थिए, विषयपति महासामन्त कोटपालहरू नै सैनिकसंघटन गर्ने कर असूल गर्ने गर्दथे र केन्द्रलाई तोकिएको रकम बुझाएर मानमनितो गरेर स्वायत्त शासन चलाउँथे। यस्तो स्थितिमा तिनीहरू वेला-वेलामा विभिन्न कारणले बिभिण्डिइरहन्थे र केन्द्रले यिनसँग सधैं सतर्कता लिनुपर्दथ्यो । यिनलाई यथास्थितिमा राख्न वा वश बनाउन सैनिककारवाही पनि गरिरहनुपर्दथ्यो। यसले गर्दा राजकोशमा धेरै धनद्रव्य जम्मा हुन पाउँदैनथ्यो, त्यति ठूलो दण्डबल पनि राजदरबारमा रहँदैनथ्यो। कोटकोटमा सैनिकबल छरिएको थियो। खुदै दरवार पनि एउटै शक्तिबाट सञ्चालित हुँदैनथ्यो। कहिले द्वैराज्यप्रथा चल्थ्यो त कहिले दुई तीन चार पाँच दाजुभाइ मिलेर राज्यसञ्चालन गर्थे, भने कहिले राजा युवराजमा कहिले राजा उपराजमा शक्ति विभाजित हुन्थ्यो। बीचबीचमा गुणकामदेव, शिवदेव, महेन्द्रदेव, आनन्ददेव, रुद्र मल्ल जस्ता प्रसिद्ध उत्साही व्यक्ति राजा युवराज उपराज देखिए पनि यिनलाई पनि देशको सुव्यवस्था गर्न र अरू धार्मिक सामाजिक कार्य गर्न धनको ज्यादै अभाव थियो। आमदानी थोरै थियो। ढुकुटीमा धन जमेर बस्न पाउँदैनथ्यो। बचेको धेरथोर धन पनि बीचबीचमा आन्तरिक संघर्ष बाहिरी विप्लवले गर्दा खाली हुन्थ्यो, अरू त के यस शताब्दीमा त पशुपतिनाथ सिम्भू जस्ता देवमन्दिरमा सञ्चित धार्मिक कोष र देवताका गहना पनि बाहिरिया विजेताहरूका हात परेर गए। यस्तो स्थितिमा राजाहरूले कुनै धार्मिक, जनताको सुविस्ता हुने कार्य गर्नुपऱ्यो भने घरैपिच्छे विशेषकर (चन्दा) उठाएर गर्नुपर्थ्यो। युवराज महेन्द्रदेवले पोखरी खनाउँदा यसै गरेका थिए। रुद्र मल्लले भक्तपुरमा पर्खाल लाउँदा श्रमदान लिएका थिए। देवलदेवी र राजदेवले पशुपतिनाथलाई अलंकार चढाउन जनताबाट चन्दा असूल गरेका थिए। यसरी राजप्रासाद सम्मान र शोभायुक्त हुँदाहुँदै पनि अर्थले चाहिँ निकै कमजोर थियो। यसैले यस कालमा राजाहरू दान-दातव्य र धार्मिक कार्य गर्न निकै असमर्थ थिए।

विदेशसँग खास गरी भोटभारतसँग व्यापार गर्ने केही व्यापारीवर्ग भने यस वेला निकै प्रभावशाली थिए। यिनीहरू वैदेशिक र स्वदेशी व्यापार चलाएर अपार धन आर्जन गर्दथे र त्यसमा केही विदेशीहरू पनि यहाँ आएर बसेर कारोबार चलाउँथे। यसैले वंशावलीले वैश्य ठकुरीको बडप्पन देखाएको छ। उसले त नुवाकोटे वैश्यठकुरीले नेपालको राजकाज चलाएको नै दावी गरेको छ। तर ऐतिहासिक तथ्यतिर दृष्टि दिँदा भोटसँग व्यापार गर्न जाने बाटाका घाटीमा पर्ने धेरै शहरमा बैश्य व्यापारीहरू निकै प्रभावशाली धनवान् भएर जमेका हामी देख्छौं। केरुङ जाने बाटामा पर्ने हुँदा नुवाकोट किल्लाको महत्त्व बढेको र यहाँ वैश्य व्यापारी

पलाएका थिए। त्यस्तै पूर्वतिर कुतीबाट व्यापार गर्ने बाटामा परेको पलाञ्चोकको महत्त्व बढेको थियो। यसले त सानो-सानो राज्यकै रूप लिएको थियो, यहाँका महामात्य पद पाएका वैश्यवंशी रामवर्द्धनपरिवारको यसै हुँदा शक्ति सम्मान बढेको थियो। त्यस्तै काठमाडौंमा विशेष गरेर वैश्यवंशकै पात्रको प्रभुत्व थियो, सतभैया खलकका पाटनका पात्र महापात्रहरू पनि वैश्यवृत्तिले अर्थात् बाहिरी भित्री व्यापारले नै बढेका थिए। राजा उपराजलाई यिनीहरू मरमद्दत गर्न सक्तथे, शक्तिशाली पनि हुन्थे। यसभन्दा अगाडि बाह्रौं शताब्दीका एकजना येथोबहालका वरपाल भारोलाई नेपालका प्रख्यात दुवै राजकुललाई धारण उद्धारण गर्न सक्ने नायक भनेर बयान गरिएको छ। अर्को ठाउँमा त्यसै ताकका जगत्पाल भारोका छोराको वर्णन गर्दा प्रख्यात महामाण्डलिक धेरै धेरै सुनका खानि भनेर तारिफ गरिएको छ। यस कारण यस कालमा नेपालमा ब्रह्मशक्ति, क्षत्रियबल कमजोर भएको थियो र वैश्यबल बढेको थियो भन्ने कुरा स्पष्ट छ। यसैले प्रख्यात पशुपतिनाथको जीर्णोद्धार पलाञ्चोकै वैश्यवंशी जयसिंहरामवर्द्धनबाट भयो, महत्त्वपूर्ण प्रसिद्ध सिम्भूस्तूपको जीर्णोद्धार काठमाडौंका पात्रवंशी राजहर्ष भल्लोकबाट र पाटनको पिम्वहालको चैत्यको जीर्णोद्धार त्यहींकै प्रसिद्ध महापात्र मेघपाल वर्माबाट हुन आयो। राजा जयार्जुनदेव, रानी शङ्करदेवी, उपराज जयस्थिति मल्ल, महारानी राजल्लदेवी यस धार्मिक कार्यमा सम्माननीय अतिथिका रूपमा उपस्थित भएका थिए।

देवलदेवीको अवसान

ने.सं. ४८६ (वि.सं. १४२३) वैशाख शुदि ७ मा ६६ वर्ष ८ महीनाको उमेरमा राजमाता महारानी देवलदेवी स्वर्गे भइन्।[३४] ४० वर्षदेखि एकटङ्कारसँग नेपालको राजकाजमा यिनको हात रहिआएको थियो। गद्दीका हकदार आफ्ना भदै, भदाहा जुवाइँ, नातिनी, नातिनीजुवाइँहरूको रेखदेख र सम्भार पनि यिनैका हातबाट हुँदै आएको थियो। महाथ अनेकराम, थयित, जयत मुलमी र जयसिंहराम जस्ता शक्तिशाली बुज्रुक भारदारलाई हात लिएर यिनले राम्रैसँग नेपालको शासन चलाएर आएकी थिइन्, अब प्रतिवर्ष जस्तै भइरहने सामन्त कोटपाल महापात्रहरूको असन्तोष असहयोगलाई यिनले धेरै कम पार्दै ल्याएकी थिइन्। यिनका पालामा धेरै तेह्रौते भारदारहरू शक्तिमा आए, धेरै विद्वान्हरूले नेपालभूमिको आश्रय पाएर विद्याको एक किसिमको ज्योति जगाए।[३५] स्थिति मल्ल जस्तो एक प्रबुद्ध राजकुमारलाई आफ्नी नातिनी राजल्लदेवीका पतिको हैसियतले शासनाधिकारमा ल्याइपुऱ्याउने श्रेयः पनि यिनैलाई छ। यी सबै कुरा विचार गर्दा महारानी देवलदेवी नेपालको इतिहासमा अत्यन्त महत्त्वपूर्ण स्थान ओगटेकी एक जमामर्द महिला थिइन्, अब उनी स्थिति मल्लका

हातमा शासन सुम्पेर नेपाललाई एक नयाँ युगमा प्रवेश गराएर यस लोकबाट बिदा भएर गइन् ।

विशेष गरेर नेपालसंवत्को यस पाँचौं शताब्दीलाई नेपालको इतिहासमा 'वीराङ्गनायुग' भनेमा अन्यथा हुने छैन । यस युगमा महत्त्वपूर्ण शक्ति ओगटेर आएको त्रिपुर राजदरबारको गद्दी नारीकै हकमा रह्यो । शक्तिशाली युवराज जयादित्यदेवको मृत्युपछि उनकी पत्नी वीरम्मादेवी चल्तापूर्जा महिला भएर निस्किन् र त्यस वेलाको वृत्तान्त टिप्नेले वीरम्मादेवीको विजयराज्य सम्म भने, त्यसपछि क्रमैले नायक्देवी, राजल्लदेवी गद्दीका हक्दार हुन आए, उनीहरू बालक हुँदा नायबको रूपमा रहेकी महारानी देवलदेवी शक्तिशालिनी हुँदै गएर 'महाराजाधिराज'सम्म कहलाएर रहिन् । उनी परलोक भएपछि वास्तवमा गद्दीनसीन राजल्लदेवी भएकी र उनका पतिको हैसियतले स्थिति मल्लले अघि बढ्ने औसर पाए । अब नेपाल स्थिति मल्लको विजयराज्यको रूपमा आयो, देवलदेवी खस्ता स्थिति मल्ल पूर्ण यौवन अवस्थामा पुगिसकेकाले आफ्नी रानी राजल्लदेवीका पतिका नाताले स्वयं शासन कार्य सञ्चालन गर्न लागे ।

यसै शताब्दीमा बितेका काकतीय वंशका लामो समय (७० वर्ष) राज्य गर्ने राजा गणपतिको चर्चा हामीले माथि गऱ्यौं । उनी परलोक भएपछि उनकी एकमात्र उत्तराधिकारिणी उनकी छोरी रुद्राम्मा देवी रुद्रदेवमहाराजको नामले बारङ्गलको गद्दीमा बसिन् र यिनले वि.सं. १३१८-१३५२ सम्म ३४ वर्ष शान्तिपूर्ण शासन चलाइन् । यसैताका हाम्रो यहाँ पनि उस्तै नामका रानीहरूको शासन चल्नु संजोगकै कुरा हो ।

राजा उपराजको मेल

भक्तपुरको त्रिपुरको राजगद्दीमा राजल्लदेवी र उनका पति बसेर शासन गर्दथे भने राजा जयार्जुनदेव बनेपा पलाञ्चोकको गद्दीमा विराजमान थिए । उनका प्रमुख सहयोगी महामात्य जयसिंहरामवर्द्धन थिए । देवलदेवी परलोक भएको दुई अढाइ वर्षपछि जयसिंहराम र जयार्जुनदेव एकमत भई त्रिपुरमा आएर प्रवेश गरे । दुवै राजा उपराज एकै शहरमा दुई दरबारमा बस्न लागेर दुवै मिलेर शासन गर्न लागे ।[३६]

वि.सं. १४२६ माघमा साँखुमा विद्रोह उठ्यो । त्यो विद्रोह दबाउन जयार्जुनदेव राजा र जयस्थिति मल्ल उपराज सँगसँगै मिलेर गएर आक्रमण गरे, गढ खोलेर भित्र पसे र सम्पूर्ण धनसम्पत्ति खोलखाल पारेर लिए । यसपछि किल्लामा आगो लाएर ध्वस्त पारे ।[३७]

वि.सं. १४२९ मा पनि दुवै राजा उपराज मिलेरै शासन चलाइरहेका थिए । सिम्भूको शिलालेखमा राजहर्षले दुवै राजा मिलेर इन्द्र उपेन्द्र जस्तै भएर काम गरेको कुरा लेखेका छन् ।

पाटनमा जयस्थिति मल्लको स्वागत

भक्तपुर त आफ्नै दरबार भइहाल्यो, जयार्जुनदेव पनि आफ्ना प्रमुख भारदारसहित भएर जयस्थिति मल्लकै शुभेच्छु भएकोले बनेपा भक्तपुर देउपाटन (काठमाडौं) त जयस्थितिलाई विना हिचकिच मान्नेमा भएका थिए। तर पाटनका महापात्र चाहिँ जयार्जुनदेवका नातेदार बूढा मावली परेको हुँदा स्थिति मल्लको छत्रछायामा बस्न हिच्किचाइरहेका थिए। जयार्जुनदेव र जयस्थिति मल्लको सौमनस्य बढेपछि उनले पनि जयस्थिति मल्ललाई नै मान्नेमा मञ्जूरी दिए। वि.सं. १४२७ वैशाखमा बुङमतीका राता मच्छेन्द्रनाथको रथजात्रा चलाउन राजाको रूपमा स्वयं जयस्थिति मल्ल पाटन गए। पाटनका महापात्रहरूले जयस्थिति मल्लको भारी सजधजका साथ स्वागतको तयारी गरेका थिए। सुनका तोरण हालेर ढोका सिंगारिएका थिए, बाटामा राता तुल कपडा बिछ्याइएको थियो, ढोका ढोकामा भरी गाग्रा राखी सत्कारको सामग्री लिएर भलाभला मानिस र भारदारहरू उपस्थित भएर सुन (असर्फी) राखेर सलाम गरे, भारदारमा मुख्य जयत मुलमी थिए।[३८] यसरी भारी स्वागतका साथ जयस्थिति मल्ललाई पाटन दरबारमा भित्र्याइयो र राता मच्छेन्द्रनाथको रथजात्रा समारोह सुसम्पन्न गराइयो। यसरी पाटनमा जयस्थिति मल्ललाई सत्कार गर्ने प्रबन्ध बाँध्नेमा प्रमुख जयत मुलमी पछि गएर उनका विश्वासिला बनेर महामात्य पनि बने। उनकै सहयोग सल्लाहले उनले स्थितिबन्देज बाँधे।

ठिमीयुद्धमा विजय र जयसिंहरामसँग सम्झौता

पाटनका महापात्रहरूले जयस्थिति मल्ललाई मान्यता दिएपछि उनको त्यहाँ प्रभाव फैलिएपछि २ वर्षकै बीचमा परिस्थितिले पल्टा खायो, जयस्थिति मल्ल र महापात्रका वीच अनमन शुरू भयो। यता जयस्थिति मल्लले स्वतन्त्र भएर बस्न खोज्ने महापात्रलाई बढ्ता दबाव दिए या उनलाई मान्यता दिने कुरामा विमति भयो, यसको परिणाम महामात्य जयसिंहराम पनि पाटनकै पक्षमा भएका हुनाले वि.सं. १४२९ वैशाख कृष्ण औंसीका दिन महामात्य जयसिंहरामलाई पक्रेर ल्याई नेल ठोकेर कैदमा राखियो। यसको एक डेढ महीनापछि अर्थात् आषाढ शुदि ९ का दिन पाटनका प्रधान पात्र र प्रजासमेत उठी त्रिपुरसँग लड्न अघि बढेर आए। भक्तपुरबाट स्वयं जयस्थिति मल्ल सैनिकसाथ अघि सरी लड्न निस्किए। यसमा राजा जयार्जुनदेव पनि मोसखोटोछेंमा आई बसेका थिए, यिनको यस युद्धमा कस्तो भूमिका थियो स्पष्ट बुझिदैन। मध्यपुर-ठिमीमा दुवैतर्फको युद्ध जोरियो, घमासानको युद्ध पर्‍यो, यस युद्धमा पाटनका पात्र र प्रधान गरी जम्मा ५३ जना खेत रहे। यति नरसंहार भएपछि पाटनको हार भयो, जयस्थिति मल्लको विजयपताका फहरायो। यस युद्धको साइत

२५ वर्ष १० महीना र अरू भाषापाठमा २२ वर्ष पनि लेखिएको छ । तात्कालिक अभिलेखमा ने.सं. ३२१ देखि ३३६ (वि.सं. १२५८-७३) जेठसम्मकामा[३६] यिनको नाम र अर्को साल जेठको अभिलेखमा यिनका छोराको नाम राजाको रूपमा देखिएको छ । कपाठको नेवारी भागमा जयसि मल (जयसिं मल्ल) यिनका बाबुको नाम लेखिएको छ, यिनको जन्म ने. सं. २७४ (वि. सं. १२१०) दिएको छ र यिनले १५ वर्ष राज्य गरे, ६२ वर्ष १० महीनामा यिनको मृत्यु भयो भनेकोले १५ वर्ष जतिको यिनको राज्यकाल प्रामाणिकरूपले प्रकट हुन्छ। कपाठको संस्कृतभागमा चाहिँ १५,१० लेख्नुपर्नेमा भूलले २५,१० भएको बुझिन्छ। अरू पाठ मिल्दाजुल्दा छैनन्। वंशावलीको उक्तिलाई चरितार्थ गर्न अरि मल्लले गुणकामदेव लक्ष्मीकामदेव विजयकामदेवको कमजोर शासनकालदेखि नै शक्ति हात लाएका थिए भन्ने अनुमान गर्न त सकिन्छ।[३७] राज्यशक्ति प्राप्त गर्न उनले संघर्ष त पक्कै गर्नुपर्‍यो होला। तर प्रमाणविना वंशावलीको अनुमानित राज्यकाल लेखाइको आधारमा फुको कल्पना गर्नु मनासिब पर्दैन ।

उक्त दोस्रो र अन्तिम अभिलेखमा अरि मल्लको राजोचित विरुदावलीमा नेपालराजाधिराजपरमेश्वर भनिएकोबाट मल्लहरू पहिले सामान्य राजा वा राजकुमारका रूपले चिनिन्थे, अहिले आएर नेपालका महाराजाधिराज घोषित भए। समस्त नेपाल उनको अधीन भएको हुनाले उनले नेपालराजाधिराज तथा नेपालेश्वर भन्ने नयाँ विरुदावली लिए। यी पशुपतिका भक्त थिए, यसैले परममाहेश्वर पशुपतिभट्टारक भन्ने विशेषण पनि यिनले लिए। शङ्कराचार्यको आगमनपछि केही राजा र आचार्यहरूको विशेषणमा परमशैव भन्ने पद देखिएको थियो,[३८] परममाहेश्वर पशुपतिभट्टारक अथवा परममाहेश्वर श्रीपशुपतिभट्टारकावधानाद् भक्तिजलप्रक्षालितान्तःकरण भन्ने विरुद लिई पशुपतिलाई इष्ट मान्ने[३९] यिनी निश्चय नै अंशुवर्मा जस्तै पशुपतिभक्त थिए। त्यति वेलादेखि नै नेपालमा शैवाचार्यहरूको पुनः महत्त्व र प्रभाव बढेको देखिन्छ।

यिनका दरबारमा देशविदेशका पण्डित विद्वान्हरूले आश्रय पाएका थिए। शैव शाक्त आदि तन्त्रको रहस्य र अनेक शास्त्र जान्ने शैवाचार्य श्रीविमलप्रबोधले यिनको राज्याभिषेक गराएका थिए।[४०] यी दण्डी स्वामी थिए। यिनले बनाएका "कालीकुलक्रमार्चन" भन्ने पुस्तक पनि नेपालमा पाइन्छ।[४१] चमत्कारपुरबाट आएका गुजराती पण्डित आचार्य हरिहर यिनको आश्रयमा थिए।[४२] यसबाट आफ्नो राज्य पूरा कायम भएपछि यिनले देशविदेशका ठूलठूला विभिन्न विद्वान्लाई ल्याएर आश्रय दिएको अनुमान हुन्छ।

अरि मल्ल आफूलाई सूर्यवंशी भन्दथे, यसभन्दा पहिलेको देवपदधारी राजाहरू पनि वंश परिचय गराउँदा आफूलाई रघुकुलमा जन्मेका शुद्ध सूर्यवंशी क्षत्री नै भन्दथे। अहिले

र कैद परे।[४२] यो विजयपछि जयस्थिति मल्लको स्थिति राम्ररी नै सुध्रियो, उनले अरू-अरू किल्लामा पनि आफ्नो कब्जा जमाए। वि.सं. १४३२ जेष्ठ शुदि १० शुक्रवारका दिन जयस्थिति मल्ल आफैं गई बहारक्वाठको जीर्णोद्धार गराए। यस किल्लाका नाइके (दुर्गपाल) शिवदास मुलमी थिए। भक्तपुरका गुणी पण्डितले हेरेको साइतमा यो किल्ला बनाइएको थियो।[४३] यसपछि जयस्थिति मल्लले भक्तपुर मूल किल्लाको मरम्मत-सम्भार गरे। यस खुशियालीमा ठूलो उत्सवसाथ नाच लागेको थियो। त्यसै वेला फिशिरिक्वाठ पनि भत्केको जति बनाएर जीर्णोद्धार गराइयो। यी क्वाठ किल्ला मरम्मत-सम्भार जीर्णोद्धार गर्दा तीनै शहरका जनतावाट श्रमदान (वेठी) लिइएको थियो।[४४] यसै गरी फालुंक्वाठ आदि किल्ला पनि उनले जगैदेखि नयाँ वनाउन लाए।[४५]

यसरी सवैतिरका क्वाठनायक सामन्त शासक्लाई आफ्ना वशवर्ती बनाई नयाँ पुराना किल्ला मरम्मत-सम्भार जीर्णोद्धार गरी बनाई आफ्नो शक्तिलाई उनले प्रतिष्ठित पारे। शुरूदेखि आफ्नो सहयोगमा अघि सर्ने पाटनका जयत मुलमीलाई आफ्ना जेठा छोराको व्रतबन्धको उत्सवसमारोहको अवसर पारी महामात्य (महाथ) को पदमा बढुवा गरे। जोतराम मुलमीलाई योधापति र बहारछेंका सखुजुका छोरा तेजराम भारोलाई मुलमी बनाए।[४६]

यतिखेर नुवाकोटको गतिविधि चाहिँ के कस्तो थियो, स्पष्ट छैन। तर जयस्थिति मल्लले गरेको अन्तअन्तको विजयको चर्चा पुराना वृत्तान्तमा गरिए तापनि नुवाकोटको विजयको उल्लेख छैन। यसभन्दा केही वर्षपछि नुवाकोटले साखरकोट कब्जा गरेको, बनेपातिरबाट जयसिंहरामले टोखा, कपन, फर्पिङ्ग सलंक्वाठमा कब्जा जमाएको, फिशरिक्वाठमा जोगराम मुलमीको हैकम जमेको कुरा र भोटेहरूले विद्रोह गरेको कुरा पुरानो वृत्तान्तमा वर्णित छ।[४७] जयस्थिति मल्ललाई सम्पूर्ण सामन्तका राज्यको भोगचलन गर्ने, नेपालमण्डलका अधिपति तथा नेपालेश्वर आदि विशेषणले विभूषित गरिएको छ[४८] तापनि उनले नेपालदूनका क्वाठनायक पाटनका महापात्र फर्पिङ्गका महाराउतहरूलाई मात्र वशमा ल्याएका थिए। बनेपाका वर्द्धनपरिवार स्थिति मल्लसँग सम्झौता गरेर आफ्ना कुलपरम्परागत राज्यको महामन्त्रीको हैसियत थामेका र पछि त स्वतन्त्र राज्यकै रूपमा बढेर रहिरहेका थिए। त्यस्तै वि.सं. १४४८ मा लेखिएको 'नामसङ्गीति' नामक पुस्तकमा रत्नज्योतिदेवलाई राजाधिराज परमेश्वर परमभट्टारक वीरनारायण भन्ने पदवी र दुई श्री पनि दिएको देखिनाले नुवाकोट पनि बनेपा जस्तै स्वतन्त्र अस्तित्व कायम गरेर रहेको देखिन आउँछ।[४९]

जे भए पनि जयस्थिति मल्ल सकेसम्म सामन्त क्वाठनायकहरूलाई आफ्नो वश पारेका र अरूसँग संझौता गरी देशमा निकै अमनचैन कायम गर्न समर्थ भएका थिए। ठाउँठाउँका चोर डाँकालाई पक्रेर काट्न लाएका हुँदा देशमा निकै शान्ति कायम हुन आयो। सर्वप्रथम

पशुपतिका भण्डार चोरी भएकोमा चोर पत्ता लगाई ती चोरलाई खोलामा लगी काट्न लाएर पुन: सो चोरिएको धनमाल पशुपतिको भण्डारमा राखिदिए।[५०] यस कामले उनको निकै प्रतिष्ठा बढ्यो,उनका राज्यमा रातमा पनि दिनमा पनि चोरी भनेको निमिट्यान्नै भयो भन्ने कुरा पुरानो वृत्तान्तमा लेखिएको छ।[५१]

जयार्जुनदेवको निष्काशन र अवसान

जयस्थिति मल्लले आफ्ना महामन्त्री जयत मुलमीलाई बनाएपछि र बनेपाका पुराना महामन्त्रीलाई केन्द्रलाई सम्मान राखेर छुट्टै अर्थात् बनेपाराज्यमै स्वायत्त शासन गर्न दिएपछि जयत आदि सबै मन्त्री भारदारको सल्लाह लिएर राजालाई पनि उहीँ बनेपातिरै पठाउने विचार गरे। वि.सं. १४३७ मंसीर वदि १२ मा जयार्जुनदेवलाई ठूलो जात्रा उत्सवसाथ बनेपाकोटमा भित्र्याइदिए[५२]। बाहिर राजालाई जतिसुकै स्वागत सत्कार सम्मान देखाए पनि वास्तवमा भित्री कुरा चाहिँ राजालाई सामन्तराज्यमा पन्साएपछि उनको मूलगद्दी खोसिएको र तल्लो दर्जामा बहाल गराइएको थियो। यो अनुभव राजालाई भयो र उनी बनेपादरबार छाडी २२ दिनपछि भागेर आई गोकर्णको किल्लामा बसे। यसपछि त्यहाँबाट हिँडेर असिनपसिन हुँदै आएर भक्तपुर राजधानी भित्रिए[५३] तापनि उनी अब अत्यन्त कमजोर भइसकेका थिए, उनको केही अधिकार थिएन। उनका महामात्य जयसिंहराम पनि स्थिति मल्लसँग मिलिसकेका थिए। अब उनलाई सहायता गर्ने कोही थिएन। स्थिति मल्लको कडा कारावासमा परेर एक वर्षसम्म बडो कहर काटेर ने.सं. ५०२ (वि.सं. १४३८) माघ वदि ५ मा उनी परमधाम भए। पुराना वृत्तान्तमा दैवको खेलले गर्दा जयार्जुनदेवले भाग्नुपर्‍यो, उनै महाराजले जयस्थिति मल्ललाई राजसिंहासनमा प्रतिष्ठापित गरेको हो भनी लेखिएको छ।[५४] तात्कालिक पुस्तकका पुष्पिकावाक्यमा पनि त्रिपुर, दरबारका सचिवहरूले बोकेर ल्याएका राजा महासंकटसँग पस्तछन् भनेर लेखिएको पाइन्छ।[५५] जयार्जुनको मृत्युपछि यिनको वंशबाट राज्यसत्ता विलुप्त भयो। त्रिपुरराजधानीमा एउटै मात्र सिंहासन बाँकी रह्यो, बनेपामा जयसिंहरामवर्द्धनको चाहिँ श्रीवृद्धि भइ नै रह्यो।

जयस्थिति मल्लसँग राजल्लदेवीको राजकाज

राजा जयार्जुनदेव परलोक भएपछि जयस्थिति मल्लको एकच्छत्र राज चल्यो। त्रिपुरराजदरबारको राजसिंहासनाध्यासीना महारानी राजल्लदेवी हुन् तापनि प्रशासनको सबै अभिभारा जयस्थिति मल्लले नै बोकेका हुनाले उनी राजल्लदेवीका पतिका नाताले नै प्रख्यात भएका थिए। देवलदेवीको अवसानपछि उनले पूर्णरूपले राजकाजमा हात हालेका हुन् तापनि

अब चाहिँ उनी एक राजाको रूपमा शासन गर्ने भए। नेपालको इतिहासमा स्थिति मल्लको सबभन्दा महत्त्वपूर्ण काम चाहिँ द्वैराज्यतन्त्रलाई मास्नु नै हो। नेपालमा कयौं शताब्दीदेखि यस पद्धतिले जरो गाडिरहेको थियो। दुई राजकुल मिलेर शासन गर्ने, दुई तीन चार दाजुभाइ मिलेर वा बाँडेर राजकाज चलाउने परम्परा हाम्रो यहाँ बसिसकेको थियो। स्थिति मल्लले अर्को कुलका राजवंशलाई हटाएर, आफ्नो वंशमा राजशक्ति सीमित त गराए, तर राज्य सबै भाइको अंशबण्डा हुँदैन, एउटै ज्येष्ठभागी हुन्छ भन्ने सिद्धान्त प्रतिष्ठापित गर्न चाहिँ सकेनन्। उनका वंशजहरू फेरि राज्य बाँडेर भोगचलन गर्न थाले। यसको चर्चा पछि हुँदै जानेछ।

जयस्थिति मल्लको अर्को महत्त्वपूर्ण कार्य हो, केन्द्रलाई बलियो बनाउनु। नेपालको राज्यशक्ति विभिन्न महापात्र महासामन्त क्वाठनायकहरूमा विभाजित थियो, केन्द्रको मूलगद्दी पनि सम्मानको दृष्टिले ऊँचो वरिष्ठ भए पनि दण्डबल अर्थबलले कमजोर भएको कुरा हामीले माथि नै उल्लेख गऱ्यौं। अब छरिएको राजशक्तिलाई समेटेर स्थिति मल्लले केन्द्रको मूल राजगद्दीलाई शक्तिसम्पन्न पारे र अर्थबलले यसलाई दृढ बनाउने प्रयत्न गरे। राजदरबार मजबूत बनेपछि अब स्वयं राजारानीका तर्फबाट धार्मिक र सामाजिक कार्य हुन लागे। देशमा शान्ति सुव्यवस्था कायम भएपछि नृत्य उत्सव जात्रा पनि बढेर चल्न लागे। विद्वान् कविहरू पनि काव्य नाटक आदि ग्रन्थ लेख्ने, अनुवाद गर्ने काम गर्न थाले, देवलदेवीको आगमनपछि विशेष गरेर स्थिति मल्लको बिहा भएपछि धेरै दक्षिणका र पश्चिमका विद्वान्हरूले यहाँ आश्रय पाए।

प्रथमतः यहाँ चाखलाग्दो कुरा के देखिन्छ भने वि.सं. १४१४ मा दुल्लुमा पृथ्वी मल्लको लामो प्रशस्तिपद्य बनाउने कवि अभिविजयसिंहले 'बालसरस्वती सुमति' भन्ने पदवी पाएका थिए। यसको ३ वर्षपछि वि.सं. १४१७ मा यहाँ पाटनमा बसी रामाङ्कनाटिका लेख्ने रामदासका छोरा कवि धर्मगुप्तले पनि ठीक यही पदवी पाएका थिए।[५६] पृथ्वी मल्लका मन्त्री यशोवर्मा देववर्मा पनि महामात्य कहिन्थे, यहाँ जयत जयसिंहहरू पनि महामात्य नै थिए। महामात्य देववर्माको छत्यालकी आमाको नाउँ पनि यहाँका रानीहरूको जस्तो नावल्लदेवी भन्ने थियो।[५७]

नाटक र अरू ग्रन्थको रचना

वि.सं. १४२४ मा जयस्थिति मल्लका राजल्लदेवी रानीमा ज्येष्ठपुत्र धर्म मल्लको जन्म भयो। राजसिंहासनका उत्तराधिकारीको जन्मोत्सव ठूलो धूमधामसँग मनाइयो। यस उत्सवमा रामगुप्तले लेखेको उक्त "रामाङ्कनाटिका" देखाइएको थियो।[५८] यसपछि यो नाटक ठाउँठाउँमा देखाउँदा खूब लोकप्रिय भएर चल्यो। यो नाटक पाटनका क्वाठनायक

जसकीर्तिरामको दुर्गप्रतिष्ठाको उत्सवमा देखाइएको चर्चा माथि नै गरियो, त्यस्तै फर्पिङ्का सोलङ्कीकुलका महाराउत यूथसिंहदेवले हरिशंकरको रथजात्राको उत्सवमा पनि यो नाटक देखाउन लाएका थिए।[५९]

वि.सं. १४३० वैशाखशुदि १० मा जयस्थिति मल्ल र राजल्लदेवीका माहिला छोरा ज्योतिर्मल्ल[६०] र १४३४ श्रावण वदि २ मा कान्छा छोरा कीर्ति मल्लको जन्म भयो।[६१] त्यसै साल जेष्ठ शुदि ५ मा धर्म मल्लको व्रतबन्ध भयो। यस उत्सवमा जयार्जुनदेवका सभापण्डित माणिक भाले बनाएको राघवानन्द नामको नाटक देखाइयो।[६२] १५ वर्षको उमेरमा वि.सं. १४३९ फागुन शुदि ३ मा धर्म मल्लको विवाह भयो। यस विवाहको उत्सव धूमधामसँग मनाइयो। देवालीमा कुलदेवताको पूजा भोगबलि दिएर गरियो, देवीको मन्दिरमा सुनको जलप लाएको छाना हालियो। उनै कवि पण्डित माणिक भाले बनाएको "भैरवानन्द" नाटक देखाइयो। यसको प्रबन्धक द्विजराज भा ज्योतिकस्त भा र गजा मुलमी थिए। पुसदेखि नै यस नाटकको तयारी गरिएको थियो, २४ दिनसम्म अभ्यास गरी बिहाको लागि देखाउन भनेर तयार पारेको नाटक तीनै शहरमा धूमधामसँग देखाइयो।[६३] महामात्य जयत वर्माको अनुरोधमा पं. माणिक भाले नारदस्मृतिको नेवारी भाषामा अनुवाद गरेर नारदसंहिता वा मानवन्यायशास्त्र नामको ग्रन्थ लेखे।[६४] यिनैले नेवारका छोराछोरी पढाउन सजिलोका लागि "अमरकोशको टीका" पनि नेवारी भाषामा लेखेका थिए।[६५] यसरी अब केही मात्रामा भए पनि विद्याको चर्चा बढेर आयो, विद्वान्हरूले पनि पद प्रतिष्ठा पाए, "शस्त्रेण रक्षिते देशे शास्त्रचर्चा प्रवर्त्तते" भन्ने उक्ति चरितार्थ भयो।

धार्मिक कृत्य,

जयस्थिति मल्लका गुरु शिवदास उपाध्याय थिए, उनीसँग वि.सं. १४३७ वैशाख औंसीमा सूर्यग्रहण लागेको वेलामा राजा रानी दुवैले दीक्षामन्त्र सुने।[६६] वि.सं. १४३७ माघ पूर्णिमामा राजा-रानी तीनै भाइ छोरा लिएर चाँगुनारायणमा गएर भगवान्को पूजा आराधना गरे।[६७] वि.सं. १४३९ को महाष्टमीको दिन सारा भारदारलाई एकट्ठा गरी दरवारको चोकमा खड्ग स्थापना गरियो। यसमा १७०० ढाल तरवार राखिएका थिए।[६८] यो एउटा उनको वीरोचित कर्म थियो। वि.सं. १४४२ जेष्ठ शुदि १० मा जयस्थिति मल्लले पशुपतिमा सुखाडोको स्थापना गरे। यस काममा जजमान महामात्य जयसिंहराम थिए।[६९] यस्तै उनले इष्टदेवीका स्थान बनाउने, देवाली गर्ने आगमघर बनाउने, तिलपात्र दान गर्ने, पत्नीसाथ भई लक्ष्मीव्रत गर्ने, वुङमतीका रथजात्राको अवसरमा आफ्ना छोरासहित भाग लिने आदि धार्मिक कृत्य गरेको देखिन्छ।[७०] यसबाट उनी कुनै धर्ममा पनि पक्षपात गर्दैनथे, सबै धर्मशाखामा

समान व्यवहार गर्दथे, भन्ने कुरा स्पष्ट देखिन्छ। उनका समयमा यहाँ तलेजुदेवी र दोयमाजु देवीका मन्दिर प्रतिष्ठापित भइसकेका थिए तापनि उनले आफ्नो प्रशस्तिमा प्राचीनकालदेखि नेपालमा प्रतिष्ठापित भएकी मानेश्वरी देवीकै नाम अंकित गराएका छन्। नेपालका प्रतिष्ठित देवता पशुपतिनाथको नामांकित पदवी लिए पनि उनको चरित्र हेर्दा उनी उत्तिकै विष्णुभक्त पनि थिए।

लोकरञ्जन कार्य

यसबाहेक स्थिति मल्लका जनतालाई सुविधा दिने खालका सामाजिक कार्य पनि उत्तिकै महत्त्वपूर्ण छन्। उनले जनतालाई नभई नहुने खानेपानी र खेतमा लाउने कुलो-पानीको राम्रो व्यवस्था गरेका थिए। पहिलेदेखि पानी आउन बन्द भएका धाराको मुहान बनाई पानी आउने नाला सफा र मरम्मत गरी बाह्रवटा धाराहरूको जीर्णोद्धार गरी पानी आउने पारे। यसमा भक्तपुर युथुनिमंदरबारमा पानी आउने धारो पनि पर्दथ्यो।[७१]

खेतमा पानी लाउने यटपाटको ठूलो कुलो बिग्रिरहेको थियो। यस कुलालाई चलाउन स्थिति मल्लले वि.सं. १४३७ मा भक्तपुरदेखि ठिमीसम्मका प्रजालाई उठाएर सारा जनताको श्रमदानद्वारा १५ दिनमै तयार पारी पानी चलाए। यस खुशियालीमा श्रमदानमा जुटेका सारा जनतालाई यथेष्ट भोज खुवाउन राजपरिवार र गुरुज्यूले अङ्भर गरे। ज्योतिकस्त भाले पनि आफ्ना तर्फबाट १५ मुरी चामल, ५ मुरी चिउरा, २०० कहतारा दही र एउटा राँगो सघाएका थिए। चानिगलदेखि यटपाट ठिमीसम्मका मानिसको हिसाब गरी प्रत्येक मानिसको लागि डेढ माना चामल र त्यही अनुसारको दाल, तरकारी, नून, तेल, बेसारको बन्दोबस्त गरिएको थियो, ३ वटा राँगा र २२० गाग्रा जाँड र दाउरा पनि जम्मा पारेको थियो। प्रधान, श्रेष्ठ, ब्राह्मण सबैलाई बोलाएको थियो, सुवालहरू भान्से थिए, सबैलाई सन्तुष्ट हुने गरी यथेष्टसँग खुवाइयो। भोज खानेमा तीनै भाइ राजकुमारहरू पनि थिए, सबै सन्तुष्ट भए। कीर्तिराज उपाध्याय, गुरु शिवदास र जयत मुलमीहरूले राजाको आदेश गराएर क्वाछेंका डोय मुलमी, बन्टा भारो, दुछेका साखु भारोहरूमार्फत् यो काम गराएका हुन्।[७२]

अर्को साल म्यालंखाको कुलाको पानी चलाउने व्यवस्था गरियो, यसका लागि चाहिँ सबै खेतीवालसँग घरैपिच्छे दामासाहीले ६० मुरी धान उठाइयो, यो धानको मूल्य लिएर जयस्थिति मल्लले पानीको दस्तुर नतिरीकन खेतीवालले खेतमा पानी लाउन पाउने व्यवस्था बाँधिदिए। म्यालंखाकुलाको रेखदेख जयत मुलमीका माध्यमबाट भएको थियो।[७३]

राजल्लदेवीको मृत्यु र स्थिति मल्ल राजाधिराज

यस्तै जनताको सुखसुविधामा र धार्मिक कृत्यमा ध्यान दिँदै गरेको समयमा वि.सं. १४४२ कार्तिक शुदि २ मा महारानी राजल्लदेवी ३ वटा छोरालाई छाडेर ३९ वर्षकै उमेरमा परलोक भइन्।[७४] यसमा जयस्थिति मल्ललाई ठूलो चोट पऱ्यो, रानीका नाउँबाट देउपाटनमा बन्द भइराखेको पुरानो सुनधारालाई मरम्मत गरी टाढाबाट नाला जोडेर पानी चलाएर त्याइ जनतालाई खुवाएर रानीको सुखशान्तिको कामना गरे। त्यस सम्बन्धमा राखेको शिलालेखमा उनले रानी राजल्लदेवी परलोक हुँदा जून अस्ताउँदा अन्धकारले ढाके जस्तो सबै दुनियाँमा शोकले ढाक्यो, हाहाकार मच्चियो भनेर लेखाएका छन्।[७५] राजल्लदेवीको मृत्युबाट अत्यन्त शोकाकुल भएका राजाले उनको परलोक सुध्रियोस् भनेर यस्तै धार्मिक लोकोपकारी कार्य गरेर आफ्नो चित्तलाई बुझाएका थिए।

जयस्थिति मल्लका तात्कालिक अभिलेखहरू हेर्दा के स्पष्ट देखिन्छ भने राजल्लदेवी छउञ्जेल वास्तवमा सिंहासनाधिकारिणी महारानी उनै थिइन्। शासनको सम्पूर्ण अधिकार जयस्थिति मल्लका हातमा भए पनि वैधानिक राजा उनी भएका थिएनन्, यसैले उनलाई 'राजल्लदेवीपति राजा श्रीजयस्थिति मल्ल' यति मात्र लेखिएको देखिन्छ, कतै युवराज पनि लेखिएको देखिन्छ। त्यसवेला उपराज वा युवराज शक्तिशाली हुने हुँदा राजकाज चलाउने यिनको यो पद सार्थकै थियो। अब पछिका अभिलेखमा यिनलाई राजाधिराज परमेश्वर परमभट्टारक भन्ने पूर्ण राजकीय सम्मान लागेको प्रशस्ति दिएको देखिन्छ।[७६] यसबाट यिनी रानीको मृत्युपश्चात् राजसिंहासनका पूर्ण अधिकारी भएर वैधानिक राजा बन्न आए भन्ने कुरा बुझिन्छ।

स्थिति मल्लको स्थितिबन्देज

जयस्थिति मल्लले स्थिति बाँधे भन्ने कुरा नेपालको इतिहासमा सबभन्दा महत्त्वपूर्ण कुरा हो। सबै नयाँ वृत्तान्तमा यसको विशद विवरण दिइएकोले इतिहासमा त यसले स्थान पाएकै छ, परम्परागत अनुश्रुतिमा पनि यसको धेरै प्रचार छ। गोलबोलीमा स्थिति बाँधे भने पनि वंशावलीमा पर्गेलेर भनिएका सबै कुरा उनकै देन हुन् कि होइनन्, औ स्थिति बाधेकै हुन् कि होइनन् भन्ने कुरामा विद्वान्हरूमा तर्क वितर्क उठेका छन्। यसमा स्थिति मल्ललाई कतिसम्म श्रेय दिन सकिन्छ भन्ने सम्वन्धमा अब अलिकति चर्चा गर्नु प्रासंगिक हुन आउँछ।

वंशावलीले जयस्थिति मल्लले बाँधेका स्थितिमा पहिलो दफामै नेपालमा चार वर्ण भित्र छत्तीस जातको-निर्णय गरी जातअनुसार कर्मकाण्ड चलाउन लाए भनी लेखिएकोले स्थिति

मल्ल भन्दा अघि जातपात थिएन, स्थिति मल्लले नै पहिले जातपातको व्यवस्था बाँधेका हुन्, स्थिति मल्लले यो काम गरी एकता भएको नेपालमा अनेकता ल्याई राष्ट्र भाँडे भनी कोही उनको निन्दा गर्न लागेका छन्, अर्काथरी चाहिँ यसरी स्थिति मल्लले स्थिति बाँधेर योग्यतानुसारको काममाम मिलाई राष्ट्रलाई बलियो पारे भनी उनको प्रशंसा गर्न लागेका छन्।[७७] अझ कतिले त नेपालमा बाहुन क्षत्रीको आगमन नै स्थिति मल्लका पालामा ने. सं. ४९० मा भएको हो भन्ने साहस पनि गरेका छन्।

परन्तु प्राचीनकालमा अथवा नेपालमा इतिहासको प्रकाश भएदेखि नै पनि बाहुन क्षत्रीहरू थिए, जातपात पनि थियो भन्ने कुरामा कुनै शंका छैन, यसमा अनेकौं प्रमाण पाइरहिएका छन्।[७८] यसमा यहाँ विस्तार गरिरहनु आवश्यक छैन।

स्थिति मल्लले स्थिति बाँधेको कथा मिथ्या हो, उनको पालामा देशमा शान्ति कायम गर्नुमै उत्ति भो, उनका नाति यक्ष मल्लका पालामा बरू केही शान्ति सुव्यवस्था कायम भएको र देशले बढ्ने अवसर पाएको थियो, उनको नाममा स्थिति शब्द परेबाट वृत्तान्तकार बहकिएका हुन् र मिथ्या कथा कल्पना गरिएका हुन् भन्ने अर्को विचार पनि निकै प्रबल छ।[७९] भाषापाठमा जयस्थिति मल्लले स्थिति बाँधेको मिति ने.सं. ५२९ (वि.सं. १४६६) दिएको र च पाठमा राजकुमार ज्योतिर्मल्लले स्थिति बाँधेको कुरा लेखेको हुनाले[८०] पनि स्थिति बाँधेको कथा मिथ्या ठहऱ्याउनतिर इतिहासकारको ध्यान गएको हुन सक्छ। परन्तु भाषापाठको मिति धेरैजसो अशुद्ध हुने हुँदा त्यसको सखेडा लिन सकिँदैन। स्थिति मल्लका वंशजहरूले राजल्लदेवीका नाताले राज्यसत्ता प्राप्त गरेका हुनाले उनी र उनका प्रशस्ति गायकहरूले पनि जयस्थितिभन्दा उनका छोरा नातिलाई बढी महत्त्व दिएको कुरा हामीले देखेका छौं। जयस्थिति मल्ल पट्टबन्ध राजा मात्र थिए, उनका छोरा मूर्धाभिषिक्त राजा हुन आए। यसैले वृत्तान्तकारले एउटा पाठमा राजकुमार ज्योतिर्मल्ललाई अघि सारेर स्थिति बाँध्नेमा दर्ता गरिदिए। बाबु छँदै युवराजका नाताले पदप्रतिष्ठा पाइसकेका हुँदा एक ठाउँमा छोराको नाम लेखे पनि स्थिति मल्लको महत्त्वलाई नकार्न सकिँदैन, उनले देशमा बरव्यवस्था बाँधेको कुरालाई झुट्टा भन्न पनि सकिँदैन। नयाँ वृत्तान्तमा वर्णित तपसीलका कुरामा कति चाहिँ उनका सुधार हुन् कति चाहिँ होइनन् भनेर सबै पर्गेलेर भन्न नसके पनि तान्त्रिक पद्धतिले व्याप्त भएर सनातन स्मृतिशास्त्रका नियमलाई बिर्सन लागेको नेपाली समाजलाई धर्मशास्त्रका विद्वान्का सहयोगले न्यायपद्धति र सामाजिक रीतिस्थितिमा चालचलनमा सुधार ल्याएको कुरा चाहिँ मान्न सकिन्छ।[८१]

तात्कालिक अभिलेख यस सम्बन्धमा चूप छन् भन्ने कुरा पनि कसैकसैले निकालेका छन्।[८२] तर तात्कालिक अभिलेख र ग्रन्थहरूले नै पनि स्थिति मल्लले स्थिति बाँधेको कुरा अप्रत्यक्षरूपले हामीलाई व्यक्त गरिरहेका छन्, यसका उदाहरण हेरौं–

जयस्थिति मल्ल र जयसिंहराम महासात्यका पालामा वि.सं. १४४४ मा लेखिएको वामकेश्वरतन्त्रको पुष्पिकावाक्यमा अनुप्रासयुक्त एक श्लोक उल्लिखित छ। महामात्य जयसिंहरामसँग सादृश्य पार्न जयस्थिति मल्ललाई पनि जयस्थितिराम लेखिएको छ र उनका नीति स्थिति धर्मस्थिति रहेका छन् भन्ने कुरा पनि कहिएको छ। यसबाट उनले स्थितिबन्देज बाँधिको कुरा प्रतिध्वनित हुन आउँछ।[८३] यस भन्दा अर्को उल्लेखनीय कुरा के छ भने जयस्थिति मल्लका विश्वासिला र सहयोगी महामात्य जयतका लागि विद्वान् माणिकले नारदस्मृतिको नेवारी भाषामा अनुवाद गरिदिएको, महाभारत, स्मृतिसमुच्चय आदि पुस्तक पनि यसै वेला सार्ने सराएर ल्याउने काम भएको, राजशास्त्र धर्मशास्त्रका सात रत्नाकर लेख्ने भारी विद्वान् चण्डेश्वर ठक्कुरको र देवलदेवी जस्ती महारानीको प्रेरणा प्रभाव परेको र त्यस वेला लेखेको भैरवानन्द नाटकमा तान्त्रिक मार्गमा लाग्दाभन्दा शैव मार्गमा लाग्दा सिद्धि मिलेको देखिएकोले पनि जयस्थिति मल्लले न्याय निसाफमा दण्डविधानमा सामाजिक व्यवहारमा पनि सुधार ल्याउने पुराना धर्मशास्त्र अनुसार नेपाली समाज चलाउन स्थिति बाँधिको कुरामा शंका लिने ठाउँ छैन। त्यसपछि स्थिति बाँध्ने राजामा प्रसिद्ध भएका गोरखाका राजा रामशाहले पनि धर्मशास्त्रका पुस्तक संग्रह गरेको, सार्न लाएको देखिन्छ। बडामहाराज पृथ्वीनारायण शाहले पनि जयस्थिति मल्ल, महीन्द्र मल्ल, राम शाहहरूले बाँधिका स्थिति हेरेको कुरा र एकीकरण गरिसकेपछि बाह्र हजार स्थिति बाँध्ने आफ्नो धोको पनि व्यक्त गरेका थिए। जयस्थिति मल्लको अन्तिम समय धर्मकर्म गर्न र देशको सुव्यवस्था बाँध्नमै बितेको प्रतीत हुन्छ। राजल्लदेवीको मृत्युपछि त उनले यसतर्फ अरू बढी ध्यान दिन लागे। राजल्लदेवीको नाममा देउपाटनको सुनधारा जीर्णोद्धार गरेपछि शहरका, टोलटोलका गल्ली बाटा मरम्मत गरिए, ईंट छाप्न लाइए। सबै शहर सफा गर्ने ढल सफा गर्ने काम भए। आफ्ना-आफ्ना इलाकाका बाटा आफआफैंले खन्ने नियम बन्यो।[८४] यो चलन राणाकालसम्म नेपालमा चलेको थियो।

स्थिति मल्लका धार्मिक र अरू कार्य

वि.सं. १४४४ वैशाखमा राता मच्छेन्द्रनाथको रथजात्रामा सम्मिलित हुन तीनै भाइ राजकुमार र महामात्य जयसिंहरामलाई साथमा लिएर जयस्थिति मल्ल बुङमतीमा गए। १४ दिनसम्म बसेर रथजात्रा चलाए।[८५] यसरी जयस्थिति मल्ल धर्मकर्ममा र जनताको सामाजिक कार्यमा स्वयं अघि सरी सम्मिलित हुन्थे, यसैले उनले जनताको मन लिएका थिए भन्ने कुरा विदित हुन्छ।

त्यसै साल आषाढ शुदि ९ मा गुरु शिवदास उपाध्यायको शिवलोकवास भयो।[८६] उनको ठाउँ द्विजराज उपाध्यायले लिए। जयस्थिति मल्लका अंगरक्षक (हजुरिया) गजा खड्का

(खड्गग्राह) थिए। गुरुज्यूको काम राजा र राजपरिवारलाई मन्त्र सुनाउने मात्र थिएन, जनतामा परेको मुद्दामामिला हेर्ने छिन्ने अधिकार पनि उनको हुन्थ्यो। अर्को प्रकारले भन्दा उनी न्यायाधीश पनि हुन्थे। मुद्दा हेरी किनारा गर्न र दण्ड जरीवाना तोक्न पनि शास्त्रअनुसार गर्नुपर्ने हुँदा यो अधिकार विद्वान् गुरुका हातमा हुनु आवश्यक थियो। स्मृतिशास्त्रअनुसार लोकलाई चलाउने इच्छा लिएका स्थिति बाँध्ने राजा स्थिति मल्लले यस्तो काम गर्नु उचितै थियो। तर गुरुले छिनेका मुद्दामा चित्त नबुझे राजाकहाँ उजुर गर्न पाइन्थ्यो। यस वेलाको एउटा घटनाले यो कुरा स्पष्ट पार्छ।

द्विजराजको हातमा अधिकार आएपछि उनले आफ्नै भाइ र डोय मुलमीलाई थुने र तिनको सर्वस्व गराए। यो कुरा राजामा जाहेर नगरी गरिएको थियो। इन्साफ परेन भनी डोय मुलमीले स्थिति मल्लकहाँ निवेदन गरे।[८७] यसमा पुनः छयानवीन गरेर मामिला हेर्ने भन्ने राजाबाट आदेश भयो। यसपछि कस्तो कारवाही भयो स्पष्ट हुँदैन। यहाँसम्मको विवरण टिपेपछि पुराना वृत्तान्तकारले आफ्नो कलम बन्द गरेकाले देशमा घटेका विशेष घटना बुझ्न हामीले अभिलेखको मात्र सहारा लिनुपर्ने हुन्छ।

स्थिति मल्लको शासनमा धेरै इलाका सोझै भक्तपुरबाट शासित थिए। पाटनका सतभैया खलकका महापात्रहरू उनलाई मानेर स्वायत्तशासन चलाउँथे भने फर्पिङ्का महाराउत यूथसिंह पनि त्यस्तै शासक थिए। कान्तिपुर र बनेपा पनौतीतिर जयसिंहरामवर्द्धनको बढीबढाउ थियो। महामन्त्राधिराज भएर पनि उनी स्थिति मल्ललाई मानेरै राज गर्दथे। तर नुवाकोटको स्थिति भने अर्कै थियो, यो भोट पस्ने केरुङ्को मूल बाटोमा पर्ने हुँदा पहिलेदेखि यसको महत्त्व बढेको थियो। यसमा विषयपति वा महासामन्त वैश्य (व्यापारी) नै थिए, वारंवार यिनीहरू स्वतन्त्ररूपले रहन खोज्थे। रुद्र मल्लले नुवाकोटलाई केन्द्रमा मिलाएको भए पनि पछि केन्द्रको कमजोरी अवस्था पारी यो स्वतन्त्र बन्यो। स्थिति मल्ललाई संझाउने यहाँ एउटा पनि अभिलेख पाइएको छैन। वि.सं. १४४८ मा लेखिएको 'नामसंगीतिटिप्पणी' नामक पुस्तक क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरीमा रहेकोछ, त्यसमा नुवाकोटका शासक रत्नज्योतिर्देवलाई 'राजाधिराज परमेश्वर परमभट्टारक' भन्ने पदवी दिइएकोले[८८] यिनी स्थिति मल्लका अधीनमा नभएर सार्वभौमसत्तासम्पन्न शासक थिए भन्ने कुरा प्रतीत हुन आउँछ। त्यसपछि नुवाकोटको स्थिति त्यति स्पष्ट छैन। पछि यक्ष मल्लले यसलाई जितेर केन्द्रमा मिलाए।

जयस्थिति मल्लको उत्तरार्धकाल धेरैजसो धर्मकर्ममै व्यतीत भयो। भाषापाठमा उनले जीर्णोद्धार गरेका र स्थापना गरेका धेरै देवमन्दिर मूर्तिको उल्लेख गरेको पाइन्छ। जयस्थिति मल्लले कुम्भेश्वर मन्दिरको स्थापना गरेको र त्यहाँका अरू देवदेवीको पुनः प्रतिष्ठा गरेको

वर्णन गरिएको छ। परन्तु कुम्भेश्वरको मन्दिर स्वयं जयस्थिति मल्लले बनाएको होइन, उनका पालामा एक जना धनवान् मानिसले बनाएको हो। कुम्भेश्वर महादेवस्थानमा मन्दिर थिएन, छादनमात्र हालिएको थियो। आग्नेयदिशामा गणेश र वासुकी, दक्षिणतिर मातृकागण र पितृतीर्थ, वायव्यमा गौरी र पोखरी, ईशानपट्टि विष्णु र मध्यमा कुम्भेश्वरको मूर्ति थियो। यस पोखरीमा स्नान दान हुन्थ्यो। श्रावणी पूर्णिमामा मेला लाग्दथ्यो। यस्तो पवित्र तीर्थस्थलमा महादेवको मन्दिर नभइरहेको वेलामा गणवर्माका छोरा जयभीम नामका एक धनकुबेरले पत्नी ज्वरोले मर्लान्त परेर थलिँदा 'रोग निको होस् म महादेवको मन्दिर बनाउँछु' भनेर भाकल गरेका थिए, परन्तु रोग निको नभई पत्नी मरेपनि भाकल पूरा गर्न उनले राम्रो मन्दिर बनाए। वरिपरि पर्खालले घेरे, शिवको चतुर्मुखी (कोश) कवच बनाएर लाइदिए, लक्षहोम गरेर सुवर्णकलशको गजुर पनि चढाए।[८९]

वंशावलीमा वाग्मतीपारीका लवकुशसहितका रामचन्द्रको मूर्ति पनि स्थिति मल्लले स्थापना गरेको कुरा लेखेको हुनाले त्यसैका आधारमा कतिपय इतिहासकारहरू यस कुरामा वहकिएका छन्, तर राममूर्तिको स्थापना लिच्छविकालमै भएको थियो। रामभक्त भएका हुनाले स्थिति मल्लले यस मन्दिरको जीर्णोद्धार गराएको सम्म कुरा चाहिँ मान्न सकिन्छ। विष्णुगुप्तले वाग्मतीको पूर्वकिनारामा ठूलो आफूसमानको विष्णुमूर्ति दुई छोरा सहित गरेर स्थापना गरेको कुरा पूर्ववृत्तान्तमा कहिएकोले सो मूर्ति यहींको लिच्छविकालिक हो भन्ने कुरा बोध हुन आउँछ।[९०]

जयस्थिति मल्लको मृत्यु

वि.सं. १४५१ माघ शुक्लमा जयस्थिति मल्लले कोटिहोमको आयोजना गरेका थिए। यसको सात महीनापछि अर्थात् वि.सं. १४५२ भाद्रबदि ६ का दिन जयस्थिति मल्ल परमधाम भए। नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको भरतनाट्यशास्त्रको पुस्तकमा स्थिति मल्लको मृत्युतिथिको उल्लेख गरी उनी सो दिन मध्याह्नमा परमधाम हुँदा दुनियाँहरू हाहाकार शब्द गरेर विलौना गर्दै रोएको वर्णन पनि गरिएको छ।[९१] राजल्लदेवीको मृत्युमा पनि यस्तै वर्णन गरिएको थियो। जे भएपनि यी राजा रानी त्यस वेला निकै लोकप्रिय थिए र लोकको हितकारी काम पनि गरेका थिए भन्ने कुरा चाहिँ सही मान्नैपर्छ। जयस्थिति मल्लका पालाका अभिलेखहरूको विश्लेषणात्मक अध्ययनबाट यिनका बारे उपर्युक्त कुराहरू जान्न सकिन्छ।[९२]

राजा स्थिति मल्ल सबै कुराले मध्यकालको इतिहासमा एक अत्यन्त प्रसिद्ध राजा भए र पुराना राजाको आदर्शलाई लिएर अघि बढ्ने प्रयत्नमा लागे। यिनले भाँडिएको नेपालको सबै व्यवस्थालाई एउटा नयाँ दिशा दिए, हिन्दुधर्मशास्त्रको आदर्शलाई लिएर देखापरे र देशमा

शान्ति सुव्यवस्था कायम गरे तापनि धेरै शताब्दीदेखि जड जमाएर बसेको देशको अवनतिको मूल कारण बनेको विभाजनको रेखालाई मेट्न सकेनन्। हिन्दू आदर्शलाई चरितार्थ पार्न लागेको भए पनि हिन्दुराजाको आदर्श भएको राज्यसंस्थालाई भ्रातृभागीबाट बचाएर ज्येष्ठभागी बनाउन सकेनन्। राज्यसंस्था अंशबण्डामा जानु हुँदैन भन्ने र हुकुम जफत गरी राख्नुपर्छ भन्ने सिद्धान्तको प्रतिपालना वा प्रष्ठिापना गर्न सकेनन्। यही जड कुरा नबुझ्दा नेपालका धेरै विजयी राजाहरूले नेपालराज्यलाई एकतामा ल्याए पनि विभाजनको रेखा मेट्न सकेनन्। जयस्थिति मल्लभन्दा अघिका जितारि मल्ल, आदित्य मल्ल, पुण्य मल्ल र पछिका यक्ष मल्ल मुकुन्द सेनहरूले राज्यको विस्तार गरे, नेपाललाई एकसूत्रमा बाँधे, तर राज्य अंशमा जानुहुन्न भन्ने हिन्दु आदर्शलाई भुलेर देशको एकता स्थापित गर्न सकेनन्। पृथ्वीनारायण शाहले यही जड कुरा बुझेर आर्जेको वा एकतामा ल्याएको राज्यलाई भाइ छोरामा विभाजन गर्ने कुरालाई सख्त मनाही गर्दा र हुकुम जफत गरी राख्नुपर्छ भन्ने सिद्धान्त प्रतिपालन गर्दा नै देशमा एकता र स्थिरता ल्याउन समर्थ भए।

जयस्थिति मल्लले उक्त आदर्शलाई त नबुझेका थिएनन् होला, तर उनी राजल्लदेवीका पतिका नाताले राज्यसिंहासन पाएका हुनाले उनको वैधानिक हक सिद्ध थिएन, रानी मरेपछि उनी सर्वेसर्वा महाराजाधिराज बनेका थिए। पछि छोराहरू आमाका हकदार भएका नाताले राज्यसत्तामा पूर्ण वैधानिक अधिकार राख्तथे। यसैले एकसे एक राज्यका दावेदार भएर देखापरे। आखिर तीनै भाइ राजा भएर संयुक्तशासन गर्न लागे।

जयस्थिति मल्लका उत्तराधिकारी

जयस्थिति मल्लको स्वर्गवास भएपछि उनका छोरा जेठा धर्म मल्ल, माहिला ज्योतिर्मल्ल कान्छा कीर्ति मल्ल तीनै भाइ वि.सं. १४५२ मा भक्तपुरको गद्दीमा बसे। तात्कालिक अभिलेखमा धर्म मल्लको प्रशस्ति लेख्ता राजाधिराज परमेश्वर परमभट्टारकका साथै कतै युवराज (जोराज-जौराज) वा युवराजाधिराज भन्ने पनि लेखिएको देखिन्छ। युवराज र राजाधिराज साथैसाथै लेख्नु आश्चर्यको कुरा हुन आउँछ तापनि मध्यकालको इतिहास बुझ्दा यसको रहस्य खुल्छ। युवराजको महत्त्व अत्यन्त ठूलो थियो भन्ने कुरा हामीले माथि नै देखिसकेका छौं। भक्तपुरको गद्दी युवराज वा उपराजको अधीनमा हुँदा युवराज राणाप्राइमिनिष्टर जस्तो अधिकार सम्पन्न शासक भएका पनि देखिए। जयस्थिति मल्लले राजाको र युवराजको गद्दी पनि अधिकार पनि आत्मसात् गरिसकेपछि उनी दुबै गद्दीका शक्तिकेन्द्र बनेका थिए। उनका छोरा पहिले युवराज र पछि राजाधिराज बने तापनि पहिले

विभाजित दुवै शक्ति पद अहिले एकैमा केन्द्रित छ भन्ने देखाउन पनि उनले दुवै पद प्रशस्तिमा जोडिरहे। पछि ज्योतिर्मल्लले पनि यस्तै गरेका छन्। बाबुका सेखपछि ८ वर्षसम्म तीनै भाइको नाम उल्लिखित भएको छ,[९३] अर्थात् तीनै भाइ भक्तपुरको मूलगद्दीमा विराजमान बनेका थिए। यिनको पहिलो प्राप्त चाणक्यनीतिको पुस्तकको पुष्पिकामा जेठा महाराजाधिराज जौराज धर्म मल्लदेवको विजयराज्यमा उनका माहिला भाइ जयज्योतिर्मल्ल, कान्छा भाइ जयकीर्ति मल्ल र आफूसमेत तीनै महानुभाव मिलेर सम्पूर्ण नेपालमण्डललाई धर्ममार्गमा लाएर छोरा जस्तै गरी पालना गरेको छ भनी उनको शासनको चित्रण गरिएको छ। यिनको पालाको अभिलेख शिवधर्मशास्त्रको पुष्पिकामा पनि यस्तै गरी तीन भाइ राजाले सल्लाहले राज्य गरेको छ भनिएको छ।[९४] कति पुष्पिकामा धर्म मल्लको नाम मात्र उल्लिखित भएको छ र काठमाडौंमा लेखिएको एक पुस्तकमा जेठा माहिलाको मात्र नाम छ, कान्छा कीर्ति मल्लको नाम छैन।[९५] त्यस्तै जसपतिले सं. ५२१ मा लेखेको चण्डी (सप्तशती) को पुस्तकमा जेठा र कान्छाको खूबसँग वर्णन गरी माहिला ज्योतिर् मल्लको नाम छुटाएको छ। त्यसमा युवराज धर्म मल्लको प्रशस्ति "श्रीश्रीपशुपतिचरणकमलसेवित श्रीश्रीमानेश्वरीष्टदेवतावरलब्धप्रसादवीरनारायण" लेखिएको र कीर्ति मल्लको पनि दानी शत्रुविजयी वीर राजनीति बुझेका नृत्यगीत जानेका सुन्दर भनी लामो बयान गरी उनलाई 'रिपुचक्रमल्ल रूपनारायण' भन्ने पदवीले विभूषित पनि गरिएको छ।[९६] उनैका आज्ञाले उनैलाई पढ्नलाई जसपतिले लेखेको यस पुस्तकमा उनको बढाईचढाई ताडिफ गरेका थिए। निकै ठूला ज्योतिषी गजराज त्यस वेला भक्तपुरमा बसेका थिए। उनले बृहज्जातक, नरपतिजयचर्यास्वरोदय आदि ज्योतिषका ग्रन्थ र धार्मिक पुस्तक पनि सारेका थिए।[९७] ने.सं. ५१९-२२ सम्म यिनले सारेका चारवटा पुस्तकका पुष्पिकामा दिएको एक पद्यले व्याकरणको दृष्टिले अशुद्ध भएपनि त्यस वेलाको राजकीय स्थितिलाई राम्ररी व्यक्त गर्दछ-

> भक्तापुरीनगर्यां च त्रयो राजा विराजते।
>
> धर्म्मज्योतिश्च कीर्तिश्च ज्येष्ठमध्यकनिष्ठके ॥[९८]

"भक्तपुर शहरमा तीन राजा सुहाएका छन्, जेठा राजा धर्म मल्ल, माहिला राजा ज्योतिर् मल्ल, कान्छा राजा कीर्ति मल्ल हुन्।"

पशुपतिनेरको दामोदर भट्टका छोरा कृष्ण भट्टको वि.सं. १४५९ (ने.सं. ५२३) को अभिलेखमा तीनै भाइको नाम उल्लिखित छ[९९], त्यसपछि कान्छाको नाम नदेखिएकोले यिनको मृत्यु चाँडै भयो वा निष्काशन भयो भन्न सकिएन। अब जेठा र माहिला मिलेर शासन गर्न

यम्बुक्रमा (काठमाडौं) मा लेखिएको ग्रहगणितमा र ने.सं. ५२३ (वि.सं. १४६०) को थबुटोल पाटनको शिलालेखमा युवराज राजा भनेर धर्म मल्ल सम्बोधित छन्। पाटन सुनधाराको कलि, विक्रम, शक, नेपाल गरी चार संवत् उल्लेख गरिएको वि.सं. १४६१ को शिलालेखमा 'युवराजाधिराज' भनेको छ र धर्मनिर्णयतिथिसारसंग्रहमा चाहिँ 'राजाधिराज परमेश्वर परमभट्टारक' भनेर धर्म मल्लको मात्र नामोल्लेख गरिएको छ। यस्तै सुरकी (सोलङ्की) कुलमा जन्मेका शिखरापुरी (फर्पिङ) का अधिपति कहिएका जैत्रसिंह, यूथसिंह, रामसिंह, देवसिंह रावुत्त (राउत) हरूले वि.सं. १४६३ को कोछुटोलको भगवतीमन्दिरको अभिलेखमा र पशुपतिपश्चिमतिर त्यागलटोलमा रहेको जयसिंहराम मदनसिंहरामका पालाको अभिलेखमा पनि राजाधिराज, युवाराजाधिराज श्रीमान् जयधर्म मल्लको मात्र ससम्मान नामोल्लेख गरिएको छ।[१००] वि.सं. १४६४ को भक्तपुर सूर्यमढीटोलको गरुडस्तम्भमा, चाँगुनारायणको भण्डारको सुवर्णपत्रमा र पशुपतिको दक्षिण राजेश्वरीमन्दिरको ढोकाको शिलालेखमा चाहिँ राजाधिराज परमेश्वर परमभट्टारक जयधर्म मल्ल र उनका भाइ जयज्योतिर् मल्लको विजयराज्य भनेर दुवैको संयुक्त शासन रहेको कुरा प्रकट गरिएको छ।[१०१] यसवाट कसैकसैले लेख्ता भाइ ज्योतिर्मल्लको नाम छुटाए तापनि १४६४ माघसम्म दुवै भाइ मिलेर शासन गर्दै थिए भन्ने कुरामा शंका छैन। अब यसपछिका सबै अभिलेखमा केवल माहिला राजा ज्योतिर्मल्लको मात्र नाम पाइएकोले जेठा राजा धर्म मल्ल या त कालगतिको वश परे या त भाइको वश बने। ज्योतिर्मल्लका दाजुभाइ विरोधमा उत्रेका थिए भन्ने कुरा चाहिँ सही देखिँदैन। यसभन्दा पछिको नेसं. ५३३ (वि.सं. १४६९) को अभिलेखमा ज्योतिर्मल्लले दुवै दाजुभाइको सम्मानपूर्वक राम्रैसँग वर्णन गरेका छन्।

जयज्योतिर्मल्ल र उनका कार्य

आठ वर्षभन्दा बढी समयसम्म दाजुहरूसँग मिलेर शासन गर्ने कीर्ति मल्ल र १३ वर्ष भन्दा बढी समयसम्म भाइसँग मिलेर शासन गर्ने धर्म मल्लको नाम कुनै पनि वंशावलीको पाठमा उल्लिखित गरिएको छैन। यिनको त के कुरा, केही समय शासनसत्तामा उदाए, आफू पनि हराए, आफ्ना सन्तानमा शासन पार्न पनि पाएनन्। जसका सन्तानले करीब चार शय वर्षसम्म नेपालको केन्द्रमा शासन चलाएर आए, तिनै ज्योतिर्मल्ल राजाको नाम पनि वंशावलीका धेरै पाठमा उल्लिखित हुन आएन, भाषापाठमा त परै जाओस्, संस्कृत श्लोक बनाउँदा यिनको नाम छुटाइयो। यसबाट पनि भाषापाठमा यिनको नाम पर्न आएन। कसरी हो, चपाठमा नामोल्लेख साथ यिनका अवदानका कथा पनि कथिए। दाजुभाइसँग मिलेर शासन गरेको वेलाको बाहेक यिनका एक्लौटी अभिलेख तीन दर्जनभन्दा बढी प्राप्त भएका

छन्। ज्योतिर्मल्लको सबैभन्दा महत्त्वपूर्ण अभिलेख पशुपतिको हो। त्यसमा यिनले आफ्ना बाबु स्थिति मल्ललाई सूर्यवंशी पट्टवन्त राजा भनेर बयान गरेका छन्, दाजु धर्म मल्ललाई पनि युवराज वीरनारायण भन्ने उपाधि दिए र भाइ कीर्ति मल्ललाई पनि कामदेव जस्ता राम्रा दानी भनेर प्रशंसा गरेका छन्।[१०२] त्यस अभिलेखअनुसार उनी चाणक्यनीति पढेर राजनीति जानेका थिए, गाना गाउन सिपालु थिए तथा महादेव आदि देवता र गुरुको भक्ति गर्थे। उनले रानी संसारदेवीका साथमा बिग्रेको सिम्भूचैत्य बनाई पुनः प्रतिष्ठा गरे र देउपाटनमा पशुपतिनाथको मन्दिरमा सुवर्णका क्लश चढाएर प्रतिष्ठापन गरेका थिए, उनकी छोरी जीवरक्षा र जुवाइँ जयभैरव भन्ने थिए, जयभैरवले राजाको उपाधि पाएका थिए।

यस अभिलेखमा ज्योतिर्मल्लका छोरा यक्ष मल्ललाई भक्तपुरका नगरवासीलाई सुख दिने, दुर्भिक्ष दुःख भय हर्ने देउता जस्ता भनेर बयान गरिएको हुँदा कतिपय इतिहासकारहरूले बाबु छँदै यौवराज्यको पद पाएर भक्तपुरको शासन चलाएका र त्यहाँ अनिकाल पर्दा त्यसको प्रतीकार गरेका थिए भन्ने अर्थ निकालेका छन्।[१०३] परन्तु यो कुरा सही देखिंदैन। ज्योतिर्मल्लका छोरा यक्ष मल्लको जन्म वि.सं. १४६५ मा भएको थियो, पशुपतिको पुनः प्रतिष्ठा गरी सुवर्णकलश चढाउँदा यिनको उमेर पाँच वर्षको मात्र थियो। यति साना बालकले भक्तपुरको प्रशासन चलाउनु नितान्त असम्भव थियो।[१०४] प्रेमवश अभिलेखमा उनको राम्रो वर्णन गरिएको मात्र हो, शुभलक्षणका राजकुमार जन्मेदेखि भक्तपुरमा सुख शान्ति सहकाल आयो भन्ने संकेतसम्म गरिएको हो।

ज्योतिर्मल्ल केही पढे लेखेका धर्मात्मा राजा थिए। त्यस वेलाको चलनअनुसार चाणक्य नीति, हितोपदेश, चण्डी आदि पुस्तक पढ्ने महाभारत आदि पुराण सुन्ने साधारण कुरा थियो। यिनी शान्त प्रकृतिका वेदान्ती जस्ता पनि थिए। चाणक्यनीति अर्थात् राजनीति गान्धर्वविद्या-गानबजान षड्दर्शन पढेको कुरा पनि उनले लेखेका छन्।[१०५] ज्योतिर्मल्लका जुवाइँ जीवरक्षाका पति जयभैरव मल्लका 'धातुपाठ', 'आख्यातरत्नकोश' आदि पुस्तक पाइएका छन्।[१०६] ज्योतिर्मल्लका मन्त्री जयब्रह्मको कातन्त्रव्याकरणको पुस्तक प्राप्त छ।[१०७] यस वेला राजकुमारहरू कोश व्याकरणहरू पनि पढ्दथे भन्ने कुरा स्पष्ट हुन आउँछ। स्वयं ज्योतिर्मल्लले पनि कोष व्याकरण ज्योतिषविद्या पनि केही पढेका थिए भन्ने बुझिन्छ।

ज्योतिर्मल्ललाई पाटनको एक अभिलेखमा र पाटनकै दक्षिण येथोविहारका मूर्त्यङ्ग प्रधानाङ्ग महापात्र नायक तेजवर्माले लेखेका पुस्तकमा पनि दैत्यनारायण युवराजाधिराज भन्ने पदवी दिएको देखिन्छ।[१०८] यिनले सारेको अर्को नेत्रज्ञानार्णवमहातन्त्रको पुस्तकमा चाहिँ

युवराज दैत्यनारायण लेखिएको छ।[१०९] एकातिर यिनलाई दैत्यनारायण भनिन्छ भने अर्कोतर्फ पशुपतिको शिलालेखमा र आख्यातरत्नकोषमा पनि परममाहेश्वर भनिएको छ। यिनले सिम्भूको पनि जीर्णोद्धार गरेका थिए भने इष्टदेवताका रूपमा पशुपतिनाथलाई र मानेश्वरीलाई मान्दथे तापनि सबै देवतामा सबै सम्प्रदायमा समानताको व्यवहार गर्दथे।

ज्योतिर्मल्लका अभिलेखमा पुस र असार बाहेकका अरू महीनामा पनि अधिकमास देखिन आएको र ज्योतिषीहरूले अरू धेरै पुराना ज्योतिषका ग्रन्थ सारेको, सार्न लाएको पनि देखिएकोले पुरानो वेदाङ्ग ज्योतिषको पद्धतिअनुसार पौष र आषाढमा मात्र अधिमास पर्ने पद्धतिको वदला आजभोलिको जस्तो स्पष्टमानको अधिकमास गणनापद्धति पनि प्रचलित हुन आएको थियो भन्ने वुझिन्छ।

ज्योतिर्मल्लको शासनकालमा नेपालमा त्यस्तो संघर्ष विद्रोह, युद्धका कथा सुन्नमा आएका छैनन्। साधारणत: यिनको शासनकाल शान्तिमय नै रह्यो। यिनका आफ्नो एक्लौटी र दाजुभाइसँग मिलेर गरेको ३३ वर्षको शासनकालमा राखिएका शिलालेख ताम्रपत्र र त्यस वेला लेखिएका पुस्तकका पुष्पिकावाक्यसमेत गरी धेरै अभिलेख उपलब्ध भएका छन्[१००]। यसैवाट पनि यिनको शासनकाल शान्तिपूर्ण भएको अनुभूत हुन्छ। यी अभिलेखमा कतिपय स्वयं राजावाट प्रसारित शिलालेख ताम्रपत्र पनि पर्दछन्। राजा जयार्जुनदेव र स्थिति मल्लका पालादेखि पुन: प्रारम्भ भएको यो नयाँ आयाम थियो। यसभन्दा पहिले स्वयं राजा उपराजवाट राखिएका शिलापत्र ताम्रपत्र उनले गरेका कृतिहरूको प्राय: अभाव नै थियो भने हुन्छ।

ज्योतिर्मल्लका पालाका अभिलेख ने.सं. ५४८ (वि.सं. १४८५) भदौसम्मका पाइएका छन्। यसपछि उनको स्वर्गवास भएको वुझिन्छ। ज्योतिर्मल्लको प्रत्यक्ष मुत्युतिथि त पाईंदैन, पछिका भाषावंशावलीमा यिनको नामोल्लेखै भएको छैन, परन्तु परोक्षरूपवाट विचार गर्दा यिनको मृत्युतिथि भेट्न सकिन्छ। भाषापाठमा स्थिति मल्लपछि यक्ष मल्ल राजा भए, स्थिति मल्लले ४३ वर्षसम्म शासन चलाए. उनको मृत्यु ने.सं. ५४९ कार्तिक कृष्ण ५ मा भयो भनी लेखिएको छ। महारानी राजल्लदेवीको मृत्युतिथि ने.सं. ५०६ कार्तिकशुदि २ थियो। राजल्लदेवीको निधनपछि स्थिति मल्लको वास्तव शासनकाल शुरू भएको कुरा स्वीकार गरी वंशावलीकारले स्थिति मल्ल र उनका छोराको राज्यभोगवर्ष एकैठाउँमा गाभेर लेखेको र राजल्लदेवीको मृत्युतिथिदेखि स्थिति मल्लको भनिएको मृत्युतिथिसम्म हिसाव गर्दा राज्यभोग वर्ष ठीक ४३ हुने हुँदा यो मृत्युतिथि स्थिति मल्लको नभएर ज्योतिर्मल्लको हो भन्ने कुरा निश्चित गर्न सजिलै सकिन्छ। वास्तवमा स्थिति मल्ल वि.सं. १४५२ मै परलोक भएका र त्यसपछि १३ वर्ष दाजुभाइसँग मिलेर २१ वर्ष चाहिँ एक्लौटी शासन गरेर ज्योतिर्मल्ल वि.सं. १४८५ मा परलोकवासी भएका थिए।

४.२. टिप्पणी

१. मिथिलाक इतिहास १८२-८६ पृ.

२. उही १९२-१९९ पृ. तथा २५७ पृ.

३. तदनन्तरे श्रीदेवलदेवीना स्मानीयात्। बुधेर्व्वंसावतार कलिजुगे स्वयंभुकृताति वरप्रशादिकः अष्टलोकपालावतार, श्रीजयस्थितिराजमल्लदेव विजयी भवे, तस्य विवाहं कृतम् राजलदेवीनां स्वामी भवान्।

(२८ ख २९ कपत्र)।

(त्यसपछि देवलदेवीद्वारा ल्याइएका, बौद्धावतार भएका कलिजुगमा स्वयम्भूबाट वरप्रसाद पाएका, आठ लोकपालका अवतार भएका श्रीजयस्थितिराज मल्लदेव विजयी भए। तिनको विवाह भयो र उनी राजल्लदेवीका पति भए।)

सं. ४७४ आश्विन शुद्धि ९ श्रीजयस्थितिराजमलदेवस कोवनम् बिज्याङा ख्वपोन्दुम्बियां त्यंखो चोन ङाला लिव विवाह जुव॥

(५३ खपत्र)

(वि.सं. १४११ आश्विनशुदि ९ मा श्रीजयस्थितिराज मल्लदेव दक्षिणतिरबाट आई भक्तपुरमा पसी त्यंखोमा बसे। पाँच महीनापछि (उनको राजल्लदेवीसँग) विवाह भयो।)

भाषापाठको आधारमा स्थिति मल्लको उमेर ९ वर्षको ठीक होला भन्ने मैले ठहराएको छु।

विवाह भएपछि पनि निकै वर्षसम्म उनको चहलपहल देखिँदैन, उमेर कम भएको हुनाले नै यस्तो भएको हुनुपर्छ।

४. लोके शैत्यगुणान्वितो विजयते रामावतारोऽपर :

स श्रीमान् स्थितिराजमल्लनृपतिः नेपालभूपालक :

वि.सं. १४५१ तिर भक्तपुरमा लेखिएको पुरानो वृत्तान्तको क पाठ ३० कपत्रबाट

५. राजहर्ष भल्लोकको सिम्भूको अभिलेख, संस्कृत-सन्देश, वर्ष १, १०-१२ संयुक्ताङ्क १३-१७ पृ.

६. "श्रीश्रीपशुपतिपादपंकेरुहमधुलिट् (मानेश्वरीवर)-- लब्धकृपाण-शासितान्यमहीपालस्वप्रक्रियालंकृत"

जयवागीश्वरीको अभिलेख; संस्कृतसन्देश १ वर्ष ८ अंक ४६-४७ पृ.

तल परिशिष्ट पनि द्रष्टव्य

७. भैरवानन्द नाटक, रा.अभिलेखालय १,१०७८,२ शास्त्रीक्याटलग् १ भा. १९९-२० पृ. शल्यपर्व, रा.अभि. १,१६९३।१ । पूर्णिमा ७, पू. २८ पृ.

८, ज्योतिर्मल्लको पशुपतिको अभिलेख, इण्डियन् एन्टिक्वेरी ९ सं. १८३- ८४ पृ. संस्कृतन्देश १ वर्ष १०- १२ संयुक्ताङ्क ६९-७२ पृ. र तल परिशिष्ट ७ द्रष्टव्य

९. नेपालको इतिहासमा विवादास्पद विषयहरू, जयस्थिति मल्लको वंश (टिप्पणी समेत) ४३-५९ पृ. द्रष्टव्य .

१०. प्रताप मल्लको कृष्णमन्दिरको अभिलेख, संस्कृतसन्देश, १ वर्ष ३ अङ्क १ पृ.

११. आक्रान्तं यवनैर्भृशं विधिवशात् सोपद्रवं बान्धवैः

सार्धं तत्परिहाय चाश्मनगरं नेपालमभ्यागत : ।

त्रिशूलडबलीको अभिलेख, संस्कृत सन्देश १/२, १८ पृ.

यस अभिलेखमा आएको अश्मनगर भन्ने शब्द विचारणीय छ । यसपट्टि कसैको ध्यान गएको छैन । तेहौतबाट वारंवार आक्रमण हुँदा सिन्धुलीको बाटो बनेपा पलान्चोकतिरबाटै हुने गर्दथे । राजधानीको रूपमा रहेको पनौती पनि यिनका अधीनमा हुन्थ्यो । पनौतीलाई ढुङ्गामाथिको शहर भनिँदैछ । पहिले सिम्रौनगढवाट आउँदा राजा, रानी, मन्त्री, भारदार यतै बस्दथे हुन् । यसैको स्मृतिवाट प्रताप मल्लले अश्मनगरको उल्लेख गरेको बुझिन्छ र मैले अश्मनगर भनेर पनौतीलाई नै भनेको होला भन्ने सम्झेको छु ।

१२. सिद्धिनरसिंह मल्लको पाटन कृष्णमन्दिरको अभिलेख उही २।१।२।३ संयुक्ताङ्क १९ पृ.

१३. बृहत्सूचीपत्र (नाटकविषयक) ३ भा, ६२ पृ. (यसलाई मैले घवृत्तान्तको रूपमा प्रयोग गरेको छु ।)

१४. अन् एकाउन्ट अफ् द किङ्डम् अफ् नेपाल २६५-६६ पृ.

१५. सिनास, जर्नल १२ मा, २ स. ९२, -९३ पृ.

१६. राइटले प्रयोग गरेको र अरू भाषापाठमा यो वंशवृक्ष वढाइएको छ ।

१७. मसँग रहेको भाषापाठमा नागेन्द्र उग्र मनिक अशोकको मात्र नाम छ ।

१८. कुनै पाठमा पनौतीमा भेटेको भन्ने पनि पाइन्छ ।

१९. ने.इ.वि. विषयहरू ४३-५१ पृ.

२०. भुनवलाल प्रधानको टिप्पणी, उही ५४-५५ पृ.

२१. सूर्यमणि अधिकारीको टिप्पणी, उही ५५-५९ पृ.

२२. ने.ऐ.रूपरेखा १३६-१३७ पृ.

२३. महाराजाधिराजपुण्यावलोक-सोमवंशोद्भव-गरुडध्वज श्रीमद्गाङ्गेयदेव भुज्यमानतीरभुक्तौ ।

नान्यदेवका छोरा गाङ्गेयदेव वा गाङ्गदेवको प्रशस्ति, (रामायणबाट माथि उद्धृत)

२४. जयस्थिति मल्लको अभिलेख, संस्कृत सन्देश १/८/४६-४८ पृ.

२५. चालुक्य विक्रमादित्य (छैटौं) को अभिलेख

सेलेक्ट इन्स्कृप्सन्स् २ भा. ४०४ पृ.

२६. समस्तभुवनसंस्तूयमानमानव्यगोत्राणां हारितीपुत्राणां कौशिकीवरप्रसादलब्ध श्वेतातपत्रादिराजचिह्नानां सप्तमातृकापरिरक्षितानाम्,

उही ५२५ पृ.

दक्षिणका चालुक्य राजाहरूको कौशिकीसँग वरप्रसाद पाएको प्रसङ्ग बडो चाख लाग्दो छ। पहिले उनको अभिजन उत्तर भारत अयोध्या हुनु, कौशिकीसम्म पुगेको तिरहुतराज्यमा यिनको प्रभाव फैलिनु आदि कुरा यहाँनेर संझना हुन आउँछन्। हाम्रा यहाँका रत्नज्योतिर्देव नामका राजाले पनि आफूलाई महाराजाधिराज घोषित गरेर वीरनारायण आदि विरुद धारणा गरी स्थिति मल्लका पालामा नुवाकोटमा स्वतन्त्र शासन गर्दै गण्डकीवरलब्धप्रसाद (गण्डकीबाट वरप्रसाद पाएको) भनी लेखेका छन्। (उद्धरणमाथि परेको छ)। दक्षिण भारतका चालुक्य राजाले कौशिकीबाट प्रसाद पाएको भन्ने र हिमालभेगका राजाले कौशिकी तथा गण्डकीको वरप्रसाद पाएको भन्ने यी दुईथरीको सामञ्जस्य पनि यहाँ अर्को बडो चाखलाग्दो प्रसङ्ग छ।

२७. (क) श्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिकामनया 'मानवगोत्र' - रघुवंशोद्भवेन श्रीश्रीजयजगत्प्रकाशमल्लदेववर्मणा....... दधिचिपितकान्नलड्डुकमांसदानार्थ दर्शनधारीभोज्यकरणार्थ चतुर्विंशतिकरोपनिकक्षेत्रानि संप्रदत्तानि ।

पूर्णिमा ७ पू. ४६ पृ.

(ख) महाराजाधिराज रघुवंशोद्भवमानवगोत्र श्री २ सुमतिजयजितामित्रमल्लदेववर्म्मा्हं श्री ३ स्वेष्टदेवतायै ताम्रोपरि सुवर्णकलसतोरणं दत्तवान् ।

अभिलेखसंग्रह ७२८ पृ.

(ग) राजाधिराजपरमभट्टारकसूर्यवंशावतंसमानवगोत्र श्रीश्रीजयभूपतीन्द्रमल्लदेववर्माहं श्री ३ स्वेष्टदेवताप्रीतिकामनया, एकादशरोपणिकं क्षेत्रं निवेदितवान् ।

अभिलेखसंग्रह ३ भा. ७ पृ.

२८. क) तज्जेषु राज्यमनुपाल्य गतेषु राज

स्वेकान्न (कोन) षष्टिगणनेषु पुराध्ययोध्यम् ।

तद्वंशजास्तदनु षोडश भूमिपालाः

क्ष्मां दक्षिणापथजुषं विभराम्बभूवुः ॥

सेलेक्ट इन्स्कृप्सन्स् २ भा. ५२५ पृ.

२९. सम्वत् ४६७ वैशाष शुदि ७ श्रीजयराजदेवस्य पत्नी श्रीरुद्रमदेवीस तस्य पुत्र श्रीजयार्जुनदेव जात ।

कपाठ २८ खपत्र

जयार्जुनदेवका समयका निम्न लिखित अभिलेखहरू प्राप्तछन्

(क) आर्यामोघपाशसूत्र, केशरपुस्तकालय सं. १३६, मे. हि. नेपाल १३०

(ख) सुग्रीवशास्त्र, रा. अभि. ५,३५४-

मेडिवल् नेपाल १ भा. ३३० पृ.

(ग) मेघदूत. रा. अभि. १,१०७६

-शास्त्रीक्याटलग् १,३१

(घ) चाणक्यनीति- केशरपुस्तकाल्य ५९ । २

शास्त्रीक्याटलग् १,१०५

(ङ) जितबहादुर मानन्धरको संग्रहमा रहेको ताडपत्र, पूर्णिमा ८६ पू. ६८ पृः

(च) सुग्रीवशास्त्र- रा.अभि. ५,३४५

मे. नेपाल १. ३३० पृ.

(छ) मुद्राराक्षस, रा.अभि. १,१६९२,१

शास्त्रीक्याटलग् १,८८

(ज) स्वयम्भूको शिलालेख- जर्नल- बिहार एण्ड उडिसा रिसर्च सोसाइटी भाग २, ८१-८५ तथा संस्कृतसन्देश १, १०-१२ अं. १३-१७ पृ.

(यो अभिलेख भोलानाथ, धनबज्र र मसमेत भएर संशोधन गरी संस्कृतसन्देशमा प्रकाशित गरेको हो । पेटेकले अर्कैको नाम दिएका छन् । मे. हि. नेपाल १३० पृ. ।

(झ) हितोपदेश, क्याम्ब्रिज् यूनिवर्सिटी लाईब्रेरी ए. डी. डी. २५६४ ।

मे. हि. नेपाल - १३१ पृ.

(ञ) पञ्चरक्षा, रा.अभि. ३,३६०,४.

शास्त्रीक्याटलग् २,१८

(ट) महामोघसूत्र, क्याम्ब्रिज् युनवर्सिटी लाइब्रेरी. ए. डी. डी. १६८९

बेण्डालक्याटलग् १७६ पृ.

(ठ) मुद्राराक्षस, क्याम्ब्रिज् यूनिवर्सिटी, लाइब्रेरी ए. डी. डी. २११६

बेण्डालक्याटलग् १७६, पृ.

(ड) रत्नकरण्डक - रा. अभि. ४.

मे. हि. नेपाल १३१ पृ.

(ढ) भोजदेवसंग्रह - रा. अभि. १,१६९२ आर्. एस्. ओ. २६।७८- ७९ पृ.

मे. हि. नेपाल १३१ पृ.

(ण) वसुधारानामधारणीपरिसूत्र-एसियाटिक सोसाइटी

शास्त्रीक्याटलग् १,४५-४६ पृ.

(त) अमरकोश - रा. अभि. ५,५९०

बृहत्सूचीपत्र ९ । १०११.

(थ) अमरकोश - क्याम्ब्रिज् युनिवर्सिटी लाईब्रेरी ए. डी. डी. १४८८

बेण्डालक्याटलग् ११९ पृ.

(द) दशकर्म - रा. अभिलेख -१, ११७९,१

शास्त्रीक्याटलग् १, भा. ३९ पृ. इतिहास संशोधन २ सं. ५ पृ.

३०. कपाठ ५४ कपत्र, पूर्णिमा ८६ पृ. ७० पृ.

३१. जयसिंहरामका गुरुको पशुपतिको अभिलेख, संस्कृत-सन्देश १ वर्ष, १०-१२ संयुक्ताङ्क ४६-४७ पृ.

३२. पाटन पिम्वहालको मेघपाल वर्माको शिलालेख

उही ११ -१२ पृ.

३३. सिम्भूको राजहर्ष भल्लोकको अभिलेख

उही १/३/१७ पृ.

३४. कपाठ ५४ कपत्र,

३५. तेह्रौते (डोय) हरूको प्रवेश धेरै पहिलेदेखि हुंदै आएको भए पनि देवलदेवीका पालामा आएर यिनीहरू शक्तिमा पनि आए, विद्यामा पनि अघि बढे। उदाहरणको लागि कवि

जयत, कवि माणिकवर्द्धनहरूलाई देखाउन सकिन्छ, यिनीहरू तेह्रौते थिए वा तेह्रौतबाट प्रभावित थिए। धेरै भारदार पनि शक्तिमा आए, उदाहरणको लागि कीर्तिपुरका क्वाठनायक डोय भारो (रोलम्व ३।१।२४ पृ.) डोय मुलमी (६३ खपत्र) आदिलाई देखाउन सकिन्छ। चाँगुभेकमा यिनको बस्ती बसेको हुँदा डुमाखाल नाम चलेको छ, त्यस्तै लेलेभेकमा र अन्त पनि यिनीहरूको आबादी थियो, विशेष गरेर यिनीहरू तेह्रौतका राजा मन्त्रीको नेपालमा आक्रमण हुँदा सिपाहीका रूपमा आएका थिए।

३६. कपाठ ५४ खपत्र,

३७. ५४ ख ५५ कपत्र,

३८. ५६ खपत्र,

३९. ५५ पत्र,

४०. ५४ खपत्र,

४१. ने.सं. ४९६ र ने.सं. ५०१ मा सारिएका प्रतिका प्रस्तावनामा पनि जसकीर्तिरामको बयान गरिएको देखेर मैले महीरावणवधको विवेचनामा ने. सं. ५०१ (१४३७) मा पाटनका नायक जसकीर्तिराज (राम) को नयाँ दुर्ग (क्वाठ) प्रवेश गर्ने (घरपैचो) को उत्सवमा पनि यो देखाइएको थियो (६८ पृ.) भनी लेखेको थिएँ। यसमा आपत्ति उठाउँदै महेशराज पन्तले ने.सं. ४८० (वि.सं. १४१७) मै जसकीर्तिरामले घरपैचो गर्दा नै देखाउन लाएका थिए भन्ने कुरा लेखेका छन्। (पूर्णिमा ६८ पू. १३ पृ)। परन्तु ने.सं. ४८० मा लेखिएको प्रतिमा जसकीर्तिरामको बयान भएको श्लोक प्रमाण उपस्थित गर्न भने सकेका छैनन्। ने.सं. ४९६ र त्यसपछि ५०१ मा पनि नाटक देखाएको भन्नमा के आपत्ति छ ? अर्को कुरा जसकीर्तिरामलाई नायक भनी मैले लेखेको कुरा खण्डन गर्दै उनले महापात्र हुन् भनी लेखेर सकलपात्रतिलकभूत भन्ने विशेषणतिर मेरो दृष्टि नपरेको कुरा औंल्याएका छन् (पूर्णिमा ६८ पू. १६ पृ)। पात्रमा श्रेष्ठ भन्नेबित्तिकै महापात्र भन्न मिल्दैन। उनलाई स्पष्टसँग नायक भनेको र जयसिंह मल्ललाई महापात्र भनेको देख्दादेख्दै महेशराजले विनाप्रमाण जसकीर्तिरामलाई पनि महापात्र हुन् भन्नु आश्चर्यलाग्दो कुरा छ। नायक जसकीर्तिराम र महापात्र जयसिंह बारेमा यस्तै अरू इतिहासकारले पनि गरेका भ्रमपूर्ण कुराको निर्क्योलका लागि द्रष्टव्य-महीरावणवधको विवेचनात्मक अध्ययन ६६-७० पृ.

४२. ५६ कपत्र

४३. ५५ खपत्र,

४४. ५७ खपत्र,

४५. ५९ पत्र,

४६. ५७ कपत्र,

४७. ६१ खपत्र,

४८. समस्तसामन्तभुवं भुनक्ति, नेपालमण्डलाधिराज्ये,

पञ्चरक्षा, रा. अभि ३,३८२.२ शास्त्रीक्याटलग् २ भा. ७८-७९ पृ.

राजाधिराज परमेश्वपरमभट्टारकनेपालेश्वरश्रीश्रीजयस्थितिराजमल्लदेवस्य

तिथिसारसंग्रह, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, ए. डी. डी. १६६३, मे.हि. नेपाल १४० पृ.

४९. रत्नज्योतिको पालामा नुवाकोटमा लेखिएको नामसंगीति,

क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, ए.डी.डी. ११०८, बेण्डालक्याटलग् ३० पृ.

५०. ५६ खपत्र,

५१. श्रीश्रीजयस्थितिराजमलदेवस विजयराजस लिं छिवु ह्नीनो चानो खुं मदो जुरोम् ।

(५७ खपत्र)

५२. ५९ खपत्र,

५३. उही,

५४. भरने दैववंशाज्जयार्जुननृपे.......

सनृपतिस्तेनैव राज्ञा सता ....

निजपदं संस्थापिते सोदरे

(संशोधित पाठ) ३० कपत्र,

५५. तस्मिन् समये अपरराज्यस्य राजा श्रीश्रीजयार्ज्जुननामा राजा त्रिपुरराजसचिवेन प्रवाहितेन महासंकटेन प्रविशति,

माथि टि. २९ (द) दशकर्मको पुष्पिकाबाट।

५६. महीरावणवध नाटक विवेचनात्मक अध्ययन ५४ पृ.

५७. सं. सन्देश १।११।५४ पृ.

५८. ५४ खपत्र,

५९. रामाङ्कनाटिका रा. अभि. १,१४१८ पूर्णिमा, ३६ पूर्णाङ्क २९६ पृ.

६०. ५५ खपत्र,

६१. ५७ खपत्र,

६२. पुरानो वृत्तान्तको कपाठको ५७ कपत्रमा व्रतबन्धको उत्सवमा महाथ आदि भारदार फेर्ने काम र बालरामायण नाटक देखाएको कुरा वर्णित छ। माणिकले लेखेको राघवानन्द नाटकको प्रस्तावनामा 'श्रीश्रीजयधर्ममल्लदेवस्य रघुकुलोचित-व्रतबन्धमहोत्सवप्रसङ्गप्रमुदितेन जनसमूहेन नृत्यमानमभिनवराघवानन्दनाटक' लेखिएको हुनाले बालरामायण नै राघवानन्द नाटकलाई भनेको बुझिन्छ ।

६३. ६० ख ६१ कपत्र,

६४. नारदसंहिता (मानवन्यायशास्त्र) रा. अभि. १,१२३१,४ शास्त्रीक्याटलग् १४३

६५. अमरकोष, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए. डी. डी. १६९८, बेण्डालक्याटलग् १८७-८८ पृ.

६६. ५९ कपत्र,

६७. ६० कपत्र,

६८. ६० खपत्र, रेग्मीले यो संख्या भारदारहरूको हो भनी लेखेका छन्। मे. नेपाल ३४५ पृ.

६९. ६२ खपत्र, यहाँ उल्लिखित 'सुखाडो'को परिभाषा लाउन सकिएको छैन ।

७०. ५९ ख, ६२ ख, ६३ क, खपत्र द्रष्टव्य,

७१. ५८ कपत्र,

७२. ५८ क खपत्र, ५९ कपत्र,

७३. ६० कपत्र,

७४. ६२ कपत्र,

७५. जयवागीश्वरीको अभिलेख, सं. सन्देश १।८। ४६-४७ पृ. र परिशिष्ट पनि द्रष्टव्य

७६. माथि ६५ टि. द्रष्टव्य

७७. पूर्णिमा २ पू. १-१० पृ.

७८. उही,

७९. रूपरेखा १।२ सं ४३ पृ.

८०. अन् एकाउण्ट अफ् द किङडम् अफ् नेपाल २६६ पृ.

८१. स्थिति बाँध्ने राजाहरू : एक अध्ययन, नेपाल कानूनपरिचर्चा ७ वर्ष १ सं.

८२. मे.हि. नेपाल १४५ पृ.

यसको टिप्पणीमा अभिलेख ११ सं. मा स्थिति मल्ललाई 'नेपालराष्ट्रशास्तृ' भन्ने विशेषण दिएको हुनाले उनले स्थिति बाँधेको संकेत मिल्छ भन्ने कुरा पेटेकले लेखेका छन्। परन्तु यो नेपाल राज्यका शासक भनेको हो, यसबाट स्थिति बाँधेको संकेत कसरी मिल्छ ? महामन्त्री जयतका लागि भनेर विद्वान् माणिकवर्द्धनले नारदसंहिताको अनुवाद गर्नु नै स्थिति बाँधेको तात्कालिक प्रमाण होइन र ? यतापट्टि पेटेकको दृष्टि किन नपरेको ?

८३. वामकेश्वरतन्त्र, रा. अभि. १,१०७५.३

मे. हि. नेपाल १३९-४०

८४. ६३ कपत्र,

८५. ६३ खपत्र,

८६. उही,

८७. उही,

८८. माथि ४९ टि. द्रष्टव्य।

८९. पाटन कुम्भेश्वरको जयभीमको अभिलेख, मेडिवल् नेपाल ३ भा. ३३-३४ पृ.

९०. राजा श्रीविष्णुगुप्त वर्ष ७१ तेन कृतम् श्रीपशुपतिस्थाने वाग्मतीतीर पूर्वटते (तटे) बृहच्छिलामय विष्णुभटारक प्रतिष्ठितम् स्वात्मप्रमानेन, पुत्रद्वयोपि पार्श्वसहितेन

कपाठ २२ कपत्र

९१. मध्याह्ने स्थितिराजमल्लनृपतिः स्वर्गाविरोहं गतो
हाहाकाररवः सशोकवचनं व्याप्तं प्रजानां मुखम्

भारतीयनाट्यशास्त्र , रा. अभि. ५, ३२३, इतिहाससंशोधनको प्रमाणप्रमेय ३८ पृ.

९२. जयस्थिति मल्लका पालाका अभिलेखहरू निम्न छन् :

(अ) युद्धजयार्णव- रा. अभि. १, १६२४,४ शास्त्रीक्याटलग् ८४ पृ.

(आ) गोरक्षनाथ मन्दिरको भित्तामा उल्लिखित ताम्रपत्र, संस्कृतसन्देश १ । ६,५-६, मेडिवल् नेपाल १,३५९

(इ) नारदसंहिता- रा. अभि. १, १२३१, ४ शास्त्रीक्याटलग् १,४३

(ई) गुह्यकालीनिर्वाणपूजा- रा. अभि. ५,३५१ मेडिवल् नेपाल १,३५८

(उ) व्यक्तिगत संग्रहमा रहेको ज्ञानदीपविमर्शिनी, संस्कृतसन्देश १।१०-१२, ८४-८५

(ऊ) पञ्चरक्षा- क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, बेण्डालक्याटलग् ८४ पृ.

(ऋ) महालक्ष्मीमाहात्म्यसमुच्चय- रा. अभि. १,१६४५,४ शास्त्रीक्याटलग् १, ८४ पृ.

(लृ) हितोपदेश- रा. अभि. ५,८६७ मे. नेपाल १,३५८-३५९

(ए) त्रिपुरसुन्दरी पूजापद्धति- रा.अभि. १,१५८४,४ उही १,३५३

(ऐ) हरिश्चन्द्रोपाख्यान- केशरपुस्तकालय सं. ६७१ मे.हि. नेपाल १३८ पृ.

(ओ) अमरकोश- क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए.डी.डी. १६९८ बेण्डालक्याटलग् १८७-१८८

(औ) पञ्चरक्षा- रा. अभि. ३,३८२,२ शास्त्रीक्याटलग् २७८-२७९

(अं) चण्डकौशिक- एसियाटिक सोसाइटी- सं. ८०६५ शास्त्रीक्याटलग् ७,२५२-२५३

(अः) प्रतिष्ठासार-संग्रह- रा. अभि. १,१०७८,१७ मे.हि. नेपाल १३९ पृ.

(क) चाँगुनारायणको भण्डारको सुवर्णपत्र, चाँगु.ऐ. सामग्री १६३ पृ. अभि. २१ सं.

(ख) महालक्ष्मीव्रतमाहात्म्य- केशरपुस्तकालय सं. २१, मे.नेपाल इं. कोलोफन् २६ पृ.

(ग) देउपाटन सुनधारामा रहेको शिलापत्र - सं. सन्देश ८-९९

(घ) वामकेश्वरतन्त्र, रा. अभि. १, १०७५, ३, मे.हि. नेपाल १३९ पृ.

(ङ) इतिहास समुच्चय- रा. अभि. ४,५२ उही १,३५९

(च) ह्रांराशास्त्रको पुष्पिकावाक्य, पूर्णिमा ६९ पू. ४४ पृ.

(छ) न्हेकान वहल काठमाडौंको ताम्रपत्र, पूर्णिमा ४ पू. ५४-५७ पृ.

(ज) कीर्तिपुण्यमहाविहारको भित्ताको मानचन्द्र शाक्यको ताम्रपत्र, पूर्णिमा ४ पू. ५४-५९ पृ.

(झ) स्वयम्भू महाचैत्यमा रहेको शिलालेख-स्वयम्भू महाचैत्य ५ पृ.

(ञ) कीर्तिपुण्यमहाविहारमा रहेको अभिलेख- कीर्तिपुण्य महाविहारया परिचय ९ पृ.

(ट) पाटन वहावहीको मूलद्वारमा रहेको ताम्रपत्र, प्राचीन नेपाल ५७ पू. ९-१० पृ.

(ठ) विदग्धमुखमण्डन - रा. अभि. ५,८३३, मे. नेपाल १, ३५९

(ड) महालक्ष्मीव्रत- केशरपुस्तकालय सं. ५५९,३ मे.हि.नेपाल १४० पृ.

(ढ) पञ्चरक्षा-केशरपुस्तकालय, ए.डी.डी. १७०१ बेण्डाल-क्याटलग् १९१

(ण) तिथिसारसंग्रह- क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी ए.डी.डी. १६६३ मे.हि. नेपाल १४० पृ.

(त) गोरक्षनाथ मन्दिरको सिंढीमा रहेको शिलापत्र (फर्पिङ), प्राचीन नेपाल ५७ पृ. ८ पृ. र पूर्णिमा २६ पू. २९८ पृ.

(थ) वकु वहावही (पाटन) को मूलद्वारमा रहेको ताम्रपत्र, मे. नेपाल ३३१-३३।

(द) क्रियासम्मुच्चय- केशरपुस्तकालय- सं. ११०

- सिनास ११२,१०१ पृ.

(ध) अघोरपूजा- रा. अभि. १,१३५,९ मे. हि. नेपाल -१४१. पृ.

(न) आर्यकारण्यव्यूह- केशरपुस्तकालय सं. ५ मे.हि.नेपाल १४१ पृ.

(प) भादगाउँमा व्यक्तिगत स्वामित्वमा रहेको पञ्चरक्षा, मे.हि. नेपाल- १४२ पृ.

(फ) पाटन कुम्भेश्वर मन्दिरको परिसरमा रहेको शिलापत्र, बेण्डाल् जर्नी ८४-८५ पृ.

इतिहास संशोधनको प्रमाण प्रमेय ३ संख्या

(ब) (महाभारतको) गदापर्व- रा. अभि. १६९७ (ख) ४, पूर्णिमा- ७ पू. २८ पृ.

(भ) महाभारतको शल्यपर्व- रा.अभि. १,१६९३, १, पूर्णिमा- २८ पू. ७ पृ. मे.हि. नेपाल १४२ पृ.

(म) महाभारत गदापर्व- रा. अभि. ३,८०३,२९ मे.हि. नेपाल १४२ पृ.

(य) गुह्यसिद्धिक्रम- रा. अभि. १,१६९२,६ शास्त्रीक्याटलग् १, ८७ पृ.

(र) कारण्डव्यूह-एसियाटिक सोसाइटी, कलकत्ता. सं. ४७२९ शास्त्रीक्याटलग्- १,२९

९३. ने. सं. ५१६ देखि ने.सं. ५२३ सम्मका अभिलेखमा तीनै भाइको नाम पाइन्छ। द्रष्टव्य- मे.हि. नेपाल १४७-१४९ पृ.

९४. श्रीमहाराजाधिराज परमेश्वर-परमभट्टारक-
श्रीमानेश्वरीवरलब्धप्रसादमहाप्रतापवान् जौराज, श्रीश्रीजयधर्ममल्लदेवस्य विजयराज्ये तस्यानुज श्रीश्रीजयज्योतिर्मल्ल, कनिष्ठ जयकीर्ति मल्ल त्रयो महानुभावप्रीतियुक्तानेन श्रीनेपालमण्डलसमस्तधर्म्ममार्गो पुत्रवत् प्रतिपालित,

चाणक्यनीति, एशियाटिक सोसाइटी, कलकत्ता, १०७२३ सं. ए डिस्क्रिप्टिभ् क्याटलग् ७ भा. ४०५ पृ.

श्रीराजाधिराज ज्येष्ठ जोराय धर्ममल्लदेव मध्य श्रीजः
कनिष्ठ श्रीजयकीर्तिमल्लदेव त्रय सम्मते राज्यं कृतम्,

शिवधर्मशास्त्र, क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी ए. डी. डी. २८३६. मे.हि. नेपाल १४७ पृ.

९५. (क) गालवोक्त महालक्ष्मी माहात्म्य- रा. अभि.- ५, ३६६., मे.ने. १ भा. ३७४

(ख) स्यादन्तकोश, रा, अभि ५.४१८. मे. नेपाल १ भा. ३७३ पृ.

(ग) पन्चरक्षा, रा. अभिलेखालय, मे.हि. नेपाल १७४ पृ.

(घ) सप्तशती, रा. अभि. १,१५३४.५ मे.हि. नेपाल १४७ पृ.

(ङ) गुप्तकालीतन्त्र, केशरलाइब्रेरी ५५७सं. मे.हि. नेपाल १४८ पृ.

(च) नित्यान्हिकतिलक, रा. अभि १,१३२०,८ पूर्णिमा ६ पू. १३ पृ.

यिनमा धर्म मल्लको मात्र उल्लेख छ, उनलाई कतै 'युवराज' कतै 'युवराजाधिराज भट्टारक' कतै 'राजाधिराज परमेश्वर परमभट्टारक' कतै 'राजाधिराज परमेश्वर युवराज' भनिएको छ ।

(छ) अश्ववैद्यकशास्त्र, मे. नेपाल ३७३-७४ पृ.

(यो वाजिशास्त्रको पुस्तक लेख्ने जसपतिले राजा ज्योतिर्मल्लको व[illegible] गरेर राजाधिराज परमेश्वर परमभट्टारक धर्म मल्लको विजयराज्यमा कोलिग्राम-काठमाडौंमा लेखिएको भनेका छन् । 'कोलीग्राम' काठमाडौंको पुरानो नाम हो

९६. श्रीश्रीपशुपतिचरणकमलसेवितश्रीश्रीमानेश्वरीष्टदेवता-वरलब्धप्रसादवीरनारायण जुवराज श्रीश्रीजयधर्ममल्लदेवस्य विजयराज्ये ।

नेपालेस्मिन् महीपतीश्वरो दाता गुणग्राहको

दीनानां सकलार्थिनां महितः संकल्पवृक्षोपमः।

जातः सूर्यकुलावतंसतिलकः सर्वान् रिपुन् निर्जितो

वीरः श्रीजयकीर्तिमल्लनृपति - श्रीरूपनारायणः

भूपेत्तमः सकलनीतिविदां वरिष्ठो नाट्यांगशास्त्रगुणगीतमहाप्रवीणः

सत्सुन्दरीहृदयमोहनमन्मथश्री श्रीकीर्तिमल्लनृपतिः रिपुचक्रमल्लः

दुर्गासप्तशती, रा. अभि. ५, ६८१ । मे. नेपाल १ भा. ३७४ पृ.

९७.(क) बृहज्जातक, क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, एडीडी २८३४,१ सं., मे. हि.नेपाल १४८ पृ.

(ख) दशक्रिया, उही, १६६४, मे. हि. नेपाल १४८ पृ.

(ग) विवाहखण्ड र रत्नकोश, रा. अभि. ३.३९१ मे.हि. नेपाल १४८ पृ.

(घ) नरपतिजयचर्यास्वरोदय, रा, अभि. १,११७९, ३ मे.हि. नेपाल १४९ पृ.

९८. उपर्युक्त चारै पुस्तकको पुष्पिकामा उल्लिखित ।

९९. पशुपति चण्डेश्वरीमन्दिर पछाडिको शिलालेख, मे. नेपाल ३ भा. ३९ -४० पृ.

१००.(क) ग्रहगणित केशर लाइब्रेरी, ८२ सं. मे.हि. नेपाल १४९ पृ.

(ख) पाटन थबुटोलको जलद्रोणीको अभिलेख, मे. नेपाल ३ भा ४० पृ.

(ग) पाटन सुनधाराको अभिलेख, पूर्णिमा ५ पू. ९-१६ पृ.

(घ) धर्मनिर्णयतिथिसारसंग्रह, रा. अभि. १,१६३४.११ शास्त्रीक्याटलग् २ । २४

(ङ) फर्पिङ कोछुटोल भगवतीमन्दिरको शिलालेख, मे. नेपाल ३ भा. ४२-४४ पृ.

(च) देउपाटन त्यागल टोलमा रहेको अभिलेख- संस्कृत-सन्देश १ । १०-१२ संयुक्ताङ्क ४६-४८ पृ.

१०१.(क) भक्तपुर सूर्यमढी टोलको गरुढस्तम्भलेख, मे. नेपाल ४४-४५ पृ.

(ख) चाँगुनारायणको भण्डारको सुवर्णपत्र (अभि. २४ सं.) चाँगु ऐ. सामग्री १६७ पृ.

(ग) पशुपतिदक्षिण राजेश्वरीमन्दिरको शिलालेख, मे. नेपाल ४५-४६पृ.

१०२. पशुपतिको ज्योतिर्मल्लको प्रसिद्ध अभिलेख, संस्कृतसन्देश १ वर्ष १० अंक, ६९-७१ पृ.

१०३. (क) ने.ऐ रूपरेखा १४२ पृ.

(ख) ने. उ. म. इतिहास ८९ पृ.

(ग) मे.हि. नेपाल १७६ पृ.

(घ) मेडिवल् नेपाल ४२५ पृ.

१०४. पूर्णिमा ७ पू.३७-३८ पृ. द्रष्टव्य ।

१०५. माथि १०१ टि . द्रष्टव्य

१०६. धातुपाठ, रा. अभिलेख १, १०७८.२ मे.हि. नेपाल १६३ पृ.

आख्यातकोश, रा. अभिलेख ३, ६८५, उही,

१०७ कातन्त्रव्याकरण सूत्रपाठ, रा. अभिलेख ५, ४१७ मे. नेपाल १ भा. ४१९-२० पृ.

१०८. उड्डीससार संग्रह, रा. अभिलेख ४. ६० मे.हि. नेपाल १६३ पृ.

वृहत्कालोत्तरतन्त्र रा. अभिलेख पू. ७७८, मे. नेपाल १,४२० पृ.

१०९. नेत्रज्ञानार्णवमहातन्त्र, केशरपुस्तकालय ३२ सं, मे. हि. नेपाल १६४ पृ.

११०. ज्योतिर्मल्लका निम्न अभिलेख प्राप्त छन् ।

(अ) सुमतिसिद्धान्त केशरपुस्तकालय सं. ८२ प्राचीन नेपाल १ सं., ५-१० पृ.

(आ) भादगाउँ तौमढीटोल नजिकैको मूल सडकमा रहेको मन्दिर नजिकैको शिलालेख मे. नेपाल भा. ३, ४६-४७ पृ.

(इ) पाटन कुम्भेश्वरमन्दिरको मूलद्वारअगाडि सानो चैत्यमा रहेको अर्धक्षत शिलालेख । मेडिवल् नेपाल ३ भाग ४७ पृ.

(ई) महाकर्मविभङ्ग र कर्मविभङ्गोपदेश रा. अभि ४, २०,६ (लेवीप्रकाशित) मे. हि. नेपाल, १६२ पृ.

(उ) कातन्त्रव्याकरण सूत्रपाठ- रा. अभि.-४२०, मेडिवल् नेपाल १ भाग ४१९-२० पृ. ।

(ऊ) सिद्धिसार, क्याम्ब्रिज् युनिवर्सिटीलाइब्रेरी, ए. डी. डी. १९४९ बेण्डालक्याटलग् १५५।

(ऋ) पशुपतिको अभिलेख संस्कृतसन्देश १ १०-१२ संयुक्ताङ्क

(लृ) सुवन्तरत्नाकरको पुष्पिकावाक्य, केशरपुस्तकालय ५८२ पूर्णिमा ६९ पू. ४६ पृ.

(ए) पशुपतिनाथपरिसरको शिलालेख, संस्कृतसन्देश १/१०-१२, ७२ पृ.

(ऐ) हाँडीगाउँको सत्यनारायणको मन्दिरनजीकै रहेको उमामहेश्वर मन्दिरको शिलालेख, मे. नेपाल ३ भा. ५०-५१ पृ.

(ओ) उड्डीशसारसंग्रह, रा. अभिलेख ४६० मेडिवल् हिष्ट्री अफ् नेपाल १६३ पृ.

(औ) पाटन दरबारचोकको भण्डारखाल बगैचाभित्रको अभिलेख, अभिलेखसंग्रह भाग १०, ३ पृ.

(अं) पाटन दरबारचोकको भीमसेन मन्दिरपछाडि मुळ्छेनचोकमा रहेको शिलालेख, मेडिवल् इंस्क्रिप्सन्स् एण्ड कोलोफोन ७० पृ.

(अः) धातुपाठ, रा. अभि. १,१०७८२ शास्त्रीक्याटलग्- १ भाग ३४ पृ.

(क) हितोपदेश, रा. अभि. २८२३/१३ सं. पूर्णिमा ८५ पू. ४३ पृ.

(ख) पशुपतिमन्दिरपरिसरको भित्रको शिलालेख, (धनवज्रले पेटेकलाई दिएको) मे. हि. नेपाल १६३ पृ.

(ग) पाटन सप्तपुरमहाविहारमा रहेको बुद्धमूर्तिको शिलालेख, मे. नेपाल, ३ भाग ५० पृ.

(घ) आख्यातरत्नकोश, रा. अभिलेख ३,६८५, मेडिवल्, हिष्ट्री अफ् नेपाल, १६३ पृ.

(ङ) सुमतिसिद्धान्त, केशरपुस्तकालय सं ८२, सुमतितन्त्र (सुमतिसिद्धान्त) परिशिष्ट ११९, पृ.

(च) दिव्यौषधिनाममाला रा. अभि. ५, ७२४३ मे.हि नेपाल १६४ पृ.

(छ) बृहत्कालोत्तरतन्त्र. रा. अभिलेख- ५,७७८, मेडिवल् नेपाल १ भाग ४२० पृ.

(ज) ज्योतिर्मल्लकालीन ताडपत्र (व्यक्तिगत संग्रहमा रहेको) रोलम्ब १३/३

(झ) नेत्रज्ञानार्णवमहातन्त्र. केशरपुस्तकालय ३२ सं., मे. हि. नेपाल -१६४ पृ.

(ञ) फार्सापत्रको ताडपत्र, रा. अभि. २२५२/१८ सं. पूर्णिमा ७५ पृ. १२ पृ.

(ट) सुबन्तरत्नाकर, क्याम्ब्रिज् युनिवर्सिटी लाईब्रेरी सं, १४८, बेण्डालहिष्ट्री -२८ पृ.

(ठ) ज्योतिराजकरणस्य नेपालभाषा, रा. अभि· १,४४०

(ड) हरमेखला रा. अभि. १,१०७६,५ शास्त्रीक्याटलग् १।३६-३६ पृ.

(ढ) ज्योतिराजकरण, रा. अभि· ५,६९९ मे.नेपाल १।४१२ पृ.

(ण) भादगाउँ ववथलुटोल नजीकको सूर्यमन्दिरको शिलालेख, भक्तपुर शिलालेख सूची - ६, मे. नेपाल ३, भा. ५३-५४ पृ.

(त) वैराग्यशतक - केशरपुस्तकालय सं. ३९

(थ) काष्ठमण्डप अगाडिको भित्ताको ताम्रपत्र मे. नेपाल ३, भा. ५४-५५ पृ.

(द) महालक्ष्मीव्रतमाहात्म्यव्याख्यानसमुच्चय, रा. अभि. ५, ३७१

(ध) दशक्रियाविधि- रा. अभि. १,१०७७,११ मे.हि.नेपाल १६५ पृ.

(न) आर्यातारा स्रग्धरास्तोत्र रा. अभि. ५, १३४ म.नेपाल १।४२१ पृ.

(प) महाभारत, महाप्रस्थानपर्व, रा. अभि. ३, ३६५,३ शास्त्रीक्याटलग् २।५० पृ.

(फ) यंकुलिवर्माकी पत्नी मदनलक्ष्मीको पाटन भंडारखालको बगैंचाभित्रको शिलालेख, अभिलेखसंग्रह १० भा. ४ पृ.

(व) पाटन इवावहिको मूलद्वारमाथि रहेको ताम्रपत्र मे.नेपाल, ३, भा. ५६-५७ पृ.

(भ) नामसंग्रहनिघण्टु, लेनिनग्राद पब्लिकलाइब्रेरीजर्नल अफ् रोयल एसियाटिक सोसाइटी - ६८८, सं. ३, मे .हि. नेपाल १६७ पृ.

(म) पीठावतारस्तोत्र, केशरपुस्तकालय सं, ४७, मे. हि. नेपाल १६७ पृ.

(य) पाकविधिनिघण्टु, रा. अभिलेखालय ५, ३९५, मे. नेपाल १,४२२

चतुर्थ प्रकरण

३ अध्याय

केन्द्र र स्थानीय शासक

नेपालदूनका विभिन्न क्वाठ (किल्ला) मा क्वाठनायकहरू केन्द्रको राजगद्दीलाई मानेर शासन चलाउँथे । पाटनमा सतभैया खलकका तीन मुख्य महापात्रको प्रधानता थियो । बनेपा, फर्पिङ्ग, नुवाकोट आदि बाहिरका प्रदेश विषय कहलाउँथे । तिनमा विषयपति वा सामन्तहरू शासन चलाएर आएका थिए । वेलामौकामा स्वतन्त्र हुन खोज्ने यिनैको परस्परको संघर्षको कथा नै यस समयको इतिहास हो । पाएसम्मका प्रमाणले हामीले त्यस विषयमा चर्चा गर्दै आएका छौं ।

शय वर्ष पहिलेदेखि नै पलाञ्चोकपूर्व र नुवाकोटपश्चिमका पाहाडी प्रदेशका सामन्त राजाहरूको नामोनिशान भेटिँदैन । नुवाकोटपश्चिमका सबै पाहाडी प्रदेश सिंजाराज्यमा सम्मिलित भएर र नेपाल दक्षिणपूर्वको भाग तेह्रौंतराज्यमा गाभिएर नेपालको केन्द्रबाट अलग भइसकेका थिए । हरसिंहदेवको पतनपछि बनेको तेह्रौंतराज्यको अभिभारा बोकेका महामन्त्री चण्डेश्वरले, दोलखाप्रदेशको रजगाउँ कब्जा गरेको[१] र दोलखाका एकजना सज्जन शुभराजले चाँगुनारायणलाई वि.सं. १४५० मा एक पानस चढाएको कुरा थाहा हुन आएको छ ।[२] दोलखाको स्थिति कस्तो थियो, ग्गे राम्ररी भन्न गाह्रो छ । शायद यो प्रदेश पलाञ्चोकको अधीनमा भएको बुझिन्छ ।

जयस्थिति मल्लले अन्तिम समयमा आफ्ना प्यारा हितैषी मन्त्री जयतलाई सामन्तको दर्जा दिएका थिए । जसराम जोधापति (योद्धापति) थिए । चाँगुको किल्ला राजधानीको नजीकै हुँदा यिनै दुईका मातहतमा थियो ।[३] चाँगुकोटको रक्षाभार चाहिँ राजाका प्यारा प्रधान क्वाठनायक तेजद्युतिले लिएका थिए । अरू जयतराज र अमेभरराज (अम्बेवर) पनि त्यहाँ खटिएका थिए । धर्म मल्ल ज्योतिर्मल्लका जुवाइँ जयभैरव मल्लले पनि राजा (नृपति-भूपाल) कै दर्जा पाएका थिए ।[४] ज्योतिर्मल्लका पालामा अमात्य जयवर्माको र पाटनको दक्षिण येथोविहारका प्रधानाङ्ग मूर्त्यङ्ग महापात्र तेजवर्मा नायकको नाम पनि निकै प्रसिद्ध थियो ।[५]

पाटनका महापात्र

पाटनका शतभैया खलकका दक्षिणविहारका प्रधान महापात्र राजसिंह मल्ल वर्मा थिए। पहिलेका उत्तरविहारका जयसीह मल्लले जस्तै यिनले पनि 'भग्नराजस्थापनाचार्य लोभिराजगजाङ्कुश शरणागतराजवज्रपञ्जर' भन्ने पदवी लिएका थिए। यसका अतिरिक्त 'दैत्यनारायण' भन्ने पद पनि लिने यिनी र अरू 'चक्रनारायण' पदवी लिने प्रधान महापात्र उदयसिंह मल्ल वर्मा, 'अचुकनारायण' पदवी लिने प्रधान महापात्र धर्मसिंह मल्ल वर्मासमेत तीन मुख्य थिए। 'असुरनारायण' पद लिने प्रधान महापात्र रुद्रसिंह वर्मा र 'वीरनारायण पद' लिने भीम मल्ल वर्मा गरी पाँच महापात्रहरू मिलेर ज्योतिर्मल्लको राज्यकालमा पाटनको राजविहारमा गन्धुली बुद्धभट्टारकको सुवर्णप्रतिमा स्थापना गरेका थिए, त्यसै अवसरमा लक्षहोम गरिएको थियो, त्यसमा राजा पनि सम्मिलित थिए।[६]

अर्का ठाउँमा महापात्र राजसिंहका साथमा महापात्र नाथसिंहको पनि नाम आउँछ।[७]

माथि उल्लिखित पाटनका पाँचै महापात्रले नारायण अङ्कित प्रशस्ति लिएका छन्। नेपालका केन्द्रका राजाहरूले नारायण अङ्कित प्रशस्ति लिन थालेको स्थिति मल्लका पालादेखि देखिन्छ। स्थिति मल्ल 'वीरनारायण' वा 'असुरनारायण' भनिएका र ज्योतिर्मल्ल 'दैत्यनारायण', कीर्ति मल्ल 'रूपनारायण' कहिएका छन्। यही सिको गरी पाटनका महापात्रले नारायणमा विभिन्न पद जोडी आफ्नो उपाधि बनाएका हुन्। बडा महामात्य जयसिंह रामवर्द्धनले 'गोपीनारायण' भन्ने पदवी लिएका थिए। त्यस्तै फर्पिङ्का सोलङ्कीकुलका महाराउत यूथसिंह 'मत्स्यनारायण' भनिन्थे। उहींका जैत्रसिंह 'संग्रामनारायण' कहिन्थे र राजसिंह 'रूपनारायण' भनिन्थे।[८] तेह्रौतका ओइनवारवंशका राजा शिवसिंह पनि 'रूपनारायण' पदले सुशोभित थिए।[९] वि.सं. १३९७ को जुम्लाको ताम्रपत्रमा राजा शक्तिब्रह्मलाई 'रायरूपनारायण' भनिएको छ।[१०] नुवाकोटका रत्नज्योतिलाई 'वीरनारायण' भन्ने पदवी दिइएको छ भने त्यहींका पछिका शासक रिपु मल्लले विष्णुको भक्ति गर्दै आफूलाई 'गरुडनारायण' भनेका छन्।[११] डोटीका राजा निरयपाल 'प्रतापनारायण' कहलिएका थिए।[१२] सिजाका मल्लराजाहरूमा आदित्य मल्ल राजकंसनारायण[१३] पृथ्वीमल्ल 'राजवलिनारायण' र पुण्य मल्ल 'राजचक्रनारायण' पदवीले सुशोभित थिए। चम्पारनका बाहुन राजा मदनसिंह 'दैत्यनारायण' कहिएका थिए।[१४] यसरी यो नारायण पद अत्यन्त लोकप्रिय भएर चलेको थियो। पालपाली सेनवंशी राजाहरूले माथि उल्लिखित कीर्ति मल्लले र तराईका शिवसिंहले लिए जस्तै यही 'रूपनारायण'को उपाधि लिएका थिए भने शाह राजाहरूले 'नरनारायण'को पदवी लिँदै आएका छन्।[१५]

पाटनमा महापात्रको शासन चलेको र तिनमा तीनवटा महापात्र प्रमुख थिए। पछि यक्ष मल्लले संघटन गर्दा पाटनका मुख्य अधिसरा उदयसिंह भारो थिए। यक्ष मल्लले छोरा राय मल्लसहित भएर सुवर्ण तुलादान गर्दा त्यस पर्वमा यिनै उदयसिंहले महाभारत नाटक देखाएका थिए। परन्तु यक्ष मल्लको शेषपछि उनका छोराहरूले राज्यविभाजन गर्दा पाटनमा वन्थुनिह्म यंकुली वर्माका सन्तान ज्येष्ठविहारका महापात्र शक्तिशाली भएर पाटन राज्य अँठ्याएर स्वतन्त्र शासन चलाउन लागे।

वि.सं. १४७१ तिर यी यंकुली वर्मा साधारण पात्र थिए। यिनले पत्नी मदनलक्ष्मी र छोरा जयसिंहसहित भएर शिवरात्रिव्रतप्रतिष्ठा गरी आफ्नै घरआँगनमा साम्बसदाशिवप्रीतिका लागि पञ्चामृतस्नान होम गर्न र बिल्वपत्र चढाउन केही जग्गा गूठी राखेका थिए।[१६] यंकुली वर्माको निधनपछि उनकी पत्नीले पूर्णिमाव्रतप्रतिष्ठा गरी वि.सं. १४८३ कार्तिक शुक्लपूर्णिमाका दिन चन्द्रमाको मूर्ति स्थापना गरेकी थिइन्।[१७] यिनैका छोरा जयसिंह भए, जयसिंहका छोरा कीर्तिसिंह र नाति कुसुमसिंह भए। यक्ष मल्ल मरेपछि यिनले पाटनमा राम्रैसँग स्वतन्त्र हुने अवसर पाए।[१८]

जयसिंहका बारेमा चाहिँ नेपालको इतिहासमा धेरै भ्रम फैलिएकोले प्रसङ्गवश त्यसतर्फ पनि अलिकति विचार गर्नुपरेको छ। पाटनका महापात्र जयसिंहले 'महीरावणवध' नाटक र 'रामाङ्कनाटिका' आदि धेरै पुस्तक सारेका थिए।[१९] वि.सं. १४३७ मा तयार गरिएको 'रामाङ्कनाटिका'को अर्को संस्करणमा महापात्र जयसिंहको वर्णन गरिएको छ। प्रस्तावनामा पात्रवंशका श्रेष्ठ नायक जसकीर्तिरामको नयाँ पुर (क्वाठ) प्रवेशको उत्सवमा नाटक देखाइएको भनिएको छ र 'पुष्पिका'मा पाटनका दक्षिणविहारका महापात्र राजसिंह, जयसिंहको प्रशंसा गरिएको छ।[२०] यसमा कसैले 'महीरावणबध' नाटक सार्ने जयसिंह र यी जयसिंह एउटै भने, झन् कसैले त नायक जसकीर्तिराम र जयसिंहलाई पनि एउटै माने।[२१] डिल्लीरमण रेग्मीले चाहिँ यिनलाई यंकुली वर्माका छोरा जयसिंहसँग सामञ्जस्य गर्ने साहस गरी समय नमिलेकोमा चाहिँ उनले पुष्पिकावाक्यको मिति नै अशुद्ध भएको हो, यसको सहीट मिति यक्ष मल्लका समयमा वा यसभन्दा थोरै अघि हुनुपर्छ भन्ने अड्कल लगाए।[२२]

जयसीह जयसिंहकै प्राकृत रूप हो, तापनि यी दुई व्यक्ति एकै हुन सक्तैनन्। जयसींह उत्तर न्ह्वोलविहारका महापात्र र जयसिंह दक्षिणविहारका महापात्र थिए। यंकुली वर्माका छोरा जयसिंहसँग पनि यिनको सामञ्जस्य हुन सक्तैन। जयसिंहको वतन दक्षिणविहार थियो भने यंकुलीको वन्थुनि ह्म थियो। दक्षिणविहारका महापात्रले मल्ल वर्मा भनेर पनि लेखेका छन् भने यंकुलीका छोराको त्यस्तो उपनाम देखिँदैन। 'रामाङ्कनाटिका'मा उल्लिखित जयसिंह

राजसिंहको रूपमा कहलिएर वि.सं. १४३७ मै प्रतिष्ठित शक्तिशाली भइसकेका थिए। यंकुलीका छोरा जयसिंह वि.सं. १४७२ मा बालकै थिए। पछि यिनका वंशज महापात्रको रूपमा ज्येष्ठविहारमा प्रतिष्ठित भएर राजासहह भए। 'रामाङ्कनाटिका'को मिति अक्षराङ्कमा भएबाट अशुद्ध भयो कि भन्न वा सच्याउन सम्भव छैन। त्यस कारण रेग्मीको मत स्वीकार्य हुँदैन ।

फर्पिङ्गका शासक

मध्यकालमा नेपालदून केन्द्रको अधीनमा रहेको र ठाउँठाउँका क्वाठनायकहरूद्वारा शासित थियो, बाहिरका प्रदेश विषयमा विभाजित थिए। तिनमा फर्पिङ्ग पनि एक विषयको रूपमा गनिन्थ्यो। यसमा विषयाधिपति शासन गर्दथे। वि.सं. १३१७ मा राजा भीमदेवका पालामा फर्पिङ्गमा विषयाधिपति महासामन्त जैतरामजीवको नाम फेला परेको थियो।[२३] चौध वर्षपहिले वि.सं. १३०३ मा फर्पिङ्गमा शासन गर्ने विषयाधिपति महासामन्त जैतमल्लजीवको नाम देखिन आएको थियो।[२४] जैतरामजीव नै जैतमल्लजीव हुनु धेरै सम्भव देखिन्छ।

यसपछि फर्पिङ्गमा सोलङ्कीकुलका राउतहरूको शासन देखिन आउँछ। महाराउत जैतसिंहको चर्चा माथि नै गरियो। वि.सं. १४२९ मा जयार्जुनदेव मल्ल र जयस्थिति मल्लको शासनकालमा फर्पिङ्गमा जूटसिंह शासन गर्दथे। यिनी काठमाडौंका मूर्त्यङ्गपात्र राजहर्ष भल्लोकका भानिज पर्दथे । वि.सं. १४४१ मा यूथसिंह आफ्ना भाइहरूका साथमा जयस्थिति मल्ललाई मानेर फर्पिङ्गमा शासन चलाएर बसेका थिए। यूथसिंहका भाइहरू जैत्रसिंह, राजसिंह र योद्धसिंह (युद्धसिंह) नामका थिए।[२५] यूथसिंहको मृत्युपछि वि.सं. १४६४ मा जयधर्म मल्ललाई मानेर फर्पिङ्गमा शासन गर्ने महाराउतहरूमा जैंत्रसिंह, योधसिंह, रामसिंह र देवसिंहको नाम देखिन आउँछ।[२६]

यक्ष मल्लका पालामा उनको सार्वभौमसत्तालाई स्वीकार गरेर फर्पिङ्गमा शासन गर्ने शक्तिसिंह राउत थिए। वि.सं. १५१० मा यक्ष मल्लले गरेको संघटनमा सामेल भएर सन्धिसम्झौता गर्नेमा फर्पिङ्गका शासकमा शक्तिसिंह राउतको नाम देखिएको छ।[२७]

नुवाकोटका सामन्त

यस अवधिमा नुवाकोटको स्थिति धेरैजसो अस्पष्टै रहेको छ। यो प्रदेश भोट-भारत व्यापार गर्ने केन्द्र केरुङ जाने बाटोमा पर्ने हुँदा ज्यादै महत्त्वपूर्ण पनि थियो र केही समय अघिसम्म सिंजा र त्रिपुरराज्यको सीमावर्ती क्षेत्र पनि यही थियो। यसैले गर्दा यहाँका सामन्त मौका पऱ्यो कि स्वतन्त्र हुने चेष्टा गर्दथे। रुद्र मल्लले यसलाई कज्याएर केन्द्रसँग मिलाएका

थिए, तापनि उनको शेषपछि केन्द्रको आन्तरिक गडबडीको अवसरमा यसले स्वतन्त्र हुने अवसर पायो। यसैले सामन्त शासक गज जयसिंह जुगहरूले स्वतन्त्र जस्तो रूपले शासन गर्ने पनि मौका पाए। देवलदेवीको प्रभुत्व भएको वेला वि.सं. १४०९ को हिउँदमा त्रिपुरबाट जयकीर्तिको नेतृत्वमा एक दल सैनिक नागार्जुनको बाटो र सास महाथ (महामात्य) को नेतृत्वमा अर्को दल लेलेको बाटो दक्षिणतिरबाट गई नुवाकोटमा आक्रमण गरेका थिए। यो आक्रमणपछि नुवाकोट त्रिपुरकै छत्रछायामा रह्यो। तर यसमा आन्तरिक कलह पनि कम थिएन। त्यहाँबाट निकाला गरिएका नुवाकोटका महामात्य जेतपाल शरण पर्न आएर टोखामा बसेका थिए। आफ्ना विरोधीलाई शरण दिएकोले नुवाकोटले त्रिपुरलाई कर तिर्न छाड्यो। यसमा सैनिक कारबाही हुँदा त्रिपुरका सेनापतिले नुवाकोटको सलंक्वाठ कब्जा गरी त्रिपुरमा मिलाए। पछि नुवाकोटले सम्झौता गरी त्रिपुरलाई सिर्तो बुझाएर सलंक्वाठ फिर्ता लग्यो।[२८]

नुवाकोट केरुङ जाने बाटोमा पर्ने हुँदा यसलाई नकब्ज्याई वा सलमा नल्याई त्यताबाट हुने भोट-भारतको व्यापार हुन सक्तैनथ्यो। बनेपाराज्यको अधीनमा कुती खासा भएकोले बनेपालीको हातमा भोटको व्यापार र तेह्रौंतेको हातमा मधेशको व्यापार थियो। जयस्थिति मल्लको उदयमा नुवाकोटको स्थिति साधारण नै रहेको बुझिन्छ। उनले सलले बलले सामन्त र क्वाठनायकहरूको शक्ति क्षीण पारेका थिए। जयसिंहरामसँग उनको मेल भएबाट सामान्यतः बनेपातर्फबाट हुने व्यापार कारोबार राम्रै चलेको थियो। तर वि.सं. १४४१ मा बनेपाली र तेह्रौंते व्यापारीहरू मिलेर सामानको भाउ वृद्धि गरेर महँगो पारेर बेच्न लागे। भोटबाट आउने नून, सुन, चाँदीको भाउ बढ्यो, लाउने लुगाकपडा र खाने दालचामल पनि यहाँ चलेको बजारभाउभन्दा धेरै बढाएकोले शहरवासीले किनेर खानै सकेनन्।[२९] यस साल यहाँ ठूलो संघर्ष पनि चलेको थियो, भोटेहरूले विद्रोह गरेका थिए। शायद व्यापारको कुरालाई लिएर अनमन हुँदा केन्द्रसँगैको यो विद्रोह थियो। सबै सामन्त क्वाठनायकको सहयोगले स्थिति मल्लले यो विद्रोह-संघर्ष शान्त पारे। यसमा सम्झौता हुँदा नुवाकोटले साखरक्वाठ लियो, टोखा र कपनक्वाठ बनेपाले लियो, फर्पिङले सलंक्वाठ आफ्नोमा सामेल गऱ्यो। पाटनका जोगराम मुलमीले फिसरीक्वाठ कब्जा गरे। यसरी केही किल्ला बाँडफाँड गरी आफ्नो आफ्नो परिश्रमको भागफल सबैले पाए।[३०]

केही वर्षपछि अर्थात् जयस्थिति मल्लको अन्तिम समयमा वि.सं. १४४९ मा नुवाकोट स्वतन्त्र अस्तित्वमा आएको प्रमाण पाइन्छ। त्यहाँका रत्नज्योतिर्देवले राजाधिराज परमेश्वर परमभट्टारकको रूपमा आफूलाई स्वतन्त्र शासकको हैसियतमा पुऱ्याएका थिए।[३१] तर यसपछि यिनको वा यिनका सन्तानको स्थिति त्यहाँ के कस्तो भयो सो थाहा पाइएको छैन।

यसको धेरै वर्षपछि वि.सं. १४९८ मा यक्ष मल्लको पालामा त्यहाँ एकजना रिपु मल्ल नामक शासकले नारायणलाई पानस चढाएर अङ्कित गराएको अभिलेख पाइएको छ। यसबाट पनि यस वेला नुवाकोट यक्ष मल्लको अधीनमै भएको बुझिन्छ।[३२] रिपु मल्लले आफूलाई

विष्णुको भक्त चन्द्रवंशी गरुडनारायण भने पनि स्वतन्त्र शासकको वा सामन्तको रूप पनि नदेखाएकोले यिनी साधारण शासक देखिन्छन्। वि.सं १५२४ मा यक्ष मल्लले वैश्य सामन्तलाई मासी नुवाकोटलाई केन्द्रमै गाभेर शासन चलाएको हुनाले [३३] यसको छुट्टै अस्तित्व समाप्त भएर गयो, पछि उनका छोराले राज्यविभाजन गर्दा यो प्रदेश काठमाडौं राज्यको अधीनस्थ भएर रह्यो।

बनेपाराज्य र वर्द्धनवंश

यति वेलाको नेपालको स्थानीय शासकको विषयमा चर्चा गर्दा बनेपा वा पलाञ्चोक राज्यको अलिक विस्तारसँग खुलाएर वर्णन गर्नु आवश्यक छ। नेपालदूनको पश्चिमको नुवाकोट जति धेरै महत्त्वपूर्ण किल्ला मानिन्थ्यो, त्यत्तिकै महत्त्व पलाञ्चोकको पनि थियो। पलाञ्चोक वा बनेपाले त एक राज्यकै रूप लिएको थियो। स्थानीय बोलीचालीमा भोन्त वा भुवन्तराज्य भनेर यो सम्वोधित हुन्थ्यो। पछि यसलाई भोटराज्य पनि भनिन्थ्यो। मध्यकालमा भोट र भारत आवतजावत गर्ने घाँटीमै यो अवस्थित भएबाट यसको महत्त्व झन् बढेर आयो। तीरभुक्ति (तेह्रौंते) को समृद्धि भएको वेला यो प्रदेश उसकै अधीनमा गएको र त्यसबाट भोटको व्यापार कारोबार चलेको हुँदा यसको समृद्धि बढेको थियो। भुक्तिकै अनुकरणबाट भुक्ति- भोन्ति- भोन्त हुँदै यसको नाम भोट भएको भन्ने सम्भावनाको चर्चा माथि नै परिसक्यो। यसले राज्यको रूप लिएपछि यससँग नेपालदून र तेह्रौंतको बीचमा भएगरेका संघर्षका कथा पनि हामीले यथा स्थानमा उल्लेख गर्दै आएका छौं। बङ्गाल र मिथिलाबाट जलेश्वर, जनकपुर, सिन्धुली हुँदै यस राज्यभित्र पसेर कुती फल्याक हुँदै भोट गएर व्यापारको आदानप्रदान हुँदा यस राज्यको समृद्धि पनि निकै बढेको थियो। यसमा बस्ने वर्द्धनवंशी वैश्यहरू भोट-भारतको व्यापारले र राजकीय अधिकारले पनि निकै प्रतिष्ठित र सम्मानित थिए। पहिले बनेपाराज्यका शासक राजाका रूपमा परिचित थिए। त्यहाँका शासकलाई सामन्त, महासामन्त वा विषयपति भनिएको देखिंदैन। अभय मल्लपछि यस राज्यको बढोत्तरी हुन आयो, यसमा पोह मल्लहरूले काठमाडौं कब्जा गरेर मूल राजसिंहासनमा आफ्नो हात पारेपछि त्रिपुर केन्द्रका राजा र बनेपाली राजघरानासँग सन्धिसम्झौता हुँदा आलोपालोसँग राजा र युवराजको पद, प्रतिष्ठा, अधिकार पाउने नियम बाँधिएको थियो। बीचमा रुद्र मल्लले यो नियम तोडे पनि उनले सिंहासनारूढ गराएका राजाका अवसानपछि नै पुनः सो नियम लागू हुन आयो। स्थिति मल्लको उदय र जयार्जुनदेवको मृत्युपछि राजा उपराजको व्यवस्था मासियो। स्थिति मल्लले स्वयं राजगद्दी हस्तगत गरे, बनेपाली राजपरिवारको अधिकार तोडे पनि उनले त्यहाँका शक्तिशाली महामन्त्रीखलक रामवर्द्धनपरिवारसँग सम्झौता गर्नुपर्‍यो र त्यहाँको अधिकार तिनैलाई

सुम्पनुपर्‍यो। बनेपाराज्यको रायसल्लाह र बलमद्दतविना केन्द्र केही पनि गर्न सक्तैनथ्यो। यहाँका सान्धिविग्रहिक अधिकारसम्पन्न रामवर्द्धनपरिवार नै मन्त्रीखलक थिए। जयरुद्र मल्लद्वारा अधिकार पुछिएका राजदेव राजा त्यतिका वर्षपछि आएर तिनै रामवर्द्धन परिवारको भरमद्दतले सिंहासनारूढ हुन सके, थिनैका मद्दतले आफ्नो स्थिति मजबूत पार्न सकेका थिए।

पहिले त स्थिति मल्लसँग जयसिंहरामवर्द्धनको राम्रो खुलस्त मन मिलेको थिएन, ठिमीयुद्ध हुँदा स्थिति मल्लको विरोधमै थिनी थिए। त्यस युद्धमा विजय प्राप्त गरेपछि पाटनमा स्थिति मल्लको प्रभुत्व जम्यो र त्यहाँ उनको भव्य स्वागत भयो, यसपछि स्थिति मल्ल र जयसिंह मल्लका बीचमा सम्झौता भयो, उनले जयस्थिति मल्लको सार्वभौमसत्तालाई स्वीकार त गरे, तर बनेपाराज्यमा चाहिँ स्वतन्त्र शासन गर्न पाउने अधिकार पनि थिनले प्राप्त गरे। काठमाडौं इलाकामा पनि पहिलेदेखिको बनेपाराज्यको अधिकार कायमै भयो र यसमा पनि स्थिति मल्ललाई मानेर उनैले शासन चलाउन पाउने अधिकार पाए। जयार्जुनदेवपछि जयसिंहरामले स्थिति मल्लसँग मिलेरै आफ्नो पदप्रतिष्ठा बढाउँदै लगे।

जयसिंहरामका बाबुबाजे

तात्कालिक अभिलेखबाट जयसिंहरामका बाबुबाजेको नाम र उनका अवदानका कथा सुन्न पाइन्छ। जयसिंहरामका प्रपितामह जैत्रराम थिए। थिनको स्थिति कस्तो थियो भन्न सकिँदैन। उनका छोरा ज्योतिराम भए। थिनी बनेपाली राजघरानाका महामन्त्री थिए। थिनले राजदेव राजाको सत्ताप्राप्तिको लागि भरिसक्य प्रयास गरेका थिए। उनका छोरा अनेकरामले पनि त्यस वेलाका दरबारका अनेकौं घातप्रतिघातमा देवलदेवीको पक्षमा लागेर सफलता हासिल गरेका थिए। चतुरी महारानी देवलदेवीले पनि शक्तिशाली चल्तापुर्जा रामवर्द्धनपरिवारसँग मिलेर उनैका सरसहयोगले आफ्नो अस्तित्व र स्थिति मल्लको स्थिति मजबूत बनाएकी थिइन्। अनेकरामको मृत्युपछि उनका छोरा जयसिंहरामले बाबुको बिँडो थामे। बनेपाली युवराज जयार्जुनदेवका हजुरिया महामन्त्री भएर थिनले काम गरेका थिए।

जयसिंहरामवर्द्धन र मदनसिंहरामवर्द्धन

शुरूमा जयसिंहरामको सबभन्दा मुख्य शुभकार्य पशुपतिनाथको प्रतिष्ठा थियो। मुसलमानले तोडेको पशुपतिनाथको मन्दिर मूर्ति त्यसै पडिरहेका थिए। सम्पूर्ण हिन्दुजगत्कै आस्थाकेन्द्र देवाधिदेव पशुपतिनाथको मन्दिरको जीर्णोद्धार र मूर्तिको प्रतिष्ठापना गरी बनेपा र काठमाडौंका जनताको मात्र होइन सम्पूर्ण धार्मिक जनताको मनोभावनालाई थिनले आफूपट्टि आकृष्ट गरे। पशुपतिमा राखिएको एक शिलालेखमा बनेपाका राजगुरुले थिनलाई

'भरनपशुपतिस्थापनाचार्य' भन्ने पदवी दिएका छन्। यिनी सनातन हिन्दुधर्मका पक्षपाती थिए तापनि सबै धर्ममा समानताको व्यवहार गर्दथे। यिनका भाइ मदनरामसिंहवर्द्धन काठमाडौं इलाकामा शासक भएर बसेका थिए। यहींकी बाँडाकी छोरी जैत्रलक्ष्मीसँग यिनले बिहे गरेका थिए। स्वयं यिनी त परममाहेश्वर थिए, पलाञ्चोकमा पनि मदनेश्वरमहादेवको स्थापना गरेका थिए, ठूलो पोखरी खनाई जलशयननारायण स्थापना गरी तान्त्रिकविधानले त्रिपुरेश्वरीदेवीको सिद्धपीठको पनि स्थापना गरको थिए।[३४] पत्नी जैत्रलक्ष्मीको प्रेरणाले काठमाडौं इटुम्वहालमा दीपङ्कर बुद्धको स्थापना गरे, स्वयम्भूचैत्य र एकजटादेवीको जीर्णोद्धार गरे, जैत्रलक्ष्मीले पनि आर्यतारादेवीको सुवर्णप्रतिमा बनाएर त्यहीं विहारमा स्थापना गरिन् र सुनका सबै गहनाले युक्त तोरण बनाएर बुङ्मतीका रातो मच्छेन्द्रनाथलाई पनि अर्पण गरिन्।[३५] यिनका छोरा शक्तिसिंहराम थिए।

अर्को कुरा मदनसिंहरामले वि.सं. १४३९ मा इटुम्वहालमा शिलालेख राख्दा जयस्थिति मल्लको उल्लेख नगरी आफ्ना बाबुको वर्णन गरी दाजु जयसिंहरामको विजयराज्य भनी लेखेका छन्। आफूलाई 'त्रिपुरसुन्दरीवरप्रसादलब्ध' भनेका छन्। दाजुलाई 'मानेश्वरीवरप्रतिलब्ध' र बाबुलाई 'एकजटीचरणसेवक कान्तिवरलब्ध' भनेका छन्।[३६] मानेश्वरीदेवी नेपालको प्राचीन इष्टदेवी हुन् र कान्तिदेवी पनि काठमाडौंकी पुरानै देवी हुन्, कान्तिदेवी कान्तीश्वर महादेवका नामले कान्तिपुर शहरको नाम रहेको कुरा हामीले माथि नै उल्लेख गरिसक्यौं। कान्तिपुर शहरलाई बनेपाराज्यको छत्रछायामा राखेका हुनाले नै मन्त्री महोदयका प्रशस्तिमा यहाँकी देवीको ससम्मान नामोल्लेख हुन आएको थियो। यसमा अनेकरामलाई महामन्त्री र जयसिंहरामलाई 'महामन्त्राधिराजतिलक गोपीनारायण' पनि मानिएको छ।

मदनरामले जयसिंहरामको मात्र विजयराज्य भने पनि जयसिंहरामले जयस्थिति मल्लको सार्वभौमसत्तालाई अस्वीकार गरेका थिएनन्। जयस्थिति मल्लका धार्मिक राजनैतिक सामाजिक हरेक कार्यमा जयसिंहरामको महत्वपूर्ण सहयोग र सहयात्रा हुँदै आएको थियो। कमजोर राजापट्टि लाग्दा धोका पाइसकेका हुनाले स्थिति मल्लसँग मिलेरै पछि उनले आफ्ना राजालाई समेत हटाएर आफ्नो स्थिति सुधारिसकेको कुरा हामीले देखिसक्यौं।

जयसिंहरामले पशुपतिनाथको पुनः प्रतिष्ठा गर्दा आफ्ना राजा जयार्जुनदेव र रानी शङ्करदेवीलाई सम्मानसाथ निम्त्याएका थिए। राजा रानीलाई अघि लगाएर यो धार्मिक कार्य उनले सम्पन्न गरेका थिए। त्यस वेला महामन्त्रीले आफ्ना राजा जयार्जुनदेव र रानी शङ्करदेवीलाई चौपाटनको सिंहासनमा राखी एक किसिमको राज्याभिषेककै विधि पनि गराएका थिए। जयार्जुनको अवसानपछि चाहिँ जयस्थिति मल्ललाई मानेर उनले धार्मिक कर्म गरेका

थिए। वि.सं. १४४२ मा जयस्थिति मल्लले पशुपतिनाथमा सुखाडो (?) स्थापना गर्दा जयसिंहराम जजमान हुन आउनु, वि.सं. १४४३ मा जयस्थिति मल्लले तिलपात्र दान गर्दा सँगै आएर साथ दिनु, बुङ्मतीको राता मच्छेन्द्रनाथको रथयात्राको उत्सवमा छोरासहित भएर जयस्थिति मल्ल १४ दिनसम्म बस्ता जयसिंहराम सँगै बस्नु यस कुराका उदाहरण हुन्।

महारानी राजल्लदेवीको स्वर्गवास भएपछि जयस्थिति मल्ल एकमात्र महाराजाधिराज बन्न आए। बनेपाराज्यको हकदारको रूपमा जयसिंहरामको पनि शक्ति पदवीको वृद्धि हुन आयो। वि.सं. १४४४ मा लेखिएको 'वामकेश्वरतन्त्र'मा जयस्थितिराम र जयसिंहरामको समानता जस्तो देखाउन खोजिएको छ। जयसिंहरामलाई भोट (बनेपा) राज्यका अधिराज पशुपतिस्थापनाचार्य कान्तीश्वरी र इन्द्रेश्वरको वरप्रसाद पाएका भनी 'परमेश्वरमहामात्य' पनि भनिएको छ। [३७] यसबाट उनी स्थिति मल्लका लागि महामात्य भए पनि बनेपाराज्यका चाहिँ अधिराज नै भइसकेका देखिए। यसभन्दा अझ स्पष्टसँग जयस्थिति मल्लको र जयसिंहरामको स्थिति क्रियासारसमुच्चयको पुष्पिकावाक्यले प्रकट गर्छ। भुवन्त (भोट-बनेपा) राजकुलका महामात्य पलाञ्चोके मदनरामसिंहकी पत्नी जैत्रलक्ष्मीले वि.सं. १४४७ मा जैत्रवरमहाविहार बनाई वज्रासन भट्टारकको प्रतिष्ठा गरी सुवर्ण कलशको गजुर चढाई लक्षहोम पनि लगाएकी थिइन्। सप्तदीपङ्कर, तथागत आदि देवताको परिक्रमा जात्रा पनि भएको थियो। धार्मिक कार्य महाराजाधिराज जयस्थिति मल्लको विजयराज्यमा र भुवन्त राजकुलका महामात्य जयसिंहरामको प्रतिपालितराज्यमा भएको थियो र त्यस कार्यमा दुवै राजकुलको एकता भयो भनेर पनि लेखिएको छ।[३८] यसबाट त्रिपुरको राजकुल स्थिति मल्लको हातमा र बनेपाको राजकुल जयसिंहरामको हातमा रहेको देखिन्छ। जयसिंहरामले जस्तोसुकै विरुदावली लिए पनि बनेपा काठकाडौंका शासक भए पनि त्रिपुरको मूल सिंहासनको मान्यता राख्न र राजसंस्थाप्रति आदरभक्ति गर्न पनि छाडेका थिएनन्। वि.सं. १४४७ आश्विन कृष्ण औंसीका दिन सूर्यग्रहण लागेको थियो। यसै पर्वको दिनमा यो सबै समारोह सम्पन्न भएको थियो। यसै दिन एउटा ठूलो ऐतिहासिक कार्य पनि भएको थियो। भोटका शाक्य लामा र महाचीनका प्रतिनिधि आएका हुनाले उनीसँग सम्बन्ध पनि जोडिएको थियो।[३९] यो सम्बन्ध बाँध्नेमा अघिसरा महामात्य मदनसिंहरामवर्द्धन नै थिए। यसभन्दा पहिले आएको चीनियाँ प्रतिनिधिसँग पनि उनैले सम्बन्ध स्थापित गरेका थिए।

महामात्य जयसिंहरामले बुढेसकालमा धार्मिक भावनाले वा राजनीति चेतनाले समग्र महाभारत सुन्ने संकल्प गरी सो ग्रन्थ सार्न लाएका थिए। वि.सं. १४५१ - ५२ मा लेखिएका त्यसका कतिपय पर्व हाम्रो राष्ट्रिय अभिलेखालयमा अहिलेसम्म सुरक्षित छन्। शल्यपर्वको पुष्पिकामा जयस्थिति मल्ललाई पट्टबन्ध राजा भनिएको छ र जयसिंहरामलाई चाहिँ सम्पूर्ण

सामन्तका शिरोमणि महीपतीन्द्र पनि भनी काव्यात्मक भाषामा सबै भूमण्डलको रक्षाका लागि पृथ्वीमा अवतार लिएका साक्षात् कृष्णसम्म भनेको छ ।[४०] गदापर्वमा जयसिंहरामको कुल कान्तिदेवीको वर पाएकाले ऐश्वर्यशाली भएको हो भनी यिनलाई राजाका सबै गुण भएका, सबै शत्रु जितेका धर्मात्मा आदि भनिएको छ ।[४१] यसरी जयसिंहरामको र उनका परिवारको शक्ति र श्रीवृद्धि हुँदै आएको देखिन्छ । बनेपातिर त यिनीहरू साक्षात् राजासहह भएरै स्वतन्त्र शासन चलाउँथे । वि.सं. १४५० मा वणिक्पुरी (व्यापारीको शहर) बनेपामा सूर्यमूर्तिको स्थापना गरी राखेको एक शिलालेखमा जयसिंहरामलाई राजा भनेको छ, त्यहाँ दुई दाजुभाइको मात्र नाम लेखिएको र स्थिति मल्लको उल्लेख चाहिँ गरिएको छैन ।[४२]

वि.सं. १४५२ भाद्रमा जयस्थिति मल्लको मृत्युपछि जयसिंहरामको राजनैतिक स्थितिमा निकै परिवर्तन आयो । उनको मृत्युको लगत्तै दुई महीनापछि भोन्तराजकुलका गुरु राजपति शर्मा्ले पनौती इन्द्रेश्वरस्थानमा बसेर सारेको दशकर्मशास्त्रको पुष्पिकामा जयसिंहरामलाई महाराजाधिराज परमेश्वरपरमभट्टारक भन्ने पूर्ण राजकीय पदवी प्रदान गरिएको छ र उनैको प्रतिपालित राज्य पनि भनिएको छ ।[४३]

पहिले जयसिंहराम बडा महाथ र मदनसिंहराम साना महाथ भई शासनभार सम्हालेर आएका थिए । जयसिंहरामका छोराछोरीको उल्लेख पाइएको छैन । मदनसिंहरामका छोरा शक्तिसिंहराम थिए र बाबु चाँडै मरेकाले बाबुको स्थानमा उनै बहाल भएर साना मन्त्रीका नामले बडाबाबु बडा महाथसँग मिलेर राजकाज चलाउन लागे । वि.सं. १४५३ को नालाको धाराको एक अभिलेखमा जयसिंहराम राजाको एकच्छत्र राज चलेको र कनिष्ठ अमात्य (कान्छा काजी) जयशक्तिसिंहराम दुवैको विजयराज्य पनि भनिएको छ ।[४४] यसबाट यिनीहरू मूल राजसिंहासनको सम्मान राखेर पूर्वको बनेपाराज्यको इलाकामा स्वतन्त्र शासन चलाउँथे भन्ने कुरा अवगत हुन आउँछ ।

जयसिंहरामका राजनैतिक स्थिति र धार्मिककृत्य बुझ्न पनौतीको उनको सम्झनामा राखिएको ताम्रपत्र अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक प्रमाण देखिन आएको छ ।[४५] जयसिंहरामले आफ्नो राजनैतिक स्थिति कसरी सुधार्दै ल्याए र कसरी उनी सफल भए भन्ने सम्बन्धमा हामीले प्राप्त प्रमाणका आधारमा चर्चा गर्दै आएका छौं । यिनैका हातबाट जयार्जुनदेवको पुष्याभिषेक (राज्याभिषेक) भएको थियो । यिनैले खुट्टो झिकिदिँदा उनको पतन पनि भएको थियो । जयस्थिति मल्ललाई पट्टबन्ध राजा बनाउनेमा पनि यिनको ठूलो हात थियो, यिनैका सहयोगले स्थिति मल्लले सफलता हासिल गरेको कुरा हामीले देखिसकेका छौं ।

स्थिति मल्ल जस्तै यिनी पनि सनातन धर्मका पक्षपाती थिए र नै पशुपतिनाथको पुनः स्थापना, नारायणको स्थापना आदि काम यिनले गरे । महामन्त्री चण्डेश्वरले जस्तै यिनले

आफूसमानको भारको तौलमा जोखेर सूर्यग्रहण लागेका दिन सुवर्ण तुलादान गरे। फेरि सुनको रथ, सुनको कल्पवृक्ष बनाई हात्ती घोडा समेत गरी विद्वान् ब्राह्मणलाई दान दिए। उनले अठाह्र पर्व महाभारत लेखाएका थिए। त्यो सबै महाभारत गुरुमुखबाट विधिपूर्वक सुन्ने उनको इच्छा थियो। तर वनपर्वसम्म सुनिसक्ता उनको देहान्त हुने वेला भयो, वि.सं. १४५७ कार्तिक शुदि १४ का दिन उनी स्वर्गे भए। उनको स्वर्गवास हुँदा सारा दुनियाँमा हाहाकार मच्चिएर शोक व्याप्त भएको कुरा पनि उपर्युक्त तात्कालिक ताम्रपत्रमा उल्लिखित छ।

शक्तिसिंहरामवर्द्धन र चीनसम्बन्ध

जयसिंहरामका छोरा थिएनन्, भतिजा शक्तिसिंहरामले वनेपाराज्यको शासनभार सम्हाले। यसैले तात्कालिक ताम्रपत्रमा राज्याङ्कको भार बान्धवजनमा सुम्पेर जयसिंहराम विष्णुलोक गए भनी लेखिएको हो। जयसिंहरामको लक्ष्य गरेर गोपीनारायणका सुनका प्रतिमा बनाई स्थापना गरियो, इन्द्रेश्वर महादेवलाई पनि चतुर्मुखी सुवर्णकोष (ढकनी) बनाएर चढाइयो। प्रतिवर्ष उनका श्राद्धका दिन पशुपति चाँगुनारायण र विष्णुतीर्थमा पञ्चामृत चढाउन र ब्राह्मण, भिक्षुहरूलाई भोजन गराउन भनेर सुन गुठी राखियो।[४६]

जयसिंहरामका सेखपछि उनका भतिजा शक्तिसिंह पलाञ्चोकको राज्यभार सम्हालेर गद्दीमा बसे तापनि राजनैतिक चातुरी र धार्मिककृत्यले उनी बाबु वडा बाबु जस्ता चाहिँ भएनन्। वि.सं. १४६२ मा शक्तिसिंहरामको विजयराज्य पलाञ्चोक (पलखचो) मा लेखिएको गुह्यकालीतन्त्रमा प्रशस्तिविना नै यिनको नाम उल्लेख गरिएको छ।[४७] यसपछि शक्तिसिंहलाई सम्झाउने धेरै अभिलेख यहाँ त पाइएका छैनन्। चीनबाट मिङ्गवंशी बादशाह युङ्लोले वि.सं. १४७२ मा पठाएको संस्कृतभाषाको प्रवाना पशुपतिको भण्डारमा पाइएको छ। यसमा चीनका बादशाहले तिङतासी र रिजिन नामका चीनियाँ प्रतिनिधि पठाएर शक्तिसिंहरामलाई अनेकौं उपहार र सुवर्णको प्रवानाद्वारा सम्मानसाथ वाङको उपाधिले विभूषित गरिदिएका थिए।[४८] यसबाट चीनबादशाह र भोटका लामाहरूसँग सम्बन्ध बाँध्नेमा अघिसरा यिनी र यिनका बाबु वडाबावु न्या कटक घा घरसारका काजकाममा स्वतन्त्र थिए भन्ने कुरा स्पष्ट अवगत हुन आउँछ। चीनमा पाइएको वृत्तान्तमा पनि पहिले म त न ला मा (मदनसिंह) सँग चीनियाँ प्रतिनिधिले सम्बन्ध बाँधेको र यसभन्दा पछि चको सिन्थी (शक्तिसिंह) सँग सम्बन्ध जोडेको उल्लेख पाइएकोले पनि यही कुराको बोध हुन आउँछ।

यसपछि शक्तिसिंहरामलाई सम्झाउने बनेपामा गणेशमूर्तिमा कुँदिएको वि.सं. १४७३ को एउटामात्र अभिलेख पाइएको छ। बनेपाको यस लेखमा शक्तिसिंह राजाको विजयराज्य त भनिएको छ, तर उनको प्रशस्तिमा राजोचित विरुद चाहिँ नजोडी 'पशुपतिको पाउको धुलोले शिर पवित्र पारेका' मात्र भनिएको छ।[४९] यसपछि यिनका वा यिनका वंशजको

कुनै अभिलेख पाउन सकिएको छैन। चीनको वर्णनबाट वि.सं. १४८४ सम्म पलाञ्चोकमा यिनको शासन चलिरहेको देखिन्छ।

वर्द्धनवंशबारे विवादको विवेचना

यहाँनेर रामवर्द्धनवंशको बारेमा फैलिएको मिथ्या कथातिर पनि विचार गर्नुपरेको छ। हामीले स्थिति मल्लको वंशको विवेचना गर्दा भाषावंशावलीको एउटा पाठमा दिएको हरसिंहदेवको वंशवृक्ष हेर्‍यौं र त्यो वंशवृक्षमा गडबड परेको र नमिलेको कुरा पनि भनिसक्यौं। हरसिंहदेवका छोरा मतिसिंहदेव, नाति शक्तिसिंहदेव भनेर यिनलाई यिनै वर्द्धनवंशी मदनसिंहराम शक्तिसिंहरामसँग सामञ्जस्य गरेको कुरा चाहिँ विचारणीय छ। शक्तिसिंहदेवले २२ वर्ष राज्य गरेर आफ्ना छोरा श्यामसिंहको लागि गद्दी छाडिदिए, आफ्नो राजधानी पलाञ्चोकमा पारे र यिनले चीन-बादशाहमा सौगात पठाए, उताबाट बादशाहले पनि महाचीनाब्द ५३५ मा लेखेका प्रवाना र शक्तिसिंहका नाममा मुद्रा पनि पठाए र शक्तिसिंहलाई रामको उपाधि पनि प्रदान गरे, उनका छोरा श्यामसिंहले १५ वर्ष राज्य गरे, उनका पालामा ने.सं. ५२८ भाद्र शुदि १२ मा भयङ्कर भूकम्प भएर नेपालका असंख्य मानिस मरे, मत्स्येन्द्रनाथ आदि मन्दिर र घर भत्के। श्यामसिंहका छोरा थिएनन्, एउटी छोरी मात्र थिइन्, उनको विहे गरेर जुवाईं (जयभद्र मल्ल) लाई राजा बनाए भन्ने कुरा वंशावलीमा लेखिएकोमा[५०] हरसिंहदेवसँग स्थिति मल्लको वंश जोड्ने उद्देश्यले वंशावलीकारले वंशावलीमा भ्रम पारेको कुरा छँदैछ। वर्द्धनवंशलाई स्थिति मल्लका पूर्खा बनाउनु झन् उदेक्लाग्दो कुरा भएको छ। भाषावंशावलीमा चीनको वृत्तान्तमा मिङ्गवंशी बादशाहले मदनसिंहराम शक्तिसिंहरामहरूसँग दौत्यसम्बन्ध कायम गरेको कुरा परेको छ, तात्कालिक अभिलेख हस्तलिखित ग्रन्थ अवलोकन गर्दा यहाँका राजाको पुस्तावली अर्कै देखिन्छ। यस्तो स्थितिमा इतिहासकारहरू धेरै अलमलमा परेका छन् । यी सबै कुरा विचार गरेर चीनको इतिहास खोतल्ने सिल्भाँ लेवी, पर्सिवल ल्याण्डन र अरू स्वदेशी तथा विदेशीहरूले पनि त्यस वेला यहाँ द्वैध शासन कायम भएको र हरसिंहदेवका वंशज जयसिंहराम मदनसिंहराम र शक्तिसिंहहरू चाहिँ सर्वशक्तिमान् महाराजाधिराज थिए, पुराना शासक चाहिँ उनका अधीनमा थिए अर्थात् जयसिंहरामहरू श्री ५ महाराजाधिराजको स्थितिमा रहेका र अभिलेखमा देखिएका राजाहरू चाहिँ श्री ३ महाराजको रूपमा रहेका राणा प्रधानमन्त्री जस्ता थिए यसै कारण हरसिंहदेवका छोरानाति भनिएका मतिसिह-शक्तिसिंह-श्यामसिंहहरूले चीनबादशाहसँग सम्बन्ध बाँधी सद्भावनापूर्ण स्वीकृतिपत्र पनि प्राप्त गरेका थिए भन्ने निष्कर्ष निकालेका छन्।[५१] यसै मतलाई कतिपय इतिहासकारहरूले स्वीकार पनि गरेका छन्। चीन बादशाहसँग सम्बन्ध बाँध्ने वर्द्धनहरू निश्चयै उच्च स्थितिमा थिए भन्ने उनको धारणा रहेको बुझिन्छ।

फेरि कतिपय इतिहासकार भने एक्दम विपरीत मत प्रतिपादन गर्न पुगेका पनि छन्। जयसिंहरामहरू पहिले महामात्य थिए, पछि माहासामन्त भएर स्थिति मल्लका अधीनमै शासन गर्दथे। उनका अनुयायीले नपाएको पगरी गुताइदिएर महाराजाधिराजजस्तो ठूलो प्रशस्ति लेखेका हुन्।[५२] चीनवादशाससँग सम्बन्ध बाँधेकाले उनीहरू स्वतन्त्र महाराजाधिराज राजा थिए पनि भन्नु हुँदैन, उनका भाइ भतिजा बौद्धधर्मावलम्वी हुनाले बौद्धभिक्षुको नेतृत्वमा आएको चीनियाँ बौद्ध प्रतिनिधिमण्डलको स्वागत यिनले गरेका थिए र आफ्नो तर्फवाट प्रतिनिधिमण्डल पनि चीन पठाएका थिए अर्थात् यस प्रतिनिधिमण्डलको आवतजावत राजनैतिक नभएर धार्मिक थियो भन्ने उनीहरूको विचार रहेको वुझिन्छ।[५३] अव यी दुवै मतका बारेमा संक्षेपमा यहाँ समीक्षा गर्नुपरेको छ -

त्यस वेलाको नेपालको इतिहासको वास्तव स्थिति नवुझेर यस्तो भ्रम फैलिएको र अझसम्म यसको यथार्थ निरूपण हुन नसकेको हो। हरसिंहदेव र उनका रानी छोराको वास्तव स्थिति वुझेपछि बनेपाली वर्द्धनपरिवारको अवस्था हेरेपछि यो भ्रम स्वत: निवारण हुन जानेछ। हरसिंहदेवसँग यिनको कुनै सम्वन्ध थिएन, वैश्यवंशका वर्द्धनहरू बनेपाली राजपरिवारको खानदानी मन्त्रीखलक थिए, यिनको पाँच पुस्ताको इतिहास पत्ता लागेको छ। जयार्जुनको पतनपछि जयसिंहराम त्यस राज्यका हर्ताकर्ता भए। यिनी स्थिति मल्ललाई मान्यतासम्म राखेर बनेपाराज्यको इलाकाभित्रको शासन चलाउन सर्वतन्त्रस्वतन्त्र थिए। स्थिति मल्ल बाँचुन्जेल उनले राजालाई मिचेर आफ्नो पदवी बढाई नलेखे तापनि उनको शेषपछि नै उनी महाराजाधिराजको रूपमा आफूलाई परिचित गराउन पुगेका थिए। नेपालमा मल्ल राजाहरूको शासन प्रारम्भ हुनुभन्दा पहिलै बनेपाले राज्यको रूप लिइसकेको थियो। यसका मुकाम बनेपा, पनौती र पलाञ्चोक गरी तीनवटा थिए। अभय मल्लको कमजोर अशान्तिमय शासनकालमा बनेपाराज्यले आफ्नो शक्ति बढाउने अवसर पायो र काठमाडौंलाई जितेर यस राज्यले देउपाटनमा आफ्नो अर्को मुकाम कायम गऱ्यो। यसपछि यी दुवै राज्यका बीचमा एउटा विचित्रको समझदारी कायम भएर सम्झौता पनि भयो। एक्वंशको राजा हुँदा अर्को वंशको युवराज हुने अर्थात् त्रिपुरको राजा हुँदा बनेपाको उपराज हुने। बीचमा अलिक वर्ष खलवल परे पनि सयाशय वर्ष यही क्रमले व्यतीत भयो। जयस्थिति मल्लले यो नियम तोड्ने उद्देश्य त लिए, तर सफल भएनन्। यस राज्यको हालहुकूम उनले त्यहींका कुलीन मन्त्रिखलक्लाई सुम्पनुपऱ्यो। युवराज उपराज महामात्य वा महासामन्तको अधिकार पाएका यिनीहरू महाराजाधिराजै बन्न पुगे। यिनीहरू त सामान्य सामन्तै थिए, त्रिपुरको केन्द्रलाई मिचेर वा उनका अनुयायीहरूले फुँदा जोडेर त्यस्ता पदवी गुताइदिएका थिए भन्ने तर्क पनि युक्तियुक्त ठहर्दैन। केन्द्रको विनाबुझै त्यस्तो शक्तिप्रदर्शन गरेको वा

प्रशस्ति कुँदेको भए निश्चयै केन्द्रसँग टक्कर लिनुपर्ने हुन्थ्यो । त्यस वेलाको राजनैतिक स्थिति हेर्दा जथाभावी उनका गुरुपुरोहित वा हितैषीहरू यस्ता नचाहिँदो नपाएको पगरी गुताइदिने काम गर्थे भन्न पनि सकिँदैन ।

चीनबादशाहसँग बर्द्धनहरूको सम्बन्ध धार्मिकदृष्टिले हुन गएको थियो भन्न पनि सकिँदैन । किनभने यिनीहरू त्यस्ता कट्टर बौद्धधर्मावलम्बी पनि होइनन् । जैत्रलक्ष्मी बाँडाकी छोरी हुँदा आफ्ना कुलदेवता दीपङ्कर बुद्धको स्थापना गरिन्, पत्नीका प्रेरणाले मदनसिंहरामले काठमाडौं र पलाञ्चोकमा त्यस्ता बौद्ध देवता तारादेवीको प्रतिमा स्थापना गराए, विहार बनाए तापनि यिनीहरू सनातन धर्मका पनि बहुतै पक्षपाती थिए, स्वयं मदनसिंहले मदनेश्वर महादेवको र त्रिपुरसुन्दरीदेवीको स्थापना गरेका थिए । महादेवको, देवीको, गोपीनारायणको स्थापना हुनु अठाह्र पर्व महाभारत लेखाउनु, सुन्नु, सुवर्ण तुलादान गर्नु आदि धर्मकर्मले उनीहरू सनातन धर्मानुयायी थिए भंन्ने कुरा नै प्रकट गर्दछ । लिच्छविकालमा ठूला व्यापारी गुहमित्रले 'इन्द्र'नामक सूर्यको स्थापना गरे जस्तै भोट-भारतको व्यापारमा हात पसेका यिनले पनि सूर्यमूर्तिको प्रतिष्ठापन गरेको देखिनाले यिनको व्यापारी पेशा पनि प्रकट हुन आउँछ । यद्यपि त्यस वेला धर्ममा त्यस्तो कुनै पक्षपात हुँदैनथ्यो । सबै धर्ममा समान आस्था राखिन्थ्यो । स्थिति मल्ल बुङ्मतीको मच्छेन्द्रनाथको जात्रामा जान्थे, दर्शन गर्थे, ज्योतिर्मल्लले स्वयम्भूको जीर्णोद्धार गरेका थिए । यस कारण चीनियाँ प्रतिनिधिले राजासँग सम्बन्ध नबाँधी बनेपाली वर्द्धनवंशी शासकसँग सम्बन्ध बाँध्नु निश्चयै पनि रहस्यपूर्ण छ, यसतर्फ आँखा चिम्लनु पनि उचित पर्दैन ।

मध्यकालमा नेपालका पूर्व पश्चिमका जति पनि सामन्त राज्यहरू खडा भएका थिए, ती सबै भोटभारतको व्यापारी मार्गमै अवस्थित थिए । पूर्वका उदयपुर पश्चिमका गण्डीगुल्म मंग्वरविषय लमजुङ्गहरूलाई देखाउन सकिन्छ । 'भोटको व्यापारले नै यिनको समृद्धि बढेको थियो । बनेपाराज्य पनि यस्तै थियो । ठूला शक्तिशाली राज्यको छत्रछायामा नरही वैदेशिक व्यापार चलाउन सकिँदैनथ्यो । बाटोघाटो, घाट-जंधारको सुरक्षा नभई व्यापारीलाई माल लिएर आवत-जावत गर्नु ठूलो खतरा थियो । टाढाका बाटामा चोर डाँका ठगहरूको भय भइरहन्थ्यो । राज्यतर्फबाट सुरक्षा पाएर बन्दव्यापार चलाउन राज्यशक्ति मजबूत भएका वेला मात्र सकिन्थ्यो । अरू वेला कि त व्यापारीले आफ्नै मातहतमा सैनिक हातहतियार राखेर आफ्नो सुरक्षा आफैं गर्नुपर्दथ्यो , कि त मालसामान लिएर ओहोरदोहोर गर्न छाडेर शहर बजारमा कुरेर बस्नुपर्दथ्यो । नेपालको वैदेशिक व्यापार चलाउने सार्थवाहहरूमा प्राचीनकालदेखि प्राय: गरेर विदेशीहरू नै अघिसरा थिए । व्यापारको दृष्टिले राजकाजको कामले बसाई सर्दै आएका धेरै भारतीय मूलका मानिसहरू हाम्रो यहाँ शक्तिशाली र

वैभवशाली बनेर बस्तै आएका थिए। बनेपाराज्यमा पनि दक्षिणभारतबाट सिम्रौनगढ हुँदै उक्लेका त्यस्तै राजखलक र व्यापारीवर्ग व्याप्त थिए। तेह्रौतबाट उक्लेका त्यस्तै राजकुमारद्वारा त्यो राज्य स्थापित भएको थियो भन्ने कुरा हामीले देखेका छौं। भोट भारत व्यापार गर्दै आफ्नो स्थिति धेरै सुधारेर मन्त्री बन्न पुगेका वर्द्धनहरू पनि यस्तै वैश्य-व्यापारी थिए। यिनले धेरै अघिदेखि भोटको व्यापारलाई आफ्नो अधीन पारिराखेका थिए। यसैले यिनीहरू धनी, धेरै धर्मकर्म सुवर्ण तुलादान सुनको रथदान गर्नसक्ने पनि थिए। भोटको व्यापार कब्जा गर्न नेपालदून झर्ने मुख्य कुती र केरुङ्का दुई बाटामा अधिकार जमाउनु आवश्यक थियो, कुती त बनेपाराज्यको मातहतमा स्वत: समाविष्ट थियो, केरुङ्को बाटोमा अधिकार जमाउन काठमाडौंलाई दख्खल गर्नु आवश्यक थियो, यसैका लागि त्रिपुर बनेपाको लामो संघर्ष चलिरह्यो।

अभय मल्लपछि बनेपाराज्यले काठमाडौंलाई आफ्नै मातहतमा बनायो। यसैले दुवै राज्य मिलेर राजकाज चलाउनुपर्ने बाध्यता पनि आइपुग्यो। स्थिति मल्लका पालामा बनेपालीले त्रिपुरको गद्दीलाई माने तापनि आफ्नो भोटसँग हुने व्यापार र चीनसँगको सम्बन्धलाई पनि आफ्ना हातबाट उम्केर जान दिएनन्। कुती केरुङ मार्गमा उनैको अधिकार भएबाट आफ्ना चिरपरिचित भोटे लामा र चीनियाँ प्रतिनिधिसँग यिनैले सम्बन्ध कायम गरे। स्थिति मल्ल ज्योतिर्मल्लहरू तथा भोटे चीनियाँ प्रतिनिधिबीच सौगातको आदानप्रदान भए पनि भेट-मुलाकात गरे पनि औपचारिकरूपले सम्बन्ध वर्द्धनहरूसँगै भयो, चिठीपत्रको आदानप्रदानमा पनि उनैको नाम रह्यो।

वि.सं. १४४४ को शुरूमा स्थिति मल्लले त्रिपुरबाट कोसेलीको सामान लिएको एउटा दल काठमाडौं पठाएका थिए। यो दल पाटन हुँदै काठमाडौं केलछें पुगेको थियो। उसले ७६ जलसी पाट (?) लगेको थियो। सम्भवत: भोट चीन पठाउने यो कोसेली थियो। यसै साल चीनियाँ प्रतिनिधि नेपालबाट बिदा भएर चीन गएको थियो।

यसको तीन वर्षपछि पुन: चीनबाट एक प्रतिनिधिमण्डल नेपाल आयो। यसमा शाक्यमठका लामा पनि सम्मिलित थिए। वि.सं. १४४७ आश्विन कृष्णं औंसीका दिन सूर्यग्रहण लागेको थियो, त्यसै वेला मदनसिंहकी पत्नी जैत्रलक्ष्मीले पलाञ्चोकमा विहार बनाई बुद्धमूर्ति स्थापना गर्ने लक्षहोम गर्ने दिन थियो, त्यसमा जयस्थिति मल्लहरू पनि सम्मिलित थिए। त्यसै वेला भोट चीनसँग सम्झौता भयो, तर जयस्थिति मल्ल पर्यवेक्षकको रूपमा रहे, सम्झौता मदनसिंहरामसँग भयो। पछि युङ्लो बादशाहले पठाएका प्रतिनिधिमण्डलले पनि ज्योतिर्मल्लहरूसँग कुनै सरोकार नराखी शक्तिसिंहहरूसँग सम्बन्ध कायम गरी उनैलाई प्रवाना र उपहार पठाई वाङको उपाधि समेत दिएका थिए। वाङ भनेको राजा हो र यही उपाधि पछि श्री ५ रणबहादुर शाहलाई छियन्लुङ्ग बादशाहले प्रदान गरेका थिए।

यसबाट यी चीनियाँ प्रतिनिधिमण्डल धार्मिक उद्देश्यले मात्र आएका नभएर राजनैतिक उद्देश्यले पनि आएका थिए भन्ने कुरा बुझिन आउँछ। चीनबादशाहबाट वाङका उपाधिले विभूषित बनेका बनेपाली वर्द्धनवंशी वैश्य शासक सामन्तका रूपमा मात्र नभएर स्वतन्त्र शासक थिए भन्ने पनि विदित हुन्छ। जयसिंहरामले आफ्नो पुरानो बनेपाराज्यमा स्वतन्त्र शासन चलाएर काठमाडौंमा चाहिँ स्थिति मल्ल र उनका छोराका मातहतमा रहेर शासन गरेको देखिन्छ। शक्तिसिंहरामको काठमाडौंमा कुनै प्रभाव चिन्ह फेला पर्दैन, बनेपा-पलाञ्चोकको पुरानो राज्यमा यी स्वतन्त्र शासन चलाउँथे।[५४]

यहाँनिर एउटा पुरानो परम्परा र यस मान्यताले पछिसम्म कसरी काम गर्दै आयो भन्ने कुरा पनि बडो चाखलाग्दो छ। ज्योतिर्मल्लसम्म बनेपाराज्यले छुट्टै अस्तित्व कायम गरिरहेको थियो। यक्ष मल्लले यसको अस्तित्वलाई समाप्त पारेर केन्द्रमा यस राज्यलाई मिलाए। तर उनको मृत्युपछि उनका छोराहरूले पहिले संयुक्तरूपले र अनि पछि तुरुन्तै राज्य विभाजन गरेर भोग गर्न लागे। रत्न मल्लले काठमाडौंमा राजधानी कायम गरे, रण मल्लले बनेपामा। जेठा राय मल्ल भक्तपुरमा सीमित भए। पछि बनेपाराज्य मासिंदा भक्तपुरमा नगाभिएर आफ्नो पुरानो क्षेत्र काठमाडौंमा गाभिन आयो। त्यसैले गर्दा बनेपाले चर्चे जति सबै भू-भाग अर्थात् भोट जाने पूर्व कुतीको बाटो र पश्चिम केरुङ्गको बाटो तथा पूर्व दूधकोशीसम्मको इलाका पनि काठमाडौंकै राज्यका अङ्ग हुँदै आएर एकीकरणसम्म नै कायम रहे।

यहाँ अर्को चाखलाग्दो कुरा के छ भने जुन वेला वंशावलीको यो पाठ तर्जुमा भयो, त्यो तर्जुमा गर्नेका आँखा पशुपतिका भण्डारमा रहेको युङलोले शक्तिसिंहरामलाई पठाएको त्यस प्रवानामा पनि परेका थिए। त्यहाँ उल्लिखित संवत् महाचीनाब्द भनी लेखिएको भए तापनि त्यो नेपालसंवत् हो, नेपालसंवत्लाई महाचीनाब्द भन्ने नाम दिएर व्यापक बनाई युङ्लो बादशाहले आफूले पनि प्रयोगमा ल्याएर चीनकै संवत् चलाएको हो भन्ने कुरा देखाउने उद्देश्यले त्यसो लेखिएको हो। तिब्बती अनुवादमा राम लेख्दा लामा हुन गएकोले वंशावलीकार लामाको उपाधि दिएको भन्ने सम्झन पुगे र हरसिंहदेवको सिंहसँग वर्द्धनवंशी सिंहको साम्य पर्न गएकोले वंशावलीकारले यिनलाई उनकै वंशज भन्ने पनि सम्झिए।

तेह्रौतका ओइनवारवंशका एक अर्का हरसिंहदेव ब्राह्मण राजा भएका थिए, तिनका वंशधरको नाम मदनसिंह शक्तिसिंह थियो र तिनले चम्पारनमा शासन गरेका थिए। वंशावलीकारलाई सुनेका भरमा वंशावली कथ्ता त्यस कथाले पनि कताकता बहकाएको थियो र नै ती पछिका मधेसे हरसिंहदेवलाई जयसिंहराममा आरोपित गरी मदनसिंहराम शक्तिसिंहरामहरूलाई उनका छोरा नातिका रूपमा चित्रित गरी तिनलाई यहाँ तान्ने प्रयास गरेका थिए भन्ने पनि बुझिन्छ।

४.३ टिप्पणी

१. कपाठ ४७ कपत्र,
२. चाँगु, ऐ. सामग्री १६५ पृ. अभिलेख २१ सं.
३. उही १६३ र ६७ पृ. अभिलेख २१ र २४ सं.
४. **जामाता जयभैरवेति नृपतिर्भूपालचूडामणिः श्रीजीवरक्षापतिः** (७१ श्लोक) ज्योतिर्मल्लको अभिलेख, संस्कृतसन्देश १/११/७० पृ.
५. ज्योतिर्मल्लका पालाको उड्डीशसारसंग्रह र बृहत्कालोत्तरतन्त्रका पुष्पिका, मे.हि. नेपाल १६३ पृ. र मे. नेपाल ४२० पृ.
६. मेडिवल् नेपाल, ३ भा. ५६-५८ पृ.
७. उही
८. उही,
९. विद्यापतिको पुरुषपरीक्षाको पुष्पिका, मिथिलाक इतिहास १९३ पृ.
१०. प.ने. ऐ. अन्वेषण ८२, ८४ पृ. ऐ. सामग्री २ सं.
११. नु. ऐ. रूपरेखा ४२-४३ पृ.
१२. प्रा. नेपाल ३०-३९ सं. १२३ पृ.
१३. कन्ट्रिव्युशन्स् टु नेपलिज् स्टडिज् ७ भा. १-२ सं. १७७-७८ पृ.
१४. हि. संस्कृति १।१।३५-३६ पृ. तथा शास्त्रीक्याटलग् ५१ पृ.
१५. सेनराजाको स्याहामोहर र शाहराजाको लालमोहरका प्रशस्ति हेर्दा यो कुरा स्पष्ट हुन्छ ।
१६. महीरावणवधनाटक ६९ पृ.
१७. उही,
१८. सं. सन्देश १।८।१-३ पृ.
१९. महीरावणवधनाटक, परिशिष्ट १४-१५-१६-१७-१८ सं.
२०. उही, परिशिष्ट १९ सं.
२१. रामाङ्कनाटिकाको उदाहार १२ पृ. उपोद्घात, क ख पृ.
२२. मे. नेपाल १।४४९
२३. मे.हि. नेपाल १९४ पृ.

२४. पूर्णिमा ६९ पू. ४१ पृ.

२५. मे. नेपाल ३ भा. ५६-५८ पृ.

२६. उही

२७. दो. ऐ. रूपरेखा २१ पृ.

२८. कपाठ ५४ कपत्र

२९. ६२ खपत्र

३०. ६१ खपत्र

३१. बेण्डालक्याटलग्, ३० पृ.

३२. नु. ऐ. रूपरेखा ४२-४३ पृ.

नुवाकोटका यी रिपु मल्ल डोटीराज्यका प्रसिद्ध राजा रिपु मल्ल नै हुन्, यिनले सिंजादेखि गोरखा नुवाकोटसम्म विजय गरेर यो पानस चढाएका थिए भन्ने कुरा पनि हाल प्रकाशमा आएकोछ ।

दिनेशराज पन्त, गोरखाको इतिहास ४ भाग १०७३ पृ.

यो कुरा सिद्ध गर्न निम्नलिखित कुरा बाधक देखिन्छन् :-

(क) यसमा राजोचित विरुदावली छैन ।

(ख) यिनले नुवाकोटकै नारायणलाई इष्टदेवता मानेका छन् ।

(ग) शकसंवत्को प्रयोग नभएर नेपालसंवत्को प्रयोग छ ।

(घ) सूर्यवंशी नभनेर चन्द्रवंशी भनिएको छ ।

यी सबै कारणले गर्दा मैले अहिले नुवाकोटे सामान्य शासक रिपु मल्ललाई डोटीका प्रसिद्ध महाराजाधिराज रिपु मल्ल नै हुन् भन्न नसकेको हो ।

३३. नुवाकोटको ऐतिहासिक रूपरेखा, ४५ पृ.

३४. पूर्णिमा ७ पू. ३४ पृ.

३५. उही २९-३४ पृ.

३६. उही

३७. वामकेश्वरतन्त्र, रा. अभि. १, १०७५. ३, मे.हि. नेपाल १३९-४० पृ.

३८. पूर्णिमा ७ पू. २९-३९ पृ.

३९. उही,

४०. उही,

४१. उही,

४२. लिच्छविकालमा सार्थवाह (व्यापारी नाइके) गुहमित्रले सूर्यमूर्ति स्थापना गर्नु र वैश्यवंशी वर्द्धनपरिवारले शासनक्षेत्रमा सूर्यमूर्ति स्थापना गर्नु एक चाखलाग्दो कुरा भएको छ ।

४३. पूर्णिमा ७ पू. २९-३९ पृ.

४४. उही,

४५. तल परिशिष्टमा यो ताम्रपत्र पुनः प्रकाशित छ ।

४६. उही,

४७. गुह्यकालीतन्त्र, रा. अभि; ३. ३७७- शास्त्रीक्याटलग् २,७०

४८. भ्वाइस अफ् हिष्ट्री १/१ मैले अन्यत्र पनि यस विषयमा विस्तृत चर्चा गरेको छु ।

४९. पूर्णिमा ७ पू. २९-३९ पृ.

५०. हिष्ट्री अफ् नेपाल, १७९-८० पृ.

५१. लि नेपाल २ भा. २३० पृ. तथा नेपाल १ भा. ३७-३९ पृ.

५२. पूर्णिमा ७ पू. २९-३९ पृ.

५३. उही, तथा भ्वाइस् अफ् हिष्ट्री १।२६ पृ.

५४. यस सम्बन्धमा मैले अन्यत्र पनि विवेचना गरेको छु ।

चतुर्थ प्रकरण

४ अध्याय

यक्ष मल्ल (वि.सं. १४८५-१५३८)

बाल्यकाल

ज्योतिर्मल्लको मृत्युपछि उनका छोरा यक्ष मल्ल २१ वर्षको उमेरमा वि.सं. १४८५ मा भक्तपुरको सिंहासनमा बसे। त्यस वेलाको चलन-अनुसार उनका भाइ जीव मल्ल पनि दाजुको सहायक भई राजाका रूपमा गद्दीमा बसेका थिए। तर जीव मल्लको गतिविधि त्यति चल्तीको थिएन, विजिगीषु राजा यक्ष मल्लकै प्रभावले यी थिचिएका थिए। यक्ष मल्लको जन्म ने.सं. ५२८ (वि.सं. १४६५)मा भएको थियो।[1] बाबु ज्योतिर्मल्ल र आमा संसारदेवी भएर पशुपतिको जीर्णोद्धार गरी अभिलेख राख्दा यिनी पाँच वर्षका बालक थिए। त्यसमा भक्तपुर शहरवासीलाई सौख्य दिने, दुर्भिक्ष दुःख भय हरिदिने भनेर यी राजकुमारको बयान गरिएको छ। यसैका भरमा धेरै इतिहासकारले बाबुका राज्यकालमा भादगाउँको शासनभार यिनका अधीन भएको, भादगाउँमा अनिकाल पर्दा यिनले त्यसको प्रतीकार गरेको र नगरको शासनभार युवराजको जिम्मा रहेको आदि कुरा कल्पना गरेका छन् तापनि आफ्ना बालक छोराको वर्णन गर्दा ज्योतिर्मल्लले छोरो जन्मेपछि शहरमा रोगव्याधि नलागेको सहकाल फैलिएको भनी शुभलक्षण देखियो भन्ने भाव व्यक्त गरेका हुन्, यस्तो काव्यात्मक वर्णनले पाँच वर्षका बालकले शासन चलाए वा दुर्भिक्ष हटाए भन्ने अनुमान गर्नु उपहास हुने कुरा माथि नै बताइयो।[2]

ज्योतिर्मल्लको अहिलेसम्म पाइएको अन्तिम अभिलेख ने.सं. ५४८ (वि.सं. १४८५) भाद्र शुदि १ मा सारेको 'पाकविधिनिघण्टु'को पुष्पिकावाक्य हो[3] र यक्ष मल्लको अहिलेसम्म पाइएको प्रथम अभिलेख शक सं १३५० (वि.सं. १४८५) मार्ग शुदि ९ मा श्रीधरानन्दले सारेको शुक्लयजुर्वेदको पुष्पिकावाक्य हो।[4] यस कारण स्थिति मल्लको मृत्युतिथि भनेर भाषापाठमा दिएको उपर्युक्त ने.स. ५४८ (वि.सं. १४८५) कार्तिक कृष्ण ५ नै ज्योतिर्मल्लको

मृत्युतिथि सत्य सावित हुन आउँछ। यसपछि नै यक्ष मल्ल सिंहासनारूढ भएर शासनभार सम्हाल्न लागे।

यक्ष मल्ल र जीव मल्ल

धार्मिक कार्य

यक्ष मल्ल आफ्ना बाबुबाजे जस्तै सनातनधर्मका पक्षपाती थिए। यिनका पालामा नेपालमा धेरै देवदेवीका मन्दिर बने। विष्णु, शिव, गणेश, सरस्वती, देवीका मन्दिरहरूका अभिलेखले हामीलाई यिनका पालामा भएका धार्मिक गतिविधिलाई इङ्गित गर्दछन्। यक्ष मल्लले बाबुबाजेका भन्दा धेरै लामा लामा प्रशस्ति लिएका छन्। पशुपति र मानेश्वरीदेवीलाई इष्टदेवता मान्ने गौरीशंकरका वा महेश्वरका अवतार भन्ने नारायण मन्दिर स्थापना गरी **लक्ष्मीनारायण** भन्ने पदवी लिने यिनले 'नेपालेश्वर', 'नेपालमण्डलेश्वर', 'नेपालपुण्यभूमीश्वर', 'नेपालभूमण्डल चक्रवर्ती', 'नेपालराज्येश्वर,' 'निखिलनरपतिचक्रचूडामणि,' आदि विरुदावली पनि लिएकाले त्यस वेला नेपालमा उनी मात्र एकच्छत्र राज्य चलाउँथे भन्ने कुरा विदित हुन आउँछ[५]। यिनी निकै धार्मिक प्रवृत्तिका पनि थिए। आमा र भाइसँग मिलेर यिनले धेरै धर्मकर्म गरेका थिए। ठिमी महादेवमन्दिरको शिलालेखमा यी दुई दाजुभाइको वर्णन यसरी गरिएको छ-

सूर्यवंशी ज्योतिर्मल्लका छोरा गुणवान् राजा यक्ष मल्ल र संसारदेवीका छोरा बुद्धिमान् शास्त्र जान्ने यक्ष मल्लका भाइ विवेकनारायण राजा जीव मल्ल छन्, यी दुई दाजुभाइको विजयराज्यमा यस देवलको प्रतिष्ठा भएको पनि भनिएको छ।[६]

यसरी बाबुका प्यारा यक्ष मल्ल र आमाका प्यारा जीव मल्ल भन्ने कुराको संकेत गरिएको छ। नभन्दै आमा छउञ्जेल मात्रै जीव मल्लले राजकाज धर्मकर्म गर्न पाए। भक्तपुर तौमढीटोलमा वि.सं. १४९७ मा आमा संसारदेवी र राजा यक्ष मल्ल र जीव मल्ल भएर मन्दिर बनाई सुनको छाना गजुर हाली मूर्ति स्थापना गरे र साथै सुनधारा पनि बनाएका थिए।[७] यसको अर्को साल लेखिएको चान्द्रव्याकरणमा पशुपतिको पूजा गर्ने वैरीमाथि विजय गर्ने 'गौरीश्वरमहेश्वरावतार लक्ष्मीनारायण' यक्ष मल्ल र उनका भाइ जीव मल्लसँगै राज्य गरिरहेको कुरा लेखिएको छ।[८] तीनै शहरमा उनका अभिलेख पाइएका छन्। काठमाडौं नागवर्णमहाविहारका अमात्य पात्र राजसिंहपाल भल्लोकको लागि लेखिएको कुब्जिकापूजाबाट काठमाडौंमा उनको पूर्ण प्रभुत्व भएको र त्यहाँका पात्र भल्लोकहरू पनि उनका अधीनमा बसी शासन गर्दथे भन्ने कुरा अवगत हुन आउँछ।[९] पाटनमा सतभैया खलकका तीन

महापात्रको प्रभुत्व थियो तापनि यिनीहरू पनि यक्ष मल्लका वशवर्ती थिए। पाटन बालकुमारीस्थाननेर वि.सं. १५०४ जेष्ठमा बीस जना मानिस मिलेर यज्ञ गरीकन सरस्वतीको स्थापना गरिएको थियो। विद्या पाउने इच्छाले सरस्वतीको स्थापना भएको हो र विद्या पाउने कामना राख्ने मानिस यी सरस्वतीको दर्शन गर्दछ भनिएबाट[१०] त्यस वेला विद्याको प्रचारमा केही जोड दिइएको देखिन्छ।

वि.सं. १५०४ कार्तिकमा यक्ष मल्लकी आमा संसारदेवी परलोक भइन्। उनको स्वर्गवास हुँदा यहाँ ठूलो शोक मनाइयो। मरेको पैंतालीस दिनमा दुई भाइ राजा मिलेर आमाको सुनको सालिक बनाएर पशुपतिभित्र राखिदिए, र आमाको कैलासवास होस् भनेर ठूलो भोजभण्डारा लाएर दानदातव्य पनि धेरै दिए।[११]

यसपछि जीव मल्लको नाम हराएर गयो, या त उनको मृत्यु भयो, या उनी निष्कासित गरिए। बरू अब यक्ष मल्लका छोराहरूको नाम आउन थाल्यो। वि.सं. १५१० मा लुभुमा जीवचन्द्र भाले पत्नीपुत्र सहित भएर नारायणको स्थापना गरी ठूलो यज्ञ यागादि गरी प्रतिष्ठा गरे। त्यस वेला राखेको शिलालेखमा यक्ष मल्लको मात्र विजयराज्य भनेर त्यहाँका कोटपाल हृदयराम मुलमीको पालामा यो कार्य भएको भनिएको छ, यक्ष मल्लका राय मल्ल, रत्न मल्ल, रण मल्ल तीन छोरा जेठा माहिला र कान्छाका रूपमा उल्लिखित थिए[१२]। भाइ जीव मल्लको त्यहाँ चर्चा नभएबाट यसभन्दा पहिल्यै उनी राजसत्ताबाट बाहिर भएका थिए भन्ने स्पष्ट हुन्छ।

यक्ष मल्लका सरूपदेवी, उदयानदेवी सरस्वतीदेवी, जीवलक्ष्मी, कीर्तिलक्ष्मी, जयतना आदि ल्याइते व्याइते गरी धेरैवटी रानीहरू थिए। तिनमा उनका ७ भाइ छोरा भएका थिए, एउटी छोरी थिइन्। पशुपतिको नारायण भट्टको शिलालेखमा र वैनायकमाहात्म्यको पुस्तकमा उनका छोराहरूको नाम र संख्या पनि दिइएको छ[१३]। त्यहाँ छ छोराको मात्र नाम पाइन्छ, राज मल्ल नामका उनका छोरा पहिल्यै परलोक भइसकेका थिए। दिवंगत पुत्र राज मल्लको सम्झनामा राजाले भक्तपुरमा विष्णुको सुवर्ण मन्दिरको निर्माण गरे, त्यसमा स्वर्गीय कुमारको शरीर जत्रै सुनको हृषीकेशको मूर्ति बनाई प्राणप्रतिष्ठा गरी स्थापना गरे, त्यसकै नजीकमा धर्मशाला, अग्निशाला र पानीको धारा पनि बनाइदिए र पर्व-पर्वमा ब्राह्मण-भोजन सदावर्त पूजाको लागि धेरै जग्गा गूठी पनि राखिदिए।[१४]

राजा यक्ष मल्लले १५०९ मार्ग औंसीका दिन सूर्यग्रहण लागेको वेला पारेर महारानी, साना राजकुमार राय मल्लसहित भई पशुपति द्यौपाटनमा ठूलो उत्सवसाथ सुवर्ण तुलादान गरे। त्यस महोत्सवमा ब्राह्मणहरूलाई दान दिइयो, भोजन गराइयो, पशुपति पुराण लाइयो, चतुरङ्ग महाभारत नाटक देखाइयो। यो महाभारत नाटक पाटनका महापात्र उदयसिंहद्वारा

देखाइएको थियो ।[१५] यी उदयसिंह यक्ष मल्लको कोकी विजय गर्ने अभियानको संघटनमा पनि सम्मिलित भएका थिए ।

समकालिक लेखबाट राजा यक्ष मल्ल निकै धर्मकर्म गर्ने मन्दिरमूर्ति पाटीपौवा धर्मशाला बनाउने, ब्राह्मण भिक्षुहरूलाई भोजन गराउने, पुराण कथा श्रवण गर्ने, तीर्थव्रत गर्ने, धर्मात्मा राजा थिए भन्ने कुरा देखिन्छ । उनका पालामा दक्षिणी वैदिक भट्ट ब्राह्मण आएका थिए, तिनमा नारायण भट्टले पशुपतिको दक्षिणपट्टि उन्मत्तभैरवको स्थापना गरेका थिए ।[१६] वंशावली अनुसार उनले भट्ट ब्राह्मणलाई नै पशुपतिको पूजाहारी नियुक्त गरेका थिए तापनि उनका शेषपछि काठमाडौं राज्यलाई छुट्टाएर राज्य गर्ने उनका माहिला छोरा रत्न मल्लले फेरि पुरानै परम्परा अनुसार योगी दण्डी स्वामीलाई नै पूजाहारी नियुक्त गरी भट्टलाई चाहिँ सामान्य सुसारेमा राखेको कुरा पनि वंशावलीमा वर्णित छ ।[१७] उनका पालामा लेखिएको 'नित्याह्निकतिलक' भन्ने पुस्तकमा एकजना कुलपरम्परादेखि आएका ठूला गुरु (प्रखरतर गुरु) वेदवेदाङ्ग जान्ने शैवाचार्य उदयपतिको बयान गरिएको छ ।[१८] स्थिति मल्लका गुरु शिवदास जस्तै यक्ष मल्लका यी गुरु उनकै वंशज हुन् भन्ने अनुमान हुन्छ । यक्ष मल्लका धार्मिक क्रियाकलापको बारेमा विचार गर्दा उनले गरेको तीर्थयात्राका कुरा पनि यहाँ स्मरणीय हुन आउँछन् । गङ्गास्नान र गयामा गएर पिण्डदान गरेका कुरा उनका विजययात्राका प्रसङ्गमा परेका छन् तापनि गोसाईकुण्डयात्रा चाहिँ उनको विशुद्ध तीर्थयात्रा नै थियो । आमा मरेकै साल भदौमा नौ दिन हिँडेर गोसाईंकुण्डको स्नान नीलकण्ठको दर्शन गरी फर्केर आई पशुपतिनाथको चाँगुनारायणको पनि दर्शन गरी अनेक दानधर्म पनि उनले गरेका थिए ।[१९] मल्ल राजाहरूको गोसाईंकुण्डको तीर्थयात्रा एक किसिमको कुलपरम्परागत नियम जस्तै थियो । काठमाडौंराज्य अन्तर्गत पर्ने यस तीर्थमा जान पृथ्वीनारायण शाहको नुवाकोट विजयपछि नेपालदूनवासीलाई वढो संकट परेको थियो, परन्तु उदारमना पृथ्वीनारायण शाहले यसमा रोकटोक नगर्ने वचन दिएर यस तीर्थयात्रालाई सुगम गराइदिएका थिए ।

यक्ष मल्लले बनाएका धेरै मन्दिरहरूमा दत्तात्रेयको मन्दिर, यक्षेश्वरको मन्दिर ज्यादै प्रसिद्ध छन् । दैनिक पशुपतिको दर्शन गर्न नसक्ता त्यसको फलप्राप्तिको लागि उनले यक्षेश्वर मन्दिर बनाएको कथा लोकवोलीमा वर्णित छ । बङ्गालदेशबाट आएका गोरखपन्थी चैतन्यनाथ धेरै धनको थैली लिएर आएका हुनाले दानी जोगीले नेपालमा जग्गा किनेर नाथसम्प्रदायका अवधूतहरूलाई भण्डारा लगाउन सदावर्त चलाउन र काठमाडौं मरुसत्तलका गोरक्षनाथको पूजा चलाउन पनि गूठी राखिदिए ।[२०]

यक्ष मल्लको विजययात्रा

यक्ष मल्ल र उनका पालामा भएका धार्मिक गतिविधिका यी केही उदाहरण हुन्। अब उनले यहाँ गरेका विजययात्रातिर पनि हामी दृष्टि दिऊँ। यक्ष मल्ल आफ्नो चढ्दो जवानीमा सिंहासनमा बसेका थिए। राज्यसत्ता पाउनेबित्तिकैदेखि उनी यस राज्यलाई विस्तृत र मजबूत पार्नपट्टि लागेका थिए। उनका कुलीन मन्त्री भीमदत्तका छोरा जयदत्तले वि.सं. १४९० मा भक्तपुरमा विष्णुमूर्तिको स्थापना गरेका थिए, त्यहाँ उनले यो मूर्ति 'नेपालराज्येश्वर यक्ष मल्ल राजाको विजयप्रचारको समयमा स्थापना भएको हो' भनी लेखेका छन्।[२१] उनका अभिलेख-अनुसार साँगादेखि पश्चिम भक्तपुर काठमाडौं पाटन फर्पिङ्गमा यिनको पूरा प्रभुत्व छाएको थियो, बनेपाराज्य यिनले कुन सालमा जिते, त्यो यकीन भन्न सकिँदैन। नयाँ वंशावलीमा नुवाकोटका पुराना वैश्य राजालाई जितेर यक्ष मल्लका छोरा रत्न मल्लले काठमाडौंराज्यमा गाभेको कुरा लेखिएको छ। परन्तु नुवाकोटमा पाइएको एक वंशावलीमा ने.सं. ५८८ (वि.सं. १५२४) फागुनमा यक्ष मल्लले नुवाकोटका वैश्य राजालाई मासी आफैं राज्य चलाए भनी लेखिएको छ।[२२] यक्ष मल्लले पुस्तौनी अधिकार पाएर बसेका महापात्र फर्पिङ्गका सोलङ्कीकुलका राउतहरूलाई र ठाउँठाउँमा क्वाठनायकहरूलाई वश बनाएर केन्द्रलाई शक्तिशाली बनाएका थिए। महापात्र महासामन्त र क्वाठनायकहरूमा शक्ति विभाजित भएर केन्द्र कमजोर भएको रहस्य बुझेर स्थिति मल्लले नै यस्तो व्यवस्था बदलेर केन्द्रलाई बलियो बनाउने प्रयास गरेका थिए, यो कुरा यक्ष मल्लका पालामा आएर पूरा भयो। यक्ष मल्लले आन्तरिक स्थिति बलियो बनाई बाहिरका देशमा पनि विजय-अभियान चलाएका थिए भन्ने कुरा जगज्योतिर्मल्लका पालामा लेखिएको 'नरपति जयचर्यास्वरोदयटीका'को पुष्पिकाको प्रसिद्ध पद्यमा यसरी उल्लिखित भएको छ-

"प्रसिद्ध नाम चलेका रघुवंशी राजा जययक्ष मल्लले आफ्ना पुरुषार्थले मिथिला मगध जितेर गयामा गएर (पितृश्राद्ध) गरे, पाहाडी राजालाई जितेर नेपाल-राज्यलाई अकण्टक (शत्रुरहित) बनाए, पूर्वमा बंगलादेश, दक्षिणमा गङ्गाजी, पश्चिममा गोरखा पाल्पा र उत्तरमा सात दिनको बाटो परसम्म पुगेको नेपालराज्यको भोग उनले गरे"।[२३]

माथि उल्लिखित पद्यको यक्ष मल्लको विजयको वर्णनसँग मिल्दोजुल्दो वर्णन वंशावलीको पुरानो चपाठमा पनि परेको छ। त्यसमा यहाँ अस्पष्ट भएको उत्तरमा सात दिनको बाटो परसम्म जितेको कुरालाई स्पष्ट पार्दै तिब्बतको शिखारजुङ्गसम्म यक्ष मल्लले जिते भनिएको छ।[२४] शिखारजुङ्ग भनेको नेपालबाट ल्हासा जाने बाटोमा पर्ने भोटको प्रसिद्ध

किल्ला हो। मोरङ्ग तिरहुत र गया पनि उनका राज्य अन्तर्गत भएको र पश्चिममा गोरखा पनि उनले जितेको कुरो पनि त्यसमा लेखिएको छ।

यो वंशावलीको उल्लेख पनि नरपतिजयचर्यास्वरोदयटीकाको उपर्युक्त पद्यकै आधारमा भएको भान हुन्छ। उपर्युक्त पद्यमा गया जितेको कुरा छैन, गएको कुरामात्र छ। सात दिनको बाटोसम्म जितेको भनेकोमा वंशावलीमा शिखारजुङ्गको उल्लेख गरियो। शाहकालमा भोट जाने बाटोको बास र यिनको हिसाब पाइन्छ। त्यसअनुसार सात दिनमा सिखारजुङ्ग पुगिंदैन, त्यस कारण त्यस व्रेलाको नेपालराज्यको सीमानाबाट सम्भवत: पुरानो कुतीबाट सात दिनमा शिखारजुङ्ग पुगिन्थ्यो भन्ने बुझिन्छ। नेपालराज्यको दक्षिणी सीमाना यक्ष मल्लले गङ्गाजीसम्म पुऱ्याएका थिए भन्ने कुरा धेरै चाखलाग्दो छ। नेपालराज्यलाई गङ्गाजीसम्म पुऱ्याउने कल्पना नेपाली राजाहरूको मनमा धेरै पहिलेदेखि पलाएको थियो। यसभन्दा धेरैपछि भएका वडामहाराजाधिराज पृथ्वीनारायण शाहले पनि यही कल्पना आफ्ना अन्तिम उपदेशमा व्यक्त गरेका छन्।

कसैकसैले उपर्युक्त पद्यमा वर्णित यक्ष मल्लको दिग्विजयलाई अतिशयोक्तिपूर्ण प्रशस्ति गुणगान हो, विजय गरे भन्ने धाक लगाएको मात्र हो भन्ने कुरा लेखेका छन्।[२५] परन्तु त्यस वेलाको नेपालराज्यको पूर्वपश्चिमको राजनैतिक स्थिति यक्ष मल्लको राजकाजको गतिविधि, पशुपतिको भण्डारमा रहेको सन्धिपत्रको अध्ययन गर्दा उनको विजययात्रालाई सर्वात्मना अतिरञ्जनापूर्ण कल्पना मात्र हो भन्न सकिंदैन, र पश्चिममा गोरखा पाल्पासम्म, उत्तरमा शिखारजुङ्गसम्म, पूर्वमा मोरङ्ग र दक्षिणमा मिथिलासम्म, यिनको प्रभाव फैलिएको हुनाले गङ्गाजीमा पुगेको कुरामा केही सत्यता थियो नै भन्न सकिन्छ। जे भए पनि मध्यकालमा नेपालदूनका शासकहरूले बाहिरिया देशमा हमला गरी विजय प्राप्त गरेको उदाहरण कमै पाइन्छ। यसभन्दा पहिलेका शासकहरू आन्तरिक कलह संघर्षमै रुमलिएर रहिरहेका थिए। केन्द्रको शक्ति ज्यादै कमजोर थियो। स्थिति मल्लदेखि यस स्थितिमा सुधार भएर केन्द्रीय शक्ति मजबूत हुँदै आयो र यक्ष मल्लको पालामा नेपालले अघि बढेर भोट मधेश विजय गरेको देख्दा यक्ष मल्लको प्रशंसा नगरी रहन सकिंदैन। अब यिनले गरेका भित्री मजबूती र बाहिरिया विजयको सम्बन्धमा तात्कालिक प्रमाणतिर अलिकति दृष्टि दिऊँ-

भक्तपुरदुर्गको मजबूती

यक्ष मल्लले नेपाल दूनलाई मात्र विजय गरेर एक सूत्रमा बाँधेनन्, परन्तु बाहिरिया वैरीसँग पनि लडेर विजय हासिल गरेका थिए भन्ने कुरामा हामीले तात्कालिक प्रमाण पनि पाएका छौं। उनले स्वदेशरक्षा र परदेश-विजयको सिलसिलामा आफ्नो राजधानी भक्तपुर

शहरलाई पनि वरिपरि खाई पर्खाल बनाई एक मजबूत किल्ला (गढ) को रूपमा परिणत गराएका थिए। यद्यपि प्रकृतिले नै नेपालदूनलाई एक गढको रूप प्रदान गरेको छ। यसको वरिपरि पाहाड जंगलको विशालता छ। सितिमिति बाहिरिया आएर आक्रमण गर्न सक्तैनथे। आएर बाहिरिया वैरीले आक्रमण गरिहाले पनि तिनीहरू विजयीका रूपमा धेरै दिन यहाँ टिकिरहन सक्तैनथे। यो कुरा यस अघिका शतकका घटनाबाट देखिसकिएको छ।

गाउँ बस्ती शहर बस्दै आएर गुल्जार बनेको नेपालदूनमा वाग्मती विष्णुमतीको बीच देभाननेर बसेको शहर लिच्छविकालअघिदेखि नै राजधानीको रूपमा रहेको थियो। यो कान्तिपुर शहर नेपालदूनको सबैभन्दा होचो ठाउँमा अवस्थित छ, यसलाई पनि पराईको कुदृष्टिबाट बचाउन खाई पर्खालले घेरेर एक दुर्गको रूपमा राखिएको थियो तापनि मध्यकालको पूर्वार्धमा लगातार भइरहेका पूर्व, पश्चिम, दक्षिणका आक्रमणले आजित भएर अग्लो डाँडामा अवस्थित भक्तपुर शहरलाई राजधानी बनाउनुपरेको थियो। अग्लो ठाउँमा होचो ठाउँबाट आक्रमण गर्न सजिलो नहुने हुनाले मध्यकालमा कायम हुन आएका यस्ता धेरै राज्यका राजधानी ऊँचा डाँडामै स्थापित भएका थिए। सिम्रौनगढ राजधानी मैदानमा थियो तापनि यसको वरिपरि डरलाग्दा खाई पर्खाल जङ्गलले यो दुर्गम दुर्ग थियो भन्ने कुरा माथि नै चर्चा गरियो। त्यस्तै भक्तपुर राजधानी बसाउँदा शहर दरबार बसाई पर्खालले घेरेर अगम किल्लाको रूप दिएर चाहिने सबै प्रविधि पुऱ्याइएको थियो। यसभन्दा पहिले पनि यो शहर राजधानी रहँदा खाई पर्खालले घेरिएको दुर्गरूपकै थियो तापनि अरू अग्लो मजबूत पर्खाल बनाई खाई खनाई बाहिरिया वैरीले हाँक्न नसकिने पारी भक्तपुर शहरलाई ठूलो बलियो किल्लाको रूप दिइएको कुरा उनकै ने.सं. ५७३ (वि.सं. १५१०) को दरबारको भित्तामा राखिएको शिलालेखबाट अवगत हुन आउँछ।[२६] जुन सालमा यक्ष मल्लले ललितपुर फर्पिङ साँखुचाँगुका शासकहरूसँग संघटन गरी पशुपतिको धर्मशिला छुवाई धर्मपत्र गराएका थिए,[२७] त्यसै साल उनले पराई राज्यमा आक्रमण गर्न जाँदा वैरीले आफ्नो राजधानीमा पनि आक्रमण गर्ने सम्भावना बढेकोले आफ्नो राजधानीमा तिनले पनि कथंक्दाचित् आक्रमण गरिहाले भने पनि बिगार गर्न नसकून् भन्ने ध्येयले पर्खाललाई बलियो अग्लो र खाईलाई ठूलो गहिरो बनाएर एक अगम दुर्गको रूप दिएका थिए।

यक्ष मल्लले भक्तपुर राजधानीको खाई पर्खालको पुनर्निर्माण गर्दा उनका राज्यका चार वर्ण छत्तीसै जातका मानिसहरू सम्मिलित भएर सघाएका थिए। सबैले सकेसम्म आफ्नो धन खर्च गरी शारीरिक श्रम लगाई ठूलो सहयोग गरेका थिए। धेरै दिनसम्म बेठबेगारमा सबैलाई काम लाइएको थियो। साधारणतः बाहुनहरूलाई झारलाङ्गी काम लाईदैनथ्यो। त्यो नियम पनि यसमा लागेन। सबै जातजातिका मान्छेहरू र सबै बाहुनहरू पनि बेठीकै काममा

जोतिएका थिए ।[२८] हुकुमी शासनमा यस्ता प्रजावर्गको शोषण हुने काम राजकीय काजमा बराबर परिरहन्थे । त्यस कारण यक्ष मल्लले मात्र यस्तो काम गरे भन्न मिल्दैन । कसैकसैले यो कार्य जनसहभागिता हो, बेगारमा जबर्जस्ती पकडेर काम लाइएको होइन भनेर अर्थ्याउने प्रयास पनि गरेका छन् । परन्तु यस्तो सरकारी काम विनाज्याला झार्लाङमै बराबर लगाइरहने चलन थियो ।

यस पर्खालको बीचबीचमा अग्ला बुर्जा बनाई छाना छाई पाले पहरा बस्न हुने गराइएको थियो । ठाउँ ठाउँमा बलिया ढोका थिए । ढोका बन्द गरिदिएपछि बाहिरिया मान्छेले विना अनुमति शहर पस्नु सम्भव थिएन । भित्री किल्लाको सुरक्षा पर्खाल खाईको सरसफाई गर्ने मरम्मत सम्भार र हेरचाह गर्ने काम पनि तत्तत् ठाउँका बासिन्दाकै जिम्मा लाइएको थियो ।

यहाँ एउटा कुरा चाखलाग्दो छ । भारतीय गुप्तवंशी र अरू पनि राजाहरूले दिग्विजय गरी रसातलमा डुबेकी पृथ्वीलाई उद्धार गर्ने वाराहावतार भगवान् विष्णुको मूर्ति स्थापना गरी पूजार्थ गूठी राखी स्तुतिपद्य पनि कुँदाएर राखेका थिए ।[२९] नेपालमा पनि त्यस्तै वाराहावतार विष्णुको सुन्दर कलापूर्ण मूर्ति स्थापित भएका थिए । वाराहावतार विष्णुको स्तुति पूजा गर्ने मूर्ति स्थापना गर्ने हेतु विष्णुले रसातलमा डुबेकी पृथ्वीलाई उद्धार गरे जस्तै मैले पनि विग्रिन भासिन लागेकी पृथ्वीलाई उद्धार गरैं भन्ने भावना नै मुख्य थियो। यसैले यो गढको पुनर्निर्माण गरेपछि राखिएको शिलालेखमा यक्ष मल्लले वराह भगवान्ले उद्धार गरिएकी गंगा आदि नदीले सुहाएकी धनधान्यपूर्ण पृथ्वीको स्तुति गरेका छन् । यो संयोग नभएर नेपालीमा आएको विजिगीषु भावनाको प्रतिबिम्ब थियो ।

बाहिरी विजयको लागि संघटन

पशुपतिको धर्मपत्र

यक्ष मल्लले पहिले बनेपाराज्यको अस्तित्वलाई समाप्त पारेर अरू पाटने जोधाहा महापात्र फर्पिङ्का महाराउतहरूलाई पनि आफ्ना वशवर्ती बनाएका थिए। तराईमा पश्चिमतर्फ चम्पारनमा ओइनवार ब्राह्मणवंशका राजा राज्य गर्दथे। त्यसको पूर्वपट्टि लोहावरमा अर्को सानो राज्य थियो, यस लोहावर राज्यको अस्तित्व प्राकृतपिंगलबाट पनि प्रकट हुन्छ, वाग्मतीनेर नेपाल भारत सीमानामा यो अवस्थित थियो। कोकीहरूको अवस्थल चाहिँ यहाँदेखि पूर्व भागलपुर पूर्णियाँपरसम्म नै थियो। प्राचीन अङ्गदेश नै मध्यकालमा कोकीराज्य कहलाउँथ्यो ।[३०] यी स-साना तराईतर्फका तिरहुत र बङ्गालका राजा रजौटा जित्ने

उद्देश्यले यक्ष मल्लले एउटा संघटन गरे। यसमा पाटनका महापात्रका तर्फबाट येथोविहारका उदयसिंह भारो फर्पिङ्गका राउतका तर्फबाट शक्तिसिंह राउत र साँखुकोटका प्रतिनिधिसमेत जम्मा गराई पशुपतिको धर्मशिला छुवाई धर्मप्रतिज्ञा गराई एक धर्मपत्र लेखेर सही गरी वि.सं. १५१० मा पशुपतिमा राखियो। त्यस धर्मपत्र-अनुसार चम्पारन लोहावर दुई राज्य र कोकीराज्यका शत्रुका कुरा कसैले नसुन्ने, उनीहरूको रहस्यलाई नलुकाउने, पूर्व पश्चिम जुन बाटोबाट कोकीहरू लड्न आए भने पनि कसैले पनि उनको साथ नदिने, ढिलासुस्ती हेलचेक्र्याइँ नगरी शत्रुउपर जाइलाग्ने, आफ्ना गढीगौंडाहरू बलियो बनाई शत्रुपक्षलाई रोक्ने, संयुक्तरूपमा लड्न जानुपरे पनि जाने र लाभ हानि बराबरी बेहोर्ने आदि शर्त स्वीकार गरी चारै जनाले वाचा बाँधेका थिए।[३१]

यस सन्धिपत्रमा दोलखाका प्रतिनिधि सामेल भएका छैनन्। तर यस पछि हिउँदमा दोलखाका कीर्तिसिंहले यक्ष मल्लको साथ दिएको देखिएकोले दोलखालाई पनि उनले आफ्नो संघटनमा मिलाएर [३२] कोकीराज्यको विरोधी अभियान चलाएका थिए भन्ने बुझिन्छ। चम्पारन, लोहावर, कोकीराज्यसँगको अभियानमा लाभ हानि बरोबर बेहोर्ने भन्ने वाचा बाँधेका हुनाले यस अभियानबाट पाएको आर्थिक र अरू लाभहानि लिने शर्तमा सबै सामेल भएर युद्ध अभियान चलाएका थिए। यस अभियानमा यक्ष मल्लले सफलता प्राप्त गरेका हुनाले नै उनको बयानमा मिथिला र बङ्गाल जितेको सो कुरा लेखिएको थियो। मंगध जितेको चाहिँ विजयको सिलसिलामा गयामा गएर पिण्ड दिएको कुरालाई लिएर लेखिएको हुनसक्छ। अरू उनको विजय सत्यतापूर्ण नै देखिन आउँछ।

लोहावर चम्पारनसँगको यक्ष मल्लको संघर्ष धेरै वर्ष रह्यो। वि.सं. १५१० मा आफ्ना दुर्गपाललाई खमख गरी संघटनमा जुटाई उनले मिथिला र बङ्गालतर्फबाट हुने आक्रमण रोक्ने र लोहावर चम्पारन राज्य जित्ने अभियान चलाएका थिए। यसमा उनलाई सफलता पनि मिलेको थियो।

यसरी यक्ष मल्लले अन्तपाल दुर्गपालहरूलाई कज्याएर वा सामदानद्वारा संघटनमा ल्याएर परकीय राज्यमा चढाइ गर्ने वा परराज्यको भय हटाउने कार्य पछिसम्म नै गरिरहनु पर्‍यो, यसको चौध पन्ध्रवर्ष पछिका प्राप्त केही प्रमाणका आधारमा त्यसबारे पनि केही तथ्य फेला पर्दछन्।

बनेपा पलाञ्चोक राज्यको शक्ति तोडिएपछि पनि पुन: दोलखामा एक सामन्तराज्य कायम हुन आएको र फर्पिङ्ग चाहिँ पहिलेदेखि नै कायम भएको हुँदा यी दुई दुर्ग यक्ष मल्लका पालामा महत्त्वपूर्ण भएका थिए। मधेश तराईतिरबाट नेपालदून पस्ने घाटीमै अवस्थित हुँदा यिनको महत्त्व बढेको थियो। मिथिलाबाट सिन्धुलीगढी दोलखा वा पलाञ्चोक हुँदै आउने

एउटा र अर्को सोझै तराईबाट फर्पिङ्ग भएर आउने मुख्य चल्तीका दुईवटा बाटा थिए भन्ने कुराको चर्चा माथि पनि भइसकेको छ । यतिखेर नवस्थापित चम्पारन र मिथिलाराज्यको संसर्गले तिनको आडले यी दुर्गका सामन्त शासक वेलामौका केन्द्रलाई दङ्ग्याउन पनि पछि पर्दैनथे ।

वि. सं. १५२४ मा फर्पिङ्गका सोलङ्कीकुलका जयसिंह राउत ज्योतिः सिंह राउत आदिको चकचकी थियो । तराईतिरकै बलले केन्द्रसँग विद्रोह गरेर यिनले स्वतन्त्र हुन खोजेका थिए । तराईबाट यी फर्पिङ्गे राउतहरूलाई मद्दत दिन ठाकुर (राजपरिवारका सदस्य) आएका थिए भन्ने बुझिन्छ, तापनि फर्पिङ्गका शासकवर्गमा जयसिंह राउत, ज्योतिः सिंह राउत, प्रतापसिंह राउत, संसारसिंह राउत, रत्नसिंह राउत र कीर्तिसिंह राउतहरू थिए । यिनमा चार जना भाइ आई वि. सं. १५२४को हिउँदमा राजा यक्ष मल्लसँग जमेर लडेका थिए । यसै युद्धको वेला फर्पिङ्गमा बसेर धनु:शास्त्रको पुस्तक सार्नेले यस युद्धमा चार भाइ यक्ष मल्लसँग लड्न आएथे भनी लेखेका छन् ।[३३] यस युद्धमा ठाउँठाउँका सेना नायकहरू कति शत्रुसँग मिल्न गए हुन्, सो बुझेर त्यसपछि राजा यक्ष मल्लले पनि आफ्ना सेनामा र आश्रयमा रहेका र आउँन चाहने ठाउँठाउँका कोटपाल नायक मुलमीहरूसँग फर्पिङ्ग आदि परचक्रीसँग मिल्न नजाने वाचावन्धन गराई धरौटी वापत सुन (धन) लिने गरेका थिए, युद्ध परेको वेला कथंकदाचित् बिभिण्डिएर विद्रोहमा उत्रेर परचक्रीसँग मिल्न गए वा तिनसँग मिलेर लड्न आए भने तिनको धरौटी सुन जफत गरेर लिने कुरा त छदैछ, तिनका किल्लामा गाउँमा रहेको रोकट सुन चाँदीसमेत जफत गरिलिन पाउने शर्तबन्धको धर्मपत्र पनि गराएका थिए ।[३४] यसपछि यो क्रम रोकिएको थिएन । यक्ष मल्लले आफ्ना सामन्त कज्याउन र पराइसँग लड्न परिरहेको थियो ।

वि.सं. १५२७ मा पनि यहाँको विद्रोहमा साथ दिन आएका लोहावर चम्पारनराज्यसँग उनले लड्नुपरेको थियो । तेह्रौततिरबाट एक राजपरिवारका सदस्य ठाकुर दोस्रोपल्ट पनि फर्पिङको बाटो आएका थिए । उनी लड्नका लागि नै यहाँ आएका थिए । अर्थात् युद्धमा सहायताको लागि बोलाएर ल्याइएको थियो भन्ने बुझिन्छ । यसपछि आफ्ना ठाकुरलाई लिन भनेर लोहावरे र तेह्रौते दल लड्न आए । चौक्वाठमा विद्रोह उठेको हुँदा त्यहाँ लडाइँ जोरिएको थियो । पाटनले पनि बोलाएर ल्याएको हुँदा यिनैको सहयोग गरेको थियो र दोलखाबाट पनि मानिगल (पाटन) को मद्दत गर्न मानिस आएका थिए. यसरी लोहावर चम्पारन दोलखा पाटन, फर्पिङ्ग सबै मिलेर एक गठ भएर यक्ष मल्लको विरोधमा खडा भए ।

यक्ष मल्लले पहिले सं. १५१० मा सबैलाई मिलाएर विहार बङ्गाल जित्ने बाहिरिया आक्रमण रोक्ने संघटन बाँधेका थिए । १४/१५ वर्षपछि प्राय: सबै मिलेर पहिलेको पणवन्ध

बिर्सी यक्ष मल्लकै विरोधमा खडा हुन थाले । यसपाला पनि यक्ष मल्ल आफ्ना दलबलसाथ भक्तपुरबाट फर्पिङमा चढाइ गर्न पुगे, फर्पिङ यक्ष मल्लसँग मिल्यो । पहिले फर्पिङ्लाई खुलाएर उनी पाटनतर्फ बढे, पाटन पनि खुला भयो र ऊ युद्धमा टिक्न सकेन ।[३५] पाटन खुलेपछि विरोधी दलको संघटन भताभुंग भयो र सबैले यक्ष मल्लको सार्वभौमसत्तालाई मान्यता दिएर सन्धिमा सामेल भए ।

यक्ष मल्लका वंशज

यक्ष मल्लले पश्चिममा गोरखा पाल्पादेखि पूर्वमा अङ्ग (मोरङ्ग)सम्म आफ्नो राज्य विस्तार गरेका थिए भने दक्षिणमा लोहावर चम्पारन र उत्तरमा शिखारजुङ्गतक आफ्नो प्रभाव फैलाएको कुरा यो माथिको वर्णनबाट विदित हुन्छ । परन्तु नेपालको यो एकता धेरै दिन दिगो भएर रहन सकेन। वंशावलीमा यक्ष मल्लले आफ्नो छोरालाई राज्य बाँडे भन्ने वर्णन गरिएबाट यसैका भरमा धेरै इतिहासकारहरूले यक्ष मल्लको राज्यविभाजन भन्ने अध्याय लेखेका थिए । तर त्यो कुरा असही थियो, यसको संशोधन पहिल्यै भइसकेको छ ।[३६]

उनका पालाको लुभुको अभिलेखमा जेठा माहिला कान्छाकारूपमा राय मल्ल, रत्न मल्ल, रण मल्लको नाम लेखिएको, स्वरोदयटीकाको पुष्पिकावाक्यमा पनि तीन भाइ छोराकै उल्लेख भएको र वंशावलीमा पनि तीन भाइ छोराहरूलाई नै राज्यको अंशबण्डा गरेको कुरा परेकोले यसमा पनि इतिहासकारहरू भ्रममा परिरहेकोमा त्यसको पनि सबै तात्कालिक प्रमाण हेरेर संशोधन भइसकेको छ ।[३७]

यस सम्बन्धमा यहाँ अर्को एक विप्रतिपत्ति पनि उठेको छ। नेसं. ५८२ (वि.सं. १५१९) । मा लेखिएको 'स्वरोदयदशा' नामक पुस्तकमा 'श्रीश्रीराजाधिराजपरमेश्वर परमभट्टारक श्रीरायमल्लदेवस्य विजयराज्ये'[३८] भनी लेखिएकोले बाबु यक्ष मल्ल हुँदै राय मल्लको शासन चलेको देखिन आयो । यसैका आधारमा पेटेक्ले बाबुसँग विद्रोह गरेर राय मल्लले स्वयं शासन चलाएको अड्कल काटेका छन् ।[३९] परन्तु यो कुरा अरू कुनै प्रमाणबाट सिद्ध हुँदैन । आफू मुनिका भाइहरूलाई पनि तह लाउन नसक्ने युवराज राय मल्लले आफ्ना सामर्थ्यशाली बाबुका विरोधमा झण्डा उठाएर स्वतन्त्र शासन चलाए भन्न सकिँदैन । पुस्तक सार्ने मणिराज भारोले युवराजको महत्त्व बढाउन उनलाई खुशी पार्न पनि यस्तो प्रशस्ति लेखिदिएका मात्र हुन्, यसैका आधारमा अरू कुरा कल्पना गर्नु व्यर्थ छ। त्यस वेला राजकुमारहरूलाई पनि युवराजाधिराज वा राजा नृपति आदि प्रशस्ति लाइदिने चलन थियो । नारायण भट्टले पनि उनका छोरा कुमारहरू छन् (तत्पुत्राः कुमाराः सन्ति) भनेर उनलाई

नृपति, प्रभु, नृप आदि विशेषण लाइदिएका छन् । त्यस कारण जस्तोसुकै विशेषण लेख्नेले लेखिदिए पनि युवराज राय मल्ल बाबुकै अधीनमा भएर शासन गर्दथे ।

यहाँ एउटा कुरा चाहिँ मननीय छ, सो के भने मध्यकालमा नेपालको इतिहासमा राज सिंहासन ज्येष्ठभागी हुन्छ भन्ने नियम चाहिँ लागू हुन सकेको थिएन । यक्ष मल्लले देशविजय गरी देशको एकता कायम गरे तापनि बाबुबाजेले जस्तै यो नियम लागू गर्न नसक्ता उनका सबै भाइ छोरा राज्यसिंहासनका दावेदार थिए । छोरा मात्रै के छोरीका छोरा (दौहित्र) पनि राज्यको अंशियार हुन आए । यसको फल सबै भाइ राज्य सञ्चालन गर्न तम्तयार थिए । वि.सं. १५३८ अन्त्यतिर यक्ष मल्ल परलोक भए ।[४०] उनका विवाहिता सरस्वतीदेवी, ल्याइते जीवलक्ष्मी र जयतना तीन रानी सती गए । यिनको वैकुण्ठवास होस् भनी बाह्रौं (सपिण्डीका) दिन पनि लक्ष्मीनारायणको मूर्ति र राजाको प्रतिमा बनाई अभिलेखसहित गरेर राखियो र उनका तीनवटी रानीका प्रतिमासहित गरेर चाँगुमा शय्यादान गरियो ।[४१] त्यस वेला गर्भवती भएर हो वा किन हो, सती जान नपाएकी अर्की रानी कीर्तिलक्ष्मीले भादगाउँमा यक्षेश्वरको मन्दिरमा सिंह चढाई विशेष पूजा लाई गूठी राखी पतिसँग परजन्ममा सहवासको कामना गरिन् ।[४२]

बाबुका शेखपछि सबै दाजु भाइ राय मल्ल रत्न मल्ल, रण मल्ल, अरि मल्ल र भीम मल्ल भानिजसमेत भएर राज्य सञ्चालन गर्न लागे । केही समयसम्म सबै मिलेर शासन चलाए । त्यसपछि जेठा राय मल्ल केही कमजोर भएबाट भक्तपुरमा मात्रै सीमित भए । माहिला रत्न मल्ल निकै बाठा चल्तापूर्जा पनि भएबाट अरू भाइहरू र भानिजसमेतलाई संघटनमा ल्याई छुट्टै शासन सञ्चालन गर्न लागे । पछि उनले एक्लै आफ्नो राजधानी काठमाडौंमा कायम गरे ।[४३] बनेपामा रण मल्लको राज्य कायम भएको भए पनि पछि आएर यो राज्य पनि भक्तपुरमा नगाभिएर काठमाडौंमै गाभियो ।

यक्ष मल्ल र उनका छोराहरूको राजकाजसम्बन्धी विवरण र अरू पक्ष बुझ्नको लागि पनि तात्कालिक शिलालेख, ताम्रपत्र, ताडपत्र र पुष्पिकावाक्यहरू प्रशस्तै पाइएका छन् ।

यस ग्रन्थको सीमा यक्ष मल्लतक मात्र हुनाले यसपछिको विवरण पछिल्ला अध्यायमा हुँदै जानेछ । मल्लकालको इतिहासमा स्थिति मल्लदेखि यक्ष मल्लसम्मको करीब शय वर्षको युग एक प्रकारले उज्ज्वल भन्नुपर्छ । त्यसमा पनि यक्ष मल्लको विजय र नेपालको एकता ल्याउने काम निकै प्रशंसनीय छ ।

विक्रमको बाह्रौं शताब्दीदेखि नेपालको मूल केन्द्र अर्थात् राजधानी भक्तपुर कायम भएको थियो । भोन्तराजपरिवारको शक्तिवृद्धि भएपछि काठमाडौं देउपाटनमा पनि अर्को

राजदरबार कायम हुन आयो । यी दुई राजकुलको शक्ति बढेको वेला पनि राजगद्दी मानेर स्वतन्त्र शासन गर्ने महापात्र पाटनमा चल्तापूर्जा थिए । स्थिति मल्लदेखि यक्ष मल्लसम्म पनि यिनीहरू राजसत्ता मानेर आफ्नो अस्तित्व जोगाएर रहे । यक्ष मल्लका छोराहरूले यिनलाई केही कालसम्म कज्याए पनि पछि गएर विष्णुसिंह स्वतन्त्ररूपले शासन गर्न लागे । यसरी भक्तपुर र कान्तिपुरमा राय मल्ल र रत्न मल्लका वंशजको राज्य चले पनि पाटनमा चाहिँ यंकुलीका महापात्रवंशकै शासन चलेको थियो । पछि काठमाडौंका राजा शिवसिंहले पाटन जितेर काठमाडौंमा मिलाए तापनि उनका छोरानातिहरूले पाटन र काठमाडौंमा छुट्टाछुट्टै शासन गरे । यसरी यक्ष मल्ल पछि कायम भएर आएका यी तीन राज्य पुगनपुग तीन शाय वर्षसम्म रहेर पृथ्वीनारायण शाहको प्रयासबाट एकतामा आबद्ध भई एउटा नेपालराज्यमा परिणत भए ।

४.४ टिप्पणी

१. ५२८ यक्ष मल्ल जन्म, इ. संशोधन ४ सं. ११ पृ.

२. माथि ४।२ को १०३-४ टि.

३. उही ११० टि.

४. शुक्लयजुर्वेद संहिता, रा. अभि. १,७८७.४, शास्त्रीक्याटलग् १ भा. २३ पृ.

५. सोयं श्रीजययक्षमल्लनृपतिर्नेपालराज्येश्वरः, एकादशीमाहात्म्य, रा. अभि. १,१००३-३ शास्त्रीक्याटलग् ३० पृ.

'राजाधिराज-परमेश्वर-परमभट्टारक-लक्ष्मीनारायण-श्रीश्रीजययक्षमल्लदेवस्य'

नेपालभाषाचिकित्सा, रा.अभि. ५,४३७, मे.हि.नेपाल १७० पृ.

'श्रीश्रीश्रीपशुपति-चरणारविन्दसेवापरायण-श्रीमन्मानेश्वरीदेवीवरलब्ध परम्परानुगत देदीप्यमान महाराज लक्ष्मीक-निखिल नरपतिचक्र चूडामणि............. राजाधिराज-परमेश्वर-परमभट्टारक रघुवंशकमलवनविकासनैक-भास्कर-सकलविद्यानिधानगुणी गुणालंकृत-नेपालमण्डलेश्वर- लक्ष्मीनारायणावतार श्रीश्रीजययक्ष्रमल्लदेव...........

ठिमी महादेवस्थानको शिलालेख, मे. नेपाल ३ भा. ६१-६२ पृ.

'श्रीनेपालमण्डलप्रभुः श्रीश्री-जययक्षमल्लदेवस्य विजयराज्ये'

साँगाको अभिलेख, उही ७१ पृ.

'नेपालभूमण्डलचक्रवर्तिन्,

भक्तपुर पर्खालको अभिलेख, उही ७३ पृ.'

'श्रीनेपालपुण्यभूमीश्वरराय श्रीश्रीपरमेश्वरपरमभट्टारक ......नररूपाय श्रीश्रीजययक्षमल्लदेवप्रभवे'

पाटन मत्स्येन्द्रनाथको अभिलेख, उही ७७ पृ.

'श्रीराजाधिराज परमेश्वरपरमभट्टारकेन श्रीमता श्रीनेपालेश्वरचक्रचूडामणिना श्रीलक्ष्मीनारायणावतार - श्रीश्रीजययक्षमल्लदेवेन' ।

भक्तपुर त्रिपुरसुन्दरीमन्दिरको अभिलेख, उही ८० पृ.

६. ज्योतिर्मल्लसुतो भाति स श्रीमान् भूपतिः कृती ।

सूर्यवंशातंसोयं यक्षमल्लो गुणाश्रयः

संसारदेव्यास्तनयः सुबुद्धिर्विवेकनारायण एव भाति

श्रीयक्षमल्लानुजः शास्त्रवेदी श्रीजीवमल्लो नृपरत्नमूर्तिः

ठिमीको शिलालेखबाट ।

७. भक्तपुर तौमढीटोलको शिलालेख, मे. नेपाल ३ भा. ६३-६७ पृ. रेग्मीले निकै अशुद्ध पाठ पढेका छन् ।

८. श्रीश्रीपशुपतिचरणार्चनपरायण- रिपुराजदैत्य त्रिपुरासुर- मानविनिर्जित श्रीश्रीसंसारतारिणीगौरीश्वर- श्रीमहेश्वरावतार- श्रीलक्ष्मीनारायण - श्रीश्रीजययक्षमल्लदेवानुज- श्रीश्रीजयजीवमल्लदेव सहैव विजयराज्ये,

'चान्द्रव्याकरण सूत्रपाठ, रा. अभि. ५,७३१ लि नेपाल २।३९८

९. कुब्जिकापूजा, रा. अभि·३, ९६.५ मे.हि. नेपाल, १७० पृ.

१०. पाटन बालकुमारीस्थाननेर क्वच्छेंको सरस्वतीमूर्ति स्थापना गरी राखिएको शिलालेख मे. नेपाल ३ भा. ६७-६८ पृ.

११. पशुपतिको ताम्रपत्र, उही ५८-६१ पृ.

१२. पाटन लुभु नारायण मन्दिरको शिलालेख उही ६९-७१ पृ.

१३. इतिहास संशोधनको प्रमाण प्रमेय १३२ पृ.

१४. भादगाउँको त्रिपुरसुन्दरीका मन्दिरको शिलालेख मे. नेपाल ३ भा. ८०-८२ पृ.

१५. सुमतितन्त्र (सुमतिसिद्धान्त परिशिष्ट १६४ पृ.)

१६. इ.सं. प्रमाण प्रमेय १३२ पृ

१७. द्रष्टव्य- पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा

१८. शास्त्रीक्याटलग् २ भा. ८२ पृ.

१९. पूर्णिमा १० पू. १९ पृ. तथा सुमतितन्त्र परिशिष्ट १२७-२८ पृ.

२०. मे. नेपाल २ भा. ७९-८० पृ.

२१. 'तस्यास्मिन् विजयप्रचारसमये भक्तापुरीराज्यके'

विष्णुप्रतिमा स्थापना गरी लेखेको एकादशी माहात्म्यबाट, पूर्णिमा ७ पू. ४१ पृ.

२२. नु. ऐ. रूपरेखा ४५ पृ.

२३. आसीद्विश्वविशोभिनिर्म्मलयशोराशे रघोरन्वये

विख्यातो जययक्षमल्लनृपतिर्दातावदाताशयः ।

यो राज्यं मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषाद्

यो नेपालमकण्टकं व्यरचयज्जित्वा नृपान् पार्वतान् ॥

प्राच्यां यो बङ्गदेशं तदनु सुरनदीं दक्षिणे दिग्विभागे

विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः ॥

भूमिं सप्ताहगम्यामपि धनददिशो यो ऽवधीकृत्य भुक्त्वा

रेमे दोर्दण्डशौण्डः प्रखरतरलसत्काण्डकोदण्डपाणिः ॥

नरपतिजयचर्यास्वरोदयटीकाको पुष्पिकाबाट । शास्त्रीक्याटलग् १, १०७ पृ.

२४. अन् एकाउण्ट अफ् द किङ्डम् अफ् नेपाल २६६ पृ.

२५. (क) मे. नेपाल २ भा. ४४४-४६ पृ.

(ख) नेपाल उ. म. इतिहास ९० पृ.

२६. यक्ष मल्लको शिलालेख, पूर्णिमा २ पू २.४ पृ.

२७. दो. ऐ. रूपरेखा, २१-२२ पृ.

२८. धनवज्र, तुलसीरामहरूले जनसहभागिताको ज्वलन्त उदाहरण भनेको यस्तै हुन्छ भनी बेगार पकडेरलाउने यक्षमल्लको यो कार्यराम्रो पन्चायती प्रजातन्त्री पाराको नमूना हो भनी लेखेका छन् । परन्तु बेठबेगार लाउने कुरा सनातन चलिआएको थियो, यो ७ सालसम्म जारी थियो । यो जनसहभागिता हो, पन्चायत प्रजातन्त्रको पूर्वरूप हो भन्ने प्रचार त गाउफर्क राष्ट्रिय अभियानको समर्थन र उपयोगिता सिद्ध गराउने चाल मात्र थियो ।

२९. सेलेक्ट इन्स्कृप्सन्स्, ३२८-३०, ३३७-३९, ३९६-९७ पृ.

३० नेपालनिरुक्त १८०-८१ पृ.

दोलखाको ऐ. रूपरेखामा धनवज्रले कोकी र कोकीराज्यको बारेमा केही विवरण दिनसकेका थिएनन्, मैले तारानाथ लामाको इतिहासबाट कोकी र कोकीराज्यबारे परिचय दिएको छु । नेपालमा कोकीको अस्तित्व अहिले देखिदैन । आसामतिर यिनको आवादी छ ।

३१. दो. ऐ. रूपरेखा २१-२२ पृ.

३२. उही ।

३३. धनु:शास्त्र, रा. अभि. १.१४९१. पूर्णिमा ९ पू. १४ पृ.

३४. यक्ष मल्लको पालाको ताडपत्र, रोलम्ब १३ भा. ३ सं. ८ पृ.

३५. रोलम्ब ३ भा. १ सं. मा. प्रकाशित अभिलेख १६ पृ.

३६. इ.सं. प्रमाण प्रमेय १३३-४४ पृ.

३७. उही १३१-३२ पृ.

३८. शास्त्रीले यो मिति ४८२ पढेका थिए। शास्त्रीक्याटलग् २ भा. ४६ पृ.

३९. मे.हि. नेपाल १८१ पृ.

४०. ६०२ माघ यक्ष मल्ल म्वोक। इ. सं. प्रमाणप्रमेय १३१ पृ.
अभिलेखअनुसार यक्ष मल्लको मृत्यु वि.सं. १५३८ को अन्त्यतिर भएको वुझिन्छ।

४१. चाँगु ऐ. साम ग्री १८८ पृ.

४२. पूर्णिमा ५ पू. १८ पृ.

४३. इ. सं. प्रमाणप्रमेय १३३ -१४४ पृ.

४४. यक्ष मल्लका समयका तात्कालिक अभिलेखहरू निम्न छन् ।

(१) शुक्लयजुर्वेदसंहिता - रा.अभि. १, ७८७, ४.
शास्त्रीक्याटलग् १ भा. २३ पृ.

(२) विश्वकर्मा महाविहारमा रहेको ताम्रपत्र
मेडिवल् नेपाल - ३ भा. ५८ पृ

(३) शुक्लयजुर्वेदसंहिता- रा. अ. भि. १, ७३६, ७.
मे.हि. नेपाल १६८ पृ.

(४) वज्रावली - क्याम्व्रिज् युनिवर्सिटी लाइब्रेरी - एडीडी १७०३.
बेण्डालक्याटलग् - १९७ पृ.

(५) ज्योतिषरत्नमाला - रा.अभि. ४, ३४
मे.हि. नेपाल -१६९ पृ.

(६) फर्पिङ्गको अभिलेख (राष्ट्रिय अभिलेखालयमा रहेको)
पूर्णिमा ७ पूर्णाङ्क; ४० पृ.

(७) एकादशीमाहात्म्य - रा. अभि. १, १००३, ३

उही ७ पू. ४१ पृ.

(८) भविष्यपुराण - क्याम्ब्रिज् युनिवर्सिटी, एडीडी २८३४,२ वेण्डालक्याटलग्

(९) कुट्टिनीमत - एसियाटिक सोसाइटी सं. ४७३१

ए. डिस्क्रिप्टिभ् क्याटलग् ७ भा. ७६ पृ.

(१०) ठिमीको महादेव मन्दिरको अभिलेख

पूर्णिमा ७ पूर्णाङ्क ४३ पृ.

(११) भादगाउँ तौमढीटोलको अभिलेख

पूर्णिमा ८ पू., १४ पृ.

(१२) नेपालभाषाचिकित्सा - रा.अभि. ५, ४३७

मे. नेपाल - सं. २८

(१३) चतुरङ्गनाटकगीतम् - रा. अभि. ५, ७८३ .

मे. नेपाल सं. ३०

(१४) चान्द्रव्याकरण सूत्रपाठ, रा. अभि. - ५, ७३१

लि नेपाल - २, ३९८

(१५) कुब्जिकापूजा - कुमारी पूजापर्यन्त - रा.अभि. ३, ९६, ५ .

पूर्णिमा. ८ पूर्णाङ्क १५ पृ.

(१६) सुबन्तरत्नाकर - इण्डिया अफिस् लाइब्रेरी, हड्सन, ३५/२
कीथक्याटलग् - १४४३, सं. ७८७७

(१७) नित्यान्हिकतिलक , केशरपुस्तकालय ४३८ सं., पूर्णिमा ६९ पू. ४६-४७ पृ.

(१८) पशुपतिमा रहेको ताम्रपत्र

मे. नेपाल -३ भाग, ५८-६१ पृ.

(१९) पाटन क्वाछेटोलमा रहेको बालकुमारीमन्दिरनजिकैको सरस्वती मूर्तिको अभिलेख

- मे. नेपाल- ३ भाग ६७-६८ पृ.

(२०) पाटन मूबहालमा रहेको वज्रसत्वमूर्तिको अभिलेख

मे. नेपाल - ३ भाग ६८-६९ पृ.

(२१) कातन्त्रव्याकरण - केशरपुस्तकालय सं. ५८९

पूर्णिमा ८ पू. १७ पृ.

(२२) सुमतिसिद्धान्त टीका - केशरपुस्तकालय सं. ८२

पूर्णिमा १० पूर्णाङ्क, १९ पृ. र सुमतितन्त्र परिशिष्ट २, १२७-२८ पृ.

(२३) एकादशीमहात्म्य - रा. अभि. १, १५५९

पूर्णिमा ८ पूर्णाङ्क, १८ पृ.

(२४) भक्तपुर दरबार जगन्नाथमन्दिरको सिँढीमा रहेको शिलालेख,

पूर्णिमा ७४ पू. ४ पृ.

(२५) लुभु कोलाछिटोलमा रहेको नारायणमन्दिरको अभिलेख

मे. नेपाल, ३ भाग ६९-७१ पृ.

(२६) साँगाको गणेशमूर्तिको अभिलेख

मे. नेपाल, ३ भाग ७१-७२ पृ.

(२७) अव्दप्रबोध- भोजदेवसंग्रह, रा. अभिलेखालय, सं. ७०२, पूर्णिमा ८ पू. १९ पृ.

(२८) पशुपतिमा रहेको ताम्रपत्र

मे. नेपाल, ३ भाग ७२-७३ पृ.

(२९) नित्यान्हिकतिलक रा.अभि. ३, ३८४

शास्त्रीक्याटलग्. २, ८२

(३०) भादगाउँ दरबारको स्वर्णद्वारमा रहेको ताम्रपत्र

इतिहासप्रकाश- १, ५९-६० पृ.

(३१) सुमतिसिद्धान्त, केशरपुस्तकालय, सं. ८२

पूर्णिमा - ३६ पूर्णाङ्क, ३०४ पृ.

(३२) चतुरङ्कमहाभारत नाटक, रा. अभि. १४४९ पूर्णिमा १० पू. २० पृ. र ३६ पू. ३०४ पृ.

(३३) पाटन सौगलटोलमा रहेको लक्ष्मीनारायणमूर्तिको अभि.

मे. नेपाल, ३ भाग ७६ पृ.

(३४) हिरण्यसप्तक - क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी एडीडी १६९१

वेण्डालक्याटलग, - १७७, पूर्णिमा ९ पू. ११ पृ.

(३५) वैनायकमाहात्म्य (व्यक्तिगत संग्रह) - पूर्णिमा ६९ पू. ४७-४८ पृ.

(३६) ज्योतिषरत्नमाला - क्याम्ब्रिज् युनिभर्सिटी लाइब्रेरी - ए.डी.डी. १६६५

बेण्डालक्याटलग् - १३ पूर्णिमा उही ।

(३७) टोखा तपलाछेटोलमा रहेको गणेशमूर्तिको अभिलेख

पूर्णिमा ९ पूर्णाङ्क १२ पृ.

(३८) बनेपाशहरको पश्चिम ढोकाको धारानिरको चोकमा रहेको सूर्यको पादपीठको अभिलेख

पूर्णिमा ९ पूर्णाङ्क १२ पृ.

(३९) भादगाउँ दत्तात्रेयमन्दिरअगाडिको विष्णुमूर्तिको अभिलेख, पूर्णिमा ९ पू. १३ पृ.

(४०) काठमाडौं टेबहालमा रहेको चन्द्रमूर्तिको पादपीठमा रहेको अभिलेख, मे. नेपाल, ३ भाग ७८ पृ.

(४१) टेबहालकै चन्द्रमूर्तिकै अर्को अभिलेख

मे. नेपाल. ३ भा. ७८ -७९ पृ.

(४२) पशुपतिको नैऋत्यपट्टिको अभिलेख पूर्णिमा, ९ पूर्णाङ्क १३ पृ.

(४३) ऋग्विनिश्चयमाधवनिदान, रा. अभि. ५, ४०२, मे. नेपाल सं ४२

(४४) काष्ठमण्डपको अघिल्लो भित्तामा राखिएको ताम्रपत्र, संस्कृत-सन्देश, १ वर्ष ६ अं. ७८ पृ.

(४५) कुसुण्डीकर्मविधि- रा.अभि. १,१६०६ पूर्णिमा ९ पू. १३ पृ.

(४६) भादगाउँ तुलाच्छिटोलमा रहेको शिलालेख, पूर्णिमा ९ पूर्णाङ्क १४ पृ.

(४७) भक्तपुर व्यक्तिगत संग्रहमा रहेको यक्ष मल्लको पालाको ताडपत्र, रोलम्व १३/३, ८ पृ.

(४८) धनुः शास्त्र रा. अभि. १,१४९१, पूर्णिमा ९ पू. १४ पृ.

(४९) पञ्चरक्षा- रा. अभि. १,१११३,५ पूर्णिमा, ९ पू. १५ पृ.

(५०) पशुपति दक्षिणको भैरवमूर्तिको अभिलेख, पूर्णिमा ९ पू. १६ पृ.

(५१) रा. अभि. ११०९/२३ सं. मा रहेको ताडपत्र, पूर्णिमा ६७ पू. ४३ पृ.

(५२) स्रग्धरा स्तोत्र- इण्डिया अफिस् लाइब्रेरी, २७२३ कैथक्याटलग् - १४२७, पूर्णिमा ९ पू. १६ पृ.

(५३) हितोपदेशसमुच्चय - रा. अभि १, १६०८, ५ शास्त्रीक्याटलग् १,७५ पृ.

पूर्णिमा १० पृ. १८ पृ.

(५४) पञ्चरक्षा- रा. अभि. १,१११४,२ पूर्णिमा १० पृ. १८ पृ.

(५५) भक्तपुर गाहिटीको वामन विष्णुको पीठको अभिलेख, पूर्णिमा ७४ पृ. ५ पृ.

(५६) पञ्चरक्षा, केशरपुस्तकालय सं ५६६, पूर्णिमा १०,पृ. १८ पृ.

(५७) भादगाउँ पूजारीमठको अभिलेख, अप्रकाशित, तर कर्नले द ट्रेडिशनल आर्किटेक्चर एण्ड द काठमाण्डू भ्याली ४४ पृ. मा उल्लिखित, मे.हि. नेपाल १७५ पृ.

(५८) पञ्चरक्षा- टोकियो युनिवर्सिटी लाइब्रेरी सं २३२ (मत्सुनीम क्याटलग्मा पञ्जीकृत) उही

(५९) अमरकोष - क्याम्ब्रिज् युनिवर्सिटी लाइब्रेरी, एडीडी १६६० वेण्डालक्याटलग् १६२ पृ.

(५९) रूपमञ्जरी परिणय नाटक सं. ४८ वीरपुस्तकालयको सूचीपत्र, पूर्णिमा १० पृ. २१ पृ.

(६०) ललितपुर मीननाथको अभिलेख, पूर्णिमा १० पृ. २१ पृ.

(६१) चाँगुनारायणको भण्डारको अभिलेख, चाँगु. ऐ. सामग्री १८६ पृ.

(६२) राष्ट्रिय अभिलेखालय, ६७ सं. ताडपत्र - पूर्णिमा ६७ पूर्णाङ्क ४४ पृ.

(६३) चाँगुनारायणको भण्डारको अभिलेख, चाँगु. ऐ. सामग्री १८८ पृ.

(यो अभिलेख यक्ष मल्ल र उनका रानीहरू मरेको बाह्रौं दिनमा निर्मित यक्ष मल्लको प्रतिमामा कुँदिएको हो ।)

परिशिष्ट - १

परिशिष्ट — 1

राष्ट्रिय संग्रहालयमा रहेको अग्निमठका शङ्कराचार्यको शिलालेख

(वि.स. १२०१)

(१) ॐ नमः शिवाय ॥

गणानां नाथो वः स दिशतु शिव यस्य विकटे

कटेलीनां लीनावलिरलमलङ्कारविधये ।

प्रयाता सौहित्यं मदमधुरमद्यैः प्रमुदिता

(शुभाशसिस्वान्तःसुखदरव)सूर्भाति सवला ॥ १ ॥

यस्माद्विश्वमिदं न भिन्नमथवा भिन्नं चिदानंदत-

स्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये ।

यस्याहंकृतिरेवमंधनिहतिर्हेतुः प्रकाशस्य स

श्रीमान् (३) बोधमयः शिवः शिंवकरः संसारिणां पातु वः ॥२॥

प्राणादीन्मरुतो निरुध्य मनसो वृत्तिं निवार्य स्थिरां

शुद्धां बुद्धिमुपास्य यांति यतयश्चित्स्थामनिद्रां परां ।

रागोत्सा (?) (४) रितमूर्तयोऽमृतरसां नादिं द्विमन्तःकदा-

प्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणां ॥३॥

मायाजालमुदस्य रागदहनन्निर्वाप्य सत्कीर्तिता (?)

ऽऽऽऽऽ।।ऽ।ऽ (५) नियतेर्लीनां च कृत्वा कलां ।

शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पतंती पशून्

शान्तं धाम नयत्यनन्तमहिमा पायात् स वः शङ्करः ॥४॥

मायाजालकलंकमर्द्दकतया (६) सोभूदिहामर्द्दकः

श्रीमानग्निमठः शठैरसुलभो योगापगानिर्गमः ।

यत्र क्रोधकलंकितोपि स मुनिः क्रोधं विहाय स्वकं

दुर्वासाश्चिरमीश्वरार्पितमनास्तस्थौ स किं वर्ण्यते ॥५॥

(७) शान्तस्वान्तादमलनिखिलज्ञानपूर्णात्ततोऽपि

प्रापद्यत्रोरगपरिवृढोऽनुग्रहं वासुकिः प्राक् ।

धन्याश्चान्ये धरणिगतयः प्रेरिताः पूर्वपुण्यैः

पश्चात्तेषां गुणगणभृतां किं यशो वर्ण्यतेऽत्र ॥६॥

(८) अमुष्मिन् सत्स्थाने समजनि जनानंदनकरैः

शिवैः शैवैराज्ञाशमितजनतातापकलुषैः ।

अमीषां शिष्यौघैर्नवतततमस्तोमशमनैः

स्फुरद्भिः संकीर्णा रविकरनिभैर्भाति जगती ॥७॥

(९) तत्राभवन् भवभयाभयदा : प्रतीता भट्टारका उरित* - मूर्तिशिवाभिधानाः ।

भूतिप्रिया वृषगता विबुधाधिनाथा मारद्रुहो जगति शंकरतामुपेताः ॥८॥

दोषोत्तीर्णाः श्रुतिपरिगता दुर्धराः स(त्) (१०) प्रवीणाः

शुद्धाः सम्यक् सकलकरणावर्जनोत्कर्षकान्ताः ।

स्वान्तध्वान्तोद्भवरिपुहरा मुष्टियोगाऽभिरामा

यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥

अष्टावसूत्पलपितामहवंसलो (११) क्त-

श्रीयामलद्विशतिकादिकृतश्रमाणां ।

व्याख्यां मनोमलहराममलां निशम्य

येषाममंसत बुधाः स्फुटमेव धाम ॥१०॥

तेषाममेयमहिमामल (१२) मंत्रशक्तिसंपातपूतकलिकालकलंकपंकाः ।

शिष्या वभूवुरिह रुद्रशिवा इति स्वैः पुण्यैर्यशोभिरुपदीपितदिग्विभागाः॥११॥

---

* *उरित माथि चिह्न दिएकोले यो पद अशुद्ध भन्ने शंका व्यक्त गरेको बुझिन्छ ।*

क्षोणीमण्डलमब्धिमेखलमिदं भ्रांत्वाखिलं निर्मलां

विद्यामाप्तुमनोभिरुन्नतगुणैर्वैदग्ध्यमासादितं& ।

वैराग्यं च निसर्गतो गुणवतां ज्ञानं च शुश्रूषया

यैराप्तं करुणारसा (१४) र्द्रहृदयैर्धर्म्मोपि शर्म्मोत्तर: ॥१२॥

येषां तपस्विजनजीवितरक्षणेऽभूत्पुण्यात्मनां करतले लगुडप्रहार : ।

कुर्वन् विकारमपि राजति कालकूट-

रेखाकलंक इव य :(१५) शितिकण्ठकण्ठे ॥१३॥

येषां दीक्षादिकर्माणि कुर्वतां क्रमतो लघू ।

अबोधि लोक: कर्तारौ करावपि सचेतनौ ॥१४॥

हृदाम्भोगम्भीरा धरणिधर% : धीरा स्थितिभृत-

(१६) स्तितिक्षामेदिन्यो जनशुभगता : शीतकिरणा: ।

स्फुरद्बोधानन्दा भवजलधिसंतारतरय:

पवित्रा द्वित्रा:स्युर्जगति यतयस्तादृशगुणा :(१७) ॥१५॥

ज्येष्ठो मे जनसंयमो वत यमो भ्राता कनीयानपि

क्रूरात्मा स शनि: पिता स च रविर्मूर्तिश्च मे श्यामला ।

इत्थं वंशजमात्मनश्च चरितं नि (१८) र्णोक्तुकामेव यां

कालिन्दी समियाय सा भगवती गंगेति किं वर्ण्यते ॥१६॥

सेयं यस्यास्त्रिदशतटिनी भाति तीरोपकण्ठे

हाराकारा त्रिभुवन (१९) पतिर्यत्र विश्वेश्वरोपि ।

कास्या: काश्या: स्तुतिरिह गुणैर्मर्त्यलोके दुरापै :

स्वल्लीनाख्यं स्फुटमनुपमस्थानमुच्चैश्चकास्ति ॥ १७॥

तत्र (२०)संध्याजपेणार्चास्वाध्यायध्यानतत्परा: ।

& यहाँको अनुस्वार पुरानो नेवारी लिपिको जस्तो लाग्छ ।

% यहाँ 'णिधर' यति अक्षर छुटेकोले काकपद दिई श्लोकान्तमा कुँदिएको छ ।

दीक्षां व्याख्यां च कुर्वन्तो वसन्ति स्म सुखेन ते ॥ १८॥

गंगाजुष्टां विविधविबुधां विश्वकृद्राजधानीं

काशीं (२१) दासीकृतसुरपुरीं धीधनास्तां विहाय ।

देवं द्रष्टुं पशुपतिमथानुग्रहीतुं च लोकान्

नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्गं ॥ १९ ॥

(२२) इयं वाचोयुक्ति : परिमलसहा नैव नितरा-

महं त्वेतन्मन्ये पशुपतिरयं विष्टपपतिः ।

स्वसेवासक्तानां तरुणकरुणापूर्णहृ (२३) दयो

जनानामानैषीत्परमपदलाभार्थमिह तान् ॥ २० ॥

ते जयन्त्यनुगृह्णन्तःकालं स्थित्वाथ कंचन ।

पुनःकाशीं गता विश्वनाथेनाकारि (२४) ता इव ॥ २१ ॥

तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिह (त्यैःशिव) मंदिरद्वयम् ।

वियोगताम्यत्पशुनाथभाविता इवागतास्ते नगरीमिमां (२५) पुनः ॥२२ ॥

अस्यां श्रीरघुवंशमौक्तिकमणि (र्जातो जना)नंदनः

सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः।

उच्चैःशक्ति (२६)धरः कुमारपदवीं प्राप्तोपि तैर्दीक्षितो

(दान्तः सिद्धिमवर्ण) नीयमहिमा प्राप (त्परा)मैश्वरीं ॥२३ ॥

शौर्ये* ऽर्जुनसमः प्रेक्ष्य (२७) गुणांस्तेषु गुणप्रियः ।

भक्तिमर्जुनदेवोपि (विदधे विबुधे) ष्विव ॥२४॥

वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा ।

य(२८)शोमल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥२५॥

।ऽऽऽऽऽ। रमनुगृहीता इति न मे

वचो वक्तुं शक्तिः प्रवरगणनायुक्तिभि (२९) रपि ।

---

* *यमा रेफ मोरेको छ ।*

मणीनां मुख्यानामपि हि किरणा (दे: कथमिव)
(मनी) षी रत्नाद्रे : क इह गणनायां प्रभवति ॥२६॥
दीक्षां ज्ञानसमर्प (३०) णाखिलमलालेपप्रलोपा# त्मकां
दृग्देवी शिव ऽ। ऽ।। मता निष्ठां प्रतिष्ठामपि ।
श्रद्धाभक्तिसमन्वितेन मनसा शिष्यैर्विनी (३०) तैरपि
द्रव्यं ढौकितमात्तमायतदयैर्लोकोपकाराय तैः ॥२७॥
किं दीनान् परितोषयाम गुणिनः किं पूजयामामरान्
किं (३२) वाऽनेन धनेन किं कृशधनानानंदयाम द्विजान् ।
आ ज्ञानं (यदु) पाश्रयाद्यदुदितं यस्मिंश्च तस्येशितुः
प्रासादं करवाम तेन (३३) नगरे तत्रेति तैर्निश्चितम् ॥२८॥
ते प्रयाग इवात्रामुं (पुण्ये सिं) धुसमागमे ।
चेतःप्रसादं प्रासादं प्रभो : शंभोरचीकरन् ॥२९॥
(३४) नाटचेश्वरान् ... ... भ्यस्थितोऽयं श... म -- दतः
स्मेरमुखः करोति संभाषणानीव समागतानाम् (३५) ॥३०॥
शु(क्लं .... पादे जय ... शः सुधाधवलितस्यादीपयन्नंबरम् ।
निर्भिद्यः क्षितिमु(३६) त्थितस्य ... ... ॥३१॥
कृत्वा मध्यममार्गमन्तरनिल (३७) पूर्ण क ... ... सेवात्मना
शंभोर्व्योम्नि करन्ध्रनिर्ग (३८) तमिव ... ... स्तिष्ठति शंकर : ॥३३॥
(३९) ... ... णालये वसेत् । अभ (क्तेषु(च व
(३९) ... .चराच) रं च गत्वा ... ह स्वै, षट् क्रि (यते)
(४०) ... ... हिरण्य (४१) ... . (क) लसं दत्तं
(४२) ... ... (च) तुः षष्ठि(युते) याते सं (वत्सरशतद्वये)
(४३) ... . दक्षकस्य (?) प्रशस्तिरियं शुभमस्तु (?) ॥

यहाँ पनि शिरमा चिह्न लाएको छ ।

अनुवाद

ॐ शिवजीलाई नमस्कार छ । गणका मालिक गणेशले वा शिवजीले तपाइँहरूको कल्याण गरुन्, जसको विकट गण्डमा वा काँध-कम्मरमा लेपासिएका हुँदा गहना झैं सुहाएका मदरूपी अरख वा भागका मधुरो रसले अघाएर लठ्ठ परेका (मङ्गलसूचक वा स्वान्तः सुख दिने स्वर) निकाल्दै सलवलाइरहेका भँवराको वा सर्पको लहर राम्रोसँग सुहाइरहेको छ ॥ १ ॥

१॥ जुन भगवान्‌बाट यो संसार भिन्न छैन, अथवा सच्चिदानन्द ईश्वरबाट भिन्न छ, सूर्य उदाउँदै अन्धकार हराएजस्तै गरी जसमा यो संसारै गएर बिलाउँछ, जसको हुंकारले नै सबै अन्धकार नष्ट हुन्छ, जो यो उज्यालो पार्ने कारण पनि बनेको छ, त्यस्ता ज्ञानस्वरूप कल्याणकारी शिवले संसारी तिमीहरूको रक्षा गरून् ॥२॥ प्राण आदि पन्च वायुलाई रोकेर (प्राणायाम गरेर) मनको वृत्ति (विषय वासनाको चिन्ता) लाई हटाएर निश्चल शुद्ध बुद्धि लिएर शरीरलाई विषयभोगबाट हटाएका योगीहरू अमृतरूपी रस दिने आदि अन्त्य नहुने सच्चिदानन्दस्वरूपी परमचैतन्य जीवनमुक्तिमा प्राप्त हुन्छन्, जसको उदयमा द्वैतवादी रहँदैरहेनन्, त्यस्ता शंकर भगवान्‌ले तिमीहरूको कल्याण गरून् ॥३॥ मायाजाल हटाएर विषयरूपी आगाको ज्वाला निभाएर .... भाग्यको रेखा मेटाएर उदाएको जसको शक्ति गुरुका वाणीद्वारा हृदयमा पस्तै प्रथम अवस्थामा रहेका साधकलाई शान्त धाममा पुर्‍याउँछ, अपरंपार महिमावाला ती शंकर भगवान्‌ले तिमीहरूको पालना गरून् ॥४॥ मायाजालको कलंक मेट्ने हुनाले नै आमर्द्दक कहिएको योगरूपी नदीबाट निस्केको मूर्खहरूले पाउनै नसकिने, ऐश्वर्यशाली अग्निमठ यहाँ थियो । जहाँ रिसाहा भनेर बात लागेका दुर्वासा मुनि पनि आफ्नो रीसलाई त्यागेर धेरै कालसम्म ईश्वरमा मनचित्त लाएर रहे भने त्यस्तो अग्निमठको के बयान गरौं ॥५॥ शान्त चित्त भएका, सबै स्वच्छ ज्ञानले परिपूर्ण भएका तिनै मुनिबाट जहाँ अघि सर्पराज वासुकि नागले अनुग्रह पाएका थिए, त्यस्तै पूर्वजन्मका पुण्यको प्रभावले पछि अरू भूईंमा हिंड्नेहरू (सरीसृप) पनि त्यहीं धन्य भएका थिए, धेरै गुण भएका तिनीहरूको (कीर्तिको के बयान गरौं) ॥६॥ यही ठाउँमा जनतालाई आनन्द दिने आफ्ना उपदेशले सबैको तीन ताप र पाप नष्ट पारिदिने, संसारमा नयाँ फैलिएको अज्ञानरूपी अन्धकार (बौद्ध जैन आदि मत) खण्डन गर्ने, शैव मार्ग बताउने शिव - शङ्कर (शङ्कराचार्य) प्रकट हुनुभयो । सूर्यका किरणजस्ता चम्किला उहाँका शिष्यहरूको जमातले ढाकेको यो पृथ्वीतल उज्यालो भएर सुहाएको छ ॥७॥ त्यही ठाउँमा संसारको भय हरी अभय (मुक्ति) दिलाउने, विभूत धारण गर्ने, साँढेमा सवार भएर हिंड्ने, देवताले पनि मानिएका कामदेव (काम वासना) नष्ट पारेका र शिवजीकै नाम र मूर्ति लिएका, साक्षात् शिव (शङ्कर) नै हुन पुगेका भट्टारक (भगवान् शंकर स्वामी) संसारमा प्रख्यात हुनुभयो ॥८॥ दोषमुक्त भएका, वेदमा बताइएका, ग्रहण गर्न गाह्रा, चलाखले पढिने, शुद्ध, सम्पूर्ण कर्मत्याग वा इन्द्रिय निग्रह गराउनाले असल राम्रा भएका, चित्तभित्रको अन्धकार अज्ञान) रूपी शत्रु हटाइदिने, मुष्टि योगमार्ग बताउने हुँदा राम्रा भएका, प्रत्यक्ष गुण भएका

अध्यात्मविद्या र बाहुबाट खैंचेर (ताकेर) हानिने, कानसम्म तानेर पुऱ्याइने, बोक्न गह्रौं, साधिएकाले चलाइने, सफा, सबै जीउआङ नचलमलाइकन तान्नुपर्ने मूर्ख र स्वाँठ शत्रुका प्राण हर्ने, मूठी पारेर समात्ता राम्रा देखिने, ताँदोमा चढाएर वाण चलाउने विद्या- धनुर्विद्या पनि स्वामीहरूले राम्ररी रफत गर्नुभएको थियो ॥९॥ अष्टावसु उत्पल पितामह वंसल (?) आदि विद्वान्हरूले बनाएका यामल (रुद्रयामल) द्विशतिका आदि शास्त्रमा मिहेनत साथ रफत गरेका मनको शंका समाधान गर्ने स्वच्छ सुन्दर व्याख्यान सुनेर विद्वान्हरूले उहाँहरूको महिमालाई राम्रोसँग स्पष्ट नै बुझे ॥१०॥ जसका अपरंपार महिमा भएको निर्मल मन्त्रशक्ति पर्नाले कलियुगको पापको मयल पखालेका आफ्ना चोखो कीर्तिले दिगन्तसम्म उज्यालो पारेका रुद्रशिव नाम गरेका शिष्यहरू भए ॥११॥ उत्तम गुणले युक्त भएका, करुणाले हृदय रसाएका जुन स्वामीहरूले शुद्ध विद्या पढ्ने उद्देश्यले समुद्रसम्म फैलिएको यो सारा पृथ्वीमण्डल घुमेर राम्रो चतुऱ्याइँ हासिल गर्नुभयो, स्वभावैले वैराग्य लिनुभयो, गुणीहरूको सेवाद्वारा ज्ञान पनि प्राप्त गर्नुभयो, पछि कल्याण दिने धर्म पनि कमाउनुभयो ॥१२॥ पुण्यकर्म गर्ने जसको हातमा तपस्वीहरूको ज्यान जोगाउँदा लट्ठीका चोटले घाउ लागेको छ, तर सो चोटले पारेको खत पनि शिवजीको गलामा कालकूटविषले पारेको दागजस्तै सुहाएको छ ॥१३॥ जसका हात दीक्षा (न्यास मुद्रा) आदि कर्म गर्दा यति छिटो छिटो चल्दछन्, त्यो देखेर दुनियाँ यी हात पनि सचेत नै हुन् क्यार भनी ठान्दछन् ॥१४॥ यी स्वामीहरू पोखरीको पानी जस्तै गम्भीर (गहीरा), थिति थाम्न पाहाडजस्तै अटल, सहनमा पृथ्वी जस्ता, जनताको भलो गर्ने शीतल किरण चन्द्रमाजस्ता, संसाररूपी सागर तर्न नाउ जस्ता भएका र ज्ञानको आनन्द फुरेका पनि हुनुहुन्छ, यस्ता गुणी स्वामीहरू ता संसारमा दुई तीन जना मात्र होलान् ॥१५॥

मेरा जेठा दाजु जनतालाई दुःख दिने यमराज हुनुहुन्छ, भाइ कान्छो शनैश्चर पनि क्रूर आत्मा भएको छ, मेरा बाबा पनि (पोल्ने) सूर्य हुनुहुन्छ, मेरो जीउ पनि कालो छ भन्दै यस्तो आफ्नो जीउको कालो र आफ्ना कुलको कलंक पनि पखाल्ने इच्छाले हो क्यार, काली यमुना आएर जसमा मिसिन्छन्, त्यस्ती गंगाजीको के बयान गरौं ।१६। ती यस्ती देवनदी गङ्गा जहाँ हार (माला) को आकार जस्ती बनेर बगेकी छन् । जसको किनारको नजीकैमा तीन लोकका मालिक विश्वनाथ बाबा छन्, यस मनुष्यलोकमा पाउनै नसकिने गुणले गर्दा यी काशीपुरीको के बयान गरौं !, यहीं स्वल्लीन नामको ठूलो धाम सुहाएको छ ॥१७॥ त्यहीं सन्ध्या जप पूजा स्वाध्याय ध्यानमा लागेका यी योगी (स्वामी)हरू दीक्षा दिदैं व्याख्या गर्दै सुखपूर्वक बस्नुभएको थियो ॥१८॥ गंगाजीले पवित्र पारिदिएकी, धेरै देवदेवताले भरिएकी, बाबा विश्वनाथकी राजधानी भएकी, स्वर्गपुरीलाई पनि दासी जस्तो पारेकी काशीपुरीलाई पनि छाडेर ती विद्वान् योगीहरू भगवान् पशुपतिनाथको दर्शन गर्ने र यहाँका दुनियाँलाई अनुग्रह गर्ने इच्छाले पनि हिंड्ने बाटो ज्यादै अप्ठचारो भए ता पनि ठूलाठूला पाहाडे हात्तीमा चढेर नेपालदेशमा पाल्नुभयो ॥१९॥

यस भनाइमा कति पनि खोट लाउनु वा दगलफसल गर्नु पर्दैपर्दैन, किनभने यी भगवान् पशुपतिनाथ संसारकै अधिपति हुन्, ज्यादै धेरै दयाले हृदय परिपूर्ण भएका यी भगवान् पशुपतिनाथले आफ्नो सेवामा लागेका भक्तजनहरूको परमपद प्राप्ति होस् भन्नाका खातिरले नै ती स्वामीहरूलाई यहाँ झिकाएका हुन् भन्ने कुरा नै म त ठान्दछु ॥२०॥ स्वामीहरूको यहाँ अत्यन्तै ठूलो बढीबढाउ भयो, यहाँ दुनियाँको उपकार गर्दै केही काल बसेर बाबा विश्वनाथले बोलाएजस्तो मानेर उहाँहरू फेरि काशी जानुभयो ॥२१॥ उहाँहरूले यहाँबाट लगेको धनसम्पत्तिले ईंट, ढुङ्गा ल्याई काशीमा दुईवटा (शिव) मन्दिरको जीर्णोद्धार गराउनुभयो। योगीहरूको विरहले पिरिएका पशुपतिनाथले बोलाएजस्तो मानी फेरि उहाँहरू यस (नेपाल) शहरमा आउनुभयो ॥२२॥ यहाँ नेपालमा रघुवंशमा मोतीमणि जस्ता (जनतालाई आनन्द दिने) उज्याला किरणले परिपूर्ण चन्द्र जस्ता आनन्ददेव (हुनुहुन्छ), राजकुमारपद (यौवराज्य) पाएर ठूला शक्तिशाली भए पनि योगीहरूसँग दीक्षा लिएर ठूलो महिमाले युक्त हुनु भएका उहाँले ईश्वरीय परम सिद्धि पनि प्राप्त गर्नुभयो ॥२३॥ शुच्याइँमा साँच्चै अर्जुनसमान भएका, गुणको कदर गर्ने अर्जुनदेवले पनि स्वामीमा गुण देखेर (देवता) मा झैं भक्ति गर्नुभयो ॥२४ ॥ ज्ञानी वसन्तदेव बुद्धिमान् सोमेश्वर र यशोमल्ल नामका कुमारहरूले पनि उहाँहरूबाट दीक्षा लिनुभयो ॥२५॥ अनुग्रह पाएका भनेर भन्न धेरै लामो गणनाको जुक्ति जान्दा पनि मेरो शक्ति पुग्दैन, सुमेरुका ठूलठूला मणिका किरण आदिको गणना गर्न यहाँ कस्तै सिपालुले पनि कसरी सक्ला र ॥२६॥ ज्ञान दिंदाहुँदि सबै पापको मयलको दाग मेट्ने दीक्षा मन्त्र, दृष्टि देवी शिव ... निष्ठा प्रतिष्ठा पनि ... ती विनीत शिष्यहरूले श्रद्धा र भक्तिले युक्त भएको मनले दिएको धनसम्पत्ति पनि धेरै ठूलो दया भएका स्वामीहरूले दुनियाँको उपकारका लागि नै लिनुभयो ॥२७॥ अब यस धनले दुःख पाएका गुणीजनलाई खुशी पारौं कि ? देवताको पूजा गरौं कि ? अथवा गरीब बाहुनलाई दान दिएर आनन्दित तुल्यायौं कि ? भनी गुन्दै जाँदा आखिरमा जुन भगवान्को उपासना गर्नाले जहाँ यो ज्ञान व्याप्त भएर फैलियो, त्यस कारण त्यही शहरमा तिनै ईश्वरको मन्दिर नै बनाऔं भन्ने कुरा नै उहाँहरूले निश्चय गर्नुभयो ॥२८॥ अनि उहाँहरूले प्रयागमा जस्तै यहाँ पनि (पवित्र) नदीको संगम (बेनी) मा मनै प्रसन्न पार्ने शिवजीको यो मन्दिर (शम्भुप्रासाद) बनाउनुभयो ॥२९॥ नाट्येश्वरहरूलाई ॥। रहनुभयो, (भगवान् शिव) मुसुक्क हाँसेको मुखले (दर्शन गर्न) आउने भक्तजनसँग बात मारेजस्तो गर्नुहुन्छ ॥३०॥ चून लाएर सेतो पारेको, आकाशलाई उज्यालो पार्दै ... भुईं छेडेर उठेका ... ॥३१॥ .... माझको बाटो गरेर भित्र वायु पूर्ण ... सेवा गर्नेले आकाशमा छेडेर निस्केको शिवको जस्तो ... सुनको .. शंकरजी रहनुहुन्छ ॥३२॥ .. मन्दिरमा बसोस् । अभक्तमा चराचरमा गएर .. स्वौषट् गरिन्छ । सुनको गजुर चढाइयो .. (दुई शय) चौसठ्ठी गयो .. यो दक्षकको प्रशस्ति हो । कल्याण होस् ॥

पशुपतिनाथको दर्शनस्पर्शन पूजनसम्बन्धमा समीक्षा १ परिशिष्टबाट

परिशिष्ट - २

परिशिष्ट – [illegible]

चण्डेश्वरको वर्णन

(अं.वि.सं. १३७२)

अस्ति श्रीहरसिंहदेवनृपतिर्निःशेषविद्वेषिणां
निर्म्माथी मिथिलां प्रशासदखिलां कार्णाटवंशोद्भवः ।
आशाः सिञ्जति यो यशोभिरमलैः पीयूषधारोद्भवैः ।
देवः शारदशर्ब्वरीपतिरिवाशेषप्रियम्भावुकः॥४॥
अस्मिन् दिग्विजयोद्यते वलभरात् कुब्जीभवद्भिः फणै-
रन्योन्यं निविडं मिलद्भिरभितः शेषः सहस्रेण सः ।
गच्छत्यम्वुजबान्धवे दिनपतौ प्रत्यक्पयोधेरधः
सद्यः सङ्कुचदब्जकोरकवपुः सादृश्यमालम्वते ॥५॥
मा मा खेदं भजध्वं जलधिमुपगते वान्धवे पङ्कजाना-
मन्तःपञ्चेषुरोषव्यसनभयशुचश्चक्रवाका वराकाः ।
श्रीमत्कर्णाटभूमिपतिमुकुटमणेः प्रीणयन्नद्य लोका-
नेष प्रौढप्रतापद्युमणिरुदयिनीं सम्पदं सन्तनोति ॥६॥
एतस्याद्भुतसन्धिविग्रहधुरापात्रं पवित्रीकृत-
क्ष्मालोकः शरदिन्दुसुन्दरयशःसन्दोहगङ्गाम्बुभिः ।
आसीन्मन्त्रमयद्युतिप्रतिहतामित्रान्धकारोदयो
देवादित्य इति प्रसन्नहृदयो देवद्रुमो जङ्गमः ॥७॥
महादानैस्तैस्तैर्विभवमहितैर्नन्दितमभूत्
कुलं भूदेवानां वहुविधमखैस्तैर्मखभुजाम् ।
तडागैरारामैः कमलमधुपानोन्मदनदद्
द्विरेफश्रेणीनामुपकृतमनेन क्षितितलम् ॥८॥

गुणाम्भोधेरस्मादजनि रजनिजानिरुदधे-
रिवाम्भोजाद्देवो द्रुहिण इव मन्त्रीशतिलकः ।
नवं पीयूषांशोरमृतमिव शक्तिप्रणयिनो
नयादर्थः श्लाध्यादिव जगति वीरेश्वर इति ॥९॥

लक्ष्मीभाजो द्विजेन्द्रानकृत कृतमतिर्यो महादानदानैः
प्रादत्तोच्चैस्तु रामप्रभृतिपुरवरं शासनं श्रोत्रियेभ्यः ।
वापीं चक्रेऽब्धिबन्धुं दहिभतनगरे निर्ज्जितारातिदुर्गः
प्रासादस्तेन तुङ्गो व्यरचि सुकृतिना शुद्धसोपानमार्गः ॥१०॥

यः सन्धिविग्रहविधौ विविधानुभावः
शौर्य्योदयेन मिथिलाधिपराज्यभारम् ।
निर्मत्सरं सुनयसञ्चितकोषजातं
सप्ताङ्गसंघटनसंभृतमेव चक्रे ॥११॥

प्रज्ञावतां सदसि संसदि वाक्पटूनां
राज्ञां सभासु परिषत्स्वपि मन्त्रभाजाम् ।
चित्तेऽर्थिनाञ्च कवितास्वपि सत्कवीनां
वीरेश्वरः स्फुरति विश्वविलासकीर्तिः ॥१२॥

श्रीमानमुष्य तनयो नयचक्रचारु-
चारालवालनवकल्पतरुप्ररोहः
सत्सन्धिविग्रहधुरीणपदावलम्ब-
श्चण्डेश्वरो विजयते सचिवावतंसः ॥१३॥

यद् यात्राचतुरङ्गिणीभरनमद्भूगोलघातस्फुटद्
भोगीन्द्राग्रशिरःफणामणिपतत्खण्डप्रदीपांशुभिः ।
पाताले निविडान्धकारपटलीनिर्मोषदृष्टप्रिया-

स्तत्कीर्तिं क्षणलब्धलोचनफला गायन्ति भोगिस्त्रियः ॥१४॥

नेपालं गिरिदुर्गमं भुजबलादुन्मूल्य तद्भूपतीन्
सर्वान् राघववंशजान् रविरिपोस्तुल्यः प्रतापानलैः ।
देवं विश्ववरप्रदं पशुपतिं संस्पृश्य योऽपूजयत्
केषां नैष धरातले स्तुतिपदं मन्त्रीन्द्रचण्डेश्वरः ॥१५॥

आलीनं गिरिकन्दरास्वपि वनेष्वन्तर्हितं निर्झरे
गम्भीरे चिरमग्नमद्रिशिखरप्राग्भारमप्यास्थितम् ।
नेपाले विजितैरनेन सुतरां भीतात्मभिर्भूमिपैः
विस्मृत्य द्युमणेः कुले भगवतः स्वं जन्म तत्तत् कृतम् ॥१६॥

उत्खाते रथचक्रनेमिनिवहैर्दन्तावलानां मदा-
सारैः सिक्ततले महायतरणक्षेत्रे हयक्षोदिते ।
नाराचाहतदाडिमोपमपतत्कुम्भीन्द्रकुम्भापत-
न्मुक्ताजालकमुप्तमस्य नु यशोबीजं विरेजे चिरम् ॥१७॥

एतेनातिवदान्यमौलिमणिना सम्मानितैरर्थिभि-
र्दत्तानेकमनोरथाधिकमहादानोच्छ्रितैरुज्झितः ।
भृङ्गश्रेणिमसीमलीमसतनुच्छायः स कल्पद्रुमः
प्रश्च्योतन्मकरन्दबिन्दुनिवहव्याजेन रोरुद्यते ॥१८॥

एष मैथिलमहीभुजा भुजद्वन्द्ववारितसमस्तवैरिणा ।
श्रीविधायिनि कुलक्रमागते सन्धिविग्रहपदे पुरस्कृतः ॥१९॥

उन्मीलत्सहकारसौरभमिलद्भृङ्गौघझङ्कारिणो
विप्रेभ्यः सुरपत्तनप्रणयिनो रम्भावनश्यामलाः ।
ग्रामाःसञ्चरदापगाजलभरैरुन्निद्रनालिश्रिय-
स्ते दत्ता कति न प्रसन्नमनसा मन्त्रीश्वरेणामुना ॥२०॥

अयमुदचीखनत्तरलमारुतलङ्घनया
घनरवावर्त्तमभिरामपुरे ऽ थ सरः ।
दिवि शरदभ्रविभ्रमपटलोदरगस्फुर-
दरविन्दवेश्मविलसन्निरुन्मसितम् ॥२१॥
आपीतो जलधिस्त्वया चुलुकितः क्षारोदकोऽभ्येहि मा-
मापातुं मधुरं घटोद्भवमुने यद्यस्ति शक्तिस्तव ।
इत्युच्चैर्वदतीव वीचितुलिताम्भोधिस्फुटाम्भोभरा-
रावैरुद्यतहस्तिरासमहिताहङ्कारमेतत् सरः ॥२२॥
एतत्कीर्तिजिगीषुरीशमभजद्देवः सुधादीधितिः
प्रायः शेखरतामवाप न पुनस्तस्मादसौ तत्फलम् ।
इत्येवं गलिते मनोरथभरे पङ्कच्छटासोदरं
धत्ते निर्ज्जितकान्तिरन्तरधिकं शङ्के कलङ्कं शशी ॥२३॥
विभ्राणः कल्पवृक्षं क्वचन परिसरे कामधेनुं दधानः
क्वाप्यन्तः पारिजातं क्वचिदपि च दधद्दोषयादोविमुक्तः
श्रीमच्चण्डेश्वरेण स्मृतिनिगमविदा तन्यते तेन तद्वद्
विष्णुव्यासादिवाक्यस्फुरदमृतमयः कृत्यरत्नाकरोऽयम् ॥२४॥
यस्मिन्न किंचिदपि शंसति कामधेनु-
र्यत्रेष्टमल्पमपि कल्पतरुर्न दत्ते ।
धत्ते न गन्धमपि कञ्चन पारिजात-
स्तत्सर्वमेष विविनक्ति नयप्रवीणः ॥२५॥
नानाश्रुतिस्मृतिकदम्बपुराणराशि-
गौडेतिहासनिकुरम्बमहागमानाम् ।
तं तं विरोधमवधूय बुधेन कृत्य-

रत्नाकरोऽयमधुना विहितो हिताय ॥२६॥

अन्त्यमा-

वृन्दे मन्त्रीश्वराणां परिषदि विदुषां सामगानां समाजे
गोष्ठीषु स्तोमभाजां सदसि सुकृतिनां श्रीमतां मन्दिरेषु ।
आगङ्गाम्भःसभासु क्षितिवलयभुजामालये नीतिभाजां
श्रीमच्चण्डेश्वरोयं निखिलगुणनिधिर्गीयतां गौरवेण ॥

महासान्धिविग्रहिक-ठक्कुरवीरेश्वरात्मजमहासान्धिविग्रहिक-ठक्कुर
चण्डेश्वरविरचितः कृत्यरत्नाकरः समाप्तः ॥

जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन ८ परिशिष्टबाट

अनुवाद

जम्मै वैरीगणलाई विनाश पारेर मिथिलादेशमा शासन गर्ने कर्णाटवंशी राजा हरसिंहदेव हुनुहुन्छ, सबैको भलो चाहने राजाले शरद्ऋतुका पूर्णचन्द्रले अमृत धारा बहाउने सफा किरणले जस्तै आफ्ना स्वच्छ कीर्तिले दिशा विदिशा उज्यालो पार्नुहुन्छ ॥४॥

यिनै राजाका दिग्विजयको अभियानमा हिँडेका फौजको भारले थिचिएर नुहुँदै आपसमा चेप्टिएका हजारौं फणा एकै ठाउँमा गुजुल्टिदा शेष नाग त बेलुका पश्चिम समुद्रको तलतिर कमलका बन्धु सूर्य पुग्दा फुलेको कमल तत्काल खुम्चिएर कोपिलो भए जस्ता भए ॥५॥

कमलका बन्धु सूर्य पश्चिम समुद्रमा डुबेपछि चखेवीसँगको विछोडले, काम, क्रोध,दुःख, भय, शोकले व्याकुल भएका विचरा हे चखेवा चरा हो, तिमीहरू पीर मान्दै नमान, हेर यहाँ कर्णाटवंशी राजा हरसिंहदेवको शिरोमणिको ठूलो प्रतापरूपी सूर्य लोकलाई खुशी पार्दै उज्यालो छर्दै उदाउनै लागेको छ ॥६॥

यी कर्णाटवंशी राजाबाट सन्धि विग्रह (घा कटक) को अभिभारा पाएका, शरद्ऋतुका चन्द्रमाको जस्तो सफा सुन्दर कीर्तिरूपी गङ्गाजलले पृथ्वीलोक पवित्र पारेका,प्रसन्न मन भएका, मन्त्रणाको प्रभावको तेजले शत्रु रूपी अन्धकार नष्ट पारेका, भूइँमा हिड्ने साक्षात् कल्पवृक्ष जस्ता (जे माग्यो त्यही दिने) देवादित्य नामका मन्त्री थिए ॥७॥

यिनले गरेका धेरै ऐश्वर्यसहितका अनेकौं महादानहरूले पृथ्वीका देव (ब्राह्मण) गणलाई, धेरै प्रकारका यज्ञयागादिले स्वर्गका देवगणलाई,त्यस्तै धेरै लाएका बगैंचा खनेका पोखरीहरूमा फुलेका कमलको रसको मद पिएर मातिदै गुन्जिएका भ्रमराहरूको समूहलाई पनि आनन्दित पारेका थिए, साँच्चै यिनले यस पृथ्वीकै उपकार गरिदिएका थिए ॥८॥

समुद्रबाट चन्द्रमा, कमलबाट ब्रह्माजी, शक्तिशाली राजनीतिबाट अर्थ (धन) चन्द्रमाबाट नयाँ अमृत पैदा भए जस्तै लोकमा सहाइएका गुणवान् मन्त्री देवादित्यबाट मन्त्रिश्रेष्ठ वीरेश्वर पैदा भए ॥९॥

उदार हृदय भएका यिनले पनि ठूलाठूला दानले ब्राह्मणहरूलाई सम्पन्न पारे, वैदिक ब्राह्मणहरूलाई रामपुर आदि ठूलाठूला बिर्ता दिए, सागर जस्तै ठूलो गहिरो पोखरी खनाए। शत्रुको किल्ला जितेका धर्मात्मा यिनले सजिला चढ्ने सिँढी भएको अग्लो दरबार बनाए ॥१०॥

सन्धि विग्रहमा विशेष ज्ञान भएका यिनले शौर्यवीर्यले मिथिलादेशको राज्यभारलाई रीसराग नगरी नीतिपूर्वक आर्जेको ठूलो खजानाले भरीपूर्ण पारेर सप्ताङ्ग (स्वामी, मन्त्री, मित्र, ढिकुटी, किल्ला, राष्ट्र, सेना) को संघटनले पूर्ण गरे। ॥११॥

विद्वद्गोष्ठीमा, बोल्न सक्ने चतुरहरूको समूहमा, राजसभामा, मन्त्रिपरिषद्मा, आशामुखीको चित्तमा र सत्कविहरूको कवितामा पनि सर्वतोमुखी प्रतिभा (पाण्डित्य) भएका मन्त्री वीरेश्वर उत्तिकै चम्किएका छन् ॥१२॥

वीरेश्वरका छोरा राम्रो राजनीति बुझेका चरको घेरारूपी क्यारीमा उम्रेको कल्पवृक्षको विरुवा जस्ता सान्धिविग्रहिक भन्ने पद पाएका मन्त्रिश्रेष्ठ श्रीमान् चण्डेश्वर अहिले विराजमान छन् ॥१३॥

यिनको युद्धयात्रामा हिँडेको चतुरङ्गिणी फौजको भारले दबेको भूगोलले ठक्कर दिदा फुस्केको शेषनागको अघिल्लो शिरको फणाबाट खसेको मणिका ज्योतिको अलिकति उज्यालोले पातालको निस्पट्ट अँध्यारोमा झलक्क प्रियपति देख्न पाउँदा नागस्त्रीहरूले एक छिन भए पनि आँखाको फल (देख्न) पायौं भनी मन्त्री चण्डेश्वरको कीर्ति गाउँछन् ॥१४॥

पाहाडले घेरेर किल्लारूप बनेको नेपालदेशलाई बाहुवलले जितेर यिनी त्यहाँका रघुवंशी राजाउपर प्रतापग्निले राहुजस्तै भए। जुन मन्त्रीले विश्वलाई नै वरदान दिने पशुपतिनाथलाई छोएर अर्थात् अँगालो मारेरै पूजा गरे, त्यस्ता मन्त्रिश्रेष्ठ चण्डेश्वर ठक्कुर लोकमा कसका प्रशंसापात्र भएनन् ? सबैका प्रशंसापात्र छन् ॥१५॥

नेपालमा यिनले विजय गर्दा साह्रै डराएका त्यहाँका राजाहरू पाहाडी गुफाको आश्रय लिन पुगे, वनजङ्गलहुँदो लुके, गहिरा झर्नामा लुकेर बसे, पाहाडका अग्ला डाँडामा चढेर बसे, सूर्य भगवान्का उच्च कुलमा आफू जन्मेका हौं भन्ने कुरा बिर्सेर यिनले यस्तो यस्तो काम गरे ॥१६॥

रथको पांग्राहरूले जोतेको, हात्तीको मदजल छिटिएको र घोडाका खुरले उधिनिएको यस्तो ठूलो रणक्षेत्ररूपी खेतमा बाणले छेड्दा हात्तीको गण्डस्थलबाट निस्केका दाखका

दानाजत्रा मोतीका दाना लहरै रोपिदा यी मन्त्रीको कीर्तिको बीउ रोपेजस्तो भएर धेरैकालसम्म सुहायो ॥१७॥

दानशिरोमणि यी मन्त्रीका हातबाट आशा गरे भन्दा पनि धेरै महादान पाएर बढेका याचक (आशामुखी)हरूले छोडिदिदा चिताएको कुरा दिनसक्ने कल्पवृक्ष ता भ्रमराका पंक्ति घुम्दा मसीजस्तो मैलो जीउ देखिएका फूलको रसको थोपा चुहुँदा आसु चुहाउँदै रोइरहेका जस्ता देखिन्छन् ॥१८॥

आफ्ना बाहुबलले सम्पूर्ण वैरीलाई जितेका मैथिलमहाराज (हरसिंह) देवबाट कुलपरम्पराबाट आएको त्यही ऐश्वर्यशाली "सान्धिविग्रहिक" मन्त्रीपदमा यी (चण्डेश्वर ठक्कुर) नियुक्त भए ॥१९॥

प्रसन्न चित्त भएका मन्त्रिश्रेष्ठ यी चण्डेश्वर ठक्कुरले फुलेका आँपका मुजुराका सुगन्धले झुम्मिएका भ्रमराको झनझनाहट भइरहेका, केराका बगैंचाले हरियाली छाएका, पानी बगिरहेका खोलाबाट कुलो खनेर ल्याए र पानी पटाएका स्वर्ग जस्ता क्यौं गाउँहरू ब्राह्मणहरूलाई बिर्ताका रूपमा दिए ॥२०॥

यी मन्त्रीले अभिरामपुरमा ठूलो पोखरी खनाए, यसमा बतास चल्दा पानी छचल्किएर भुमरी पर्दा मेघको जस्तो आवाज आउँछ । यसमा ढकमक्क कमल फुल्दा शरद्ऋतुको नीलो आकाशरूपी छानामुनि घुमेको बादल पोखरीमा कमलको घर जस्तो शोभामा परिणत भयो ॥२१॥

पानीका घडाबाट पैदा भएका हे अगस्त्यमुनि, तपाइँले नुनिलो क्षार समुद्रको पानी पसरबाटै पिएर निखार्नु भयो रे, तपाइँको त्यस्तो शक्ति छ भने मकहाँ मीठो पानी पिउन पाल्नुहोस् न भनेर यस पोखरीले आफ्ना समुद्रकै जस्ता छालबाट पैदा भएको स्पष्ट ठूलो स्वरले उठेका हात्तीका गर्जनद्वारा अहङ्कार प्रकट गर्दै । (अगस्त्य मुनिलाई) आह्वान गरिरहेको जस्तो छ ॥२२॥

यसको कीर्तिलाई माथ गर्छु भनेर चन्द्रमाले शिवजीको आराधना गर्दा शिवको शिरमा खुर्पे भएर बस्न त पाए, तर शिवबाट त्यस्तो फलचाहिँ पाएनन् । यसरी आफ्नो मनोरथ गलेपछि भित्रपट्टि मलिन कान्ति भएका चन्द्रमाले हिलाको छिटाको यो दाग - कमलकै सहोदर भाइलाई धारणा गरेका हुन् कि भनी शङ्का गर्दछु ॥२३॥

कतैतिर कल्पवृक्ष कुनै फाँटमा कामधेनु कतै पारिजात धारणा गर्ने अथवा ती ती नाउँ गरेका शास्त्र सगेटेको दुष्ट जलजन्तु नभएको वा दोषरहित भएको विष्णु व्यास आदि विद्वान्को अमृतवाणी भएको वा मीठो जल भएको कृत्यरत्नाकर नामको समुद्र जस्तो कर्मकाण्डको ग्रन्थ श्रीमान् मन्त्री चण्डेश्वरले फैलाएर बनाएको हो ॥२४॥

जुन ठाउँमा कामधेनु (ग्रन्थ) केही भन्दैन, जहाँ चाहिएको कुरा केही पनि कल्पतरुले (शास्त्रले) दिदैन,त्यस्तै परिजात (शास्त्र) ले पनि केही गन्ध धारणा गर्दैन, ती सबै कुराको विवेचना नीतिज्ञ मन्त्रीले यहाँ गरेका छन् ॥२५॥

धेरै प्रकारका श्रुति स्मृतिहरू अठाह्रै पुराण बङ्गालको इतिहास तन्त्र आगमहरू हेरेर बाझिएका कुरा जति हटाएर विद्वान् मन्त्रीले सबैको हितको लागि अहिले यो कृत्यरत्नाकर बनाइदिएका हुन् ॥२६॥

मन्त्रीहरूको समूहमा, विद्वान्हरूको परिषद्मा, सामवेदीहरूको समाजमा, याज्ञिकहरूका गोष्ठीमा, धर्मात्माहरूको सभामा, धनीका घरमा, राजाहरूका गङ्गाजीसम्मका सभामा, नीति जान्नेहरूका घरहरूमा, पनि श्रीमान् मन्त्री चण्डेश्वरको गौरवगाथा गाइँदो छ ।

महासान्धिविग्रहिक वीरेश्वरका छोरा महासान्धिविग्रहिक चण्डेश्वर ठक्कुरले वनाएको कृत्यरत्नाकर समाप्त भयो ।

परिशिष्ट - ३

दुल्लुको पृथ्वीमल्लको स्तम्भलेख

(वि.स. १४१४)

१

ॐ मणि पद्मे हुँ

ॐ स्वस्ति ॥

सेवे पद्मोल्लसद्वक्रं दानशौण्डं विनायकम् ।

यो दोषश्चतुरो धत्ते प्रजानां शिवभावितः१॥

आदित्यवंशेभवदादिपालो नृपस्सुतोस्यामरपालभूपः ।

सुतस्तदीयो जयपालभूपस्तत्सूनुरासीद्विजयादिपाल : २॥

श्रीवीरपालो नृपतिस्तत्तोभूत्तस्मादभूद्विक्रमपालभूपः ।

श्रीपालभूपस्तनयस्तदीयः श्रीधीरपालतनयं स लेभे ३॥

सोमपालो नृपस्तस्मात्सूर्यपालस्ततोभवत् ।

तज्जः समुद्रपालोभूत्सुखपालस्तदात्मजः ४॥

ततः ख्यातोर्धाशोजनि विह्गपालक्षितिपति (:)

सुतो जातः श्रीमान् वरगजमहीपालनृपतिः ।

स जित्वा सख्येरीन् विहितवसतिर्गोह्विषये

तुरङ्गैर्वंधाढ्यानकृत विपुलाश्र्चीननृपतीन् ५॥

शृर्गातुण्डद्वय पृथ्वीनिवृत्तवसुतावयः

तुला जाव भ्रुमत्सारे सत्येष्वासक्तिषु क्रमे (?) ६ ॥

विषये भ्रुमकाराख्ये विश्वपालाह्वयो नृपः ।

स्तंभकत्वात्सपत्नानां (स्फीत) राज्यमवाप सः ७॥

ठिनरेन्द्रकुले जातो जीवपालाह्वयो नृपः ।

श्रीगेलाह्वनृपालेन्द्रो भोक्ता गेलाह्वयं चिरम् ८॥

रचयन्नचलं रागी सोत्सवं सरलो नृपः ।

श्रीजावाख्यो नृपस्तस्मादजनिष्ट महायशाः ९॥

पुण्यमल्लाह्वयः श्रीमान्नृपस्तस्मादजायत ।

साध्वी शकुनमालाख्या सद्वंश्या तन्महिष्यभृत् १०॥

श्रीमल्लनामधेयोस्ति प्रथमस्तनयस्तयोः ।

जयन्त इव लक्ष्मीवान् शचीनमुचिविद्विषोः ११॥

अथ खारिप्रदेशस्थो यो जावेश्वरतामगात् ।

तेन श्रीनागराजेन सेंजापुर्यां स्थितिः कृता १२॥

२

ॐ मणि पद्मे हूँ

ॐ स्वस्ति ॥

तस्माच्चापस्तस्माच्चापिल्लः क्राशिचल्ल इति तस्मात् ।

तस्मात् क्राधिचल्लः क्राचल्लस्ततः इति क्रमाद् भूपाः १३ ॥

क्राचल्लजो भूभृदशोकचल्लो दिग्भित्तिषु क्षांतिलतां ततान ।

जितारिमल्लस्तनयोथ तस्य तस्यात्मजोथाक्षयमल्लनामा १४॥

अशोकसुत आंनदमल्लस्तदनु तद्भवः ।

रिपुमल्लोथ संग्राम मल्लस्तस्य तनूभवः १५॥

आदित्यमल्लोथ जितारिसूनुः कल्याणमल्लस्य नृपस्य तातः ।

काल्याणमल्लिः प्रथते स्म भूमौ प्रतापमल्लाह्वयभृत् क्षितीशः* १६॥

स स्वयं नागराजस्य नैवाशेषयदन्वयं ।

---

* यहाँ दिएको वंशावलीको अर्थ गर्दा योगी नरहरिनाथले अशुद्ध गरेको (हिमवत्संस्कृति १।१।४१-४३ पृ.) र यसैका आधारमा सूर्यविक्रम ज्ञवालीले यो वंश आनको तान फरक पारेको छ। (ने.उ.म. इतिहास ४८-५३ पृ.) त्यसको संशोधन धनवज्र वज्राचार्यले गरिसकेको छ (पूर्णिमा ६ पू. २८-२९ पृ.)

अथ गेलान्वयः पुण्यमल्लस्तत्राभ्यसिच्यत १७॥

ततः शकुनमालायाः खण्डमालाभिधा सुता ।

सुतश्च पृथ्वीमल्लाख्यो जातस्तत्र क्रमादिमौ १८ ॥

साम्राज्ये सकुलापातसमायाते महीभृतां ।

वीरश्रीपृथिवीमल्लः ख्यातकीर्तिर्विराजते १९॥

धनानि ददतार्थिभ्यो धर्मकर्माणि कुर्वता ।

पृथ्वीमल्लेन भूभर्त्रा तिष्यः कृतयुगीकृतः २० ॥

तस्यैका धर्ममालाख्या दीपमालाह्वयापरा ।

उभे देव्यौ विराजेते विष्णोर्भूमिश्रियाविव २१ ॥

भिक्षूणां द्विजधर्मभाणकाणां सूत्रधारकाणां च ।

निजराज्ये सर्वकरास्तेनाचन्द्रार्कतारकं त्यक्ताः २२॥

बालसरस्वतीसुमतिः प्रशस्तिमकरोदिमां कलानिपुणः ।

अभिविजयसिंहसुधीश्चतुरः शिवराजसूत्रधारश्च २३॥

ग्रहर्षिसूर्यगणाब्दे शाके ज्येष्ठस्य मेचके ।

रुद्राहे भानुवारेसौ कीर्तिस्तम्भोधिरोपितः २४ ॥

शाके १२७९

हिमवत्संस्कृति १।१ र पूर्णिमा ६ पूर्णाङ्कबाट

अनुवाद

ॐमणि पद्मे हूँ

कल्याण होस्, (क) कमलका फूलले मुख शोभित भएका, मद जलले सूँड भिजेका, शिवजीको प्रेमभाव पाएका, जो चार हातले शोभायमान भएका छन्, त्यस्ता गणेशजीको सेवा गर्छु । (ख) कमलको फूल जस्तो उज्ज्वल मुख कान्ति भएका, दुनियाँलाई ज्ञानको उपदेश दिने, जो सबै विकारबाट मुक्त निर्दोष छन्, सबै प्रजाको कल्याण समृद्धिको भावना राख्छन् त्यस्ता चतुर -ज्ञानी बुद्धको सेवाभक्ति गर्दछु ।१।

सूर्यवंशमा आदिपाल नाम गरेका राजा भए, उनका छोरा अमरपाल भए, उनका छोरा राजा जयपाल भए, उनका छोरा विजयपाल भए ।२।

उनका छोरा वीरपाल राजा भए, तिनका छोरा विक्रमपाल राजा भए, उनका छोरा राजा श्रीपाल भए, उनका छोरा धीरपाल भए ।३।

उनका छोरा सोमपाल राजा भए, उनका छोरा सूर्यपाल भए, तिनका छोरा समुद्रपाल भए, तिनका छोरा सुखपाल भए ।४।

सुखपालका छोरा विग्रहपाल नामका ठूला बुद्धिमान् प्रख्यात राजा भए, यिनका छोरा राजा महीपाल पनि ऐश्वर्यशाली ठूला हात्तीपाला भए, यिनले युद्धमा वैरीहरुलाई विजय गरेर गोहविषयमा आफ्नो राजधानी कायम गरेर बसे । त्यसपछि महान् चीनका बादशाहसँग पनि घोडाहरू लिने शर्तमा आबद्ध पारेर सन्धि गरे ।५।

....

अनि विश्वपाल नाम गरेका राजाले 'झुमकार' नामका विषयमा मुकाम गरेर शत्रुलाई रोकेका हुनाले राज्यलाई निकै ठूलो पारेर फैलाएका थिए ।७

राजकुलमा जन्मेका जीवपाल नाम गरेका राजा भए, अनि गेला नाम गरेका राजाले धेरै कालसम्म गेला राजधानीमा राज्यभोग गरे ।८।

यी रसिक राजाले (संगीत, राग, तानद्वारा) पाहाडको राजधानीलाई महोत्सवमय पारे, तिनवाट ठूलो कीर्ति फैलिएका जाव नामका राजा जन्मे ।९।

तिनबाट पुण्य मल्ल नामका ऐश्वर्यशाली राजा भए । असलकुलमा जन्मेकी शकुनमाला नाम गरेकी तिनकी रानी थिइन् ।१०।

देवराज इन्द्र र इन्द्राणीका छोरा जयन्त जस्तैः पुण्य मल्लका र शकुनमालाका जेठा छोरा ऐश्वर्यशाली श्रीमल्ल नामका भए ।११।

अघि खारीप्रदेश (ताक्लाखार) मा रहेका जो राजा जावेश्वर (जुमलाका अधिपति) भए, तिनै नागराजले सेंजापुरीमा राजधानी बसाए ।१२।

२

ॐ मणि पद्मे हूँ

कल्याण होस् । नागराजबाट चाप, चापबाट चापिल्ल, चापिल्लबाट क्राशिचल्ल, काशिचल्लबाट क्राधिचल्ल र क्राधिचल्लबाट क्राचल्ल नामका राजाहरू क्रमैले भए ।१३।

क्राचल्लका छोरा अशोक चल्ल राजा भए, यिनले दिशा विदिशारूपी भित्तामा क्षमारूपी लहरा टाँगे, अर्थात्, देशविदेशमा बौद्ध धर्मको क्षमा शान्तिको प्रचार गरे । अनि उनै अशोकचल्लका छोरा जितारि मल्ल भए, उनका छोरा अक्षय मल्ल भए ।१४।

अशोक मल्लका छोरा आनन्द मल्ल , उनका छोरा रिपुमल्ल र रिपुमल्लका छोरा संग्राम मल्ल भए ।१५।

जितारिमल्लका अर्का छोरा आदित्य मल्ल भए, आदित्य मल्लका छोरा कल्याण मल्ल भए, कल्याण मल्लका छोरा प्रसिद्ध राजा प्रताप मल्ल भए ।१६।

अनि प्रताप मल्लले नागराजदेखि आएको आफ्नो वंशलाई बाँकी राखेनन्, अर्थात् उनका कुनै सन्तान भएनन्, त्यसपछि गेलावंशमा जन्मेका पुण्य मल्ललाई ल्याएर त्यहाँ राज्याभिषेक दिइयो ।१७।

त्यसपछि पुण्य मल्लका शकुनमालामा खण्डमाला नाम गरेकी छोरी र पृथ्वीमल्ल नाम गरेका छोरा क्रमैले जन्मे ।१८।

राजवंशपरम्परा नटुटीकन चलेर आएको साम्राज्यमा (अहिले) ठूलो कीर्ति फैलिएका वीर श्रीपृथ्वीमल्ल राजा विराजमान हुनुहुन्छ ।१९।

माग्नेहरूलाई धन दिने, धर्मकर्म गरिरहने पृथ्वीका मालिक पृथ्वी मल्लले यस कलियुगलाई सत्ययुगै पार्नु भएको छ ।२०।

महाराजकी जेठी धर्ममाला र कान्छी दीपमाला नाम गरेका दुईवटी रानीहरू विष्णु भगवान्का पृथ्वी र लक्ष्मी जस्तै हुनुहुन्छ ।२१।

महाराज पृथ्वीमल्लले आफ्नो राज्यमा भिक्षुक, ब्राह्मण, धर्मभाणक (धामी) र सूत्रधार (कालिगढ) हरू उपर सबै किसिमको कर चन्द्र सूर्य तारा रहुन्जेल अर्थात् सधैंका लागि माफी गरिदिनुभो ।२२।

'बालसरस्वती सुमति' पदवी पाएका, कला जान्ने विद्वान् अभिविजयसिंहले यो प्रशस्ति बनाए, चतुरा सूत्रधार शिवराजले चाहिँ (यो अभिलेख कुँदे) ।२३।

शाके १२७९ ज्येष्ठकृष्ण ११ आइतवारमा यो कीर्तिस्तम्भ राखियो ।२४।

श्रीशाके १२७९ (वि.सं. १४१४)

परिशिष्ट - ४

जयार्जुनदेवको ताडपत्र

वि.सं. १४२२

१. स्वस्ति

श्रीमदभिनवोदितश्रीपशुपतिभट्टारकमहाप्रभावपरिवर्द्धमानज्वलत्प्रतापाानलदग्धनिःशे(षा) रिवृन्दविराजमानश्रीमानेस्व (रीव) रप्रशादपीयूषपरिपूर्ण्णमूर्त्तिसमुद्गतपौरप्रजासंदोहानुराग-

२. जनितकीर्त्यानीतराज्यलक्ष्मीसमालिंगितमहाराजाधिराजपरमेश्वरपरमभट्टारकश्री श्रीजयार्जुनदेवपादा विजयिन तत्पाददौवारिकराजपुत्रनिंमदेव भारोस वचनेन गाढतराम्विज्ञप्तिकामा-

३. कण्ण्र्य प्रसन्नीभूय आत्मीयपादव(पद्मो) पजीविनां यथाधिकारेष्वधिकृतान्यथार्हमाभाष्य समाज्ञापयति विदितमस्तु भवतां ॥ विनयापुरीदेशस्याग्नेयदिशि प्रदेशे । अमरसी(ह) मांधूरस्य क्षेत्रात् पश्चिमत

४. रथनपतिस्य क्षेत्रादुत्तर ॥ चंदनभारोकस्य क्षेत्रात् पूर्वत । अमरसीहस्य क्षेत्राद्दक्षिणत ।

एतन्मध्ये सातबूक्षेत्रनामसंज्ञकं भवति क्षेत्रांक रोव ७ एतत क्षेत्रं । ग्राहक क्वथोशाला जेस्तनायकप्रमुख

५. सिंगुठि यथाकालप्रवर्त्तमानसञ्चारार्घेन प्रढोकितपुष्पमालामादाय । क्रयविक्रयस्वाधीनत्वेन प्रशादाकृतमस्माभिस्तदवगम्य भवद्भिर्वर्त्तमानके वा राजपुत्रै पौत्रेन वा कैश्चिदप्यत्र व्यावादो

६. पपीडा कर्तुङ्कारयितुम्वा न लभ्यते । इति स्वयमाज्ञापितं ॥ प्रते महामात्यवंसज मदनराम छोङ महथस पद्मराम शुरवंस, जीव खण्डागाहस ॥ सम्वत् ४८५ अश्विनिशुदि ९ शुभमस्तु ॥ ॥

पूर्णिमा ८६ पूर्णाङ्कवाट

अनुवाद

कल्याण होस्

श्रीमान् भरखरै (राज्यसिंहासन पाएर) उदाएका, पशुपतिनाथका ठूलो प्रभावले बढिबढाउ भएका, बल्दो प्रतापाग्निले शत्रुगणलाई निमिट्यान्न पारेर सुहाएका, मानेश्वरीदेवीको वरप्रसादरूपी अमृतले पुष्ट शरीर भएका, उपस्थित शहरवासी र जनपदवासी प्रजाजनको भक्तिवाट पैदा भएको कीर्तिले ल्याइएकी राज्यलक्ष्मीले अँगालिएका, महाराजाधिराज, परमेश्वर परमभट्टारक, श्रीश्रीजयार्जुनदेव विजयी हुनुहुन्छ, उहाँका द्वौवारिक-(द्वारे) राजपुत्र निम्मदेव भारोका मुखबाट गहकिलो बिन्ती सुन्दा खुशी भएर आफ्ना पाउको सेवाद्वारा जीविका चलाउने विभिन्न कार्यमा खटिएका अधिकारीहरूलाई पनि यथोचित (कुशल) सोधेर हुकुम हुन्छ, तिमीहरूलाई थाहा होओस् कि यस बनेपादेशको आग्नेय दिशातिरको प्रदेशमा, अमरसिंह मान्धुर (मानन्धर) का खेतदेखि पश्चिम रत्नपतिको खेतदेखि उत्तर चन्दनभारोको खेतदेखि पूर्व, अमरसिंहकै खेतदेखि दक्षिण यति चार किल्ला भित्रको सातबू भन्ने नामको यो ७ रोपनी खेत चढाएको फूलको माला लिएर समय अनुसार चलेको मोलमा आफूखुशी किनवेच गर्न पाउने गरी ग्राहक क्वथशालाका जेठा नायकहरूको सिं गुठीलाई हामीबाट निगाह भएको छ, यी कुरा थाहा पाएर तिमीहरू वर्तमान राजाका छोरा नातिहरूले वा कसैले पनि यस कुरामा झगडा विवाद गर्ने दु:ख बाधा दिने काम गर्न गराउन पाइँदैन भनी आफै राजावाट सोझै हुकुम भएको छ । महामात्य (महाथ) का वंशमा जन्मेका मदनराम छोङ महामात्य पद्मराम सुरवंश जीव खण्डगाह (खड्गग्राह)हरू यस (रोहबर)मा साक्षी छन्

ने.सं. ४८५ (वि.सं. १४२२ अश्विन शुदि ९

कल्याण होओस् ।

परिशिष्ट - ५

जयस्थिति मल्लको शिलालेख

वि.सं. १४४४

ॐ न (मः शिवा)य ॥

श्रीमत्पाशुपताङ्घ्रिपङ्कजरजः पिंगै ...

स्फीतार्च्चिः ... तरिपुः स्वप्रक्रियालंकृतः

श्रीमान् श्रीस्थितिराजमल्ल इति यः ख्यातः .... तौ

नेपाले जयति स्म निर्मलयशोज्योत्स्नासुधादीधिति : ॥१॥

तस्याभूद्रघुवंश (जस्य धरणि) प्रोद्भूतपद्मालया

प्रत्यर्थिक्षितिपालमौलिकुसुमैर्न्नीराजितांघ्रिः सती

पत्नी धर्मधुरन्धरा बरतनू राजल्लदेवीति या

प्रख्याता (विपुल) प्रतापदहनालीढारिदर्पाटवी ॥२॥

यस्याः श्रीजयधर्ममल्ल इति (यः) ख्यातः कुमाराग्रणीः

सूनुः सर्वगुणाश्रयः पृथुयशा वृद्धोपसेवारतः ।

माद्य (न्मत्त) गजेन्द्रकाननचरद्राजेन्द्रपञ्चाननः

स्वर्लोकादवतीर्ण्णवानिव हरिस्त्रातुं जनान्भूतले ॥३॥

कुमारश्रीजय (ज्यो) तिर्मल्लदेवश्च मध्यमः ।

सूनुर्यस्या धनुर्वेदे सदाभ्यस्त इवार्जुनः॥४॥

धर्मकीर्तिप्रभायुक्तो रघुवंश (समुद्) भवः ।

कनिष्ठतनयो यस्याः कीर्तिमल्लः सुधाकरः ॥५॥

सा सोमसूर्याग्निसमानदीप्तानेतान्कुमारा (न्सहसा)विहाय ।

देवेन्द्रलोकं समगान्नृलोके (कं) कीर्त्या समापूर्य हि कीर्तिशेषा ॥६॥

तस्यां च देव्यां त्रिदिवं गतायामस्तं गतायामिव चन्द्रिकायां ॥

शोकाभिभूतं जगदन्धकारं हाहारवाकीर्णदिगन्तरालं ॥७॥

राजल्लदेव्यास्त्रिदिवं गतायास्तस्याः सुधापानसमृद्धयेस्याः ॥

नाम्नाऽकरोत् श्रीस्थितिराजमल्लः प्रणालिकां हेममयीं सुदीनां ॥८॥

महाप्रयत्नेन जलं सुदूराद् भगीरथो गाङ्गमिवेशमूर्ध्नः ॥

आनीय चाष्टाङ्गगुणैरुपेतां सुदुर्लभां दिव्यजलप्रवाहां ॥९॥

जीर्णा भग्नां दिवं (व्य) स्वर्णशोधिता पूर्वजैरियं ।

पुनःसंस्थाप्य विधिवत् श्रीजयस्थितिभूभुजा ॥१०॥

तस्या देव्याः समुद्देशात्क्रियते स्म प्रणालिका ।

सुवर्ण ..... जलयागपुरस्सरम् ॥११॥

पञ्चपट्टयुतैः पात्रैः कारयित्वा महोत्सवं । प्रतिष्ठा च कृता तस्या महासम्भारविस्तरा ॥१२॥

अनेन पुण्येन च देवलोके राजल्लदेवी सुचिरं स्थितास्तु ॥

दिव्यामृतास्वादमतप्तचित्ता देवेन्द्रव (यैर) भिपूजितांघ्रिः ॥१३॥

अष्टाधिके पञ्चशते मितेब्दे नेपालिके मासि च मार्गशीर्षे ।

शुक्ले दशम्यां सुरपूज्यवारे चा(च)र्क्षे तथा रेवतिकामिधाने ॥१४॥

राजल्लदेव्यै त्रिदिवं स्थितायै तद्भूभुजा श्रीस्थितिमल्लनाम्ना ॥

गुणावदातेन सहात्मजेन (कृता प्रतिष्ठा) कनकप्रणाल्याः ॥१५॥

य इमामत्य .... ते नरा नरकानुगाः ।

तेषां रोगेण मृत्युश्च विप .... श्च जायताम् ॥१६॥

य इमा परिरक्षन्ति ते नराः स्वर्गगामिन : (णः)

तेषामायुश्च कीर्तिश्च लक्ष्मीश्चापि प्रवर्द्धताम् ॥१७॥

सर्वे सन्तु वसुन्धराधिपतयः षड्वर्गशत्रुच्छिदो

विप्रा वेदपरा भवन्तु सुधियः सन्तु प्रवृद्धाः प्रजाः ।

काले सन्ततवर्षिणश्च जलदाः संपूर्णशस्या मही

भूयाद्देवगणाः सदा हुतहविर्गृ (हृणन्तु य) ज्वानले ॥१८॥

स्वस्ति श्रीश्रीपशुपतिपादपंकरुहमधुलि ....

..... लब्धकृपाणशासितान्यमहीपालश्रीजयस्थितिराजमल्लदेवेन

.... इयं प्रणालिका प्रदत्तेति ॥ नेपालिकसम्वत्सर ५०८

मार्ग .... वृहस्पति ..

.... नक्षत्रे वरियानयोगे करणे ...... तदा राजा विध

.... नायक ॥ श्रीविष्णु ....

अनुवाद

ॐ (शिवजीलाई) नमस्कार छ । श्रीपशुपतिका चरण कमलको धूलो .... शत्रुलाई (जि) तेका, आफ्नै कामले सिंगारिएका, सफा कीर्तिका किरणले चन्द्रमा जस्तै सुहाएका, श्रीस्थितिमल्ल भन्ने नामले प्रख्यात भएका, राजा नेपालमा हुनुहुन्छ ॥१॥

रघुकुलमा जन्मेका उनकी (राजा स्थितिमल्लकी) (पृथ्वीमा) प्रादुर्भाव भएकी लक्ष्मी जस्ती, शत्रु राजाहरूका श्रीपेचका फूलले पाउ सिंगारिएकी, पतिव्रता, खूब धर्म कर्म गर्ने, सुन्दरी, (ठूलो) प्रतापको आगोले शत्रुको घमण्डरूपी वनलाई डढाएकी राजल्लदेवी भनी प्रख्यात भएकी पत्नी हुनुभयो ॥२॥

उन (राजल्लदेवी) का जेठा छोरा (युवराज) सबै गुण भएका ठूलो कीर्ति भएका, वूढापाकाको सेवा गर्ने, मद चढेका वनैया मत्ता हात्ती जस्ता राजाहरूमा सिंह जस्ता भएका,मानिसहरूकोरक्षा गर्न स्वर्गवाट पृथ्वीतलमा ओर्लेका विष्णु जस्ता प्रख्यात भएका, श्रीजयधर्ममल्ल छन् ॥३॥

उनका (राजल्लदेवीका) माहिला छोरा कुमार श्रीजयज्योतिर्मललदेव, धनुर्वेदमा सधै अभ्यास गरेका अर्जुन जस्ता छन् ॥४॥

उनका कान्छा छोरा, धर्मले कीर्तिले शोभाले युक्त भएका, रघुकुलमा पैदा भएका, चन्द्रमा जस्ता श्रीकीर्तिमल्ल छन् ॥५॥

चन्द्र सूर्य र आगोको जस्तो तेज भएका यी छोराहरूलाई छोडेर मर्त्यलोकमा कीर्ति फैलाएर कीर्तिमात्र बाँकी रहेकी, ऊ (राजल्लदेवी) अकस्मात् स्वर्ग हुनुभयो ॥६॥

ऊ महारानी स्वर्गे हुँदा जुन अस्ताए जस्तो भई सुर्ताले आकुल व्याकुल भएर दिशा विदिशामा हाहाकार मच्चिएर संसार अँध्यारो भयो ॥७॥

स्वर्गमा गएकी ऊ महारानी राजल्लदेवीलाई अमृतपान मिलोस् भन्नाका लागि उनै (महारानी) का नाउँले श्रीस्थितिमल्ल राजाले बिग्रेको सुनधारा, सच्याउनुभयो ॥८॥

भगीरथले महादेवको शिरबाट गङ्गाजीको पानी ल्याए झैं ठूलो मिहिनेतले धेरै टाढाबाट पानी ल्याएर बिग्रिएको थोत्रो यस धारालाई आठै अङ्गको गुण पुगेको, सितिमिति नपाइँने, असल पानीको प्रवाह आउने पारी राजा स्थितिमल्लले बनाउनुभयो । पूर्खाहरूले असल सुन लगाएर बनाएको यस धारोलाई काइदासँग फेरि स्थापना गरेर राजा श्रीजयस्थितिमल्लले ऊ महारानी (राजल्लदेवी) का नाउँले बनाउनुभयो । सुन (धारा) बनाउँदा जल यज्ञ गरीकन पाँच किसिमको रेशमी वस्त्रले सिँगारिएका पात्रहरू राखी ठूलो उत्सव गरी धेरै सामान जम्मा पारियो र त्यस (धारा) को प्रतिष्ठा गरियो ॥९-१२॥

यस पुण्यले गर्दा असल अमृत पान गर्दै, मनमा पीर नलिईकन ठूला ठूला देवताहरूले पुजिएर राजल्लदेवीको स्वर्गमा वास होस् ॥१३॥

नेपाली संवत् ५०८ मार्ग शुद्धि १0 बृहस्पतिवार रेवती नक्षत्रमा, ॥१४॥

गुणले सफा भएका श्रीस्थितिमल्ल नाम भएका उनका पति (स्थिति मल्ल) राजाले छोरा सहित भएर स्वर्गमा रहेकी राजल्लदेवीका निमित्त सुनधाराको (प्रतिष्ठा गर्नुभयो) ॥१५॥

जसले यस धारोलाई (बि) गार्छन्, ती मानिस नरक परून्, तिनीहरूको रोगले मरण होस्, तिनीहरूलाई आप (त्) पनि परोस् ॥१६॥

जो यस धाराको रक्षा गर्छन्, ती मानिस स्वर्ग जान पाऊँन् । तिनीहरूको आयु कीर्ति ऐश्वर्य पनि बढोस् ॥१६॥

सबै राजाहरूले काम क्रोध लोभ मोह मद मात्सर्य छोडून् । ब्राह्मणहरू विद्वान् वेद पढ्ने होऊन् । दुनयाँहरूको बढिबढाउ होस् । मेघहरू सधैं बखतमा बर्सून्, पृथ्वीमा वालीनाली सप्रोस्, यज्ञ गर्नेहरूले अग्निमा होमेको पदार्थलाई देवताहरूले सधैं लिऊन् ॥१८॥

स्वस्ति श्रीश्रीपशुपतिनाथका पाउरूपी कमलका भ्रमरा ... पाएको तरबारले अरू राजामाथि हुकूम चलाउने श्रीजयस्थितिराजमल्लले ... यो धारा अर्पण गर्नुभयो । इति ॥

नेपाली संवत् ५०८ मार्ग शुदि (३०) बृहस्पतिवार (रेवती) नक्षत्र बरियान योग करण .... त्यस वेला ... नायक । श्री विष्णु ।

संस्कृतसन्देश ८/९ पूर्णाङ्कबाट

परिशिष्ट - ६

जयसिंहरामको संझनामा राखिएको पनौती

इन्द्रेश्वर-मन्दिरको ताम्रपत्र

वि.सं. १४५७

ॐ नमः श्रीगोपिनारायणाय ॥ स्वस्ति ॥

एषा पूर्ण्णवती रम्या ख्याता नेपालमण्डले ।

यत्रास्ते भगवान्देवः श्रीमानिंद्रेश्वरः शिवः ॥

अत्रासीज्जयसिंहरामनृपतिः प्रख्यातभूमण्डले

श्रीमान् श्रीभगवान् शिवः पशुपतिर्येन प्रतिष्ठापितः ।

येनैवापि जयार्ज्जुनो नरपतिः पुष्याभिषेकः कृतो

येनासौ स्थितिराजमल्लनृपतिः पट्टाभिषेकीकृतः ॥

कृत्वा येन तुलार्च्चनम्मधुरिपुं संस्थाप्य चन्द्रेश्वरे

दत्तन्तत्र स्वदेहतुल्यकनकं ग्रासे रवे राहुना ।

भूयश्चापि हिरण्यनिर्मितरथं साश्वन्तथा हास्तिनं

रम्यं कल्पतरुं च विप्रविदुषे दानम्प्रदत्तम्महत् ।

साष्टादशम्भारतपर्व्वपुण्यं शास्त्रं समालेखयति स्म धीरः ।

आरण्यपर्व्वाख्यमिदं हि श्रुत्वा जगाम स्वर्गं जयसिंहरामः ॥

नेपाले शशिनेत्रपञ्चकगते मासे सिते कार्त्तिके

चाश्विन्यां सचतुर्दशीतिथिविधौ सूर्ये व्यतीपातके ।

राज्याङ्गानि निधाय बान्धवजने लोकानुकंपाकरो

दुर्दैवाज्जयसिंहरामनृपतिः श्रीविष्णुलोकं ययौ ।

हाहाहा जयसिंहरामनृपते (:) प्रत्यक्षकल्पद्रुमो

विप्राणामपि चार्थिनाञ्च विदुषां षड्दर्शनानां तथा ।

सर्ब्बाशापरिपूरणाय सुफलः सत्कीर्त्तिपुष्पान्वितः

कष्टं दैववशात्स एव विटपी लूनो यमेनाधुना ।

तद्रूपप्रतिमां हैमां गोपिनारायणन्ततः ।

कृत्वा चतुर्म्मुखन्देवम् शिवस्य प्रतिमां पुनः ।

अस्मिन् पुरवरे रम्ये स्थापितम्परमेश्वरम् ।

यावच्चंद्रार्क्कपर्यन्तं सुस्थिरत्वेन तिष्ठतु ॥

सम्वत् ५२१ कार्तिकशुक्लचतुर्दश्यान्तिथौ ॥ अश्विनीनक्षत्रे ॥ व्यतीपातयोगे ॥ आदित्यवासरे ॥ थ्व दिन कुन्हुं महामंत्रीश्वर जयसिंहराम बड महाथ भारोस श्रीविष्णुलोक संप्राप्त जुया दिन जुरोम् । थ्व उदेशनान श्रीगोपिनारायण परमभट्टारकस श्रीपरमेश्वरीस सहित याङन सुवर्ण प्रतिमा द्वयकं जयसिंहराम बड महाथ भारोस प्रतिरूप लीन याङन प्रतिष्ठा याङन थ्व पूलस समान याङा दिन कुन्हु थापरपा जुरोम् । चतुर्मुख सुवर्ण्णकोश श्रीश्रीइन्द्रेश्वर सदाशिव भट्टारकस डोहोरपा जुरोस् ॥ दंश दंश थ्वस संवच्छली दिन कुन्हुं श्रीश्रीपशुपति सकेनो श्रीचंगुसनो श्रीविष्णुतीर्थसनो पंचामृतस्नान याय, लिंछिया ब्राह्मणसनो लिंच्छीयां भिक्षुजुसनो वंगजिभोगयेयाङन लुं डोहरपा ट्वं जुरोम् ॥ शुभः ॥

अनुवाद

श्रीगोपीनारायणलाई नमस्कार । कल्याण होस् । यो राम्रो पूर्णवती (पनौती शहर) नेपालमण्डलमा प्रख्यात छ । जहाँ भगवान् श्रीइन्द्रेश्वर महादेव रहेका छन् ।

यस शहरमा प्रसिद्ध जयसिंहराम राजा हुनुहुन्थ्यो । उहाँले भगवान् श्रीपशुपति स्थापना गर्नुभयो । राजा जयार्जुनको पुष्याभिषेक उहाँले नै गर्नुभएको थियो । राजा स्थितिराजमल्लको पट्टाभिषेक पनि उहाँले नै गर्नुभएको थियो ।

उहाँले यहाँ इन्द्रेश्वरमा गोपीनारायणको स्थापना गरी सूर्यग्रहणमा सुवर्णतुलादान गर्नुभयो । फेरि घोडासहित सुनको रथ, हात्ती राम्रो कल्पवृक्षसमेत गरी ठूलठूला दान विद्वान् ब्राह्मणलाई दिनुभयो ।

धैर्यशाली उहाँले महाभारतका अठाह्रै पर्व लेखाउनुभयो । (आखिरमा) वनपर्व सुनिसकेपछि जयसिंहराम स्वर्गे हुनुभयो ।

ने.स. ५२१ (वि.सं. १४५७) कार्तिक शुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र व्यतिपातयोगको दिन राजपाठ दाजुभाइमा विसाई लोकउपर दया गर्ने जयसिंहराम राजा दैवयोगले स्वर्ग जानुभयो । बाहुन, विद्वान्, जोगी, गरीबगुरुवा सबैको आशा पुऱ्याइदिने फलले लटरम्म भएको, असल यशरूपी फूलले धपक्क ढाकेको, प्रत्यक्ष कल्पवृक्ष जस्तो भएको, जयसिंहरामको त्यही रूख (शरीर) अपशोच ! अहिले यमराजद्वारा ढालियो ।

अनि उहाँको सुनको सालिक, गोपीनारायणको मूर्ति, इन्द्रेश्वर महादेवको चतुर्मुखी प्रतिमा बनाई यस राम्रो शहरमा स्थापना गरियो । चन्द्र सूर्य रहुन्जेल यी स्थिर भइरहून् ।

ने.सं. ५२१ (वि.सं. १४५७) कार्तिक शुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र व्यतिपातयोगको दिन मुख्य महामन्त्री जयसिंहराम बडा महाथ स्वर्गे हुनुभयो । उहाँलाई लक्ष्य गरी देवीसहित श्रीगोपीनारायणदेवको सुनको मूर्ति बनाई त्यसमा जयसिंहराम बडा महाथको रूप लीन गराई यस शहरमा स्थापना गरियो । श्रीश्रीइन्द्रेश्वर महादेवलाई चतुर्मुखी सुनको कवच चढाइयो ।

प्रतिवर्ष यस दिन श्रीश्रीपशुपति, श्रीचाँगुनारायण र श्रीविष्णुतीर्थमा पञ्चामृत स्नान गराउनू ।

ब्राह्मणहरू र भिक्षुहरूलाई भोजन गराउन सुन पनि चढाइयो ।

पूर्णिमा १४ पूर्णाङ्कबाट

परिशिष्ट - ७

जयज्योतिर्मल्लको शिलालेख

वि.सं. १४६९)

१ ॐ नमः पशुपतये ॥

श्रीश्रीनेपालखण्डे सकलमलहरे व्यापिनं पुण्यभूमौ

शम्भुं श्रीवत्सलेशं परमपशुपतिं पञ्चवक्त्रस्वरूपं ।

श्रीवाग्मत्यास्तटाले वरुणदिशि वरे वासुकीनागपूज्यं

तं देवं नौमि नित्यं मुनिजनशकलैर्वन्दितं पादयुग्मं ॥ (१)

श्रीसूर्यवंशप्रभवः प्रतापी, श्रीपट्टवन्तः स्थितिमल्लदेवः ।

राजल्लदेव्याः पतिरिन्दुमूर्तिस्तस्यात्मजः श्रीजयधर्म्ममल्लः ॥ (२)

विद्वज्जनाम्भोजविकाशभानुर्विपक्षराजोन्नतचित्तहारी ।

श्रीवीरनारायणमूर्तिरेषः श्रीधर्ममल्लो युवराजसिंहः ॥ (३)

तस्यानुजो गुणनिधिः सुकृतैकसिन्ध-ु

श्चिन्तामणिः क्षितिरुहोपमदर्शनानां ।

भूदेवदेवपरिपूजनसाभिलाषी,

भ्राता तु मध्यजवरो जयजोतिमल्ल : ॥ (४)

तस्यानुजो मदनरूपसमानदेहः

सत्सुन्दरीहृदय पङ्कजभानुमूर्तिः

सम्मानदानगुणलक्षणभूषिताङ्गो,

भ्राता कनिष्ठरुचिरो जयकीर्तिमल्लः ॥ (५)

उद्दण्डक्षितिपालमण्डनमणिः सन्नीतिरत्नाकरो,

धर्माधर्मविचारणैकचतुरः श्रीशम्भुभक्तिः सदा ।

पुण्यानामभिलाषचित्तसततं वाञ्छाप्रदो धार्मिको,

देवः श्रीजयजोतिमल्लनृपतिः संसारदेवीपतिः ॥ (६)

१ स्वस्तिश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुह

श्रीमन्मानेश्वरीवरलब्धप्रसादितप्रणामावनिपतिमुकुटकोटिपत्राङ्कुररुचिरक्षरणपल्लवचानक्यप्रभृतिविद्याविद्यावदातसमस्तराज नीतिरत्नाकरनिखिलगान्धर्वविद्यागुरुपरममाहेश्वररघुकुलकमलव नप्रकाशनैकभास्करदेवद्विजगुरुचरणाराधनैकस्वभावषड्दर्शनाराधनैकचित्तसकलार्थिजनकल्पतरुसर्ब्वगुणैकनिधानदैत्यनारायणावतारश्रीपद्माचलशिखरोपरिधर्मालयस्थानास्(श्रि)तश्रीधर्मधातुवागीश्वरमूर्त्तिस्वयम्भूचैत्यभग्नस्थापनमहाकीर्तिभाजनविविध विरुदावलीसमलंकृतश्रीश्रीरघुवंशावतंसमहाराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमत्श्रीश्रीजयजोतिमल्लदेवेन लक्षाहुतिर्महायज्ञपूजाभिर्गणगुरुमातृगणदेवताः समाराधयित्वा श्रीदेवपट्टनमहास्थाने श्रीपशुपतिभट्टारकस्य महाप्रासादोपरि सुवर्णकलशावरोहणप्रतिष्ठा कृता । तस्य राज्ञः ॥

जामाता जयभैरवेतिनृपतिर्भूपालचूडामणि

र्नानाशास्त्रविचारणैकनिपुणः सद्भारती भूषितः ।

दाता धैर्यगुणेन भूषिततनुः सत्येन भीष्मोपमो,

लोके प्रीतिकरः परार्थरसिक : श्रीजीवरक्षापतिः ॥ (७)

श्रीजोतिमल्लहृदयनन्दनयक्षल्लः

सर्वाङ्गसुन्दरवपूरतिमञ्जुवाणी

भक्तापुरीनगरवासितसौख्यकारी

दुर्भिक्षदुःखभयहारणदेवमूर्तिः ॥ (८)

जयल्लक्ष्म्याः सुतः श्रीमान् सुरूपः पुण्यवत्सलः ।

जयतराजेति विख्यातो, जयतलक्ष्मीपतिः सुधीः ॥(९)

अनेन पुण्येन च तस्य भूयात्सहस्रवर्षायुरहार्यकीर्तिः ।

नरेश्वरः श्रीजयजोतिमल्लः सपुत्रपौत्रः सहभृत्यवर्गः ॥ (१०)

वर्षन्तु काले जलदा धरित्री संमृद्धशश्यास्तु फलन्तु वृक्षाः ।

बीजादयः सर्वजना भजन्तु षट्कर्म्म वेदे प्रभजन्तु विप्राः ॥(११)

अनेन पुण्येन .... सेवां करोति हि ।

सुवर्ण्णमुकुटं देवं,

चन्द्रसूर्यागतौ यावत्स्थिता यावच्च मेदिनी ।

सुवर्ण्णकलशस्तत्र तावत्काले स्थिरो भवेत् ॥ (१३)

सम्वन्नैपलिका (ख्ये) त्रिभुवनदहने कामवाणे प्रयाते,

माघे शुक्ले च कामे तिथियुतविदिते प्रीतियोगे च पुण्ये ।

वारे पूषाभिधाने मकररविगते युग्मराशौ शशांके,

शम्भोः प्रासादश्रृङ्गे कनकमयध्वजं तत्र संरोहणं स्यात् (१४)

१ संवत् ५३३ माघशुक्लत्रयोदशी पुनर्वसुनक्षत्रे प्रीतियोगे आदित्यवारे मिथुन चन्द्र ॥ शुभमस्तु ॥

संस्कृतसन्देश १०-११-१२ संयुक्ताङ्कबाट

अनुवाद

ॐ पशुपतिनाथलाई नमस्कार

सबै पाप हर्ने पुण्यभूमि नेपालखाल्डामा वाग्मतीको पश्चिम किनारामा रहेका वासुकि नागले पुजिएका वत्सलाका स्वामी पञ्चमुखी स्वरूप भएका मुनिगणले पनि पाउ पुजिएका देवाधिदेव पशुपतिनाथलाई सधैं नमस्कार गर्दछु । (१)

सूर्यवंशमा पैदा भएका शिरमा पट्टबन्ध बाँधेका, राजल्लदेवीका पति, प्रतापी, चन्द्रमा जस्तै सुन्दर स्थिति मल्ल हुनुहुन्छ, उहाँका छोरा धर्म मल्ल हुन्, विद्वान्जनरूपी कमल फुलाउन सूर्यजस्ता, विपक्षी राजाको चित्तलाई हतोत्साहित पार्ने, वीरनारायण पद लिएका यी युवराज श्रेष्ठ छन् । (२-३) उनका माहिला भाइ गुणी धर्मात्मा, चाहेको दिनसक्ने, कमल जस्ता सुन्दरदेव-ब्राह्मणको पूजा गर्न चाहने जयज्योतिर्मल्ल छन् । (४) उनका भाई कान्छा कामदेवजस्तै राम्रा, सुन्दरी स्त्रीको हृदयरूपी कमल फुलाउन सूर्यजस्ता, सम्मान दान गुण लक्षणले जीउ सुहाएका, जयकीर्ति मल्ल छन् । (५) उच्छृंखल राजाहरूलाई तह लाउने, असल नीतिका सागर, धर्म अधर्मको विवेक गर्न सिपालु, शिवजीका भक्त, सधैं पुण्यको चाहना गर्ने, मागेको दिने, संसारदेवीका पति, धर्मात्मा राजा जयज्योतिर्मल्ल हुनुहुन्छ (६)

स्वस्ति श्रीपशुपतिको चरणकमलको धुलोले कपाल फुस्रो पारेका, श्रीमानेश्वरीदेवीको वरप्रसाद पाएका, प्रणाम गर्न आएका अनेकौं राजाको मुकुटमा लाएको पत्राङ्कुरले पाउ सुन्दर पारेका, चाणक्य आदि विद्वान्हरूका ग्रन्थबाट राजनीतिसागर पार गरेका, सम्पूर्ण गानविद्याका गुरु, परममाहेश्वर, रघुवंशरूपी कमल फुलाउन सूर्य जस्ता, देवता ब्राह्मण, गुरुका चरण सेवा गर्ने स्वभाव भएका, षड्दर्शन पढ्नमै चित्त लाएका, सबै आशामुखीहरूका कल्पवृक्ष, सबै गुणका खानि, दैत्यनारायणका अवतार, पद्माचलको शिखर (सिम्भूडाँडा) माथि मन्दिरमा रहेका धर्मधातु वागीश्वरको मूर्ति र स्वयम्भूचैत्य बिग्रेकोमा पुन : स्थापना गरी ठूलो कीर्ति कमाएका, विविध विरुदावलीले अलंकृत भएका, रघुवंशमा श्रेष्ठ, महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीमान् श्रीश्रीजयज्योतिर्मल्लदेवले लक्ष होम महायज्ञ र पूजाद्वारा गण गुरु मातृकागण देवताहरूको आराधना गरेर चौपाटन महास्थानमा पशुपतिनाथको ठूलो मन्दिरमाथि सुवर्णको गजुर चढाउने प्रतिष्ठा गर्नुभयो ।

उहाँ राजाका जुवाइँ पनि अनेक शास्त्रचर्चामा निपुण, राम्रो विद्या पढेर सुहाएका, दानी, धैर्यले शरीर सुहाएका, भीष्म जस्ता सत्यवादी लोकप्रिय भएका परोपकारमा रस लिने, जीवरक्षाका पति राजशिरोमणि राजा हुनुहुन्छ । (७)

सर्वाङ्ग सुन्दर भएका, भक्तपुर शहरका बासिन्दालाई सुख दिने, दुर्भिक्ष दु:ख भय हर्नमा देवताकै औतार लिएका, श्रीजयज्योतिर्मल्लका छोरा, यक्ष मल्ल हुनुहुन्छ । (८) जयलक्ष्मीका छोरा, जयतलक्ष्मीका पति, सुन्दर पुण्यात्मा विद्वान् श्रीमान् जयतराज छन् । (९) यस पुण्यकर्मले पुत्र पौत्र भृत्यवर्गहरूले सहित भएका कीर्ति बढेका, उहाँ महाराज श्रीजयज्योतिर्मल्लको हजार वर्ष आयु होस् (१०) यथासमयमा मेघ बर्सून्, पृथ्वीमा प्रशस्त अन्न उब्जियोस्, वृक्षमा फलफूल बीउ उब्जिऊन् सबै जनहरू षट्कर्म गर्ने र ब्राह्मणहरू वेद पढ्ने होऊन् ।

(११) यस पुण्यकर्मले .... सेवा गर्छन् । देवतालाई सुवर्णका मुकुट (चढाइयो) जहिलेसम्म चन्द्रसूर्य, पृथ्वी, रहन्छन्, त्यस वेलासम्म (पशुपतिमा चढाएको) यो सुनको गजुर रहिरहोस् ॥(१३) ने.सं. ५३३ माघ शुक्ल त्रयोदशी, प्रीतियोग, आदित्यवारका दिन सूर्य मकरराशिमा र चन्द्रमा मिथुन राशिमा गएको वेलामा (यो शुभकार्य सम्पन्न भयो) (१४)

संवत् ५३३ माघ शुदि १३ पुनर्वसुनक्षत्र प्रीतियोग आइतवारमा मिथुनमा चन्द्र रहेको वेला, कल्याण होस् ।

परिशिष्ट - ८

जययक्ष मल्लको अभिलेख

(वि.सं. १५१०)

"ॐ नमो वसुन्धरायै ॥

विष्णोर्ब्बाहुलताकफोणिशिखरेरागोद्धारिता मेदिनी,

गंगाद्या सरिताम्वरैव रुचिरालंकारिता स्थावरागी ।

नानाद्रव्यमयप्रगुप्तकरणा संन्यासलग्नाहिती,

त्वां नौमीह वसुन्धरे वरराशालं रक्ष तं सर्व्वदा ॥

नेपालभूम :ण्डलचक्रवर्तिना,

उपांगचक्रामलकीर्तिकेतुना ।

श्रीयक्षमल्लप्रभुना सुविस्तरं,

भक्तापुरीप्रावरराां चकार तत् ॥

ब्रह्मक्षत्रियवैश्यशूद्रकजनैरट्टं नवं निर्म्मितं,

पाषाराां बहुकाष्ठभारुरचितं चादाय सर्व्वैर्ज्जनैः ।

द्वारे कोटसमन्वितं दिशि दिशि प्राकारतुंगोत्तमं,

कुर्व्वन्ति स्म सखातकीमतिमहाकष्टैश्च वित्तैर्व्ययैः ॥

दुर्ग्गप्राकारभागे ह्यपहरति कदा संस्थितं दिग्विदिक्षु,

पाषाराां काष्ठलोष्ठं तदिह विनिहितं कश्चिदट्टं तदेकम् ।

पापीयान् ब्रह्महंता शिशुवधकृतवान् सोपि गोघ्नः पुमान् वै,

एवं संरक्षतव्यं नगरनरवरैर्भूपतेः शासनं हि ॥

तस्मिन्नेपालिकाब्दे त्रिमुनिहरमुखे श्रावरो पूर्ण्णमाश्या-

मायुष्मान्योगयुक्ते भृगुसुतदिवसे ऋक्षनारायणाख्ये ।

प्राकारं द्वारकोटं नगरपरिवृतारम्भकालंकरोति,

श्रीमद्भक्तापुरे श्रीनृपमकुटमरिार्यक्षमल्लो नृपेन्द्र : ॥

शुभ ॥ श्रीश्रीजययक्षमल्लदेव, प्रभु ठाकुरस, विजयराजस, श्रीख्वप्वस खारनो, गडप्राकारनो, लंक्वाठनो, दयका जुरोम्, थ्व गड दयके निमितिन, ख्वप्वंस बसरपो लोकस्यं, अनेक कष्ट नस्यं, वितनवुं, उपेखरपं, दयका गड जुरोम्, ब्रह्म क्षत्रि वैश्य शूद्र चतुर्व्वरार्रा आदिन, एक चित याङन, शिंकु, अटकु, चाकु, थम थम बुस्यं शरीर कष्टरपं, दयकं तथा थ्व गड जुरोम्, अवनलि, खारनो, प्राकारनो, लंक्वाठनो, थ्वते थव छेंपयिन मयाक्वनवुं, पयिन याङ यनेमाल जुरोम्, श्रीश्रीप्रभु ठाकुरस्येनो प्रदिक प्रधानननो, प्रजापाखननो, ख्वपंदेशश, बसरपको, समस्तस्यंवुं, झाडनथं, थंथुलं, कोथुलं, थव थक भुसं चोय क्वाठयात, थम थम खागां ल्हास्यं सोखायेमाल, सोमबिवद्धालें, सोथुप्रतिकुडछि धारे के काय, क्वाठ प्वलोड चिचकबह्मंन सलखिचा तांन जोङन सिठिंस ह्ना क्वाठनायकन निदानन लाँक्वाठ प्यलोड चिरमवकाले सिठिसाँति क्वाठनायक याये काये जिमनेदाम १२ थवथव दिशन, प्यलोड हिलमालओस, क्वाठनायकनं हिले, गडप्राकारया सेयोये दिन महालक्ष्मीधर्म्मविसर्ज्जन कोन्हु, ख्वप्वंदेशश बसरपको समस्तस्यवुं, खारङ्याङिस सड, मेस, सा, फा, थ्वतेस्यवुं, न्होयकेमटेव, न्होस्यं स्यंकाले, मोडि दम्मछि धारे स्यंनकवयाके, राजन काय जुरोम्, खार दंगवस्वंगव सोस्यं, पाठिगामन यियके, ज्या याचके प्राकारनो, लंक्काठनो स्वंकाले थमडङा भुं थमथमवुं ज्या याचके, थं छायकं तकोस्य चिंता यायमाल जुरोम् ।

गडप्राकारनो, लंक्काठनो आराधरपं यिस्यं स्वंनकबद्धाकाले, गोहथ्या, ब्रह्महथ्या, त्रीहथ्य आदिन पंचमापातक लाक्क जुरोम्, स्यनकवह्मयाकेवुं राजन कायें द्रम्म गु ९, गडप्राकारयानो लंक्वाठयानो, अट, ल्वह्वं, सिंका कालं अटया प्रति, ल्वव्हंगवड प्रति, सिट्वाक प्रति दम्म छि १ धारे राजन काये जुरोम्,

श्रेयोस्तु सम्वत् ५३ श्रावण शुक्ल पूर्ण्णमाश्यां, श्रवणनक्षत्रे, आयुस्मान्योगे, शुक्रवासरे, श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरस्यं प्राकार आदिन गड अरभ याङा दिवस ॥ शुभम्॥

अनुवाद

ॐ पृथ्वीलाई नमस्कार । विष्णुका बाहुलीका कुइनाको टुप्पोले उठाइएकी, गंगा आदि ठूलठूला नदीरूपी राम्रा गहनाले सिंगारिएकी, स्थिर भएकी, भित्र अनेक प्रकारका रत्नादि

पदार्थहरू लुकाइराखेकी, राम्रोसँग रहेकी यस्ती हे पृथ्वी तिमीलाई नमस्कार छ । यो गढ-पर्खाललाई सधैं रक्षा गर ।

नेपालभूमण्डलका चक्रवर्ती भएका, (राज्यका) अङ्ग उपाङ्गहरूमा कीर्ति फैलिएका राजा श्रीयक्ष मल्लले भक्तपुरमा यो ठूलो पर्खाल बनाउनुभयो ।

ब्राह्मण क्षत्री वैश्य शूद्र आदि सबै जनताले प्रशस्त ढुङ्गा काठपात बोकेर ल्याई ठूलो कष्ट गरी यो अग्लो पर्खाल लाइयो । धेरै पैसा खर्च गरियो, चारैतिर खाई खनियो, पर्खालका ढोका ढोकामाथि किल्ला भएको यो नयाँ गढ बनाइएको हो ।

यस गढमा पर्खालमा लाएका तथा यताउता रहेका ढुङ्गा काठ ईँट आदि एक टुक्रा पनि कसैले चोरेर लग्यो भने त्यसलाई पञ्चमहापातक अर्थात् गोहत्या, ब्रह्महत्या, बालहत्या आदि पाप लाग्नेछ । शहरिया सज्जनहरूले राजाको यो हुकूम मान्नुपर्छ ।

ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणपूर्णिमा शुक्रवार श्रवण नक्षत्र आयुष्मान् योगमा, राजशिरोमणि श्री श्रीयक्ष मल्लले श्रीभक्तपुर शहरको चारैतिर पर्खाल र ढोका-ढोकामा किल्ला बनाउन लाउनुभएको हो ।

श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा श्रीभक्तपुरमा खाई गडप्राकार (गढको पर्खाल) लंक्काठ (ढोकाका किल्ला)हरू बनाइए । यो गढ बनाउनको लागि भक्तपुरका वासिन्दाहरूले धेरै कष्ट सहनुपरेको थियो, पैसा खर्च गर्नुपरेको थियो, धेरै समय दिनुपरेको थियो । ब्राह्मण क्षत्री वैश्य शूद्र चारै जात आदिले मन लाईकन काठको भारी, ईंटको भारी, माटोको भारी आफैं-आफैंले बोकी शरीरले कष्ट गरीकन यो गढ बनाइएको हो ।

अबदेखि खाई पर्खाल, ढोकाका किल्लासँग सम्बन्ध राख्ने काम आफ्नो घरको इलाकाबाट गर्नुपर्ने जति आफैं आफैले गर्दै लैजानुपर्छ । श्रीश्रीप्रभु ठाकुरले (राजाले), भारदारहरूले तथा प्रजाहरूले भक्तपुरमा बस्ने यी सबैले वर्षाद लाग्नुभन्दा पहिले थंथुलं (उकालो चढी जानुपर्ने बाटो), कोन्थुलं (ओह्रालो लागी जानुपर्ने बाटो) र आफ्नो आफ्नो इलाकामा परेका किल्लाको हेरविचार आफैं-आफैंले गर्नुपर्छ । यसो गरेनन् भने प्रत्येकलाई एक कुरुवा चामलका दरले दराड गर्नू ।

किल्लाका छाना मर्मत गर्ने मानिसलाई सामान बन्दोबस्त गरिदिई सिठीभन्दा पहिले क्वाठनायकले मर्मत गर्न लाउनुपर्छ । किल्लाका छाना मर्मत गर्न लाएन भने सिठीको भोलिपल्ट क्वाठनायकलाई १२ दाम दण्ड गर्नू । आफ्नो-आफ्नो इलाकाका किल्लाका छाना बनाउनुपर्ने भएमा क्वाठनायकले बनाउन लाउनू । गढको पर्खालको परीक्षा गर्ने काम महालक्ष्मीधर्म विसर्जनको दिन (आश्विनकृष्ण अष्टमी) मा गर्नू ।

भक्तपुरमा बस्ने कसैले खाईका माटाका डिलमा घोडा रांगो गाई सुंगुरहरूलाई कुल्चन, हिँड्न नदिनू । कुल्चाएर बिगारेको खण्डमा कुल्चने प्रत्येक वस्तुभाउको १ दामको दरले कुल्चाउनेसँग राजाले दण्ड गर्नू । खाई भत्कियो, पुरियो भने पाठिगाम (?) द्वारा सफा पार्न लाउनू, बनाउन लाउनू ।

पर्खाल, ढोकाका किल्ला भत्के बिग्रे भने आफ्नो आफ्नो इलाकाले बनाएको आफैं-आफैंले मर्मत गर्नू ।

यहाँ लेखिएअनुसार यसको हेरविचार गर्नुपर्छ । कसैले गढको पर्खाल, ढोकाका किल्ला बिगार्न खोज्यो भने त्यसलाई गोहत्या ब्रह्महत्या स्त्रीहत्या आदि पञ्चमहापातक लागोस् । बिगार्नेलाई राजाले ९ दाम दण्ड गर्नू । गढको पर्खालको, ढोकाका किल्लाको ईंट ढुङ्गा काठ कसैले चोरेर लग्यो भने एक टुका ईंट ढुङ्गा काठको १ दामका दरले त्यसलाई राजाले दण्ड गर्नू ।

ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणशुक्ल पूर्णिमा श्रवण नक्षत्र आयुष्मान् योग शुक्रवारका दिन श्रीश्रीयक्ष मल्लदेव प्रभु ठाकुरले पर्खाल आदि गढको आरम्भ गर्नुभयो। शुभ ॥

पूर्णिमा २ पूर्णाङ्कबाट

१. उमामहेश्वर, नवौं शतक

२. उमामहेश्वर, एघारौं शतक

३. लूपनस्थापित गरुडनारायण पश्चिम नेपाल वि.सं. १०६१

४.चतुर्भुज विष्णु पश्चिम नेपाल, वि.सं. ११०९

५. बुद्धजन्म, नवौं शतक

६. बुद्धजन्म, अर्वाचीन

७. आमर्दकमठका शङ्कराचार्यको शिलालेख, शिरमा-बसाह, वि.सं.१२०१

८.आमर्दकमठका शङ्कराचार्यको शिलालेख, शिरमा-बसाह, वि.सं.१२०१

९. पृथ्वी उद्धारक वराहावतार, बाह्रौं शतक



१०.विष्णु र उनका अवतार, त्रिवेणी तेह्रौं शतक

११. त्रिवेणी तेह्रौं शतक

१२. सूर्य, बाह्रौं शतक

१३. सूर्य, बाह्रौं शतक

१४. सिंहवाहिनी चतुर्भुजा दुर्गा, तेह्रौं शतक

१५. महागौरी, तेह्रौं शतक (त्रिभङ्गमूर्ति)

१६. नारायण, तेह्रौं शतक

१७. विष्णु, लक्ष्मी, गरुड, पन्ध्रौं शतक

१८. ब्रह्मा, तेह्रौं शतक (सिम्रौनगढ)

१९. नागराज, तेह्रौं शतक



२०. पञ्चरक्षाको लेखोट, चौधौं शतक

२१. निग्लिहवाको अशोकस्तम्भको रिपुमल्लको अभिलेख, वि.सं. १३६९



२२. दशावतार, गाताचित्र, तेह्रौं शतक



२३. रुद्रदेवका पालाको लेखोट

२४. अभय मल्लका पालाको रञ्चनालिपिको लेखोट

२५.पद्मपाणि लोकेश्वर,पन्ध्रौं शतक (त्रिभङ्ग)

२६. अमोघसिद्धि, पन्ध्रौं शतक

२७. मञ्जुश्री, सोह्रौं शतक

२८. सिंहनाद लोकेश्वर, पन्ध्रौं शतक

२९. सूर्य, पन्ध्रौं शतक

३०. सूर्य सोह्रौं शतक

३१. चन्द्र, सोह्रौं शतक

३२. नृत्यदेवी, पन्ध्रौं शतक

३३. यक्ष मल्ल, वि.सं. १५३८

३४. भक्तिनी, सोह्रौं शतक



३५. जय वर्मा, प्राचीनकाल

३६. भूपतीन्द्र मल्ल, अर्वाचीनकाल

चित्रपरिचय

यहाँ उपयोग गरिएका मूर्तिचित्र जहाँबाट जसको सौजन्यबाट प्राप्त भएका हुन्, ती सबैलाई धन्यवाद दिन चाहन्छु । प्रथमत: १. २. ५. ६. ७. ८. १२. १४. १५. १६. २१. २३. २४. २५. २६. २७. २८. २९. ३२. ३५. ३६. संख्याका चित्र राष्ट्रिय संग्रहालयका सौजन्यबाट प्राप्त गरेको हुँ ।

९. १०. ११. का मूर्तिचित्र त्रिवेणीबाट आफैंले लिएको हुँ । अरू चित्र मेरो निर्देशनमा तयार पारिएका हुन्, ती मूर्तिचित्रहरूमा र हस्तलिखित ग्रन्थका चित्र ३०. ३१. ३४ कलासंग्रहालय भक्तपुरमा १३. १७. पुरातत्त्व बगैंचा पाटनमा १८. १९. २०. २२. राष्ट्रिय अभिलेखालयमा ३३ चाँगुमा ३. ४. न्यूयोर्कमा रहेका छन् । यहाँनेर मूर्तिचित्रमा काम गर्ने प्रतापादित्यपाल, लैनसिंह वाङ्देल, मोहनप्रसाद खनाल, डिल्लीराज शर्मा र मुकुन्द अर्यालहरूको नाम पनि सम्झना गर्नु आफ्नो कर्तव्य ठान्दछु ।

सन्दर्भग्रन्थसूची

अमरसिंह – *अमरकोश*

अलका चट्टोपाध्याय – *अतिशा एण्ड टिबेट*, कलकत्ता ई. १९६७

अलेक्जेन्डर कनिङ्घम – *बुक् अफ् इन्डियन् एराज्*, ओरियन्टल् पब्लिसर्स्, दिल्ली सं. २०२८

उदयानन्द अर्जेल – *पृथ्वीन्द्रोदय* (अप्रकाशित)

उपेन्द्र ठाकुर – *हिस्ट्री अफ् मिथिला* (मिथिलाक इतिहास)

कर्कपेट्रिक – *अन् एकाउन्ट अफ् किङ्डम् अफ् नेपाल*, लन्डन ई. १८११

कालिदास – *रघुवंश तथा मालविकाग्निमित्र*

काशीप्रसाद जायसवाल – *क्रोनौलोजी एण्ड हिस्ट्री अफ् नेपाल*, पटना ई. १९३७,
– कीर्तिपुण्य महाविहारया परिचय

कमलप्रकाश मल्ल – *रोलम्ब* ३ भा. १ सं. जोशी रिसर्च इन्स्टिच्युट्, ललितपुर ई. १९८३

कल्हण – *राजतरङ्गिणी*

गोविन्दप्रसाद भट्टराई – (सम्पादक) *रामाङ्कनाटिका*, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, वि.सं. २०३२

गौतमवज्र वज्राचार्य – *हनूमान्ढोका राजदरबार*, नेपाल र एसियाली अध्ययनसंस्थान, काठमाडौं वि.सं.२०३३

गौतमवज्र वज्राचार्य/महेशराज पन्त
– अभिलेखसंग्रह ३ भा. संशोधन मण्डल सं. २०१८

चण्डेश्वर ठक्कुर – *कृत्यचिन्तामणि*, एसियाटिक सोसाइटी बङ्गाल ई. १९२५

चेफेन डब्लु डी.शाकप्पा– टिबेट : ए पोलिटिकल् हिस्ट्री, न्यू हेवेन, येल युनिवर्सिटी प्रेस ई. १९६७।

जयकान्त मिश्र – ए हिस्ट्री अफ् मैथिली लिटरेचर् १ भा. इलाहवाद ई. १९५१

जयचन्द्र विद्यालङ्कार – इतिहासप्रवेश, सरस्वती प्रकाशमन्दिर इलाहवाद ई. १९४१ (भारतीय इतिहासका उन्मीलन (द्वि.सं. को नाम)

जार्ज रोरिक – ब्लु एनाल्स (देवथेर ङन्पो) मोतीलाल बनारसीदास दिल्ली ई. १९७६

जिसेप्प टुच्ची – प्रिलिमिनेरी रिपोर्ट अन् टू साइन्टिफिक् एक्सपेडिसन्स् इन् नेपाल, रोम, १९५६

ज्ञानमणि नेपाल – नेपालनिरुक्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं, सं. २०४०

ज्ञानमणि नेपाल – नेपालनिरूपण, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं सं. २०५५

– नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश, नेपाल इतिहास विकास समिति, भोजपुर वि.सं. २०१९

– जयतरचित महीरावणवध नाटक विवेचनात्मक अध्ययन, ने.ए. अनुसन्धान केन्द्र, त्रि.वि.सं. २०४०

– मणिकरचित भैरवानन्दनाटक, महेन्द्र संस्कृत विश्वविद्यालय दाङ सं. २०५७

– पशुपतिनाथको दर्शनस्पर्शन पूजनसम्वन्धमा समीक्षा, महेशराज पन्त, काठमाडौं २०४३

– 'कोशार्थनिरूपण' प्रज्ञा १७ वर्ष ३ अङ्क ६५ पूर्णाङ्क, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, २०५४

– 'माझकिरातको संक्षिप्त ऐ. सिंहावलोकन' भोजपुर (स्मारिका) भोजपुरे सेवासमाज, काठमाडौं सं. २०४५

– 'राणक राणा राने' प्रज्ञा २६ वर्ष ८३ पूर्णाङ्क ने.रा. प्रज्ञाप्रतिष्ठान सं. २०५३

– 'स्थिति बाँध्ने राजाहरू'- एक अध्ययन, नेपाल क़ानून चर्चा ७ वर्ष १ अङ्क २५ पूर्णाङ्क त्रि.वि. कानून अध्ययन संस्थान, काठमाडौं सं. २०४० मंसिर

– 'भोन्त र भोन्तका भण्डारी पशुपतिमा', शैवभूमि ५/५

ज्योतिरीश्वर कविशेखर – वर्णरत्नाकर (सम्पा. आनन्दमिश्र गोविन्द झा), मैथिली अकादमी पटना ई. १९८०

ठाकुरलाल मानन्धर – 'ए फ्रम् द वेण्डाल वंशावली' कन्ट्रीव्युशन्स् टु नेपलिज् स्टडिज् १ भा. २ सं. (९९-१०२ पृ.)

– 'नेपाल एन्ड साउथ इन्डिया' कन्ट्रिव्युशन्स् टु नेपलिज् स्टडिज् २ भा. १ सं. २०३१

डिल्लीरमण रेग्मी – मेडिवल नेपाल (एर्ली मेडिवल् पेरियड) १ भाग, ७५०, १३३० ई.

– मेडिवल् नेपाल ३ भाग, फर्मा के.एल्. मुखोपाध्याय ई. १९६६

ढुण्डिराज भण्डारी – नेपालको आलोचनात्मक इतिहास, प्रकाश प्रकाशन, काठमाडौं, सं. २०२७

दिनेशचन्द्र सरकार – सेलेक्ट इन्स्कृप्सन्स् १ भा. कलकत्ता युनिवर्सिटी कलकत्ता ई.१९४२, सेलेक्ट इन्स्कृप्सन्स् २ भा मोतीलाल बनारसीदास दिल्ली ई. १९८३

दिनेशराज पन्त – 'राजा निर्भयदेव रुद्रदेव भोजदेव लक्ष्मीकामदेव' यिनको विषयमा वंशावलीहरूको वर्णन' द्वैराज्य र 'रुद्रदेव र भोजदेवको नाता' पूर्णिमा ३० पूर्णाङ्क सं. २०३० चैत

देवीप्रसाद भण्डारी – 'रुद्र मल्ल र उनको जन्मतिथि' पूर्णिमा १ पू. काठमाडौं, सं. २०३१

देवीप्रसाद लम्साल – *सं. राजभोगमाला* (भाषावंशावली) काठमाडौं, २०३२

तारानाथ लामा – भारत मे बौद्ध धर्मका इतिहास, काशीप्रसाद जायसवाल शोध संस्थान पटना, ई. १९७१

दास गुप्त – 'द गोकर्ण तीर्थ एन्ड धर्मपाल' इन्डियन् कल्चर ४ भा.

धनवज्र वज्राचार्य – लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं. २०३०

– 'मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य' पूर्णिमा १ वर्ष २ अङ्क, संशोधनमण्डल काठमाडौं, सं. २०२१

– 'शक्तिशाली भारदार रामवर्द्धनहरू र तात्कालिक नेपाल' पूर्णिमा २ वर्ष ३ अङ्क ७ पूर्णाङ्क संशोधनमण्डल, काठमाडौं, २०२२ कात्तिक ।

– 'शमसुद्दिनको आक्रमण' पूर्णिमा २ वर्ष ४ अङ्क ८ पूर्णाङ्क संशोधन मण्डल काठमाडौं सं. २०२२ माघ ।

– चीनका मिङ्गवंशी बादशाहको 'शक्तिसिंहरामलाई पठाएको परवाना' भ्वाइस् अफ् हिस्ट्री १ वर्ष, १ अङ्क, टि.यु. हिस्ट्री एसोसिएसन् सं. २०३१ ।

– 'मध्यकालका शुरूका केही अभिलेख' कन्ट्रिव्युसन्स् टु नेपलिज् स्टडिज् ५ भा. १ सं. त्रि.वि. सिनास, काठमाडौं सं. २०३४

– 'मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव' कन्ट्रिव्युशन्स् टु नेपलिज् स्टडिज् भा. १ सिनास सं. २०३७

– 'स्थिति मल्लको वंश'; त्रि.वि., इतिहास शिक्षण समितिसमेतको आयोजनामा गरिएको गोष्ठीपत्र, 'नेपालको इतिहासका विवादास्पद विषयहरू' कीर्तिपुर सं. २०३७ ।

– 'कर्णाली प्रदेशको ऐ. रूपरेखा' कर्णाली प्रदेश एक बिटो अध्ययन, जुम्ला, सं. २०२८

धनवज्र वज्राचार्य/कमलप्रकाश मल्ल

– 'द गोपालराजवंशावली' नेपाल रिसर्च सेन्टर्, काठमाडौं, सं. २०४२

धनवज्र वज्राचार्य/ज्ञानमणि नेपाल

– 'इतिहास संशोधन' (४ सं.) प्रकाशक, स्वयं काठमाडौं सं. २०११

धनवज्र वज्राचार्य/टेकवहादुर श्रेष्ठ
– दोलखाको ऐतिहासिक रूपरेखा नेपाल र एसियाली अनुसन्धानकेन्द्र, काठमाडौं सं. २०३१
– नुवाकोटको ऐतिहासिक रूपरेखा ने.ए. अनुसन्धान केन्द्र, काठमाडौं, २०३२

धनवज्र वज्राचार्यसमेत – (सम्पादक) इतिहास संशोधनको प्रमाण प्रमेय जगदम्वा प्रकाशन, ललितपुर सं. २०१९

धर्मस्वामी (च्याग्लोचवा जो.जे. पाल)
– आत्मवृत्तान्त (जार्ज रोरिक वायोग्राफी अफ् धर्मस्वामी) पटना ई. १९५९

नयराज पन्त – 'स्थिति मल्ल तथा जातपात' पूर्णिमा १ वर्ष २ अङ्क संशोधनमण्डल काठमाडौं, २०२१ साउन

नयराज पन्त – लिच्छविसंवत्को निर्णय, ने.रा.प्र. प्रतिष्ठान सं. २०४२

नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्त (सम्पा.)
– सुमतितन्त्रम् त्रि.वि.पाठ्यक्रम विकास केन्द्र काठमाडौं सं. २०३५

नरहरिनाथ योगी – (सं.) 'काठमाडौं हनूमान्‌ढोका त्रिशूलडवली अभिलेख' संस्कृत सन्देश १ वर्ष २ अङ्क सं. २०१०
– सन्धिपत्र संग्रह, गोरक्षटिल्ला काशी, सं. २०२२
– इतिहास प्रकाश १ भा. इतिहास प्रकाशमण्डल सं. २०१२
– इतिहास प्रकाश २, १-३ भा. इतिहास प्रकाश संघ २०१३
– 'सिजाका अभिलेख' हिमवत्संस्कृति १/१ सं. २०१६

पी.सी. मुखर्जी – ए. रिपोर्ट अन् ए टूर् अफ् एक्सप्लोरेसन् अफ् द एन्टिक्युटिज् अफ् कपिलवस्तु .... बनारस १९६९

पुरुषोत्तमलोचन श्रेष्ठ – 'यक्षमल्लको समयको ताडपत्र' रोलम्ब १३/३ जोशिरिसर्च इन्स्टिच्युट्, ललितपुर ई. १९९३

प्रतापादित्य पाल – द आर्ट अफ् नेपाल १–२ भा. ई. १९७४–७८
– 'वैष्णव आर्ट फ्रम् नेपाल इन् द म्युजियम्' बुलेटिन् अफ् बोस्टन म्युजियम् ३५ ई. १९३७

वर्नहाड कोल्वर र हेमराज शाक्य
– डकुमेन्ट्स् फ्रम् रुद्रवर्णमहाविहार, पाटन ई. १९८५

वावुराम अचार्य – 'नेपालमा भएको मुसलमानी आक्रमण', पूर्णिमा २१ पूर्णाङ्क संशोधनमण्डल, २०२९ असोज ।
– 'भक्तपुर राज्यको उत्थान' रूपरेखा १ वर्ष २ अङ्क सं. २०१७
– 'आनिको उनको परिवार र जन्मस्थल' (सम्पादक नरहरिनाथ) हिमवत्संस्कृति १ वर्ष १–३ अं. सं. २०१६)

– 'तनहुँको सेनवंश' भानुभक्तस्मारक ग्रन्थ, साहित्य सम्मेलन दोर्जेलिङ १९९७

वाबुराम आचार्य/नयराज पन्त

– 'मल्लसमयाभिलेख' संस्कृतसन्देश, १ वर्ष ८ अङ्क सं. २०१० मार्ग

वालचन्द्र शर्मा – नेपालको ऐतिहासिक रूपरेखा, कृष्णकुमारी वाराणसी वि.सं. २००८

(सम्पादक) – काठमाण्डू उपत्यकाको एक राजवंशावली, प्राचीन नेपाल ४–५–६ संख्या, नेपालको इतिहास (वंशावली) प्रा. नेपाल, ८–११ संख्या, नेपाल देशको इतिहास (वंशावली) १५–२७ संख्या, पुरातत्त्व विभाग, काठमाडौं। (अन्य प्रकाशित अप्रकाशित वंशावलीका विभिन्न संस्करणहरू)

भगवान्लाल इन्द्रजी गोओर्ग वुल्हर

– 'ट्वान्टी थ्री इन्स्कृप्सन् फ्रम् नेपाल' वम्बई सं. १९४२

भोलानाथ पौडेल/धनवज्र वज्राचार्य/ज्ञानमणि नेपाल

– 'महापात्र मेघपालवर्मण: शिलालेख:' (सं.१४१६) तथा

– 'अर्जुन मल्ल जयस्थिति मल्ल समयाभिलेख' संस्कृत सन्देश १ वर्ष १०–१२ संयुक्ताङ्क सं. २०१०

– कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १–२ काठमाडौं सं.२००९

मनुस्मृति

महापरिनिर्वाण सूत्र – (सं.) भिक्षु कित्तिमा चोजन उक्याव, वनारस सं. १९९८

महेशराज पन्त – 'सेसिल वेन्डालको शब्दमा गोपालराजवंशावलीको वयान' पूर्णिमा ३१ पूर्णाङ्क सं. २०३१

– 'पुष्याभिषेक' पूर्णिमा ३३ पूर्णाङ्क, संशोधन मण्डल काठमाडौं, सं. २०३२।

– 'चाडवाड जात्रामात्रामा खेलाइएका, नेपालमा वनाइएका केही संस्कृत नाटक' पूर्णिमा ३६ पूर्णाङ्क सं. २०३४

– 'वि.सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका', पूर्णिमा ६९ पू. १८ वर्ष १ अङ्क सं. २०४३

– 'वटेश्वरा सिद्धान्त र नेपालसंवत्', पूर्णिमा ५९ पूर्णाङ्क सं. २०४१

– 'द गोपालराजवंशावली सरसरती हेर्दा' पूर्णिमा ७२ पूर्णाङ्क सं. २०४४

– 'अर्जुनदेवको शासनको विषयमा' पूर्णिमा ८६ पूर्णाङ्क सं. २०५०

– यक्षमल्लले गरिदिएका दुईवटा ताम्रपत्र' पूर्णिमा ६७ पू.सं. २०४२

– 'रामाङ्क नृत्यको प्रसङ्गमा आएका केही कुरा' पूर्णिमा ६८ पू. सं. २०४३।

महेशराज पन्त/ऐश्वर्यधर शर्मा
– द. टू. अर्लिष्ट कपरप्लेट् इन्सक्रिप्सन्स् फ्रम् नेपाल, नेपाल रिसर्च सेन्टर्, काठमाडौं सं. २०३४

महेशराज पन्त/दिनेशराज पन्त
– 'भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी वलभद्र' पूर्णिमा २९ पूर्णाङ्क २०३०
– नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्दसेनको हमलाको प्रमाणवाक्य' पूर्णिमा ४२ पूर्णाङ्क
– 'नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्दसेनको हमला' पूर्णाङ्क ४३ र ४५ पूर्णाङ्क।

मेरी शेफर्ड स्लसर् – नेपालमण्डल, प्रिन्स्टन विश्वविद्यालय प्रिन्स्टन, सं. २०३९

मोहनप्रसाद खनाल – चाँगुनारायणका ऐतिहासिक सामग्री– नेपाल र एसियाली अनुसन्धान केन्द्र सं. २०४०

रघुनाथ (ज्योतिषी) – महूर्त्तमाला

रतिभानुसिंह नाहर – प्राचीन भारतका राजनैतिक एवं सांस्कृतिक इतिहास, किताब महल, इलाहवाद ई. १९७५

रमेशचन्द्र मजुमदारसमेत– ए. न्यू हिस्ट्री अफ् इन्डियन् पिपुल्स ६ भा.

रमेशचन्द्र मजुमदार – क्रोनोलजी अफ् अर्ली किङ्ग अफ् नेपाल, कलकत्ता सं. २००२

रमेश ढुङ्गेल – 'आचार्य दीपङ्कर श्रीज्ञान (अतिशा) को तिब्बतयात्रा' एक नयाँ अध्ययन कन्ट्रिब्युसन्स् टू नेपलिज् स्टडिज् १३ मा २ सं.२०४३

राधाकृष्ण चौधरी – हिस्ट्री अफ् मुस्लीम रुल् इन् तिरहुत (१२०६–१७६५) वाराणसी चौखम्वा संस्कृत सिरिज् अफिस् ई. १९७०

रामजी तेवारी आदि – अभिलेख संग्रह २ भाग ७ भा. ९–१० भा. संशोधनमण्डल सं. २०१८–२०

रामजी तेवारीसमेत – 'पशुपतिको जयसिंहरामवर्द्धनको पालाको अभिलेख' संस्कृतसन्देश १ वर्ष १०–१२ अङ्क सं. २०१०

रामप्रकाश शर्मा – मिथिला का इतिहास, कामेश्वर सिंह दरभङ्गा विश्वविद्यालय, दरभङ्गा ई. १९७९।

राहुल सांकृत्यायन – 'सेकेन्ड सर्च् अफ् संस्कृत पल्म लिफ् म्युनिस्क्रृप्ट इन् टिबेट', जर्नल अफ् द विहार एन्ड उडिसा रिसर्च सोसाइटी २१–२३–५३ भा. ई. १९३७
– गढवाल, इलाहावाद ल जर्नल प्रेस ई. १९५३।

रुक्मिणी वन्त – 'विक्रमशील महाविहारको ऐतिहासिक महत्त्व' कन्ट्रिव्युसन्स्, टू नेपलिज् स्टडिज् १२ भा. २ सं. वि.सं. २०४२।

लुसियानो पेटेक – मेडिवल् हिस्ट्री अफ् नेपाल (ई.७५०–१४८०) रोम ई.१९८४

वाल्मीकिरामायण – (सम्पा. जी.एच्. भट्ट), क्रिटिकल् एडिसन्, ओरिन्टयल् इन्स्टिच्युट् बडौदा, वि.सं. २०१७

विष्णुगुप्त(आचार्य कौटल्य)– कौटलीय अर्थशास्त्र

वीरपुस्तकालय – नेपाल राजकीय वीरपुस्तकालयस्थ– हस्तलिखितपुस्तकानां बृहत्सूचीपत्रम्– वीर पुस्तकालय, काठमाडौं

शङ्करमान राजवंशी – पुरातत्त्वपत्रसंग्रह १–२ पुरातत्त्व विभाग सं. २०१६–१८

– 'स्थिति मल्लको पालाको वि.सं. १४४५ को मानचन्द्र शाक्यको ताम्रपत्र र त्यसको ऐ. व्याख्या' १ वर्ष ४ अङ्क पूर्णिमा।

– 'पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत् विषयको विचार' पूर्णिमा ५ पूर्णाङ्क

– 'भक्तपुर शिलालेख सूची', वीरपुस्तकालय, काठमाडौं

– 'यक्षमल्लका निश्चित संवत् र तिथिमितिहरू' पूर्णिमा ७, ८, ९ र १० पूर्णाङ्कहरू।

सूर्यमणि अधिकारी – पश्चिम नेपालको ऐ. अन्वेषण, ने.ए. अनुसन्धान केन्द्र त्रि.वि. सं. २०४३।

सूर्यविक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रोयल नेपाल एकेडेमी, काठमाडौं, सं. २०१९

सिल्भाँ लेवी – लि नेपाल, पेरिस १–३ भा. वि.सं. १९६२ – ६५

सेसिल बेण्डाल – क्याटलग् अफ् बुद्धिष्ट संस्कृत म्युनिस्कृप्टस् इन् द युनिभर्सिटी लाइब्रेरी, क्याम्ब्रिज, सं. १९३३

– ए जर्नी अफ् लिटरेरी एन्ड आर्कियोलोजिकल् रिसर्च इन् नेपाल एन्ड नर्दन इन्डिया डुरिङ्ग द विन्टर् अफ् १८८४–८५, लन्डन १९४२

– क्याटलग् अफ् द संस्कृत म्युनिस्कृप्टस् इन् द ब्रिटिश म्युजियम्, लन्डन ई. १९०२

– हिस्टोरिकल् इन्ट्रोडक्सन्' शास्त्री क्याटलग् (१–३२ पृ.)

हरिप्रसाद शास्त्री – ए क्याटलग् अफ् पाल्म लीफ्, एन्ड सेलेक्टेड्, पेपर् म्युटिस्क्रिप्ट्स् विलङ्गिङ्ग टु द दरवार लाइब्रेरी, नेपाल १–२ भाग क्लकत्ता ई. १९१५

हरिराम जोशी – मेडिवल् कोलोफोन्, रोलम्व ३/३ जोशी रिसर्च इन्स्टिच्युट,

हेमराज शाक्य र टी.आर्. वैद्य

– मेडिवल् नेपाल (कोलोफोन् एन्ड इन्स्कृप्सन्स्) काठमाडौं, ई.सं. १९७०

नामसूची

अ

अक्षयमति/५
अखराम मुल्मी/८५
अठतीससाल पर्व/७
अतिसा/८
अन् एकाउन्ट अफ् द किङ्गडम्
अफ् नेपाल/५
अनङ्ग मल्ल/१३३
अनन्त/१०२
अनन्तकीर्ति/४४, ४५
अनन्तपाल भारो/१४२, १४३
अनन्त मल्ल/३६
अनन्तराम/२११
आनन्द/१४१
अनर्घ मल्लदेव/८९, १३३, १४२, १४४
अनेखराम झा/१८७, १९६, १९७, १९९, २००, २०२, २०३, २०५, २०६, २०९, २१०, २११, २३०, २३३
अवधूतिपा/४३
अभङ्गपतिराज/१९६
अभय मल्ल/१३७, १३८, १३९, १४०, १४१, १४२, १४३, १४४, १४५, १४६, १५५, १५६, १५८, १५९, १६१, १६३, १६७, १६८, १७१, २०१, २२७, २७२
अभयराम मुल्मी १९६, १९८, १९९, २००
अभिलेखसंग्रह/७
अभिविजयसिंह/२३९
अमरकोष/२३०
अमरु झा/१४४
अमृतदेव/७७, ९९, १००, १०३, १०९, ११०, १११
अमेरिका/८
अरब/१५
अरि मल्ल/ २५, ३७, ६१, १२३, १२९, १३२, १३३, १३५, १३६, १३७, १३८, १३९, १४०, १५९, १९२, २०२, २०५
अरमुडि/३१, १७०
अर्जुनदेव/ १०८, १२४, १३३
अर्जुन मल्ल/३६, १२५
अलका/४५, ४६
अलाउद्दीन/१९३
अशोक चल्ल/१३२, १७०
अशोकस्तम्भ/ १३१, १३२, १८५
अष्टसाहस्रिका प्रज्ञापारमिता/२४, २५, २९, ३४, ३५, ४०, ४१, ६१, ६५, ७४, ७७, १००, १०४

आ

आख्यातरत्नकोष/२५०, २५१
आचार्य हरिहर/१३६
आदित्य मल्ल/१७२, १९४,१९५,२०८, २४७
आनन्ददेव/११, ७४, ७६, ९९, १०२, १०३, १०४, १०५, १०६, १०८, १३३, १५९, १६३, १६९, १८९, २३२
आनन्दपुर/१५
आनन्द मल्ल/१०
आनिक/८, १६८, १६९
आमर्दक मठ/६४,१००, १०१, १०५, १०९
आर्.डी. बनर्जी/१२४
आचार्य रवीन्द्र/६२
आर्यामोघपाशसूत्र/२११
आर्योष्णीषविजयनामधारिणी/७३
आसाम/८५

इ

इचङ्गुनारायणं/३, १२३, १२९
इटुम्बहाल/१५, २७, १४४, २७४
इन्डिया अफिस् लाइब्रेरी/१००
इन्द्रेश्वर/१७५
इन्द्रदेव/६३, ७२, ९९, १००, १०१, १०२, १०३
इन्द्रसिंह/३७
इरान/१५
इष्ट इन्डिया कम्पनी/६०

ई

ईशानेश्वर/२६

उ

उग्र मल्ल/२२६
उदमाल भा/१४३
उदयदेव/२९, ३०, ३३, ६१
उदयचन्द्र / १०४
उदयपुर/६३, ६४, ६६, ७७, १००
उदयसिंहदेव महाथ/१४३, १४४
उदयसिंह भारो/२६९, २८८, २८९, २९४
उदगानदेवी/२८८
उदयानन्द अर्जेल/२, ६१

ए

ए. घोष/१२४
एच्.सी. राय/१२४

औ

औरङ्गजेब/३८

अं

अंशुवर्मा/१२, १३, ६३, १०१, १३६

क

कठ मल्ल/१३१
कनिङ्घम/९, १२४
कन्नौज/२८
कन्नड/१६
कपिलवस्तु/२८, ४५, १३२
कमलपाणि/७३
कमलप्रकाश मल्ल/४, ५
करुणाकरदत्त/४०
कर्कपेट्रिक/२, ५, ९
कर्ण/४३, ८५, १२४
कर्णाटक/१६, ४५, ६०, ८५, ८६, १११, १३४, १९५, २०४, २२५, २२९
कर्णाली नदी/१६९
कर्णालीप्रदेश/१३२, १४१, १४३,१६९, १७०
कर्मसिंह/२२५
कल्हण/१२२
कस्त भा/२००, २०१, २०३, २१०
काकतीयवंश/१७५
काठमाडौं/६, १६, २५, २७, २८, ३५, ३६, ६४, ७७, १०७, १०८, १२३, १३२, १४४, १५७, १५८, १५९, १६१, १८४, २०८, २०९, २२४, २३०, २३३, २४८, २७२, २७३, २७४, २७५, २७९, २८१, २८७, २८९, २९०, २९७, २९८
कातन्त्रव्याकरण/२५०
कान्तिपुर/१०, २७, २८, ३७, ४१, ५९, ६०, ७७, ८६, १०४, १३०, १५७, १९७, १९९, २२५, २४५
कान्यकुब्ज/१२, ४५
कामादेवी/१९५
कामेश्वर ठक्कुर/२२२
कारण्डव्यूह/३१, १७०
कालिदास/३९, ४०
कालीकुलक्रमार्चन/१३६, १३७
कालीगण्डकी/३१, १७०

काशीप्रसाद जायसवाल/१२४
काशी/ ६, ७, २८, ४५, १०५, १०६, १०७, १०८, १८६
काश्मीर/ १५,३१,४३,८६,१२१, १६९, १७०
कीर्तिपाल भारो/ १४२, १४३, १४४
कीर्तिपुर/७७, ७८, १०३, २०६
कीर्ति मल्ल/ २७, २४०, २४७, २४८, २४९, २५०
कीर्तिराज उपाध्याय/ २४१
कीर्तिलक्ष्मी/ २८८
कीर्तिसिंह/ २६९
कुक्कुर/ ३८, १३०
कुती/ ६०, १४३, २३३, २७२, २८१
कुवलय खान/ १६८
कुमाउँ/ १३८, १७०
कुम्भेश्वर/ २६, २४५, २४६
कुरु/ १३०
कुब्जिकामत ४१/७७,९१,९२, १०४, १२१
कुशिनारा/ १३०
कुसुमसिंह/ २६९
कुलपुत्र माधवजीव/ ३४
कृष्ण भट्ट/ २४८
केरुङ्ग/ ४२, ४६, ६०, १४३, १९०, २३२, २४५, २७०, २७१, २८१
केशरपुस्तकालय/ ४, ५, ६
केशरवंशावली/४
केशरशमशेर/४
केशवचन्द्र/२७
कैलासकूटभवन/४९
कोलिग्राम/२७
कोली/ ३८, १३०
कोशल/४५
कौटलीय अर्थशास्त्र/१३
कौटल्य/ ३९, ४०, १३०
कौलसम्प्रदाय/१०९
क्याम्ब्रिज् युनिभर्सिटीलाइब्रेरी/२४५
क्रकुच्छन्द/२
क्राचल्ल/१७०
क्रियाकालगुणोत्तर/७४, १२१

ख

खनिमन्दात भारो/१८६.
खोचरनाथ/४६
खोप्रिङ्/२७

ग

गङ्गा राणक/३१
गङ्गासागर/९३
गङ्गोत्तरी/४
गजराज/२४८
गजा खड्का/२४४
गजा मुल्मी/२४०
गढवाल/१७०
गण वर्मा/२४६
गणपति/१७५, १७६, २३४
गण्डीगुल्म/२९, ३०, ३१, ३३, ३५, ६५, १०४, १३८
गनकमलदेव/१६८
गयना मुल्मी/२०३
गया/४५
गयासुद्दीन तुगलक/१९२, १९३, २०७
ग्रर्लोक/४३
गाङ्गेयदेव/१२३, १२४, १२५, १३१, १४१
गुजरात/ १५, १६, १७, ३१, ४५, ६०, १३८, १९८
गुणकामदेव/ २६, २७, २८, २९, ४०, ११०, १११, १२१, १२२, १२३, १३६, २३२
गुप्तसंवत्/१२
गुहमित्र/१५

गेवोक ताम्राकार/६५
गोदावरी/९३
गोपति/१२४, १४१
गोपालचन्द्र/ १९५, १९८, १९९, २००, २०१, २०४
गोपालराजवंशावली/ ३, ४, ५
गोरखनाथ/२८
गोरखा/ २, ५, ७५, १९४, २०६, २४४, २९०, २९१, २९६
गोकर्ण/९३
गोविन्द भा/२३६
गोसाइँकुण्ड/ २८९
गोसाइँ मल्ल/३७
गौड/ २८
गौतम बुद्ध/१३०

च

चक्रवर्णमहाविहार/१०१
चण्डेश्वर ठक्कुर/ ६०, १८३, १८४, १८५, १८६, १८७, १९२, १९४, २०४, २०५, २२२, २२९, २४४, २६७, २७७
चन्द्र गुप्त/ १३०
चमत्कारपुर/ १३६, १३८
चम्पागुल्म/ १२३
चम्पारण/ ४५, ८५, २२३
चरकसंहिता/ ७४, १२१
चर्यासंग्रहप्रदीप / ४४
चाँगुनारायण /२२, ४०, ६५, ७८, १०१, ११०, १६०, १७७, १८७, २०९, २४०, २४९, २६७, २७७
चाणक्यनीति / २४८
चीन / ८, १३, ८९, १६७, १६८, २७७, २७८, २७९, २८१, २८२
चेदि / ४३, ८५, १२४
च्यागलोचवा-जोस्जेद् पाल / १४६

ज

जगज्योतिर्मल्ल / ४, ५, २२५, २२६
जगत्पति / २३१
जगत्पाल भारो / २३३
जगत् वर्मा / १४२
जगत् मल्ल / १५९
जगत्सिंह/ १९४, १९९, २००, २०१, २०२, २०३, २०४, २०५, २२३, २२७, २२८
जगन्नाथपुरी / १०६
जङ्गबहादुर / २, ११०
जङ्थाङ् / ४६
जनकपुर / २७२
जन भा / १८५, १८७
जनार्दनजीव / ६३
जयचन्द्र वर्मा/७६, ७७, १००, १०९, १७८
जयत वर्मा / २२७, २३०, २४०
जयत मुल्मी / २१०, २२७, २३३, २३५, २३६, २३७, २३८, २४४
जयत राउत / १३३
जयतलक्ष्मी / १६८
जयतुङ्ग मल्ल / १३३, १६३, १७५, १७६, १७७, १८३, १८५, २०४
जयदेव/१०,११,२२,२३, २५, ३६, ४०, ४२, ४५,५९, ८६, ८८, ९०, १३७, १५५, १५६, १५७, १५८, १५९, १६०, १६१, १८९
जयद्रव्यजीव / ११०
जयनारायणदेव / ३७
जयन्त मल्ल / १५९, १६२
जयप्रकाश मल्ल / १०, १४०
जयब्रह्म / २५०
जयभीमदेव / १४०, १५६, १५७, १५८, १५९, १६०, १६१, १६३, १६८, १६९
जयभैरव / २५०, २६७
जयराजदेव / २२२, २३०

जयारि मल्ल/१५८, १६२, १६३, १९१, १९२, २०१, २३६
जयरुद्र मल्ल/३६, १३३, १६३, १८६, १८७, १८९, १९०, १९१, १९४, १९६, २०४, २२५, २७३
जयशक्तिदेव / १६३, १७५, १७६, १७७, १७८,१८३,१८४,१८५, १८६, १९०, २०४
जयसिंह / १९७, १९८, २०१
जयसिंह देव / १४०
जयसिंह मल्ल / १३३, १५६, १५७, १५८, १६०,१६२, १६३, १६९, १९९, २०१, २३६
जयसिंहराम वर्धन/ १९, २०९, २१०, २११, २३०, २३१, २३३, २३४, २३५, २३६, २३७, २३८, २४०, २४४, २४५, २४९, २७३, २७४, २७५, २७६, २७७, २७८, २७९
जयस्थिति मल्ल / १, ३, ७, ४०, १७४, २०९, २१०, २२३, २२४, २२५, २२६, २२७, २२८, २२९, २३१, २३२, २३३, २३४, २३५, २३६, २३७, २३८, २३९, २४०, २४१, २४२, २४३, २४४, २४५, २४६, २४७, २५०, २५१, २६७, २७०, २७१, २७२, २७३, २७४, २७५, २७६, २७८, २८०, २८१
जयादित्यदेव / १४०, १५९, १६३, १६८, १६९, १७२, १७५, १८३, १८९, २३४
जयानन्ददेव / ३६
जयापीड / ३१, ८९, १६९, १७०
जयार्जुनदेव /३, १७५, २११, २२४, २३०, २३३, २३४, २३५, २३८, २४०, २५१
जसकीर्तिराम / २३६, २४०, २६९, २७१
जसपति / २४८
जसमाल भारो / १६१
जसिमाल पोह / १३३, १५८
जापान / ८
जावा / ९३
जी.एच्च भट्ट/१२४
जिग्लोद्गमविषय / २९, ३३
जितामित्र मल्ल /५, २४
जितारि मल्ल / १६९, १७१, १७२, १८५, १८७, १९४, २४७
जिनेन्द्रवुद्धि / ७७
जीवधरसिंह / ६५
जीवमल्ल / ३७
जीवरक्षा / २५०
जीवसिंह / १९८
जुम्ला / ४६, १००
जेजाभुक्ति / ७४, १२२
जैतराम भारो / १८६
जेष्ठवर्णमहाविहार / ११०
जैतमलजीव / १६१
जैतरामजीव / १६१, २०१
जैतसिंह / १९८
जैत्रसिंह राउत / २३६, २४९, २७०
जोखन भारो / १८६
जोगराम मुल्मी /२००, २०२, २३७, २४१
जोतराम मुल्मी / २३७
जो भारो / १५६
जोन फेदफुल् फ्लिट / १२
ज्ञान भारो / १८६
ज्योतिकस्त भा / २४०, २४१
ज्योतिर्मल्ल / ३७, २०२, २०९, २२४, २२५, २२६, २४०, २४३, २४७, २४८, २४९, २५०, २५१, २६७, २६८, २८०, २८१, २८६, २८७
ज्योतिरीश्वर ठक्कुर / ९०, १९२, २०५
ज्योतिराम / १९२, १९६, २०५

झ

झल्ल / १३१, १३२

झाण्टेश्वर / ७२, ७४, १०४

ट

टिष्टा / ७५
टिष्टुङ्ग / २८, ४५
टेकु / २८
टेवहाल / १५
टोकियो विश्वविद्यालय / ६१
टोखा / १७१, २०१, २११, २३७

ड

डिल्लीरमण रेग्मी/३, १०, ७३, ७५, २६९
डोमतोन / ४६
डोम्बिपा / ४३
डोय मुल्मी / २४१, २४५

ढ

ढोरपाटन / ७५

त

तत्त्वसारज्ञानकारिका/ १०९
ताघवाइगुम्बा / १९४
तामिलनाडु / १४१
ताम्बूलसंवत् / ९, २४
तिब्बत / २९, ४३, १६८, २९०
तिरहुत/२८, ४५, ८५,८६,८९,१२४, १२५, १४२, १८३, २०४, २२६, २६७, २६८, २७१, २७२, २८२, २९१, २९३, २९५
तीनपाटन / १९३
तेजद्युति / २६७
तेजपाल भारो / १९०
तेज वर्मा / २५०
तेजराम भारो / १८६, २३७
तेजराम मुल्मी / १८५
तैत्तरीयशाला / ४२
तौमढीटोल / १०४
त्यागलटोल / ३४
त्रिभुवन मल्ल / १९४
त्रैलोक्य मल्ल / २२५

थ

थमविहार / ४४
थयित भा/१९६,१९८, १९९, २००, २३३
थोलिङ्ग / ४६

द

दरभङ्गा / १३४
दामोदरकुण्ड / ३३
दामोदर भट्ट / २४८
दासगुप्त / ९३
दाराशाह / ३८
दिनेशचन्द्र सरकार / ९३
दिनेशराज पन्त/२८४
दिवाकरसिंह / २५
दिल्ली / १९२, १९३, २०७
दीपङ्कर श्रीज्ञान / ४२, ४३, १०७
दुल्लु / २३९
दूधे लामा / ४४
देउघाट / ४५
देउपाटन/६, १४३, १५५, १५६, १५७, १६१, १६३,१७३, १७७, १७८, १८४, १८५, १८९, २०५, २०६, २०८, २४२, २४४, २५०
देव पाल / ९३
देव मल्ल / २२५
देवराज / ४३
देवलदेवी / १७५, १९४, १९८, १९९, २००, २०२, २०३, २०४, २०५, २०६, २१०, २११, २२८, २३०, २३२, २३३, २३४, २३८, २४४, २७१, २७३
देव वर्मा/ २३९
देवशमशेर / ६
देवसिंह / २४९, २७०

देवादित्य / १८३
देवादित्य ठक्कुर / १९२
देवीप्रसाद लम्साल / ६
दोलखा/३७, ६०, १९३, २११, २६७, २९४
द्विजराज उपाध्याय / २४४, २४५
द्विराज भा / २४०

ध

धनवज्र वज्राचार्य/४,३०,६३, ७६, ९०, १३७
धर्म गुप्त / २३६, २३९
धर्मनिर्णय-तिथिसारसंग्रह / १३
धर्म पाल / ७३, ९२, ९३
धर्म मल्ल /३७, १३१, २३६, २३९, २४०, २४७, २४८, २४९, २५०, २६७, २६८
धर्मस्वामी / ८, ८८
धवलस्रोतपुर / ३०, ६५, ७३, ७४, ७५, ७६, ९२, १२१, १३८
धवलागिरि / ७५
धातुपाठ / २५०
धुलिखेल / ३०, ७५, २०३

न

नकदेश / ३०
नक्षत्रजातक / १००
नक्साल / ६४
नन्दिकेश्वर / ६४
नन्दी वर्मा / १३४
नयनाथ पौडेल / ६
नयराज पन्त / १३
नरपतिजयचर्या स्वरोदयटीका / २४८
नर मल्लदेव पोह / ८८, ८९, ९०, १२३, १३२, १३९
नरसिंहदेव/१०१, १२५, १३१, १४१, २२५
नरसिंह वर्मा / १३४
नरहरिनाथ / ३
नरेन्द्रदेव / २३,२५,२६, २९, ३०, ३३, ७६, १०१, १०२, १०३, १०५, १०६, ११०
नाग मल्ल / २२५, २२६
नागराज/ ४३, १००, १३२, १४१, १७०
नागानन्द / १२३
नागार्जुन / २११
नागार्जुनजीव / ६३, ६५
नागार्जुनदेव / ६३
नागेन्द्र मल्ल / २२६
नाच्छोलोचवा / ४४
नानक / १०७
नान्यदेव / १६, ७३, ८५, ८६, ८७, ८८, ८९, ९०, ९९, १०८, १२३, १२४, १२५, १३१, १३२, १३३, १३४, १३५, १४१, १५९, १७५, १८७, १९२, २१०, २२५, २२६, २२७, २२८, २२९
नामसङ्गीति / १००, २३७
नाम्चेबजार / ६३
नायकदेवी/१९४,१९५,१९८,१९९, २००, २०३, २०४, २०५, २२३, २२७, २३४
नारदसंहिता / २४०
नारदस्मृति / ८८, २३०, २४०, २४४
नारायणघाट / ३३
नारायण वर्मा / ७३
नारायणी नदी / ३३
नारोपा / ४३
नालन्दा / २८, ९३, १४६, २०७
नावल्लदेवी / २२९
निग्लीहवा / १३१
निर्भयदेव / ३३, ३४, ३५
निस्वासाख्यमहातन्त्र / ६१
नीप / ३८
नुवाकोट/४५,६०, ६१, १३७, १४३, १७१, १७७, १९०, १९१, १९५, १९६, १९७, १९८, २०१, २०२, २०५, २०६, २१०,

२११, २३२, २३६, २३७, २४५, २६७, २६८, २७०, २७१, २७२, २८९, २९०
नेत्रज्ञानार्णवमहातन्त्र / २५०
नेपालदून / १, ४, २९, ३०, ३६, ३७, ४२, ४५, ४६, ६५, ८५, ८६, ८७, ८८, ८९, ९१, ९३, १०९, १२१, १२२, १३१, १३२, १३५, १३८, १४०, १४२, १४३, १६०, १६७, १७१, १७२, ८४, ८५, ९१, १९७, २०६, २२२, २२३, २३७, २६७, २७०, २७२, २९१, २९२, २९४
नेपालनिरुक्त / ३९
नेपाल र एसियाली अनुसन्धान केन्द्र/४, ५
नेपाल रिसर्च सेन्टर् / ४
नेपालवंशावली / ५
नेपालसंवत्/१,३,९,१०, ११, १२, १३, १४, १६, २३, २८, ३९, ६१, ८७, १५९, २३४

प

पञ्चरक्षा / ११०
पञ्जाब/६, १५, १३८
पटना / ४५
पदुमलदेवी / १७५, १८५, १८६, १८७, १९०, १९४, १९६, २०३, २०४
पद्मगिरि / ६४, ६५
पद्मगिरिवंशावली / ६
पनौती / १६, ६०, ८९, १०८, १३७, १५९, १७५, १८४, २२५, २२८, २४५
पन्नगविषय / ३०
पशुपतिनाथ / २, ३, ६, ११, १४, १७, २६, ७८, १०५, १०९, १६२, १७२, १७६, १७८, १८५, १८६, २०६, २०८, २०९, २३१, २३२, २४१, २५०, २५१, २८६, २८७, २९१, २९२, २९४
पशुपति मल्ल / २०२
पाटन / १६, २६, २७, २८, ३०, ३४, ३५, ३६, ३७, ४१, ६४, ६५, ७७, १०१, १०२, १०४, १०९, ११०, १२३, १२४, १३२, १४२, १४३, १५७, १५९, १७२, १७६, १७७, १८४, १९१, १९५, २०५, २११, २३१, २४९, २८७, २८८, २९०, २९३, २९४, २९६
पाञ्चाल / ३८, १३१
पालुङ्ग / २८, ४५
पाल्पा/४५, ८६, ८७, १५९ २९०, २९६
पावा / १३०
पिङ्गलामत / १२३
पिशाकरचन्द्र / ७७
पिषुजीव / ७७, १००
पुण्ड्रवर्धनभुक्ति / ७३
पुण्य मल्ल / ९०, १७०, १९५, १९७, २०६, २४७
पुरुषपरीक्षा / १३४
पुष्करराज राजभण्डारी / ७
पुह भारो / १५६
पृथ्वीनारायण शाह / ४, ७५, ७७, १०७, १२३, २१०, २२३, २४४, २४७, २८९, २९१, २९८
पृथ्वी मल्ल / २०६, २२२, २३९
पैषानन्दजीव / १००
पोखरादून / ७६
प्रताप मल्ल / १२४, १२५, २०६, २२५
प्रद्युम्नकामदेव / ६२, ६३
प्रयाग / १०६, १०९
प्राचीन नेपाल / ६
प्राण मल्ल / ३७

फ

फर्पिङ / १६, ३०, ६५, १०३, १०४, १४३, १४४, १६१, १७१, १७७, १७८, १८४, १९२, १९६, १९७, १९८, २०१,

२०६, २३६, २४०, २४५, २९०, २९२, २९३, २९४, २९५, २९६
फलाक / ६३
फु भारो / १५६
फुलुङ्गनायक / ७४, १०४
फेवाताल / ७६

ब

बङ्गाल / २, १६, २८, ४३, ४४, ७३, ८५, ८६, ८९, ९०, ९१, ९२, ९३, १२४, १३८, १४०, १४१, १७६, १८३, २०७, २७२, २९३, २९४, २९५
बडौदा ओरियण्टल् इन्स्टिच्युट् / १२४
बण्टा भारो / २४१
बद्री / १०६
बनेपा / ३६, ३७, ६०, ८९, १०८, १३२, १३५, १३७, १४२, १४३, १५५, १५७, १५८, १७८, १८३, १८४, १८५, १८६, १९१, १९२, १८७, १८९, २०४, २३४, २३५, २४५, २९०, २९३, २९४
बलदेव / २३, २४, ३६, ४५, ६१, ६२
बलवन्तदेव / ६१
बल्खुनदी / ७७
बाघभैरव / ७८
वाबुराम आचार्य/ ३, ६, १२४, १५९
बालार्जुनदेव / २३, २४, २६
बालचन्द्र शर्मा / ६
बालपुत्रदेव / ९३
बालेश्वर / १७०
बी.बी. मिराशी / १२४
बुङ्मती / १४६, २००, २३५, २४०
बुद्ध सेन / १४६
बुद्धिमानसिंह / ६
वृहज्जातक / २४८
बेङ्खासिंह / ३४
बेण्डालवंशावली / ३
बेलायत / १२
बोध मुल्मी / १९०
बोधिप्रभ / ४३, ४४
ब्रिटिशम्युजियम् / १४०, १४१

भ

भक्तपुर / ३, १०, ११, २७, ३६, ३७, ४०, ४२, १४३, १५५, १५६, १५७, १६३, १७७, १७८, १८३, १८४, १८५, १९१, १९२, १९५, १९६, १९७, १९८, १९९, २००, २०१, २०४, २०६, २०७, २०८, २०९, २१०, २२३, २२४, २२५, २३२, २३४, २३५, २३७, २४७, २४८, २५०, २८६, २८८, २९०, २९१, २९२, २९३, २९४, २९६, २९८
भगवान्वहाल / १५
भगवान्लाल इन्द्रजी / २, १२
भरतनाट्यशास्त्र / २४६
भवसिंह /२२५
भागलपुर /४५
भाचाखुशी / १०
भारत / ८, १२, १३, १५, १६, २८, ३१, ३२, ३७, ३८, ४३, ४५, ४६, ६०, ६३, १३२, १३३, १३९, १४६, १६७, १९२, १९८, २०७, २२२, २२३, २७०, २७१, २७२, २८०, २८१, २९३
भारद्वाज / १४
भास्करदेव / ३६, ४०, ४२, ४३, ४५, ५९, ६०, ६१
भीम मल्ल / ३७, २६८, २९७
भीमसिंह / ६३
भीमसेन / १५
भीमदत्त / २९०
भुजिमोल लिपि / ३

भुवन मल्ल / २२५
भूपतीन्द्र मल्ल / ५
भैरवानन्द / २४०, २४४
भोगण / १३८
भोगेश्वर ठक्कुर /२२२
भोजदेव / ३४, ३५, ३६, ४०, ४१
भोट / १५, १६, २८, ४३, ४६, ६०, ६३, १४६, १६७, १६८, १७३, १९०, २३२, २४५, २७०, २७१, २७२, २७५, २७७, २८१, २९०
भोटवृत्तान्त / ४२, ४४
भोटेसंवत् / १०, १२

म

मखनटोल / १२३
मगध / ४३, २९०
मझी भारो / १९३, १९४
मञ्जुश्री / २, २५
मञ्जेश्वरीटोल / ६
मतिसिंह / २२६, २७८
मत्स्येन्द्रनाथ / १७१, २००, २३५, २४४
मदनसिंहरामवर्द्धन/१९२,२४९,२७३, २७४, २७५, २७६, २७८, २८०, २८१, २८२
मद्रक / १३१
मनु / १३१
मनुस्मृति / २२८
मल्ल / १३१, १३२, २२८
मल्लपुरी / १३०, १३१
महदत्त / १५
महाकाली नदी/ १६९
महादेव कायस्थ / १४०
महाभारत / १३, १३१, २४४, २७५, २७७, २८८
महाराष्ट्र / १५, ४५, ६०, १३८
महीन्द्र मल्ल / २२५, २४४
महीरावणवध / १९१, २०१, २३६, २६९
महेन्द्रदेव / २३२
महेशराज पन्त/३०, ३२, ७३, ७५, १३७
महोत्तरी / २२२
माणिक / २३०, २४४
माणिक भा / २४०
माणिग्वल / २८
माधव भारो / १६१
माधवसिंह / ६३
मानगृह / २३, २८
मानदेव / १२, १३, २२, २४, २६, १३१
मानदेवसंवत्/१०,१२,१३,१४,१७,२४,३०
मानवन्यायशास्त्र / २३०, २४०
मानविहार / २३, ६२
मानसरोवर / १६९
मानाङ्क/२३
मानेश्वर / २३
मानेश्वरी/२३,६१,६४,१३९,२२८,२४१,२५१
मार्कण्डेयपुराण / १३१
मालविकाग्निमित्र / ३५
मिथिला/६३,१२४,१३१, १४१, १४४, २०४, २२२,२२५, २२८, २७२, २९०, २९४, २९५
मुकुन्द सेन/१३५, १५९, १६०, २१०, २४७
मुक्तापीड/१६९
मुक्तिक्षेत्र /३३
मुगलसाम्राज्य / ३८
मुदितकुवलयाश्व / ५
मुहम्मद तुगलक / २०७
मेघचन्द्र वर्मा/ १८४
मेघपाल वर्मा / २०९, २३१, २३३
मेघराम / १९६
मोतीटार /१३९
मोरङ्ग / २९१, २९६

य

यक्ष मल्ल / १, १३, ३७, ४०, १६०, १७४, २०२, २२३, २२४, २२५, २४३, २४५, २४७, २५०, २५१, २६९, २७०, २७१, २७२, २८६, २८७, २८९, २९०, २९१, २९२, २९४, २९५, २९६, २९८

यङ्गाल / १२३

यज्ञसेन / ३९

यशो मल्ल / १३२, १३३

यशो वर्मा / २३९

यशोदेव / ४५, ६१, ६२, ६४

यंकुली वर्मा / २६९, २७०

यंपुनि भारो / ३२

युङ्लो / १७

युधिष्ठिरसंवत् / १२

युरा भारो / १५६, १५७, १५८, १६१

यूथसिंह राउत/ २३६, २४०, २४५, २४९

यूपग्राम / २७

येथोविहार / २६७, २९४

यो से ओ (ज्ञानप्रभ) / ४३, ४४

यौधेय / ३८

र

रणजित मल्ल / ६

रणबहादुर शाह / ४, २८१

रण मल्ल / ३७, २९६, २९७

रणशूरदेव / १४०, १४१

रत्न गुप्त / १००

रत्नज्योतिर्देव / २३७, २४५, २७१

रत्नदेव / ७४, १२१, १२२, १३८

रत्नपाल श्रीवास्तव / ७४, १२१, १३८

रत्न मल्ल/३७,८७,२९०,२९६,२९७,२९८

रत्नरक्षित/१४६

रत्नसिंह /४२

रत्नाकर जोशी / ६४

रत्नाकरसिंह / १०१

रमेशचन्द्र मजुमदार / १२४

रयणपति / २३१

रस पाल / ११०

रहस्यदेव / ७४, १०४

राघवदेव / ९, १०, १४, २३, २४

राघवदेवविहार / २५

राघवानन्द / २४०

राजदेव/३२,१६८,१७५,१९६,२०२, २०५, २०६, २१०, २११, २२३, २३१, २३२

राज मल्लदेव / १३१

राजल्लदेवी / ३६, १७५, २०३, २०४, २०५, २२३, २२४, २२६, २२७, २२८, २३३, २३४, २३८, २३९, २४०, २४२, २४३, २४५, २४७, २५१, २७५

राजसिंह मल्ल / २६८

राजहर्ष भल्लोक / २०९, २११, २२४, २३१, २३३, २३४

राजेन्द्र चोल / १४१

राजेन्द्र पाल / २०२

राजेन्द्रविक्रम शाह / ६, ७

राजेश्वरी /२२९

राम गुप्त / २३९

रामग्राम / १३०

रामाङ्कनाटिका / २३६, २३९, २६९, २७०

रामदास / २३९

रामदेव / ७२, ७३, ७४, ७७, ९१, ९२

राम पाल / ९०, ९१, ९२

राम शाह / २४४

रामसिंह / ८६, ८८, ८९, १२५, १३३, १४१, १४२, १४४, १५९, १६७, १८७, २२५, २४९, २७०

रामायण / १२४, १४१

राय मल्ल / ३७, ४०, २२५, २६९,

२८७, २९६, २९७, २९८
राष्ट्रिय अभिलेखालय / ५, ७, ८, ९१, ९२, १००, २४६
राष्ट्रिय संग्रहालय / १०६
रिपु मल्ल / १३२, १७३, १८५, २७१
रुद्र देव / ४, ३३, ३४, ३५, ३६, ४०, ४१, ७६, १०३, १०८, १०९, ११०, १२१, १८५
रुद्र मल्ल / २३२, २४५, २७०, २७२
रुद्रम्मादेवी / २०५, २३०, २३४
रुद्रयामल / १०६, २११
रुस / ८
रोमनलिपि / ४
रोहिदास / १९७

ल

लक्ष्मण / १६८
लक्ष्मीकामदेव / ३५, ३६, ३९, ४०, ४१, ४२, ४४, १२२, १२३, १३६
लखिधर राउत / १६१
लखिमादेवी / २२२, २२३
लखुतीर्थ / १०
लण्डन / ६
लद्दाख / ४३
लमजुङ / ३१, ६४, ७५
ललितपुर / २४, २५, २६, २७, ३२, ३७, ४१, ४२, ६०, ७६, ७७, ८६, १०४, १८४, १८५
लाङ्दार्मा / ४३
लाहोर / १३८
लिच्छवि / ३८, १३०, १३१, १३२, २२८
लिच्छविसंवत् / १०, १२
लिच्छविसंवत्को निर्णय / १४
लुम्बिनी / ४५, १३२
लुसियानो पेटेक / ४, ८, २५, ३०, ३१, ४०, ४२, ६२, ६३, ७३, ७५, १०९, १२२, १३१, १३७, १५५, १६१, १६२
लेनिनग्राद / ६५
लोहावर / २२३
ल्हमविहार / ३५, ३६

व

वंशावली राजभोगमाला / ६
वटेश्वर / १५, १४०
वरदानदी / ३९
वरपाल भारो / ६४, १०४, २३३
वराहमिहिर / १३१
वर्णरत्नाकर / ९०
वर्धमानदेव / २३
वल्लालसिंह / २२५
वसन्तदेव / १०८, १३३
वाग्मती नदी / २८, ९३, १०७, १८६, २४६
वाचस्पति मिश्र / २२३
वामकेश्वरतन्त्र / २४४
वामदेव / ६२, ६३, ६४, ६५, ७२
विक्रमदेव / २४, २५, २६
विक्रमपुर / ४३
विक्रमशिलाविहार / २८, ४३, ४४, ९२, २०७
विक्रमादित्य / १२, १६, १३४, २२९
विक्रमजित् हसरत / ६
विक्रमसंवत् / ९, १२, १२४, १३२, १३७
विग्रह पाल / ९१
विजयकर्त्री भारो / ११०
विजयकामदेव / ४२, १२२, १२३, १२९, १३५, १३६
विजयदेव / २३, ४१, ४२
विजय सेन / ८६
विज्जल / ९०
विदर्भ / ३९
विद्यापति / १३४, २२२, २२३
विद्यालङ्कार / ९३

विनयादित्य / १३४
विमलरत्नलेख /४४
विलियम कर्कपेट्रिक / २४
विशाखदेव / ११०
विश्वनाथ / १८६
विष्णु गुप्त / ३, २४६
विष्णुमती / १०, १०७, १०९
वीरपुस्तकालय / २, ४
वीर मल्ल / ३७, १९४
वीरम्मादेवी/१७५,१७६,१८३, १८६, २३४
वीरेश्वर ठक्कुर / १८३, १९२
वीर्यसिंह /४४
वृजिक /३८, १३०
वृषदेव /१०५
वेतनदेव /१८४
वेदाङ्गज्योतिष /१३, १४
वैशाली /१३०

थ

शङ्करदेव /२३, २४, २५, २६, ३१, ६२, ६३, ६४, ७२, १०६
शङ्करबालकृष्ण दीक्षित / १२
शङ्कराचार्य /७, २८, ४४, ६४, १००, १०१, १०५, १०६, १०७, १०८, १०९, १२४, १३२, १३६, १७४
शकसंवत् /९, १०, १२, १३, १७, १२४, १२५, १३२
शक्तिसिंह /२२६, २७४, २७६, २७७, २७८, २८१, २८२, २९४
शक्तिसिंह रामवर्धन /१७
शाक्य /३८
शाक्यगुम्बा/३०
शाक्यमठ / २९, १६८
शान्तरक्षित /४३
शिरकेश मुल्मी /१७८
शिवज्ञान भारो /१४४
शिवदास उपाध्याय / २४०, २४१, २४४
शिवदास मुल्मी / २३७
शिवदेव/८, २३, ६४, ६५, ७२, ७३, ७६, ७७, ७८, ८५, ९९, १०१, १०३, १०६, ११०, १७४, २३२
शिवधर्मशास्त्र /२४८
शिवसिंह / २१०, २२२
शुजा शाह / ३८
शृङ्गेरीपीठ / १०६
श्यामसिंह / २२६, २७८
श्रावस्ती / २८, ४५
श्रीधर / ७४, १२१
श्रीधरसिंह /१३७, १३८
श्रीपतिआराध्य शर्मा /२३१
श्रीमद्भागवत /३५

स

संशोधनमण्डल/७
संसारदेवी / २५०
संग्राम मल्ल / १८५
सखु भारो / २४१
समसुद्दीन इलियास/४, २०७, २११, २२५
समुद्र गुप्त / १०५
सरयू / १६९
सहज मुल्मी / २०२
साँखु/१०३,१४४,१७१, १८४, १९६, २३४
साक्यगुम्बा / ३५, ६५
सारनाथ / ४५
सिंहदेव / ६३, ७६, ७७, ७८, ९९ १०३, १०८, १०९, ११०, १११, १२३, १३३
सिङ्हण / ९०
सिन्जा/९०,१४१,१४३, १५८, १६०, १६७, १६९, १७०, १७४, १८५, १९०, १९४,

१९७, २०६, २२२, २६७, २६८, २७०
सिद्धिनरसिंह मल्ल / २२५
सिद्धिनारायण उपाध्याय / ६
सिन्धुघाँटी / ३८
सिन्धुली/२८,८९, १८३, १९३, २०७, २७२
सिम्रौनगढ/७३, ८५, ८६, ८७, ८८, १०८, १२३,१२४, १२५, १३३, १४२, १४३, १४६, १५८, १६७, १७०, १७३, १७४, १७५, १७६, १७७, १८३, १८४, १८६, १८७, १९२, १९३, २०६, २०७, २२२, २२७
सिल्भाँ लेभी/ २, ६, ८, ९, १२, ९९, १०२, १२१, १२४, १३१, १६७, २७८
सुखीम /४६, ७५
सुजातभद्र /३५
सुमतितन्त्र/ १२, १५, २४
सुमतिपञ्जिका/ २६
सुमतिसिद्धान्त/ १४
सुमात्रा / ९३
सुर पाल / ९१
सुल्तान खुशरो / ९२
सुवर्णकार श्रीराणक/२९,३०,३१, ३३, ३५
सूर्यसिद्धान्त / १३
सेतीनदी / ७७
सेसिल बेन्डाल/ २, ८, ९, १२, ३५, ६५, ७५, १२१, १२४, १४०
सैकानिर्देशपञ्जिका / ६४
सोम शर्मा/ २११
सोमसिद्धान्त / १५
सोमेश्वरदेव / ८५, ९०, १०८, १०९, ११०, १११, १२१, १२२, १३३
सौगलटोल / ६५
सौश्रुती संहिता / २४
स्कन्द गुप्त/१२
स्मृतिसमुच्चय/२११, २४४
स्वयम्भूनाथ/ ६, २०९
स्वयम्भूपुराण /९२

ह

हंसदेव / ७४, १०४
हरप्रसाद शास्त्री/२,३,८,७५,९१, १२१, १३१
हरसिंहदेव/४,६०,१८३,१८४,१८५,१८६ १८७, १९२, १९३, १९४, २०४,२०५, २१०, २२२, २२५, २२६, २२७, २२९
हरिश्चन्द्रदेव / १९५, १९६, १९७, १९८, २०४, २२३, २२८
हरिहर / १३८
हड्सन / ६
हर्षदिव / ६५, ७२, ८५
हर्षसंवत् / १२
हाँडीगाउँ / ६२, १३३
हिस्ट्री अफ् नेपाल / ६
हिस्ट्री अफ् नेपाल, ट्रान्स्लेटेड् फ्रम् द पर्वतीया / ५
हिस्टोरिकल स्केच् फ्रम् नेपाल/५
हुम्ला / ४६
हृदयराम कर्माचार्य / ९१
हृदयराम मुल्मी / २८८
हेवज्रतन्त्र / १००
ह्नोलविहार १९९, २६९
ह्युयेन च्वाङ्ग / १२

A45 3



ग्रन्थकार
ज्ञानमणि नेपाल
जन्म : वि. स. १९८९ श्रीपञ्चमी
पिता : पं. भानुभक्त उपाध्याय नेपाल
माता : अन्नपूर्णा देवी
घर : वितलव, सिक्तेल, भोजपुर

कृतिहरू

१. पुराना कविता (वैयाकरणविरचित), नेपाल इतिहासविकास समिति, भोजपुर, वि.सं. २०१८
२. नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश, नेपाल इतिहासविकास समिति, भोजपुर , वि.सं. २०१९
३. राष्ट्रको सम्झना (१-२), नेपाल इतिहासविकास समिति, भोजपुर, वि.सं. २०२४
४. वनका फूल (कवि र काव्य), नेपाल इतिहासविकास समिति, भोजपुर, वि.सं. २०२५
५. संगीतलहरी, जगदम्बा प्रकाशन, ललितपुर, वि.सं. २०२५
६. किष्किन्धाकाण्ड र पुण्यशिक्षा, साझा प्रकाशन, पुलचोक, वि.सं. २०३४
७. महीरावणवधनाटक विवेचनात्मक अध्ययन, सिनास त्रि.वि. कीर्तिपुर, वि.सं. २०४०
८. नेपालनिरुक्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, वि.सं. २०४०
९. नेपालसुखीमसम्बन्ध, नेपाल इतिहासविकास समिति, पूर्वाञ्चल वि.सं. २०४३
१०. पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा, संशोधनमण्डल, वटु वि.सं. २०४३
११. नेपालभोटचीनसम्बन्धका केही सांस्कतिक पक्ष, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०४५
१२. नेपालको महाभारत, साझा प्रकाशन, पुलचोक, ललितपुर वि.सं. २०५०
१३. मेरो गुरुकुलीय शिक्षा र सहपाठी, ज्ञानगुनप्रकाशन, वि.सं. २०५४
१४. नेपालनिरूपण, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, कमलादी, वि.सं. २०५५
१५. वेतालपचीसी कवि, कृति, कथा, समीक्षा, कथापरम्परा र परिशिष्टसहित, मकालु बुक्स एण्ड स्टेशनर्स, काठमाडौं वि.सं. २०५७
१६. भैरवानन्दनाटक, कृति कृतिकार कथासार समीक्षा अनुवादसहित म.सं. विश्वविद्यालय दाङ्ग वि.सं. २०५७
१७. हेमराज शर्मा, उनका कृति र समीक्षा, प्रस्तावना दैनिकी सारसमीक्षा पत्राचार प्रवचन महाभारतसम्बन्धमा केही विचार र परिशिष्टसहित, म. सं. विश्वविद्यालय, दाङ्ग वि.सं. २०५७
१८. नेपाली साहित्यमा आदिकविको समस्या, नेपाल इतिहासविकास समिति २०५९
१९. नेपालको माध्यमिक कालको इतिहास (१) मकालु बुक्स एण्ड स्टेशनर्स २०६१ (यही कृति)
२०. पृथ्वीन्द्रोदय महाकाव्य, व्याख्या समीक्षासहित (प्रकाशोन्मुख)
२१. स्मृति र अनुभूति (प्रकाशोन्मुख)

उपर्युक्त प्रकाशित ग्रन्थहरूका अतिरिक्त अनेकौं पाण्डुलिपि अप्रकाशित छन्, तथा विभिन्न पत्रपत्रिकाहरूमा इतिहास, संस्कृति, भाषा, साहित्य सम्बन्धमा नयाँ-नयाँ अनुसन्धानात्मक समीक्षात्मक निबन्धहरूको निरन्तररूपले प्रकाशन भइरहेको छ ।

साथीसँग

१. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १-२ भा., स्वयं प्रकाशन, वि.सं. २००९
२. इतिहाससंशोधन १-५ संख्या, स्वयं प्रकाशन, वि.स. २००९-१२
३. ऐतिहासिक पत्रसंग्रह, व्याख्यासहित, नेपाल सांस्कृतिक परिषद् वि.सं. २०१४
४. जयरत्नाकरनाटक, नेपाली अनुवादसहित, नेपाल सांस्कृतिक परिषद् वि.सं. २०१४

ISBN 99933-734-7-8
9789993373476